'रोग लाग्नै नदिनु, प्रयत्न तपाईको केही भए, उपचारमा साथ दिने वाचा हाम्रो'

रू. ५० लाख सम्म

घातक रोगहरूको उपचार खर्च#

शर्तहरु लागू हुनेछ

NEPALLIFE सुरक्षा र समृद्धि

नेपाल लाइफ
इन्स्योरेन्स कं. लि.

किनकि जीवन अमूल्य छ...

www.himalayanbank.com

अब घर-घरमै बैंक
सुविधा, सहज जीवनको लागि

विशेषताहरु:*

- न्यूनतम मौज्दात रु. १०,००,०००/- साथमा आर्कषक ब्याज
- **नि:शुल्क:** डेबिट कार्ड, SMS Alert र Mobile Banking सुविधा
- **नि:शुल्क:** क्रेडिट कार्ड रु. २,५०,०००/- सम्मको सिमा सहित
- **छुट:** अन्य बैंकिङ्ग सेवा शुल्कहरुमा ५०% सम्म**
- **छुट:** Consumer Financing कर्जाहरुमा प्रकाशित ब्याजदर भन्दा ०.२५% कम प्रिमियम
- **छुट:** USD खरिद विक्रिमा आकर्षक छुट
- रु. ५,००,०००/- सम्मको दुर्घटना मृत्यु बीमा
- रु. ३,००,०००/- सम्मको निक्षेप सुरक्षण

**लकर शुल्क, रकमान्तर, ड्राफ्ट, बैंक स्टेटमेन्ट/व्यालेन्स प्रमाणपत्र, चेक बुक, कर्जा व्यवस्थापन शुल्क आदी

*शर्तहरू लागु हुनेछन्।

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

कर्पोरेट अफिस: कमलादी, काठमाडौं, सम्पर्क नं.: ९७७-०१-४२४६२१८/१९, ४२२७७४९,
इमेल:himal@himalayanbank.com

हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
Hydroelectricity Investment and Development Company Ltd.

सन् २०६८ साल आषाडमा स्थापना भएको यस कम्पनीलृ हाल ६ वर्षका अबधि पुरागी ७ औं बर्षमा चलि रहेको छ । हालसम्मको कम्पनीको व्यवसायिक उपलब्धिहरु यस प्रकार छन् ।

हालसम्मका उपलब्धिहरु

- कम्पनीले कुल ५७८MW क्षमताका १५ वटा जलविद्युत आयोजनाहरु जम्मा १२ अर्व ४७करोड रुपैयाँ ऋणको रुपमा लगानी गरि सकेको छ ।
- साथै कम्पनीले ५ वटा कम्पनीहरुमा ३४ करोड रुपैयाँ बराबरको शेयर लगानी गरेको छ ।
- कम्पनीले यस आ.ब. देखि जलबिधुत परियोजनाहरुमा पनि शेयर लगानी गर्न शुरु गरेको छ र यसै अन्तरगत ४२६ MW क्षमताको फुकोट कर्णाली जलबिधुत परियोजना र ५७.५MW क्षमताको नुप्चे लिखु जलबिधुत परियोजनाहरुमा रु १ अर्ब ७६ करोड लगानी गरेको छ
- कम्पनीले हाल सम्म रु. ४ अर्व २२ करोड खुद नाफा गरेको छ जस मध्ये गत आब २०७५/२०७६को ग्लबगमष्तभम Financial Statement अनुसारखुद नाफा रु. १ अर्व १२ करोड नेपाली रुपैयाँ रहेको छ ।
- स्थापनाकाल देखि हाल सम्म सरकारलाई विभिन्न आर्थिक वर्षहरुमा गरी कुल १ अर्व ९७ करोड रुपैयाँ आयकर बुझाएको छ ।
- हाल सम्म कम्पनीले रु१ अर्व .८० करोड लाभान्ससेयर धनीहरुलाई वितरण गरेको छ ।

अगामी ५ वर्षको योजना/लक्ष्य

- कम्पनीले आगामी ५ वर्षको लागि व्यवसायिक योजना तयार गरी सञ्चालक समितिको अनुमोदन गरी सकेको छ । जसअनुसार कम्पनीले आगामी ५ वर्षमा तपसिल बमोजिम लक्ष्य राखेको छ ।
- निजी क्षेत्रबाट निर्माण गरिने कुल ५६५ MW क्षमताको विभिन्न ८ वटा जलविद्युत आयोजनामा रु. ५ अर्व ९ करोड रुपैयाँ सेयरको रुपमा लगानी गर्ने ।
- सरकारी निकायबाट निर्माण गरिने कुल १६४० MW क्षमताका विभिन्न ५ वटा जलविद्युत आयोजनाहरुमा रु. १६ अर्व २१ करोड रुपैयाँ शेयरको रुपमा लगानी गर्ने
- त्यस्तै निजीक्षेत्रबाट निर्माण हुने कुल १०३३ MW क्षमताका विभिन्न १८ वटा जलविद्युत आयोजनाहरुमा रु. १४ अर्व ४६ करोड रुपैयाँ ऋणको रुपमा लगानी गर्ने लक्ष्य राखेको छ ।
- कम्पनीले माथि उल्लेखित उपलब्धि हासिल गर्न स्वदेशी तथा विदेशी वित्तिय संस्थाहरुबाट आवश्यक स्रोतको व्यवस्था गरी परिचालन गर्ने लक्ष्य राखेको छ ।

छबि राज पोखेल

प्रमुख कार्यकारी अधिकृत तथा समस्त कर्मचारी परिवार

हाम्रो भनाइ

लगानी भित्र्याउन सार्थक पहल

नेपालमा औपचारिक रूपमा विदेशी लगानी भित्रन थालेको साढे ६ दशक लामो इतिहास रहेको अभिलेखहरूले पुष्टी गर्छन् । सन् १९५१-५२ मा नेपाल कमर्सियल कर्पोरेसन स्थापना गर्दा आएको भारतीय लगानी पहिलो औपचारिक अभिलेख हो । गत आर्थिक वर्ष २०७५/०७६ सम्म कुल सञ्चित विदेशी लगानी एक खर्ब ८१ अर्ब ७८ करोड रूपैयाँ पुगेको छ । नेपालको कुल गार्हस्थ उत्पादन ३४ खर्ब ६४ अर्ब रूपैयाँमा कुल सञ्चित विदेशी लगानी (चुक्ता पुँजी, रिजर्भ र ऋण समेत गरी) को हिस्सा ५.२५ प्रतिशत हुन आउँछ ।

नेपालमा विदेशी लगानी बढेको सन् १९९० को दशकमा हो । उदारवादी अर्थव्यवस्था अवलम्बन गरेर कानुनी र प्रक्रियागत सहजीकरण गर्दै लगेपछि विदेशी लगानी बढेको थियो । नेपालमा द्वन्द्व र अस्थिरता बढेपछि पुनः लगानीकर्ताको आकर्षण घटेको देखिन्छ । शान्ति स्थापनापछि नेपालले पूर्वाधार, उत्पादन तथा व्यवसायमा लगानी आकर्षित गर्न अनवरत प्रयास गरिरहेको छ । मुलुकले निर्धारण गरेको सन् २०३० सम्म मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुने लक्ष्य हासिल गर्न हाम्रो आन्तरिक स्रोत-साधन मात्र पर्याप्त छैन । यसका लागि बाह्य लगानी आकर्षित गर्नुपर्छ ।

बाह्य लगानी भित्र्याउन सकिने अनकौं ढाँचा छन् । तर यी सबैलाई उत्प्रेरित गर्ने प्रतिफल नै हो । अर्कोतर्फ लगानी भित्र्याउने प्रतिस्पर्धामा नेपालसँगै विश्वभर अन्य देशहरू पनि छन् । यस मामिलामा द्वन्द्वको चपेटाबाट बाहिर आएपछि रूवान्डाजस्ता राष्ट्रले वैदेशिक लगानी आकर्षित गरेर अनुकरणीय उदाहरण प्रस्तुत गरेका छन् । जलविद्युत्, पर्यटन र कृषि हाम्रा तुलनात्मक र प्रतिस्पर्धी लाभका क्षेत्र पनि हुन् । यसका अतिरिक्त रोजगारी सिर्जना गर्ने, उत्पादन र निकासी वृद्धि गर्न उत्पादनमूलक क्षेत्रमा लगानी भित्र्याउन आवश्यक छ । जलविद्युत्को विकासले उत्पादनमूलक उद्योगका लागि मार्ग प्रशस्त गर्न सक्छ । कृषि उत्पादन विकास गरी कृषि प्रशोधनमा आधारित उद्योग-धन्दा विकास भए यसले अर्थतन्त्रको गुणात्मक विस्तारमा टेवा पुग्छ । यी क्षेत्रमा लगानी भित्र्याउन सार्थक पहल आवश्यक छ ।

भौतिक पूर्वाधारको खाडल पूर्ति गर्न सार्वजनिक-निजी साझेदारी (पीपीपी) मा कार्यान्वयन हुन सक्ने आयोजनालाई सघन रूपमा अघि बढाउनुपर्छ । बैंक तथा वित्तीय संस्थालाई लगानीयोग्य पुँजीका लागि बाह्य ऋण (एक्स्टर्नल कमर्सियल बरोइङ) को नीतिगत व्यवस्था भइसकेको छ । सार्वभौम साख मूल्यांकनको अभावमा यस्तो ऋण प्राप्तिमा कठिनाइ भइरहेको छ । यो व्यवहारिक कठिनाइलाई सम्बोधन गर्ने दिशामा सरकार अग्रसर छ ।

लगानीसम्बन्धी सहजताका आधारमा नेपाल विश्वका १९० देशमध्ये ९४औं स्थानमा छ । विश्व बैंकको डुइङ बिजनेस रिपोर्ट, २०२० मा नेपाल लगानीको वातावरण राम्रो रहेका राष्ट्रमा पहिलो ५० प्रतिशतभित्रै परेको छ । बाह्य लगानीकर्ताले राय, परामर्शका लागि प्रयोग गर्ने डुइङ बिजनेसमा नेपालको सुधार निश्चय पनि बाह्य लगानी आकर्षित गर्ने अवसर हो । यी अवसरको उपयोग गर्दै नेपालले बाह्य लगानी भित्र्याउन सार्थक पहल गरेमात्र उपलब्धि हासिल हुनेछ ।

बाह्य लगानीकर्तालाई तुलनात्मक रूपमा उच्च प्रतिफलको अवसर सिर्जना गर्नु जरूरी हुन्छ । लगानीमैत्री वातावरण निर्माणका लागि सरकारले आवश्यक कानुनी व्यवस्था, एकद्वार सेवा जस्ता अत्यावश्यक कानुनी संयन्त्रको विकास गर्नेदेखि, प्रशासनिक झन्झट कम गर्ने, प्रक्रियागत जटिलतालाई सरल बनाउने र लगानीकर्ताको व्यवहारिक पक्षलाई समेत ध्यान दिन जरूरी छ । नेपालमा लगानी गरेका बाह्य लगानीकर्ताले कानुनमा अस्पष्टता, आपसमा बाझिने औद्योगिक व्यवसाय कानुन र राजस्व कानुन तथा नाफा फिर्ता लैजान झन्झटलाई प्राथमिकताका साथ उठाउँदै आएका छन् । सरकारले यसलाई सम्बोधन गर्न आवश्यक छ ।

अर्थनीति

नेपाल आर्थिक पत्रकार समाज (सेजन) द्वारा २२औं वार्षिकोत्सवका अवसरमा प्रकाशित

सम्पादन/व्यवस्थापन

पुष्पराज आचार्य

नवराज अधिकारी

राजन पौडेल

सुन्दर दाहाल

भानु भट्टराई (स्केच)

द्वारिका काफ्ले (तस्बिर)

विश्वराज सापकोटा (लेआउट)

सचिवालय

नेपाल आर्थिक पत्रकार समाज (सेजन)

अनामनगर, काठमाण्डौ

फोन नं. : ०१-४१०२९७४

इमेल : nepal.sejon@gmail.com

www.sejonnepal.org.np

प्रकाशित प्रतिः १००००

प्रिन्टिङ : हाइडल प्रेस प्रालि

डिल्लीबजार, काठमाडौं

GOLCHHA GROUP

SOLE DISTRIBUTOR FOR NEPAL
Hansraj Hulaschand & Co Pvt. Ltd.
Teku Road, Kathmandu, Ph. No: 4230001/4268088, Fax: 4220491
url: www.golchhagroup.com.np www.facebook.com/pulsarnepal

Watch pulsar DARE VENTURE IV™
Every Saturday 9PM – 10PM only on AP1 HD

For more information about your nearest dealer please contact .
Bajaj 24 x 7 HELPLINE 166001 75555 98015 75555

हाम्रा लेखक

(बर्णानुक्रम अनुसार)

डा अच्यूत वाग्ले
अर्थशास्त्री, प्रोफेसर (एडजङ्क्ट) काठमाडौं विश्वविद्यालय स्कुल अफ म्यानेजमेन्ट (कुसोम)

अनिलचन्द्र अधिकारी
प्रमुख कार्यकारी अधिकृत, कर्जा सूचना केन्द्र

अनिल झवाली
प्रमुख कार्यकारी अधिकृत, नेपाल पूर्वाधार बैंक

कृष्ण आचार्य
आर्थिक ब्युरो प्रमुख, कान्तिपुर

खड्गबहादुर बिष्ट
पूर्वअध्यक्ष, स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)

डा गुणाकर भट्ट
कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक

गोकर्ण अवस्थी
पूर्वअध्यक्ष, नेपाल आर्थिक पत्रकार समाज

डा चिरञ्जिवी नेपाल
गभर्नर, नेपाल राष्ट्र बैंक

डा डिल्लीराज खनाल
अर्थशास्त्री

नरबहादुर थापा
पूर्वकार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक

निरज खनाल
प्रमुख कार्यकारी अधिकृत, अन्तरप्रेरणा प्रालि

पशुपति मुरारका
पूर्वअध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

पुष्पराज आचार्य
निवर्तमान अध्यक्ष, नेपाल आर्थिक पत्रकार समाज

प्राडा पुष्पराज कँडेल
उपाध्यक्ष, राष्ट्रिय योजना आयोग

डा पोषराज पाण्डे
कार्यकारी अध्यक्ष, सावती

प्रतीक प्रधान
संस्थापक अध्यक्ष, नेपाल आर्थिक पत्रकार समाज

डा बाबुराम भट्टराई
पूर्वप्रधानमन्त्री

भवानी राणा
अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

भीम गौतम
अध्यक्ष, नेपाल आर्थिक पत्रकार समाज

महाप्रसाद अधिकारी
प्रमुख कार्यकारी अधिकृत, नेपाल लगानी बोर्ड

यामकुमारी खतिवडा
सचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

डा युवराज खतिवडा
अर्थमन्त्री

रविभक्त श्रेष्ठ
पूर्वउपाध्यक्ष
नेपाल उद्योग वाणिज्य महासंघ

राजेशकाजी श्रेष्ठ
अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स

राधेश पन्त
पूर्वप्रमुख कार्यकारी अधिकृत, नेपाल लगानी बोर्ड

डा रामशरण महत
पूर्वअर्थमन्त्री

श्रीकृष्ण नेपाल
सहसचिव, अर्थ मन्त्रालय

डा शंकर शर्मा
पूर्वउपाध्यक्ष राष्ट्रिय योजना आयोग

केशव आचार्य
पूर्वसल्लाहकार अर्थ मन्त्रालय

श्यामप्रसाद गिरी
अध्यक्ष, घरेलु तथा साना उद्योग महासंघ

सतिशकुमार मोर
अध्यक्ष, नेपाल उद्योग परिसंघ

सुरज वैद्य
राष्ट्रिय कार्यक्रम संयोजक, नेपाल भ्रमण वर्ष २०२०

डा सूर्यराज आचार्य
पूर्वाधार नीति विज्ञ

डा स्वर्णिम वाग्ले
अर्थशास्त्री तथा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष हुन् ।

ज्ञानेन्द्रप्रसाद ढुंगाना
अध्यक्ष, नेपाल बैंकर्स संघ

यसभित्र

नेपालमा सार्वजनिक-निजी साझेदारी : अनुभव र आयाम
डा अच्युत वाग्ले ११

सुरक्षित लगानी : कर्जा सूचनाको भूमिका
अनिलचन्द्र अधिकारी..... १५

पूर्वाधारमा वित्तीयकरण
अनिल ज्ञवाली १९

लगानी विस्तारमा सकस
कृष्ण आचार्य..... २३

नेपालमा सार्वजनिक-निजी साझेदारी
खड्गबहादुर विष्ट २७

साधन परिचालन : मौद्रिक नीतिको प्राथमिकता
डा गुणाकर भट्ट ३१

विदेशी लगानी बढाउने उपाय
गोकर्ण अवस्थी ३५

अर्थतन्त्र विस्तारमा वित्तीय क्षेत्र
डा चिरञ्जीवी नेपाल ३९

वैदेशिक सहायता : प्रवृत्ति र प्रभावकारिता
डा डिल्लीराज खनाल ४५

नेपालमा ब्लेन्डेड फाइनान्स
नरबहादुर थापा ४९

उद्यमशीलता विकासका सर्त
निरज खनाल ५५

उत्प्रेरक आन्तरिक उद्यमी
पशुपति मुरारका ६१

विदेशी लगानीकर्ताको मूल्यांकनमा नेपाल
पुष्पराज आचार्य ६५

सार्वजनिक-निजी साझेदारी : अवरोध र उपाय
प्राडा पुष्पराज कँडेल ६९

भेन्चर क्यापिटल : सहजताको खाँचो
डा पोषराज पाण्डे ७३

साना कुरा : लगानीका ठूला अवरोध
प्रतीक प्रधान ७७

पीपीपी : साझेदारीबाट समृद्धि
डा बाबुराम भट्टराई ८१

वैदेशिक लगानी आकर्षणको आधार
भवानी राणा ८५

नेपालको जलविद्युत्मा यसकारण पीपीपी
भीम गौतम ८९

सार्वजनिक-निजी साझेदारी : अवधारणा र नेपालको वस्तुस्थिति
महाप्रसाद अधिकारी ९३

औद्योगिक विकासका प्रयास
यामकुमारी खतिवडा ९७

नेपालमा अवसर
डा. युवराज खतिवडा १०१

विदेशी लगानी : यसो गरे आउला
रविभक्त श्रेष्ठ १०५

विदेशी लगानी : निजी क्षेत्रको चासो
राजेशकाजी श्रेष्ठ १०९

पीपीपीका आयोजना : पूर्वतयारी र लगानीकर्ताको खोजी
राधेश पन्त ११३

लगानी प्रोत्साहन : कहाँ चुक्यौं हामी ?
डा रामशरण महत ११९

वैदेशिक सहायता व्यवस्थापन
श्रीकृष्ण नेपाल १२३

प्रत्यक्ष वैदेशिक लगानी : सुधार गर्नुपर्ने ठाउँ
डा. शंकर शर्मा र केशव आचार्य १२९

लघु, घरेलु र साना उद्योगमा लगानी
श्यामप्रसाद गिरी १३५

वैदेशिक लगानी : अवसर र चुनौती
सतिशकुमार मोर १३९

पर्यटनमा लगानी विविधीकरणको खाँचो
सुरज वैद्य १४३

पूर्वाधारमा सार्वजनिक-निजी साझेदारी
डा सूर्यराज आचार्य १४७

शिथिल अर्थतन्त्रको ओदान : उत्पादकत्व, प्रतिस्पर्धा र लगानी
डा स्वर्णिम वाग्ले १५३

वित्तीय स्रोत : बाह्य ऋणको अपरिहार्यता
ज्ञानेन्द्रप्रसाद ढुंगाना १५७

जनता सुरक्षा बचत खाता

औ १० वर्ष प्रवेश

जनताको सुरक्षामा हाम्रो साथ

दुर्घटना बीमा
रु. १०,००,०००/-
सम्म

अस्पताल खर्च
रु. १,००,०००/-
सम्म

औषधि उपचार खर्च
रु.५,०००/-
सम्म

न्यूनतम मौज्दात रु. १०,०००/-

विशेषताहरु:

- दैनिक मौज्दातमा आकर्षक व्याजदर
- लकर सुविधामा ५०% छुट
- **ATM, ABBS, Internet Banking** तथा अन्य सुविधाहरु

*शर्तहरु लागू हुनेछन् ।

Janata Bank
नेपाली जनताको बैंक, जनता बैंक

केन्द्रीय कार्यालय
सेन्ट्रल बिजनेश पार्क, थापाथली, काठमाडौं
फोन: ०१-४१०१६३४, ४१०१६३५
इमेल: info@janatabank.com.np
वेभसाइट: www.janatabank.com.np

MAW
BUILDING TRUST THROUGH SERVICE
AUTHORISED DISTRIBUTOR
M.A.W Enterprises, Tripureshwor
4268252, 4261160
CUSTOMER CARE: 16600111044
Yamaha.customercare@mawnepal.com
www.yamaha.com.np
Yamaha Nepal

नेपालमा सार्वजनिक-निजी साझेदारी
अनुभव र आयाम

उपयुक्त कानुनी, संस्थागत र प्रभावकारी सञ्चालन व्यवस्थासहितको पीपीपी नेपालका हकमा विकासको ठूलो लगानीको स्रोत जुटाउन निश्चय नै एउटा भरपर्दो विकल्प हुन सक्छ । मूलतः सार्वजनिक क्षेत्र वा सरकार नै साझेदार भएपछि कर्मचारीको मानसिकता पनि आयोजना कार्यान्वयन प्रक्रियामा भाँजो हाल्नेभन्दा सहयोग गर्ने खालको हुने सामान्यतः अपेक्षा गरिन्छ । यस्तै, सरकारको सहभागिताले आयोजनाको दिगोपन र विश्वसनीयता बढ्ने कारणले पनि पीपीपी आयोजनामा लगानी भित्र्याउन सहज हुने अक्सर तर्क गरिन्छ ।

डा अच्युत वाग्ले

प्रारम्भ

विकास, जनसुविधा र जनकल्याण प्रवर्द्धन मूलतः राज्यको जिम्मेवारी हो । राज्यको यो प्रभावकारी भूमिकालाई प्रभावकारी बनाउने उपायको खोजी गर्ने क्रममा, सार्वजनिक क्षेत्र वा राज्य र निजी क्षेत्रबीच सहकार्यको सम्भावनालाई सोह्रौं शताब्दीदेखिकै अर्थ-राजनीतिक चिन्तकहरूले बहसमा ल्याएका हुन् । अभ्यासको कसरत गरेका हुन् । त्यसयताका सबै 'स्कुल'सम्बद्ध अर्थशास्त्रीहरूले कुनै न कुनै रूपमा सार्वजनिक र निजी क्षेत्रबीचको साझेदारीका सम्भावना र सीमाहरूलाई केलाएका छन् । अर्थशास्त्रमा हरेक नयाँ सेद्धान्तिक युगको प्रादुर्भावसँगै यस्तो साझेदारीका अवधारणा र खाकाहरूमा क्रमिक परिवर्तन हुँदै आएको छ । तथापि, साझेदारीका फरक मोडेल अथवा कार्यान्वयनका प्रस्तावनाको विविधताबीच पनि सर्वस्वीकार्य साझा धारणा के बनेको छ भने, यस्तो साझेदारीबाट व्यवसाय, राज्य र समग्र समाज नै लाभान्वित हुन सक्छ ।

निजी क्षेत्रको लगानीमा उत्पादित सार्वजनिक उपयोगका वस्तु (कमन गुड्स)को प्रभावकारिताबारे नेबेल पुरस्कार विजेता अर्थशास्त्री जेसेफ स्टिगलिजले आफ्नो एउटा पुस्तक 'इकोनोमिक्स अफ दी पब्लिक सेक्टर' (सन् २०००) मा भनेका छन्- निजी क्षेत्रले सार्वजनिक सेवा दिने अभ्यास कम प्रभावकारी भएको देखिएको छ । किनभने, फर्महरूले उत्पादन गर्ने वस्तु मूल्य वा शुल्क तिरेर मात्र उपभोग गर्न सम्भव हुन्छ । यसले गर्दा त्यस्ता वस्तुको उपभोगमा मानिसको चासो घट्छ । यसरी निजी क्षेत्रले उत्पादन गरेका सार्वजनिक उपभोगका वस्तु न्यून प्रयोजनको शिकार हुन्छन् । उनको प्रकारान्तरको निष्कर्ष छ- सार्वजनिक वस्तुको उत्पादन राज्यकै जिम्मेवारी हो ।

तर समस्या के हो भने सबै सार्वजनिक सेवा पर्याप्त उत्पादन एवं वितरण गर्न आवश्यक पर्ने सञ्चार र पारबहनको पूर्वाधार सञ्जाल विकास र अकण्टक सञ्चालन गर्नका लागि राज्यसँग पर्याप्त आर्थिक स्रोतको सधैं अभाव रहन्छ । कम र अति कम विकसित राष्ट्रमा त आफ्नो आय स्रोतले राज्यको नियमित वा साधारण खर्च मात्रै मुस्किलले धानिने अवस्था छ । ती मुलुकमा स्रोत अभावकै कारण पूर्वाधारमा न्यून लगानी हुने गरेको छ, जुन अविकासको मुख्य कारण मानिन्छ । निजी क्षेत्रसँग भएको स्रोत परिचालन गर्न सक्ने हो भने पूर्वाधार लगायतका ठूलो धनराशी चाहिने विकास आयोजनाका लागि आवश्यक स्रोतको कम्तीमा केही हिस्सा निजी क्षेत्रबाट पूर्ति हुन्छ । तर, लगानी र नाफा दुवैको सुनिश्चिचता नभइकन खासगरी लामो कालखण्ड लगाएर प्रतिफल आउने तर सुरूमै ठूलो लगानी आवश्यक पर्ने ठूला पूर्वाधार योजनामा लगानी गर्न निजी क्षेत्र हत्तपत्त उत्साहित हुँदैन । यो विश्वव्यवापी वास्तविकता हो । यस्तो उत्साह सिर्जना र लगानी सुनिश्चित गर्न राज्यले आफ्ना नीति र प्रोत्साहन कार्यक्रम अगाडि सार्न सक्छ र सार्नुपर्छ । अझ राज्य आफैं नै जोखिम र लाभ दुवैको समानुपातिक हिस्सेदारीमा सहकार्य एवं साझेदारी गर्न तत्पर हुने हो भने, कम्तीमा सिद्धान्ततः, थप निजी लगानी आकर्षित हुन्छ । ठूला आयोजनाका लागि समेत स्रोज सहजै जुट्छ । सार्वजनिक निजी साझेदारी (पीपीपी) को सारभूत अवधारणा यही हो । यो अवधारणा

अन्तर्गत विकसित र विकासशील सबैखाले मुलुकमा धेरथोर आयोजना सञ्चालन भएका छन् । पीपीपी मोडेलबाट हुने लगानीलाई परिणाममुखी बनाउने प्रयत्नस्वरूप कानुनी र संस्थागत संरचना निर्माण भएका छन् ।

पीपीपी आधुनिक प्राज्ञिक 'डिस्कोर्स'मा करार अर्थशास्त्र (कन्ट्र्याक्ट इकोनोमिक्स)को एक महन्वपूर्ण हिस्सा भइसकेको छ । पीपीपी अवधारणलाई कार्यरूपमा लैजाने धेरैवटा मोडेल विकास गरिएका छन् । ती मुलुक र परिस्थिति विशेष फरक छन् । तीमध्ये व्यवस्थापन कारार, सेवा करार, निर्माण तथा हस्तान्तरण (बीटी), निर्माण, सञ्चालन तथा हस्तान्तरण (बीओटी), निर्माण, स्वामित्व सञ्चालन तथा हस्तान्तरण (बीओओटी अथवा बुट), निर्माण, हस्तान्तरण तथा सञ्चालन (बीटीओ), विकास, सञ्चालन तथा हस्तान्तरण (डीओटी), लिज, विकास, सञ्चालन तथा हस्तान्तरण (एलडीओटी) आदि पद्धतिहरू बढी प्रचलनमा छन् । राज्य र करारमा सहभागी निजी क्षेत्रको सहमतिमा यी पद्धतिहरूलाई समय र सन्दर्भ अनुसार अनुकूलन गर्ने आम प्रचलन छ । मूलतः सबै लगानीकर्ताको स्वामित्व र दायित्व यी पद्धति अन्तर्गत, करार वा कम्पनी संरचनामार्फत स्थापित भएपछि आयोजनाको प्रभावकारिता र सरोकारवालाबीच जिम्मेवारी एवं अपनत्वको भावना बढ्छ । पीपीपीको मुख्य मान्यता यही हो ।

नेपालको सन्दर्भ

नेपालमा पनि पीपीपी अवधारणा आर्थिक विकास बहसको मूलधारमा नै आएको पनि कम्तीमा तीन दशक भएको छ । तर यो अवधारणा अन्तर्गत भएको लगानीको उल्लेख्य लाभ भने मुलुकको अर्थतन्त्रले चर्चा र बहसको तुलनामा पाउन सकेको छैन । खासगरी जलविद्युत् आयोजनामा बढी आशाप्रद देखिएको छ । यसलाई व्यवस्थित गर्ने कानुन र संस्थागत संरचना समयमै बन्न नसक्दा यो मोडेलमा लगानी जुटाउने आयोजनाको संख्या अझै थोरै छ । २०७२ सालमा सार्वजनिक-निजी साझेदारी नीति ल्याइएको हो । २०७५ बल्ल 'सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५' लागू भएको छ । त्यस अनुरूपका संरचना बन्न बाँकी नै छ ।

सार्वजनिक निजी साझेदारीलाई सो ऐनको दफा २(ब)ले 'सम्बन्धित सार्वजनिक निकाय र लगानीकर्ताबीच स्रोत वा प्रतिफल बाँडफाँड तथा जोखिम व्यहोर्ने गरी आपसी सहकार्यमा पूर्वाधार संरचना निर्माण,

नेपालमा पनि पीपीपी अवधारणा आर्थिक विकास बहसको मूलधारमा नै आएको पनि कम्तीमा तीन दशक भएको छ । तर यो अवधारणा अन्तर्गत भएको लगानीको उल्लेख्य लाभ भने मुलुकको अर्थतन्त्रले चर्चा र बहसको तुलनामा पाउन सकेको छैन ।

सञ्चालन, पुनःस्थापना वा सार्वजनिक सेवा प्रवाह गर्न कुनै तरिकाबाट आयोजना कार्यान्वयन गर्ने प्रबन्ध'का रूपमा परिभाषित गरेको छ । यसरी, यो ऐनले पनि मूलतः पीपीपीको आवश्यकतालाई पूर्वाधार र त्यससँग सम्बन्धित सोवा प्रवाहलाई प्रभावकारी बनाउन स्रोत जुटाउने मोडेलका रूपमा व्याख्या गरेको देखिन्छ ।

सोही दफाको उपदफा (ञ)ले सडक, सुरुङमार्ग, पुल, नहर, जलाशय, बाँध, ढल, केबुलकार, रेलवे, ट्रामवे, मेट्रोरेल, मोनो रेल, स्काई रेल, ट्रलीबस, बस र्‍यापिड ट्रान्जिट, सुक्खा बन्दरगाह, जलमार्ग परिवहन बिसौनीस्थल, विमानस्थल, अस्पताल, शीतभण्डार, गोदामघर, सार्वजनिक सभागृह, रंगशाला, जल विद्युतीय, जैविक, वायु, सौर्य लगायतका नवीकरणीय, तापीय तथा भू-तापीय ऊर्जा उत्पादन, प्रसारण तथा वितरण, प्रदर्शनीस्थल, मनोरञ्जन पार्क, फोहोरमैला प्रशोधन तथा व्यवस्थापन प्लान्ट, सञ्चार तथा सूचना प्रविधि, वित्तीय बजार पूर्वाधार, विशेष आर्थिक तथा औद्योगिक क्षेत्र, कृषि क्षेत्र, शिक्षा क्षेत्र, होटल वा पर्यटन क्षेत्रसँग सम्बन्धित पूर्वाधारका लागि पीपीपी मोडेलमा लगानी भित्र्याउने अपेक्षा राखेको छ । सोही ऐनको दफा ५ ले एउटा अधिकारसम्पन्न लगानी बोर्ड र दफा ५७ ले त्यो बोर्ड अन्तर्गत एउटा पीपीपी कोष रहने व्यवस्था पनि गरेको छ । तिनको कार्यान्वयनको प्रारम्भसमेत भएको छैन । नेपाली पीपीपी आयोजनाहरू मूलतः जलविद्युत्को विकास र केही हदसम्म यातायात पूर्वाधार निर्माण र सेवा विस्तारमा केन्द्रित छन् । सन् २१०९ को एसियाली विकास बैंकको प्रतिवेदनले नेपालको पूर्वाधारमा पीपीपीको लगानी कुल गार्हस्थ उत्पादनको ०.४ प्रतिशत मात्र भएको उल्लेख गरेको छ । तथापि, यो नेपालको पूर्वाधारमा भएको लगानीको १५.३ प्रतिशत बराबर हो (रियलाइजिङ दी पोटेन्सल अफ पब्लिक-प्राइभेट पार्टनरसिप टू एडभान्स एसियाज इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट, एडीबी, मनिला, २०१९) । त्यस्तै, केही वर्षअघि अन्तर र्ाष्ट्रिय मुद्रा कोषले गरेको अध्ययनले नेपालमा १२ ठूला आकारका पीपीपी आयोजना कार्यान्वयनमा गएको र तिनमा एक अर्ब १८ करोड अमेरिकी डलर लगानी भएको उल्लेख छ ।

सन् २००२ मा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सहयोगमा 'सहरी वातावरणका लागि सार्वजनिक-निजी साझेदारी आयोजना' सुरू भएको थियो । यो आयोजनाले स्थानीय र राष्ट्रिय तहमा पनि पीपीपीको सम्भावनाबारे सचेतना जगाउने काम त गऱ्यो । साथमा पीपीपीमार्फत सहरी सेवा प्रदायकका लागि संयुक्त लगानी संरचना निर्माण र क्षमता विकास, नीति एवं कानुन बनाउने आवश्यकता पहिचान गर्न पनि सघायो । यस्तै, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् तथा नेपाल उद्योग वाणिज्य महासंघ मिलेर नौवटा व्यवसाय प्रशिक्षण विद्यालय स्थापना गरेका छन् । स्वास्थ्य क्षेत्रमा पनि पीपीपी अवधारणा लागू गर्ने प्रयास भएका छन् । तर तिनको प्रभावकारिता अझै देखिन बाँकी छ । पीपीपीमा महत्वपूर्ण मानिएको सहुलियत सम्झौता (कन्सेसनालिटी) अवयवलाई २०७५ को नयाँ ऐनले समेटेको छ । ऐनको दफा ८(ठ)ले लगानी बोर्डलाई परियोजना कार्यान्वयन सम्झौता, आयोजना लगानी सम्झौता र सहुलियत सम्झौता स्वीकृत गर्ने अख्तियारी दिएको छ । पीपीपी नीतिले एक करोड अमेरिकी डलरभन्दा ठूलो लगानीको आयोजना कार्यान्वयनका लागि ग्लोबल टेन्डर गर्नुपर्ने व्यवस्था गरको छ ।

जलविद्युत् क्षेत्रमा पीपीपी मोडेलमा लगानी भएका आयोजनामा चिलिमे, खिम्ती, माथिल्लो तामाकोसी आदि छन् । यसमध्ये चिलिमेलाई सबभन्दा अग्रणी र सफल मानिएको छ ।

सन् १९९५ मै नेपाल विद्युत् प्रधिकरणको ५१ र निजी क्षेत्रका सर्वसाधारणको १० प्रतिशत सहित ४९ प्रतिशत सहभागितामा लगानी जुटाइएको थियो । यसलाई अक्सर सार्वजनिक, निजी र जनताको साझेदारी अर्थात (फोर पी) मोडेल पनि भन्ने गरिएको छ । खासगरी सन् २००१ मा जलविद्युत् विकास नीति आएपछि यस क्षेत्रमा 'बुट' मोडेलमा आयोजनाका लागि पीपीपी अन्तर्गत लगानी खोज्ने र कम्पनी सिर्जना गर्ने क्रममा बढोत्तरी आएको हो । यातायात क्षेत्रमा सहरी विकास कोषले कार्यान्वयन गरेको बुटवल सार्वजनिक सवारीको सेवा सुधार आयोजना प्रमुख मानिन्छ ।

आवश्यकता र सम्भाव्यता

अर्थ मन्त्रालयले २०७४ कात्तिकमा प्रकाशित गरेको 'डेभलपमेन्ट फाइनान्स एसेसमेन्ट रिपोर्ट'ले सन् २०३० सम्म संयुक्त राष्ट्रसंघले तय गरेका दिगो विकास लक्ष्यहरू हासिल गर्न नेपाललाई प्रत्येक वर्ष १८ अर्ब अमेरिकी डलर लगानी गर्नु आवश्यक छ । नेपाल सडक, रेल, विद्युत्, सञ्चार, सिँचाइ लगायत पूर्वाधार आवश्यकताभन्दा धेरै कम र भएका पनि गुणस्तरमा चरम समस्याको अवस्थामा छन् । भरपर्दो र पर्याप्त पूर्वाधारको अभावमा उत्पादकत्व, रोजगारी, अन्य आर्थिक सामाजिक र जनताको जीवनस्तर नराम्ररी प्रभावित भएको छ । यसको कारण पूर्वाधार विकासका लागि आवश्यक लगानी उपलब्ध नहुनु नै मूल कारण हो । नेपालमा बजेटको इतिहास हेर्दा विकास बजेटका लागि शतप्रतिशत नै वैदेशिक सहायातामा भर पर्नुपर्ने अवस्था अझै छ । नेपालको राजस्व आय साधारण खर्च धान्न पनि मुस्किलले पर्याप्त हुने खालको छ । अहिले खासगरी विकसित विश्वबाट आउने औपचारिक आर्थिक सहायता द्रुत गतिमा घट्दो छ । र उही परम्परागत प्रशासकीय शैली एवं कानुन र संस्थागत संरचनाको भरमा नेपालले प्रत्यक्ष वैदेशिक लगानी कुनै उल्लेख्य मात्रामा भित्र्याउन सकेको अवस्था छैन ।

आएको विकास सहायता प्रशोचन गर्ने र त्यसको प्रभावकारी उपयोग गर्न प्रशासनिक संयन्त्र सहयोगी नभएको आक्षेप निरन्तर लागिरहेको छ । यस्तो लामो प्रशासनिक झन्झटका कारण प्रत्यक्ष विदेशी वा स्वदेशी निजी लगानी पनि आकर्षित भइरहेको अवस्था छैन । विश्व बैंकले प्रकाशित गरेको 'डुइङ बिजनेस इन्डेक्स'मा ९४औं स्थान पाउनुलाई गौरवपूर्ण मान्नुपर्ने अवस्था छ । यस्तो

नेपालको राजस्व आय साधारण खर्च धान्न पनि मुस्किलले पर्याप्त हुने खालको छ । अहिले खासगरी विकसित विश्वबाट आउने औपचारिक आर्थिक सहायता द्रुत गतिमा घट्दो छ ।

अवस्थामा उपयुक्त कानुनी, संस्थागत र प्रभावकारी सञ्चालन व्यवस्थासहितको पीपीपी नेपालका हकमा विकासको ठूलो लगानीको स्रोत जुटाउन निश्चय नै एउटा भरपर्दो विकल्प हुन सक्छ । मूलतः सार्वजनिक क्षेत्र वा सरकार नै साझेदार भएपछि कर्मचारीको मानसिकता पनि आयोजना कार्यान्वयन प्रक्रियामा भाँजो हाल्नेभन्दा सहयोग गर्ने खालको हुने सामान्यतः अपेक्षा गरिन्छ । यस्तै, सरकारको सहभागिताले आयोजनाको दिगोपन र विश्वसनीयता बढ्ने कारणले पनि पीपीपी आयोजनामा लगानी भित्र्याउन सहज हुने अक्सर तर्क गरिन्छ । पीपीपी ऐनले संघीय राज्य संरचनाका तीनवटै तहका सरकार पीपीपीमा सार्वजनिक क्षेत्रको सहभागी हुन सक्ने व्याख्या गरेको छ । तर संविधानमा भएका केही प्रावधान जस्तै अनुसूची ६ (२) ले व्यवस्था गरेको विदेशी सहायता लिनका लागि प्रदेश सरकारले पूर्वस्वीकृति लिनुपर्ने जस्ता प्रावधानले यो पीपीपी ऐनको व्यवस्था कार्यान्वयन हुन असम्भव छ । स्थानीय तहलाई वैदेशिक सहायता र वैदेशिक लगानी आकर्षित गर्न आफै भूमिका निर्वाह गर्ने र आयोजनामा लगानी निश्चित भएपछि मात्रै (पूर्वस्वीकृति होइन) संघीय सरकारसँग स्वीकृति लिने व्यवस्था अपनाउन आवश्यक छ । स्थानीय तहका सरकारलाई आयोजनाको सम्भाव्यता देखाएर लगानीका पक्षमा वकालत गर्ने भूमिकाबाट वञ्चित गरिनु आवश्यक छैन । मूल कुरा पीपीपी, 'बुट' आदि जुन मोडेलमा आयोजना कार्यान्वयनमा लगिए पनि नेपाल ठूला व्यावसायिक लगानीका लागि सुरक्षित आकर्षक गन्तव्य हो भन्ने सन्देश प्रवाह नभइकन लगानी उल्लेख्य बढ्ने सम्भावना पटक्कै छैन । यसका लागि मुलुकको आर्थिक छवि नै पहिले सुधार्नु आवश्यक छ । पीपीपी लगायत सबै प्रकारका अयोजनामा लगानी आउँछ । सबै प्रकारको लगानी नेपालका लागि आवश्यक मात्र छैन, अपरिहार्य भइसकेको अवस्था छ । र मागपक्षीय कमजोरीलाई सम्बोधन गर्ने हो भने लगानी सम्भाव्यता पनि कम छैन ।

चुनौतीहरु

पीपीपी केन्द्रित मूल ऐन बने पनि यसको नियमावली र संस्थागत संरचना बन्न बाँकी छ । खासगरी पीपीपी लगानीको सहजीकरण केन्द्र र कागजी प्रक्रियालाई कम झन्झटिलो बनाउने चुनौती ठूलो देखिएको छ । सरकारले पटकपटक प्रतिबद्धता व्यक्त गरेर पनि कार्यान्वयनमा ल्याउन नसकेको लागनीकर्ताका लागि एकद्वार प्रक्रिया सहजीकरण संयन्त्र स्थापना र सुचारू हुँदा मात्र लगानीकर्तामा उत्साह थपिने छ । पीपीपीका हकमा पर्याप्त र चुस्त 'भाएबिलिटी ग्याप फन्डिङ'को व्यवस्था हुनु अपरिहार्य छ । अन्यथा ठूलो लगानीका, लामो समय लगाएर सम्पन्न हुने र खासगरी लगानी बराबरको प्रतिफल आउन दशकौं कुर्नुपर्ने आयोजनामा स्वाभावतः बढ्ने जोखिमलाई व्यवस्थित गर्न यस्तो कोष अपरिहार्य छ । पीपीपी ऐनको दफा ४३ ले 'सम्भाव्यता न्यून परिपूरक कोष'का रूपमा यससम्बन्धी व्यवस्था त गरेको छ, सोही अनुरूपको प्रशासनिक संयन्त्र पनि बन्नु पर्छ । त्यो चरम नोकरशाही मानसिकताको सिकार हुनबाट जोगिन सक्दा मात्र प्रभावकारी हुन्छ ।

यसका अतिरिक्त मुलुकको सार्वभौम 'क्रेडिट रेटिङ', क्षेत्र अनुसारका आयोजना बैंक, पुँजी परिवर्त्यतामा खुकुलोपन, कागजी प्रक्रियामा न्यूनता र कर्मचारीतन्त्रको सहयोगी मानसिकता एवं भूमिका पीपीपीमा लागानी आकर्षित गर्न सघाउने थप महत्वपूर्ण अवयव हुन् । लगानीमै पनि, वैदेशिक लगानीका लागि अत्यधिक प्रयासबाट खास उपलब्धि नभइरेका सन्दर्भमा पीपीपीका लागि आन्तरिक लगानी नै पनि परिचालित गर्न उपयुक्त वातावरण बनाउनेतर्फ ध्यान दिनु श्रेयस्कर हुनेछ ।

HOTEL JAL MAHAL
For Family and Corporate Retreats !
Gharipatan (nearby Airport), Pokhara 061-466652, 9851054404
info@jalmahalpokhara.com | facebook.com/jalmahalpokhara

सुरक्षित लगानी

कर्जा सूचनाको भूमिका

केन्द्रको सूचना बैंक तथा वित्तीय संस्थाको लागि मात्र नभई सबै सरोकारवालाका लागि आवश्यक हुन्छ । राज्य वा नियामक निकायले कुन क्षेत्रमा कति लगानी भयो भनेर हेर्न चाहेमा सजिलै हेर्न सकिन्छ । लगानीको प्रवृत्ति विश्लेषण गर्न र आवश्यक नीतिगत व्यवस्था गर्न सूचना महत्त्वपूर्ण हुन्छ ।

अनिलचन्द्र अधिकारी

देशको विकासका लागि वित्तीय पहुँच महत्त्वपूर्ण आवश्यक्ता हो । नेपालमा अझै ४० प्रतिशत सर्वसाधारणमा वित्तीय पहुँच पुगेको छैन भने कुल आर्थिक कारोबारमध्ये ५० प्रतिशत अनौपचारिक रूपमै हुने गरेको छ । यो किन र कसरी भयो ? विश्लेषण जरूरी छ । वित्तीय पहुँचको अभाव देश विकासमा बाधक हो । देश विकासका लागि वित्तीय पहुँच पुऱ्याएर सर्वसाधारणले औपचारिक माध्यमबाट कर्जाको कारोबार गर्न सक्ने अवस्थामा पुऱ्याउनुपर्छ । नेपालमा वित्तीय पहुँच पुऱ्याउन कसरी टेवा दिने भन्नकै लागि कर्जा सूचना केन्द्रको स्थापना भएको हो । देशको वित्तीय पूर्वाधारमध्ये सूचना केन्द्र पनि एक महत्त्वपूर्ण हो । साधारण रूपले मात्र हेर्दा यसको काम कर्जा लिने र दिनेको सूचना संकलन तथा वितरण गर्ने मात्र देखिए पनि यसको दूरगामी महत्त्व हुन्छ ।

अहिले नेपालमा जो व्यक्तिसँग पैसा, भौतिक सम्पत्ति छ, उसैले मात्र बैंकबाट कर्जा पाउने अवस्था छ । घर-जग्गा भएका व्यक्ति त उसै धनी छन् नि ! हाम्रो कर्जा लगानी प्रणाली त्यही धनीलाई नै पोस्ने खालको देखिन्छ । जसलाई कर्जा लिन अप्ठेरो छ, जो औपचारिक माध्यमबाट कर्जा लिन सक्दैन उनीहरूसम्म पहुँच पुऱ्याउनका लागि कर्जा सूचना केन्द्रले ठूलो भूमिका खेल्न सक्छ । कर्जा सूचनाका कारण धितोबिना नै ऋण पाउने अवस्था हुन सक्छ । बैंकहरूले व्यक्तिको क्रेडिट रिपोर्ट, क्रेडिट र पेमेन्ट हिस्ट्री (कर्जा र भुक्तानीको अभिलेख) हेरेर ऋण लगानी गर्न सक्छन् । कुनै व्यक्तिले आफ्नो क्रेडिट हिस्ट्री देखाएर बैंकमा गएर म राम्रो ऋणी हो भनेर ऋणका लागि प्रस्ताव गर्न सक्ने वातावरण हुन्छ । अन्तर्राष्ट्रिय रूपमा यसलाई 'रेपुटेसन कोल्याटर' भनिन्छ । यसका लागि कर्जा सूचना केन्द्रले काम गर्छ ।

यसैगरी, कोही व्यक्तिसँग चल सम्पत्ति छ भने त्यसलाई धितो राखेर पनि ऋण पाउनुपर्छ । कोही कृषकसँग घरजग्गा छैन, तर ऊसँग गाई, भैंसी, बाख्रा छन् भने त्यसैलाई धितो राखेर पनि ऋण लिन पाउनुपर्छ । त्यसैका लागि सरकारले सुरक्षित कारोबार ऐन जारी गरी कार्यान्वयमा आएको छ ।

कर्जा सूचना केन्द्रले कमर्सियल ब्युरो, माइक्रोफाइनान्सियल ब्युरोका साथै सुरक्षित कारोबार दर्ता पनि सञ्चालन गरेको छ । अचल सम्पत्ति धितोमा जति कर्जा प्रवाह हुन्छ त्यो कमर्सियल र माइक्रोफाइनान्सियल ब्युरोले सूचना राख्छ । चल सम्पत्ति धितोमा भएको लगानीको सूचना सुरक्षित कारोबार दर्तामा छ । देशमा जति पनि कर्जा कारोबार भएको छ त्यसको सम्पूर्ण सूचना केन्द्रसँग छ ।

नेपालमा सूचना केन्द्र अहिले पनि राष्ट्र बैंक ऐनको व्यवस्था अनुसार सञ्चालित छ । जसअनुसार बैंक तथा वित्तीय संस्थाबाट सूचना लिने र उनीहरूलाई सूचना दिने बाहेक बाहिर जाने अधिकार छैन । केन्द्रको उच्चतम प्रयोग गर्नका लागि कानुनको अभाव छ । हामीकहाँ छुट्टै कर्जा सूचना केन्द्र ऐनको आवश्यकता छ । ऐन भएपछि हामी स्वतन्त्र रूपमा वित्तीय संस्थाबाहिरका सूचना समेत राख्न सक्छौं । व्यक्तिको कर, खानेपानी, दूरसञ्चार लगायतका शुल्क डिफल्ट गरेका (नतिरेका) सूचना पनि राख्न सक्छौं । छुट्टै कानुन भएपछि भएपछि बैंक वित्तीय संस्थाबाहिर गएर पनि सूचना संकलन गर्न सक्छौं र त्यसपछि केन्द्रको सूचना अझै शक्तिशाली हुन्छ ।

अहिले राष्ट्र बैंकले कर्जा सूचनासम्बन्धी व्यवस्थालाई अनिवार्य गरेकाले बैंक तथा वित्तीय

संस्थाले कर्जा सूचना केन्द्रलाई प्रयोग गर्दै आएका छन् । राष्ट्र बैंकबाट लाइसेन्स प्राप्त सबै बैंक, वित्तीय संस्था यसमा आवद्ध छन् । बैंकका आठ लाखभन्दा बढी सूचना छन् । यसैगरी, माइक्रोफाइनान्सका ६ लाख र सुरक्षित कारोबारका एक लाख ६० हजार सूचना छन् ।

बैंकहरूले विस्तारै कर्जा सूचना कति आवश्यक छ, यसको महत्त्व कति छ भन्ने कुरा बुझ्न थालेका छन् । केही वर्षअघिसम्म राष्ट्र बैंकको कारवाहीबाट बच्नका लागि मात्र सूचना लिने/दिने गरे पनि अहिले आफ्नो कारोबारलाई सुरक्षित गर्न, ऋणी चिन्न ऋण प्रवाह गर्नुअघि सूचना लिनुपर्छ भन्ने बोध भएको छ । यसबाट हामीलाई नै फाइदा हुन्छ भनेर बुझेका छन् ।

बैंकहरूले कर्जा सूचनाको भरपूर उपयोग गरिरहे पनि लघुवित्त संस्थामा भने अझै पूर्ण रूपमा प्रयोगमा आउन सकेको छैन । उनीहरूसँग तथ्यांक राम्रोसँग नभएको, प्रविधिको उपयोग नभएको र दक्ष कर्मचारी अभावले गर्दा कर्जा सूचनाको काम प्रभावकारी गर्न सकेका छैनन् । उनीहरूबाट सूचना संकलन गर्न गाह्रो छ । नेपाल राष्ट्र बैंकबाट नियमन भएका सबै माइक्रोफाइनान्सबाट सूचना संकलन गर्नेतर्फ हामी केन्द्रित छौं । त्यसका लागि हामीले नियमित रूपमा तालिम दिइरहेका छौं । हाम्रो सिस्टम, कस्ता सूचना कसरी पठाउने र कसरी हेर्ने, यी सबै प्रक्रिया जानकारी गराउन नियमित तालिम गरिरहेका छौं । कुनै पनि संस्थाले हामी बुझेनौं भन्दा हामी संस्थामै पुगेर तालिम दिन्छौं । ६५ देखि ७० प्रतिशत सूचनाहरू आउँछन् ।

सहकारीको सूचना केन्द्रसँग छैन । सहकारी ऐनमा छुट्टै सूचना केन्द्र सञ्चालन गर्ने भनिएको छ । तर केन्द्र सञ्चालन गर्न धेरै गाह्रो र खर्चिलो छ । छुट्टै सूचना केन्द्र राख्ने काम प्रभावकारी हुँदैन । त्यहाँ सहकारीको मात्र सूचना हुन्छ । वित्तीय क्षेत्रकै एकीकृत सूचना भएन भने काम लाग्दैन । बैंकबाट डिफल्ट भएको व्यक्तिले सहकारीमा पनि डिफल्ट गर्न सक्छ र सहकारीमा डिफल्ट भएको व्यक्तिले बैंकमा पनि डिफल्ट गर्न सक्छ । त्यसैले वित्तीय क्षेत्रको एउटै सूचना केन्द्र आवश्यक छ । सहकारीलाई पनि यसैमा आवद्ध गर्नुपर्छ ।

केन्द्रको सूचना बैंक तथा वित्तीय संस्थाको लागि मात्र नभई सबै सरोकारवालाका लागि आवश्यक हुन्छ । राज्य वा नियामक निकायले कुन क्षेत्रमा कति लगानी भयो भनेर हेर्न चाहेमा सजिलै हेर्न सकिन्छ । लगानीको प्रवृत्ति विश्लेषण गर्न र आवश्यक नीतिगत व्यवस्था गर्न सूचना महत्त्वपूर्ण हुन्छ ।

यसैगरी, कर्जा सूचना केन्द्रबाट व्यक्तिले आफूले आफ्नो क्रेडिट रिपोर्ट हेर्न पाउने व्यवस्था आवश्यक छ । राष्ट्र बैंकको विनियमावलीले बैंक तथा वित्तीय संस्थाबाट सूचना लिने र उनीहरूलाई मात्र सूचना दिने भन्ने व्यवस्थाका कारण व्यक्तिले आफ्नै ऋणको सूचना लिन चाहँदा पनि हामी दिन पाउँदैनौं । डुइङ बिजनेसले पनि व्यक्तिले आफ्नो क्रेडिट रिपोर्ट हेर्न पाउनुपर्छ भनेको छ । यो व्यवस्था खुला गर्न हामीले राष्ट्र बैंकलाई अनुरोध पनि गरेका छौं । कुनै व्यक्तिले पाँचवटा बैंकबाट ऋण उपभोग गरिरहेको छ भने पनि बैंकले विवरण नपठाएसम्म सूचना केन्द्रको रिपोर्टमा समेटिँदैन । व्यक्तिले आफैं रिपोर्ट हेर्न पाएको अवस्थामा उसको सूचना आएको छैन भने उनले अब्जेक्सन गर्ने भएकाले बैंकलाई पनि समयमा सूचना पठाउन दबाब हुन्छ ।

अहिलेसम्म हामीकहाँ सुरक्षित कारोबार दर्ता व्यवस्था छैन । बैंकले व्यापार व्यवसायमा सामान मौज्दातको आधारमा भने लगानी गरेका छन् । त्यसबाहेक अन्य क्षेत्रमा यसको प्रयोग हुन सकेको छैन ।

पछिल्लो समय बैंकका शाखा गाउँगाउँ पुगेका छन् । बैंकको सेवा पुगे पनि सो अनुसार बैंकको लगानी विस्तार र विविधीकरण भएको देखिँदैन । बैंकले गरेको लगानीको सूचना त केन्द्रमा आउँछ नि ! उनीहरूको लगानी मूल्यांकन गर्दा अहिलेसम्म 'सेट प्याटर्न'भन्दा फरक हुन सकेको छैन । बैंकहरूले कर्जा लगानी गर्ने रकम अभाव छ भनेर बजारमा भएको हल्लाजस्तो वास्तविक अवस्था देखिँदैन । बैंक तथा वित्तीय संस्थासँग पर्याप्त पुँजी छ । तर हाम्रो आवश्यकताको क्षेत्रमा लगानी हुन सकेको छैन । बैंक तथा वित्तीय संस्थाको उद्देश्य औद्योगिक, पूर्वाधार लगायत उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने हुनुपर्छ । यसबाट अर्थतन्त्रको विकासमा पनि सघाउ पग्छ । पुँजी निर्माण हुन्छ । तर लगानीलाई मूल्यांकन गर्ने हो भने विगतमा भन्दा त्यत्ति फरक भएको पाइँदैन । पूर्वाधार क्षेत्रमा भन्दा रियल इस्टेट, गाडी, मोटरसाइकल जस्ता उपभोग्य र अनुत्पादक क्षेत्रमै लगानी भइरहेको छ ।

बैंकहरूले बाहिरबाट पनि ऋण ल्याउन पाउने व्यवस्था छ । यो एकैपटक हुने कुरा भएन । त्यसका लागि हाम्रा बैंकहरूले विश्वास हासिल गर्नु आवश्यक छ । त्यही अनुसार नीति-नियम पनि हुनुपर्‍यो । बाहिरका लगानीकर्तासँग कुरा गर्दा उनीहरूले नेपालको वित्तीय क्षेत्रलाई हेर्ने दृष्टिकोण विस्तारै सकारात्मक बन्दै गएको पाउँछु ।

नेपालमा वित्तीय पहुँच बढाउन, कर्जाको कारोबार बढाउन र तल्लो वर्गसम्म वित्तीय पहुँच पुर्‍याउन सुरक्षित कारोबार दर्ताको व्यवस्था कोशेढुंगा नै हो । यसबाट बैंक तथा वित्तीय संस्थाले अचल सम्पत्ति मात्र नभई चल सम्पत्ति धितोमा पनि कर्जा लगानी गर्न सक्ने बाटो खुलेको छ । कुनै पनि व्यक्तिसँग भएको गाडी होस् या व्यवसाय, त्यही धितो राखेर ऋण लिन सक्छन् । ऋणका लागि घरजग्गा नै हुनुपर्छ भन्ने छैन । अहिले विकसित देशमा ८० प्रतिशत ऋण चल सम्पत्ति धितोमा गएको हुन्छ । कुनै एयरबस कम्पनीलाई ७०–८० अर्ब ऋण चाहियो भने त्यत्रो धितोका लागि घरजग्गा कहाँ हुनु ! ऊसँग भएको जहाज धितोमै लगानी गर्न सकिन्छ नि ! जलविद्युत्मा एउटै सामानको मूल्य दुई अर्ब पर्ने हुन्छ । त्यसैका आधारमा धितो राखेर ऋण दिने व्यवस्थाका लागि सुरक्षित कारोबार दर्ता कार्यान्वयनमा ल्याइएको हो । यो व्यवस्थाले नेपालमा कर्जाको बजार विस्तार र विविधीकरण हुन्छ । यो व्यवस्थाबाटै प्रोजेक्ट फाइनान्सिङ (परियोजना धितोमा ऋण दिने व्यवस्था) पनि अघि बढ्ने हो । यसैगरी, अनौपचारिक कारोबारलाई औपचारिक माध्यममा ल्याउन पनि यसको ठूलो महत्त्व हुन्छ । अझै गाउँघरतिर साहुँसग ऋण लिने चलन छ । यसलाई औपचारिक क्षेत्रमा ल्याउने सकिने व्यवस्था पनि यही हो । यसले वित्तीय पहुँच विस्तार गर्छ ।

अहिलेसम्म हामीकहाँ सुरक्षित कारोबार दर्ता व्यवस्था छैन । बैंकले व्यापार व्यवसायमा सामान मौज्दातको आधारमा भने लगानी गरेका छन् । त्यसबाहेक अन्य क्षेत्रमा यसको प्रयोग हुन सकेको छैन । हाम्रो उद्देश्य सबै क्षेत्रमा होस् भन्ने हो । ता कि एउटा गाई, भैंसी हुनेले पनि त्यही धितो राखेर ऋण लिन पाओस् । कानुनमा केही द्विविधा देखिएका छन् । व्यवहारिक रूपमा पनि केही समस्या देखिएका छन् । यसलाई सुधार र समाधान गर्दै कर्जा सूचनालाई प्रभावकारी बनाउँदै जानुपर्छ ।

› First-in-segment# All 4 Disc Brakes › First-in-segment# Dual-zone Fully Automatic Temperature Control › First-in-segment# front Parking Sensors › First-in-segment# Heated ORVMs › First-in-segment# Smart Steering System › 6-speed Transmission › Electric Sunroof with Anti-pinch › 17.78 cm Touchscreen Infotainment with GPS Navigation, Android Auto™ & Apple CarPlay# › Premium Leatherette Seats › Projector Headlamps with striking LED DRLs › Stylish LED Taillamps › 43.18 cm Diamond Cut Alloy Wheels › Push Button Start/Stop › Rear Parking Camera with Dynamic Assist › ISOFIX Seats

AGNI INCORPORATED PRIVATE LIMITED

Agni Incorporated Pvt. Ltd. Panipokhari Showroom: 01-4006711/12/13/14/15, 9801239330
Naxal Showroom: 01-4415368, 9801305300, Patan Showroom: 01-5532641/5532328, 9801303100
Branch: Birgunj, Tel: 051-419323/419456, 9801239325, Fax: 051-419259;
Bhairahawa, Tel: 071-429324; Itahari, Tel: 025-585742; Kohalpur, Tel: 081-541522

Insurance Partners:

Balaju Auto Works Pvt. Ltd., Workshop: Balaju Industrial Area, Tel : 01-4350994 **Spare Parts Outlet:** Balaju Ring Road, Kathmandu, Tel: 01-4352806/4384176; Kuleshwor, Kathmandu, Tel: 01-5165235 **Authorized Service Center: (Inside Kathmandu Valley)** Balkhu, Tel: 01-4277864; Jorpati, Tel: 01-4910533; Balkumari, Tel: 01-5186180; Gaushala, Tel: 01-4478502; Sinamangal, Tel: 01-4116618; Bafal, Tel: 01-4302828; Dhumbarahi, Tel: 01-4009123 **(Outside Kathmandu Valley)** Bardibas, Mobile: 9801627781, Nuwakot, Tel: 010-560810; Hetauda, Tel: 057-522007; Lahan, Tel: 033-562157; Dhading Besi, Tel: 010-521024

Url: xuv300nepal.com **Email: marketing@agnigroup.com.np** **Service Helpline No.: 16600-100-200 (NTC), 980-157-1212 (Ncell)**
www.agnigroup.com.np **twitter/AgniGroup** **instagram/AgniGroup** **facebook.com/MahindraAgniGroup**

www.globalimebank.com
Toll Free no. 1-660-012-1314

धेरै छन् बचतले सृजना गर्ने खुशीहरु

सुनिश्चित भविष्य । सपनाहरु पूरा हुने विश्वास । भविष्यको लगानी । मनको शान्ति
आर्थिक स्वतन्त्रता । आत्मविश्वास । आत्मसम्मान । सम्पन्न जीवन

आफ्नो बचतलाई सुरक्षा र उचित मूल्य दिन आजै ग्लोबल आइएमई बैंकमा खाता खोल्नुहोस् ।

आकर्षक व्याज सहितका थप सुविधाहरु

- मोबाइल बैंकिङ्ग
- इन्टरनेट बैंकिङ्ग
- डेबिट कार्ड
- क्रेडिट कार्ड
- Any Branch Banking Service
- उच्चस्तरीय सुरक्षित लकर
- चेकबुक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
कमलादी, काठमाण्डौ
फोन नं: ०१-४२२६२४७/४२२८६७१
फ्याक्स् नं: ०१-४२२८०३६

IFM BEST INTERNET BANK NEPAL AWARDS 2016
The Banker Bank of the Year 2014 NEPAL

पूर्वाधारमा वित्तीयकरण

पूर्वाधारमा आवश्यक ठूलो लगानीका लागि सरकार सहित निजी क्षेत्रको सहकार्यमा देशभित्र तथा बाहिरबाट स्रोत जुटाउन नीति, नियम तथा व्यवस्थामा आवश्यक परिमार्जन हुँदै अघि बढ्नुको विकल्प छैन ।

अनिल ज्ञवाली

नेपालको भौतिक पूर्वाधारसँग सम्बन्धित क्षेत्रमा मात्रै लगानी गर्ने उद्देश्यका साथ नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड (निफ्रा) को स्थापना भएको हो । नेपाल सरकारको समेत लगानी रहेको यो बैंक सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडलमा आएको संस्था हो । नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबारको इजाजत प्राप्त गरेको यस बैंकले औपचारिक रूपमा कारोबार सुरू गरेको करिब नौ महिना भयो ।

४० अर्ब अधिकृत पुँजी, २० अर्ब जारी पुँजी रहेको यस बैंकमा नेपाल सरकारको १० प्रतिशत, पब्लिक लिमिटेड कम्पनीहरूको करिब ४० प्रतिशत, निजी लगानीकर्ताको करिब १० प्रतिशत र बाँकी ४० प्रतिशत सेयर सर्वसाधारणलाई छुट्ट्याइएको छ । समग्रमा करिब ८० प्रतिशत सर्वसाधारणको लगानी रहेको यस बैंकसँग १२ अर्ब चुक्ता पुँजी रहेको छ । बैंकको पहिलो वार्षिक साधारणसभा यही मंसिरमा हुँदैछ । उक्त सभामा आइपीओ जारी गर्ने (प्राथमिक सेयर निष्कासन) प्रस्ताव राखेका छौं । सभाबाट उक्त प्रस्ताव पारित भई नियमनकारी निकायको स्वीकृतिपछि आठ अर्ब रूपैयाँको सेयर सर्वसाधारणको लागि जारी गर्नेछौं । त्यसपछि बैंकको चुक्ता पुँजी २० अर्ब पुग्नेछ ।

बैंकको मूल उद्देश्य अनुरूप बैंकलाई नेपाल राष्ट्र बैंकले मुलतः पूर्वाधारका नयाँ परियोजना (ग्रिन फिल्ड)मा लगानी गर्ने र सोका लागि दीर्घकालीन प्रकृतिका स्रोत नेपाली तथा अन्तर र्राष्ट्रिय वित्त बजारबाट जुटाउने विषयलाई प्रमुख कार्यक्षेत्र हुने गरी निर्देशन जारी गरेको छ । यद्यपि नयाँ परियोजना खोज्न तथा नयाँ क्षेत्र पहिचान गर्न समय लाग्ने भएकाले सञ्चालन भएको परियोजनामा पनि लगानी गर्न राष्ट्र बैंकले अनुमति दिएको छ । तत्कालको लागि बैंकसँग भएको १२ अर्ब रूपैयाँको पुँजी र बैंकमा जम्मा भएको निक्षेप परिचालन हुने गरी नविनतम प्रयासहरू अंगीकार गर्दै काम अघि बढाइएको छ ।

बैंकले अहिले मूलतः नेपाली बैंक तथा वित्तीय संस्थाले भन्दा फरक तथा नयाँ ढंगले स्रोतको प्राप्ति तथा सोको पूर्वाधार विकासका परियोजनामा परिचालन गर्ने विषयमा केन्द्रित भई कार्ययोजना तयार गरी अघि बढेको छ । पूर्वाधार परियोजनाको आकार ठूलो हुने र निर्माणका पुँजीको मागसमेत ठूलो एवं दीर्घकालका लागि हुने हुँदा बैंकको सम्पत्ति तथा दायित्वमा बेमेल नहुने गरी स्वदेशभन्दा पनि विदेशी पुँजी बजारबाट स्रोत प्राप्तिको कार्यलाई प्राथमिकतामा राखी अघि बढेका छौं । सोही दिशातर्फ सुरूआती अवस्थामा पाँच अर्ब विदेशी वित्त बजारमा ऋणपत्र जारी गरी स्रोत भित्र्याउन प्रक्रिया सुरू भएको छ । ऋणपत्रमार्फत विदेशी पुँजी भित्र्याउन प्रक्रिया सुरू भइसकेकोले सबै प्रक्रिया पुरा भई नियामक निकायको अनुमति समेत प्राप्त भएको खण्डमा यो वर्षको अन्त्यसम्ममा उक्त रकम विदेशबाट ल्याउन सम्भवतः सफल हुनेछौं ।

यो कार्य नेपाली वित्त बजारको लागि नविनतम प्रयास भएको हुँदा यसको सफलताले भविष्यमा यस्ता प्रक्रियामार्फत पूर्वाधार निर्माणको क्षेत्रमा आवश्यक ठूलो पुँजी जुटाउन सहज भई विदेशी लगानी भित्र्याउन बाटो खुल्नेछ । पूर्वाधार विकास बैंकहरूले पूर्वाधारसम्बन्धी क्षेत्रगत कोष (सेक्टोरल फन्ड) हरूको स्थापना गर्ने, परियोजनामा प्रत्यक्ष पुँजी लगानी गर्ने कार्य गर्ने गरेको अभ्यास अन्य देशका पूर्वाधार विकास बैंकहरूले अवलम्बन गरेको देख्न सक्छौं । यी अभ्यासमार्फत बैंकहरूले स्वदेशी वित्त बजारमा यथोचित पहुँच पुऱ्याएको देखिन्छ ।

सोही आयातित अभ्यास अंगीकार गर्दै हामीले पनि नेपालको वित्त बजारबाट फन्डको संरचनामार्फत रकम संकलन गर्ने गरी सुरूआती प्रक्रिया पनि थालिसकेका छौं । यद्यपि यसको लागि प्रचलित नियम एवं व्यवस्थामा संशोधन/परिमार्जन आवश्यक हुन सक्ने हुँदा यसको लागि भने केही समय लाग्नेछ ।

यसरी लामो अवधिका लागि प्राप्त गरेको स्रोतलाई सोही अवधि अनुरूप लगानी गर्न नसकेको खण्डमा बैंकको सम्पत्ति तथा दायित्वमा बेमेल हुने सम्भावना र जोखिम सधैं रहन्छ । यस्ता जोखिम न्यूनीकरण गर्न बैंकले सुरूआती अवस्थादेखिनै म्याचिङ कन्सेप्टमा सम्पत्ति र दायित्वको व्यवस्थापन गर्ने रणनीति अवलम्बन गरेको हुनुपर्छ । यस बैंकले पनि सोही अनुरूप लगानीयोग्य पूर्वाधारका परियोजना पहिचान भई सम्झौताको सर्तमा उल्लेख भएको कर्जा किस्ताको आवश्यकता अनुरूप स्रोत जुटाउने र परियोजनाले गर्ने भुक्तानी अनुसार दायित्व व्यवस्थापन गर्दै लैजाने गरी वार्षिक कार्ययोजना तयार गर्ने गरेको छ । यो विषय झट्ट हेर्दा सामान्य देखिए तापनि यस्तो प्रकृतिको बैंकको लागि यो गम्भीर विषय हो । यसको न्यूनीकरणमा पूर्वाधार परियोजनामा पुनर्कर्जा प्रदान गर्ने, परियोजनामा बैंक तथा वित्तीय संस्थाले समिश्रित (ऋण तथा स्वपुँजी) लगानी गर्ने जस्ता उपकरण प्रयोग भएको देखिन्छ ।

नेपालको पूर्वाधार विकासलाई हेर्ने हो भने ऊर्जा, पर्यटन लगायत केही सामाजिक पूर्वाधारमा मात्र निजी क्षेत्र तथा बैंक तथा वित्तीय संस्थाको पहुँच पुगेको देखिन्छ । वास्तवमा पूर्वाधार भनेको यतिमात्र होइन । हामीसँग अबको एक दशकमा सडक, सुरूङमार्ग, एयरपोर्ट, होटल, यातायात, ऊर्जा, कृषि, पर्यटनका अन्य पूर्वाधार, स्वास्थ्य, शिक्षा, सूचना प्रविधि, उद्योग लगायत अन्य क्षेत्रमा विकासको अपार सम्भावना छ । हाल यस क्षेत्रमा विकासको स्तर प्रायः न्यून छ । यसले एकातर्फ सफल अभ्यासको अभावमा लगानीका निम्ति चुनौती देखिए तापनि अर्कोतर्फ अपार सम्भावनासमेत रहेको विषयलाई नकार्न सकिन्न ।

यस अवस्थामा हामीले मूलतः अहिले विश्वमै आर्थिक रूपमा फड्को मार्न सफल विकसित मुलुक तथा हाम्रोजस्तै पृष्टभूमिबाट उठेर विकासोन्मुख राष्ट्रहरूको अभ्यास (मोडल) लाई अध्ययन र अंगीकार गर्न जरूरी छ । भियतनाम, इन्डिया लगायत मुलुकमा प्रयोग भई सफल अभ्यासको रूपमा प्रमाणित भएका Viability Gap Funding (VGF) Model, Hybried Annuity Model (HAM) को प्रयोग नेपालमा पनि गर्न अपरिहार्य भइसकेको छ ।

यस्ता आगन्तुक मोडलहरूलाई नेपालमा प्रयोग गर्न नेपाल सरकारका सम्बन्धित मन्त्रालय तथा नियमनकारी निकायबाट समेत पहल हुनु जरूरी छ । मुलुकको रेटिङ, हेजिङको प्रस्ट कार्यविधि, पूर्वाधारका निश्चित परियोजनामा विशेष छुट वा सहुलियत आदिले पूर्वाधार परियोजनाहरूमा बाह्य स्रोत भित्र्याउन अहं भूमिका खेल्नेछ ।

यद्यपि सुरूआती अवस्थामा नेपालका बैंक तथा वित्तीय संस्थाबाट लगानी भइरहेको क्षेत्रहरू, जस्तैः जलविद्युत्, सोलार, होटल, शिक्षा तथा स्वस्थ्यसम्बन्धी परियोजनामा लगानीका प्रस्ताव आएका छन् । यस बैंकले आजसम्म दुईवटा जलविद्युत् परियोजनामा तीन अर्बको लगानी स्वीकृत गरिसकेको छ । सह-वित्तीयकरणमा आधारित ती परियोजनामध्ये एउटा ३२ मेगावाट (रन अफ द रिभर) र अर्को ४९ मेगावाट (पिकिङ रन अफ द रिभर) क्षमता भएका परियोजना हुन् र अन्य परियोजना मूल्यांकन तथा छलफलका क्रममा छन् ।

पूर्वाधार विकास बैंकको कार्यक्षेत्र अनुसार कर्जा प्रवाहको लागि निर्णय हुन र त्यसपछि पनि वास्तविक रूपमा रकम प्रवाह हुन समय लाग्ने हुन्छ । पूर्वाधारको विषय अन्य लगानीको क्षेत्रभन्दा अलि संवेदनशील र जटिल भएको साथै यसका लागि हामीसँग यथोचित अभ्यास तथा अनुभव समेत कम भएकोले बैंकबाट आजको भोलि नै कर्जा प्रवाह भइसक्नुपर्ने सोच तथा दृष्टिकोण आफैंमा सान्दर्भिक हुन्न । लगानी स्वीकृत भएका परियोजनामा पनि निर्माणकर्ताले पहिले सर्त बमोजिमको स्वपुँजीबापतको रकम भुक्तानी गर्नुपर्छ र त्यसपछि मात्र कर्जा रकम प्रवाह हुने हुँदा अहिले स्वीकृत गरिएका परियोजनामा पनि स्वीकृत बमोजिमको रकम पूर्ण रूपमा प्रवाह हुन दुईदेखि तीन वर्ष लाग्ने हुन्छ । तसर्थ कर्जा छोटो समयमा परिचालन गर्न सकिने किसिमका सोलार, होटल, म्युजियम पार्क जस्ता परियोजनाका साथै सञ्चालनमा रहेका परियोजनामा Gap Financing, Re-Financing तथा Operating Assets Securitization जस्ता सम्भावनामा पनि बैंकले काम अघि बढाएको छ ।

बैंकहरूले कर्जाको प्रकृति हेरी परियोजना छनोट गर्दा कम जोखिमपूर्ण परियोजनामा कर्जा लगानी गर्ने विषयलाई प्राथमिकतामा राख्ने गर्छन् । हामीले पनि कर्जा लगानीको जोखिमलाई न्यूनीकरण गर्न Project Screening तथा Selection Criteria तयार गरी लागू गरेका छौं । सो मापदण्ड अनुसारका परियोजना पहिचान भई जोखिम मूल्यांकन तथा व्यवस्थापनका विभिन्न परिसूचकमा अध्ययन र विश्लेषण गरी कर्जा लगानीको निर्णयमा पुग्न समय लाग्ने गर्छ ।

समग्र अर्थतन्त्रको विकासमा पूर्वाधार विकासमार्फत

पूर्वाधार विकास बैंकको कार्यक्षेत्र अनुसार कर्जा प्रवाहको लागि निर्णय हुन र त्यसपछि पनि वास्तविक रुपमा रकम प्रवाह हुन समय लाग्छ । पूर्वाधारको विषय अन्य लगानीको क्षेत्रभन्दा अलि संवेदनशील र जटिल भएको साथै यसका लागि हामीसँग यथोचित अभ्यास तथा अनुभव समेत कम भएकोले बैंकबाट आजको भोलि नै कर्जा प्रवाह भइसक्नुपर्ने सोच तथा दृष्टिकोण आफैंमा सान्दर्भिक हुन्न ।

कुल गार्हस्थ उत्पादनमा वृद्धि हुन सकेको अवस्थामा साच्चिँकै अर्थतन्त्रको दिगो विकास हुन्छ । राज्य मात्रैको लगानी हाल मुलुकमा रहेको पूर्वाधारको खाडल भर्न पर्याप्त नहुन सक्छ । व्यावसायिक सम्भाव्यता नभएको तर पूर्वाधार आवश्यक भएको ठाउँमा पहुँच पुऱ्याउन राज्यको नेतृत्वदायी भूमिका आवश्यक हुन्छ । त्यस्तै, राज्य पूर्वाधारमा मात्रै लाग्यो भने सामाजिक क्षेत्रमा राज्यको उपस्थिति कमजोर हुन सक्छ । त्यसैले नै पूर्वाधारमा निजी लगानीको समेत आवश्यकता महसुस भई आजको दिनमा निजी क्षेत्रबाट पनि लगानी भइरहेको छ ।

मुलुकको विकासको लागि पूर्वाधारको विकास अपरिहार्य छ । जीडीपीको १० देखि १२ प्रतिशत लगानी गर्ने हो भने सन् २०३० मा दिगो विकासको लक्ष्यमा पुग्ने लक्ष्य हासिल हुन्छ । अहिले हाम्रो जीडीपी ३६ खर्बको छ । त्यसबाट केही मात्रै लगानी बढाउने हो भने समस्या छैन । तर त्यसले अहिले मुलुकमा रहेको पूर्वाधारमा आवश्यक रहेको लगानीको आवश्यकता पूर्ति गर्दैन । यो खाडल निकै ठूलो छ र यसको पूर्तिका लागि सरकार सहित निजी क्षेत्रको सहकार्यमा देशभित्र तथा बाहिरबाट स्रोत जुटाउन नीति, नियम तथा व्यवस्थामा आवश्यक परिमार्जन हुँदै अघि बढ्नुको विकल्प छैन ।

पूर्वाधारलाई भिन्न रूपमा वर्गीकरण गरी नेपाल राष्ट्र बैंकले यस प्रकारका बैंकका लागि स्रोत प्राप्ति तथा परिचालन गर्दा दीर्घकालीन प्रकृतिको हुने गरी गर्न निर्देशन जारी गरेको छ । सोही निर्देशन बमोजिम यस्ता बैंकले व्यक्तिगत निक्षेपतर्फ न्यूनतम एक करोड र संस्थागत निक्षेपतर्फ न्यूनतम पाँच करोड रूपैयाँ निक्षेप पाँच वर्ष वा सोभन्दा बढी अवधिको लागि संकलन गर्न पाउँछ । यसैगरी, पूर्वाधार परियोजनामा प्रतिपरियोजना न्यूनतम ३० करोड रूपैयाँ लगानी गर्न पाउँछ । यसरी हेर्दा नियामक निकायले पनि हामीलाई दीर्घकालीन स्रोत संकलनलाई प्रोत्साहन गर्न भनेको स्पष्ट हुन्छ ।

कर्जा विविधीकरण गर्ने तथा राज्यको तीनै तहसम्म पहुँच पुऱ्याउने उद्देश्यले हामीले सडक तथा सुरूङमार्ग निर्माण तथा सञ्चालन, एयरपोर्ट लिजिङ जस्ता विशिष्ट विषयमा कार्यपत्र तयार गर्ने काम विशेषज्ञको सहकार्यमा अगाडि बढाएका छौं । पूर्वाधार विकासको विषयलाई विकेन्द्रीकरण गर्ने उद्देश्यमा होस्टेमा हैसे गर्दै हामी प्रदेश तथा स्थानीय तहका सरकारहरूले आवश्यक ठानेका पूर्वाधारको परियोजनामा निरन्तर छलफल अघि बढाएका छौं । हालै सम्पन्न भएका लगानी सम्मेलन, पूर्वाधार लगानी सम्मेलन, तथा तिलोत्तमा लगानी सम्मेलनमा बैंकले नजिकबाट सहकार्य गरेको छ ।

विकासशील तथा विकासोन्मुख राष्ट्रहरूले पूर्वाधार विकासको क्षेत्रमा हासिल गरेको उपलब्धिको अध्ययन र विश्लेषण गर्ने हो भने सार्वजनिक-निजी साझेदारीको अवधारणा अंगीकार गरी लगानी जुटाएको देखिन्छ । मूलतः ऋणको भारलाई सहजता प्रदान गर्न रणनीतिक, सामाजिक तथा आर्थिक दृष्टिकोणले महत्त्व बोकेका परियोजनामा राज्यले Viability Gap Funding तथा Annuity Model जस्ता अवधारणामार्फत पूर्वाधार निर्माणमा सहजीकरण गरेको देखिन्छ । हामीले पनि सोहीअनुरूप अघि बढ्न नीतिगत तथा प्रकृयागत विषयमा कहाँ के आवश्यक पर्छ /हुन्छ सोको अध्ययन गरिरहेका छौं ।

यस बैंकले अहिलेसम्म वासलातको आकार ठूलो बनाउन सकेन भन्ने कुरा यदाकदा आउने गरेको छ । हामी नेपालको वित्त बजारको अभ्यास अनुरूप उक्त विषय उठान भएको ठान्छौं । पूर्वाधारको लगानीमा नतिजा आउन समय लाग्ने हुँदा सोबमोजिम आकार ठूलो बनाउन आवश्यक हुने नीति, कार्यक्रम तथा संरचना निर्माण गर्दै अगाडि बढेका छौं ।

कुनै पनि संस्थाले आवश्यक आकार र उपलब्धि हासिल गर्न ४-५ वर्ष आवश्यक हुन्छ । विशेषगरी सर्वसाधारणको लगानी तथा निक्षेप संकलन गरी वित्तीय कारोबार गर्ने हामीजस्ता बैंकले त झन् संवेदनशील भई आफ्ना पहलकदमी तय गर्दै जानुपर्छ । हामी पनि उक्त अवधिसम्म सरकार तथा बजारले यस बैंकसँग राखेको अपेक्षा अनुरूप कार्य गर्नेछौं ।

अहिले पूर्वाधारमा धेरै काम अघि बढाइएको छ । बैंकिङ क्षेत्रले पनि आफ्नो पहुँच बढाउँदै लगेको छ । विगतको बैंकिङ अभ्यासमा सरकारी स्वामित्व भएका सीमित बैंकहरूले पूर्वाधारको क्षेत्रमा सुरूआती लगानी गरेको अवस्थामा अहिले निजी बैंकहरूको पहुँच सरहनीय रूपमा पुगेको छ । यो पर्याप्त त छैन तापनि हामी सहितको सहकार्यले पूर्वाधारको लगानीमा आवश्यक खाडल भर्न सम्भव देखिन्छ । मूलतः पूर्वाधारका विषयमा बजारसँग हातेमालो गरी यस क्षेत्रमा सबल प्रतिस्पर्धी बैंकको रूपमा स्थापित भई सेयरहोल्डरलाई मुनाफा बाँड्ने गरी स्थापित हुन हामीलाई पनि केही चुनौती पक्कै छ ।

बाह्य लगानी आकर्षित गर्ने सक्ने परियोजनाको पर्याप्तता, प्रतिस्पर्धी दर र अन्य प्रक्रियागत कुराहरू हाम्रा लागि पनि चुनौतीकै विषय हुन् । यसैगरी, मुलुकको रेटिङ, हेजिङसम्बन्धी कार्यविधि तथा वैदेशिक मुद्राको कारोबार गर्दा नियामक नियकासँग लिनुपर्ने स्वीकृति जस्ता विषय समेत सुरूआती अवस्थामा व्यवस्थापन गर्दै जानुपर्ने भएको छ ।

पूर्वाधारको लगानीयोग्य परियोजना निक्यौल गर्न क्षमता अभिवृद्धि, संरचना सुदृढीकरणका विषयलाई अँगाल्दै संस्थागत सुशासनलाई केन्द्र बिन्दुमा राखी आफ्ना व्यावसायिक गतिविधि सञ्चालन गर्न बैंक कटिबद्ध छ । नेपालको पूर्वाधार विकासको सन्दर्भमा यातायात, ऊर्जा, कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा, सूचना प्रविधि, उद्योग लगायत अन्य क्षेत्रको पूर्वाधारमा लगानी जुटाउन यस बैंकले प्रमुख बैंकको रूपमा कार्य गर्नेछ ।

> पूर्वाधारलाई भिन्न रुपमा वर्गीकरण गरी नेपाल राष्ट्र बैंकले यस प्रकारका बैंकका लागि स्रोत प्राप्ति तथा परिचालन गर्दा दीर्घकालीन प्रकृतिको हुने गरी गर्न निर्देशन जारी गरेको छ ।

सम्बन्ध विश्वास, जिम्मेवारी र आत्मियताको

BOK आत्मिय बचत खाता

विशेषताहरु:

कुनै पनि कारणबस मृत्यु भएमा रु. १,००,०००/- को बीमा

१५ प्रकारका प्राण घातक रोगहरुमा रु. १,००,०००/- को बीमा

काजक्रिया खर्च (मृत्यु बीमाको १०%) । बीमा सम्बन्धी शर्तहरु लागु हुनेछन्

आकर्षक ब्याजदर

नि:शुल्क पहिलो बर्ष

- Visa Debit Card
- BOK Smart
- BOK Click

यो बचत योजना १८ देखि ५४ बर्ष उमेर सम्मका लागि मात्र ।

बीमा सहकार्य: JyotiLife
सधै तपाईंको साथ

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
we make your life easier

www.bok.com.np

लगानी
विस्तारमा सकस

सरकारको तर्साउने शैली, बिनाछलफल नियन्त्रणमुखी कानुन र ७६१ सरकारले लगाइरहेका करको भारले निजी क्षेत्र उत्साही छैन । व्यक्तिगत स्थायी लेखा नम्बर (प्यान), सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बन्धित क्रियाकलाप, कर छली रोकथाममा भने निजी क्षेत्रले राज्यलाई सहयोग गर्ने पर्छ ।

कृष्ण आचार्य

यसै वर्षबाट लागू हुँदै गरेको पञ्चवर्षीय योजनाको अवधिमा निजी क्षेत्रले ५५.६ प्रतिशत लगानी (सहकारी बाहेक) गर्नेछ । अर्थतन्त्रमा हुने लगानीमा सरकारी हिस्सा कम र निजी क्षेत्रको क्रमशः बढाउने लक्ष्य योजनामा उल्लेख छ । अहिले करिब ५४ प्रतिशत हिस्सा रहेको निजीको लगानी बढेपछि वार्षिक साढे तीन लाखजनाले रोजगारी पाउने दाबी योजनामा गरिएको छ । हुनुपर्ने यही हो- बजारमा निजी क्षेत्रको उपस्थिति बढी, सरकारी कम । तर यो जिम्मेवारी दिइएको निजी क्षेत्र भने त्यस्तो लक्ष्य निर्धारण गरिदिने सरकारसँग खासमा त्यत्ति धेरै खुसी छैन । खुसी नभएका सूचक स्वदेशी तथा विदेशी लगानी त्यत्ति धेरै नबढ्नु हो ।

२०६२/०६३ पछि निजी क्षेत्रले राजनीतिक दलहरूसँग माग गरेको, 'स्थिर र बहुमतको सरकार' छ । लगानी आकर्षण भन्दै धमाधम नयाँ ऐन नियम आए पनि । सरकारका मन्त्री तथा राजनीतिक दलका नेता 'हामी निजी क्षेत्रमैत्री' भन्दै भाषण गरिरहेकै छन् । उद्योगी/व्यापारी धेरै लगानी विस्तारका दृष्टिकोणले 'पर्ख र हेर' कै स्थितिमा छन् । यस्तो स्थितिमा निजी क्षेत्र खुसी नहुनुपर्ने अचम्मलाग्दो अवस्था किन आयो ?

यसको पहिलो कारण सरकारको तर्साउने शैली, बिनाछलफल नियन्त्रणमुखी कानुन र ७६१ सरकारले लगाइरहेका करको भार । २०६२/६३ पछिको राजनीतिक संक्रमणमा खुकुलो नियमन र कमजोर अनुशासनमा भइरहेको व्यापार, व्यवसायलाई अहिले सरकारले नियमन र कडाइ गर्न खोजेको देखिन्छ । दोस्रो कारण, निजी क्षेत्रको आफ्नै शैलीमा पनि समस्या छ । नियमन र राजनीतिक संक्रमणका समयमा कानुनी कमजोरीबाट प्राप्त सुविधा खोज्ने दुईतर्फी उग्र धारणाले लगानीमा संक्रमण चलिरहेको छ । यो संक्रमणको अन्त्य गरी लगानी बढाउँदै सन २०३० सम्ममा दिगो विकास लक्ष्यका साथै मुलुकले निर्धारण गरेको स्तरोन्नतिका काम पूरा गर्नुछ ।

शैली सुधार

पञ्चवर्षीय योजनाले भनेजस्तै हाम्रा धेरै लक्ष्य हासिल गर्न निजी क्षेत्रकै लगानी बढाउनु छ । उत्साहजनक लगानी नआइरहेको पृष्ठभूमिमा प्रथमतः सरकारले आफ्नो कार्यशैलीको समीक्षा गरी सच्चिनुपर्ने अवश्यकता देखिन्छ । खासगरी नियमन, नियन्त्रण र कानुनी दायरामा ल्याउने नाममा भइरहेका कतिपय हचुवा शैली, कुरै नसुन्ने प्रवृत्तिलाई सरकारका मन्त्रीहरू त्यसमा पनि अर्थ, उद्योग, वाणिज्य, भौतिक पूर्वाधार, कृषि तथा सञ्चार मन्त्रालयको नेतृत्वले सोच्नुपर्‍यो । संविधान जारी भएलगत्तै संविधानसँग बाझिएका, तीन तहका सरकार सञ्चालनका लागि भन्दै ल्याएका धेरै कानुन निर्माणमा निजी क्षेत्रका धेरै कुरै सुनिएन । निजी क्षेत्रका अधिकारीहरूले सुझाव तथा छलफलका लागि समय माग्दा महिनौं मन्त्रीसँग भेट समेत गर्न पाएनन् । अर्थतन्त्रमा बढी योगदान गर्ने निजी क्षेत्रको कुरा सुन्ने, महसुस भएका विषयमा सच्याउने र सकेसम्म पर्याप्त छलफल गर्ने लोकतान्त्रिक विधिलाई नकार्न भएन ।

यसैगरी अघि बढ्ने हो भने अन्तर्राष्ट्रिय निकायले समेत हाम्रा लागि निर्धारण गरिदिएको लक्ष्य हासिल गर्न सक्ने छैनौं । योजना आयोगकै अनुसार सन् २०३० सम्मलाई लागू गरेको दिगो

विकास लक्ष्य हासिल गर्न नेपाललाई वार्षिक ६ खर्ब रूपैयाँ बजेट अपुग छ । संयुक्त राष्ट्रसंघले सदस्य राष्ट्रहरूमाझ सन् २०१५ बाट लागू गरेको १७ वटा लक्ष्य प्राप्त गर्नलाई नेपाल सरकार, निजी क्षेत्र, सहकारी र आम नागरिकका घरपरिवारबाट उपलब्ध स्रोतले पुग्दैन ।

रेमिट्यान्स पछिल्लो समय घट्न थालेको छ । बढ्दो व्यापार घाटाका कारण आयात निरूत्साहित गर्ने सरकारी प्रयासले राजस्व संकलनमा असर परिसकेको छ । ६ सय ६१ वटा सरकार सञ्चालन संविधानले तोकिदिएको राजस्व संकलनबाटै हुने हो । दिगो विकासको लक्ष्य हासिल गर्न, तीनै तहका सरकारहरू सञ्चालन गर्न र आयात घटाई व्यापार घाटा कम गर्न हामीले आन्तरिक तथा बाह्य लगानी, उत्पादन र उपभोग बढाई अधिक आर्थिक कारोबार गर्नु छ । अर्थतन्त्रमा दुई तिहाइ योगदान गर्नुपर्ने जिम्मेवारी बोकेको निजी क्षेत्रलाई बाहिर राखेर एकपक्षीय ढंगले अघि बढ्ने शैलीलाई सरकारले तत्काल सुधार गर्नुपर्छ ।

संरक्षणवाद र नियमनको समस्या

सरकारको शैली किन परिवर्तन गर्नुपर्छ भन्नलाई दुई शीर्षकमा भएका ठगीको उदाहरण काफी छन् । व्यावसायिक लेनदेनको विषयलाई लिएर प्रहरीले ठगी भन्दै व्यवसायी रूप ज्योतिलाई पक्राउ गऱ्यो । पाँच दिन थुनामा राखेपछि ज्योती र उनलाई ठगीको आरोप लगाउनेबीच लेनदेन मिलाई हिरासतमुक्त भए । यो प्रकरणले हाम्रो राज्य संयन्त्र प्रहरी सरासर प्रयोग भएको तथ्य स्थापित गरिदिएको छ । तर सरकारले आफैं ठगिएको प्रकरणमा भने व्यवसायीले अहिलेसम्म केही गर्न सकेको छैन । त्यो हो- चर्चित चिनी प्रकरण । स्वदेशी उद्योग प्रवर्द्धनका नाममा व्यवसायीको जोडबलमा मन्त्रिपरिषद्ले वार्षिक एक लाख मेट्रिक टनभन्दा बढी चिनी आयात गर्न नपाउने निर्णय गरिदियो । यो निर्णयपछि खुला सिमानाका कारण भारतबाट चिनी ल्याई नेपाली उद्योगको छाप लगाएर बिक्री गर्ने, संरक्षण गरिदिंदा समेत उखु किसानलाई भुक्तानी नदिने, बजारमा अभाव गराउने र उपभोक्ताबाट बढी मूल्य असुल्ने काम गरेर यहाँका उद्योगीले बजारमा प्रतिस्पर्धाको नियमकै धज्जी उडाए । चिनी व्यापारीकै राय-सल्लाहमा आयातमा परिमाणात्मक बन्देज लगाउने कदम उठाएका प्रधानमन्त्रीले आठ महिनापछि आफू चिनी व्यापारीबाट ठगिएको बताएका थिए । तर त्यसपछि पनि तीन महिना चिनीमा आयातको परिमाणत्मक बन्देज जारी (हाल खुला छ) राख्नुचाहिं आफैंमा आश्चर्यपूर्ण रह्यो ।

खासमा व्यवसायी रूप ज्योतिले ठगेका थिए कि चिनी व्यापारीले ? ज्योतिले ठगी गरेको देख्ने सरकारले चिनी व्यापारीले उपभोक्तालाई समेत प्रतिकिलो २६ रूपैयाँभन्दा बढी असुली गरेको देखेन । यसमा बिचौलिया संरक्षणवाद र नियमको नाममा संरक्षण गर्नुपर्नेलाई तर्साउने दोहोरो चरित्र अवलम्बन गऱ्यो । स-साना होस् वा एक दुईवटा मात्रै भए पनि यस्ता घट्नाले समग्र निजी क्षेत्रको मनोबल उकास्दैन । पहुँच र प्रभावको मनोवृत्तिलाई बढावा दिन्छ । राज्यले गर्न खोजेको नियमन र नियन्त्रणको प्रयासलाई यस्तै घटनाले सार्थक रूप दिन सक्दैन ।

यति भनिरहँदा हाम्रो निजी क्षेत्रलाई चलाउनै हुँदैन भन्ने पनि होइन । कतिपय अवस्थामा राज्यले 'दूध र पानी' स्पष्ट छुट्ट्याउने काम नगर्न सक्छ । त्यसका लागि निजी क्षेत्रले आफ्नो छवि सुधार गर्न स्वनियमनको समेत खाँचो छ । खासगरी, सामाजिक सुरक्षा कोष, व्यक्तिगत स्थायी लेखा नम्बर (प्यान), सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बन्धित क्रियाकलाप, भन्सार तथा कर छली नगर्ने लगायत विषयमा निजी क्षेत्रले राज्यलाई सहयोग गर्ने हो । कमजोरी औंल्याउँदै सुधारको प्रयास गर्ने हो, अस्वीका होइन । यी क्रियाकलाप त नेपालमा धेरै ढिलो गरी हुन लागेका हुन् । राजनीतिक संक्रमणमा बिचौलिया अर्थतन्त्रमा रमाइरहेको निजी क्षेत्रलाई यी विषयको नियमन स्वीकार गर्न कठिन परिरहेको देखिन्छ । स्पष्ट र पूर्वाग्रहरहित यस्तै नियमनले परदर्शी व्यवसाय, लगानीको सुरक्षा र प्रतिफललाई सघाउने हो । नीतिगत कमजोरी र त्यसका आधारमा रमाउने निजी क्षेत्रको शैली नसुधारे अनौपचारिक अर्थतन्त्रलाई नै प्रोत्साहन मिल्छ । वित्तीय अनुशासन त निजी क्षेत्रलाई पनि अनिवार्य नै छ । नभए पहुँच र पैसाको भरमा अनौपचारिक अर्थतन्त्रले राजनीतिलाई प्रभावमा पार्ने भएकाले निजी क्षेत्रको लगानी सुरक्षण गर्ने र मनोबल बढाउने काम हुन सक्दैन । यो मनन गर्ने कुरा मात्रै हो । खासमा कार्टेलिङ, सिन्डिकेट, निश्चित प्रतिशत कमिसनको बिचौलिया व्यापार प्रवृत्तिमा रूमलिइरहेको निजी क्षेत्रलाई त्यसबाट बाहिर निकाल्ने र उत्पादनमूलक क्षेत्रमा ध्यान जगाउने काम राज्य, नीति-नियम र प्रभावकारी कार्यान्वयनले हो । स्थायी भनिएको र अबको बाँकी तीनवर्षे कार्यकाल समेत सुनिश्चित गरिसकेको सरकारलाई यो बाटोमा अघि बढ्ने अभूतपूर्व अवसर छ ।

नीतिगत स्पष्टता

त्यो अपूर्व अवसर नगुमाउनका लागि निजी क्षेत्रलाई सँगै लिएर नीतिगत स्पष्टता काम गर्नुपर्ने हुन्छ । नीतिगत अस्पष्टताका कारण

दिगो विकासको लक्ष्य पूरा गर्न, तीनै तहका सरकारहरु सञ्चालन गर्न र आयात घटाई व्यापार घाटा कम गर्न हामीले आन्तरिक तथा बाह्य लगानी, उत्पादन र उपभोग बढाई अधिक आर्थिक कारोबार गर्नु छ ।

धेरै ठूला लगानी हुन सकिरहेका छैनन् । आइसकेको लगानी समेत फर्किएका उदाहरण छन् । लगानी सहजताका लागि गठन गरिएको उच्चस्तरीय संयन्त्र लगानी बोर्डबाट प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) स्वीकृत गराएको नाइजेरियाको डांगोटे कम्पनीले ५५ अर्ब रूपैयाँ लगानी गर्न पाएको छैन । बोर्डबाट लगानी स्वीकृत भइसकेपछि समेत कम्पनी दर्ताको शुल्क कुन निकायमा बुझाउने भन्ने थाहा पाउन उसलाई चार महिना लागेको थियो । ४० अर्ब रूपैयाँ लगानी गर्ने तत्परता देखाएको भारतको रिलायन्स सिमेन्टले ड्रेडमार्क नपाएपछि लगानी नगर्ने घोषणा गरिसकेको छ । नेपालमा यी दुवै उद्योगको लगानी फर्काउने गरी सार्थक पहल प्रधानमन्त्रीले अध्यक्षता गर्ने लगानी बोर्डले गर्न सकिरहेको छैन । उदारीकरण नीति अबलम्बन गरेसँगै नीतिगत रूपमा व्यवस्था गरिएको एकद्वार निकायबाट अझै पनि प्रभावकारी काम हुन सकेको छैन । उद्योग विभागमा स्थापना भएको एकद्वार निकायले कर्मचारी अभावदेखि कार्यदेशमा अस्पष्टतासम्मको सामना गर्दै समान्य गतिमा काम गरिरहेको छ ।

विदेशी लगानी संरक्षणका लागि अनिवार्य मानिएको द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता (बिप्पा) हालसम्म ६ देशसँग मात्रै भएको छ । त्यसमा पनि नेपालमा सबैभन्दा बढी विदेशी लगानी भित्र्याउने भारत र चीन जस्ता मुलुकसँग वर्षौंदेखि बिप्पाको मस्यौदा आदानप्रदानमै समय खर्चिएको चार वर्षभन्दा बढी भयो । सार्वजनिक-निजी साझेदारी (पीपीपी) र निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण (बुट) मोडलमा धेरै देशले ठूला पूर्वाधार विकास गरिसके पनि हाम्रोमा बल्ल यसको नीतिगत व्यवस्था भएको छ । सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ जारी भई कार्यान्वयनको चरणमा छ । ठूला परियोजना बन्न नसकेको कारण ठानिएको 'सम्भाव्यता न्यून परिपूरक कोष' (भायविलिटी ग्याप फन्डिङ) व्यवस्थाबारे यो ऐनले स्पष्ट गरिदिएको छ ।

बिडम्बना निजी क्षेत्रलाई अगाडि बढाउने भन्दै उदारीकरण नीति अवलम्बन गरेको २८ वर्षपछि मात्रै हाम्रा नीति निर्माताले पूर्वाधार संरचनामा निजी लगानीको विषयमा ऐन ल्याउन असफल भए । यही कारणले पनि हुन सक्छ नेपालले उदारीकरण नीति अवलम्बन गरेको २८ वर्ष बितिसक्दा समेत नेपालमा जलविद्युत् क्षेत्रबाहेक अन्य ठूला पूर्वाधार संरचना निजी क्षेत्रबाट बनेकै छैनन् ।

काठमाडौं-तराई द्रुतमार्ग, काठमाडौं-हेटौंडा सुरूङमार्ग, दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलमा निजी क्षेत्रबाट निर्माण गर्ने भनेको तीन दशकभन्दा बढी बितिसकेको छ । आयोजना निर्माण मोडालिटी र सेवा-सुविधामा अस्पष्टताकै कारण द्रुतमार्ग सरकारी बजेटबाट नेपाली सेनाले निर्माण गरिरहेको छ । केही ठूला आयोजनालाई लगानी बोर्डले नयाँ ऐनको स्पष्टतासँगै अघि बढाउन खोज्दैछ । बुट, पीपीपी र लगानी बोर्डसँग सम्बन्धित व्यवस्था र लगानी बोर्डको अधिकारबारे स्पष्ट पारेपछि फेरि अर्को संरचना तयार गरिँदैछ ।

२५ अर्ब रूपैयाँभन्दा बढी लगानीका आयोजनाको विषयमा प्रधानमन्त्रीले नेतृत्व गर्ने अर्को निकाय बनाउने तयारी भइरहेको छ । संसद्मा 'राष्ट्रिय प्राथमिकता प्राप्त केही पूर्वाधार संरचना आयोजनाको द्रुततर निर्माण तथा विकाससम्बन्धी विधेयक' दर्ता गरी यसको कानुनी व्यवस्था गर्दैछ । १० अर्ब रूपैयाँभन्दा बढीको लगानी स्वीकृति दिने गरी २०६८ सालमा लगानी बोर्ड गठनपछि केही ठूला आयोजनामा देखिएको अन्योल फेरि अर्को यो संयन्त्रमा नरूमलियोस् । खासमा संयन्त्रमाथि संयन्त्र र इजाजत दिने धेरैवटा निकायभन्दा पनि स्पष्ट कानुनी व्यवस्था, सुरक्षा र बिनाझन्झट द्रुत गतिको प्रशासनिक सेवाले लगानी आकर्षित गर्ने हो ।

सार्वजनिक-निजी साझेदारी (पीपीपी) र निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण (बुट) मोडलमा धेरै देशले ठूला पूर्वाधार विकास गरिसके पनि हाम्रोमा बल्ल यसको नीतिगत व्यवस्था भएको छ ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी

नेपाल आयल निगम लि. को

अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।

२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।

३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।

२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।

३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल

०१-४२६३४८५, ४२६३४८१

नेपालमा सार्वजनिक-निजी साझेदारी

पीपीपीको आकर्षणले निजी लगानीलाई उत्प्रेरित गर्छ । यसले सरकारसँग उपलब्ध स्रोतमा पूरकको काम गर्छ अथवा सरकारको स्रोत अन्य सार्वजनिक आवश्यकतामा परिचालन गर्ने बाटो खुला हुन्छ । कार्यकुशलता अभिवृद्धि गर्ने र प्राप्त स्रोतको प्रभावकारी उपयोग तथा भूमिकाको पुनर्विनियोजन तथा प्रोत्साहन र जवाफदेहितामार्फत विभिन्न क्षेत्रमा सुधार अघि बढाउन सकिने छ ।



खड्गबहादुर विष्ट

कुनै पनि देशको अर्थतन्त्रको मुख्य चालक भनेकै मजबुत पूर्वाधार हुन् । विद्युत्, सडक, पुल, रेलवे, दूरसञ्चार सञ्जाल, खानेपानी, नगरमा फोहरमैला व्यवस्थापन स्तरीय जीवनयापनका लागि अपरिहार्य छन् । त्यस्तै व्यवसायलाई सहजीकरण गर्न सम्पर्क सञ्जालको जरूरत पर्छ भने यस्ता सम्पर्क सञ्जालले रोजगारी, बजार, सूचना र आधारभूत सेवाको अवरोध पनि हटाउँछ ।

नेपालमा पूर्वाधारको ठूलो खाडल छ । अन्य देशले जस्तै नेपालले पनि सशक्त पूर्वाधारको आवश्यकता महसुस गरिसकेको छ । पूर्वाधारको अभाव टार्न विभिन्न देशले सार्वजनिक-निजी साझेदारी (पीपीपी) मा लगानीमार्फत ठूला पूर्वाधार परियोजना निर्माण र सञ्चालन गरेका छन् । सरकारको बजेट सामाजिक विकास र मानव विकासका लागि शिक्षा, स्वास्थ्य, सरसफाइमा लगाइएको छ ।

अहिलेसम्म पीपीपीको कुनै विश्वव्यापी रूपमा सर्वस्वीकृत परिभाषा छैन । साधारणतया पीपीपी भन्नाले सरकारी निकाय र निजी कम्पनी या संस्थाबीच सम्झौताका आधारमा सरकारी सम्पत्ति या सेवा लिनका लागि निजी कम्पनी या संस्थाले जोखिम लिएर व्यवस्थापनको जिम्मेवारी लिने विषय हो ।

पूर्वाधार विकास गर्ने पुरातन उपायभन्दा पीपीपी सर्वश्रेष्ठ विधि हो । यसका केही विशेषताका कारण निश्चित परियोजनाहरूमा अत्यन्त उपयोगी हुन्छ । यी विशेषताहरू निजी क्षेत्रको दृष्टिकोणले उपयुक्त सेवा दिनेतर्फ लक्षित हुन्छ । निजी क्षेत्रले लागत कम गर्ने र समयमा कार्य सम्पन्न गर्ने भएकाले सरकारले आफ्ना आधारभूत कामहरूमा केन्द्रित हुन पाउँछ ।

साधरणतया, पूर्वाधार निर्माणमा निजी क्षेत्रको योगदान अत्यावश्यक पुँजी हो । जबकि पीपीपीमा सरकारले राजस्वमार्फत प्राप्त गर्ने आय, अन्य सम्पत्ति तथा जिन्सीमा आधारित वस्तु साझेदारीमा प्रदान गर्न सक्छ । यसका साथै सरकारले सामाजिक जवाफदेहिता, वातावरणीय सचेतना, स्थानीय ज्ञान र राजनीतिक समर्थन परिचालन गर्ने काम गर्न सक्छ । त्यस्तै, निजी क्षेत्रले सरकारसँगको यस किसिमको साझेदारीमा उसले व्यवसाय प्रभावकारी बनाउन प्रयोग गर्ने विशेषज्ञता, व्यवस्थापन, सञ्चालन र नवप्रवर्तनलाई पीपीपीका परियोजना सञ्चालनमा लगाउँछ । निजी साझेदारले करारको ढाँचाका आधारमा पुँजी लगानीमा पनि योगदान गर्न सक्छ । सार्वजनिक-निजी साझेदारीमा कार्यसम्पादन सुधारमार्फत जोखिम र लागत कम गर्न सक्छ, त्यस आधारमा जोखिम आपसमा बाँड्नुपर्छ ।

निजी र सार्वजनिक क्षेत्रले आपसमा जोखिम बाँड्ने विषय लगानीसम्बन्धी निर्णयको केन्द्रमा रहेको हुन्छ । पीपीपीको ढाँचा निजी क्षेत्र र सरकारबीच जोखिम बाँड्ने मध्यबिन्दु हुन सक्छ । किनकि निजी क्षेत्रले सम्पूर्ण जोखिम लिएर पूर्वाधार निर्माण गर्न सक्दैन । सरकारको सहभागिताले उसलाई सहजीकरण हुन्छ र जोखिम पनि आपसमा बाँडिन्छ । पूर्वाधार परियोजनाको कुशल सञ्चालनबाट निजी क्षेत्रले नाफा आर्जन गर्छ भने सरकारलाई राजस्व प्राप्त हुन्छ ।

पीपीपीको आकर्षणले निजी लगानीलाई उत्प्रेरित गर्छ । यसले सरकारसँग उपलब्ध स्रोतमा पूरकको काम गर्छ अथवा सरकारको स्रोत अन्य सार्वजनिक आवश्यकतामा परिचालन गर्ने बाटो खुला हुन्छ । कार्यकुशलता अभिवृद्धि गर्ने र प्राप्त स्रोतको प्रभावकारी उपयोग तथा भूमिकाको पुनर्विनियोजन तथा प्रोत्साहन र जवाफदेहितामार्फत विभिन्न क्षेत्रमा सुधार अघि बढाउन सकिने छ ।

पीपीपीका विभिन्न मोडलहरू अभ्यासमा

छन् । त्यीमध्ये निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तण (बुट) मोडल व्यापक रूपमा विश्वभर प्रचलनमा छ । धेरै देशले निम्न क्षेत्रमा पीपीपीलाई अवलम्बन गरेका छन् ।

- तेल प्रशोधन
- ऊर्जा उत्पादन र वितरण
- खानेपानी र सरसफाइ
- नगरको फोहरमैला व्यवस्थापन
- द्रुतमार्ग र मोटरबाटो
- विमानस्थल सेवा सञ्चालन

सरकार र निजी क्षेत्रबीच जोखिम बाँड्ने आधारमा विभिन्न किसिमका पीपीपी मोडल अन्तर्गत परियोजना विकास गर्न सकिन्छ । निम्न किसिमका करार व्यवस्था अभ्यासमा छन् ।

- निर्माण र हस्तान्तरण
- निर्माण, पट्टामा सञ्चालन र हस्तान्तरण
- निमाण, स्वामित्व ग्रहण, सञ्चालन र स्वामित्व हस्तान्तरण
- निर्माण, स्वामित्व ग्रहण र सञ्चालन
- निर्माण, हस्तान्तरण र सञ्चालन
- करार, विद्यमानमा केही थप र सञ्चालन
- विकास, सञ्चालन र हस्तान्तरण
- पुनर्स्थापना, सञ्चालन र हस्तान्तरण
- पुनर्स्थापना, स्वामित्व ग्रहण र सञ्चालन

निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण (बुट) मोडलमा नेपालको अभ्यास

नेपालले निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण (बुट) मोडल जलविद्युत् क्षेत्रमा लागू गरेको छ । यसमा विदेशी लगानीका रूपमा बाह्य पुँजी भित्र्याउन काम गरिरहेको छ ।

जलविद्युत्मा विदेशी लगानी

नेपालले सन् १९७१ देखि औपचारिक रूपमा विदेशी लगानीका लागि पहल गरेको देखिन्छ । २०३८ सालमा विदेशी लगानी ऐन अनुमोदन भएपछि यसका लागि पहल भएको हो । पछिल्लो ३५ वर्षमा विश्वभर सामाजिक-आर्थिक परिदृश्यमा ठूलो बदलाव आएको छ । नेपालमा पनि त्यस्तो बदलाव देख्न सकिन्छ । सन् १९९० को दशकपछि विश्वव्यापीकरणले तीव्र रूप लिएर पुँजी प्रवाहले गति लियो । प्रत्यक्ष वैदेशिक लगानीको लाभका सम्बन्धमा विविध दृष्टिकोण पाइन्छ । व्यवहारिक पाटोमा हेर्ने हो भने कुनै पनि राष्ट्र आज

> प्रत्यक्ष वैदेशिक लगानी भने स्वतन्त्र पुँजी प्रवाहको तुलनामा दीर्घकालीन अर्थात राम्रो कोलेस्ट्रोल जस्तै हुन् भनेर प्रमाणित भइसकेको छ । प्रत्यक्ष वैदेशिक लगानीसँगै प्रविधि हस्तान्तरण हुन्छ, जुन वित्तीय लगानी या वस्तु र सेवाको व्यापारबाट हासिल गर्न सम्भव छैन ।

विश्वव्यापीकरण या प्रत्यक्ष वैदेशिक लगानीबाट अलग हुनै सक्दैन ।

अर्गनाइजेसन फर इकोनोमिक कोअपरेसन एन्ड डेभलपमेन्ट (ओइसीडी) को प्रतिवेदनअनुसार सन् २०१५ मा विश्वभर १७ खर्ब ३० अर्ब अमेरिकी डलर प्रत्यक्ष वैदेशिक लगानीको रूपमा प्रवाह भएको थियो । यो रकम सन् २०१४ को भन्दा २५ प्रतिशत बढी र सन् २००७ यताको सबैभन्दा उच्च हो । सन् १९८० मा प्रत्यक्ष वैदेशिक लगानीको प्रवाह ९३.५ अर्ब अमेरिकी डलर थियो । पछिल्लो ३५ वर्षमा हरेक वर्ष नौ प्रतिशतका दरले प्रत्यक्ष वैदेशिक लगानीको प्रवाह बढेको छ ।

सही ढंगले व्यवस्थापन गर्न सकेको खण्डमा प्रत्यक्ष वैदेशिक लगानीले लगानीको प्रवाहमार्फत र खासगरी भन्ने हो भने पुँजी सघन (तर व्यावसायिक रूपमा सम्भाव्य) परियोजनाको विकासमार्फत मुलुकको विकासमा टेवा पुऱ्याउँछ । यसले कुनै पनि राष्ट्रका सरकारलाई त्यहाँको सामाजिक विकासका लागि स्रोत परिचालन (बजेटमार्फत)को अवसर प्राप्त हुन्छ ।

प्रत्यक्ष वैदेशिक लगानी साधारणतया औद्योगिक प्रकारका लगानी हुन् । यो दीर्घकालीन हुन्छ र उत्थानशील (रिजिलियन्ट) हुन्छ । उदाहरणका लागि सन् १९९७-९८ को विश्वव्यापी आर्थिक संकटका समयमा पनि एसियाली देशहरूमा प्रत्यक्ष वैदेशिक लगानीकै कारण स्थायित्व देखियो । तर स्वपुँजी लगानी, ऋण लगानी र अन्य अल्पकालका लगानीको हकमा भने त्यसको विपरीत त्यही समयमा लगानी फिर्ता भए ।

प्रत्यक्ष वैदेशिक लगानी भने स्वतन्त्र पुँजी प्रवाहको तुलनामा दीर्घकालीन अर्थात राम्रो कोलेस्ट्रोल जस्तै हुन् भनेर प्रमाणित भइसकेको छ । प्रत्यक्ष वैदेशिक लगानीसँगै प्रविधि हस्तान्तरण हुन्छ, जुन वित्तीय लगानी या वस्तु र सेवाको व्यापारबाट हासिल गर्न सम्भव छैन । प्रत्यक्ष वैदेशिक लगानीले आन्तरिक बजारमा पनि प्रतिस्पर्धा प्रवर्द्धन गर्छ । प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने मुलुकले व्यवसाय सञ्चालनमा श्रमिकको तालिमको लाभ प्राप्त गर्छन्, जसले अन्ततः लगानी भित्र्याउने देशको मानव पुँजी विकासमा योगदान गर्छ ।

- त्यस्तै प्रत्यक्ष वैदेशिक लगानीबाट आर्जन हुने मुनाफाले लगानी भित्र्याउने देशको कर्पोरेट आयकर वृद्धि हुन्छ ।
- तर मुलुकको कुल पुँजी लगानीमा प्रत्यक्ष वैदेशिक लगानीको हिस्सा अत्याधिक भएमा त्यसले उक्त देशको संस्थागत क्षमताको कमजोरी प्रदर्शित गर्छ ।

जलविद्युत्मा नेपालले सुरुमा ५० मेगावाटका खिम्ती, भोटेकोसी र मर्स्याङ्दी जलविद्युत् आयोजनामा विदेशी लगानी भित्र्याएको थियो । पछिल्लोपटक २१६ मेगावाटको माथिल्लो त्रिशूली १ जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन विदेशी लगानीमार्फत गरिएको छ ।

बुट मोडलमा सञ्चालित ठूला परियोजनाले निर्माणको अवधिमा ठूलो संख्यामा रोजगारी सिर्जना गर्छ । यसका अतिरिक्त सरकारले रोयल्टी मार्फत् ठूलो राजस्व आर्जन गर्छ । नेपालमा विद्युत् मागको प्रवृत्ति अनुसार सुक्खायाममा विद्युत्को आपूर्ति सहज भएको छ । विद्युत् बिक्रीबाट विदेशी मुद्रा आर्जन हुन्छ । यसरी विकास भएको जलविद्युत्बाट नेपालमा ठूला उद्योग सञ्चालनका लागि प्राप्त अवसर स्वीकार्य र मूर्त छन् ।

ब्याज पनि, बीमा पनि

दैनिक मौज्दातमा वार्षिक
६.५% ब्याजदर

तलब/व्यक्तिगत खाता
को लागि उपयुक्त

स्वास्थ्य बीमा (अस्पताल भर्ना खर्च)
रू. १,००,००० * सम्म

दुर्घटना मृत्यु बीमा
रू. ७,००,००० * सम्म

* शर्तहरु लाग्नु हुनेछ ।

Citizens

विशेष बचत खाता

अन्य विशेषताहरू

नेपाल भरिका **जुन सुकै ATM** बाट पैसा निकाल्दा **शुल्क नलाग्ने**

न्यूनतम मौज्दात रु.१००/- । निःशुल्क **VISA Debit Card*** । निःशुल्क **Mobile** तथा **Internet Banking**

Locker, Balance Certificate Issuance, SWIFT, Draft लगायत सेवाहरुमा ५०% सम्म छुट*

Find us on Facebook & Instagram Citizens Bank International Ltd. www.ctznbank.com

Citizens Bank

Corporate Office
P.O.Box 19681, Narayanhiti Path, Kathmandu
Telephone: 01-4427842/43/24 Fax: 01-4427044
SWIFT: CTZNNPKA

Toll Free Number
16600166667

सीता राम

गोकुल मिल्कस् काठमाडौं प्रा. लि. का
दुध तथा दुग्धजन्य उत्पादनहरू

स्वस्थ रहन... सीता राम दूध

१००% शुद्ध १००% पौष्टिक

यस उद्योगबाट उत्पादित दूध तथा दूधजन्य पदार्थहरू
तल उल्लेखित स्थानहरूमा उपलब्ध छ।

- भाटभटेनी सुपरस्टोर, महाराजगञ्ज
- भाटभटेनी सुपरस्टोर, नक्साल

सिताराम आउटलेट, कुलेश्वर

फोन नं.: ९८६४४७७१८५, ९८०३०४३९८४

साधन परिचालन
मौद्रिक नीतिको प्राथमिकता

विकसित देशमा ब्याजदर न्यून रहेको र कतिपय विकसित देशमा त ऋणात्मक ब्याजदर रहेका कारण नेपाल जस्तो मुलुकमा लगानी गर्न र यहाँका बैंक, वित्तीय संस्थालाई ऋण दिनसमेत विदेशी लगानीकर्तालाई नेपाल राष्ट्र बैंकको वैदेशिक ऋण परिचालनसम्बन्धी व्यवस्थाले प्रोत्साहन गर्ने देखिन्छ । यस विषयमा नेपालका बैंक तथा वित्तीय संस्थाको पहल जरूरी छ ।

डा गुणाकर भट्ट

लामो समयसम्म चार प्रतिशतको आर्थिक वृद्धिदरमा सीमित रहेको नेपालको अर्थतन्त्र पछिल्लो समय सात प्रतिशतको वृद्धिदर हासिल गर्न सफल भएको छ । आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ मा क्रमशः ८.२ प्रतिशत, ६.७ प्रतिशत र ७.१ प्रतिशत आर्थिक वृद्धि भएको छ । आर्थिक क्रियाकलाप विस्तार सँगसँगै देशमा साधनको माग पनि बढ्दो छ । विगत चार वर्षमा कुल गार्हस्थ बचत र कुल राष्ट्रिय बचतमात्र बढेको छैन, कुल लगानी पनि बढेको छ । विप्रेषण आप्रवाह बढेर खर्चयोग्य आम्दानी बढेको छ । प्रतिव्यक्ति आय पनि २५ प्रतिशतले बढेको छ । यी सूचकहरूले अर्थतन्त्रको बिस्तार इंगित गरेसँगै लगानीका लागि थप साधनको आवश्यकता खट्किँदो छ । बैकिङ क्षेत्रबाट मात्र पछिल्लो चार वर्षमा थप १६ खर्ब कर्जा विस्तार भएको छ ।

सम्भाव्य उच्च आर्थिक वृद्धि हासिल गर्न श्रम, पुँजी र प्रविधिको उपलब्धता र उपयोगमा जोड दिनुपर्ने हुन्छ । उच्च आर्थिक वृद्धिको बाटोमा अगाडि बढेको नेपालका लागि सबैभन्दा महत्त्वपूर्ण विषय नै पुँजीको स्रोत जुटाउनु रहेको छ । सरकारले वैदेशिक ऋण सहायता परिचालन गरेर पुँजीको आवश्यकता पूरा गर्न सक्छ । यसैगरी, प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गरेर पनि पुँजी परिचालन गर्न सकिन्छ । नेपालको सन्दर्भमा विप्रेषण आप्रवाह पनि एउटा प्रमुख माध्यमको रूपमा छ ।

दुई दशकदेखि साधन परिचालनको प्रमुख आधार रहेको विप्रेषण आप्रवाह उच्चतम बिन्दुमा पुगिसकेको प्रतीत हुन्छ । आर्थिक वर्ष २०७२/०७३ मा विप्रेषण आप्रवाहको कुल गार्हस्थ उत्पादनसँगको अनुपात २९.६ प्रतिशत पुगेको थियो । यो नै हालसम्मको उच्चतम अनुपात हो । यसपछि उक्त अनुपात घट्दै गएर आर्थिक वर्ष २०७५/०७६ मा २५.४ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७५/०७६ को तीन महिनाको तुलनामा आर्थिक वर्ष २०७६/७७ को तीन महिनामा विप्रेषण आप्रवाहमा कमी आएको छ । गत वर्ष विभिन्न कारणले विप्रेषण आप्रवाहको आधार नै विस्तार भएको थियो । गत वर्ष भन्सारमा सन्दर्भ मूल्य कायम गरिएका कारण अनौपचारिक आयात नियन्त्रण भई औपचारिक माध्यमबाट थप विप्रेषण भित्र्याउन मद्दत पुग्यो । यो व्यवस्था लागू हुनासाथ आयात र विप्रेषण आप्रवाह दुवै बढ्नुले यही पुष्टि गर्छ । यसबाहेक सुनको अवैध आयात नियन्त्रण हुनु, अमेरिकी डलरको तुलनामा नेपाली रूपैयाँ थप कमजोर हुनु, बैंकहरूले निक्षेपमा दिने ब्याजदरमा लामो समयपछि सुधार हुनु र विश्व अर्थतन्त्र लगायत खाडी मुलुकको आर्थिक वृद्धि उच्च रहनुका कारण विप्रेषण आप्रवाह उच्च दरले बढेको थियो । आधार विस्तार भएको सन्दर्भमा गत आर्थिक वर्षको तीन महिनामा विप्रेषण आप्रवाह ३७.३ प्रतिशतले बढेको थियो । आधार उच्च हुनु तथा विश्व अर्थतन्त्रको वृद्धि दरमा कमी आउनुका साथै कामको खोजीमा विदेश जानेको संख्यामा समेत कमी आएका कारण चालू आर्थिक वर्षको तीन महिनामा विप्रेषण आप्रवाह ४.९ प्रतिशतले घटेको छ । आर्थिक विकासका लागि साधनको आवश्यकता खट्किरहेको समयमा विप्रेषण आप्रवाह खुम्चिनुका कारण वैकल्पिक माध्यमको खोजी आवश्यक भइसकेको छ ।

यसै परिप्रेक्ष्यमा साधनको आवश्यकता परिपूर्ति गर्न, समयानुकूल पुँजी खातामा थप उदारीकरण गर्न र वित्तीय क्षेत्रमा थप प्रतिस्पर्धा भित्र्याउन नेपाल राष्ट्र बैंकले विगत दुई वर्षयता मौद्रिक नीतिमार्फत केही महत्त्वपूर्ण नीतिगत व्यवस्था

गऱ्यो । यस क्रममा बैंक तथा वित्तीय संस्थाले आफ्नो प्राथमिक पुँजीको शतप्रतिशतसम्म विदेशी मुद्रामा ऋण लिन पाउने व्यवस्था लागू गरियो । प्रारम्भमा बैंकिङ क्षेत्रबाट मात्र यस्तो ऋण ल्याउन पाउने व्यवस्था गरिएको थियो । हाल पेन्सन फन्ड लगायत माध्यमबाट समेत ऋण लिन पाउने व्यवस्था गरिएको छ । यसैगरी, यो व्यवस्था लागू हुँदा ६ महिनाको लाइबर दरमा तीन प्रतिशत ब्याजसम्ममा मात्र यस्तो ऋण ल्याउन पाउने व्यवस्था गरिएकोमा उक्त दरलाई चार प्रतिशतसम्म गरिएको छ । यस व्यवस्थाअन्तर्गत चालू आर्थिक वर्षमा एक वाणिज्य बैंकले अमेरिकी डलर दुई करोड ऋण लिन स्वीकृति लिएको छ । बैंक तथा वित्तीय संस्थालाई विदेशबाट ऋण ल्याउन यस्तो सुविधा दिएपछि तीन करोड १६ लाख अमेरिकी डलर भित्रिएको छ ।

यो व्यवस्था लागू भएपछि धेरै ठूलो परिमाणमा ऋण नआए पनि यसले बाह्य स्रोत परिचालनको ढोका खोलेको छ, बैंक तथा वित्तीय संस्थालाई वित्तीय साधनको स्रोत पहिल्याउन सहज बनाएको छ र अन्तर्राष्ट्रिय लगानीकर्तालाई नेपालमा लगानीका लागि पहल गर्न पनि घच्घच्याएको छ । विकसित देशमा ब्याजदर न्यून रहेको र कतिपय विकसित देशमा त ऋणात्मक ब्याजदर रहेका कारण नेपाल जस्तो मुलुकमा लगानी गर्न र यहाँका बैंक, वित्तीय संस्थालाई ऋण दिनसमेत विदेशी लगानीकर्तालाई नेपाल राष्ट्र बैंकको वैदेशिक ऋण परिचालनसम्बन्धी व्यवस्थाले प्रोत्साहन गर्ने देखिन्छ । यस विषयमा नेपालका बैंक तथा वित्तीय संस्थाको पहल जरूरी छ ।

साधन परिचालनका लागि गरिएको अर्को महत्त्वपूर्ण व्यवस्था गैरआवासीय नेपाली तथा विदेशी संघ-संस्थाको कम्तीमा पनि दुई वर्षसम्मको मुद्दती निक्षेप नेपालका बैंकहरूले स्वीकार गर्न पाउने हो । यस व्यवस्थाले नेपालबाहिर रहेका नेपाली मूलका व्यक्तिमा नेपालमा लगानी गर्ने र उच्च प्रतिफल हासिल गर्न सक्ने अवसर सिर्जना भएको छ ।

खासगरी, नेपाल बाहिर ब्याजदर न्यून रहेका कारण नेपालमा आएर बचत गर्ने र उच्च प्रतिफल हासिल गर्ने विषयमा नेपाली डायस्पोरालाई कन्भिन्स गर्न सके दुवै पक्ष लाभान्वित हुने राम्रो मौका आएको देखिन्छ । नेपालमा रकम भित्र्याइसकेपछि भविष्यमा फिर्ता लैजान सकिन्छ कि सकिँदैन भन्ने विषयमा केही गैरआवासीय नेपालीमा जिज्ञासा रहेको यो पंक्तिकार स्वयंले पनि पाएको छ । यस विषयमा बैंकहरूले राम्ररी बुझाउन सके प्रारम्भमा अन्तर्राष्ट्रिय दातृ निकायमा कार्यरत नेपालीको बचत राम्ररी नै परिचालन गर्न सकिने सम्भावना छ । अर्बौं रकम नेपालबाट लाभांशको रूपमा बाहिर गइरहेको परिप्रेक्ष्यमा नेपालमा गरेको लगानी फिर्ता लैजान असहज नहुने विषयमा बुझाउन सक्नु आवश्यक छ । व्यक्तिगतका अतिरिक्त संस्थागत निक्षेप परिचालनमा पनि बैंकको पहलकदमी आवश्यक छ । यसै क्रममा केही अन्तर्राष्ट्रिय संघ-संस्थाले यस व्यवस्थाको उपयोग गर्न सुरू गरेको जानकारी समेत आइसकेको छ ।

> मौद्रिक नीतिका विभिन्न प्राथमिकतामध्ये साधन परिचालन हाल प्रमुख प्राथमिकता छ । चालू आर्थिक वर्षको मौद्रिक नीति तर्जुमा गर्दा पनि साधन परिचालनलाई केन्द्रमा राख्दै त्यसैका माध्यमबाट ब्याजदर स्थायित्व हासिल गर्ने उद्देश्य राखिएको हो ।

साधन परिचालनलाई सहज बनाउन गरिएको अर्को व्यवस्था बैंकहरूलाई ऋणपत्र निष्कासन गर्न लगाउनु पनि हो । बैंकहरूले आफ्नो चुक्ता पुँजीको २५ प्रतिशत बराबर अनिवार्य रूपमा ऋणपत्र जारी गर्नुपर्ने व्यवस्था चालू आर्थिक वर्षको मौद्रिक नीतिले गरेको छ ।

प्रारम्भमा यो व्यवस्थालाई सहज रूपमा लिन नसकिए तापनि पछिल्लो समय ऋणपत्र निष्कासन गर्ने र त्यसको शतप्रतिशत बिक्री हुने क्रम सुरू भएको छ । निष्काशित ऋणपत्रको सबै रकम कर्जा दिन सकिने भएका कारण बैंकहरूलाई ऋणपत्र निष्कासनमा प्रोत्साहन मिलेको छ । निष्कासित ऋणपत्रका लागि पनि विगतमा रहँदै आएको सीसीडीबापत राख्नुपर्ने २० प्रतिशत आवश्यक नभएकोले सोको अवसर लागत नपर्ने हुँदा १० प्रतिशत ब्याजमा जारी गरिएको ऋणपत्रको वास्तविक ब्याज बैंकलाई आठ प्रतिशतमात्रै हुने देखिन्छ । यद्यपि ऋणपत्र निष्कासन सम्बन्धी व्यवस्थाका पछाडि केही महत्त्वपूर्ण तर्कहरू भने रहेका छन् । सम्पत्ति दायित्वको मच्युरिटीमा रहेको मिसम्याचलाई कम गर्ने, ब्याजदर स्थायित्व कायम गर्ने, पुँजी बजारको महत्त्वपूर्ण आधार मानिने ऋणपत्र बजारको विकास गर्ने र संस्थागत निक्षेपमा हुने खोसाखोसलाई समेत निरूत्साहित गर्ने उद्देश्यले अनिवार्य ऋणपत्रक निष्कासनको व्यवस्था गरिएको हो । बन्ड मार्केटको विकास हुँदै जादा अर्थतन्त्रको गति समेत मापन गर्न सकिने हुन्छ । केही महिनापहिले संयुक्त राज्य अमेरिकाको बन्ड मार्केटमा 'इन्भर्टेड यिल्ड कर्भ' देखिएको र यसले आर्थिक संकुचनको संकेत गरेको भन्ने विश्लेषण गरिएको थियो । यसप्रकार नेपालमा पनि भविष्यमा बन्ड मार्केटको विकास हुन सके अर्थतन्त्रको गति मापनको आधार तयार हुने देखिन्छ ।

मौद्रिक नीतिका विभिन्न प्राथमिकतामध्ये साधन परिचालन हाल प्रमुख प्राथमिकता छ । चालू आर्थिक वर्षको मौद्रिक नीति तर्जुमा गर्दा पनि साधन परिचालनलाई केन्द्रमा राख्दै त्यसैका माध्यमबाट ब्याजदर स्थायित्व हासिल गर्ने उद्देश्य राखिएको हो । साधन परिचालनका लागि गरिएका दूरगामी महत्त्वका व्यवस्थाको प्रतिफल छोटो समयमै प्राप्त नहुन सक्छ र त्यसैका आधारमा कुनै नीतिगत व्यवस्था सफल वा असफल भनेर मापन गरिहाल्नु हतार हुने हुन्छ ।

विशेषगरी, अन्तर्राष्ट्रिय वित्तीय साधन भित्र्याउन गरिएका व्यवस्था कार्यान्वयनका लागि राजनीतिक, कानुनी र नीतिगत वातावरण पनि अनुकूल हुनुपर्ने हुन्छ । नेपाल सार्वभौम साख मूल्यांकन गराउने प्रक्रियामा रहेकोले पनि अन्तर्राष्ट्रिय लगानीकर्ताहरू यसको पर्खाइमा रहेका हुन सक्छन् । तथापि मौद्रिक नीतिले साधन परिचालनको दायरा विस्तार गरिदिएको परिप्रेक्ष्यमा सोको फाइदा लिन बैंक तथा वित्तीय संस्थाहरूले प्रयत्नशील हुनुपर्ने देखिन्छ । यसका लागि मूलतः अन्तराष्ट्रिय लगानीकर्ताहरूलाई मनाउने र गैर आवासीय नेपालीसम्म आफ्ना निक्षेप प्रोडक्टको बजारीकरण गर्ने विषयमा बैंकहरूले प्रयास गर्नु आवश्यक भएको छ ।

NIMBUS
CULTIVATING PARTNERSHIPS

Byanjan™

व्यञ्जनको उत्कृष्ट उत्पादनहरु

byanjanedibleoils

Dabur

RED PASTE

DENTAL PROBLEMS लाई IGNORE होइन टाढा राख्नुहोस्

सानातिना दाँतका समस्याहरुलाई बेवास्ता होइन, टाढा राख्नुहोस् - क्लिनिकली प्रमाणित डाबर रेड पेस्ट प्रयोग गरि । यसको १३ आयुर्वेदिक तत्वले ७ दाँतका समस्याहरु जस्तै दाँतको दुखाई*, दुर्गन्ध, प्लाक, पहेंलो दाँत, क्याभिटि, गिजाबाट रगत बग्नु साथै किटाणुहरुसँग लड्न मद्दत गर्दछ** ।

EFFECTIVE CLINICALLY PROVEN ORAL CARE

प्रब्लम्सलाई टाख्छ कोसौं टाढा

दाँतका समस्याहरु सँग लड्छ, जस्तै:

■ दाँतको दुखाई* ■ दुर्गन्ध ■ प्लाक ■ पहेंलो दाँत ■ क्याभिटि ■ गिजाबाट रगत बग्नु ■ किटाणुहरु बाट सुरक्षा

*दाँतको दुखाई - दाँत सड़ेर वा गिजाको समस्याको कारणबाट

**डाबर द्वारा गरिएको क्लिनिकल ट्रायल नं. DRF/AY/5004/CT-2 को अनुसार ।

विदेशी लगानी बढाउने उपाय

हालसम्मका प्रयत्न र सरकारले अपनाउन खोजेका उपायले मात्रै विदेशी लगानी आउँदैन । यसका लागि सोच, व्यवहार र काममा आमूल परिवर्तन आवश्यक छ ।

गोकर्ण अवस्थी

आर्थिक वर्ष २०७५/०७६ को कारोबारका आधारमा सूर्य नेपाल धेरै कर तिर्ने कम्पनीका रूपमा सरकारबाट सम्मानित भयो । सूर्यमात्रै होइन, टेलिकम कम्पनी एनसेल पनि बढी कर तिर्ने कम्पनीको रूपमा सम्मानित भइसकेको छ । यी दुई कम्पनीमा एउटा समानता छ । त्यो यी दुवै विदेशी लगानी भएका बहुराष्ट्रिय कम्पनी हुन् ।

धेरै कर तिर्ने १० कम्पनीको सूची बनाइयो भने त्यसमा करिब आधा विदेशी लगानीका कम्पनी हुन सक्छन् । गोर्खा ब्रुअरी, स्ट्यान्डर्ड चार्टर्ड बैंक, एभरेस्ट बैंक, हिमालयन बैंक यी नेपालमा राम्रो काम गरिरहेका विदेशी लगानी भएका कम्पनी हुन ।

सेवा मात्रै होइन, उत्पादनमूलक क्षेत्रमै अर्को कम्पनी युनिलिभर र यस वर्ष सरकारद्वारा सम्मानित अर्को कम्पनी डाबर नेपाल पनि विदेशी लगानीकै कम्पनी हुन् । सेयर बजार परिसूचक नेप्से ११ सय हाराहारी पुग्दा पनि युनिलिभरको एउटा सेयरको मूल्य १९ हजार रूपैयाँ हाराहारी छ ।

यो सब हेर्दा नेपाल विदेशी लगानीका लागि निक्कै आकर्षक हुनुपर्ने हो । तर विदेशी भित्र्याउने मुलुकहरूको सूचीमा हामी पुछारतिर छौं । छिमेकी बंगलादेश र एसियाली मुलुक कम्बोडिया र कुनै बेला भोकमरीको पर्याय मानिने इथियोपिया लगानीका आकर्षक गन्तव्य हुन् । यी मुलुक नेपाल जस्तै अतिकम विकसित पनि हुन् ।

नेपालमा लगानी भएका कम्पनी नाफामा चलेका पनि छन् । हाम्रैजस्ता अन्य अतिकम विकसित मुलुकमा विदेशी लगानी आई पनि रहेको छ । तर नेपालमा किन विदेशी लगानीकर्ता चासो देखाउँदैनन् त ?

यो प्रश्नको उत्तर खोज्न थालेको धेरै भयो । कहीँ कतै यो कारणले पो हो कि भनेर समाधानको प्रयास पनि गरियो । पुरानो कानुनले नभएरको हो कि भनेर गत चैतमा नयाँ विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन पनि ल्याइयो । तर गत वर्ष अघिल्लो वर्षभन्दा करिब ३५ प्रतिशत कम विदेशी लगानी आयो । त्यसैले सतही विश्लेषणले विदेशी लगानी किन आएन भनेर ठम्याउन सकिँदैन । केही गम्भीर बहस र पहल मुलुकका तर्फबाट हुनुपर्छ ।

सबैभन्दा पहिले कुनै पनि लगानीकर्ता अर्काको देशमा किन लगानी गर्न चाहन्छ भनेर बुझ्नु जरूरी छ । मुख्यतया लगानीकर्ता दुई प्रकारका हुन्छन् । पहिलो, जो बजार खोज्न विदेशी भूमिमा जान्छन् । दोस्रो, प्राकृतिक र अन्य स्रोतका लागि विदेशमा लगानी गर्न इच्छुक हुन्छन् ।

दुवै प्रकारका लगानीकर्ताको मुख्य उद्देश्य एउटै हुन्छ । पहिलो, नाफा र त्यो नाफा पनि प्रतिसेयर आम्दानी । आफूले लगानी गरेको अनुपातमा प्रतिफल प्राप्त भए, नभएको हेर्ने विधि प्रतिसेयर आम्दानी हो । दोस्रो, यस्तो आम्दानी निरन्तर बढिरहोस् भन्ने चाहना लगानीकर्ताको हुन्छ । अर्थात नाफाको निश्चित वृद्धिदर सधैं रहिरहोस् भन्ने चाहना उनीहरूको हुन्छ ।

अब पहिलो कुरा, के नेपाल बजार खोज्ने र स्रोत खोज्ने दुवै लगानीकर्ताका लागि उपयोगी गन्तव्य हो त ? हो, नेपाल दुवैका लागि राम्रो बजार हो । जलविद्युत्, खानी, उच्च मूल्य अभिवृद्धि हुने जडीबुटी र कृषिजन्य उत्पादनका लागि नेपाल प्रमुख स्रोत गन्तव्य हो । जस्तो कि, युनिलिभरका लागि नेपाल बजार हो भने डाबरका लागि नेपाल स्रोत उपलब्ध गराउने मुलुक । डाबरका लागि चाहिने जडीबुटी र अन्य कृषिजन्य उत्पादन यहाँ सम्भव छ । सँगै उसका लागि यहाँको बजार पनि महत्त्वपूर्ण छ ।

यी दुवै कम्पनी नेपाल र भारतबीचको व्यापार सम्झौताको जगमा टेकेर आएका हुन् । यी कम्पनीका उत्पादन भारतमा निर्बाध जान सक्थे । नेपाल-भारत सम्झौता अनुसार यी कम्पनी मात्र

नभई नेपालका प्रायः सबै उत्पादन भारतमा भन्सार नतिरी निर्यात गर्न पाइन्छ । चुरोट, रक्सी, कस्मेटिक्स लगायतका केहीबाहेक सबै सामान भारतले भन्सारमा कुनै पनि प्रकारको शुल्क नलगाई जान दिन्छ ।

सुरूमा भारतीय बजार हेरिए पनि पछि नेपाल पनि यी कम्पनीका लागि राम्रो बजार बन्यो । नेपाल सानो मुलुक होइन । जनसंख्याको हिसाबले नेपाल विश्वको ४५औं ठूलो देश हो । पछिल्लो २० वर्षमा करिब ४० लाख नेपाली गरिबीको रेखाभन्दा माथि उठेका छन् । गरिबीबाट माथि उठेर मध्यमवर्गमा परिणत हुने समूह व्यापारको उपभोक्ता हुन्छन् । त्यसैले भनिएको हो, नेपाल स्रोत खोज्ने र बजार खोज्ने दुवैका लागि उपयुक्त ठाउँ हो । त्यतिमात्रै होइन, भारतसँगै युरोपेली युनियन र केही हदसम्म अमेरिकाले पनि नेपाली उत्पादनलाई भन्साररहित पहुँच दिएको छ । चीनले पनि पहुँच दिएको छ, तर त्यसका लागि हाल उत्पादन भइरहेका वस्तु जान सक्ने अवस्था छैन । तर पनि भन्साररहित पहुँच छ, चीनले चाहेजस्तो उत्पादन गर्न सकियो भने ।

यी सुविधा संसारका अतिकम विकसित मुलुकलाई दिइएको हुन्छ । जसको उपयोग बंगलादेश कम्बोडिया जस्ता मुलुकले गरिरहेका छन् । जस्तो कि, अहिले अमेरिका र चीनको व्यापार युद्धका कारण चिनियाँ सामानमा अमेरिकाले उच्च भन्सार दर लगाएको छ । यो अवस्थासँग जुध्न चिनियाँ लगानीकर्ताहरू भियतनाम र कम्बोडिया जस्ता मुलुक गएका छन् । भियतनामबाट अमेरिका सामान पठाउँदा अब चीनभन्दा कम भन्सार लाग्ने भयो । कम्बोडियाले अधिकांश सामान अमेरिकमा भन्सार नतिरी निर्यात गर्न सक्छ । यो सुविधा नेपाललाई पनि छ । त्यसैले नेपालको बजार यहाँभित्र मात्र नभई बाहिर पनि छ ।

तर हालसम्मका प्रयत्न र सरकारले अपनाउन खोजेका उपायले मात्रै विदेशी लगानी आउँदैन । यसका लागि सोच, व्यवहार र काममा आमूल परिवर्तन आवश्यक छ ।

निजी क्षेत्रप्रतिको व्यवहार

दुई तिहाइको बलियो सरकार बनेको छ । लामो समयदेखि स्थायित्व खोजिरहेको निजी क्षेत्र भने त्रसित छ । विश्वासको संकट छ । मुख्यतया सरकारी रवैयाका कारण स्वदेशी लगानीकर्ता पनि लगानी गर्न तयार छैनन् । सरकार र नेपाल कम्युनिस्ट पार्टीका नेताहरू मुखले निजी क्षेत्र आवश्यक रहेको भन्न बाध्य भए पनि व्यवहारमा त्यसलाई कार्यान्वयन गर्न चाहँदैनन् । उनीहरूका लागि निजी क्षेत्र चन्दा दिने, अवैध क्रियाकलाप गरे पनि आफूलाई सेयर वा अन्य लाभ दिनेहरू मात्रै हुन् । समग्र निजी क्षेत्रलाई उनीहरू नाफाखोर र पुँजीवादका अंश देख्छन् । अधिकांश नेताहरू आफूलाई दाम चढाउने चाहे ती बिचौलिया नै किन नहून् तिनको संरक्षण र प्रवर्द्धन गर्छन् ।

उनका कार्यकर्ताहरू पनि निजी क्षेत्रलाई पाएसम्म दुःख दिन पछि पर्दैनन् । त्यो कम्युनिस्ट पाटीमा बढी छ, तर काँग्रेस र अन्य दलहरू पनि यसबाट अछुतो छैनन् । समाजवादको नाममा काँग्रसीजनहरू पनि निजी क्षेत्रप्रति खुलेर असल व्यवहार गर्न चाहँदैनन् ।

मिडिया पनि अब लाभ र हानि हेरेर मात्रै निजी क्षेत्र र यसको गतिविधिको समर्थन र विरोध गर्ने अवस्थामा पुगेको छ । जनमत निर्माण गर्ने मिडियामा राजनीति र पैसा हावी हुँदै गएपछि स्वतन्त्रता गुम्दै गएको छ । यसले आम जनमानसमा निजी क्षेत्र नाफाखोर मात्रै हो भन्ने धारणा विकास भएको छ ।

निजी क्षेत्रका गैरकानुनी गतिविधिलाई विस्तारै कानुनसम्मत हल गर्दै जानुपर्छ । उपभोक्ताको हितका लागि काम गर्नुपर्ने सरकार र मिडिया अनुगमन वा करका विषयलाई बार्गेनिङको आधार बनाउन थाल्छ भने यसले हित गर्दैन । स्वदेशी वा विदेशी लगानीका लागि निजी क्षेत्रको विश्वास सबैभन्दा महत्त्वपूर्ण हो, जुन देखिँदैन ।

भ्रष्टाचार

लगानी अनाउनुको अर्को कारण भ्रष्टाचार हो । जुन कर्मचारीतन्त्र र नेता सबैतिर छ । सही ढंगबाट लगानी ल्याउन खोज्नेलाई कमिसन खोज्दै वा अन्य बहानामा दुःख दिई अतिरिक्त लाभ लिने परिपाटी नै बसेको छ । यसको पछिल्लो उदाहरण ड्यांगोटे सिमेन्टको बहिर्गमन हो । उक्त सिमेन्ट लगानी गर्न तत्पर थियो । तर स्थानीयदेखि उच्च तहसम्म दिइएको झमेला सहन नसकेर यहाँ लगानी नगर्ने अवस्थामा पुगेको छ ।

एकद्वार सेवा

पछिल्लो विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा फेरि एकपटक एकद्वार सेवा दिने उल्लेख छ । यो नयाँ कुरा होइन । यसअघि पनि यो व्यवस्था थियो । तर यसको कार्यान्वयन प्रभावकारी भइसकेको छैन । उद्योग विभागमा सेवा केन्द्र भए पनि समन्वयको अभाव अझै कायम रहेको लगानीकर्ता बताउँछन् । यसलाई प्रभावकारी बनाउन सकियो भने केही हदसम्म लगानीकर्तालाई सहज हुन्छ ।

तुलनात्मक लाभका आयोजना

नेपालको तुलनात्मक लाभको विश्वसनीय अध्ययन नै भएको छैन । केही वस्तु तथा सेवा पहिचान भए पनि तिनको विश्वसनीयता प्रभाव र सहुलियतबारे यकिन भएको छैन । स्रोतको खोजी गर्ने लगानीकर्तालाई जलविद्युत् लगायत यस्ता आयोजना तयार पारेर बेच्न सक्नुपर्छ ।

जग्गा प्राप्ति

निजी क्षेत्रले भोगिरहेको अहिलेको अर्को समस्या जग्गा प्राप्ति हो । तुलनात्मक रूपमा उद्योग कलकारखाना राख्न सकिने ठाउँमा जग्गाको अभाव चर्को छ । मूल्य अकासिएको छ । यस्तो अवस्थामा प्रदेश र स्थानीय सरकारले सहुलियतपूर्ण रूपमा जग्गा उपलब्ध गराउन सक्नुपर्छ । औद्योगिक क्षेत्र बनाउने घोषणा बजेटमा मात्रै सीमित भएको छ । त्यसको कार्यान्वयन हुनुपर्छ ।

अन्य सहुलियत

हाम्रो जस्तै अरू मुलुकले दिएको भन्दा बढी सहुलियत दिन सकिएन भने विदेशी लगानीकर्ता आउँदैनन् । कर छुटदेखि विदेशी मुद्रामा नाफा लैजानसक्ने व्यवस्थामा सरलीकरण गरिनुपर्छ । भारतले गत सेप्टेम्बरमा कर्पोरेट करको दर घटाएको छ । ठूलो र प्रतिस्पर्धी बजार भारतमै सहुलियत बढी पाए नेपालमा लगानी आउँदैन । त्यसतर्फ प्रयास हुनुपर्छ ।

हालै विश्व बैंकले सार्वजनिक गरेको डुइङ बिजनेस रिपोर्टमा नेपाल एकैपटक १६ स्थान माथि उक्लिएको छ । यसका आधारहरू त्यत्ति विश्वसनीय नभए पनि नेपालको बजारीकरण गर्नका लागि यो सहयोगी हुनेछ । यसको ब्रान्डिङ गर्न पछि पर्नु हुँदैन ।


www.machbank.com
हाम्रो
माछापुच्छ्रे बैंक
जहिले छ हाम्रो साथ...
Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड
सबल, उत्कृष्ट एवं विस्तारित
एमबिएल टावर, लाजिम्पाट, काठमाण्डौ, फोनः ०१-४४२८५५६

20 Celebrating Years of Service (1998-2018)

नेपालको पहिलो केबुलकार
मनकामना जाने सपना साकार
बि.सं. २०५५-२०७५ (A.D. 1998-2018)



ISO 9001: 2015 Certified
MANAKAMANA CABLE CAR

मनकामना दर्शन (प्रा.) लि.
MANAKAMANA DARSHAN PVT. LTD.

पो.ब.नं. ४४१६, नक्साल नागपोखरी, काठमाडौं, नेपाल
फोन: ४४३४६४८, ४४३४८२५, ४४३४८६०, फ्याक्स: ४४३४५१५
चेरेश स्टेशन: फोन: ०५६-४१००४४, ०५६-४१००१२

@cablecarmanakamana cablecarmanakamana info@chitawoncoe.com.np manakamanacablecar.com

अर्थतन्त्र

विस्तारमा वित्तीय क्षेत्र

डा चिरञ्जीवी नेपाल

मुलुकमा आर्थिक क्रियाकलापले गति लिन थालेको छ । कृषि उत्पादनमा भएको वृद्धि, ऊर्जा आपूर्तिमा देखिएको सुधार, पुनर्निर्माणले लिएको गति तथा पर्यटन क्षेत्रमा भएको आसलाग्दो प्रगतिले उत्साहजनक आर्थिक परिदृश्य देखाएको छ । यद्यपि मुलुकको आर्थिक समृद्धिका लागि पूर्वाधारलगायत क्षेत्रमा ठूलो लगानी गर्नु पर्नेछ ।

नेपाल सरकारबाट लक्षित ८.५ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न चालू आर्थिक वर्षमा २०७५/०७६ को मूल्यमा करिब १३ खर्ब (सीमान्त पुँजी उत्पादन अनुपात ४.९ आधारमा) स्थिर पुँजी लगानी आवश्यक पर्ने देखिन्छ । विगतको तथ्यांकलाई हेर्ने हो भने कुल स्थिर पुँजी निर्माणमा सरकारको हिस्सा करिब २२ प्रतिशत र निजी क्षेत्रको हिस्सा ७८ प्रतिशत छ । यसअनुसार, लक्षित आर्थिक वृद्धिका लागि सरकारीतर्फबाट करिब दुई खर्ब ८७ अर्ब रूपैयाँ तथा निजी क्षेत्रबाट करिब १० खर्ब २० अर्ब रूपैयाँ लगानी हुनुपर्ने देखिन्छ ।

आर्थिक वर्ष २०७६/०७७ को बजेटले एक खर्ब ९५ अर्ब रूपैयाँ आन्तरिक ऋण, दुई खर्ब ९८ अर्ब रूपैयाँ वैदेशिक ऋण, ५८ अर्ब रूपैयाँ वैदेशिक अनुदान र नौ खर्ब ८१ अर्ब रूपैयाँ राजस्व परिचालन गर्ने र चार खर्ब आठ अर्ब रूपैयाँ पुँजीगत खर्च गर्ने लक्ष्य लिएको छ । विनियोजित पुँजीगत बजेटमध्ये कति खर्च गर्न सकिन्छ ? तोकिएको रकम खर्च हुन सके सरकारको तर्फबाट गर्नुपर्ने लगानीको लक्ष्य प्राप्त गर्न सकिने अवस्था छ ।

चालू आर्थिक वर्षको मौद्रिक नीतिले विस्तृत मुद्राप्रदायको विस्तारलाई १८ प्रतिशत, आन्तरिक कर्जा विस्तार २४ प्रतिशतमा तथा निजी क्षेत्रतर्फको कर्जा वृद्धि २१ प्रतिशतमा सीमित गर्ने लक्ष्य राखेको छ । कर्जा प्रवाह प्रक्षेपण अनुसार भएमा निजी क्षेत्रतर्फ करिब ६ खर्ब २० अर्ब रूपैयाँ कर्जा प्रवाह हुने देखिन्छ ।

राजनीतिक स्थायित्व, लगानीको वातावरणमा आएको सुधार र दिगो विकासको अपेक्षाले आन्तरिक एवं बाह्य लगानी आकर्षित हुने अपेक्षा छ । यसका साथै वाणिज्य बैंकहरूलाई वैकल्पिक स्रोत संलकन गर्न ऋणपत्र जारी गरी उक्त रकमको शतप्रतिशत कर्जा प्रवाहका लागि उपयोग गर्न सक्ने सुविधा

दिइएको छ । हाल बैंक तथा वित्तीय संस्थाले परिवर्त्य विदेशी मुद्रामा ऋण लिन सक्ने व्यवस्था छ । यो व्यवस्था अन्तर्गत केही बैंक तथा वित्तीय संस्थाले विदेशबाट ऋण लिइसकेका छन् । केही प्रक्रियामा छन् । यो व्यवस्थालाई थप लचिलो र सहज बनाइनेछ । यसबाट निजी क्षेत्रतर्फको साधन परिचालनमा थप सहजता आउने छ ।

परिवर्त्य विदेशी मुद्रामा ऋण ल्याउने प्रक्रियालाई थप सहजीकरण गर्न अन्तर्राष्ट्रिय अभ्यासअनुसारका नीतिहरू अंगीकार गर्दै लगिएको छ । यी नीतिहरूका साथै अन्तर्राष्ट्रिय रेटिङ एजेन्सीबाट नेपालको रेटिङ (सार्वभौम साख मूल्यांकन) गर्ने व्यवस्था हुने क्रममा छ । यसले अन्तर्राष्ट्रिय पुँजी बजारमा नेपालको पहुँच अभिवृद्धि गर्नुका साथै सस्तो ब्याजदरमा विदेशबाट ऋण ल्याउन सहज हुने देखिन्छ ।

बाह्य स्रोत-साधन परिचालन गर्न नेपाल राष्ट्र बैंकले समयानुकूल नीतिगत व्यवस्था परिमार्जन गर्दै आएको छ र उपयुक्त विकल्पबारे छलफल एवं नीति-निर्माण तथा कार्यान्वयन नियमित प्रक्रियाकै रूपमा अघि बढाइएको छ ।

चालू आर्थिक वर्षभित्रै माथिल्लो तामाकोसी जलविद्युत् आयोजना, रसुवागढी जलविद्युत् आयोजना, भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल जस्ता केही महत्त्वपूर्ण आयोजनाहरू निर्माण सम्पन्न भई सञ्चालनमा आउँदैछन् । यसले पनि आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सहज हुनेछ । विगत वर्षहरूमा भएको लगानीले प्रदान गर्ने प्रतिफलबाट समेत चालू वर्षको आर्थिक वृद्धिको लक्ष्य प्राप्तिमा सहयोग पुग्ने देखिन्छ ।

सरकारद्वारा लक्षित आर्थिक वृद्धि हासिल गर्न आवश्यक लगानी जुटाउन वित्तीय क्षेत्र सक्षम छ । यसै अनुरूप नेपाल राष्ट्र बैंकले चालू मौद्रिक नीति तथा मौद्रिक लक्ष्य तय गरेको छ ।

राष्ट्र बैंकले गरेका प्रयास

- लगानी सुनिश्चित गर्न ब्याजदरमा स्थायित्व आवश्यक रहेको र राष्ट्र बैंकले तरलता व्यवस्थापनलाई प्रभावकारी बनाउँदै ब्याजदर स्थायित्व कायम गर्नेतर्फ मौद्रिक व्यवस्थापन गर्दै आएको छ ।
- बैंक तथा वित्तीय संस्थाले वित्तीय स्रोत संकलन गर्न डिबेन्चर तथा अन्य ऋण उपकरणहरू जारी गर्नुपर्ने व्यवस्था गरिएको छ । वाणिज्य बैंकहरूले २०७७ असार मसान्तसम्ममा आफ्नो चुक्ता पुँजीको न्यूनतम २५ प्रतिशत बराबर अनिवार्य रूपमा ऋणपत्र जारी गर्नुपर्ने निर्देशन जारी गरिएको छ । बैंकहरूले जारी गरेको ऋणपत्रको शतप्रतिशत रकम कर्जा प्रवाहका लागि उपयोग गर्न सक्ने व्यवस्था गरिएको छ । यसरी जारी डिबेन्चर तथा अन्य ऋणपत्रको कारोबारले दोस्रो बजारमा उपकरणगत विविधीकरण पनि हुने विश्वास गरिएको छ ।
- बैंक तथा वित्तीय संस्थाहरूले परिवर्त्य विदेशी मुद्रामा ऋण लिन सकिने व्यवस्थालाई थप सहज बनाउने उद्देश्यले विदेशबाट ऋण प्राप्त गर्न सक्ने स्रोतको दायरा विस्तार गरिएको छ । बैंक तथा वित्तीय संस्थाका अतिरिक्त पेन्सन फन्ड, हेज फन्ड लगायतका स्रोतबाट समेत ऋण ल्याउन सक्ने व्यवस्था मिलाइएको छ । यसरी प्राप्त ऋणको ब्याजदर लगायत ऋणदाताले लगाउने अन्य सम्पूर्ण शुल्क गरी ६ महिनाको लाइबर दर (लन्डन इन्टर बैंक अफर्ड रेट) मा थप चार प्रतिशत बिन्दुसम्म हुन सक्ने व्यवस्था मिलाइएको छ । गत वर्षको तुलनामा विदेशी मुद्रामा ऋण प्रदान गर्ने ऋणदातालाई प्रोत्साहित गर्न ऋणको अधिकतम ब्याजदर बढाइएको हो । यसबाट ठूलो परिणाममा विदेशी ऋण भित्रिने सम्भावना छ ।
- 'हेजिङ'सम्बन्धी नियमावली २०७५ कार्यान्वयनमा आइसकेको छ । यसको प्रभावकारिता बढाउन कार्यविधि तयार गर्न गृहकार्य भइरहेकाले आगामी दिनमा बैंक तथा वित्तीय संस्थाले परिवर्त्य विदेशी मुद्रामा ऋण लिन झन् सहज हुने देखिन्छ ।
- बैंक तथा वित्तीय संस्थाले संस्थागत विदेशी निक्षेपकर्ता तथा गैरआवासीय नेपालीबाट कम्तीमा दुई वर्ष अवधि भएको विदेशी मुद्रा मुद्दती निक्षेप संकलन गर्न सक्ने र यस्तो निक्षेपको शतप्रतिशतसम्म नेपाली मुद्रामा कर्जा प्रवाह गर्न पाउने व्यवस्था मिलाइएको छ ।
- विप्रेषण आप्रवाहलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन गर्न तथा औपचारिक माध्यमको प्रयोगलाई बढावा दिन वैदेशिक रोजगार बचतपत्र तथा नागरिक बचतपत्रको बिक्री वर्षैभरी खुला गर्न आवश्यक समन्वय गर्ने व्यवस्था मिलाइएको छ ।
- नेपाली नागरिकसँग रहेको सुन बैंकमा निक्षेपको रूपमा जम्मा गर्न सक्ने विषयमा नीतिगत व्यवस्थाका लागि आवश्यक गृहकार्य गरिँदैछ ।
- कुल ७५३ स्थानीय तहमध्ये ७४१ मा वाणिज्य बैंकको शाखा विस्तार भएका छन् । बैंक तथा वित्तीय संस्थाको बचत खातामा पहुँच भएको जनसंख्याको हिस्सा ६१ प्रतिशत पुगेको छ । बढ्दै गएको वित्तीय पहुँचले स-साना निक्षेपकर्ताको बचत संकलन गरी पुँजी निर्माण गर्ने वातावरण बनेको छ ।

उत्पादनमूलक क्षेत्रमा लगानी

उत्पादनमूलक क्षेत्रमा लगानी विस्तारका लागि विभिन्न प्रयास भएका छन् । 'प्राथमिकता प्राप्त क्षेत्र' भन्नाले कृषि क्षेत्र, जलविद्युत्/ऊर्जा क्षेत्र, पर्यटन क्षेत्र र निर्यात उद्योग, साना तथा मझौला उद्योग, औषधी उत्पादन उद्योग, सिमेन्ट उद्योग एवं गार्मेन्ट उद्योग पर्छन् । प्राथमिकता प्राप्त क्षेत्र कर्जा सम्बन्धमा 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाले प्राथमिकता प्राप्त क्षेत्रमा आफ्नो कुल कर्जा तथा सापटको न्यूनतम क्रमशः २५ प्रतिशत, १५ प्रतिशत र १० प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ । वाणिज्य बैंकहरूले यसमध्ये कृषिमा १० प्रतिशत र ऊर्जा तथा पर्यटन क्षेत्रमा १५ प्रतिशत कर्जा प्रवाह गर्नु पर्नेछ । २०७६ असार मसान्तसम्म यी क्षेत्रमा क्रमशः ८.८५ प्रतिशत र ८.८० (ऊर्जा ४.५३ र पर्यटन ४.२७) प्रतिशत कर्जा प्रवाह भएको छ । यी उत्पादनमूलक क्षेत्रमा थप कर्जा प्रवाह गर्न आवश्यक निर्देशन दिइएको छ ।

नवीकरणीय ऊर्जा उत्पादन तथा प्रसारण लाइन, सडक, सुरुङमार्ग, विमानस्थल, केबलकार, पुल जस्ता भौतिक पूर्वाधार (हाउजिङ, जग्गा विकास जस्ता रियल इस्टेट क्षेत्र बाहेक), विदेशी मुद्रा आर्जन गर्ने पर्यटन, कृषि क्षेत्र, साना तथा मझौला उद्योग, अन्य उत्पादनमूलक क्षेत्र र लघुवित्त क्षेत्रमा कर्जा प्रवाह गर्ने प्रयोजनमा लागि वित्तीय साधनको प्रबन्ध गर्न विदेशी स्रोतबाट परिवर्त्य विदेशी मुद्रामा ऋण लिन सक्ने व्यवस्था गरिएको छ । यसरी भित्र्याएको रकम अन्तरबैंक कारोबारमा प्रयोग गर्न नपाउने व्यवस्था गरिएको छ ।

कृषिमा लगानी बढाउन कृषि कर्जाका अतिरिक्त कृषि उपजको बजार सुनिश्चित गर्न कृषि बजार पूर्वाधार निर्माण आवश्यक देखिन्छ । निर्यातजन्य वस्तुको विकास, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरी अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन गर्नुपर्छ । यस सन्दर्भमा चीनसँगको पारबहन सम्झौता कार्यान्वयनमा आएपछि नेपालले तेस्रो देशसँगको व्यापारलाई चिनियाँ समुद्री र 'ल्यान्ड पोर्ट' प्रयोग गर्न पाउने वातावरण बन्दै गएको छ । विभिन्न राष्ट्रसँग गरिएको द्विपक्षीय र बहुपक्षीय व्यापार सम्झौता र सोबाट प्राप्त सुविधाजनक बजार पहुँचको फाइदा उठाई निर्यातजन्य वस्तुको बजार सुनिश्चित गर्न सकिन्छ । छिमेकी मुलुक भारत

र बंगलादेशसँग ऊर्जा व्यापार सम्झौता, अन्तरदेशीय प्रसारण लाइन निर्माणले नेपालमा उत्पादित जलविद्युत्को बजार सुनिश्चित गरी ठूला जलविद्युत् आयोजनामा विदेशी लगानी भित्र्याउन सकिन्छ ।

उत्पादनमूलक क्षेत्र र प्राथमिकता प्राप्त क्षेत्रमा लगानी प्रोत्साहन गर्न विभिन्न सहुलियतपूर्ण कर्जा कार्यक्रमलाई प्रभावकारी बनाउन बीमा योजनाको उपयोग बढाउनुपर्ने आवश्यकता छ । अथाह सम्भावना बोकेको पर्यटन क्षेत्रको एकीकृत विकास गर्न नेपाललाई प्रमुख पर्यटकीय गन्तव्यको रूपमा विश्व वजारमा स्थापित गर्ने र नेपाल भ्रमण वर्ष २०२० कार्यक्रमको सफल सञ्चालन गरी सोको लाभ भविष्यमा समेत उठाउन सकिन्छ । पर्यटन क्षेत्रमा लगानी विस्तार गर्न पर्यटकीय स्थलको प्रचारप्रसार र ती गन्तव्यमा आवश्यक पूर्वाधारको तीव्र निर्माण गर्न आवश्यक देखिन्छ ।

लगानीका प्राथमिकता

मुलुकको आर्थिक समृद्धिका लागि कृषि क्षेत्र, खानी तथा उत्पादनमूलक उद्योग, नवीकरणीय ऊर्जा, पर्यटन, यातायात तथा सूचना प्रविधि, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा लगानी बढाउनुपर्ने आवश्यकता छ । कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकीकरण गर्ने नीतिले कृषि क्षेत्रको उत्पादकत्व र उत्पादन बढाउँछ । विकासको पूर्वाधारको रूपमा रहेको सडक यातायात सञ्जालको विकासमा नीतिगत जोड दिनुपर्ने आवश्यकता छ ।

जलविद्युत्को विकास मुलुकको आर्थिक समृद्धिसँग जोडिएकाले ठूला जलविद्युत् आयोजनामा विदेशी लगानी भित्र्याउनुका साथै उत्पादित बिजुलीको व्यापार प्रर्वद्धनका लागि प्रसारण प्रणाली सुदृढ गर्नुपर्ने देखिन्छ । आर्थिक विकासको मुख्य साधनका रूपमा रहेको मानवीय संसाधनको उत्पादकत्व अभिवृद्धि गर्न र सबल मानव पुँजी निर्माण गर्न आवश्यक देखिन्छ । यसका लागि स्वास्थ्य र शिक्षालाई विशेष प्राथमिकता दिनु पर्ने आवश्यकता छ ।

विप्रेषण आप्रवाह र उपयोग

विप्रेषण आयको ठूलो हिस्सा उपभोगमा खर्च हुने गरेको देखिन्छ । यो स्वाभाविक पनि हो । हाम्रा अधिकांश विप्रेषकहरू न्यून वा मध्यम आय वर्गका छन् । उनीहरूको आर्थिक अवस्था कमजोर रहेकोले विप्रेषण प्राप्त हुँदा उनीहरूको पहिलो प्राथमिकता उपभोग हुने गर्दछ । आम्दानीको स्तर न्यून हुँदा यसको अधिकांश हिस्सा उपभोगमा खर्च हुनु स्वाभाविकै हो । न्यूनतम आधारभूत आवश्यकता पूरा नभएको अवस्थामा व्यक्तिले आफ्नो आम्दानीको सम्पूर्ण हिस्सा लगानी गरेन वा उपभोगमा खर्च गऱ्यो भन्ने विषय अनौठो होइन ।

विप्रेषणको ठूलो हिस्सा उपभोगमा मात्र खर्च नभई मानव पुँजी निर्माणका लागि महत्त्वपूर्ण शिक्षा र स्वास्थ्यमा पनि खर्च भएको छ । यसले जनताको जीवनस्तरमा सुधार आई सोही अनुसार आर्थिक र सामाजिक रूपान्तरण हुँदै गएको छ । त्यसैले विप्रेषणको उपयोगलाई नकारात्मक दृष्टिकोणबाट मात्र हेर्नु गलत हुन्छ । यो सामाजिक आर्थिक रूपान्तरण सहित देश विकासको आधार बनेको कुरा कतैबाट पनि लुकेको छैन ।

बैंकिङ प्रणालीमार्फत विप्रेषण पठाउन प्रोत्साहित गरिएको छ । विप्रेषण आप्रवाहलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन गर्न तथा औपचारिक माध्यमको प्रयोगलाई बढावा दिन वैदेशिक रोजगार बचतपत्र तथा नागरिक बचतपत्रको बिक्रीलाई निरन्तरता दिइएको छ । यी बचतपत्रको खरिद-बिक्री वर्षैभरी खुला गर्ने नीतिगत व्यवस्था गरिँदै छ । विदेशी विनिमय कारोबारलाई प्रभावकारी ढंगले अनुगमन गरी औपचारिक माध्यमबाहिर हुने विप्रेषण लगायत कारोबारलाई बैंकिङ प्रणालीको दायरामा ल्याउने व्यवस्था गरिएको छ । नेपालको पानी जनताको लगानी अभियानमा वैदेशिक रोजगारीमा गएका नेपालीलाई जलविद्युत् आयोजनामा लगानीको अवसर प्रदान गर्न बैंकिङ प्रणालीको उपयोग गर्न सकिन्छ । वैदेशिक रोजगारीमा संलग्न नेपालीका लागि छुट्टै विशेष प्रकारको मुद्दती खाता खोल्ने व्यवस्था गर्ने, यस्तो मुद्दती खातामा प्राथमिक ब्याजदर कायम गर्ने र सो खातामा विदेशी मुद्रासमेत जम्मा गर्न पाउने व्यवस्था गर्न सकिन्छ । यसका साथै, उत्पादनमूलक क्षेत्रमा रेमिट्यान्स परिचालन गर्न वित्तीय साक्षरता र वित्तीय सचेतना कार्यक्रमलाई प्राथमिकता दिइएको छ र भविष्यमा समेत यसले निरन्तरता पाउनेछ ।

विदेशी लगानी बढाउन भएका प्रयास

नेपाल जस्तो साधन-स्रोतको कमी भएको देशलाई वैदेशिक लगानीको महत्त्व हुनु स्वाभाविक नै हो । तीन वर्षदेखि विश्वकै प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह लगातार घटिरहेको छ । यसबाट नेपाल पनि अछुतो रहन सकेन । तथापि, आर्थिक विकासको आधार निर्माण भैरहेको समयमा लगानीकर्ताले क्रमशः नेपालप्रति चासो बढाउँदै छन् । विश्वमा नेपाललाई आर्कषक लगानी स्थलको रूपमा विकास गर्न अन्य कुराको अतिरिक्त सुरक्षित लगानी, पूर्वाधारको विकास सुशासनको प्रत्याभूति, करदातामैत्री कर प्रशासन र प्रक्रियागत सरलीकरणलाई प्राथमिकतामा राख्न आवश्यक छ । प्रतिफल सुनिश्चित गर्न लगानीको लागि उपयुक्त वातावरण आवश्यक पर्छ । यद्यपि विदेशी लगानीमा प्राप्त भइरहेको प्रतिफल औसतमा १३ प्रतिशत हाराहारी छ । अझ कतिपय संस्थाको प्रतिफल दर त निकै उच्च छ ।

वैदेशिक लगानी बढाउन नेपाल राष्ट्र बैंकले सरकार, निजी क्षेत्र र अन्य सरोकारवालासँगको सहकार्यमा समय सापेक्ष नीति अबलम्बन गर्दै आएको छ । यसका लागि आवश्यक नीतिगत व्यवस्थाको समयानुकूल परिमार्जन र नयाँ नीतिगत व्यवस्थाको तर्जुमा गरी कार्यान्वयन गर्ने कार्यलाई नियमित प्रक्रियाको रूपमा विकास गरिएको छ । जसअनुसार 'हेजिङसम्बन्धी नियमावली २०७५' कार्यान्वयनमा आइसकेको र यसको प्रभावकारिता बढाउन आवश्यक कार्यविधि तयार गर्ने गृहकार्य भइरहेको छ । विदेशी बैंक तथा वित्तीय संस्थाका अतिरिक्त पेन्सन फन्ड, हेज फन्ड लगायत स्रोतबाट समेत ऋण ल्याउन सक्ने व्यवस्था कार्यान्वयनमा आएको छ । विदेशी लगानीलाई थप प्रोत्साहन गर्न एकल बिन्दु सेवा केन्द्रमा रहेको यस बैंकको विदेशी विनिमय एकाइलाई प्रभावकारी बनाउँदै विदेशी लगानी भित्र्याउने र फिर्ता लैजाने प्रक्रियालाई सरलीकरण गरिएको छ ।

अन्त्यमा,

उच्च, समावेशी र दिगो आर्थिक वृद्धिका लागि वित्तीय क्षेत्रको विकास गर्न र आर्थिक स्थायित्वमार्फत मुलुकको समग्र विकासमा सहयोग पुऱ्याउन राष्ट्र बैंक प्रतिबद्ध छ । उच्च आर्थिक वृद्धि हासिल गर्ने क्रममा समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै अगाडि बढ्नुपर्ने चुनौती छ । यसर्थ, समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै वित्तीय क्षेत्रबाट परिचालन हुने स्रोत-साधन उत्पादनशील क्षेत्रतर्फ निर्देशित गर्ने, वित्तीय उपकरण एवं पूर्वाधारहरूको समयसापेक्ष विकास गर्ने र वित्तीय ग्राहक संरक्षण गर्नेतर्फ नेपाल राष्ट्र बैंक केन्द्रित छ ।

हामी देख्छौं
अपार संभावना
किसान मात्र होइन
अब हाम्रो साथमा कृषि उद्यमी
NMB
NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

Since 1760
Lewis Berger
Paint your imagination
SILK GLAMOR
LUXURY INTERIOR EMULSION
Wall हरू हैन
यादहरू हुन्
LOW VOC
NO ADDED LEAD, MERCURY AND CHROMIUM
XP
Berger
SILK GLAMOR
CRYSTAL REFLECTIVE TECHNOLOGY
CRYSTAL
REFLECTIVE
TECHNOLOGY
Berger express painting
Faster. Cleaner. Better.
TOLL FREE NO.
16600123436
Type <Xp> and send to 33377

CIVIL ANNUITY DEPOSIT

www.civilbank.com.np
facebook.com/civilbankltd
Toll Free No.: 16600183333

थोरै थोरैबाट नै धेरै हुने हो ।

नेपालमै पहिलो पटक

Type **'CAD'** & send SMS to **33993** for more information

इच्छाइएको रकम:

मासिक किस्ता:	रू १ लाख	रू ३ लाख	रू ५ लाख
३ वर्ष	रु. २,४०२	रु. ७,२०७	रु. १२,०१२
५ वर्ष	रु. १,३००	रु. ३,९००	रु. ६,५००
७ वर्ष	रु. ८३५	रु. २,५०४	रु. ४,१७४

समृद्धिको लागि सिभिल बैंक

ISO 9001:2015 Certified Financial Institution

प्रधान कार्यालय/मुख्य शाखा
सिभिल ट्रेड सेन्टर, सुन्धारा, काठमाण्डौ,
फोन नं.: ४२५१०८७, ४२५१०१५,
फ्याक्स नं.: ४२५१०३६
ई-मेल: info@civilbank.com.np

सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.

वैदेशिक सहायता
प्रवृत्ति र प्रभावकारिता

डा डिल्लीराज खनाल

अर्थतन्त्रको उत्पादनशील क्षमता ज्यादै कम हुने र विभिन्न संरचनागत अवरोधका कारण अर्थतन्त्रलाई ठीक र नयाँ ढंगले रूपान्तरित गर्न नसक्ने नेपाल जस्ता अल्पविकसित देशलाई सहयोग गर्ने गरी वैदेशिक सहायताको अवधारणा र सहयोग अघि बढेका हुन् ।

यस्ता मुलुकको उत्पादनशील क्षमताअन्तर्गत मानवीय विकाससँगै अर्थतन्त्रको संरचनागत परिवर्तनमा टेवा पुग्ने गरी सहयोगमा जोड दिइयो । संरचनागत परिवर्तन भनेको जुन सम्भावना भएका उत्पादनशील क्षेत्रहरु छन्, तिनीहरूमा बढी लगानी गर्ने, प्राथमिकता दिने, उत्पादन बढाउने, उत्पादकत्व बढाउने र नयाँ ढंगले रूपान्तरित गर्ने हो । त्यसैले यसको विशेष महत्त्व छ । यसरी मिलाएर गयो भनेमात्रै आर्थिक, सामाजिक तथा आम रूपमा देश समृद्धितिर जान्छ । वैदेशिक सहायताको योगदानलाई यस्तै पक्षसँग जोडेर हेर्नुपर्ने हुन्छ । अझ महत्त्वपूर्ण पक्ष त आन्तरिक रूपमा सहायताको प्राथमिकीकरण, अपनत्व, परिचालन र उपयोगमा के कस्तो दूरदर्शी नीति र रणनीति अवलम्बन गरियो भन्ने छ ।

माथि भनिएको बाटोमा गतिका साथ अघि बढ्न स्रोत-साधन र संस्थागत-प्राविधिक क्षमता आवश्यक हुन्छ । स्रोत-साधन नभएको र निजी क्षेत्र पनि ठीक ढंगले विकास नभएको अवस्थामा लगानीको आवश्यकता र बचतबीचको ठूलो खाडल पूरा गर्दै उपभोगका लागि नभई उत्पादनशील क्षमता बढाउन र अर्थतन्त्रलाई नयाँ ढंगले रूपान्तरण गर्न वैदेशिक सहायता बढी उपयोगी हुने मान्यताका आधारमा सुरूमा वैदेशिक सहायतामा जोड दिइएको थियो ।

हामीले लिने वैदेशिक सहायता पुँजीमूलक, बढी लागतमुखी र प्रतिफल कम हुने खालको भएमा त्यसको प्रभाव सकारात्मक नभई नकारात्मक हुन्छ । तसर्थ, जति सहायता आउँछ त्यो प्रतिफलमुखी हुनुपर्छ, त्यसको कारणले अर्थतन्त्रमा उल्टो लागत थपिनु हुन्न ।

विश्वयुद्धपछि 'मार्सल प्लान' भनेर युरोपमा विश्वयुद्धबाट ध्वस्त राष्ट्रहरु, त्यसपछि उपनिवेशबाट

भर्खर स्वतन्त्र भएका र हाम्राजस्ता विविध कारणले पछि परेका राष्ट्रलाई सहायता प्रदान गर्ने प्रक्रिया सुरु भयो ।

झट्ट हेर्दा वैदेशिक सहायता नेपालको सन्दर्भमा त्यत्ति धेरै अवरोधपूर्ण भएको देखिँदैन । आजसम्म वैदेशिक सहायता लिनका लागि दाताले जे-जस्ता सर्त अघि सारे हामीले आमरूपमा स्वीकार गर्दै आयौं । विगतमा आर्थिक समायोजन कार्यक्रम, 'इस्याप'लगायत आए । त्यस्ता कार्यक्रमका वैदेशिक सहायतामा सर्त रहने गरेको स्पष्ट छ ।

यी सर्तहरु मान्नु र सर्तभित्र आर्थिक स्थायित्व, वित्तीय सन्तुलन एउटा पूर्वसर्तको रूपमा लिइन्छ । त्यसलाई तुलनात्मक रूपमा कायम राख्ने र सर्तहरु परिपालना गर्ने वा स्वीकार्ने ढंगले हामी सँगै गयौं । हाम्राजस्ता अरु देशसँग तुलना गऱ्यौं र त्यो ट्रेन्डलाई हेऱ्यौं भने वैदेशिक सहायता त्यत्ति धेरै अवरोधको रूपमा आएन । तर सँगै जोडिएको पक्ष के हो भने, जुन ढंगले वैदेशिक सहायता आयो, जुन आकारमा आयो, जसरी आयो, त्यही रूपमा त्यसको उपयोग गर्ने र प्रभावकारिता बढाउनेतिर चाहिँ हामीले काम गर्न सकिरहेका छैनौं । त्यो चाहिँ नेपालको सन्दर्भमा एकदमै महत्त्वपूर्ण चुनौती हो ।

१९८० को मध्य दशकमा जब हामीले आर्थिक समायोजन कार्यक्रम लागू गऱ्यौं, त्यसपछि त्योभित्रको 'कम्पोजिसन' (बनावट) हेर्दा पहिले अनुदानको अंश बढी थियो; पछि ह्वात्तै ऋण बढ्यो । हामीले शिक्षा, स्वास्थ्यलगायत सामाजिक क्षेत्रमा पनि ऋण लिन थाल्यौं । त्यसपछि अनुदानको तुलनामा ऋणको अंश बढेको देखिन्छ । त्यसपछि साँवा-ब्याज भुक्तानीको अनुपात पनि बढेको थियो । यस्तो अनुपात करिब ५०-५२ प्रतिशतमसम्म पुगेकोमा अहिले घटेको छ ।

त्यसरी बढ्नुको कारण विश्वव्यापी लहर थियो । आर्थिक समायोजनका सर्तहरूमा खर्च कम गर्ने, बजेट घाटा घटाउने, विभिन्न किसिमका 'मिजर्स'हरु राख्ने, अर्थतन्त्रलाई खुला छाड्ने, सरकारले 'डिरेगुलेसन', निजीकरण, उदारीकरण तथा बाह्य व्यापार खुला गर्ने, वैदेशिक पुँजीलाई पनि आउन-जान तुलनात्मक रूपमा खुला छाडिदिने लगायत रहे । यस्तो किसिमको 'डिस्कोर्स'मा जाने भनेर आर्थिक समायोजन कार्यक्रम अगाडि बढ्यो । यससँगै ऋणको अंश बढ्यो, तर त्यसको 'सोसल कस्ट' (समाजमा पर्ने नकारात्मक असरहरू जस्तैः गरिबी तथा मूल्यवृद्धि) बढाउने लगायत काम भयो ।

२०४६ पछि जब प्रजातान्त्रिक सरकार आयो तब हामीले 'इस्याप' भनेर लागू गऱ्यौं । त्यो अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)को कार्यक्रम थियो । त्यसले झन् समाजका गरिब र विपन्नलाई बढी असर गऱ्यो । त्यो नेपालमा मात्रै होइन सबैतिर थियो । यसले 'सोसल कस्ट' पनि बढायो । यस्तो अवस्था सिर्जना भयो कि विश्वव्यापी रूपमा विरोध भएर विश्व बैंक र आइएमएफले सम्मेलन पनि गर्न नसक्ने अवस्था आयो ।

त्यसले जुन ढंगले बजारीकरण, उदारीकरण वा 'डिरेगुलेसन' गर्ने नाममा समाजमा 'हुँदा खाने' र 'हुने खाने'बीचको खाडल झन् बढायो । त्यसले गरिब र विपन्न वर्गलाई सबैभन्दा ठूलो मारमा पाऱ्यो । यद्यपि, निजी क्षेत्रलाई अगाडि ल्याउने, अर्थतन्त्रका विभिन्न क्षेत्रहरु विस्तार हुने काम भयो । यातायात-सञ्चारदेखि बैंक-वित्तीय संस्थाहरु, शिक्षा-स्वास्थ्यलाई व्यापारीकरण गर्नेजस्ता गतिविधि बढे ।

अर्कोतिर ऋणको अंश बढ्दै गइसकेपछि 'डेब्ट सर्भिसिङ'मा पऱ्यो, त्यसको असर भुक्तानी सन्तुलन प्रतिकूल हुने स्थिति बन्यो । त्यसको विश्वव्यापी रूपमा व्यापक विरोध भइसकेपछि सन् २००२ मा 'पीआरएसपी' (प्रोभर्टी रिडक्सन स्ट्र्याटेजी पेपर, नेपालको सन्दर्भमा १०औं योजना भन्छौं) भनेर लागू गऱ्यौं । त्यस्ता ३-४ वटा कुरालाई यसले सम्बोधन गऱ्यो ।

आफूले तिरेको करबाट निम्न वर्गलाई नभई सीमित धनीलाई मात्र फाइदा हुने गरी कार्यक्रम लागू गरिएको भनेर पश्चिमा मुलुकका जनता पनि विरोधमा उत्रिए । उक्त असन्तोष र विरोधलाई अलिकति मत्थर पार्नेसमेत उद्देश्यले 'पीआरएसपी' ल्याइएको थियो ।

'पीआरएसपी' भन्नेबित्तिकै गरिबी निवारणसँग जोडिन्छ । जस्तोः हामीकहाँ गरिबी निवारण कोष आयो । त्यसपछि संस्थागत 'गभर्नेन्स रिफर्म', शिक्षा र स्वास्थ्यमा प्राथमिकीकरणका कुरा त्यतिबेला आए । त्यसपछि जसरी 'स्ट्रक्चरल एड्जसमेन्ट'को बेला ऋणको अंश बढी थियो, 'पीआरएसपी' आइसकेपछि ठिक त्यसैगरी अनुदान बढ्न सुरु भयो ।

अलिकति 'मोर प्रो पिपुल', सामाजिक क्षेत्रकेन्द्रित, अलि जनसहभागितामूलक कार्यक्रम, विकेन्द्रीकरणका कार्यक्रमहरु ' पीआरएसपी' लागू भएपछि आए । त्यसपछि वैदेशिक सहायताको प्रकृति र संरचनामा अलिकति परिवर्तन भयो । त्यही प्रवृत्ति अनुसार नेपालमा पनि अलिकति फरक ढंगले वैदेशिक सहायता परिचालन र उपयोग हुने स्थिति आएको हो । तर यसको अर्को विशेषता के रह्यो भने ससर्त उदार नीति पुरानै रूपमा थप ढंगले अगाडि बढाइयो । आमरूपमा मुलुकको उत्पादनशील क्षमता बढाउने अनि नयाँ ढंगले रूपान्तरित गर्ने (उत्पादन र उत्पादकत्व बढाउने) क्षेत्रमा अपेक्षित लगानी हुन सकेन । जसले अर्थतन्त्रको संरचनात्मक परिवर्तनसँगै दिगो उच्च आर्थिक वृद्धि, रोजगारी सिर्जना र जनताको सहभागिता बढाउन सक्थ्यो ।

वैदेशिक सहायता परिचालन विश्वव्यापी रूपमा उदारीकरणको मान्यतामा डिजाइन गरिएको थियो । उक्त मान्यताअनुसार प्रभावकारी भएन भनेर सन् २००५ मा पेरिस घोषणापत्र जारी भयो, जसमा पाँचवटा एजेन्डा थिए । अझ मूलतः तीनवटा एजेन्डा पहिलो- सहायता लिने राष्ट्रको अपनत्व, दोस्रो- 'म्युचुअल एकाउन्टेबिलिटी' (पारस्पारिक जवाफदेहिता) र तेस्रो- 'अलाइनमेन्ट' (प्राथमिकता मिलान) लाई महत्त्व दिइयो ।

सर्तसहितको सहायता दिने; अझ यसभित्र यतिसम्म कि जसले सहायता दिएको हो, औसत ६५ प्रतिशत परामर्शको नाममा उसैले फिर्ता लैजाने प्रवृत्ति थियो । अर्को, उदारीकरणको प्रक्रियामा खालि व्यापार एवं वित्तीय 'मार्जिन' खाने प्रवृत्ति थियो । जनताको सहभागिता वृद्धि नहुने, सुविधा हुने र नहुने क्षेत्र तथा व्यक्तिबीचको खाडल बढाउने एवं अर्थतन्त्रलाई दिगो तरिकाले अगाडि बढाउन नसक्ने, उपभोग वा केही खास अनुत्पादक आर्थिक गतिविधि बढ्ने र आर्थिक वृद्धि हुने, त्यसको लाभ जनताको ठूलो हिस्साले नपाउने आमचरित्र वैदेशिक सहायतामा देखियो । जसले सहायता दियो उनीहरु नै बढी लाभान्वित हुने स्थिति देखियो । आधारभूत रूपमै अर्थतन्त्रमा सुधार नहुने तर ऋण बढ्ने प्रवृत्तिपछि २००५ मा वैदेशिक सहायता प्रभावकारिता बढाउनेतर्फ पहल गर्ने गरी एजेन्डा ल्याइएको हो ।

त्यसपछि सहायता लिने राष्ट्रहरूको अपनत्वमा जोड दिइयो । 'म्युचुअल एकाउन्टेबिलिटी' अन्तर्गत अहिले वर्षको कम्तीमा दुईपटक सरकार र दाताले संयुक्त रूपमा अनुगमन गर्ने चलन छ । 'अलाइनमेन्ट' भनेको देशभित्र जुन किसिमको विकास रणनीति र योजना बन्छ वा विभिन्न क्षेत्र वा परियोजनाको प्राथमिकीकरण गरिन्छ, त्योसँग मिल्ने गरेर वैदेशिक सहायता लिने भन्ने हो । विशेषगरी वैदेशिक सहायताको प्रभावकारिता न्यून भएका कारण यी एजेन्डा ल्याइएका हुन् । त्यसपछि पनि केही सुधारका प्रयासहरु भएका छन् ।

त्यसैअनुसार मिल्ने गरी नेपालले

२०७१ सालमा वैदेशिक सहायता परिचालन नीति बनायो । २०७६ सालमा यो संशोधन गरियो । जसमा यी प्रयत्नहरु जोड्ने प्रयास गरिएको छ । हाम्रो अपनत्व हुनुपर्छ, हाम्रो प्राथमिकतामा वैदेशिक सहायता आउनुपर्छ, यसको प्रभावकारिता बढाउनुपर्छ भन्ने ढंगले नीतिगत रूपमा केही सुधार भएका छन् । तर, आमरूपमा अर्थतन्त्रको आधारभूत संरचना परिवर्तन, उत्पादन र उत्पादकत्व वृद्धिमा सुधार भएको छैन ।

यद्यपि, दुई-तीन वर्षयता हामी उच्च आर्थिक वृद्धि हासिल गरिरहेका छौं । हाम्रा सम्भावनाका चार-पाँचवटा क्षेत्र छन्, तिनलाई माथि लैजाने गरी काम हुन सकेको छैन । मानवीय विकासको क्षेत्रमा हाम्रो प्रगति भएको छ, तर अझै पनि पहुँचको समस्या छ । शिक्षामा गुणस्तरको विकराल समस्या छ । त्यसले गर्दा शैक्षिक जनशक्ति बजारमा बिक्ने अवस्था छैन ।

अर्कोतिर उत्पादनशील क्षमताको विकास गर्ने, हाम्रा प्रतिस्पर्धी क्षेत्रलाई माथि उठाउनेतिर जसरी जानुपर्थ्यो त्यो भएको छैन । वृद्धि त भयो, तर गुणात्मक भएन । गुणात्मक आर्थिक वृद्धिले रोजगारी पनि दिन्छ र दिगो उच्च आर्थिक वृद्धिका लागि पनि मद्दत गर्छ । अहिले केही सुधारका प्रयास भए पनि मूल रूपमा हामीसँगै समस्या धेरै छ ।

अहिले राष्ट्रिय योजना आयोगले १५औं योजनासँगै २५ वर्षे दिर्घकालीन सोच पनि अगाडि सारेको छ । आयोजना बैंकको अवधारणा अगाडि बढाइएको छ । हामीले अझ ठोस विकास रणनीति बनाउन जरूरी छ । हामीले दातासँग हाम्रो रणनीति यो हो, हाम्रा प्राथमिकताका क्षेत्र र कार्यक्रम यी हुन्, यसमा सहायता दिनुपर्‍यो भन्न सक्नुपर्नेमा त्यो हुन सकिरहेको छैन । हामीसँग पाइपलाइनमा योजना भएन भने दाताले जे चाहन्छ त्यही हुने भयो । अर्कोतिर उनीहरूले हाम्रो ठेक्का प्रणालीलाई समेत सहर्ष अंगीकार नगरेको अवस्था छ ।

अझै पनि एक चौथाइभन्दा बढी वैदेशिक सहायता बजेटबाहिरबाट खर्च भइरहेको छ । एक तिहाइ हाराहारी लेखापरीक्षण प्रणालीमै आउँदैन । त्यसमा पनि 'आइएनजिओ'ले गर्ने सहायता बजेटमा नआउने स्थिति छ । कुनैकुनै दूतावासले सरकार बराबरकै हैसियतमा बजेट बाँड्दै हिँडिरहेका छन् । हामीले वैदेशिक सहायतालाई यसरी परिचालन गर्ने भनेर हाम्रो एउटा विकास रणनीति, अवधारणा, हाम्रा प्राथमिकताका क्षेत्र र परियोजनाहरूलाई पाइपलाइनमा राखेर जाने प्रणालीमा हामी अहिले पनि प्रभावकारी ढंगले जान सकेका छैनौं । विदेशी सहायता लिँदाका र कार्यक्रमभित्रका सर्तलाई हामीले नीतिगत रूपमा मान्यौं । त्यसले गर्दा ठेक्कापट्टा पनि उनीहरूकै अनुसार गर्ने, 'म्युचुअल एकाउन्टेबिलिटी' अनुसार उनीहरु आफू जवाफदेही नहुने र सरकारले मात्रै गरेन भन्ने समस्या छ । पेरिस एजेन्डाले त दाता पनि जिम्मेवार हुनुपर्छ भन्छ । त्यही भएर 'रिभ्यू' गर्ने प्रणाली आएको हो ।

> अझै पनि एक चौथाइभन्दा बढी वैदेशिक सहायता बजेटबाहिरबाट खर्च भइरहेको छ । एक तिहाइ हाराहारी लेखापरीक्षण प्रणालीमै आउँदैन । त्यसमा पनि आइएनजिओले गर्ने सहायता बजेटमा नआउने स्थिति छ ।

ठेक्का प्रणाली, प्राथमिकीकरणदेखि नीतिगत रूपमा ठोस सुधारका लागि धेरै गर्नुपर्नेछ । जसरी वैदेशिक सहायता आइरहेको छ, त्यसभित्रको स्वरूप र चरित्र जुन किसिमको छ, त्यसले हाम्रो अर्थतन्त्रलाई नयाँ ढंगले अघि बढ्ने गरी दिगो रूपमा अगाडि जाने गरी योगदान गर्नुपर्थ्यो, त्यो भएको छैन । समग्रमा वैदेशिक सहायताको अपेक्षित प्रभावकारिता देखिँदैन ।

वैदेशिक सहायताको व्यवस्थापनमा हामी अझै कमजोर छौं । जसरी व्यवस्थापन गरेर उपयोगको प्रभावकारिता बढाउनुपर्ने हो, त्यो हुन सकेको छैन ।

वैदेशिक सहायता हाम्रो स्वार्थमा, हाम्रो अर्थतन्त्रको लाभमा परिचालन गर्ने भन्ने अवधारणामा जाने गरी आन्तरिक गृहकार्यसहित हामी गएनौं । वैदेशिक सहयोग भन्नेबित्तिकै लिइहाल्ने प्रवृत्ति छ । अहिले पनि मन्त्रालयहरूमा विभिन्न शाखा बनाएर वैदेशिक सहायता लिने, यतिसम्म कि फोटोकपीको लागि पनि वैदेशिक सहायता लिने 'डिपेन्डेन्सी सिन्ड्रोम' पाइन्छ ।

एउटा निश्चित समावधिमा अर्थतन्त्रलाई समृद्ध बनाउन सकियो भने वैदेशिक सहायताको निर्भरता क्रमशः घटेर जान्छ । यद्यपि, अहिले तुलनात्मक रूपमा वैदेशिक सहायताको अंश पहिलेभन्दा घटेर गएको छ । आन्तरिक राजस्व बढेको छ । तर, २-३ वर्षयता हेर्ने हो भने फेरि वैदेशिक ऋण ह्वात्तै बढेको र अनुदान घट्दै गएको अवस्था छ ।

ऋण बढी लिने र ठीक ढंगले त्यसको उपयोग नगर्ने समस्या छ । ऋण लिने क्षेत्र वा परियोजना आर्थिक, सामाजिक रूपमा कति व्यवहारिक र त्यसले कति छिटो प्रतिफल दिन्छ भन्ने विचार गर्नुपर्छ ।

हामी अब 'एलडिसी ग्राजुएसन' (अल्पविकसित मुलुकबाट विकासशील राष्ट्रमा स्तरोन्नति) हुँदैछौं । अहिलेसम्मको अवस्था हेर्दा 'ग्राजुएसन' हुँदा धेरै असर पर्ने देखिँदैन । किनभने, बहुपक्षीय दातृराष्ट्रले हामीलाई एलडिसीको रूपमा व्यवहार गर्दैन । तिनीहरूले न्यून आय भएको मुलुकको रूपमा लिन्छन् । त्यसैले धेरै असर नपर्ने हुन सक्छ । तर, पनि विकासशील राष्ट्रमा गएपछि कतिपय द्विपक्षीय दाताले दिँदै आएको अनुदान ऋणमा परिणत हुन सक्छ । अन्य दाताले पनि तिमीहरु विकासशील राष्ट्रमा गइसक्यौं भनेर ब्याजदर बढी तिर्नुपर्ने दबाब दिन सक्छ ।

त्यसैले एकदमै प्रतिफलमुखी आयोजनामा मात्र वैदेशिक सहायता लिनुपर्छ । ऋण लिए पनि त्यसको प्रभावकारिता बढाउँदै जानुपर्छ । अझ 'एलडिसी ग्राजुएसन'को प्रक्रियामा त्यसले पार्ने असरलाई पनि ध्यान दिँदै वैदेशिक सहायतालाई नयाँ रूपमा कसरी परिचालन गर्ने, उपयोग गर्ने, हाम्रो वैकल्पिक 'स्ट्र्याटेजी' के हुने भन्नेतिर सोच्नुपर्ने बेला आएको छ ।

संघीयताअन्तर्गत तीन तहबाट परिचालन र उपयोग कसरी गर्ने भन्नेतर्फ थप नीतिगत स्पष्टताको खाँचो छ । आमरूपमा हाम्रो बजेट प्रणालीलाई परिणाममा आधारित बनाएर लैजाने र वैदेशिक सहायतालाई त्यसैको हिस्सा बनाउने गरी साहसिक सुधार र ठोस कदमहरूको पहलकदमी आवश्यक छ ।

www.helieverest.com

AN ARRAY OF POSSIBILITIES

Our Services

» Charter Flights
» Sight Seeing
» Cargo Transportation
» Rescue & Evacuation
» Heli-trekking
» Heli-picnics
» Pilgrimage Flights
» Corporate Fligths
» Heli Ski
» Aerial Photography/filming
» Customized Flights
» Sling Operations
» Adventure Flights

Heli Everest

Heli Everest Pvt. Ltd. P.O.Box: 850, Tinkune, Kathmandu, Nepal
Tel.: +977-1-4112353, 4112412 • Airport: +977-1-4113036
Cell: +977-9801088812/13 (24/7 Hours) • Email: info@helieverest.com

नेपालमा
ब्लेन्डेड फाइनान्स

सामाजिक उत्तरदायित्व कोषमा अर्बौं रुपैयाँ जम्मा भएको छ । उक्त कोषबाट अन्य शीर्षकमा हुने खर्चको प्रावधानलाई हटाई दिगो विकास लक्ष्यलाई मात्र केन्द्रित गरी सो व्यवस्थालाई परिमार्जन गऱ्यो भने सो कोष अन्य क्षेत्रबाट वित्तीय स्रोत परिचालन गर्ने माध्यम हुन सक्छ र ब्लेन्डेड फाइनान्सको रुपमा अभ्यास गर्न सकिन्छ ।

नरबहादुर थापा

विषय प्रवेश

सार्वजनिक वित्त, विकास वित्त, कमर्सियल वित्त, अन्तर्राष्ट्रिय वित्त तथा निजी वित्त जस्ता वित्तीय अवधारणा सुनिँदै आएकोमा केही वर्षयता ब्लेन्डेड फाइनान्स अर्थात मिश्रित वित्त चर्चामा आएको छ । स्पष्ट रूपमा नभनिए पनि अभ्यासको हिसाबले यो विषय नौलो भने होइन । नेपालले आफ्नो हिसाबले यसको अभ्यास गर्दै आएको छ । विश्व परिवेश र अन्तर्राष्ट्रिय विकास अजेन्डाको कार्यान्वयनका सन्दर्भमा भने ब्लेन्डेड फाइनान्स विकास वित्तको नयाँ औजारको रूपमा देखापरेको छ । यस पृष्ठभूमिमा ब्लेन्डेड फाइनान्सलाई सरोकार सबैले उत्सुकता तथा कौतुहलताका साथ हेर्दै आएका छन् ।

ब्लेन्डेड फाइनान्सलाई सरोकारवाला सबले आ-आफ्नो हिसाबले अर्थ्याउने गरेका पनि छन् । एकथरी विश्लेषकहरूले यस अवधारणालाई विकास वित्तको ऐतिहासिक पृष्ठभूमिसँग जोडेर व्याख्या गरेको पाइन्छ । सन् १९८० को दशकपूर्व विकसित मुलुकहरूले खासगरी नेपाल जस्ता अल्पविकसित मुलुकका सरकारहरूलाई सोझै अनुदान, सहुलियत कर्जा र प्राविधिक सहयोग समेटी वैदेशिक सहायताका नाममा विकास वित्त उपलब्ध गराउँदै आएका थिए । तर अल्पविकसित मुलुकहरूले एकातर्फ उपलब्ध गराउन खोजेको वैदेशिक सहायता पूरा प्रयोग गर्न सकेनन् भने अर्कोतर्फ यस्तो सहयोगको सदुपयोग हुन सकेन । वैदेशिक सहायताको पूरा सदुपयोग गर्न सक्ने क्षमता नभएको सन्दर्भमा दातृ निकायले सन् १९८० को दशकपछि गैरसरकारी तथा अन्तर्राष्ट्रिय संघ-संस्थामार्फत सहयोग गर्ने रणनीति अवलम्बन गरे । तर विगत करिब ४० वर्षको यसप्रकारको अभ्यासले पनि अपेक्षित परिणाम ल्याउन सकेन । केही व्यक्ति तथा समूहहरूले सीमान्त रूपमा लाभ लिए तापनि दिगो विकासमा सहयोग पुगेन ।

यही पृष्ठभूमिमा अब दातृ निकायले सरकार तथा गैरसरकारी संस्थाका अतिरिक्त बैंक तथा निजी क्षेत्रलाई समेत वित्तीय सहायता उपलब्ध गराउन ब्लेन्डेड फाइनान्सको अवधारणा बाहिर ल्याएको विश्लेषण हुने गरेको छ । विगत केही वर्षयता मागको तुलनामा लगानीयोग्य स्रोतको आपूर्ति हुन नसकेकोले सवारी साधन लगायत उपभोग क्षेत्रमा समेत कर्जा प्रवाह गर्न सहज हुने हिसाबले ब्लेन्डेड फाइनान्सको अवधारणा आएको भन्दै नेपालमा हर्षबढाइँ हुने गरेको देखिन्छ । दिगो विकासका लक्ष्यहरूसँग जोडेर आएको हुनाले ब्लेन्डेड फाइनान्सको यो उद्देश्य भने होइन ।

रणनीतिक उद्देश्य तथा महत्व

निजी क्षेत्रको विकासमा सहयोग पुऱ्याउनुका साथै ब्लेन्डेड फाइनान्सको अवधारणाले रणनीतिक उद्देश्य बोकेको छ ।

पक्कै पनि ब्लेन्डेड फाइनान्स मिश्रित वित्त हो । यसले विकास वित्त र निजी क्षेत्रको वित्तलाई जोड्ने उद्देश्य राखेको हुन्छ । विकास वित्तलाई सार्वजनिक वित्तको रूपमा लिने हो भने पूर्वाधारमा सार्वजनिक-निजी लगानी साझेदारीलाई ब्लेन्डेड फाइनान्सको रूपमा लिन सक्छौं । तर सार्वजनिक-निजी साझेदारी मोडेल मात्र ब्लेन्डेड फाइनान्स होइन । पीपीपी मोडेल र ब्लेन्डेड फाइनान्समा केही फरक छ ।

सहवित्तीय अवधारणामा आधारित ब्लेन्डेड

फाइनान्सका कही विशेषता छन् । सबभन्दा मुख्य विशेषता रणनीतिक उद्देश्य प्राप्तिका लागि विकास वित्त र परोपकारी वित्तको सहयोगमा निजी क्षेत्रको पुँजी ठूलो आकारमा परिचालन हो । दोस्रो, सहुलियत वित्त र गैरसहुलियत अर्थात कमर्सियल वित्तलाई मिश्रण गर्नु हो । तेस्रो विशेषता दिगो विकास लक्ष्य प्राप्तिका लागि निजी क्षेत्रको पुँजी प्रयोग हो । सार्वजनिक-निजी साझेदारीको मोडेल र ब्लेन्डेड फाइनान्सबीचको प्रमुख फरक यही नै हो । चौथो विशेषता समावेशी तथा दिगो विकासमा ब्लेन्डेड फाइनान्सले पार्ने प्रभाव हो । पाँचौं विशेषता नेपाल जस्तो अल्पविकसित मुलुकमा प्रत्यक्ष वैदेशिक लगानी सहित कमर्सियल वित्तको स्केल-अप अर्थात आकार बढाउने हो । छैठौं विषेशता ब्लेन्डेड फाइनान्समा ग्यारेन्टी, बीमा, करेन्सी स्वाप, सहुलियत कर्जा, परोपकारी वित्त र प्राविधिक सहायता जस्ता बहुउपकरणको प्रयोग हो । यी सबै विशेषतालाई संक्षेपीकरण गर्ने हो भने ब्लेन्डेड फाइनान्स दिगो विकासका लक्ष्यहरू सन् २०३० भित्र प्राप्त गर्न वर्ल्ड इकोनोमिक फोरमले विकास वित्त र परोपकारी वित्तलाई बीउ पुँजीको रूपमा लिई निजी क्षेत्रको कमर्सियल पुँजी उलेख्य रूपमा परिचालन गर्न रणनीतिक रूपमा प्रयोगमा ल्याएको सहवित्तीय उपकरण हो ।

दिगो विकास लक्ष्य र व्लेन्डेड फाइनान्स

दिगो विकासका १७ वटा लक्ष्य सन् २०३० भित्र हासिल गर्न विकसित मुलुकले अल्पविकसित मुलुकका लागि ०.७ प्रतिशतसम्म आधिकारिक विकास सहायता उपलब्ध गराउने प्रतिबद्धता गरे पनि औसतमा ०.०२ प्रतिशतसम्म मात्र सहायता उपलब्ध गराएको स्थिति छ । वार्षिक औसत १३० अर्ब अमेरिकी डलर विकास सहायताको रूपमा अल्पविकसित मुलुकले विकसित मुलुकबाट वित्तीय स्रोत प्राप्त गरेको देखिन्छ । दिगो विकास लक्ष्य प्राप्तिका लागि थप आवश्यक पर्ने वित्तीय स्रोत र वैदेशिक सहायता रकमबीच ठूलो खाडल रहेको सर्न्दभमा विकसित मुलुकको क्लब ओइसीडी (अर्गनाइजेसन फर इकोनोमिक कोअपरेसन एन्ड डेभलपमेन्ट) ले विकास वित्त र परोपकारी सहायतालाई निजी क्षेत्रको पुँजी उल्लेख्य रूपमा परिचालनको माध्यमको रूपमा ब्लेन्डेड फाइनान्सलाई लिनुपर्ने रणनीति अवलम्बन गरेको देखिन्छ । यस सर्न्दभमा ब्लेन्डेड फाइनान्सको उद्देश्य व्यापारी तथा उपभोग क्षेत्रमा जाने वित्तलाई कृषि लगायत उत्पादनमूलक क्षेत्र, लघु, साना तथा मझौला उद्योग व्यवसाय, महिला तथा समावेशी वित्त बजारको विकासतर्फ मोड्नु नै रहेको देखिन्छ ।

जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता कार्यान्वयन गर्न मात्र १३.५ खर्ब अमेरिकी डलर थप वित्तीय साधन आवश्यक पर्ने सर्न्दभमा जलविद्युत् लगायत अन्य नवीकरणीय ऊर्जा विकासमा निजी क्षेत्रको पुँजी लगानी समेतलाई ब्लेन्डेड फाइनान्समा समेटिएको छ । उदाहरणका लालि हालसालै २१६ मेगावाटको माथिल्लो त्रिशूली १ मा लगानीका लागि अन्तर र्राष्ट्रिय वित्त निगमको नेतृत्वमा आठवटा ऋण लगानीकर्ता सम्मिलित सम्पन्न ऋण प्याकेजलाई नेपालको सन्दर्भमा ब्लेन्डेड फाइनान्सको संज्ञा दिन सकिन्छ ।

१५औं योजना (२०७६/०७७-२०८०/०८१) को आधारपत्रमा १७ वटा दिगो विकास लक्ष्य कार्यान्वयन गर्न वार्षिक औसत २० खर्ब २५ अर्ब लाग्ने अनुमान गरिएको छ । सरकारी, निजी तथा अन्य क्षेत्रबाट हुने लगानी अनुमान गर्दा वार्षिक औसत पाँच खर्ब ८५ अर्ब नपुग हुने अनुमान उक्त योजनाले गरेको छ । आर्थिक वर्ष २०७५/०७६ मा कुल स्थिर पुँजी निर्माण १२ खर्ब ७८ अर्ब रहेको अनुमान छ । उक्त नपुग रकम आन्तरिक कर, करको आधार फराकिलो बनाएर पनि परिचालन गर्न सकिने देखिँदैन । एकातिर निजी क्षेत्रबाट सवारी साधन लगायत बिलासी सामान तथा अन्य उपभोग खर्चमा कमी ल्याई स्वदेशी निजी क्षेत्रको लगानी दिगो विकास लक्ष्य हासिलका लागि डोऱ्याउनुछ भने अकोतर्फ विदेशी पुँजी लगानी उक्त लक्ष्य प्राप्तिका लागि आकर्षित गर्नुपर्ने आवश्यकता देखिन्छ । दातृ निकायले प्रवर्द्धन गर्न खोजेको ब्लेन्डेड फाइनान्सको उद्देश्य पनि यही हो ।

विश्वका ठूला उद्योग, व्यावसायिक प्रतिष्ठानहरूले आफूले कमाएको केही रकम समाजलाई फर्काउने (गिभिङ ब्याक) अभियान अन्तर्गत केही सामाजिक कार्यक्रमलाई वित्तीय सहायता दिँदै आएका छन् । उदाहरणको लागि बिल गेट्स तथा मिलिन्डा फाउन्डेसनलाई लिन सक्छौं । सो फाउन्डेसनले समावेशी वित्त तथा वित्तीय पहुँच विस्तारका लागि विश्व बैंक लगायतका वित्तीय संस्थामार्फत सहयोग पुऱ्याइरहेको छ । नेपालले यस्ता परोपकारी सस्थाबाट अन्य देशको तुलनामा लाभ लिन सकिराखेको छैन । वर्ल्ड इकोनोमिक फोरम लगायत दातृ निकायको उद्देश्य विकास वित्त र परोपकारी कोष लगानीलाई बीउ पुँजीको रूपमा उपयोग गरी दिगो विकास लक्ष्यको लागि ठूलो आकारमा स्वदेशी तथा विदेशी निजी वित्तीय संस्थाबाट वित्तीय स्रोत परिचालन गर्ने हो ।

सीमान्त लगानी तथा सानो प्रयासले ठूलो उपलब्धि हुँदैन । दिगो विकास लक्ष्य प्राप्तिका लागि ब्लेन्डेड फाइनान्स अन्तर्गत निजी क्षेत्रबाट

> दिगो विकास लक्ष्य प्राप्तिका लागि थप आवश्यक पर्ने वित्तीय स्रोत र वैदेशिक सहायता रकमबीच ठूलो खाडल रहेको सर्न्दभमा विकसित मुलुकको क्लब ओइसीडी (अर्गनाइजेसन फर इकोनोमिक कोअपरेसन एन्ड डेभलपमेन्ट) ले विकास वित्त र परोपकारी सहायतालाई निजी क्षेत्रको पुँजी उल्लेख्य रुपमा परिचालनको माध्यमको रुपमा ब्लेन्डेड फाइनान्सलाई लिनुपर्ने रणनीति अवलम्बन गरेको देखिन्छ ।

हुने लगानी पनि ठूलो आकारमा हुनुपर्ने हुन्छ । उदाहरणको लागि जापानले सन् १९९० को दशकमा नै हाल चर्चामा रहेको मौद्रिक परिमाणात्मक सहजीकरण (क्वान्टिटेटिभ इजिङ)) का उपायहरू प्रयोगमा ल्याएको थियो । तर जापानले यस्तो उपकरण ठूलो आकारमा प्रयोग नगरेको हुनाले लाभ लिन सकेन । यस विपरीत सन् २००८ को वित्तीय सकंटपछि अमेरिकाको केन्द्रीय बैंकले ठूलो आकारमा परिमाणात्मक सहजीकरण जस्तो मौद्रिक उपाय अवलम्बन गरेको हुनाले अर्थतन्त्रलाई महामन्दीमा जानबाट जोगायो । ब्लेन्डेड फाइनान्सको सफलता पनि ठूलो स्केलमा निजी क्षेत्रको लगानी परिचालनमा नै निर्भर गर्छ ।

ब्लेन्डेड फाइनान्सको नेपालमा अभ्यास

ब्लेन्डेड फाइनान्सको संज्ञा नदिए तापनि नेपालले लामो समयदेखि सोको प्रयोग गर्दै आएको छ । विगतमा कृषि विकास बैंक र नेपाल औद्योगिक विकास निगम (एनआइडीसी) का लागि नेपाल सरकारले बजेट विनियोजन तथा दातृ निकायबाट वित्तीय सहायता परिचालन गरी कृषि, उद्योग तथा पर्यटन क्षेत्रको विकासमार्फत गरिबी तथा भोकमरीको अन्त्य र समावेशी रोजगारीका अवसर सिर्जना गर्न ब्लेन्डेड फाइनान्सको अभ्यास गरेको थियो । आज ती वित्तीय संस्थामध्ये कृषि विकास बैंक वाणिज्य बैंकमा रूपान्तरण गरिएको छ भने औद्योगिक विकास निगम राष्ट्रिय वाणिज्य बैंकमा विलय भएको छ । कृषि तथा औद्योगिक एवं पर्यटन क्षेत्रको विकासका लागि आज नेपाल सरकारसँग उपयुक्त वित्तीय संस्थाहरू छैनन् । दातृ निकायले यी क्षेत्रको विकासको लागि वित्तीय स्रोत उपलब्ध गराउन सक्छन् तर उपयुक्त किसिमका वित्तीय संस्था छैनन् । त्यसैगरी, सामाजिक तथा आर्थिक विकासमा सहयोग पुऱ्याउने उद्देश्यले वित्तीय स्रोत परिचालनका लागि नेपाल सरकार ग्यारेन्टी बस्ने जस्तो ब्लन्डेड फाइनान्सको अर्को उपकरण प्रयोगमा ल्याइएको थियो ।

पशुपक्षी, महिला, दलित, युवा तथा विदेशबाट फर्केकालाइ समेत समेटी लघु उद्योग व्यवसाय प्रवर्द्धनमा बैंक तथा वित्तीय संस्थाबाट हुने कमर्सियल कर्जा आकर्षित गर्न नेपाल सरकारले दिगो विकास लक्ष्यसँग सम्बन्धित नौवटा कर्जा कार्यक्रमको लागि पाँच प्रतिशत ब्याज अनुदानको व्यवस्था गरेको छ । यी कार्यक्रममार्फत ठूलो परिमाणमा बैंक तथा वित्तीय संस्था लगायत निजी क्षेत्रको लगानी परिचालन (लेभरेज) हुन गयो भने नेपालले प्रयोगमा ल्याएको ब्लेन्डेड फाइनान्सले सफलता पाउने छ ।

तर नेपाल सरकारले पाँच प्रतिशत ब्याज अनुदान दिने गरी बजेट विनियोजन गरिएका नौ किसिमका कर्जा कार्यक्रमलाई स्पष्ट रूपमा दिगो विकास लक्ष्यसँग जोडेर ब्लेन्डेड फाइनान्सको रूपमा प्रयोग गर्न सकिने हिसाब्ले सो सम्बन्धी जारी गरिएको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यबिधि, २०७५ को प्रस्तावनाको भाषा तद्अनुरूप परिमार्जन गर्न आवश्यक देखिन्छ ।

नेपाल सरकारले २०७५ फागुन १३ गते जलविद्युत् उत्पादन, विद्युत् प्रसारण लाइन निर्माण, रेल, मेट्रो मार्ग निर्माण, लामो द्रुत मार्ग निर्माण आदिमा हुने विदेशी ऋण लगानीलाई विनिमय दरमा हेजिङ सुविधा उपलब्ध गराउन हेजिङसम्बन्धी नियमावली, २०७५ जारी गरेको छ । यो सुविधालाई पनि दिगो विकास लक्ष्यसँग जोडी ब्लेन्डेड फाइनान्सको फाइदा लिन उक्त विनियमावलीमा परिमार्जन गर्न ढिलो गर्नु हुँदैन ।

त्यसैगरी, ब्लेन्डेड फाइनान्सको अर्को उपकरण बीमा नेपाल सरकारले प्रयोगमा ल्याएको छ । कृषि तथा पशुपक्षी व्यवसायमा वित्तीय संस्थाको लगानी आकर्षित गर्न बीमाशुल्कको ७५ प्रतिशत अनुदान दिने व्यवस्थालाई उदाहरणको रूपमा लिन सक्छौं । यो कार्यक्रमको लागि आर्थिक वर्ष २०७४/०७५ मा नेपाल सरकारले ४३ करोड रूपैयाँ बीमा शुल्क अनुदान वितरण गरेको थियो ।

ब्लेन्डेड फाइनान्सको अर्को महत्त्वपूर्ण उदाहरण नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको पुनर्कर्जा सुविधा हो । कृषि, पर्यटन तथा ऊर्जा क्षेत्रमा बैंक तथा वित्तीय संस्थाबाट कर्जा लगानी विस्तार अभिप्ररित गर्ने उद्देश्यले एकदेखि तीन प्रतिशत ब्याजमा पुनर्कर्जा उपलब्ध गराउने व्यवस्था गरेको छ । हाल पुनर्कर्जा कोष ५० अर्बको छ । कृषि, ऊर्जा र पर्यटन क्षेत्र संयुक्त राष्ट्र संघले तय गरेको दिगो विकास लक्ष्यभित्रै पर्छन् । यो पुनर्कर्जाको पूरा सदुपयोग भयो र बैंक तथा वित्तीय संस्थाले राष्ट्रिय प्राथमिकता क्षेत्रमा ठूलो परिमाणमा लगानी बढाए भने राष्ट्र बैंकले प्रयोगमा ल्याएको यो ब्लेन्डेड फाइनान्स उद्देश्य प्राप्तिमा सफल हुनेछ ।

बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो खुद मुनाफाको कम्तीमा एक प्रतिशत रकम संस्थागत सामाजिक उत्तरदायित्व कोष खडा गरी जम्मा गर्नुपर्ने नीतिगत व्यवस्था नेपाल राष्ट्र बैंकले गरेको छ । नेपालको दिगो विकास लक्ष्य (२०१६-२०३०) ले पहिचान गरेका १७ वटा क्षेत्रमा तोकिएका लक्ष्य प्राप्तिमा सहयोग हुने गरी नेपाल राष्ट्र बैंकको यो नीतिगत व्यवस्थालाई सबैले खुलेर प्रशंसा गर्ने गरेका छन् । दिगो विकास लक्ष्यसँग सामाजिक उत्तरदायित्व कोषबाट खर्च हुने रकम प्रत्यक्ष रूपमा जोडिएको

> “नेपाल सरकारले ब्लेन्डेड फाइनान्स प्रकृतिका सहवित्तीय कार्यक्रम कार्यान्वयनमा ल्याएको तर दिगो विकास लक्ष्यसँग प्रत्यक्ष रुपमा नजोडेका कारण ब्लेन्डेड फाइनान्सका लागि नेतृत्वदायी पहलकदमी नभएको देखिन्छ ।

हुनाले राष्ट्र बैंकले अभ्यासमा ल्याएको यो महत्त्वपूर्ण ब्लेन्डेड फाइनान्सको उदाहरण हो । आर्थिक वर्ष २०७५/०७६ मा बैंक तथा वित्तीय संस्थाहरूले ७३ अर्ब नाफाको कम्तीमा १ प्रतिशत सामाजिक उत्तरदायित्व कोषमा राख्नुपर्ने प्रावधान बमोजिम सो कोषमा ७३ करोड रकम जम्मा गरेको अवस्था छ । यसलाई आधार मान्दा सो कोषमा अर्बौं रकम मौज्दात कायम रहेको हुनुपर्छ । सामाजिक उत्तरदायित्व कोषबाट अन्य शीर्षकमा हुने खर्चको प्रावधानलाई हटाई दिगो विकास लक्ष्यलाई मात्र केन्द्रित गरी सो व्यवस्थालाई परिमार्जन गऱ्यो भने सो कोष अन्य क्षेत्रबाट वित्तीय स्रोत परिचालन गर्ने माध्यम हुन सक्छ र ब्लेन्डेड फाइनान्सको रूपमा अभ्यास गर्न सकिन्छ ।

नेपाल राष्ट्र बैंकले नवीकरणीय ऊर्जा, कृषि, पर्यटन, साना तथा मझौला उद्योग आदिमा लगानी बढाउन वाणिज्य बैंक, विकास बैंक तथा वित्त कम्पनीलाई आफ्नो प्राथमिक पुँजीको शतप्रतिशत र लघुवित्त वित्तीय संस्थालाई प्राथमिक पुँजीको ३० गुणासम्म बाहिरबाट विदेशी मुद्रामा ऋण लिन सक्ने व्यवस्था गरेको छ । उपरोक्त क्षेत्र दिगो विकास लक्ष्यभित्रै पर्ने भएकोले सोसम्बन्धी नीगित व्यवस्थामा दिगो विकास लक्ष्यप्राप्तिको लागि भन्ने भाषा प्रयोग गरी ब्लेन्डेड फाइनान्सको अभ्यास गर्न परिमार्जन गर्नुपर्ने देखिन्छ ।

नेपाल राष्ट्र बैंकले ब्लन्डेड फाइनान्सको रूपमा प्रयोगमा ल्याएको विपन्न वर्ग कर्जा कार्यक्रम अर्को उदाहरण हो । यो कार्यक्रमअन्तर्गत वाणिज्य बैंक, विकास बैंक तथा वित्त कम्पनीले आफैं वा लघुवित्त वित्तीय संस्थामार्फत आफ्नो कुल कर्जा लगानीको न्यूनतम पाँच प्रतिशत विपन्न वर्गमा अनिवार्य रूपमा लगानी गर्नुपर्ने व्यवस्था छ । यो कार्यक्रम अन्तर्गत विपन्न वर्गमा एक सय ९० अर्ब रूपैयाँ कर्जा लगानी भएको छ । यो कार्यक्रमले लघु उद्योग, व्यवसायको विस्तार तथा समावेशी वित्त विकासमा मद्दत गरेको छ ।

नेपाल राष्ट्र बैंकले प्राथमिकता प्राप्त क्षेत्रमा बैंक तथा वित्तीय संस्थाले आफ्नो कुल कर्जाको न्यूनतम २५ प्रतिशत, विपन्न वर्ग कर्जा अनुपात पाँच प्रतिशत र हाल व्यवस्था गरिएको ५० अर्ब रूपैयाँको पुनर्कर्जा कोषलाई दिगो विकास लक्ष्यसँग जोड्न यी व्यवस्थाका लागि जारी गरिएका ऐन, नियम, निर्देशन तथा परिपत्र (सर्कुलर) को भाषामा तदनुरूप तत्कालै परिमार्जन गरी ब्लेन्डेड फाइनान्सको रूपमा अभ्यास गनुपर्ने देखिन्छ ।

नेपाल सरकारले ब्लेन्डेड फाइनान्स प्रकृतिका सहवित्तीय कार्यक्रम कार्यान्वयनमा ल्याएको तर दिगो विकास लक्ष्यसँग प्रत्यक्ष रूपमा नजोडेका कारण ब्लेन्डेड फाइनान्सका लागि नेतृत्वदायी पहलकदमी नभएको देखिन्छ । माथि चर्चा गरिएका वित्तीय उपकरणहरू ब्लेन्डेड फाइनान्स प्रकृतिका नै भएकाले तत्कालै सम्बन्धित ऐन, नियमावली, विनियमावली तथा निर्देशनमा सोही बोमोजिम परिवर्तन गर्न नेपाल सरकारले पहलकदमी लिनुपर्ने देखिन्छ ।

नेपाललाई दिगो विकास लक्ष्य हासिल गर्न आन्तरिक स्रोतले मात्र पुग्दैन । नेपालले मूल्य अभिवृद्धिकर जस्तो आधुनिक कर प्रणाली अवलम्बन गरेकाले राजस्वको कुल गार्हस्थ उत्पादनसँगको अनुपात २५ प्रतिशत पुगेको भए तापनि यो मात्र पर्याप्त छैन । विदेशबाट प्राप्त रेमिट्यान्सको कुल गार्हस्थ उत्पादनसँगको अनुपात झण्डै २५ प्रतिशत रहेकाले राष्ट्रिय बचत अनुपात ५२ प्रतिशत पुगेको छ । यी सूचकहरूले मुलुकको दिगो आर्थिक विकासका लागि आन्तरिक स्रोत विगतको भन्दा बढी परिचालन भएको देखाउँछ ।

नेपाललाई दिगो विकास लक्ष्य हासिल गर्न आन्तरिक स्रोतले मात्र पुग्दैन । नेपालले मूल्य अभिवृद्धिकर जस्तो आधुनिक कर प्रणाली अवलम्बन गरेकाले राजस्वको कुल गार्हस्थ उत्पादनसँगको अनुपात २५ प्रतिशत पुगेको भए तापनि यो मात्र पर्याप्त छैन । विदेशबाट प्राप्त रेमिट्यान्सको कुल गार्हस्थ उत्पादनसँगको अनुपात झण्डै २५ प्रतिशत रहेकाले राष्ट्रिय बचत अनुपात ५२ प्रतिशत पुगेको छ ।

दिगो विकासको महत्त्वपूर्ण लक्ष्य प्राप्ति र व्यापार घाटा न्यूनीकरणमा प्रभावकारी भूमिका खेल्ने तथा प्रादेशिक सन्तुलन मिलाउने उद्देश्य समेतले ठूला जल विद्युत् परियोजनामा क्रमशः लगानी बढाउन सक्ने क्षमता नेपालले हाल प्राप्त गरेको अवस्था पनि छ । दूरदर्शिता तथा साहसका साथ ४५६ मेगावाट क्षमताको अपर तामाकोसी जस्तै पश्चिम सेती, बूढीगण्डकी, उत्तरगंगा, दूधकोसी जस्ता ठूला जलविद्युत् आयोजनाका लागि नेपालले स्वदेशी तथा विदेशी निजी क्षेत्रको ठूलो लगानी परिचालन गरी ब्लेन्डेड फाइनान्सको सफल अभ्यास र दिगो विकास लक्ष्य हासिल गर्न सक्छ ।

अन्त्यमा,

स्पष्ट रूपमा नभनिएको तर प्रयोगमा ल्याइएका ब्लेन्डेड फाइनान्सका विविध उपकरणमा क्रमशः सुधार गर्दै यस्तो अभ्यासलाई नेपालले निरन्तरता दिनुपर्छ । तर विदेशी निजी क्षेत्रको लगानी भित्र्याउन हामी सफल भएका छैनौं । प्रत्यक्ष वैदेशिक लगानी अत्यन्त न्यून छ । त्यसैगरी, विदेशी संस्थागत लगानीकर्ताबाट हुन सक्ने कमर्सियल लगानी नेपालले भित्र्याउन सकेको छैन । हेजिङ सुविधाको व्यवस्था गरे अनुसार विदेशी पुँजी भित्र्याउने प्रयासलाई जारी राख्नुपर्ने देखिन्छ । माथिल्लो त्रिशूली १ मा झैं नेपालले अन्य परियोजनामा विदेशी लगानी भित्त्याएर ब्लेन्डेड फाइनान्सको असल अभ्यास जारी राख्नु पर्छ ।

NGM

CUSTOMER CARE
Toll Free No.: NTC: 16600122033 Ncell: 9801671023
customercare@ngmhero.com
www.facebook.com/ngmheromotocorp

साथै हरेक खरिदमा पाउनुहोस् यी ५ फाइदा

30% छूट इञ्जिन आयलमा | ७% छूट स्पेयर पार्टसमा | फ्री हेलमेट | ५ वर्षे ग्यारेन्टी*

*शर्तहरू अनुसार

Corporate 9801902885 • Kathmandu Valley Balaju 4361786 • Balkumari 5186184 • Bhaktapur 6613112 • Buddhabari 4104540, 4104541 • Gatthaghar 6638444 • Gyaneshwor 4428970 • Kantipath 4225377, 4266517 • Kumaripati 5008781 • Mitrapark 5241224, 5241033 • Ravibhavan 4670812
Outside of Valley Attaria 551244 • Baglung 520174 • Bharatpur 526697 • Bardibas 550552 • Bhairahawa 523930 • Bhairahawa 524290 • Biratchowk 545227 • Biratnagar 463754 • Biratnagar 503095 • Birgunj 526894 • Birgunj 529667 • Birtamode 543248 • Butwal 542725 • Butwal 437909 • Chandranigahapur 540739 • Damak 581463 • Damauli 560477 • Dang 563442 • Dhangadi 417115 • Dhanushadham 414063 • Dharan 526522 • Gaidakot 502399 • Gaighat 420032 • Gaur 521109 • Gaushala, Mahottari 556186 • Golbazar 540327 • Guleria 420099 • Gulmi 520142 • Hetauda 525386 • Inaruwa 561498 • Itahari 587580 • Jaleshwor 521095 • Janakpur 523644 • Janakpur 527426 • Kalaiya 551526 • Kapilbastu 550160 • Kawasoti 541001 • Kohalpur 540280 • Lahan 562202 • Lalbandi 501628 • Lamahi 540863 • Malangawa 521711 • Mahendranagar 520745 • Mirchaya 550803 • Narayanghat 532255 • Nawalparasi 520984 Nepalgunj 551598 • Parsa 582862 • Parsa 561825 • Palpa 520607 • Pokhara 539389 • Pokhara 522905 • Pyuthan 460464 • Rajbiraj 523542 • Siraha 520442 • Surkhet 525196 • Surunga 551010 • Tikapur 560426 • Tulsipur 520808 • Urlabari 540074 • Waling 440610

IME pay

जे पे गर्दा पनि IME Pay तर हो यो के IME Pay?

IME Pay मोबाइल वालेटबाट बिलको भुक्तानी गर्न तथा अन्य भुक्तानी गर्न सकिन्छ । यो एप Google Play वा App Store बाट डाउनलोड गरी बिजुली, खानेपानी, मोबाइल वा फोनको रिचार्ज, टिभीको रिचार्ज, प्लेनको टिकट, सिनेमाको टिकट, केबलकार, इन्टरनेट, आदि जे भुक्तानी पनि गर्न सकिन्छ ।

जे पे गर्दा पनि IME pay

आजै डाउनलोड गर्नुहोस्

GET IT ON Google Play | Available on the App Store

Toll Free
16600 161616
For NTC Users

Phone
+977 1 4217600, 4217601
For Other Users

www.imepay.com.np

उद्यमशीलता विकासका सर्त

मुलुकमा उद्यमशीलताको विकास गर्ने हो भने बलियो र संस्थागत आन्टरप्रेनियल इकोसिस्टम बनाउन जरूरी छ । यस विषयमा सरकारको सकारात्मक भूमिकाको खाँचो छ । उद्यमीबाट कर उठाउन मात्र ध्यान केन्द्रित गर्ने होइन, उनीहरूलाई सक्षम र सुदृढ बनाउने जिम्मा पनि सरकारले लिन सक्नुपर्छ ।

निरज खनाल

के उद्यमी र व्यवसायी एउटै हुन् ? अथवा भनौं, कुनै पनि व्यापार, व्यवसाय गर्ने व्यक्तिलाई उद्यमी भन्ने या नभन्ने ? यी दुई प्रश्नले धेरैजनाको जिज्ञासाको प्रतिधिनित्व गर्छ, खासगरी 'उद्यम वा उद्यमी को हुन् वा कसलाई भन्ने' भन्ने सवालमा । यी प्रश्नको उत्तरसम्म पुग्दै 'आन्टर प्रेनियल इकोसिस्टम' विकासको सुरूआती चरणमा भएको नेपालजस्तो विकासशील देशमा उद्यमी र उद्यमशीलताबारे बहस बढाउनु आवश्यक छ । यो लेखको मूल ध्येय पनि यही हुनेछ ।

सरल भाषामा बुझ्नुपर्दा- 'उद्यमी' त्यो व्यक्ति हो जसले आफ्नो नविनतम सोचलाई कार्यान्वयन गरी लक्षित ग्राहकलाई कुनै पनि वस्तु वा सेवाका सम्बन्धमा विल्कुलै नयाँ 'भ्यालु' पस्कन्छ । यस्तै, उद्यमीको सोचदेखि उद्यमको रूपमा सञ्चालन गर्ने प्रक्रियाहरू नै 'उद्यमशीलता' हो ।

उद्यमशीलताबारे अझ एक तहनजिकबाट प्रस्ट हुन उद्यमीका केही महत्त्वपूर्ण चरित्रबारे बुझ्न आवश्यक छ, जसलाई उद्यमीका विशेषताको अर्थमा पनि लिन सकिन्छ ।

उद्यमी मानसिकता

उद्यमी पद वा ओहोदा होइन, यो सोच र व्यवहारको उपज पनि हो । किनकि उद्यमशीलताको उद्गम कुनै व्यक्तिको मानसिकताबाटै हुन्छ । यसकारण उद्यमशीलताका लागि व्यक्तिमा 'उद्यमी मानसिकता' हुनु अपरिहार्य छ ।

उद्यमी मानसिकता त्यो हो जसले समस्याबारे गुनासो गर्नेभन्दा त्यसको समाधानतर्फ ध्यान केन्द्रित गर्छ, समस्याको समाधान खोज्न रूचाउँछ । उदाहरणका लागि, अस्तव्यस्त सार्वजनिक यातायात र ट्याक्सी सञ्चालकको मनलाग्दी व्यवहारबारे गुनासो गर्नमै अल्झिरहनेभन्दा त्यसलाई कसरी समाधान गर्न सकिन्छ भन्ने सोचको परिणाम हो- टुटल ।

उद्यमी मानसिकताभित्र छुटाउनै नहुने भनेको 'दृढता' हो । 'यो आइडियामा काम गरौं, के हुन्छ हेरौं न त' भन्ने कदापि उद्यमी हुँदैन । उद्यमी समस्यालाई भित्रैदेखि मनन गरेर त्यसको हल निकाल्न अहोरात्र खटिन्छ । त्यसका लागि योजना बुन्छ, एकपछि अर्को लक्ष्य निर्धारण गर्छ र त्यसलाई हासिल गर्दै उद्देश्य भेट्छ । उद्यमी पैसा कमाउनेभन्दा समाजको समस्या समाधान गर्न अग्रसर हुन्छ । उद्यमी सोचमा 'पैसा' केबल उसको लक्ष्य प्राप्त गर्ने एउटा 'माध्यम' मात्र हुन्छ ।

सोचबाट उद्यम

कुनै पनि 'सोच'लाई 'उद्यम'मा बदल्न उद्यमीको लगावका साथै स्रोत, साधन, प्रतिबद्धता, समय तथा परिवार र समाजको सहयोग चाहिन्छ । एउटा सोचलाई व्यवसाय बनाउन पक्कै पनि सजिलो छैन । त्यसमा पनि यदि त्यो सोचले हाम्रो समाजको मूल्य, मान्यतालाई चुनौती दिन्छ अथवा नविनतम प्रयोग गर्छ भने त्यसले सुरूआती दिनमा थप चुनौती खेप्नुपर्छ । आज सफल भनिएका उद्यमीको व्यावसायिक जीवनको पाटो हेर्ने हो भने पनि हामी उनीहरूले व्यक्तिगत, पारिवारिक हुँदै समाज र राज्य तथा यसका विभिन्न निकायसँग संघर्ष गर्दै आफूलाई स्थापित गरेको पाउनेछौं । यी भनेका सफलता प्राप्त गर्न कुनै पनि उद्यमीले तय गरेका चुनौती हुन् ।

यस्तै, एउटा सोचलाई उद्यममा परिणत

गर्न आर्थिक स्रोत-साधनमा पहुँच हुनु पनि महत्त्वपूर्ण पाटो हो । प्रायः उद्यम सुरू गर्न एउटा उद्यमीको पहिलो रोजाइमा (लगानी जुटाउने प्राथमिक स्रोतका रूपमा) साथीभाइ र घरपरिवार रहेको देखिन्छ । उनीहरू नै कतिपय उद्यमीका सुरूआती सेवाग्राही हुन्छन् । त्यसरी सुरू गर्दै अगाडि बढेको व्यवसाय (उद्यम) मा प्रगति हासिल गरी त्यसलाई देखाएर उद्यमीले लगानीकर्तालाई आकर्षित गर्न सक्छ ।

लगानीकर्ताले कुनै पनि उद्यममा लगानी गर्नुअघि सम्बन्धित उद्यमी र उसको 'टिम' हेर्छन् । लगानीकर्ताले 'ए' क्लासको आइडियासँग 'बी' क्लास टिमभन्दा 'ए' क्लासको टिमसहितको 'बी' क्लासको आइडियामा लागानी गर्न रूचाउँछन् । यसबाट बुझ्न सकिन्छ, उद्यमीलाई जति आफ्नो सोच वा व्यवसायप्रति विश्वास हुन्छ, त्यत्ति नै आफ्नो टिमप्रति । तसर्थ, एउटा सफल उद्यमी आफ्नो टिमलाई बलियो बनाउन कहिल्यै पनि डराउँदैन ।

इकोसिस्टम

के 'उद्यमी' र 'नविनतम सोच' मात्र एउटा 'सफल उद्यम'का लागि पर्याप्त हुन्छ ? विल्कुलै होइन । अमेरिकाको सिलिकन भ्यालीलाई नवउद्यम (स्टार्टअप) को हब भनिन्छ । तर यसलाई 'स्टार्टअप हब' बनाउन कुनकुन कुराले भूमिका खेल्यो होला ? अहिलेको प्रतिस्पर्धी युगमा एक उद्यमीको लगाव, मेहनत र दृढताले मात्रै एउटा सोचलाई उद्यमका रूपमा निश्चित उचाइसम्म पुऱ्याउन त्यत्ति सजिलो छैन । एउटा उद्यमीलाई सफल बनाउन उद्यमशीलतासँग सम्बन्धित विभिन्न सहयोग संयन्त्रहरू (सपोर्ट सिस्टम) को ठूलो भूमिका रहन्छ । त्यसमा विभिन्न व्यक्ति, संघ-संस्था, प्रणाली, नीति इत्यादिको समन्वय, सहकार्य र सहयोग अपरिहार्य हुन्छ जसलाई हामी 'आन्टरप्रेनियल इकोसिस्टम'का अंगहरू समेत भनेर बुझ्न सक्छौं ।

यो लेखको यस चरणमा उद्यमशीलता विकासमा को-कोबाट कस्तो सहयोग र सहकार्य हुन्छ र हुनुपर्छ भन्नेमा केही व्याख्या गरिएको छ ।

◆ मेन्टर्स

कुनै उद्यमी सफल हुनुमा मेन्टर्स वा अनुभवी सल्लाहकारको ठूलो भूमिका हुन्छ । मेन्टर्स त्यस्ता विज्ञ हुन् जस्ले उद्यमीका समस्या समाधान गर्न मद्दत गर्छन् ।

मेन्टर्ससँग निश्चित विषयमा विज्ञता हुन वा नहुन पनि सक्छ तर उसले सधैं उद्यमीलाई चाहिएको ज्ञान र सीपसम्बन्धी विज्ञसम्म पुऱ्याएर उसको समस्याको समाधान खोज्न मद्दत गर्दछ । जस्तैः उद्यमीलाई आफ्नो व्यवसायको बिक्री रणनीति, मानव संसाधन र कानुनी अनुपालना, बिजनेस मोडल क्यानभास, लेखा व्यवस्थापन इत्यादि विषयवस्तुमा परामर्श चाहिरहेको छ भने मेन्टरले आफूसँग त्यस विषयमा दक्षता भए आफैंले सिकाइदिन्छ, नभएको खण्डमा सम्बन्धित विज्ञकहाँ पुऱ्याउन मद्दत गर्छ ।

मेन्टरहरू धेरैजसो अवस्थामा उद्यमी नै हुने गर्छन् । उनीहरूले उद्यम गरिरहेको अवस्थाको आफ्नो भोगाइ, सिकाइ, उद्यम गर्दाका राम्रो र गाह्रो पक्ष नवउद्यमीसँग साट्छन् । यसो गर्दा नवउद्यमीले उद्यम गर्दा व्यहोर्नुपर्ने जोखिम कम हुन जान्छ ।

नेपालमा पनि मेन्टरसिपको अवधारणा विगत केही वर्षमा निकै फस्टाएको देख्न सकिन्छ । केही सफल उद्यमीले नवउद्यमीलाई सल्लाह सुझाव दिने क्रम बढिरहेको छ । जस्ले गर्दा नवउद्यमीले आफ्नो उद्यमका लागि अभिभावक पाएका छन् । पछिल्ला केही वर्षयता नेपालमा विभिन्न संघ-संस्थाले मेन्टरसिपका कार्यक्रम सञ्चालनमा ल्याएर उद्यमशीलता विकासका लागि प्रयत्न गरिरहेको देख्न सकिन्छ । प्रायः जसो मेन्टरसिपमा कुनै आर्थिक लेनदेन अथवा मेन्टरसिपको पारिश्रमिक वा शुल्क हुँदैन । यद्यपि, 'लेनदेन'का कुरा नितान्त उद्यमी र मेन्टरको आवसी समझदारीमा निर्भर हुने कुरा हो ।

◆ इन्क्युबेटर्स

इन्क्युबेटर्सले उद्यमीहरूलाई एउटा सोचबाट उद्यम सञ्चालनसम्मको यात्रामा सहयोग गर्छन् । यसका सेवाहरू को-वर्किङ स्पेस, मेकर ल्याब, मेन्टरसिप इत्यादि हुन्छन् । प्रायः जसो विकसित मुलुकमा यस्ता केन्द्रहरू (इन्क्युबेसन सेन्टर) धेरै हुन्छन् जसले उद्यमको सोचदेखि त्यसलाई संस्थागत गर्नमा सहयोग गर्दछन् । यस्ता केन्द्रले पछि गएर ठूलो व्यवसायको रूपमा विस्तार हुन सक्ने, समाजका समस्यालाई दीर्घकालीन हल दिन सक्ने र धेरैभन्दा धेरै रोजगारी सिर्जना गर्न सक्ने सम्भावित सोच र उद्यमलाई सहयोग गर्छन् । यी केन्द्रहरूले नवउद्यमीलाई उद्यम सुरू र सञ्चालन गर्दा चाहिने आधारभूत सेवा र वस्तु प्रदान गर्छन् ।

कार्यालयको व्यवस्था, मेन्टरसिप तथा परामर्शका कार्यक्रम, बजारमा पहुँच र लगानीकर्तासँग सम्बन्ध विकास तथा लगानी इत्यादि इन्क्युबेसन सेन्टरका केही प्रमुख क्रियाकलाप हुन् । सामान्यतया इन्क्युबेसन सेन्टरमा उद्यमीहरू व्यवसायको सुरूआती

सामाजिक उत्तरदायित्व कोषमा अर्बौं रुपैयाँ जम्मा भएको छ । उक्त कोषबाट अन्य शीर्षकमा हुने खर्चको प्रावधानलाई हटाई दिगो विकास लक्ष्यलाई मात्र केन्द्रित गरी सो व्यवस्थालाई परिमार्जन गऱ्यो भने सो कोष अन्य क्षेत्रबाट वित्तीय स्रोत परिचालन गर्ने माध्यम हुन सक्छ र ब्लेन्डेड फाइनान्सको रुपमा अभ्यास गर्न सकिन्छ ।

दुईदेखि तीन वर्षसम्म बस्ने गर्दछन् र आफ्नो उद्यम अलिक परिपक्व भएपछि त्यहाँबाट बाहिरिन्छन् । नविनतम सोच र सिर्जनात्मक व्यापारिक योजनालाई प्रोत्साहन र प्रवर्द्धन गर्ने यस्ता केन्द्रको सञ्चालन सामन्यतया सरकार, विश्वविद्यालय, उद्योग वाणिज्य संघ, व्यापारिक घराना, स्थानीय निकाय र निजी संस्थाले गरेको भेटिन्छ ।

इन्क्युबेसन सेन्टरमा आवद्ध भएपछि आफ्नो व्यापारिक जोखिम केही हदसम्म कम भएको उद्यमीले महसुस गरेको पाइन्छ । विश्वमा कुनै नविनतम उद्यम सुरु गरेका १० वटा कम्पनीमध्ये नौवटा दुई वर्षभित्र बन्द हुने गरेको तितो यथार्थ छ, अर्थात एउटा (१० प्रतिशत) मात्र उद्यम दुई वर्षभन्दा लामो अवधि टिक्न सक्छ । तर इन्क्युबेसन केन्द्रमा आवद्ध भएका कम्पनीको असफलता धेरै हदसम्म कम हुने गरेको छ । यस्ता केन्द्रको सहयोगले विगत वर्षमा विभिन्न देशबाट ठूलाठूला कम्पनी स्थापित भएका छन् ।

नेपालमा पनि केही वर्षयता यस्ता इन्क्युबेटर्स सञ्चालनमा आउन थालेका छन् । विशेषगरी निजी क्षेत्रका कम्पनी र कलेजहरूले यस्ता केन्द्र स्थापना गरिरहेको भेटिन्छ । तर काठमाडौंमा मात्र त्यस्ता केन्द्र स्थापना भइरहेको पाइएको छ ।

◆ सरकार

कुनै पनि सफल उद्यमको कथा मन लोभ्याउने हुन्छ । तर उद्यम सफल हुनमा धेरै कुराले भूमिका खेल्छ । जस्तैः सोच, टिम, व्यावसायिक ढाँचा (बिजनेस मोडल), लगानी, समय इत्यादि । तर अन्य बाहिरी कुराले पनि एक उद्यमीलाई सफल वा असफल बनाउन ठूलो भूमिका खेल्छ ।

विभिन्न निकायको सहयोग, संलग्नता र सहकार्यले पनि एउटा उद्यमीलाई सफल बनाउँछ । तीमध्ये सरकार एक प्रमुख पात्र हो । सरकारको नीति-नियम, कानुनले उद्यमीलाई सधैं असर वा प्रभाव पार्छ, चाहे त्यो सकारात्मक होस् वा नकारात्मक । सरकारी कार्यक्रमले पनि केही हदसम्म उद्यमशीलता विकासलाई प्रवर्द्धन गर्ने गर्दछ । तर भविष्यमा आउन सक्ने नविनतम र सिर्जनात्मक सोचलाई प्रोत्साहन गर्ने दूरगामी नीति-नियम र दक्षताको अभाव नेपालको सरकारी निकायमा रहेको महसुस गर्न सकिन्छ ।

संसारको कुनै पनि कुनामा आविष्कार, नवीनतम र सिर्जनात्मक सोच सरकारी नीति-नियम र कानुन बनाउने विज्ञहरूमा भन्दा साधारण व्यक्ति, अनुसन्धानकर्ता वा उद्यमीबाट पहिला आएको पाइन्छ, जुन नौलो कुरा होइन । तर हामीकहाँ नयाँ सोच र आविष्कारलाई संरक्षित र प्रोत्साहित गर्नुको सट्टा त्यो गैरकानुनी वा कानुनसम्मत नै नभएको भनी अंकुश लगाइन्छ ।

जसरी नयाँ व्यावसायिक सोचको उत्पत्ति हुँदै जान्छ त्यसरी नै त्यस्ता सोचलाई प्रोत्साहन गर्न नयाँ नीति तथा कानुन ल्याउनु आवश्यक हुन्छ । किनकि कानुनबाट निर्देशित परिधिको अधीनमा रहेर मात्र नविन र सिर्जनात्मकता सोच तथा आविष्कारको जन्म हुँदैन । यसैले सरकारले नीति तथा कानुनलाई समयसापेक्ष बनाउँदै नवउद्यमलाई प्रोत्साहन र सहयोग गर्न सक्नुपर्छ ।

सरकारले नविनतम सोच भएका व्यवसायको दर्ता प्रकियालाई सहज बनाउनुपर्छ । यसका लागि सरकारले एकल बिन्दु सेवा केन्द्र ल्याएको सराहनीय छ । तर अझै पनि नेपालमा कुनै पनि व्यवसाय कारणबस बन्द गर्नुपर्दा यसको प्रकिया निकै जटिल, खर्चिलो र लामो छ । यो ठूलो समस्या हो ।

केही महिला उद्यमीहरू मिलेर सुरू गरेको एउटा व्यवसाय करिब दुई वर्षपछि कारणवस बन्द गर्नुपर्ने भयो । बन्द गर्ने समयमा उहाँहरूको मासिक आम्दानी १५ हजार रूपैयाँ थियो । तर व्यवसाय बन्द गर्न ७० हजार रूपैयाँ लाग्ने भयो । उहाँहरू हतास भएर भन्नुभयो 'जे हुन्छ होस्, यो यतिकै छाडेर जान्छौं,' अर्थात्, व्यवसाय कानुनी रूपमा बन्द गर्दैनौं । त्यस्तो अवस्था किन आयो भने हामीकहाँ व्यवसाय बन्द गर्न चाहे पनि प्रकिया झन्झटिलो छ ।

◆ लगानीकर्ता

उद्यमीले उद्यम सुरू गरेपछि आफ्नो कम्पनीलाई दिन प्रतिदिन ठूलो बनाउँदै लैजाने सोच राख्छ । सामान्यतया व्यवसाय सुरू गर्दा उद्यमीले आफ्नो बचतबाटै पहिलो लगानी गर्दछ । विस्तारै उद्यमले गति लिन्छ अनि परिवार र साथीहरूबाट चाहिने लगानी जुटाउँदै जान्छ । त्यसपछि आवश्यक थप लगानी जुटाउन धितो राख्न सक्नेले बैंकबाट ऋण लिन्छन् ।

तर, नेपालमा धितो राख्न नसक्नेहरू आफ्नो राम्रो सोच र योजना भए पनि व्यवसायलाई खुम्च्याएर राख्न बाध्य हुन्छन् । किनकि नेपालको बैंक फाइनान्सिङ पूर्ण रूपमा धितोमा आधारित छ, बिजनेस प्लान हेरेर आइडियामा लगानी गर्दैनन्, बैंक तथा वित्तीय संस्थाले ।

अन्य विकसित वा उद्यमशीलता विकासलाई प्राथमिकता दिइएका मुलुकमा वैकल्पिक लगानीका साधन र व्यवस्था हुन्छन् । त्यस्ता मुलुकमा नयाँ सोच र सिर्जनात्क व्यापारिक सोचलाई प्रोत्साहित गर्न सरकारी र अन्य गैरसरकारी

विभिन्न निकायको सहयोग, संलग्नता र सहकार्यले पनि एउटा उद्यमीलाई सफल बनाउँछ । तीमध्ये सरकार एक प्रमुख पात्र हो । सरकारको नीति-नियम, कानुनले उद्यमीलाई सधैं असर वा प्रभाव पार्छ, चाहे त्यो सकारात्मक होस् वा नकारात्मक । सरकारी कार्यक्रमले पनि केही हदसम्म उद्यमशीलता विकासलाई प्रवर्द्धन गर्ने गर्दछ ।

निकाय वा निजी ठूला कम्पनीले 'च्यालेन्ज फन्ड'को व्यवस्था गरी नवउद्यमी र उनीहरूको सोचलाई अगाडि बढाउन चाहिने लगानी गरिदिन्छन् । त्यस्तो कोषको रकम फिर्ता गर्नुपर्ने वा नपर्ने पनि हुन सक्छ ।

जब उद्यमीले आफ्नो व्यवसायलाई विस्तार गर्दै लैजान सक्ने सम्भावना देख्छ र 'गर्छु' भन्ने सोच आउँछ, उसलाई थप लगानी आवश्यक पर्न थाल्छ । त्यस्तो अवस्थामा उद्यमीले संस्थागत लगानीकर्तासँग सहकार्यको प्रस्ताव लिएर जान्छ र आफूलाई चाहिने लगानी जुटाउँछ । व्यवसायको विभिन्न चरणमा भिन्नभिन्न किसिमका लगानीकर्ताले लगानी गर्ने गरेको पाइन्छ । एन्जल इन्भेस्टर, प्राइभेट इक्विटी, भेन्चर क्यापिटल, हेज फन्ड इत्यादि जस्ता लगानीकर्ताले उद्यमीको विभिन्न व्यावसायिक चरणमा लगानी गर्छन् ।

नेपालमा हालसालै विशेष लगानीको आवश्यकता महसुस गरी सरकारले प्राइभेट इक्विटी, भेन्चर क्यापिटल र हेज फन्डलाई पहिलोपटक सम्बोधन गरेको छ । यो नियम आएसँगै आन्टरप्रेनियल इकोसिस्टमलाई बलियो बनाउने आवश्यकता सरकारले महसुस गरेको देखिन्छ । तर नेपालको परिप्रेक्ष्यमा यस्ता वैकल्पिक लगानीको विषय सरकारी अधिकारीलाई समेत नितान्त नयाँ हुने भएकाले दक्ष जनशक्तिको अभावमा यसको कार्यान्वयन कछुवा गतिमा अघि बढ्ने हो कि भन्ने चिन्ता सरोकारवालामा छ । यस्ता वैकल्पिक लगानीलाई संस्थागत र दृढ बनाउन सकेको खण्डमा उद्यमीलाई लगानीका लागि केबल बैंक तथा वित्तीय संस्था धाउनुपर्ने दिनको अन्त्य हुने थियो । यस्ता लगानीले नविनतम सोचलाई धेरै हदसम्म सहयोग गर्ने भएकाले नेपालमा पनि आगामी दिनमा ग्राहकमुखी नविनतम व्यवसायले बजारमा ठूलो हिस्सा बनाउने अपेक्षा गर्न सकिन्छ ।

◆ निष्कर्ष

एउटा बलियो आन्टरप्रेनियल इकोसिस्टम संस्थागत भएमा त्यसभित्र एउटा उद्यम/व्यवसाय सानो आकारबाट सुरू भएर ठूलो कर्पोरेटमा परिवर्तन हुन सक्छ । यसको बलियो उदाहरण हो आज संसारकै मूल्यवान कम्पनीमध्ये पर्ने- एप्पल । कम्प्युटर बनाउने व्यवसायका रूपमा ग्यारेजबाट सुरू भएको एप्पलले आफ्नो प्रडक्टलाइन विस्तार गर्दै आज मोबाइल फोन, कम्प्युटर, ल्यापटप, स्मार्ट घडी लगायत सामग्री उत्पादन गर्न सफल भएको छ । एप्पलका संस्थापकले एचपी क्याल्कुलेटर र बुबाको गाडी बेचेर (बुट स्ट्रापिङ मेथड अफ फाइनानसिङ) काम सुरू गरेका थिए । विस्तारै व्यवसाय बढ्दै गएपछि उद्यम (एप्पल) सिलिकन भ्याली सऱ्यो जहाँ उद्यममैत्री प्रतिष्ठित प्राइभेट इक्विटी, भेन्चर क्यापिटल, हेज फन्ड, इन्क्युबेटर्स, मेन्टर्स इत्यादि उद्यम विकास र लगानीका संयन्त्र उपलब्ध छन् । एप्पलले विभिन्न चरणमा प्राइभेट इक्विटी, भेन्चर क्यापिटल लगायतबाट लगानी उठाउँदै संसारकै ठूलो कम्पनीका रूपमा विकास हुन सक्यो । बजार पुँजीकरण ट्रिलियन (दस खर्ब) डलर हुने विश्वकै पहिलो कम्पनी बन्ने यात्रामा सिलिकन भ्यालीजस्तो बलियो आन्टरप्रेनियल इकोसिस्टमले अवश्य पनि ठूलो भूमिका खेलेको छ ।

नेपालमा पनि आन्टरप्रेनियल इकोसिस्टमको अवधारणा विस्तारै विकास भइरहेको छ । विशेषगरी युवा पुस्तामा स्टार्टअप सुरू गर्ने लहर चलेको छ । यस्ता स्टार्टअप कम्पनी नविनतम सोचमा विश्वास गर्ने व्यक्तिले सञ्चालन गरेका छन् । यी कम्पनीले आफ्नो मूल्य, मान्यता र ग्राहकवर्गमा बढी केन्द्रित हुँदै बजारमा नयाँ वस्तु वा सेवा पस्किन्छन् ।

नेपालमा यस्तो सोच भएका व्यक्तिलाई बजारमा चिनाउने काम विभिन्न कलेज र संघ-संस्थाले गर्न थालेका छन् । नवउद्यमीलाई मेन्टरसिप प्रदान तथा कार्यालय सञ्चालन गर्नका लागि उचित ठाउँ र सेवा प्रदान गर्नुका साथै अन्य सरोकारवालासँग सम्बन्ध स्थापित तथा सहकार्य गर्न सहयोग गर्ने उद्देश्यले बिजनेस इन्क्युबेसन केन्द्र पनि सञ्चालनमा आउन थालेका छन् । ती इन्क्युबेसन केन्द्रमा सञ्चालित कम्पनीमा लगानीकर्ता लगानी गर्न इच्छुक देखिन थालेका छन्, स्टार्टअपले लगानी पाउन थालेका छन् । उद्यम विकासको विभिन्न चरणमा लगानी गर्ने विभिन्न किसिमका लगानीकर्ता पनि नेपालमा अघि आउन थालेको पाइन्छ । विगत केही वर्षयता विदेशी इम्प्याक्ट इन्भेस्टरहरूले यहाँका उद्यममा लगानी गर्न ठूलै चासो देखाएका छन् । यस्ता लगानीकर्ताले समाजप्रति बढी उत्तरदायी कम्पनीलाई लगानी गर्ने गर्छन् । इम्प्याक्ट इन्भेस्टरहरूले आर्थिक लाभ वा प्रतिफल त हेर्छन् नै, तर त्योभन्दा बढी व्यवसायले समाजमा पार्ने सकारात्मक असरलाई महत्त्व दिन्छन् ।

यसरी नेपालमा निजी क्षेत्रले उद्यमशीलता विकासमा केही ठोस र सकारात्मक कदम चाल्न थालेको देखिन्छ । अर्कोतर्फ सरकारी निकाय भने यसतर्फ कछुवा चालमा छ । उता छिमेकी राष्ट्रहरू भारत होस् वा भुटान, त्यहाँ सरकारले नवउद्यमीलाई सहयोग गर्न उपयुक्त कार्यक्रम मात्र होइन दिनहुँजसो नवउद्यममैत्री नयाँ नीति तथा कानुन ल्याइरहेका छन् ।

नेपालमा पनि उद्यमशीलताको विकास गर्ने हो भने बलियो र संस्थागत आन्टरप्रेनियल इकोसिस्टम बनाउन जरूरी छ । यस विषयमा सरकारको सकारात्मक भूमिकाको खाँचो छ । उद्यमीबाट कर उठाउन मात्र ध्यान केन्द्रित गर्ने होइन, उनीहरूलाई सक्षम र सुदृढ बनाउने जिम्मा पनि सरकारले लिन सक्नुपर्छ ।

बिगत ३ दशक देखि स्वास्थ्य सेवामा समर्पित

SEPTIDINE

Povidone Iodine Solution 5% & 10% ,
Gargle 1% (100ml) & Ointment 5% (15g)

सेप्टिडीन

50ml,100ml, 1000ml, गार्गल र मल्हममा उपलब्ध छ ।

चोटपटक, काटेको तथा घाउ-खटिराको उपचारमा अत्यन्त प्रभावकारी एन्टिसेप्टिक औषधि

"अन्तराष्ट्रिय गुणस्तरको उत्पादन अब स्वदेशमै"

WHO-GMP

ISO 9001 REGISTERED DNV UKAS

ISO 14001 REGISTERED DNV MGMT. SYS. RvA C425

WHO-GMP तथा ISO 9001 र ISO 14001 को
प्रमाणिकृत नेपालकै पहिलो कम्पनी

देउराली-जनता फर्मास्यूटिकल्स प्रा. लि.
घर नं. ६७९, बुढानीलकण्ठ सडक, बाँसवारी, का. म. न. पा. , वडा नं. ०३,
फोन नं: ४०१८७७७, ४०१८५०३, ४०१८५०४, ४०१८६४२, ४०१८६५२
पोस्ट बक्स: ४२३९, E-mail: info@deuralijanta.com
Website: www.deuralijanta.com

सामाजिक सुरक्षा योजनाको दायराभित्र पर्ने सुविधाहरु

(१) औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना

- व्यवसायजन्य रोगको उपचार(सम्पूर्ण उपचार खर्च)
- अन्य रोगको अस्पतालमा भर्ना भई गर्नुपर्नेउपचार (वार्षिक रु. एक लाख मध्ये ८० हजार सम्म)
- औषधिमात्र खाएर/लगाएर गर्नुपर्ने उपचार (वार्षिकरु. २५,००० मध्ये २० हजार सम्म)
- प्रसुती अवस्थामा गर्नुपर्ने औषधोउपचार लगायत भत्ताको व्यवस्था

(२) दुर्घटना तथा अशक्तता सुरक्षा योजना

दुर्घटना

- रोजगारजन्य दुर्घटना (सम्पूर्ण उपचार खर्च)
- अन्य दुर्घटना (सात लाख सम्मको उपचार खर्च)

अशक्तता

- स्थायी पूर्ण असक्षमता (मासिक रुपमा आधारभूत पारिश्रमिकको साठी प्रतिशत निवृत्तभरण पाउने)
- स्थायी अंशिक असक्षमता (असक्षमताको प्रतिशतको आधारमा मासिक रुपमा निवृत्तभरण पाउने)
- अस्थायी असक्षमता (काममा नफर्कदासम्म मासिक रुपमा आधारभूत पारिश्रमिकको साठी प्रतिशत निवृत्तभरण पाउने)

(३) आश्रित परिवार सुरक्षा योजना

- पारिवारिक वृत्ति (पति/पत्नी/एकाघरका बुवा आमाले आधारभूत पारिश्रमिकको साठी प्रतिशत निवृत्तभरण पाउने)
- सन्ततिलाई शैक्षिक वृत्ति (आधारभूत पारिश्रमिकको साठी प्रतिशतसम्म पाउने)

(४) वृद्ध अवस्था सुरक्षा योजना

- निवृत्तभरण योजना (कोषमा १५ वर्ष योगदान गरि ६० वर्ष उमेर भएमा)
  - वृद्धावस्था
  - आश्रित परिवार
  - अशक्तता
- अवकाश सुविधा योजना
  - ०७६ असार मसान्तभित्र रोजगार सम्बन्ध कायम भएका तर निवृत्तभरण योजनामा सहभागी हुन निवेदन नदिएका तथा ०७६ असार मसान्तपछि रोजगार सम्बन्ध कायम भई ६० वर्ष उमेर पुगुन्जेल कोषमा १५ वर्ष योगदान नपुगेका योगदानकर्ता सहभागी हुने

आश्रित परिवार

- योगदानकर्ताको मृत्यु भएमा
- निवृत्त योगदानकर्ताको मृत्यु भएमा

थप जानकारीको लागि, टोल फ्री नंबर 1116 वा www.ssf.gov.np

सामाजिक सुरक्षा कोष
बबरमहल, काठमाण्डौ

उत्प्रेरक आन्तरिक उद्यमी

विदेशी लगानीकर्ता नेपाल आउन चाह्यो भने सबैभन्दा पहिला उसले स्वदेशी उद्योगी, व्यवसायीसँगै देशको वातावरण बुझ्छ । स्वदेशी लगानीकर्ता बलियो भयो भने उसले विदेशी ल्याउन सहयोग गर्छ । देशभित्र उद्योगी छैनन् भने विदेशी लगानीकर्ता आउँदै आउँदैन । हाइड्रो, सिमेन्ट उद्योगमा स्वदेशीकै कारण विदेशी लगानीकर्ता आएका हुन् ।

पशुपति मुरारका

नेपालमा औद्योगिकीकरणको इतिहास धेरै लामो छैन । २०३९ सालअघिसम्म नेपालमा एकाध जुटमिल स्थापना भएका थिए । त्यही बेला चामल, तेल र दाल उद्योग खुलेको पाइन्छ । नेपालमा चामल मिलहरूले केही परिमाणमा निर्यात पनि गर्थे । जनकपुर चुरोट कारखाना, सलाइ उद्योग, बिँडी उद्योग पनि सोही बेला खुलेका हुन् । यसको अर्थ नेपालमा उद्योग-धन्दा सुरू भएको ४० वर्ष जति मात्रै भएको छ । यद्यपि छिमेकी मुलुक भारतको तुलनामा नेपाल पहिला आर्थिक उदारीकरणमा गएको हो ।

खास गरेर २०३९ सालमा कच्चा पदार्थ आयातमा भन्सार छुट दिएपछि केही उद्योग फस्टाए । त्यो बेला सरकारले एक प्रतिशतमात्रै भन्सार लिने गरेको थियो । सोही समयमा पाँच वर्षका लागि आयकर पनि छुट दिएको थियो । तर त्यो बेला उद्योग खोल्न लाइसेन्स लिनुपर्ने तथा सामान ल्याउन पनि अनुमति लिनुपर्ने व्यवस्था थियो ।

देश आर्थिक उदारीकरणमा गयो; त्यो बेला उद्योग क्षेत्रमा एउटा चमत्कार नै भयो । २०४६ सालको आन्दोलनपछि निर्वाचित सरकार बन्यो । त्यो सरकारले औद्योगिक क्षेत्रमा क्रान्ति नै गऱ्यो । उद्योग खोल्न अनिवार्य लाइसेन्सको प्रावधान पूर्ण रूपमा हटाइयो । त्यहींबाट औद्योगिक वातावरण बनाउन सुरू भएको हो । त्यही बेला आयात गर्न पनि खुला गरियो ।

त्यसपछि उद्योगहरू फस्टाउने चरण सुरू भएको हो । सुरू-सुरूमा स्वदेशी उद्योगीसँग ठूलो परिमाणमा उद्योग लगाउने क्षमता पनि थिएन । पुँजी पनि थिएन । स-सानो पुँजीबाट उद्योग स्थापना गरेका थिए । त्यसपछि स्टिल, प्लास्टिक, सिमेन्ट लगायत उद्योगहरू विस्तारै थपिँदै गए ।

पहिला उद्योग खोल्न लाइसेन्स लिनुपर्ने प्रावधानले सताएको थियो, पछि उद्योग खोल्न लाइसेन्स नै हुनुपर्ने प्रावधान हटाएपछि धेरै सहज भयो । नेपालमा उत्पादित सामानलाई भारतमा भन्साररहित प्रवेश दिने सम्झौता गरेपछि विदेशी तथा स्वदेशी लगानीकर्ता नेपालमा आकर्षित हुन थाले ।

एकातिर सरकारले आफ्नो प्रक्रियालाई सहज बनाउँदै लग्यो भने अर्कोतिर नेपाली उद्योगीको क्षमता बढ्दै गयो । विदशी लगानी पनि बढ्दै जान थालेको थियो । देशको अर्थतन्त्रले विस्तारै फड्को मार्दै गयो । नेपालीहरू विदेशतिर रोजगारीका लागि गए र त्यहाँबाट उनीहरूले पठाएको पैसाले अर्थतन्त्र विस्तारै उकालो लाग्यो । र मुलुकभित्र विस्तारै एकपछि अर्को गर्दै उद्योगहरू थपिँदै गए ।

देश उदारीकरणमा गइसकेपछि ठूला भनिएका उद्योगहरू सबै स्वदेशी लगानीकर्ताले नै स्थापना गरेका छन् । एयरलाइन्स व्यवसायमा स्वदेशी लगानीकर्ताले एकदमै राम्रो गरेका छन्, बैंकिङ क्षेत्रमा पनि एकाधबाहेक सबै स्वदेशी लगानीकर्ताले स्थापना गरेका हुन् । त्यो क्षेत्र स्वदेशी उद्योगीले राम्रै चलाइरहेका छन् । बैंकिङ क्षेत्रमा प्रयोग भएको प्रविधि, पुँजी, जनशक्तिलगायत सबै आफ्नै छ । स्टिल, सिमेन्ट, प्लास्टिक, चिनी, धागो, कपडा उद्योग, हाइड्रोपावर, स्कुल, अस्पताल, चिया, मिडिया उद्योगलगायत सबैमा स्वदेशी लगानीकर्ताको बर्चस्व छ । स्वदेशी उद्योगीले एक किसिमको छाप नै छाडेका छन् ।

यतिसम्म कि स्वदेशी उद्योगले उत्पादन गरेका कतिपय ब्रान्ड विश्व बजारमा पुगेका छन् । नेपाली उत्पादनले नेपालको शान बढाएका छन् ।

उदाहरणको रूपमा गोल्डस्टार जुत्ता, वाईवाई चाउचाउ, शेर्पा गार्मेन्ट, हिमालयन जाभालाई लिन सकिन्छ । ती सबै नेपाली ब्रान्ड स्वदेशीले बनाएका हुन् ।

यसबीचमा सशस्त्र द्वन्द्व भयो । त्यो अवधिमा उद्योगहरू जुन गतिमा अघि बढ्नुपर्ने हो, त्यो भएन । र, त्यो बेला विदेशी लगानी आउन ठप्पप्रायः भयो । राजनीतिक अवस्था यस्तो हुँदाहुँदै पनि यहाँसम्म आउँदा निजी क्षेत्रको क्षमता छ है भन्ने प्रमाणित भइसकेको छ । अरूभन्दा हाम्रा निजी क्षेत्रका उद्योगहरू क्षमतावान छन् भन्ने देखियो ।

हो, हामीसँग क्षमता कम छ । देशमा पुँजीको अभाव छ । लगानीयोग्य पुँजी छैन । स्वदेशी लगानीकर्ता जोखिम मोल्न तयार छन् र सक्छन् पनि । प्रविधि पनि भित्र्याउन सक्छन् । लगानी गर्न पनि तयार हुन्छन् । तर पुँजीको अभाव छ । यसले उद्योगी, व्यवसायीलाई ठूलो समस्या बनाएको छ । देशमा प्रविधिको अभाव देखिँदैन, जनशक्तिको पनि खासै अभाव छैन । बजार पनि छ, तर अभावै भनेको पुँजीको हो ।

स्वदेशी लगानीको महत्व

स्वदेशी उद्योगीले उत्पादन गरेको नाफा बाहिर जाँदैन । हामी आफैं बाहिर जान नसक्ने अवस्था भएकाले स्वदेशी पुँजी स्वदेशमै रहन्छ । हामीलाई स्वदेशमै लगानी गरौं भन्ने इच्छा हुन्छ । विदेशी लगानी आयो भने नाफा सबै बाहिर लग्ने हो । उदाहरणको रूपमा खिम्ती जलविद्युत् आयोजनालाई लिन सकिन्छ । उसले यहाँ लगानी गऱ्यो, नाफा पनि लिएर गयो । त्यति बेला हामीलाई लगानी आवश्यक थियो । नाफा पनि राम्रै गऱ्यो । पैसा सबै लिएर बाहिर गयो । थप लगानी गरेन ।

स्वदेशी लगानीकर्ताले नाफा गरेको अवस्थामा लगानी नेपालमै हुन्थ्यो । बाहिर जाने अवस्था हुँदैन । स्वदेशी उद्योगीलाई आफ्नो देशको माया हुन्छ, जसले गर्दा यहीँ लगानी गरौं भन्ने हुन्छ । र, अर्को कुरा स्वदेशी उद्योगीले सरकारसँग धेरै माग, बार्गेनिङ गर्दैनन् ।

विदेशी उद्योगीले स्वदेशीको तुलनामा बढी माग गर्छन् । र, सरकारले पनि विदेशी लगानीकर्तालाई बढी माया गर्ने गरेको पाउँछौं । उसको कुरा सबैभन्दा पहिला सुनुवाइ हुन्छ । स्वदेशी लगानीकर्ताको कुरा सुनिदैन । जबकि हुनुपर्ने उल्टो हो । म के भन्छु भने- बढी नदिऊँ तर, घटी पनि नदिऊँ ।

विदेशी लगानीकर्ताले सबै नाफा लिएर जान्छ । अर्को विदेशी लगानीमा खुलेका उद्योगको उत्पादन लागत महँगो हुन्छ । उद्योगलाई चाहिने प्रविधि र सामग्री प्रायः विदेशबाटै आउँछ । ठूला ठूला म्यानेजरहरू सबै विदेशबाटै लिएरै आउँछन् ।

> स्वदेशी उद्योगीले उत्पादन गरेको नाफा बाहिर जाँदैन । हामी आफैं बाहिर जान नसक्ने अवस्था भएकाले स्वदेशी पुँजी स्वदेशमै रहन्छ । हामीलाई स्वदेशमै लगानी गरौं भन्ने इच्छा हुन्छ । विदेशी लगानी आयो भने नाफा सबै बाहिर लग्ने हो । उदाहरणको रुपमा खिम्ती जलविद्युत् आयोजनालाई लिन सकिन्छ ।

त्यसैले मुलुकका लागि स्वदेशी लगानीकर्ता नै फाइदाजनक हुन्छ । यसको अर्थ विदेशी लगानीकर्ता चाहिँदैन भन्न खोजेको होइन । हाम्रो उद्योगको क्षमताभन्दा बाहिरको क्षेत्रमा विदेशी लगानीकर्ता चाहिन्छ, ल्याउनु पर्छ । हवाईजहाज बनाउनुपऱ्यो भने हामीसँग पुँजी, प्रविधि केही छैन । विदेशी नै गुहार्नु पर्छ ।

यस्तै, पाँच सय मेगावाटभन्दा माथिको जलविद्युत् आयोजना बनाउनुपऱ्यो भने विदेशीलाई नै बोलाउनुपर्छ । किनकि पैसा उनीहरूसँगै छ । यस्ता कतिपय उद्योगमा विदेशी लगानी चाहिन्छ । तर स्वदेशी लगानीकर्तालाई पनि राज्यले ग्राह्यता दिनुपऱ्यो भन्न खोजेको हो । नेपाली उत्पादनहरू विदेशी बजारमा पुगिरहेका छन् । त्यो उत्पादन कहाँको हो भन्दा नेपालकै हो । कतिपय ब्रान्डले एम्बेडरको काम गर्छ । जस्तो हिमालयन जाभाले नेपालको कफीलाई परिचित गराएको छ । यस्ता कतिपय ब्रान्डले देशको प्रतिनिधित्व गर्छन् । गोल्टस्टार जुत्ता अन्तर्राष्ट्रिय स्तरमा ब्रान्डको रूपमा उपस्थित छ । यस्ता ब्रान्डले धेरै कुरामा सहयोग गरेको हुन्छ । र, विदेशी लगानीकर्ता नेपाल आउन चाहेमा सबैभन्दा पहिला उसले स्वदेशी उद्योगी, व्यवसायीसँगै देशभित्रको वातावरण बुझ्ने हो । त्यसैले विदेशी लगानीकर्ता आकर्षित गर्न पनि स्वदेशी लगानीकर्ता बलियो हुनुपर्छ ।

स्वदेशी लगानीकर्ता बलियो भयो भने उसले विदेशी लगानीकर्ता ल्याउन सहयोग गर्छ । देशभित्र उद्योगी छैनन् भने विदेशी लगानीकर्ता आउँदै आउँदैन । हाइड्रोमा स्वदेशी लगानीकर्ताले सुरू गरेपछि मात्रै विदेशी आएका हुन् । सिमेन्ट उद्योगमा पनि त्यस्तै हो । यस्ता उद्योगमा कोही न कोही लोकल साझेदार भएकै छन ।

अर्को महत्त्वपूर्ण कुरा, स्वदेशी पुँजी स्वदेशमै रहन्छ । हामी जस्ता स्वदेशी लगानीकर्ताले त्यति हाइफाई गर्दैनौं । र, अर्को कुरा विदेशी लगानीकर्ता के के उद्देश्यले आएका छन्, त्यसलाई कसरी विश्वास गर्ने ? उद्योग व्यवसाय मात्रै गर्न आएका छन् कि अरू कुनै उद्देश्य लिएर आएका छन् । विदेशी उद्योगी, व्यवसायी आज यहाँ छ भोलि केही गडबड गऱ्यो भने बाहिर गइहाल्छ । त्यसैले विदेशी लगानीकर्ता भित्र्याउन पनि स्वदेशी लगानीकर्ता चाहिन्छ ।

जुन क्षेत्रमा स्वदेशी लगानीकर्ताले सफल रूपमा काम गरिराखेका छन्, त्यस्ता क्षेत्रमा विदेशी लगानी आवश्यक हो वा होइन भन्ने सोच्नुपर्ने बेला आएको छ । त्यतिमात्रै होइन, जहाँ विदेशी लगानी आवश्यक हुन्छ त्यहाँ मात्रै लगानी गर्ने गरी छुट्ट्याइदिनु पर्छ । विदेशी लगानीकर्तासँग पर्याप्त मात्रामा पुँजी हुन्छ । उनीहरू केही वर्षसम्म घाटा खाएर पनि व्यवसाय गर्न सक्छन् । तर विदेशी लगानीकर्तासँग स्वदेशी लगानीकर्ताले प्रतिस्पर्धा गर्न सक्दैन । र, स्वदेशी लगानीकर्ता त्यहाँबाट पलायन हुन्छन्, त्यसपछि विदेशी लगानीकर्ताको राज चल्छ ।

स्वदेशी लगानीकर्ताको चुनौती

नेपालमा लगानीका धेरै ठूला चुनौतीहरू छन् । मुलुकमा यसअघि द्वन्द्व थियो त्यसबाट देश मुक्त भयो । त्यसपछि १८-१८ घन्टा लोडसेडिङको समस्या थियो, त्यो सबै हट्यो । मजदुर ट्रेड युनियनको समस्या थियो । त्यो करिब करिब हल भएको अवस्था हो । पहिला लाइसेन्स राज थियो त्यो सबै हट्यो । अहिलेको ठूलो समस्या पुँजीको अभाव नै हो । बैंकहरूसँग लगानी गर्न लगानीयोग्य पुँजी छैन । त्यसैगरी, अहिले कानुनी अड्चन बढ्दै गएका छन् । तीन तहको सरकार अर्को चुनौतीको रूपमा देखापरेको छ ।

उद्योगी व्यवसायीलाई हेर्ने दृष्टिकोण परिवर्तन भएको छैन । अहिले पनि मुनाफाखोरको दृष्टिकोणले हेरिन्छ । त्यो सबैभन्दा ठूलो समस्या हो । अहिले पछिल्लो समय राजनीतिक दल, सरकारी कर्मचारी, आम जनतामा उद्योगी व्यवसायीलाई हेर्ने दृष्टिकोणमा थोरै परिवर्तन त आएको छ । तर जति परिवर्तन हुनुपर्ने हो, त्यो हुन सकेको छैन । सरकारी नियम कानुनको अधीनमा रहेर व्यापार व्यवसाय गरेर कमाइ गरेको छ भने हेर्ने नजरियामा परिवर्तन आउनु पर्छ ।

त्यसैगरी, अहिले उद्योगी व्यवसायका निम्ति कानुनी स्पष्टता नै छैन । अन्तर मन्त्रालयबीच एकआपसमा समन्वय छैन । अदालतमा धेरै बोझ छ । न्याय सम्पादन ढिलो छ ।

सरकारले उद्योगी, व्यवसायीलाई सहज हुनेभन्दा ठूलो मात्रामा मासलाई खुसी पार्ने गरी काम गर्नुपर्छ भन्ने सोच राखेको छ । उद्योगी, व्यवसायीलाई दुःख दिएमा ठूलो मास खुसी हुन्छ भन्ने गरी हेरिन्छ । यसले गर्दा कताकता उद्योगी व्यवसायलाई निरूत्साहित बनाउँछ कि जस्तो लाग्छ ।

उद्योगी व्यवसायीलाई हेर्ने दृष्टिकोण परिवर्तन भएको छैन । अहिले पनि मुनाफाखोरको दृष्टिकोणले हेरिन्छ । त्यो सबैभन्दा ठूलो समस्या हो । अहिले पछिल्लो समय राजनीतिक दल, सरकारी कर्मचारी, आम जनतामा उद्योगी व्यवसायीलाई हेर्ने दृष्टिकोणमा थोरै परिवर्तन त आएको छ । तर जति परिवर्तन हुनुपर्ने हो, त्यो हुन सकेको छैन । सरकारी नियम कानुनको अधीनमा रहेर व्यापार व्यवसाय गरेर कमाइ गरेको छ भने हेर्ने नजरियामा परिवर्तन आउनु पर्छ ।

त्यसैगरी, सरकारले आर्थिक अपराधलाई नै सबैभन्दा ठूलो अपराध मानेको छ । आर्थिक अपराध गर्नेबित्तिकै जेलमा हाल्न थालियो । मान्छे मारेर गएकालाई जमानतमा छुट वा अन्य केही प्रावधानबाट छुट्न सकिएला । तर आर्थिक अपराध गरेको व्यवसायी छुट्दै छुट्दैन । उद्योगी, व्यवसायीको सबैभन्दा ठूलो बिडम्बना यही हो ।

हामीलाई जमानतमा छुट्ने व्यवस्था नै छैन । भारतमा उद्योगी, व्यवसायीलाई समाउन थाल्यो भने पहिल्यै अग्रिम जमानत लिएर आउँछन् मान्छेहरू । भारतमा उद्योगी, व्यवसायीलाई जेलमा हालेर कारवाही गर्ने परिपाटी एकदमै कम छ । भारतले आफ्नो राजस्व छोड्ने पनि होइन । आर्थिक अपराध गरेको व्यवसायीलाई जेलमा हाल्यो भने राजस्व डुब्न सक्छ । यस्तो प्रावधानले व्यवसायी डुब्ने भएकाले असुल गर्ने तरिका त्यो होइन ।

हामी जस्ता व्यापारीले आफ्नो डिलरलाई घाटा लागेको छ भने त्यसलाई थोरै सहयोग गरेर उकास्नु पर्छ । उसलाई माथि उकास्ने प्रयास गर्छौं पनि । पुरानो, नयाँ सबै पैसा आइहाल्छ भन्ने आस हुन्छ । त्यसैगरी, सरकारले पनि वैकल्पिक उपाय अपनाएर अघि बढ्न सक्छ । तर आर्थिक अपराध गरेका उद्योगी, व्यवसायीलाई जेलमा राख्दा उसको व्यापार, व्यवसाय पनि डुब्ने र राज्यले पाउनुपर्ने कर पनि नउठ्ने सम्भावना हुन्छ ।

अर्को चुनौती भनेको दक्ष कामदारको अभाव हो । अहिले दक्ष कामदार पाउनै मुस्किल छ । दक्ष पाए पनि अनुभवी कामदार पाउन कठिन छ । हाम्रो सीमित मार्केट भएको कारणले सीप नै बढाउन सकेनौं ।

अर्को चुनौती कमजोर भौतिक पूर्वाधार नै हो । बाटोघाटो पुलपुलेसा लगायत भौतिक पूर्वाधारमा समस्या छ । वीरगन्जदेखि काठमाडौंसम्मको दुरी दुई सय किलोमिटर जति होला । अहिले प्रतिकेजी भाडा दुई रूपैयाँभन्दा बढी पर्छ । यसको अर्थ ढुवानी खर्च एकदमै बढी छ । जबकि कोलकाता-वीरगन्जको दुरी सात सय किलोमिटरभन्दा बढी छ । तर त्यहाँबाट वीरगन्ज सामान ल्याउँदा प्रतिकेजी दुई रूपैयाँ ५० पैसा मात्रै ढुवानी खर्च लाग्छ ।

त्यसैले स्वदेशी लगानीकर्ता भनेका देशका अभिन्न अंग हुन् । उनीहरूको सहभागिताबिना सरकारले राखेको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सक्दैन । त्यही भएर स्वदेशी पुँजी र स्वदेशी लगानीकर्तालाई थप प्रोत्साहित बनाउन राज्यले आवश्यक कदम चाल्नु आजको आवश्यकता हो ।

खाता सम्बन्धी जानकारीका लागी
QR Code Scan
गर्नुहोस्।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMTED
सबैका लागि, सधैंका लागि
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको ईजाजत पत्र प्राप्त संस्था)

Corporate Office:
Phone: 01-4443075-79
Marketing Department: 9851190186
Email Id: marketing@kumaribank.com

विदेशी लगानीकर्ताको मूल्यांकनमा नेपाल

नाफा फिर्ता र बहिर्गमनका झन्झट, भू-राजनीतिक वस्तुस्थिति, निजी क्षेत्रबाटै हुने विरोध, कमजोर बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी व्यवस्था, आफैंले स्वागत गरेको प्रत्यक्ष वैदेशिक लगानीलाई समय क्रममा गरिने फरक व्यवहार, अनियन्त्रित चन्दा आतंक जस्ता विषय नेपालको हकमा विदेशी लगानीकर्ताले उठाउने 'इस्यु'का रूपमा छन् ।

पुष्पराज आचार्य

विदेशी लगानी आकर्षण गर्ने विभिन्न कारक हुन्छन् । सम्बन्धित देशमा अन्य विदेशी लगानीकर्ताको उपस्थिति, तिनले प्राप्त गरेको प्रतिफल र बजारको उपलब्धताले यसमा निर्णायक भूमिका खेल्छन् । प्रतिफल उच्च छ र सरकारले लगानी सुरक्षाको प्रत्याभूति दिन्छ भने अन्य जोखिमको पर्वाह नगरी बाह्य लगानीकर्ता प्रवेश गर्न सक्छन् ।

लगानीको निर्णयलाई प्रभावित पार्ने भनेकै जोखिम र प्रतिफलको आँकलनले हो । विश्व बैंकको एक अध्ययनअनुसार कुनै पनि विदेशी लगानीकर्ताले बजारको आकार, कानुनी शासन, आर्थिक स्थायित्व, अनुकूल विनिमय दर, कामदारको सीप र दक्ष कामदारको उपलब्धता, कर्जा उपलब्धता, करका दर, भौतिक पूर्वाधारको अवस्थाभन्दा अघि दुई मुख्य सबालबाट लगानी गर्ने या नगर्ने निर्णय गर्छ । त्यो हो- लगानीको सुरक्षा र प्रतिफल ।

त्यसपछि उनीहरूले राजनीतिक स्थायित्व, कानुनी र नियामकीय वातावरण हेर्छन् । नियामकीय व्यवस्था कत्तिको लगानीमैत्री छ भन्ने विषय विदेशी लगानी आकर्षित गर्ने सवालमा अहम् हुन्छ ।

विदेशी लगानी स्वागत गर्न तत्पर रहेको नेपालले लगानीकर्ताको दृष्टिकोणबाट उठेका महत्त्वपूर्ण मुद्दामा बिहङ्गम समीक्षा गर्नु जरूरी छ । सन् १९९० को दशकमा नेपालले उल्लेख्य विदेशी लगानी भित्र्याएको देखिन्छ । त्यसबेला भित्रिएका विदेशी लगानीका कम्पनीले नेपालमा प्राप्त गरेको मुनाफा पनि तुलनात्मक रूपमा राम्रो छ । तर पनि उनीहरू नेपालमा पुनः लगानीका लागि उत्साहित भएनन् । सरकारले लाभांशमा कर छुट दिएर पुनः लगानी प्रोत्साहित गर्न खोजे पनि त्यो काम लागेन ।

विदेशी लगानीकर्ताले नाफा फिर्तामा हुने झन्झटलाई पुनः लगानीको अवरोधका रूपमा व्याख्या गर्ने गरेका छन् । प्रतिफलमा लगानीकर्ता सन्तुष्ट भए पनि नाफा फिर्ताका प्रक्रियागत झन्झटले थप लगानीलाई निरूत्साहित गरेको छ ।

नेपालको हकमा विदेशी लगानीमा हाम्रो भू-राजनीतिको प्रभाव अतिरिक्त कारण हो । नेपालमा भारत या चीनको लगानी सफल भएको छ कि छैन, पश्चिमा र विकसित राष्ट्रका लगानीकर्ताले यसलाई पनि हेरिरहेका हुन्छन् । चीन र भारतको राजनीतिक प्रभावको व्यापकताकै कारण भारतीय र चिनियाँ लगानीकर्ताका परियोजना सफल हुन सकेका छैनन् भने त्यो क्षेत्र अन्य लगानीकर्ताका लागि सहज छैन भन्ने सन्देश जान्छ । भारतीय वा चिनियाँ लगानीकर्ताले लिएर सफल हुन नसकेका कतिपय जलविद्युत् आयोजनामा अन्य देशबाट लगानी ल्याउन मुस्किल देखिएको छ । भारत र चीन दुवै विश्व अर्थतन्त्रमा उदीयमान शक्ति हुन्; दुवैको प्रभाव विश्वभर विस्तार भइरहेको छ । हाम्रा दुई छिमेकी देशबाट कस्तो लगानी भित्र्याउने र त्यसलाई कसरी सफल बनाउने भन्ने सवालमा हामी थप चनाखो हुनुपर्नेछ ।

खासगरी, नेपालकै निजी क्षेत्रबाट हुने विरोध (एन्टी-लबी) र कमजोर बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी व्यवस्थाका कारण नेपाल भित्रिएका प्रत्यक्ष वैदेशिक लगानी फिर्ता जानुपर्ने अवस्थामा पुऱ्याइएका उदाहरण छन् । डांगोटे सिमेन्ट निजी क्षेत्रको एन्टी-लबीका कारण नेपाल प्रवेश गर्न पाएन । जापानी र भारतीय कम्पनीको संयुक्त उपक्रममा नेपाल भित्रिएको

कान्साई नेरोल्याक पेन्टस् बौद्धिक सम्पत्ति अधिकार सुनिश्चित गर्न संघर्षरत छ । विश्वको जतिसुकै लोकप्रिय ब्रान्ड भए पनि नेपालमा पहिला दर्ता गर्नेको उक्त बौद्धिक सम्पत्तिमाथि अधिकार कायम रहने कानुनका कारण पनि कतिपय विदेशी लगानीकर्ता अप्ठेरोमा परेका छन् । यद्यपि सरकारले बौद्धिक सम्पत्तिसम्बन्धी कानुनलाई अन्तर्राष्ट्रिय कानुन र प्रचलनसँग अनुकूल हुने गरी संशोधन अघि बढाइसकेको छ । भौतिक सम्पत्तिको अधिकार जस्तै बौद्धिक सम्पत्तिमाथिको अधिकार सुनिश्चितता लगानीका लागि अनिवार्य सर्त हो ।

नेपालले आफैंले स्वागत गरेका प्रत्यक्ष वैदेशिक लगानीलाई पनि समय क्रममा फरक व्यवहार गर्ने गरेको पाइन्छ । खासगरी नन-ट्रेडेबल क्षेत्रका कम्पनीका हकमा सरकारको व्यवहार पृथक देखिन्छ । विदेशी लगानीका सवालमा हरेक देशका आ-आफ्ना प्राथमिकता हुन्छन् । नेपालले पनि स्वदेशी उद्योगको संरक्षण तथा राष्ट्रिय प्राथमिकताका क्षेत्रमा विदेशी लगानी स्वीकृत नगर्ने र 'नेगेटिभ लिस्ट'को प्रावधान विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमै उल्लेख गरेको छ । तर लगानी भित्र्याइसकेपछि सबैलाई बराबर व्यवहार गर्न आवश्यक हुन्छ । त्यसो नगर्ने हो भने हामीले आम लगानीकर्तामाझ सकारात्मक सन्देश दिन सक्दैनौं ।

कतिपय लगानीकर्ताले परामर्शदाताका लागि, सफ्टवेयर खरिद गर्नका लागि विदेशमा रकम भुक्तान गर्ने काम अत्यधिक झन्झटिलो रहेको बताउने गरेका छन् । पछिल्लो समय सामाजिक सुरक्षा ऐन लागू भइसकेपछि यसले व्यवसायको लागत बढाएको अभिव्यक्ति लगानीकर्ताबाट आइरहेको छ । कम्पनीका तर्फबाट २० प्रतिशत र मजदुरको ११ प्रतिशत सामाजिक सुरक्षा कोषमा जम्मा हुने व्यवस्था छ । लगानीकर्ताले उक्त ३१ प्रतिशत खर्चमा कर छुट मागिरहेका छन् ।

विदेशी लगानी आकर्षित गर्न हामीले पूर्वाधारको खाडल कम गर्दै जानुपर्छ । खासगरी, कच्चा वस्तु ढुवानी र तयारी वस्तु निर्यात गर्दाको हाम्रो लागत उच्च छ । फोहोर कार्गो व्यवस्थापन गर्ने ठाउँको अभावमात्र होइन, मुलुकको एकमात्र रेल-जडित सुक्खा बन्दरगाहको क्षमता विस्तार गर्न अत्यावश्यक भइसकेको छ ।

यसका अतिरिक्त रेन्ट सिकिङ (कुनै योगदान बिनालाभ खोज्ने प्रवृत्ति), राजनीतिक दल र तिनका भ्रातृ संगठनका चन्दा आतंकका कारण कतिपय विदेशी लगानीकर्ता प्रताडित छन् । मोलमलाई नमिलेको खण्डमा तिनीहरूमाथि संगठित आक्रमण हुने, तिनका उत्पादनबारे दुष्प्रचार गरेर दुःख दिने गरेको अनुभव कतिपयको छ ।

पछिल्लो समय नेपालले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन संशोधन गरेको छ । संशोधित ऐनमा विदेशी लगानीको न्यूनतम सीमा ५० लाख रूपैयाँबाट बढाएर पाँच करोड रूपैयाँ पुऱ्याइएको छ । यसले खासगरी स्टार्टअप र प्रविधिमा आधारित लगानीमा अवरोध सिर्जना गरेको विदेशी लगानीकर्ताको गुनासो छ । यसको सट्टा नेपालले संरक्षण गर्न चाहेका उद्योग, व्यवसायलाई प्रत्यक्ष वैदेशिक लगानीका लागि नकारात्मक सूचीमा राखेर अन्य क्षेत्र लगानीका लागि खुला राख्न सकिन्थ्यो । त्यसतर्फ ध्यान पुऱ्याएको देखिएन ।

यसबाहेक पूर्वस्वीकृति र अन्तिम स्वीकृतिसम्बन्धी व्यवस्थालाई नेपालले यथावत राखेको छ । भारत, बंगलादेश लगायत मुलुकले प्रत्यक्ष वैदेशिक लगानीका लागि अटोमेटिक रूटको व्यवस्था गरेका छन् । भारतले पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था नै हटाएको छ । नेपालले नयाँ ऐन ल्याउँदा वैदेशिक लगानी सहजीकरणका लागि ठूलो कानुनी सुधार गरेको छ भन्ने सन्देश नयाँ वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐनबाट दिन सकेन ।

विश्वभर सबैभन्दा ठूलो पुँजी प्रवाह प्रत्यक्ष वैदेशिक लगानीमार्फत भएको छ । अंकटाडको प्रतिवेदन अनुसार, सन् २०१८ मा विश्वभर १३०० अर्ब अमेरिकी डलर बराबर प्रत्यक्ष वैदेशिक लगानी छ । सन् २०१७ मा त अझै १५०० अर्ब अमेरिकी डलर थियो ।

दोस्रोमा करिब ६०० अर्ब अमेरिकी डलर बराबर पुँजी विप्रेषणका रूपमा प्रवाह हुन्छ भने १३० अर्ब अमेरिकी डलर हाराहारीमा वैदेशिक सहायता परिचालन भइरहेको छ । हाम्रोमा भने रेमिट्यान्स, वैदेशिक सहायतापछि मात्र प्रत्यक्ष वैदेशिक लगानी प्रवाह भएको तथ्यांकले देखाउँछ । विदेशी लगानीमा राखिएको सीमा (थ्रेसहोल्ड) अझै प्रत्युत्पादक हुने खतरा देखिन्छ । गत आर्थिक वर्षसम्म नेपालले भित्र्याएको कुल विदेशी लगानी (चुक्ता पुँजी, ऋण र रिजर्भ) समेत गरेर कुल गार्हस्थ उत्पादनको पाँच प्रतिशत छ । यो अल्पविकसित देशको औसतभन्दा कम हो ।

विदेशी लगानीकर्ताको दृष्टिकोणमा अर्को महत्त्वपूर्ण विषय बहिर्गमन हो । हामीकहाँ कम्पनी बन्द गर्ने प्रक्रिया निकै जटिल छ । प्रवेश गरिसकेपछि निस्कन नसकिने जेल जस्तो वातावरण बनाइयो भने त्यहाँ विदेशी लगानी आकर्षित गर्न कठिन हुन्छ । त्यसकारण कम्पनी बन्द गर्न पाउने वा बहिर्गमनसम्बन्धी व्यवस्थामा नेपालले थप सुधार गर्नुपर्ने देखिन्छ ।

नेपालले आफैंले स्वागत गरेका प्रत्यक्ष वैदेशिक लगानीलाई पनि समय क्रममा फरक व्यवहार गर्ने गरेको पाइन्छ । खासगरी नन-ट्रेडेबल क्षेत्रका कम्पनीका हकमा सरकारको व्यवहार पृथक देखिन्छ । विदेशी लगानीका सवालमा हरेक देशका आ-आफ्ना प्राथमिकता हुन्छन् ।

BST

Steeling Our Tomorrow...

MS GROUP

LEADING NEPAL
COMPETING THE WORLD



NS:141

नेपाल गुणस्तर प्रमाण चिन्ह

प्राप्त गर्ने नेपालको पहिलो

बि एस टि.

कर्कट जस्ता पाता

अरू किन खोज्ने ?

बि एस टि.

नै रोज्ने ।

अन्य उत्पादनहरू :
स्टिल फेब्रिकेटेड ट्रक्चर,
एमएस सिट/स्लिट्स,
सटर आइटम्स, फलामे झ्यालढोका,
झोलुङ्गे पुल,
मोटरेबल पुलहरू

G.I. PIPES

RANGE
15MM NB
TO '150MM' NB

RECTANGLE & SQUARE PIPES

RANGE : 20 MMX20 TO 90MMX90MM
&
12MMX25MM TO 50MMX90MM

M.S. ERW

Black Pipes
Size:1/2" to 8"

Sutter profiles & Guides



BHAGAWATI STEEL INDUSTRIES PVT. LTD.

Kathmandu Office
Siva Arcade, Jhochhen Tole, Layakusal,
Basantapur Kathmandu, Nepal
Ph: +977-1-4241504, 4212379, Fax: +977-1-4225538
Email: bstktm@msgroup.com.np

Birgunj Office
Prabhu Bank Building, Adarshnagar
birgunj, Nepal
Ph: +977-51-524894, Fax: +977-51-525439
Email: bst@msgroup.com.np

Factory
Chhattapipra, Nitanpur
Bara Nepal
Ph: +977-51-580154Fax: +977-51-580417
Email: bstproduction@msgroup.com.np



सबैको लागि सधैं तत्पर, सेलपेले ल्याएको छ यो अफर

१०% Loyalty Points*
पहिलो मर्चेन्ट भुक्तानीमा

रू.१००
FREE TOPUP
(बैंक खाता LINK गरे पश्चात्)

३% सम्म Loyalty Points*
(NT, Ncell, Smartcell, NT Landline/ADSL/ Wimax/CDMA, Cable/DTH, Internet Services)
सबै TOPUP मा

*शर्तहरु लागु हुनेछन् ।

विशेषताहरू :

- वालेट बनाउन नपर्ने, आफ्नो पैसा आफ्नै बैंक खातामा सुरक्षित रही ब्याज आम्दानी भईरहने
- शतप्रतिशत स्वदेशी भुक्तानी सेवा प्रदायक - सेवा शुल्क वापतको रकम स्वदेशमा नै रही मुलुकको विदेशी मुद्रा संचयमा योगदान गर्न सकिने

निम्न बैंक तथा वित्तिय संस्थाका ग्राहकहरूले यो सेवा उपभोग गर्न सक्नुहुनेछः

Century Bank | Citizens Bank | एभरेष्ट बैंक Everest Bank | HBL Himalayan Bank Ltd. | कुमारी बैंक लिमिटेड Kumari Bank Limited | Mega Bank Nepal | Nepal Bangladesh Bank | नेपाल इन्भेष्टमेण्ट बैंक लि. Nepal Investment Bank Ltd. | NIC Asia | देव: विकास बैंक लिमिटेड Deva Bikas Bank Limited | कामना सेवा विकास बैंक लि. Kamana Sewa Bikas Bank Ltd. | मुक्तिनाथ विकास बैंक लि. Muktinath Bikas Bank Ltd. | ICFC

अन्य बैंक तथा वित्तिय संस्थाहरूसंग पनि आवद्ध हुने क्रममा रहेको

नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त भुक्तानी सेवा प्रदायक

Available on the App Store | GET IT ON Google Play

CELLCOM Private Limited
फोनः ०१-४२६६४१०, ४२६६४०६, ४२६६४०७, ४२६५२७५, ४२६५३६१
जे.डि.ए. कम्प्लेक्स, सुन्धारा, काठमाडौं, नेपाल
ईमेलः info@cellcom.net.np | वेबसाइटः www.cellpay.com.np

सार्वजनिक-निजी साझेदारी
अवरोध र उपाय

हाम्रो नीति नै सबैले सबैलाई शंका गर्ने खालको छ । कसरी अर्थतन्त्रलाई सघाउ पुऱ्याउने भन्दा पनि कसरी अप्ठेरो गरौं भन्ने खालको मानसिकता छ । त्यसैले पीपीपीले जुन हिसाबले परिणाम दिने आँकलन गरेको हो, त्यो अनुसार हुन सकेन ।

प्राडा पुष्पराज कँडेल

नेपालमा सार्वजनिक-निजी साझेदारी (पीपीपी)को अभ्यास सुरू भएको धेरै भएको छैन र परिणामका हिसाबले पनि यो न्यूनमात्रै छ । पीपीपीलाई हामीले लगानी प्रवर्द्धन गर्छ, विदेशी लगानी ल्याउँछ तथा समग्रमा आर्थिक समृद्धि र रोजगारीमा सहयोग पुऱ्याउँछ भन्ने जुन हिसाबमा सोचेका छौं, अहिलेसम्मको अभ्यासमा त्यो पूर्ण रूपमा प्राप्त हुन सकेको छैन । अर्कोतर्फ राष्ट्रिय योजना आयोगको क्षेत्राधिकारभित्र पीपीपी छैन । लगानी बोर्डसम्बन्धी ऐन बनाएर यो सबै काम अहिले लगानी बोर्डलाई दिइएको छ ।

आयोगले पीपीपीका लागि प्रारम्भिक काम गरेको थियो । तर अहिले निजी क्षेत्रसँग सम्बन्धित धेरै काम आयोगभन्दा पनि लगानी बोर्डले गर्दै आएको छ । राष्ट्रिय योजना आयोगले सरकारी योजनाको सम्बन्धमा अध्ययन गर्दै निष्कर्ष निकाल्नेलगायत अन्य काम गरिरहेको हुन्छ भने लगानी बोर्डले मूलतः निजी क्षेत्रसँग समन्वय गर्ने र त्यसमा पनि ६ अर्ब रूपैयाँभन्दा बढीका परियोजनालाई सहजीकरण गर्ने गर्छ ।

अहिलेसम्मको अभ्यासमा पीपीपी सापेक्षिक रूपमा सफल हुन सकेको छैन । एक त नयाँ अभ्यास र अर्कोतर्फ हाम्रो साधन, स्रोत र बजार नै त्यत्ति ठूलो छैन । यसैले पूर्वाधारलगायत अन्य क्षेत्रमा दिगो विकासका लागि पीपीपी अपरिहार्य भए पनि यसलाई सफल बनाउन सरकार, निजी क्षेत्र र समुदाय सबै उत्तिकै जिम्मेवार हुनुपर्छ । आम सर्वसाधारणको मानसिकता पनि निजी क्षेत्रमैत्री छैन । किन छैन भने सरकारले निजी क्षेत्रलाई कुनै सुविधा दिन लागेमा सामाजिक सञ्जाल, प्रेसलगायत क्षेत्रमा आम बहस सुरू हुन्छ । सरकारले के गर्न लाग्यो ? के मिलेमतो भयो ? कतै दुरूपयोग भयो भनेर आउँछ । इतिहास हेर्दा केही दुरूपयोग भएको पनि छ तर सबैलाई एउटै डालोमा राखेर मूल्यांकन गरिनु उचित होइन । कतिपय विषयमा हामी वास्तविकता नबुझी अति नै संवेदनशील पनि हुने गर्छौं । निजी क्षेत्रले देशको अर्थतन्त्रमा पुऱ्याउने सहयोग, रोजगारी सिर्जना, आम्दानी वृद्धि र पारदर्शिता विषयमा पनि ध्यान दिन जरूरी छ । त्यसो त निजी क्षेत्रमा पनि समस्या छन् । काम कम गर्ने तर माग बढी गर्ने प्रचलन छ । राष्ट्र निर्माणको दायित्व सबैको हो । सबै नागरिक त्यत्तिकै संवेदनशील भएर आफ्नो तर्फबाट के योगदान गर्न सकिन्छ भन्ने सोच्नुपर्छ । तर आम रूपमा सरकारले नै गरोस् भनेर अपेक्षा गर्ने र सरकारले गरेन भनेर आक्रोश व्यक्त गर्ने प्रवृत्ति निजी क्षेत्रमा बढी नै छ । जुन विश्वासमा काम अगाडि बढाइएको हुन्छ त्यो अनुसार काम नभएर कतै न कतै हेरफेर (मेनुपुलेसन) हुन्छ त्यसैले केही शंका उत्पन्न भएको हो । जुन कार्यका लागि सम्झौता भएको हो त्यसअनुसार काम भए मात्रै शंका हुने ठाउँ हुँदैन । काम गर्न नसक्ने भए यो कारणले भएन भनेर प्रस्ट भन्नुपर्छ । कहीँ कतै साँठगाँठ गरेर प्रतिबद्धता अनुसार काम नगर्ने प्रचलन पनि देखिन्छ ।

सरकार, कर्मचारीतन्त्रका पनि कमजोरी छन । आवश्यकताभन्दा धेरै शंका निजी क्षेत्रलाई गर्ने, कर्मचारीतन्त्रमा हुने हर्डल्स धेरै देखिन्छ । पैसा ल्याउने, दर्ता गर्ने, प्रविधि ल्याउने जग्गा दिने कुरामा समस्या छन् । हाम्रो नीति नै सबैले सबैलाई शंका गर्ने खालको छ । कसरी अर्थतन्त्रलाई सघाउ पुऱ्याउने भन्दा पनि कसरी अप्ठेरो गरौं भन्ने खालको मानसिकता छ । त्यसैले पीपीपीले जुन हिसाबले परिणाम दिने आँकलन गरेको हो त्यो अनुसार हुन सकेन ।

यसरी हुन सक्छ पीपीपी सफल

पीपीपीको सफलताका लागि कानुनी रूपमा भएका झन्झटिलो व्यवस्थालाई सुधार गर्नुपर्छ । कानुनतः काम गर्नका लागि नीतिगत पाटोमात्र हो, त्यसका साथै कर्मचारीतन्त्र मुख्य पाटोको रूपमा हुन आउँछ । कर्मचारीतन्त्रको सोच र कार्यशैली, राजनीतिज्ञको सोच र कार्यशैलीमा परिवर्तन गरेर कहाँ के कारणले गर्दा समस्या भएको हो भन्ने बुझ्नु जरूरी छ । निजी क्षेत्रले पनि सरकारबाट लिने र नाफा वृद्धि गर्ने भन्नेमात्रै सोच्नु भएन । सरकारबाट पाएको सुविधाको अंश अक्षरशः पालना गर्नुपर्छ भने मिडियाले पनि बुझेर मात्रै प्रकाशन तथा प्रसारण गर्नुपर्छ । चाहिनेभन्दा धेरै संवेदनशील हुँदा पनि काम गर्न समस्या हुने गर्छ । हामीसँग सार्वजनिक भूमि एकदमै कम भएको कुरा सर्वविदितै छ । वन मन्त्रालयले रूख काट्न नमान्ने, अरूले पनि सार्वजनिक जमिन नदिने, निजीले त जमिन दिने कुरै भएन अनि लगानी कहाँबाट आउँछ ? यस्तो अवस्थामा उद्योगले बनाउनुपर्ने संरचना कसरी निर्माण गर्न सकिन्छ । जलविद्युत् भए प्रसारण लाइनदेखि पावरहाउससम्मको काम गर्नुपर्छ । त्यसका लागि पूर्वाधार बनाउनुपर्छ । एक हिसाबले हाम्रो संस्कृति नै परिवर्तन गर्नुपर्छ । समस्यालाई सकारात्मक रूपमा हेरेर अगाडि बढाउन सकिएमा पीपीपी लक्ष्य जे राखेर ल्याइएको थियो त्यो पूरा हुन सक्छ ।

> कर्मचारीतन्त्रको सोच र कार्यशैली, राजनीतिज्ञको सोच र कार्यशैलीमा परिवर्तन गरेर कहाँ के कारणले गर्दा समस्या भएको हो भन्ने बुझ्नु जरुरी छ । निजी क्षेत्रले पनि सरकारबाट लिने र नाफा वृद्धि गर्ने भन्नेमात्रै सोच्नु भएन ।

पीपीपीका लागि सम्भावनाका क्षेत्र

अहिलेको अवस्थामा दायित्व धेरै छ । सरकारले खासगरी पूर्वाधार विस्तारका काममा बढी ध्यान दिनुपर्छ । सरकारले फन्ड दिएर साझेदारी गर्न सक्ने अवस्था छैन । सरकारले दिने भनेको सुविधा नै हो । सुविधा दिने भनेको भूमि, आवश्यक पूर्वाधार, आवश्यकताका आधारमा तालिम, जनशक्ति जुटाइदिन, प्रविधि हस्तान्तरणमा सहयोग गर्न सक्छ । यसैका आधारमा पीपीपी भएपछि कुनै काम गर्न सुविधा दिन सक्छ । औद्योगिक क्षेत्र निर्माण गरेर पूर्वाधार दिन सकिन्छ । आवश्यक परेमा विश्वविद्यालयसँग सहकार्य गरेर जनशक्ति निर्माणमा सहयोग गर्न सकिन्छ । बेरोजगारीलाई रोजगारी दिन सकिन्छ ।

प्रक्रियागत झन्झटलाई सहजीकरण गर्न सक्छ । करमा केही सहुलियत, तिर्ने प्रक्रियमा सहजीकरण पनि गर्न सकिन्छ । सरकारले पूर्वाधार विस्तार, भूमि दिने, कच्चा पदार्थ उपलब्ध गराइदिने काम गर्न सक्छ । अहिले जलविद्युत् क्षेत्रमा सरकारले सहयोग गरेको छ भने विद्युत् प्रसारण लाइन निर्माण लगायत काम निजी क्षेत्रबाट भएको छ ।

निजी क्षेत्र जान सक्ने अर्को पर्यटन हो । यसमा पनि सुविधा दिन सकिन्छ । उत्पादनमूलक उद्योग बढाउनुपर्ने आवश्यकता छ । त्यसका लागि सरकारले सबै प्रदेशमा औद्योगिक क्षेत्रहरू निर्माण गर्दैछ । भएका औद्योगिक क्षेलाई पनि प्रभावकारी बनाउन पहल भएको छ । सरकारले प्रक्रियागत झन्झटहरू जस्तोः दर्ता प्रक्रिया, कानुनी प्रक्रियातिर सहज गर्न सक्छ । करका दरमा पनि सुविधा दिएको छ । आवश्यकता अनुसार करका दरमा पनि केही समयका लागि हेरफेर गर्न सकिन्छ । त्यसैगरी, पछिल्लो समयमा निकै छिटो बढोत्तरी भएको सूचना प्रविधि क्षेत्रमा पनि सरकारले सहजीकरण गरेर अघि बढ्न सकिन्छ । सरकारले डेटा सेन्टर स्थापना गर्ने, आइटी पार्क निर्माण गर्ने, प्रविधि भित्र्याउने, नीति निर्माण, अनुमगन तथा सुपरीवेक्षण गरेर सबैलाई समान रूपमा सुविधा दिन सकिन्छ ।

ठूला पूर्वाधारमा किन पीपीपी ?

वास्तवमा भन्नुपर्दा हामीले पीपीपीको महत्त्व बुझ्न सकेका छैनौं । पीपीपीमा जसले लगानी गर्छ त्यसलाई केही सुविधा दिनुपर्ने हुन्छ । तर हाम्रो एक अर्कालाई शंका गर्ने वातावरणले गर्दा सहजीकरण गर्नेभन्दा पनि बाटोमा अवरोध थप्नेतिर गएका छौं । गलत अभ्यास नहोस् भनेर छेकिएको थियो, तर केही व्यक्तिका प्रवृत्तिले कानुनी रूपमा काम गर्ने व्यक्तिलाई बाधा थप्ने काम भएको छ । यसले गर्दा देशमा पीपीपी सम्भव छैन भन्ने खालको सन्देश पनि दिएको छ । यसलाई क्रमैसँग सुधार गर्दै अगाडि बढ्ने सरकारको योजना छ । भविष्यमा पीपीपीलाई सफल बनाउन सकिन्छ भन्ने विश्वास छ । डुइङ बिजनेसको पछिल्लो प्रतिवेदनले केही आशा थप गरेको छ । त्यसले गर्दा क्रमशः सुधार भएपनि संस्कृति नै परिवर्तन गर्न केही समय लाग्छ ।

यस्तो छ सरकारी पहल

सरकारले क्रमशः सुधारका प्रक्रियालाई अगाडि बढाउँदै लगेको छ । तत्कालै, आजको आजै भएन भनेर निराश नहुन आग्रह गर्छु । पीपीपी मुख्यतया लगानी बोर्ड सम्बन्धित विषय छ । राष्ट्रिय योजना आयोगले नीतिगत रूपमा सबै सहयोग गर्छ । नीतिगत सुधार गरेर विभिन्न ठाउँमा अघि बढाउन गर्न सक्छ । कतै अवरोध भयो भने हामीले मन्त्रालयगत रूपमा बोलाएर त्यसलाई सहजीकरण गर्ने हो । अध्ययन अनुसन्धानका विषयमा पनि योजना आयोगले सहयोग गर्न सक्छ । योजना पहिचान सम्बन्धित मन्त्रालय र लगानी बोर्डले गर्ने हो त्यसमा ठीक छ, छैन भनेर हामीले हेर्ने हो । यसमा सकारात्मक तरिकाले अगाडि बढ्न सक्छ ।

लगानी नै मुख्य सर्त

देशमा आर्थिक वृद्धि र रोजगारी बढाउन लगानी आवश्यक छ । लगानी, चाहे त्यो स्वदेशी होस या विदेशी । सरकारी लगानीले मात्रै पुग्दैन, अन्तर्राष्ट्रिय सहयोगले मात्रै पनि पुग्दैन । पहिलो प्राथमिकता स्वदेशी लगानी हो । त्यसपछि मात्रै विदेशी लगानी आउने वातावरण । त्यसका लागि निजी क्षेत्रले पनि हातेमालो गर्नुपर्ने अवस्था छ । तत्कालीन मुनाफामात्रै नभएर दिर्घकालीन नाफा हेर्नुपर्छ । बजार विस्तारमा जोड दिनुपर्छ । लगानीमैत्री वातावरण सिर्जना गरेर दीर्घकालमा मुनाफा कमाउने सोच बनाउनुपर्छ ।

HYUNDAI

HYUNDAI परिवार

Nepal is the new VENUE

Hyundai **VENUE** transforms your expectation of an automobile, and then goes beyond. The mesmerizing new lines, muscular arches and bold new grille change the profile of luxury.

PRICE STARTING FROM
Rs. 34.96 LACS

1.0 L Turbo Charged GDi Engine

7 Speed Dual Clutch Transmission (DCT)

Wireless Phone Charger

Smart Sun Roof

Hill-Assist Control (HAC)

Cruise Control

Automatic Headlamps

8" Floating Touch Screen Infotainment with Apple Car play & Android Auto

Steering Mounted Audio Controls with Bluetooth

Electronic Stability Control (ESC)

Vehicle Stability Management (VSM)

Six Airbags

Rear Parking Camera with dynamic guidelines & sensors

Laxmi InterContinental Pvt. Ltd.
(An ISO 9001:2015 Certified Company) an entity of Laxmi Group Nepal

For Sales Inquiry:
Naxal: 01-4413934, 4413942, 9801201027
Thapathali: 01-4101553, 4101554, 4101556, 4101557, 9801201011

Bhairahawa: 071-525428, 525429, 9802608801, Bharatpur: 056-522776, 526276, 9855053201, Biratnagar: 021-460609, 9802763770, 9802737964, Birgunj: 051-527507, 527467, 9801019177, 9801087477, Birtamode: 023-541495, 9802672041, 9802672028, Butwal: 071-415278, 415279, 9857039279, Dang: 082-563634, 9857835935, 9802930134, Dhangadi: 091-524492, 9802540103, 9802540105, Itahari: 025-587502, 9802736982, 9802736984, Nepalgunj: 081-550427, 9802546482, Pokhara: 061- 537426, 9801201010, 9801240155

facebook.com/hyundainepal

HYUNDAI | LAXMI

Standard Chartered

Achieve your financial goals by banking with the Bank that banks the World.

Whether you are saving for an investment or securing your family's future; or working on a plan that connects you to the wider world, Standard Chartered provides the perfect platform. Our extensive network & strong cross border abilities make us the bank of your choice for all your banking solutions.

As an integral part of a leading banking group, we serve in more than 60 of the world's most dynamic markets. Our purpose is to drive commerce and prosperity through our unique diversity, and our heritage and values are expressed in our brand promise, Here for good.

Widen your global network by banking safely and securely at your doorstep.

Open an account today!

To open your account online, log in to our website or visit our nearest branch today.

sc.com/np

Here for good

*Terms and conditions apply.

भेन्चर क्यापिटल
सहजताको खाँचो

नेपालमा लगानीको वातावरण पनि छ । युवा पनि छन् । काम गर्ने जोस र जाँगर पनि छ । आइडिया पनि छ । त्यसो भए लगानी जुटाउने यस्तो भेन्चर क्यापिटलहरू किन थोरै छन् त ? भएका भेन्चर क्यापिटलमा पनि किन लगानी कम छ त ? यसको मतलब केही न केही विषय नेपालमा छन् । जसले उनीहरूको प्रवेशलाई कठिन बनाइरहेको छ ।

डा पोषराज पाण्डे

भेन्चर क्यापिटल लगानीको एक विशिष्टीकृत माध्यम हो । खासगरी निजी क्षेत्रमा युवाको अग्रसतामा यो अवधारणा सुरू भएको मानिन्छ । जुन क्षेत्रले तीव्र विकासको सम्भावना बोकेको छ, त्यसमा युवाको आगमन भइसकेपछि यसले गति लिएको हो । भेन्चर क्यापिटलको लक्ष्य पुँजीआर्जन गर्नु नै हो । जो वास्तविक भेन्चर क्यापिटल सञ्चालन गर्छन्, उनीहरू लगानीका लागि जहिले पनि सम्भाव्य र प्रतिस्पर्धी क्षमता बढी भएको क्षेत्रको पहिचानमा लागेका हुन्छन् ।

त्यसकारण भेन्चर क्यापिटल इन्भेस्टरहरूबाट पुँजी निर्माणमा मात्र सहयोग नपुगी यसले दक्षता-ज्ञान अभिवृद्धि र बजारीकरण तथा नेटवर्किङमा समेत सहयोग पुगिरहेको हुन्छ । बैंक तथा वित्तीय संस्थासँगको पुरानो सम्बन्ध, उत्पादन र मार्केटिङसँगको सम्बन्ध तथा अन्य इनपुट लिनसमेत भेन्चर क्यापिटलमार्फत सहयोग पुग्छ ।

एक सम्भावनायुक्त उद्यमीलाई सहयोग गर्ने उद्देश्यसहित वास्तविक भेन्चर क्यापिटलको अवधारणा अगाडि बढेको हो । सहयोग गर्ने अनेक उपाय हुन सक्छन् । त्यसमध्ये मुख्य त एउटा आइडियालाई उत्पादन तथा सेवामा परिणत गर्न यस्ता भेन्चर क्यापिटलस्टहरूले सहयोग गर्छन् । यो आर्थिक रूपमा हुन सक्छ, ज्ञान र सीपका माध्यमबाट हुन सक्छ वा नेटवर्क, यी माध्यमबाट भेन्चर क्यापिटलस्टहरूले नयाँ उद्यमीलाई सहयोग गरिरहेका हुन्छन् ।

ऐतिहासिक रूपमा १९३९ मा पहिलोपटक यो अवधारणा अगाडि बढेको थियो । तर सम्भावना बोकेका क्षेत्रमा लगानीका लागि सहयोग गर्ने गरी सुरूआत भने दोस्रो विश्वयुद्धपछि नै भएको हो । १९५० पछि भने अमेरिकाबाट भेन्चर क्यापिटलको विकास प्रशस्त भयो । अहिले जति पनि नाम कहलिएका कम्पनी छन्, ती सबै भेन्चर क्यापिटलकै लगानीबाट अगाडि आएका हुन् । अमेजन, एप्पल, अमेरिका अनलाइन, फेसबुक, गुगल, याहु, नेटस्केप लगायत जति पनि नाम कहलिएका ब्रान्ड छन्, यी सबैले भेन्चर क्यापिटलमार्फत भएको लगानीमा तीव्र विकास गरेका हुन् ।

यी त सूचनाप्रविधिसँग सम्बन्धित प्रतिनिधिमूलक संस्था मात्र हुन् । युरोप र अहिले तीव्र विकासको क्रममा रहेको चीन र जापानमा समेत भेन्चर क्यापिटल प्रशस्त मात्रामा आएको छ । तर अमेरिकामा जस्तै ज्यादै प्रभावकारी रूपमा कम्पनी अगाडि आउन सकेका छैनन् । यद्यपि बेलायतको एआरएम होल्डिङ, क्यानडाको रिचर्स इन मोसन र लक्जेम्बर्गको स्काइप पनि भेन्चर क्यापिटलकै माध्यमबाट विश्वव्यापी रूपमा फैलन सफल कम्पनी हुन् । विश्वव्यापी रूपमा हेर्ने हो भने नयाँ आइडियालाई व्यवहारमा उतारेर सेवा र उत्पादनमा रूपान्तरण गर्न भेन्चर क्यापिटलले निकै ठूलो सहयोग गरेको छ ।

नेपालको सन्दर्भमा लगानी सम्भाव्यताको विषय त्यत्ति धेरै नौलो रहेन । खासगरी मुलुकभित्र राजनीतिक स्थायित्व छ । सबै राजनीतिक दलको एजेन्डामा आर्थिक विकास र समृद्धि पहिलो प्राथमिकतामा देखिन्छ । दलहरू विकासको सन्दर्भमा निकै सचेत देखिन्छन् । अर्कोतर्फ अहिले नेपालको जनसांख्यिक संरचनामा युवाको बाहुल्य छ । युवा उमेरका मानिसको संख्या ठूलो छ । यो उमेर नै सिर्जनशील हो । जोखिम लिएर उद्यमी बन्न खोज्ने उमेर नै युवा हो । तर, यो समूहलाई नेपालमा सुरूआती पुँजीकै अभाव छ । ऊसँग लगानीका पर्याप्त उपाय छन्, तर पैसा छैन । त्यसकारण पनि नेपालमा भेन्चर क्यापिटलको

सम्भावना निकै धेरै देखिन्छ ।

अहिले नेपालमा पैसा चाहियो भने बैंकमा जाने हो । सिद्धान्ततः बैंकले ऋण माग्न जाँदा धितो माग्छ । त्यसमा पनि बैंक नयाँ ग्राहकभन्दा पुराना ग्राहक, जोसँग लामो समय कारोबार भएको छ, उनीहरूसँगै बढी रमाइरहेका हुन्छन् । नयाँ लगानीकर्तालाई त्यत्ति धेरै वास्ता गर्दैनन् । त्यसकारण लगानी खोज्न समेत केही नयाँपन ल्याउनु आवश्यक छ । जसमा सम्भावना पनि छ । बैंकले आँट नगरेर, बैंकले देख्न नभ्याएका र नसकेका नयाँ ट्यालेन्टलाई मूलधारमा ल्याउने हो भने भेन्चर क्यापिटल यसमा सफल भएर निस्कन सक्छ । किनकि नेपालका बैंकहरू नयाँभन्दा परम्परगत रूपमै रमाइरहेका देखिन्छन् ।

बैंकले नपत्याएको अवस्थामा नयाँ लगानीकर्तासँग अर्को उपाय सानो पुँजीबाट व्यवसाय थाल्ने र कमाएको नाफालाई पुँजीमा रूपान्तरण गर्दै व्यवसाय बढाउने हो । तर यो निकै सुस्त गतिमा हुने प्रगति हो । सानो पुँजीले मानिससँग भएको आइडिया र बजारको सम्भावनालाई पूर्ण रूपमा कार्यान्वयन तहसम्म लैजान सक्दैन । त्यसकारण यो अन्तरलाई पूर्ति गर्न भेन्चर क्यापिटल नेपालमा आवश्यक देखिन्छ ।

यही आवश्यकता देखेरै होला, क्रमशः नेपालमा पनि भेन्चर क्यापिटल आउन थालेका छन् । नेपालमा अहिले देखिएका भेन्चर क्यापिटलमध्ये एउटा बिजनेस अक्सिजन (एक करोड ४० लाख डलर), डोल्मा (दुई करोड ५७ लाख डलर), वन टू वाच (३० लाख डलर) र त्रू नर्थ (५० लाख डलर) गरी चारवटा भेन्चर क्यापिटल नेपालमा सक्रिय रहेका छन् । यसमध्ये पनि स्टार्टअपलाई फन्ड गर्न सक्ने पुँजी भने यी भेन्चर क्यापिटलमा कम नै छ । किनकि वन टू अर्थ सबैभन्दा पुरानो भेन्चर क्यापिटल हो । यससँग भएको पुँजी सबैजसो लगानी भइसकेको छ । बिजनेस अक्सिजनसँग अझै पनि एक करोड २० लाख डलर र डोल्मासँग एक करोड डलर लगानीयोग्य पुँजी छ । त्रू नर्थ भने भर्खरै सुरू भएका कारण योसँग लगानीयोग्य पुँजी आउने क्रममा छ, तर पर्याप्त छैन । अहिले नेपालको भेन्चर क्यापिटलमा त्यही दुई करोड ५० लाखदेखि तीन करोड डलर मात्र पुँजी रहेको देखिन्छ ।

नेपालमा भेन्चर क्यापिटलको लगानी हरेक जसो कम्पनीमा अधिकतम नभई न्यूनतम रूपमा छ । अधिकतम सेयरमा उनीहरूले लगानी गर्न सकिरहेका छैनन् । नेपालको ऊर्जा, कृषि, आतिथ्य सेवा, सूचना प्रविधि, स्वास्थ्य, पर्यटनमा पनि उनीहरूको लगानी देखिन्छ । त्यसमध्ये पनि सबैभन्दा धेरै ऊर्जा मै लगानी देखिन्छ । जलविद्युत् र वैकल्पिक ऊर्जामा उनीहरूको लगानी धेरै देखिएको छ ।

नेपालको सन्दर्भमा भेन्चर क्यापिटललाई नियमन गर्ने र हेर्ने गरी अहिलेसम्म कुनै पनि कानुन आइसकेको छैन । अहिले भएकै फरकफरक ऐन, नियम मातहत उनीहरूले काम गरिरहेका छन् । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन उनीहरूतर्फ आकर्षित हुने गरेको छ । किनकि अहिले नेपालमा जति पनि भेन्चर क्यापिटल छन्, उनीहरू सबैमा लगभग विदेशी लगानी नै छ । बिजनेस अक्सिजन अन्तर्राष्ट्रिय मुद्रा कोषबाट प्रवर्द्धन भएको कम्पनी हो । यसमा केही लगानी डीएफआइडीको समेत छ । डोल्मा मौरिससमा मुख्यालय रहेको कम्पनी हो । यो पनि विदेशी लगानी नै हो । अरू पनि कुनै न कुनै रूपमा विदेशी लगानीकै छन् ।

यसमा औद्योगिक व्यवसाय ऐनसमेत आकर्षित गरी नियमन हुने गरेको छ । कम्पनी ऐनले यसको नियमन हुन्छ । सेबोनलाई नियमन गर्ने सेक्युरिटी ऐनले समेत यसलाई छुन खोज्छ । यसरी फरकफरक ऐनको छाताभित्र रहेर उनीहरू सञ्चालित छन् । नेपालमा लगानीको वातावरण पनि छ । युवा पनि छन् । काम गर्ने जोस र जाँगर पनि छ । आइडिया पनि छ । त्यसो भए लगानी जुटाउने यस्तो भेन्चर क्यापिटलहरू किन थोरै छन् त ? भएका भेन्चर क्यापिटलमा पनि किन लगानी कम छ त ? यसको मतलब केही न केही विषय नेपालमा छन्, जसले उनीहरूको प्रवेशलाई कठिन बनाइरहेको छ ।

यसमा पहिलो विषय उनीहरूले गर्ने लगानी गर्ने सीमा नै कम भयो । उनीहरू विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमार्फत नेपालमा आउँदा लगानीको दायरा खुम्चिहाल्छ । औद्योगिक व्यवसाय ऐनले उद्योग भित्रमात्र दायरा खुम्चाइदिन्छ । प्रविधि हस्तान्तरण ऐनले कालोसूचीमा नपरेको कम्पनीका रूपमा यस्ता कम्पनीको दायरा खुम्च्याइदिन्छन् । अर्थात ती सर्त पूरा भएको व्यवसायमा मात्र भेन्चर क्यापिटलले मुख्य लगानीकर्ताका रूपमा लगानी गर्न सक्छन् । यसको मतलब यसको दायरा कम हुने भयो । नेपालबाहेक भारत तथा अन्य मुलुकमा अलि फराकिलो वातावरणमा उनीहरूले लगानी गरिरहेका छन् । अहिले विदेशी लगानी हुन कम्तीमा पाँच करोड हुनुपर्ने प्रावधान छ । त्यस ऐनअनुसार आयो भने उसले सानो लगानीमा स्टार्टअप व्यवसाय गर्छु भन्ने युवालाई त लगानी नै दिन नसक्ने भयो । किनकि व्यवसाय सुरू गर्नेले सिधै पाँच करोड पुँज जुटाउन नसक्न सक्छ ।

साथै बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन

> बैंकले नपत्याएको अवस्थामा नयाँ लगानीकर्तासँग अर्को उपाय सानो पुँजीबाट व्यवसाय थाल्ने र कमाएको नाफालाई पुँजीमा रुपान्तरण गर्दै व्यवसाय बढाउने हो । तर यो निकै सुस्त गतिमा हुने प्रगति हो ।

-बाफिया)ले समेत भेन्चर क्यापिटलको दायरा खुम्च्याएको छ । बाफिया अन्तर्गत दर्ता नभएको कम्पनीले ऋण लगानी गर्न पाउँदैन । यसको मतलब यस्ता कम्पनीले सेयर पुँजीका रूपमा मात्र लगानी गर्न सक्ने भए । ऋण लगानी गर्न नसक्ने भए । यसले ऐन नियमबाट पनि उसको गतिविधिमा नियन्त्रण छ । अर्कोतर्फ कर प्रणालीले समेत भेन्चर क्यापिटललाई सहयोग गरिरहेको छैन, जसले गर्दा उनीहरू नेपालमा फस्टाउन सकेका छैनन् ।

अर्कोतर्फ नेपालको कालोसूचीसम्बन्धी नियमले पनि भेन्चर क्यापिटललाई फस्टाउने वातवारण दिन सकिरहेको छैन । किनकि भेन्चर क्यापिटलले धेरै कम्पनीमा लगानी गर्नुपर्ने हुन्छ, त्यो पनि स्टार्टअप व्यवसायमा । यस्ता व्यवसायमा सफल भन्दा असफल हुनेको दर बढी हुन्छ । अमेरिकामै हेर्ने हो भने १० वटा नयाँ कम्पनी दर्ता भयो भने सातवटा एक वर्षभित्रै बन्द भइसक्छन् । मात्र तीनवटा अगाडि जान्छन् भनिन्छ । पाँच वर्षसम्म निरन्तर प्रगति गर्ने कम्पनी अझै कम हुन्छ । त्यसकारण भेन्चर क्यापिटलिस्टहरूको लगानी त जोखिममै हुन्छ । हाम्रो प्रणालीले उनीहरूलाई ऋण प्रवाहमा रोक लगाएपछि आफैं व्यवस्थापनमा बस्ने गरी सेयरमा लगानी गर्नुपर्ने हुन्छ ।

यसले स्टार्टअपलाई सिकाउन र स्थापित गराउन निकै सहयोग पुग्छ । तर कुनै एउटा कम्पनीले बैंकको ऋण तिर्न सकेन भने कर्जा सूचना केन्द्रमा त्यसको नाम जाने र उसले कालोसूचीमा राखिहाल्ने नियम छ । जब एउटा भेन्चर क्यापिटल बोर्डमा रहेको कम्पनी कालोसूचीमा जान्छ, त्यसपछि उसले अन्य कुनै पनि कम्पनीबाट बैंकसँग कारोबार गर्न सक्दैन । एउटा कम्पनी फेल भए पनि उसले अर्को कम्पनीबाट त्यसलाई सल्टाउन सक्छ नि ! तर नेपालको कानुनले त्यस्तो मान्दैन । भनेपछि त स्टार्टअपका लागि दिएको रकम सधैं सफल हुँदैन । तर एउटा कम्पनी असफल हुँदैमा भेन्चर क्यापिटल बोर्डमा बसेको सबै कम्पनीमा केही गर्न नपाउने गरी हुने रोक्काले यहाँ उनीहरूले लगानीमैत्री वातावरण देख्दैनन् ।

नेपालमा भेन्चर क्यापिटल आयो, लगानी थाल्यो र उसले सम्भावना देखेको क्षेत्रमा थप लगानी ल्याउनुपर्‍यो भने उसलाई नेपालमा खासै बाटो छैन । किनकि नेपालमा पैसा भएका केही सीमित कोष छन् । कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र केही बीमा कम्पनीहरूसँग अहिले पर्याप्त मात्रामा पैसा छ । तर यी संस्थाले आफ्नो लगानी निजी क्षेत्रमा विस्तार गर्नु जोखिमपूर्ण मान्छन् । उनीहरू सरकार ग्यारेन्टी बस्ने सरकारी ऋणमा मात्र लगानी गर्न इच्छुक देखिन्छन् । नत्र पैसा लगेर बैंकमा राख्छन् । यसप्रकार भेन्चर क्यापिटलले नेपालभित्र थप लगानी पाउने अर्को बलियो संस्थाको समेत साथ पाउन नसक्दा पर्याप्त लगानी जुटाउन नसक्ने अवस्था यहाँ रहन्छ ।

एउटा भेन्चर क्यापिटल सधैंभरी एउटै कम्पनीमा टाँसिएर बस्न सक्दैन । एउटा समयपछि उक्त सो कम्पनीबाट आफूले पाउने नाफा लिएर फिर्ता जान खोज्छ । तर नेपालको एक्जिट प्रणाली वा नीति यति झन्झटिलो छ कि कम्पनीले नेपालमा लगानी त भित्र्याउन सक्छ; यहाँबाट फिर्ता जान निकै मुस्किल छ । एउटा भेन्चर क्यापिटल कुनै कम्पनीमा लगानी गरेर आयो भने उसको रकम तीन वर्षसम्म त त्यहाँ राख्नैपर्छ, निकाल्न पाउँदैन । अन्य मुलुकको उदाहरण हेर्ने हो भने लकअप पिरियड एक वर्ष मात्र राखिएको हुन्छ । कुनै देशले २० प्रतिशतसम्मलाई तीन वर्षको लकअप पिरियड राखेर अन्य लगानी लैजान सक्छ । यसले पनि भेन्चर क्यापिटलको विकासमा रोक लगाइरहेको छ ।

नेपालमा विदेशी लगानीमा स्टार्टअप बिजनेसलाई प्रवर्द्धन गर्न चाहेको हो र त्यसका माध्यमबाट धेरै युवालाई स्वरोजगार बनाउने हो भने भेन्चर क्यापिटलमैत्री ऐन, नियम आवश्यक देखिन्छ । यसमा भेन्चर क्यापिटलकै लागि लक्षित गरी विशेष ऐन ल्याउन सकिन्छ । अथवा भइरहेकै ऐन नियमलाई पनि समसामयीक परिवर्तन गरेर भेन्चर क्यापिटल फस्टाउन सक्ने वातावरण बनाउन सकिन्छ । अहिले आन्तरिक रूपमा भेन्चर क्यापिटल आउन सकेका छैनन् । अब स्थानीय भेन्चर क्यापिटल आउन सक्ने वातावरण बनाउनुपर्छ ।

त्यसका लागि विदेशी भेन्चर क्यापिटलले नेपालमा शाखा खोल्न सक्ने गरी व्यवस्था ल्याउनु जरूरी छ । अर्कोतर्फ सरकार आफैंले पनि भेन्चर क्यापिटल सञ्चालन गरेर जहाँ निजी क्षेत्र जान सक्दैन, त्यस क्षेत्रमा सरकारको तर्फबाट लगानी गर्ने गरी सञ्चालनको वातावरण बनाउन सकिन्छ । किनकि बढी खोजिम हुने क्षेत्रमा निजी भेन्चर क्यापिटलले लगानी गर्दैन । त्यस्तो अवस्थामा सरकारी भेन्चर क्यापिटलमार्फत युवा स्वरोजगार तथा उद्यमी उत्पादन गर्न सकिन्छ । अर्कोतर्फ हाम्रो शैक्षिक प्रणालीमा समेत सुधार गरी अब भेन्चर क्यापिटलको माग बजारबाटै हुने वातावरण किन नबनाउने ? बजारमा माग बढ्यो भने कम्पनीहरू स्वतः आउँछन् । हिजो कक्षाकोठामा सैद्धान्तिक रूपमा सिकेको सीपलाई व्यवहारमा कसरी उतार्ने भन्नेबारे सिकाउने उचित शैक्षिक वातावरण बन्ने हो भने त्यसले पनि मुलुकमा भेन्चर क्यापिटलको विस्तारमा सहयोग पुग्ने थियो ।

“

नेपालमा विदेशी लगानीमा स्टार्टअप बिजनेसलाई प्रवर्द्धन गर्न चाहेको हो र त्यसका माध्यमबाट धेरै युवालाई स्वरोजगार बनाउने हो भने भेन्चर क्यापिटलमैत्री ऐन, नियम आवश्यक देखिन्छ ।

WWW.KAILASHHELI.COM

कैलाश हेलिकप्टर सर्भिसेज

अब नेपालीको सेवामा

बाढी, पहीरो, बिरामीको उद्धार तथा आकस्मिक उद्धारका लागि हामीलाई सम्झनुहोस्

Kailash Helicopter Services
"The Spirit of Nepal"

Level-III, TIA Commercial Building
Airport, Kathmandu, Nepal
Email: operation@kailashheli.com
Phone: +977 1 5900501/02/03,
Operation Dept: +977 1 5900500 (Direct)
Mobile: +977 980 190 8301/03/20

साना कुरा
लगानीका ठूला अवरोध



प्रतीक प्रधान

सरसर्ती हेर्दा नेपालमा विदेशी लगानी आउन नपर्ने कुनै कारण नै छैन । विदेशी लगानीकर्तालाई हाम्रो महत्त्व बताउन धेरै बुँदा छन् । संसारकै सबैभन्दा धेरै जनसंख्याको माझमा रहेका छौं, हामी । आफू जम्मा तीन करोड जनसंख्या भएको सानो देश भए तापनि हाम्रा दुई छिमेकीमध्ये चीनमा एक अर्ब ४० करोड र भारतमा एक अर्ब ३० करोड जनसंख्या छ । भारत र चीन दुवैले एक अर्काको सामग्रीलाई सहज प्रवेश नदिने र नेपाललाई दुवै देशले सुविधा दिएको कारणले नेपालमा उत्पादित सामान यत्रो ठूलो बजारमा सहजै पुऱ्याउन सकिन्छ भनेर दाबी हुन सक्छ । यी ठूला देशमा नेपालले सबैतिर सामान पुऱ्याउन सक्छ भनेर विश्वास भएन भने भारतका नेपालसँग टाँसिएका उत्तर प्रदेश, बिहार तथा उत्तराखण्डलाई मात्र बजार मान्दा पनि करिब २५० करोड जनसंख्या हाम्रो नजिकैको बजार हुन सक्छ । यति जनसंख्या भनेको पनि पूरै अमेरिकाको जनसंख्याको करिब दुई तिहाइ हुन्छ ।

नेपालमा पूर्वाधार उपलब्धताको विषयमा पनि धेरै ठूलो विज्ञापन गर्न सकिन्छ । नेपाल हाइड्रोपावरमा आत्मनिर्भर हुने अवस्थामा छ । त्यसैले नेपालमा उद्योग गर्दा वातावरण प्रदूषण गर्ने डिजेल र पेट्रोल बाल्नु पर्दैन । नेपाल सिमेन्ट र डन्डी उत्पादनमा आत्मनिर्भर भइसक्यो । वैदेशिक रोजगारीमा गएका धेरै श्रमिक नेपालमा फर्केर बसोबास गर्न थालेकाले साधारण सीप जानेका मजदुरको समस्या पर्दैन । नेपालमा आइटी र इन्जिनियरिङ कलेजबाट हजारौंका संख्यामा हरेक वर्ष विद्यार्थी श्रम बजारमा आउँदैछन् । नेपालमा भाषाको समस्या खासै पर्दैन, धेरैले अंग्रेजी बुझ्न र अलिअलि फर्काउन सक्छन् ।

सरकारको नारा नै 'समृद्ध नेपाल, सुखी नेपाली' भन्ने छ । वैदेशिक लगानीका कानुन परिमार्जित हुँदैछन् । यो देशले ७.१ प्रतिशत वृद्धिदर हासिल गर्दैछ भने अर्को वर्ष पनि वृद्धि ६.७ प्रतिशतको हाराहारीमा रहनेछ । औद्योगिक मुलुकमा आर्थिक मन्दी आउने संभावना भए तापनि नेपालमा सोको प्रभाव न्यून पर्ने देखिन्छ । सडक सबैतिर बन्दैछन् र इन्टरनेटको व्यापकता र क्षमता पनि बढ्दैछ । नेपालीहरु मिलनसार छन् र यहाँ राजनीतिक स्थिरता पनि छ । संविधानले धेरै अधिकार प्रत्याभूत गरेको छ । विदेशीलाई नेपालका सबैजसो उद्योगमा लगानी गर्न, कमाएको रकम आफ्नो देश लैजान र दोहोर कर नलाग्ने वातावरण सरकारले बनाएको छ ।

यति सबै हेर्दा नेपालमा लगानी किन नआउनु जस्तो लाग्छ । तर नेपाल वैदेशिक लगानी पाउने देशको सूचीमा अत्यन्त तल्लो स्थानमा छ । नेपालमा ९० को दशकमा जति ग्लोबल ब्रान्ड भित्रिए त्यति

कहिल्यै पनि आएका छैनन् । अझ धेरै विदेशी ब्रान्ड बाहिरिए । अझै पनि ठूला विदेशी ब्रान्ड नेपालमा आएर आफ्नो लगानीको प्रतिफल प्राप्त हुन्छ भन्नेमा विश्वस्त छैनन् । त्यसैले हामीकहाँ आउने वैदेशिक लगानी मुख्यतः मध्यम वा तल्लो स्तरका लगानीकर्ताको छ । यी लगानीकर्ता पनि नेपालमा आएर स्वच्छ प्रतिस्पर्धाबाट सफा काम गरेर नाफा कमाउने भन्दा गलत तरिकाले नेपालका ऐन, नियमको कमजोरीलाई तोडमोड गरेर बढीभन्दा बढी नाफा कमाउन सकिन्छ भन्ने गलत सोचका साथ आएका देखिन्छन् ।

राम्रो अन्तर्राष्ट्रिय कम्पनी नेपाल ल्याउन नेपालमा नियम, कानुन, सरकारको प्रतिबद्धता, तालिमप्राप्त कामदार आदि सबै चाहिन्छ । तर यी सबैको बाबजुद नेपालमा लगानी किन आएको छैन भन्ने विषयमा गहिरिएर सोच्नु पर्दैन । वास्तवमा स-साना कुरामा ध्यान पुऱ्याउन नसकेको कारणले गर्दा नेपालमा ठूला लगानीकर्ता आउन नसकेको स्पष्ट हुन्छ । के हुन् त यस्ता स-साना तर ठूला लगानीलाई दुरूत्साहन गर्ने विषय ?

एउटा साधारण उदाहरण सहित यो विषयमा प्रवेश गर्ने कोसिस गरौं । एक समूहले केही वर्षअघि नेपालको तयारी पोसाक उद्योगमा लगानी गऱ्यो । सो समूहले उद्योग स्थापना गरेको केही समयमै कामदारको समस्या भोग्न थाल्यो । कामदारले बढी-बढी पेस्की माग्ने, काम गरेको केही दिनमै छाडेर जाने, बिदा मागएर नआउने जस्ता अनेक समस्या देखियो । सूक्ष्मम अध्ययन गर्दा जति पनि कामदार छन् तिनीहरूसँग बाहिर निस्कनेबित्तिकै स्थानीय गुण्डाले हप्ता असुल्ने रहेछन् । यसरी गुण्डालाई हप्ता बुझाउनुपर्ने बाध्यताले तिनीहरू कम्पनी छाडेर हिँड्दा रहेछन् । व्यवस्थापकले सो समस्या थाहा पाएर प्रहरीमा खबर पनि गरे । तरक समस्या समाधान भएन । किनभने यस्ता गुण्डा पहिल्याउन प्रहरीले टाउको दुखाएन । बरू उनीहरूबाटै कमिसन पाएको बुझियो । अन्ततः ती लगानीकर्ता पलाएन भए । नेपालमा उद्योग खोल्नेका लागि यो ठूलो समस्या हो । हरेक क्षेत्रमा गुण्डाको बिगबिगी छ । मालिकले एक तहमा गुण्डा व्यवस्थापन गर्न खर्च गर्नुपर्छ भने कामदारले पनि गुण्डालाई हप्ता बुझाउनुपर्छ । स-सानादेखि लिएर माफिया तहसम्मका गुण्डाका कारण दुःख भोगेका उद्योगपतिले कसरी विदेशी लगानी ल्याउन कोशिस गरून् ?

नेपालमा कुनै पनि विषयमा आर्थिक विवाद भएको खण्डमा राज्यले कसरी व्यवहार गर्छ, त्यसको आधारमा पनि लगानीकर्ता उत्साहित वा दुरूत्साहित हुन्छन् । दुई वर्षअघि अन्तर्राष्ट्रिय डिजे मार्समेलो नेपाल ल्याउन क्लब डेजा-भूका सञ्चालकले निकै मेहनत गरे । तर अन्तिम समयमा मार्समेलो बैंककमा बिरामी परेर उनको सो हुन सकेन । क्लबमा टिकट किन्नेहरूले तोडफोड गरे । यो घटनामा सो क्लबका लगानीकर्ता सबैलाई प्रहरीले पक्रेर थुनिदियो र ठगीको मुद्दा चलायो । वास्तवमा यदि मार्समेलोले अन्तिम समयमा नेपाल आउने कार्यक्रम बन्द गरेका थिए भने वा अत्यन्त बढी टिकट बेचिएको थियो भने मुख्य सञ्चालकलाई कारवाही गर्न सकिन्थ्यो । तर, सबै लगानीकर्तालाई पक्राउ गरेर उनीहरूको सामाजिक प्रतिष्ठा सिध्याउने काम भयो । एउटा ठूलो विदेशी सेलेब्रिटी ल्याउन नसकिने देशमा विदेशी लगानी कसरी सहजै आउला ?

हालैमात्र ल्यान्डमार्क कम्पनीसँग भएको जग्गा लेनदेनसम्बन्धी विवादमा सो कम्पनीमा लगानी गर्ने प्यारेन्ट कम्पनीका सेयरहोल्डर सबैको नाममा पक्राउ पुर्जी जारी गरेर उद्योगपति रूप ज्योति र उनकी छोरीलाई पक्राउ गरियो । यसरी आर्थिक विवादको मुद्दामा फौजदारी अभियोग लगाइन थाल्यो भने लगानीकर्तामा कस्तो प्रभाव पर्छ ?

नेपालमा ठूला र प्रतिष्ठित कम्पनीले कारोबार गर्न नचाहनुको मुख्य कारण यहाँका उच्चपदस्थ व्यक्तिबाट निकै ठूलो रकम कमिसन वा सेयर चाहनु हो । नेपाल एयरलाइन्स कर्पोरेसन (नेपाल वायुसेवा निगम) लाई एयरबस कम्पनीले ए३२० जहाज दुईवटा बिक्री गऱ्यो तर ए३३० बिक्री गर्न मानेन किनभने उच्चपदस्थ कर्मचारीले खरिद प्रक्रियामा धेरै रकम मागेको उनीहरूको गुनासो थियो । त्यसैले नेपालमा ए३३० अर्थात वाइडबडी जहाज बीचमा एजेन्ट लगाएर खरिद गरियो । सो जहाजमा भएको बेइमानीका विषयमा राष्ट्रव्यापी बहस अझै सकिएको छैन ।

नेपाल एयरलाइन्स कर्पोरेसनको व्यवस्थापन जिम्मेवारी दिने विषयमा पनि यस्तै कुरा आएका छन् । विश्वका ठूला एयरलाइन्स कम्पनी यसको व्यवस्थापन लिन इच्छुक छन् तर तिनको कर्पोरेट नैतिक संहिताले कमिसन बापत रकम दिन मिल्दैन । ठूलो कमिसन नलिई हाम्रा पदासीन व्यक्तिले देशको हितमात्र हेरेर निर्णय गर्दैनन् ।

यही अवस्था अब नेपाल टेलिकमको सेयर बेच्ने वाव्यवस्थापन दिने विषयमा पनि आएको छ । सरकार नेपाल टेलिकममा ठूलो विदेशी लगानी भित्र्याउन चाहन्छ तर सँगसँगै आफ्नो व्यक्तिगत फाइदा पनि छोड्न सक्दैन । यस्तो काम जापान, फ्रान्स वा अमेरिकाका कम्पनीले गर्न मान्दैनन् । स्वच्छ र पारदर्शी ढंगले व्यवस्थापन दिने भए संसारकै ठूला टेलिकम अपरेटर नेपालमा ठूलै लगानीसहित भित्रन तयार छन् । तर हाम्रा जिम्मेवार व्यक्ति आफ्नो फाइदाका लागि सम्झौता गर्न तयार टर्की, रसिया, मेक्सिको जस्ता देशका कम्पनीसँग नजिकिँदै गएका हल्ला बाहिरिएका छन् ।

सरकारले जस्तोसुकै सेवा वा सुविधा दिने भने तापनि नेपालका सरकारी कर्मचारी आफूलाई व्यक्तिगत फाइदा नहुने अवस्थामा जस्तोसुकै

> कुनै उद्योग, व्यवसाय चलाउनुपर्‍यो भने उच्च पदासीनदेखि हप्ता असुल्ने गुण्डासम्मको चित्त बुझाउनुपर्ने बाध्यता छ । त्यसमाथि सानो व्यक्तिगत लाभका लागि महत्वपूर्ण काम नै अड्काइदिने चलन छ ।

महत्त्वपूर्ण फाइल पनि अड्काउन पछि पर्दैनन् । विदेशी पुँजीको विषय आयो भने नेपाल राष्ट्र बैंक पनि विदेशी लगानीकर्तालाई सकभर सहज बनाउन अघि सर्दैन । कुनै उद्योगमा स्थानीय समुदायको समस्या आयो भने राजनीतिक नेता र कार्यकर्ता पनि सकभर आगोमा घिउ थपेर त्यसबाट केही न केही आर्थिक फाइदाको अवस्था सिर्जना गर्न लाज मान्दैनन् ।

हाम्रो नियत, काम कारवाही, सरकारी झमेला आदि त अझै पनि केही ठूला विषय होलान् । तर यसभन्दा साना समस्याले पनि नेपालमा लगानी आउने वातावरण धमिल्याउँछन् । जस्तो कतिपय इन्स्योरेन्स कम्पनीले क्लेम सजिलै भुक्तान गर्दैनन् । सरकारी कर्मचारी सधैं अख्तियारले आफूलाई कारवाही गर्छ भन्ने डरमा वा डर देखाएर काम पन्छाउँछन् । सरकारी कार्यालयबीच कामको विषयमा सामञ्जस्य देखिँदैन । कामदारमा कामप्रतिको लगाव कम छ । नेपालीलाई हरेक सामाजिक विषयमा सधैं छुट्टी चाहिन्छ, जसले उद्योगको काममा निकै ठूलो असर परिरहेको हुन्छ । नेपाल आउन हवाई भाडा दर नै महँगो छ । युरोप वा अमेरिकाबाट भारतसम्म आउन जति सहज छ नेपाल आउन त्यति सहज र सस्तो छैन । नेपाल आउँदा आकाशमै नै आधा घन्टा घुमाउनु पनि नियमित आकस्मिकता भइसकेको छ । त्यसपछि भिसा नलिई आएकालाई अध्यागमन छिचोल्न एक घन्टासम्म सहजै लाग्छ । काम गर्ने अनुमति लिएर आउन पनि निकै पापड बेल्नुपर्छ । एयरपोर्टबाट बाहिर निस्किएपछि सडकको जामलाई एकछिन बिर्सौं । तर राजधानी सहरको वातावरणीय प्रदूषणलाई सबैले सहज रूपमा लिँदैनन् । अझ नेपालमा भएको मूल्यवृद्धिले रेस्टुरेन्टमा खान र भाडामा घर लिन पनि निकै महँगो भएको छ ।

नेपालको सरकारले सवारी साधनको आयातमा लगाएको भन्सार र करबाट सरकारी कर्मचारीलाई तलब दिनुपर्छ भनेर कसैले दया गर्दैन । महँगो सवारी साधनले पनि लगानीकर्तालाई तर्साउँछ । एउटा मझौला कम्पनीले आफ्नो सञ्चालनका लागि आठ वा १० वटा सवारी साधन किन्नुपर्ने भयो भने करिब पाँचदेखि १० करोड सजिलै लाग्छ । ढुवानीका लागि ट्रक र ट्रिपरको भाडा पनि त्यस्तै महँगो छ । आफैंले खरिद गर्दा भारतकै तुलनामा पनि तीन गुणा बढी खर्च लाग्छ ।

नेपालले विदेशी लगानी ल्याउनका लागि कोसिस गर्ने हो भने स-साना विषयमा सुधार ल्याएर पहिला धमिलो वातावरणलाई सङ्ग्लो बनाउने कोसिस गर्नुपर्छ । स-साना समस्याले मानिसलाई देशप्रति नै बैराग्य बनायो भने उसले आफ्नो कम्पनीको लगानी यो देशमा ल्याउन चाहन्नँ । तर, जबसम्म विदेशी लगानी प्रशस्त आउँदैन तबसम्म नेपालको आर्थिक अवस्था हामी सबैले चाहेको गतिमा अघि बढ्न सक्दैन ।

सबल बैंक, सफल सहकार्य

Journey Never Stops When you have

Mahalaxmi Dollar Card

For your Ultimate Travel Companion!!!

- Substitute for Travelers' Cheque
- Immediate Issuance of Card over the counter
- Get Your Personalized Card!!!
- EMV prepaid Card (CHIP +PIN based) for secured withdrawals and purchase solutions
- E-commerce facility
- 5 years Validity
- Globally Accepted (Except India)
- Hassel free solutions of carrying cash

(We also buy and sell the major foreign currencies.)

*Conditions Apply

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय दरबार मार्ग, काठमाडौं, नेपाल

फोन नं.: ४२६८७१९/४२६८७२०, फ्याक्स: ४२६९३०८

Find us on facebook /mahalaxmibikasbank/

www.mahalaxmibank.com

पीपीपी
साझेदारीबाट समृद्धि

इतिहासबाट पाठ सिकेर ठीक ढंगले पीपीपी मोडल कार्यान्वयन गर्नुपर्छ । कुन काम निजी क्षेत्रले र कुन काम राज्यले गर्ने भन्नेमा प्रस्ट हुनुपर्छ । अनि मात्र हाम्रो जस्तो प्रारम्भिक चरणको औद्योगिकीकरण भएको देशलाई फाइदा पुग्छ ।

डा बाबुराम भट्टराई

सार्वजनिक निजी साझेदारी (पीपीपी) आर्थिक विकासको वैकल्पिक नीति हो । पुँजीवाद र साम्यवादका नकारात्मक पक्ष छोड्दै सकारात्मक पक्षलाई समेटेर नयाँ मोडल विकास गर्ने क्रममा यस्तो अवधारणा आएको हो ।

सारमा भन्नुपर्दा बजार अर्थात निजी क्षेत्र र राज्य अर्थात सार्वजनिक क्षेत्रलाई सन्तुलित ढंगले अगाडि बढाउने आर्थिक नीति नै पीपीपी हो ।

पीपीपीको विकासक्रम

१६-१७ औं शताब्दीमा विश्वमा आधुनिक युग सुरू भएपछि तीव्र रूपमा आर्थिक विकास हुने अपेक्षा थियो । तर, त्यतिबेलासम्मको कृषिप्रधान अर्थतन्त्र र जमिनमा आधारित उत्पादन प्रणालीले समग्र विश्वको आर्थिक विकास र समृद्धिको ढोका खोल्न सम्भव थिएन । तीव्र गतिमा आर्थिक विकास हुन सक्दैनथ्यो ।

तीव्र गतिमा आर्थिक विकास हुन नसकेपछि अर्थतन्त्रको स्वरूपमा परिवर्तन हुँदै गयो र कृषिमा आधारित अर्थतन्त्रको अन्त्य भएर आएको औद्योगिक क्रान्तिको क्रममा बजार अर्थतन्त्रको अवधारणा अगाडि आयो । सोही अवधारणा नै पुँजीवादी अर्थतन्त्रको सैद्धान्तिक आधार समेत बन्न पुग्यो । जुन अवधारणालाई १८औं शताब्दीमा आढम स्मिथले सैद्धान्तिकीकरण गरेर बजार अर्थशास्त्रको मूल्य मान्यताको रूपमा विकास गरे ।

सोही अवधारणा अनुसार नै करिब सय-डेढ सय वर्षसम्म बजार नै सबथोक हो भन्ने मान्यता विश्वभर कायम रह्यो । कुनै पनि वस्तुको माग र आपूर्तिको सन्तुलन बजारले नै गर्छ भन्ने सोचको विकास भयो । बजारले उत्पादन र उत्पादकत्व वृद्धि गर्छ भन्ने अर्थतन्त्रको विकास भयो । यस्तो खाले अर्थतन्त्रका कारण कतिपय समाज, राष्ट्रले आर्थिक रूपमा प्रगति गरे पनि कतिपय समाज र राष्ट्रमा गम्भीर असन्तुलनको अवस्था सिर्जना भयो ।

यसरी असन्तुलन वृद्धि हुनुको कारण सबैथोक बजारलाई छोड्दा नै हो भन्ने तथ्य फेला परे । हरेक मानिसका क्षमता, स्वभाव र रूचि फरक-फरक हुन्छन् । त्यस्तै समाजको भौगोलिक अवस्था एकैखाले हुँदैन । व्यक्तिहरूको क्षमता, रूचि र भूगोल नै फरक हुने भएपछि सबैको आर्थिक समृद्धि र विकास एउटै गतिमा हुने कुरा भएन । जसले गर्दा सक्षम व्यक्ति, समुदाय र राष्ट्र र कमजोर व्यक्ति, समुदाय र राष्ट्रबीच खाडल बढ्दै गयो ।

त्यस्तो खाले खाडललाई कम गर्नका लागि पुनः विश्वमा अर्को अर्थनीति प्रयोगमा आयो । निजी क्षेत्रले नभई राज्यले बढी भूमिका निर्वाह गर्दा व्यक्ति-व्यक्तिबीचको असन्तुलन कम गर्न सघाउँछ भन्ने मान्यताले बजारलाई सहायक र राज्यले प्रमुख भूमिका खेल्नुपर्छ भन्ने मान्यताको विकास भयो । निजी क्षेत्रको मुख्य भूमिकालाई राज्यमा सारिएपछि पनि समस्या कायमै रहे । समस्या अर्कोमा सरेजस्तो मात्र भए । किनकि निजी क्षेत्रको भूमिका कटौती गरी राज्यमा सर्दा वितरणमा देखिएको समस्या मात्र केही समाधान भएजस्तो देखियो । जसले गर्दा समग्र उत्पादन र उत्पादकत्व वृद्धि हुन सकेन ।

बजार सक्रिय हुँदा वितरण त सुध्रियो तर निजी क्षेत्रले उत्पादन र उत्पादकत्व बढाएको थियो । राज्य सक्रिय हुँदा उत्पादन

र उत्पादकत्व वृद्धि भएन । राज्यको भूमिका वृद्धि गरेका कारण रूस, चीन लगायत केही समाजवादी मुलुकले सुरूको चरणमा ठीकठीकै रूपमा आर्थिक विकास गरेको देखिए पनि मध्यमस्तरमा पुगेपछि उनीहरूको विकास नै रोकिने अवस्थामा पुग्यो ।

केही राष्ट्रले मध्यमस्तरको आर्थिक वृद्धि गरेपछि त्यस्तो अर्थनीतिले अगाडि बढ्न बाधा पर्दो रहेछ भन्ने देखियो । राज्यको भूमिका बढी हुँदा खासगरी उत्पादन र उत्पादकत्व वृद्धिमा समस्या देखियो । शीतयुद्ध कालसम्म विश्वभर पुँजीवाद र साम्यवादका दुइटा धारको चरम प्रतिस्पर्धा समेत रह्यो ।

यहीबीचमा दोस्रो विश्वयुद्धताका जोन मिर्डल किन्सले बजार (निजी क्षेत्र) र राज्यको भूमिका हुने मिश्रित खालको अर्थनीति अघि सारे । उनको जोड बजारलाई बढी भूमिका दिने खालको भए पनि केही क्षेत्रमा राज्यको भूमिका आवश्यकता पर्छ भन्नेमा जोड दिएकाले त्यसलाई मिश्रित खालको अर्थनीति भनिएको हो ।

खास-खास क्षेत्र जस्तोः पूर्वाधार, रोजगारी सिर्जना जस्ता क्षेत्रमा राज्यको बढी भूमिका हुनुपर्छ भन्ने त्यतिखेरको अवधारणा थियो । समयको विकासक्रमसँगै सन् १९७०-८० को दशकसम्म आइपुग्दा विश्व व्यवस्था पुँजीवाद र साम्यवादी प्रणालीको धारमा स्पष्ट रूपले विभक्त भइसकेका थिए । सोभियत संघको विघटनपछि साम्यवादी व्यवस्थाको अन्त्यसँगै राज्य केन्द्रित अर्थतन्त्रको आकर्षण स्वाट्टै हराएर गयो ।

अर्कोतिर विशुद्ध पुँजीवादमा फर्कदा पनि भर्खर स्वतन्त्र भएका मुलुकमा औद्योगिक अर्थतन्त्रको विकास भइसकेको थिएन । विशुद्ध पुँजीवादमा फर्कदा भर्खर स्थापना भएका मुलुकको आर्थिक अवस्थामा मात्र नभई अस्तित्वमै संकट आउने सम्भावना देखियो । सन् १९८०-९० को दशकपछि दुवै (पुँजीवादी र साम्यवादी) अर्थतन्त्रको अनुभवको आधारमा विश्वमा नयाँ अवधारणाको विकास भयो । जुन अवधारणा नै अहिले हामीले भन्ने गरेको पीपीपी हो । त्यसपछि विभिन्न अन्तर्राष्ट्रिय संघ, संस्थाहरू पीपीपीको प्रवर्द्धन गर्नतर्फ लागे ।

नेपालमा पीपीपी अवधारणा

नेपालको सन्दर्भमा कुरा गर्नु पर्दा हाम्रो अर्थतन्त्र भर्खरै कृषिबाट औद्योगिक, सेवामूलक, व्यावसायिकमा प्रवेश गर्दैछ । जसले गर्दा औद्योगिक विकासका लागि थुप्रै काम हुन बाँकी छन् । एकातिर लगानी वृद्धि र अर्कोतिर निजी क्षेत्र र राज्यको सन्तुलित सहभागिताको दृष्टिकोणले नेपालमा पीपीपी अवधारणा कार्यान्वयन गर्न जरूरी छ । अहिलेसम्मको अभ्यास हेर्दा नेपालमा राजनीतिक दल लगायत धेरै व्यक्ति पीपीपीबारे प्रस्ट छैनन् । आर्थिक समृद्धिका लागि पीपीपी जरूरी भए पनि कार्यान्वयन हुन नसक्नुको कारण मूलभुत मान्यतामै प्रस्ट नहुनु हो ।

नेपालको संविधानमा विशुद्ध बजार र विशुद्ध राज्यले मात्र आर्थिक उपलब्धि हासिल गर्न सकिँदैन भनेर निजी क्षेत्र (बजार), सामुदायिक क्षेत्र (सहकारी) र राज्य सम्मिलत सन्तुलित अर्थतन्त्र निर्माण गर्नुपर्छ भन्ने लेखेका छौं ।

पीपीपी अभ्यास

व्यवहारमा हेर्ने हो भने नेपालमा पीपीपीको सही रूपमा अभ्यास भइरहेको छैन । शीतयुद्धकालीन समयमा विभिन्न समाजवादी मुलुकको सहयोगमा नेपालमा स्थापना गरिएका कैयौं उद्योग, कलकारखाना तयारीबिना निजी क्षेत्रलाई हस्तान्तरण गरिए । सन् १९८०-९० को दशकमा आएको खुला बजार र उदारीकरणको हावाले ती उद्योग, कलकारखाना निजी क्षेत्रलाई हस्तान्तरण गरिँदा राज्यले कुनै योजना बनाएको देखिँदैन । अर्कोतर्फ त्यसरी हस्तान्तरण गरिएका उद्योग, कलकारखानालाई निजी क्षेत्रले पनि सही ढंगले सञ्चालन गरेन । न राज्यले नै ठीक ढंगले आफ्नो भूमिका निर्वाह गऱ्यो ।

जसले गर्दा नेपाल गैरऔद्योगिकीकरणको दिशातिर गयो । न राज्यसँग उद्योग, कलकारखाना रहे, न निजी क्षेत्रले नै ती उद्योग, कलकारखाना चलाउन सक्यो । अन्ततः देशमा औद्योगिकीकरणको विकास हुन सकेन । आर्थिक गतिविधि भएनन् र आर्थिक विकास पनि भएन ।

अबको काम

हामीले विगतका अनुभवबाट सिकेर अब सन्तुलन मिलाउन जरूरी छ । निजीकरण र उदारीकरण भनेर राज्यले सबैथोक बजारलाई छोड्ने प्रवृत्ति र विगतमा साम्यवादी मुलुकले गरे जस्तो सबथोक राज्यले लिने वा राज्यले भूमिका मात्र खोज्ने प्रवृत्ति उपयुक्त हुँदो रहेनछ भन्ने इतिहासबाट पुष्टि भइसकेको छ ।

अहिले पनि नेपालमा केही उदारवादी पुँजीवाद पक्षधर व्यक्तिहरू सबथोक बजारलाई छोड्नुपर्छ भन्ने ठान्छन् । त्यस्तै कम्युनिस्ट विचार राख्नेहरू राज्यले सबैथोक नियन्त्रण गर्नुपर्छ भन्ने सोच राख्छन् । यस्ता दुवै सोचले इतिहासमा भएका गल्ती पुनः दोहोरिन

> खास-खास क्षेत्र जस्तोः पूर्वाधार, रोजगारी सिर्जना जस्ता क्षेत्रमा राज्यको बढी भूमिका हुनुपर्छ भन्ने त्यतिखेरको अवधारणा थियो । समयको विकासक्रमसँगै सन् १९७०-८० को दशकसम्म आइपुग्दा विश्व व्यवस्था पुँजीवाद र साम्यवादी प्रणालीको धारमा स्पष्ट रूपले विभक्त भइसकेका थिए ।

पुग्छन् । हामीले पटकपटक गल्ती गर्ने इतिहास दोहोरिन दिनु हुँदैन । इतिहासबाट पाठ सिकेर ठीक ढंगले पीपीपी मोडल कार्यान्वयन गर्नुपर्छ । कुन काम निजी क्षेत्रले र कुन काम राज्यले गर्ने भन्नेमा प्रस्ट हुनुपर्छ । अनि मात्र हाम्रो जस्तो प्रारम्भिक चरणको औद्योगिकीकरण भएको देशलाई फाइदा पुग्छ ।

पीपीपीका क्षेत्र

सडक, विद्युत्, पानी, शिक्षा, स्वास्थ्य, सञ्चार, वित्तीय व्यवस्था जस्ता पूर्वाधारका क्षेत्रमा सुरूको चरणमा राज्यले बढी भूमिका खेल्नुपर्छ । कृषि, पर्यटन, उद्योग, व्यापार जस्ता उत्पादन र सेवा क्षेत्रमा निजी क्षेत्रको भूमिका बढी हुनुपर्छ । राज्य र निजी क्षेत्रको सन्तुलन मिलाउन सक्दा मात्र पीपीपी मोडल सफल हुन्छ ।

हामीकहाँ उत्पादनको क्षेत्रमा राज्यले भूमिका खेलेको जस्तो गर्न खोज्ने तर शिक्षा, स्वास्थ्य जस्ता मुनाफाका लागि निजी क्षेत्रलाई जिम्मा दिने प्रवृत्ति छ । जुन आर्थिक विकासका लागि उल्टो प्रवृत्ति हो । शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा राज्यको प्रमुख रूपमा भूमिका हुनुपर्छ । कृषि, उद्योग, व्यापारमा निजी क्षेत्रलाई प्रवर्द्धन गर्नुपर्छ । यसो गर्न सकियो भने सन्तुलन हुन्छ ।

लामो क्रान्तिकारी परिवर्तनपछि यतिखेर संघीय लोकतान्त्रिक गणतन्त्र आएको छ । अहिलेको सबैको साझा चासो र चिन्ता छिटोभन्दा छिटो देशलाई आर्थिक र पूर्वाधारले समुन्नत बनाउने हो । यसका लागि देशमा आर्थिक विकासको बाटो समात्न सक्नुपर्छ । तीव्र आर्थिक विकास नगरी देशको विकास हुने अवस्था छैन । अहिलेको प्रतिव्यक्ति एक हजार अमेरिकी डलर आयले जनतालाई गरिबीको दुष्चक्रबाट निस्कन दिँदैन ।

अबको बाटो

आर्थिक विकासका लागि मुख्यतयाः दुई दशकसम्म दुई अंकको आर्थिक वृद्धि गरी प्रतिव्यक्ति आय १० हजार अमेरिकी डलरभन्दा बढी पुऱ्याई आर्थिक वृद्धि गर्ने नीति हुनुपर्छ । त्यस्तै दोस्रो कुरा, समाजका विभिन्न समूहबीच समन्यायिक वितरणको नीति लिनु पर्दछ । तेस्रो, दिगो विकास निम्ति पर्यावरणको रक्षा र सौर्य/जलस्रोतबाट ऊर्जाको विकास अबको लक्ष्य हुनुपर्छ ।

त्यस्तै आर्थिक विकासको वृद्धि वा भौतिक वस्तुको उपभोगले मात्र मानिस खुसी नहुने भएकाले व्यक्तिको खुसीपनलाई पनि ध्यान दिने खालको आर्थिक नीति आवश्यक हुन्छ । आर्थिक वृद्धिको मापनमा कुल गार्हस्थ उत्पादनलाई मात्र नभई मानिसको खुसीपन समेटिनुपर्ने अवधारणा पनि आएका छन् । कुल गार्हस्थ उत्पादनको तीव्र वृद्धि, समन्यायिक वितरण, दिगो विकास लक्ष्य हासिल गर्ने कार्यक्रम र खुसीपनको सन्तुलन हुने अर्थतन्त्रको विकास नै अबको बाटो हो ।

यसका लागि बजार र राज्यको सन्तुलित भूमिका भएको पीपीपी मोडल नै उपयुक्त हुन्छ । नेपालमा अझै पनि पीपीपीको बुझाइमा स्पष्टता छैन । त्यसैले पीपीपी सही ढंगले कार्यान्वयन हुन नसकेको हो । राजनीतिक दलहरू पनि पीपीपीबारे प्रस्ट छैनन् । पीपीपी अवधारणा कार्यान्वयनमा आउन सक्यो भयो भने विकासका लागि पुँजीको जोहो गर्न सहज हुन्छ ।

पीपीपी सही ढंगले कार्यान्वयन हुने मुख्य सर्त निजी क्षेत्र र राज्यले पालना गर्नुपर्ने भूमिका र दायित्व नै हुन् । निजी क्षेत्र आफ्नो व्यवसायलाई प्रवर्द्धन गर्न प्रतिस्पर्धी बन्नु पर्छ । निजी क्षेत्रले आफ्नो व्यवसाय वृद्धिका लागि राज्यको समर्थन मात्र खोज्नु हुँदैन । लाभ मात्र खोज्ने दायित्व पूरा नगर्ने हो भने कुनै उपलब्धि हुँदैन ।

त्यस्तै राज्यले पनि निजी क्षेत्रलाई नियन्त्रण मात्र गर्न खोज्ने गर्नु हुँदैन । निजी क्षेत्रलाई राज्यले सहयोगीको रूपमा बुझ्नु पर्छ । र, आवश्यक पर्दा सहयोगीको भूमिका खेल्नु पर्छ । सहयोगीको भूमिकाबाट नै दुई पक्षबीच विश्वासको वातावरण सिर्जना हुन्छ ।

आगामी दिनमा हामीले पुँजीवाद र साम्यवादभन्दा माथि उठेको नयाँ राजनीतिक-आर्थिक प्रणाली र व्यवहारतः पीपीपी मोडेललाई सही ढंगले कार्यान्वयन गरेर मात्रै समृद्ध नेपाल निर्माण गर्न सक्नेछौं ।

NABIL CARE

नबिल बैंक प्रस्तुत गर्दछ सबै बचत खाताहरुमा विशेष बीमा सुविधाहरु:

दैनिक न्यूनतम मौज्दात रु. ५ हजारमा

- रु. १० लाख बराबरको दुर्घटनाबाट हुने मृत्यु र स्थायी पूर्ण असक्तता बीमा

दैनिक न्यूनतम मौज्दात रु. २५ हजारमा

- रु. १० लाख बराबरको दुर्घटनाबाट हुने मृत्यु र स्थायी पूर्ण असक्तता बीमा
- रु. ३ लाख बराबरको १३ घातक रोगहरुको बीमा
- रु. ७५ हजारको मृत्यु दावी बीमा

*शर्तहरु लागू हुनेछन् । विस्तृत जानकारीका लागि बैंकको वेबसाईट www.nabilbank.com वा नजिकको बैंकको शाखामा सम्पर्क राख्नुहोला।

NABIL BANK®

TOGETHER AHEAD

बीमा प्रदायक:

NLG INSURANCE COMPANY LIMITED

MetLife

वैदेशिक लगानी
आकर्षणको आधार

भवानी राणा

मुलुकभित्र लगानीको वातावरण विस्तारै बन्दै गएको छ । सरकारले आर्थिक विकासको मुद्दालाई जोडतोडका साथ उठाइरहेको छ । 'समृद्ध नेपाल सुखी नेपाली'को अभियान सफल पार्न सरकारको मुख्य जोड रहेको पाइन्छ ।

उद्योग-धन्दाको विकासका लागि विगतमा रहेका तगाराहरु अहिले निरूपणतर्फ उन्मुख छन् । अहिले श्रम समस्या छैन, लोडसेडिङ अन्त्य भइसक्यो, स्थानीय, प्रदेश र केन्द्रमा समेत स्थिर सरकार छ । आर्थिक वृद्धिले विस्तारै गति लिन थालेको आभास हुन्छ । तर यसलाई टिकाई राख्नुपर्ने ठूलो चुनौती हाम्रा सामुन्ने छ ।

यता अर्थतन्त्रमा दीर्घकालीन संरचनात्मक समस्या र कमजोरी अझै पनि धेरै रहेको कुरालाई हामीले भुल्न हुँदैन । अर्थतन्त्रमा लगानीको आधार न्यून छ, सरकारको पुँजीगत खर्चको आधार निकै सानो छ, चालू आर्थिक वर्षको कात्तिक अन्त्यसम्म ६.५ प्रतिशत मात्रै पुँजीगत बजेट खर्च भएको छ ।

चालू आर्थिक वर्षको पहिलो त्रैमासमा राजस्व संकलनको आंकडा त्यत्ति सन्तोषजनक देखिएन । राजस्वले चालू खर्च धान्न सक्ने अवस्था देखिँदैन, उत्पादनमूलक क्षेत्रको संकुचनसँगै रोजगारीका अवसरहरु कुण्ठित हुँदै गएका छन्, कुल गार्हस्थ उत्पादन (जीडीपी)को ठूलो हिस्सा ओगट्ने कृषि क्षेत्रमा अझै पनि ठूलो श्रमशक्ति कार्यरत छ, उद्योग क्षेत्र प्रतिस्पर्धी बन्न सकेको छैन, श्रम बजार बेरोजगारी र सीपयुक्त जनशक्ति अभावको विरोधाभासपूर्ण अवस्थामा छ, कमजोर पूर्वाधारका कारणले आर्थिक क्रियाकलाप संकुचित हुन पुगेको छ ।

उल्लेखित चुनौतीको सामना गरी मुलुकभित्र औद्योगिक, व्यावसायिक वातावरण बनाउन सरकारका तर्फबाट गर्नैपर्ने केही आधारभूत कुरा निजी क्षेत्रले निरन्तर उठाउँदै आएको छ ।

पछिल्लो समय मुलुकभित्र विद्युत् आपूर्तिमा निकै ठूलो सुधार आएको छ । लोडसेडिङमुक्त हटिसकेको छ । औद्योगिक क्षेत्रमा पनि लोडसेडिङ छैन । निर्माणाधीन परियोजनाहरु समयमै सम्पन्न गर्ने र नयाँ परियोजना थालनी गर्ने कार्यमा गुणात्मक प्रगति गर्नुपर्ने बेला आएको छ । परियोजनाको सुरक्षादेखि लिएर त्यसलाई समयमै सम्पन्न गर्ने वातावरण बनाउनेतर्फ सरकार केन्द्रित हुनुपर्छ । अब नयाँ उद्योग खोल्न चाहनेले मागेका बेला बिजुली दिने वातावरण बन्नुपर्छ ।

उद्योगी, व्यवसायीले उद्योग, व्यवसाय सञ्चालनका लागि विभिन्न निकायमा महिनौं

धाउनुपर्ने बाध्यता अहिले पनि छ । यसले एकातिर कुनै प्रोजेक्ट सञ्चालनमा ल्याउन लामो समय कुर्नुपर्ने बाध्यता छ भने अर्कोतिर लगानीकर्तालाई हतोत्साही बनाइरहेको छ । जग्गा तथा वातावरण प्रभाव मूल्यांकनका विषयलाई सरलीकरण गरिएको भनिए पनि त्यसको प्रभावकारी कार्यान्वयन छैन । यसर्थ, उद्योग लगाउन चाहने जो कोहीले पनि उद्योग सञ्चालनपूर्व सम्पन्न गर्नुपर्ने सम्पूर्ण काम एकै ठाउँबाट गर्ने द्रुत सेवा राज्यले दिनैपर्छ । त्यसो त कुनै पनि उद्योग, व्यवसाय सञ्चालनका लागि अनुमति मागी निवदेन दिएको १५ दिनभित्र सबै प्रक्रिया पूरा गरेको केसमा अनुमति दिने भन्ने स्वागतयोग्य कुरा आएकाले यसमा आशावादी हुने ठाउँ छ ।

सरकारी निकायहरूबीच आपसी समन्वय नहुँदा उद्योग, व्यवसायको विकास, लगानी आकर्षण तथा विस्तारमा निकै ठूलो समस्या भोग्नुपरेको छ । उद्योग, व्यवसाय क्षेत्रसँगसम्बन्धी ऐन, कानुन प्रभावकारी कार्यान्वयन गर्नका लागि पनि कम्तीमा सरकारी निकायहरूबीच समन्वयको खाँचो छ ।

अहिले पनि हामी निकै पुराना ऐन, कानुनबाट निर्देशित छौं । तत्कालीन परिस्थितिमा आएका त्यस्ता कानुन आजको सन्दर्भमा निकै अव्यवहारिक एवं प्रगतिका बाधक रहेको हाम्रो ठहर छ । कतिपय पुराना ऐन, नियमका कारण उद्योग, व्यवसाय क्षेत्र आफूलाई राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा खरो उतार्न असमर्थ छ । उद्योग, व्यवसायसँग सम्बन्धित धेरै ऐन, कानुन आइसकेका छन्, आउने क्रममा पनि छन् । बाँकी ऐन कानुन ल्याई नेपालभित्र पूर्णतः लगानीको वातावरण छ भन्ने सन्देश दिन ढिलो भइसकेको छ ।

स्वदेशी वस्तुको पर्याप्त उपभोग स्वदेशमै हुन नसकेसम्म औद्योगिक विकासले फड्को मार्न सक्दैन । निजी क्षेत्रले स्वदेशी वस्तुको अनिवार्य प्रयोगका लागि सरकारमा निरन्तर दबाब दिइरहेको छ । स्वदेशी वस्तुको प्रयोगसम्बन्धी नियमावली एवं निर्देशिका बने पनि त्यसको कार्यान्वयन हुन सकेको छैन । सरकार सबैभन्दा ठूलो उपभोक्ता पनि हो । सरकारले प्रयोग गर्ने वस्तु सम्भव भएसम्म स्वदेशीनै अनिवार्य खरिद गर्ने व्यवस्था लागू गर्नुपर्छ । यसले स्वदेशी वस्तुको खपत बढ्न गई स्वदेशी उद्योग फस्टाउने र मुलुक समृद्धिको मार्गतर्फ अगाडि बढ्ने निजी क्षेत्रको विश्वास

छ ।

स्वदेशी वस्तुको अनिवार्य प्रयोगलाई कार्यान्वयन गर्न सकियो भने स्वदेशी उद्योग व्यवसाय फस्टाउने र नयाँ लगानी आउने वातावरण बन्ने हाम्रो विश्वास छ । स्वदेशी उद्योग-धन्दा फस्टाउन सक्यो भनेमात्र बाह्य लगानी, प्रविधि आउने हाम्रो बलियो विश्वास छ । आयात-निर्यातको अवस्था कहालीलाग्दो छ । यसर्थ, निर्यात वृद्धिका लागि पनि स्वदेशी उद्योगधन्दा विस्तार सरकारको पहिलो प्राथमिकता हुनुपर्ने हाम्रो जोड छ ।

उद्योग, व्यवसाय सञ्चालनका लागि निश्चित अवधिका लागि लिइएको ऋणमा पटकपटक ब्याजदर वृद्धि हुँदा व्यावसायिक लागत बढ्न जानुका साथै उद्यमी, व्यवसायी चौतर्फी दबाबमा पर्न जान्छन् । प्रत्येक वर्ष यो समस्याबाट उद्यमी व्यवसायी ग्रसित हुँदै आएका छन् । चालू आर्थिक वर्षमा पनि तरलताको समस्या आउने देखिन्छ । ब्याजदर वृद्धिसम्बन्धी निर्णय गर्दा त्यसले उद्योग व्यवसाय र स्वयं बैंकलाई पनि कति असर पर्छ भन्ने विचार गर्नै पर्छ । तरलता अभावको समस्यालाई राष्ट्र बैंकले समयमै सम्बोधन गर्नेतर्फ प्रयास थाल्नुपर्छ । आम उद्यमी, व्यवसायी तथा लगानीकर्तामा आउँदा दिनमा ब्याजदरको सुनिश्चितता गराउने वातावरण बन्नुपर्नेमा हाम्रो जोड छ ।

मुलुकभित्र उद्योगधन्दाको विकास, विस्तारमा सरकारले विशेष ध्यान दिनुपर्छ । पर्यटन, सेवा क्षेत्रको अर्थतन्त्रमा राम्रो योगदान छ । कृषिमा पनि हामी एकैचोटि फड्को मार्न सक्दैनौं । फड्को मार्ने भनेको उद्योग क्षेत्रमा नै हो । यसमा पनि नीति र कार्यान्वयन तहमा खाडल (ग्याप) देखिएको छ । त्यो खाडल पूरा गर्न थप मजबुत भएर जानुपर्छ । निजी क्षेत्रले दुई-चार कुरा देखेको छ । सबैभन्दा ठूलो कुरा नीति हो । लगानी भित्र्याउन राम्रो नीति चाहिन्छ । त्यसका लागि नीतिगत सुधार जरूरी छ । गत साल सम्पन्न लगानी सम्मेलनअगावै निजी क्षेत्रले नीतिगत कुरालाई सुधार गर्नुपर्ने सुझाव दिएका थियो । त्यसको सुधार पनि भइरहेको छ । गत साल लगानी सम्मेलनमा भएको लगानी प्रतिबद्धता अनुरूपको लगानी ल्याउन सरकारका तर्फबाट निरन्तर फलोअप हुनुपर्छ । निजी क्षेत्रले जहिले पनि एकद्वार प्रणालीलाई जोड दिएको थियो । त्यसको सुरूवात भएको छ । त्यसलाई निजी क्षेत्रले सकारात्मक रूपमा लिएको छ । सबैभन्दा ठूलो कुरा कार्यान्वयन नै हो ।

अहिलेको अर्को महत्त्वपूर्ण पक्ष पूर्वाधार हो । सन् २०२० लाई पर्यटन वर्षका रूपमा घोषणा गरिएको छ । अबको एक महिनापछि त्यसको औपचारिक सुरूवात हुँदैछ । नयाँ पूर्वाधार निर्माणको कुरा त छोडौं, भएकै पूर्वाधारमा पनि सुधार नगरी पर्यटन वर्ष घोषणा गरिएको हो कि भन्ने लागेको छ । पर्यटनलाई सीमित घेरा र क्षेत्रबाट माथि उठेर पूर्वदेखि पश्चिमसम्मलाई

> स्वदेशभित्र लगानीको वातावरण बन्यो, उद्योग, व्यवसाय फस्टाउँदै गयो भने स्वदेशी लगानीकर्तानै बाह्य लगानी आकर्षणका लागि मुख्य आधार हुन सक्छन् । निजी क्षेत्र पनि प्रतिबद्ध छ, हामीले कुराभन्दा पनि काम गर्नुपर्ने बेला छ अहिले ।

पर्यटनमा जोड्नुपर्छ । हामीसँग संख्यात्मक रूपमा पर्यटक बढेका छन् । हामीले धेरै खर्च गर्ने गुणस्तरीय पर्यटक भित्र्याउनु पर्छ । यसका लागि पर्यटकीय क्षेत्रमा होटल निर्माणमा जोड दिनुपर्छ । अहिले पनि हाम्रो पूर्वाधारको अवस्था दयनीय छ । २० लाख पर्यटक भित्र्याउने एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल हवाई ट्राफिक जामका कारण सधैं दबाबमा छ । गौतमबुद्ध विमानस्थल निर्धारित समयमा निर्माण सम्पन्न नहुने देखिएको छ । निर्माणाधीन पोखरा अन्तर र्ाष्ट्रिय विमानस्थलको पनि हालत उही छ । सडकको अवस्था राम्रो छैन । भएका पूर्वाधारको स्तरोन्नति र नयाा निर्माणमा राज्यले समय निर्धारण गरेर युद्धस्तरमा काम गरोस् भन्ने हाम्रो चाहना हो ।

उद्योग विस्तारका क्रममा जग्गा प्राप्ति नै ठूलो समस्या देखिएको छ । सरकारले निर्यात प्रवर्द्धनका लागि विशेष आर्थिक क्षेत्र (स्पेसल इकोनोमिक जोन-सेज)को अवधारणा ल्यायो । सोही अवधारणा अनुसार मुलुकका केही भागमा सेज निर्माण भए । हालै मात्र भैरहवा सेजमा खुलेकामध्ये आधा दर्जन उद्योग सरकारको केही नीति बाधक भएको भन्दै त्यहाँबाट बाहिरिएको समाचार आयो । उत्पादित वस्तुको ६० प्रतिशत निर्यात गर्नुपर्ने, सेज स्थापनाको पहल भएको डेढ दशकसम्म पनि पूर्वाधार निर्माण नहुने, नेपालमा उद्योग स्थापना गरेर उत्पादित सामान भारत, चीन पठाउन कठिन हुने, निर्यात प्रवर्द्धन गर्ने सेजको नीति सकारात्मक भए पनि विदेशबाट कच्चा पदार्थ ल्याएर उत्पादित सामान विदेशमै निर्यात गर्न कठिन हुने, महँगो भाडा र सरकारी निकायबीच समन्वयको अभाव लगायत समस्या त्यहाँ उद्योग चलाउन जाने उद्यमीहरूले औंल्याएको पाइयो ।

बढ्दो व्यापार घाटामा निजी क्षेत्र पनि गम्भीर छ । त्यसका लागि उत्पादनमूलक उद्योग विस्तारमा प्राथमिकता दिनुपर्छ । पछिल्ला वर्षमा हामी सधैं आर्थिक समृद्धि भनिरहेका छौं । आर्थिक समृद्धिको आधार के हो त ? आधार भनेको नीतिगत व्यवस्थामा सुधार, नीतिको सुनिश्चितता र लगानीकर्ताले व्यहोर्नुपरेको समस्याको तत्काल समाधान नै हो । त्यसमा सरकारको ध्यान जाओस् । यी समस्या समाधान नभएसम्म औद्योगिक क्षेत्रको विस्तार तीव्र हुन सक्दैन । भएका उद्योग पनि बन्द हुने अवस्था आउन सक्छ । वैदेशिक लगानी आकर्षणसँगै स्वदेशी लगानी प्रोत्साहन गर्ने नीति पनि ल्याउनुपर्छ । अब हामी परम्परागत उद्योग नभई तुलनात्मक लाभ भएका क्षेत्र, वस्तु र मूल्य अभिवृद्धि (भ्यालु एड) गर्ने उद्योगमा केन्द्रित हुनुपर्छ । यस्ता कुरालाई पनि हामीले ध्यान दिनुपर्छ । आर्थिक समृद्धि र विकासका आधार यिनै हुन् । अर्थतन्त्रमा निजी क्षेत्रको योगदान करिब ७० प्रतिशत भनिएको छ । तर निजी क्षेत्रले स्वतन्त्र रूपले काम गर्न पाउने वातावरण छैन । यसमा दिनुपर्छ अनिमात्र स्वदेशी र विदेशी लगानी मुलुकभित्र आकर्षिक हुने हाम्रो विश्वास छ ।

कुनै पनि देशमा बाह्य लगानीकर्ताले एकैचोटि आएर लगानी गर्दैन । लगानीकर्ताले सबैभन्दा पहिला हेर्ने भनेको त्यस देशभित्र औद्योगिक, व्यावसायिक वातावरण र स्वदेशी उद्योगधन्दाको अवस्था नै हो । अर्को नीतिगत स्थायित्व र राजनीतिक स्थिरता हो । यी कुरा सुनिश्चित हुन सक्यो भने बाह्य लगानी आउन सक्छ । नेपालमा बाह्य लगानी नआएको पनि होइन तर जुन परिमाणमा आउनुपर्ने हो त्यो आउन सकेको छैन । स-सानो लगानीले नेपालको आवश्यकता पूरा हुने देखिँदैन । यसमा हामी कुन अवस्थामा छौं भन्ने कुरामा आफैंले आत्मसमीक्षा गर्नुपर्छ । स्वदेशी उद्योगधन्दा फस्टाउने वातावरण बनाउन राज्यले दिनुपर्ने सबै प्रकारको सेवा सुविधा दिन कन्जुस्याइँ गर्नु हुँदैन ।

स्वदेशी उद्योगधन्दाले भोग्नुपरेका समस्याको तत्काल समाधान हुनुपर्छ । स-साना कुरामा सरकार अल्झिने र राजस्वमुखी मात्र हुने भन्दा पनि स्वदेशी उद्योगधन्दा निस्फक्री फस्टाउने वातावरण बनाउन सकियो भने स्वदेशी लगानीकर्ताका माध्यमबाट विदेशी लगानी, प्रविधि, सीप र विकास मोडल आकर्षित हुन सक्छ ।

आर्थिक विकासका लागि स्वदेशी लगानीमात्र पर्याप्त छैन । त्यसका लागि हामीले बाह्य लगानी ल्याउनै पर्छ । ठूलाठूला आयोजना निर्माण बाह्य लगानीबिना सम्भव छैन । स्वदेशभित्र लगानीको पूर्ण वातावरण छ, स्वदेशी लगानीकर्ता र उद्यमी व्यवसायीका समस्या समाधान गरी सरकार सहयोग गर्न तयार छ भन्ने विश्वास दिलाउनुपर्ने खाँचो यतिखेर देखिन्छ ।

स्वदेशभित्र लगानीको वातावरण बन्यो, उद्योग, व्यवसाय फस्टाउँदै गयो भने स्वदेशी लगानीकर्तानै बाह्य लगानी आकर्षणका लागि मुख्य आधार हुन सक्छन् । निजी क्षेत्र पनि प्रतिबद्ध छ, हामीले कुराभन्दा पनि काम गर्नुपर्ने बेला छ अहिले । विस्तारै मुलुकभित्र आर्थिक विकासका लागि सकारात्मक संकेतहरू देखिएका छन्, सरकारले यो समयमा निजी क्षेत्रलाई पूर्ण विश्वासमा लिई एकसाथ लैजानु पर्छ, निजी क्षेत्र स्वदेशी एवं विदेशी लगानी मुलुकभित्र आकर्षिक गर्न मुख्य माध्यम बन्न सदैव तयार छ । समृद्ध नेपाल, सुखी नेपालीको अभियानलाई सफल पार्न निजी क्षेत्र सदैव सारथिको भूमिकामा रहेर कार्य गर्न प्रतिबद्ध छ ।

“

आर्थिक विकासका लागि स्वदेशी लगानीमात्र पर्याप्त छैन । त्यसका लागि हामीले बाह्य लगानी ल्याउनै पर्छ । ठूलाठूला आयोजना निर्माण बाह्य लगानीबिना सम्भव छैन । स्वदेशभित्र लगानीको पूर्ण वातावरण छ, स्वदेशी लगानीकर्ता र उद्यमी व्यवसायीका समस्या समाधान गरी सरकार सहयोग गर्न तयार छ भन्ने विश्वास दिलाउनुपर्ने खाँचो यतिखेर देखिन्छ ।

CORPORATE SALARY ACCOUNT

RELIABLE SALARY ACCOUNT THAT GIVES **MORE!**

FEATURES

INTEREST RATE	ATTRACTIVE
MINIMUM BALANCE	RS.100
ACCIDENTAL INSURANCE	UP TO RS.5 LACS
CREDIT CARD ISSUANCE CHARGE (ONE TIME)	50% DISCOUNT
ONE MONTH ADVANCE SALARY	UP TO RS 100,000/-

एभरेष्ट बैंक लिमिटेड

EVEREST BANK LIMITED

(A joint-Venture with **punjab national bank**, India)

दिगो, दरिलो र विश्वासिलो

नेपालको जलविद्युत्
यसकारण पीपीपी

स्वदेशभित्र लगानीको वातावरण बन्यो, उद्योग, व्यवसाय फस्टाउँदै गयो भने स्वदेशी लगानीकर्तानै बाह्य लगानी आकर्षणका लागि मुख्य आधार हुन सक्छन् । निजी क्षेत्र पनि प्रतिबद्ध छ, हामीले कुराभन्दा पनि काम गर्नुपर्ने बेला छ अहिले ।

भीमप्रसाद गौतम

नेपालमा पीपीपी

सन् १८०० मा सार्वजनिक निजी साझेदारी (पीपीपी) लगानी ढाँचाको सुरूआत भएको भएको देखिन्छ । ऊर्जा, रेल, सडक, पर्यटन लगायत पूर्वाधार निर्माणमा राज्यको लगानीले पर्याप्त नपुग्ने ठहरका साथ निजी क्षेत्रको समेत सहभागितामा सुरू भएको यो मोडेल अन्तर्गत सन् १८०८ मा अमेरिकाको न्युयोर्क र न्युजर्सीबीचको स्टिम बोट निर्माण भएको थियो भने त्यसपछि न्युजर्सीमा सन् १८१५ मा अमेरिकाले पहिलो रेलमार्ग र त्यसपछि इलेक्ट्रिक ग्रिड निर्माण भएको थियो । जलविद्युत्मा दुई सय वर्षदेखि नै पीपीपी मोडेलको अभ्यास हुँदै आए पनि नेपालमा भने १९ वर्षअघि आएको जलविद्युत् विकास नीतिले पीपीपीमा आधारित भएर बुट (निर्माण, सञ्चालन, स्वामित्व र हस्तान्तरण) मोडेललाई बढावा दिने उल्लेख गरेको थियो ।

१९९२ मा निजी क्षेत्रलाई जलविद्युत् विकासमा खुला गरेसँगै ६० मेगावाटको खिम्ती र ४५ मेगावाटको भोटेकोसी जलविद्युत् आयोजना निर्माण सुरू भएको थियो । खिम्ती नर्वेजियन र भोटेकोसी अमेरिकी लगानीकर्ताले बनाएका थिए । तर सरकारको समेत सेयर रहेको बुटवल पावर कम्पनी (बीपीसी) ले सन् २००५ मा अघि बढाएको ३० मेगावाटको काबेली परियोजनालाई महसुल प्रतिस्पर्धा गराएर अनुमतिपत्र (लाइसेन्स) दिएर पीपीपी मोडेलको सुरूआत गरिएको थियो । स्पेसल पर्पेज भेइकल (एसपीभी) गठन गरी अघि बढाइएको यो आयोजनालाई पहिलो पीपीपी मोडेलको आयोजनाको रूपमा समेत लिइन्छ ।

२२ मेगावाटको चिलिमे जलविद्युत् आयोजना निर्माण गरेको नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी चिलिमे हाइड्रो कम्पनीले आफ्नो प्रबन्धपत्र २०५२ मा विद्युत् प्राधिकरणका सञ्चालक, पूर्वसञ्चालकहरू, कार्यरत र सेवा निवृत्त, कर्मचारीलाई २५ प्रतिशत र २४ प्रतिशत सर्वसाधारण र संगठित संस्थालाई सेयर दिने उल्लेख छ । जलविद्युत् आयोजनामा सरकारी, निजी र सर्वसाधारणको लगानी हुने गरी पीपीपी मोडेल यसमा पनि अघि बढाइएको थियो । अहिले सरकारी र निजी क्षेत्र दुवैबाट निर्माणाधीन धेरै जलविद्युत् आयोजनामा पीपीपी लगानी मोडेल अघि बढाइएको छ ।

४५६ मेगावाटको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनामा एसपीभी गठन गरी पीपीपी मोडेल अघि बढाइएको छ भने ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले करिब ३५ सय मेगावाट बराबरका आयोजना समाविष्ट जनताको जलविद्युत् कार्यक्रम अन्तर्गतका आयोजना पनि पीपीपी मोडेलमा निर्माण गर्ने घोषणा गरिसकेको छ । पीपीपी लगानीको महत्त्वलाई दृष्टिगत गरी २०७२ सालमा नीति ल्याएको सरकारले पीपीपी तथा लगानी ऐन २०७५ समेत ल्याइसकेको छ । पीपीपी ऐन आएपछि लगानी बोर्डले समेत अधिकांश जलविद्युत् आयोजना प्रतिस्पर्धात्मक आधारमा पीपीपी मोडेलमा दिने गरी प्रक्रिया अघि बढाएको छ । यसले अझ जलविद्युत् आयोजनामा पीपीपी मोडेल अघि बढाउन सहज भएको छ ।

नेपालमा मात्र होइन, छिमेकी राष्ट्र भारतमा समेत पीपीपी मोडेललाई उच्च महत्त्व दिइएको छ । रिर्जभ बैंक अफ इन्डियाले यसलाई अंगीकार गर्दै सरकारको परियोजना निजी क्षेत्रको सहभागितामा अघि बढाएको छ । यसैगरी, विश्व बैंकले समेत पीपीपीलाई एउटा परियोजना र कार्यक्रमका लागि राम्रो व्यवस्थापनको रूपमा उल्लेख गरेको छ । युरोपियन युनियन (इयू), अन्तर्राष्ट्रिय मुद्रा कोषले

समेत पीपीपी मोडेललाई उच्च प्राथमिकता दिएका छन् ।

किन पीपीपी मोडेल ?

जलविद्युत् लगायतका सार्वजनिक पूर्वाधार निर्माणका लागि निजी र सर्वसाधारणको सहभागितामा निर्माण गरिने यो लगानी ढाँचा नेपालका लागि उपयुक्त मानिन्छ । यस मोडेल अन्तर्गत डिजाइन बिल्ड, अपरेसन एन्ड मेन्टेनेन्स कन्ट्र्याक्ट (ओ एन्ड एम), डिजाइन बिल्ड, फाइनान्स अपरेट (डीबीएफओ), बिल्ड वन अपरेट (बीओओ), बिल्ड वन, अपरेट ट्रान्सफर (बुट), बाई बिल्ड अपरेट (बीबीओ), बिल्ड लिज अपरेट ट्रान्सफर (ब्लोट) लगायतमा मोडेलमा अघि बढाइने पीपीपी नेपाल जस्तो लगानीको अभाव रहेको मुलुकमा अत्यावश्यक मानिएको छ । निजी क्षेत्रको प्रविधि तथा उत्कृष्ट सार्वजनिक सेवा प्रवाहको माध्यमबाट सञ्चालन दक्षता अभिवृद्धिका लागि यस मोडेललाई उत्कृष्ट मानिन्छ ।

बजेट व्यवस्थापन, स्थानीय निजी क्षेत्रको दक्षता अभिवृद्धि, स्थानीयवासीमा अपनत्वको विकास, दीर्घकालीन लगानी व्यवस्थापन तथा आयोजनाबाट प्राप्त प्रतिफल बाँडफाँडको सुनिश्चितताका लागि पीपीपी नै उपयुक्त भएकोले नेपालको जलविद्युत् आयोजनाको लागि यो मोडेल सरकारले अघि सारेको छ । यस मोडेलमा सरकारी, निजी र सर्वसाधारणको समेत सहभागिता गराउने हुनाले तथा आयोजना निर्माणको प्रक्रियामा प्रजातान्त्रिक विधि अपनाइने, सामाजिक र वातावरणीय जोखिम कम हुने, तोकिएको लागत र समयमै निर्माण गर्न सहज हुने लगायत कारणले पनि नेपालको जलविद्युत् विकासका यो महत्त्वपूर्ण छ । आयोजनाका लागि पुँजी संकलन, जोखिम न्यूनीकरण, लाभ बाँडफाँड तथा यसको व्यवस्थापनका लागि निजी क्षेत्र र सरकारबीचको सहकार्यसँगै प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) आकर्षण गर्नका लागि पीपीपीलाई उपयुक्त मोडेलमा रूपमा लिइने गरिएको छ ।

नेपालका अधिकांश जलविद्युत् आयोजनामा स्थानीयबासीले विभिन्न माग राखी आयोजना निर्माणमा अवरोध पुऱ्याउने काम गर्दै आएका छन् भने सरकारी निकायबाट समेत प्रक्रियागत झन्झट भोग्नुपर्ने अवस्था छ । सरकारले गर्नुपर्ने अधिकांश बाटोघाटो, बिजुली, खानेपानी, विद्यालय निर्माणका साथै क्लबलाई चन्दा दिनुपर्ने जस्ता काम निजी क्षेत्रका जलविद्युत् आयोजनाले गर्नुपर्ने अवस्था छ । यसको कारण आउने समस्याले जलविद्युत् आयोजनाहरू महँगो मात्र भएका छैनन्, लागत दोब्बर-तेब्बर पनि भएका छन् । नेपाल विद्युत् प्राधिकरणले निर्माण गरेको ३० मेगावाटको चमेलिया जलविद्युत् आयोजनाको लागत बढ्नुको कारण स्थानीयवासीबाट भएको अवरोध मात्र होइन, प्राधिकरणको बोर्डबाट निर्णय हुन ढिलाइ हुनु, सरकारबाट स्वीकृति दिनुपर्ने वन, वातावरणको प्रक्रिया पनि हुन् । यस्तै अवस्था १४ मेगावाटको कुलेखानी तेस्रो जलाशययुक्त आयोजनाले पनि भोगिरहेको छ । पीपीपी मोडेलमा अघि बढाइएको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको निर्माणमा केही ढिलाइ र लागत वृद्धि देखिए पनि तुलनात्मक रूपमा यसको लागत कम हुने देखिएको छ । कुलेखानीभन्दा स्थानीयवासीबाट आउने अवरोध माथिल्लो तामाकोसीमा एकदम कम छ । यसकारण नेपालको सन्दर्भमा सर्वसाधारण र निजी क्षेत्रको सहभागितामा निर्माण हुने जलविद्युत् आयोजनाहरू प्रभावकारी रूपमा अघि बढ्न सक्ने देखिएको छ ।

सरकारले २०८५ साल अर्थात आगामी १० वर्षभित्र १५ हजार मेगावाट उत्पादन गर्ने लक्ष्य राखेको छ । सो लक्ष्य हासिल गर्न कम्तीमा ३१ खर्ब लागत आवश्यक रहेको राष्ट्रिय योजना आयोगले अघि सारेको दिगो विकास लक्ष्य (एसडीजी) लागतसम्बन्धी प्रतिवेदन मा उल्लेख छ । एसडीजी पूरा गर्न ३९ खर्ब आवश्यक रहेको सोही प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनका अनुसार, यसका लागि झण्डै ८ खर्ब रूपैयाँ बराबर लगानी अभाव छ । नेपाल विद्युत् प्राधिकरणको विवरण अनुसार, विद्युत् खरिद सम्झौता (पीपीए) भएर पनि आर्थिक व्यवस्थापन गर्न नसकेका निजी क्षेत्रका आयोजनाको संख्या तीन हजार मेगावाट छ भने ६ हजार मेगावाट निर्माणको तयारीमा छन् । त्यसैगरी, ११ हजार मेगावाटभन्दा बढी क्षमता बराबरका आयोजनाले उत्पादन अनुमतिपत्रका लागि आवेदन दिएका छन् ।

निर्माणाधीन, निर्माणमा जान लागेका, अध्ययन भएर उत्पादन अनुमतिपत्रका लागि निवेदन दिएका तथा अध्ययनमा रहेका आयोजनाको क्षमता झण्डै २५ हजार मेगावाट छ । यो तथ्यांकलाई आधार मान्ने हो र अधिकांश आयोजना निर्माणमा गएमा यसका लागि ठूलो रकम आवश्यक पर्छ । यसमा सरकारको लगानी अपर्याप्त हुने देखिइसकेको छ । यसको उदाहरणको रूपमा ऊर्जा, जलस्रोत तथ सिँचाइ मन्त्रालय अन्तर्गतको चालू वर्षको बजेटलाई विश्लेषण गर्नुपर्छ । चालू आर्थिक वर्षमा ऊर्जाको उत्पादन, वितरण, प्रसारण, अध्ययन लगायत तलब-भत्ता सबै गरी ८३ अर्ब रूपैयाँ मात्र छ । जलविद्युत् उत्पादनका लागि त्यसको एक चौथाइ पनि छैन । तर सरकारले जनताको जलविद्युत्देखि महँगो लागत लाग्ने जलाशययुक्त

नेपालका लागि सस्तोमा बिजुली उत्पादन गर्नु एउटा ठूलो चुनौतीको रुपमा छ । पीपीपी मोडेलको सही व्यवस्थापन हुन सके यसले जलविद्युत् आयोजनाको लागत घटाउन ठूलो सहयोग गर्छ र प्रतिस्पर्धी मूल्यमा बिजुली उत्पादन हुन्छ ।

आयोजनाको निर्माण गर्ने गरी घोषणा गरिसकेको छ । घोषणा गरे पनि यसका लागि लगानी कसरी जुटाउने भन्नेमा ठूलो अन्योल छ ।

जलविद्युत् आयोजना निर्माणको सम्भावना, निजी क्षेत्रले जलविद्युत् क्षेत्रको उत्पादन, वितरण तथा निर्माणमा देखाएको सफलतालाई दृष्टिगत गरेर यस क्षेत्रमा लगानीमा देखिएको खाडल परिपूर्तिका लागि पीपीपी एउटा उपयुक्त लगानी ढाँचाको रूपमा देखिएको छ । यसको अभ्यास समेत नेपालमा सुरू भइसकेको छ । सरकारी आयोजनामा चरम भ्रष्टाचार तथा निजी क्षेत्रका आयोजनाको लागत समेत बढ्दै गएको अवस्थामा सस्तो र समयमै आयोजना निर्माणका लागि यो मोडालिटी अघि बढाउनु आवश्यक छ । निजी क्षेत्रले निर्माण गरे पनि २५ वर्षपछि स्वतः सरकारमा हस्तान्तरण हुने मोडेलबाट परियोजना निर्माण गर्ने हुनाले सरकारले पनि यसबाट ठूलो फाइदा लिन सक्छ । यसकारण राज्यले पीपीपी मोडेलमा आयोजना निर्माणका लागि प्रतिस्पर्धात्मक वातावरण बनाउनु आवश्यक छ ।

निजी वा सरकारी दुवैले एक्लै आयोजना निर्माण गर्दा पर्ने महँगो लागतलाई घटाएर प्रतिस्पर्धात्मक रूपमा अघि बढाउने गरी पीपीपीको लगानी ढाँचा नेपाल जस्तो मुलुकको लागि अत्यावश्यक भइसकेको छ ।

छिमेकी राष्ट्रमा घट्दो बिजुली भाउलाई दृष्टिगत गरी नेपालको जलविद्युत् क्षेत्रमा प्रतिस्पर्धात्मक माध्यमबाट यसको सम्बोधन गर्नुपर्छ । जबसम्म सस्तो बिजुली उत्पादन गर्न सक्दैनौं, तबसम्म यसको व्यापार असम्भव हुन्छ । नेपालका लागि सस्तोमा बिजुली उत्पादन गर्नु एउटा ठूलो चुनौतीको रूपमा छ ।

पीपीपी मोडेलको सही व्यवस्थापन हुन सके यसले जलविद्युत् आयोजनाको लागत घटाउन ठूलो सहयोग गर्छ र प्रतिस्पर्धी मूल्यमा बिजुली उत्पादन हुन्छ । औपचारिक रूपमै सरकारले पीपीपी ऐन ल्याएपछि यसको व्यवस्थापनका लागि लगानी बोर्डले आफनो प्रक्रिया अघि बढाइसकेको पनि छ । हुन त लगानी बोर्डले पीपीपी मोडेलमा आयोजना निर्माणका लागि ढोका खुला गरिसकेको छ ।

गत चैत्रमा भएको लगानी सम्मेलनको क्रममा विदेशीले इच्छा देखाएका आयोजनालाई पीपीपी मोडेलमै अघि बढाउने योजना छ । राष्ट्रिय योजना आयोगले समेत पीपीपीमा परियोजना अघि बढाउन प्रदेश तथा स्थानीय सरकारलाई यो ढाँचा अघि बढाउन विभिन्न कार्यक्रम गर्दै आएको छ । स्थानीय र प्रदेश तहमा अघि बढाइने परियोजनालाई पीपीपी मोडेलमा अघि बढाउन सके एकातिर स्रोतको कमी परिपूर्ति गर्न सकिने र अर्कोतिर कम जोखिम र स्थानीयबासीको सहभागिता र अपनत्वमा समयमै र लागत कम हुने गरी निर्माण गर्न सकिने हुनाले यसलाई नेपालको जलविद्युत्सँगै अन्य क्षेत्रमा समेत अघि बढाउनु आवश्यक छ ।

नेपाल संघीय ढाँचामा गइसकेपछि संघभित्र मात्र होइन, प्रदेश र स्थानीय तहमा अघि बढाउने ऊर्जासहित सबै पूर्वाधारमा पीपीपी मोडेल अघि बढाउन सके यसले पूर्वाधार निर्माणमा गति थप्ने अवस्था छ । यसका लागि सरकारको पहलकदमी र निजी क्षेत्रको सक्रियता दुवै खाँचो छ ।

पञ्चकन्या
ग्रुप
आवाशको एक मात्र विकल्प
Stainless Steel Tank
CPVC Pipes
Solar Panel
PVC Pipes
TMT Steel
PANCHAKANYA TMT
uPVC window
Panchakanya STEEL
Panchakanya WIRES
Panchakanya HDPE PIPES
Panchakanya PVC PIPES & FITTINGS
Panchakanya PP-R PIPES & FITTINGS
Panchakanya CPVC PIPING SYSTEM
Panchakanya RMC READYMIX CONCRETE
Panchakanya SS STAINLESS STEEL WATER TANK
Panchakanya SS STRUCTURAL STEEL
Panchakanya PROFILE
EXPLORE INTERNATIONAL
Ujjwal Energy (P.) Ltd.
EXPLORE EARTH MOVERS PVT. LTD.
Nepal Bitumen & Barrel Udyog Ltd.
Nepal Cylinders (P) Ltd.
पञ्चकन्या भवन, कृष्णगल्ली, ललितपुर • फोनः +९७७-१-५५२६५५१ • www.panchakanya.com • टोल फ्री नं. १६६०-०१-७०००७

सार्वजनिक-निजी साझेदारी
अवधारणा र नेपालको वस्तुस्थिति

पीपीपी मोडलमा राज्यको स्रोत र साधनको सदुपयोग तथा बचत भइरहेको हुन्छ । यसमा निजी क्षेत्रसँग मिलेर निश्चित मोडलमा काम गरिन्छ । परियोजना विकास र सञ्चालनका लागि तोकिएको समयसम्म निजी कम्पनीहरू रहन्छन् । त्यस परियोजनाबाट निजी क्षेत्रले फाइदा लिन्छ र त्यसबाट राज्यले पनि लाभ पाउँछ । निर्धारित समयपछि निजी क्षेत्रले सो परियोजना चालू हालतमा पुनः राज्यलाई बुझाउनु पर्छ । यसबाट राज्यलाई फाइदा नै पुग्छ ।

महाप्रसाद अधिकारी

सार्वजनिक-निजी साझेदारी (पब्लिक-प्राइभेट पार्टनरसिप-पीपीपी) नेपालको सन्दर्भमा नयाँ अवधारणा हो । गत चैतमा सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ जारी भयो । यो ऐनमा पीपीपीको अवधारणालाई कानुनी रूपमै आत्मसात गरिएको छ । विगतमा पनि पीपीपीको अवधारणा अनुसार काम नभएको होइन तर अहिले भने यो अवधारणा ऐनकै रूपमा अगाडि आएको छ ।

सार्वजनिक-निजी साझेदारीमा विश्वमा ठूलाठूला पूर्वाधार निर्माणका काम भएका छन् । पूर्वाधारको विकासलाई अगाडि बढाउनका लागि पीपीपी मोडललाई नै महत्त्वपूर्ण कडीको रूपमा लिने गरिन्छ । पीपीपी मोडललाई ठूला संरचना निर्माणका लागि लगानी जुटाउने महत्त्वपूर्ण उपकरणको रूपमा लिइँदै आइएको छ । पीपीपी मोडलमा अन्तर्राष्ट्रिय रूपमा धेरै खालका राम्रा प्रयोग हुने गरेका छन् । पीपीपी मोडेलभित्र पनि धेरै किसिमका कार्यगत संरचना पाइन्छ ।

नेपालमा ऐन भर्खरै आएकाले हामी प्रारम्भिक अवस्थामा नै रहेका छौं । नियमावली बनाउने र नियमावलीको आधारमा कार्यविधि बनाउने काम गरिरहेका छौं । परियोजना प्रक्युरमेन्टसम्बन्धी कार्यविधि, इजाजतपत्रसम्बन्धी कार्यविधि जस्ता अन्य कयौं विषयलाई हामीले प्रथमिकतामा राखेका छौं । अन्तर्राष्ट्रिय असल अभ्यासमा आएका व्यवस्थालाई हामीले पनि समय अनुसार आत्मसात गर्दै जानुपर्छ र भइरहेका नियम-कानुनमा समयसमयमा परिमार्जन गरिरहनुपर्छ ।

पीपीपीका दुई आयाम

पीपीपीभित्र परियोजना प्रक्युरमेन्टसम्बन्धी दुईवटा महत्त्वपूर्ण आयाम छन् । पीपीपीको पहिलो आयाममा सरकारले नै अध्ययन गरेको परियोजना कार्यान्वयनका लागि निजी क्षेत्रबाट प्रस्ताव माग गरी निजी क्षेत्रकै सहभागितामा कार्यान्वयन गरिन्छन् । यसलाई सुलिसेटेड प्रपोजल भनिन्छ । पीपीपीको अर्को आयाम भनेको अनसुलिसिटेड प्रपोजल (आह्वान नगरिएको प्रस्ताव) हो । यसमा सरकारी पक्षबाट अध्ययन नै नभएका परियोजनाको अध्ययन समेत गरी निजी क्षेत्रले नै परियोजना निर्माण कार्य अगाडि बढाउँछन् ।

सुलिसेटेड परियोजनामा सरकारी पक्षबाट विस्तृत अध्ययन, जग्गा प्राप्ति लगायतका काम सम्पन्न भइसकेका हुन्छन् । यस्ता परियोजना पीपीपी मोडलमा गएर निर्माण गर्न सकिन्छ । यसमा 'हामीसँग अध्ययन सम्पन्न भएका यस्ता परियोजना छन्, लगानी गर्न आऊ' भनेर निजी क्षेत्रसँग प्रस्ताव माग गर्न सकिन्छ । यी परियोजनामा लगानी गर्न इच्छुक भए प्रक्रिया पूरा गरेर आउन निजी क्षेत्रलाई सरकारी पक्षबाट आह्वान गरिन्छ । यो परियोजनामा लगानी गरेपछि कति वर्षमा कति फाइदा लिने, राज्यले कति पाउने र कति वर्षपछि त्यो परियोजना राज्यको स्वामित्वमा जाने भन्ने विषय अग्रिम रूपमा नै निर्क्यौल गरी परियोजना निर्माण गरिन्छ । तर कतिपय परियोजना सरकारले अध्ययन गर्न नसकिरहेका हुन सक्छन् । यस्ता परियोजनालाई अनसुलिसिटेड भनिन्छ । यस्ता कतिपय परियोजनाका सम्बन्धमा राज्यले नसोचेको पनि हुन सक्छ ।

कति परियोजना अत्यन्त नयाँ प्रविधि प्रयोग हुने प्रकृतिका पनि हुन सक्छन् । यी कारणले कतिपय परियोजना निजी क्षेत्र तथा विदेशी लगानीकर्ताका आफ्ना सोचका पनि हुन सक्छन् । राज्यले नसोचेको भए पनि यस्ता परियोजना राज्यका लागि आवश्यक भने हुन्छन् । राज्यले आह्वान

नै नगरेको अवस्थामा पनि त्यस्ता परियोजनाका लागि प्रस्ताव आउन सक्छन् । यस्ता प्रस्तावलाई पनि मूल्यांकन गरेर परियोजना कार्यान्वयन गर्न सक्छौं । यस्ता खालका प्रस्तवालाई पनि संसारभर नै महत्त्व दिइन्छ । यसको खास कारण चाहिँ नयाँ सोच र सिर्जनालाई प्राथमिकता दिनु हो । आजको परिवर्तनशील दुनियाँमा विकासको सन्दर्भमा सरकारले नै सबै कुरा गर्नुपर्छ र गर्न सक्छ भनेर सोच्नु उपयुक्त देखिँदैन । निजी क्षेत्र नयाँनयाँ प्रविधिको प्रयोगका साथ विकास कार्यमा अगाडि आउन सक्छन् । निजी क्षेत्रको सोचलाई सरकारले अगाडि बढाउन र नयाँ प्रविधिबाट फाइदा लिन सक्छ । यस्ता अनसुलिसिटेड प्रस्तावलाई पनि राज्यले अगाडि बढाएर देशको विकास गर्न सक्छ ।

नेपालमा केही समय अगाडिदेखि पीपीपी मोडलमा जलविद्युत् परियोजनाहरूको निर्माण भए तापनि अन्य क्षेत्रमा विस्तार हुन सकेको छैन । अन्य पूर्वाधारहरू-- सडक, विमानस्थल, टनेल, रेल, मेट्रो लगायत क्षेत्रमा नेपालमा पीपीपी मोडलमा काम हुन सकेको छैन । कृषि, सिँचाइ लगायत परियोजनालाई पनि पीपीपी मोडलमा लैजान सकेका छैनौं । यी सबै विषयमा हामी विकासकै चरणमा छौं ।

पीपीपी सेन्टरको अवश्यकता

नयाँ ऐनमा सम्भाव्यता न्यून परिपूरक कोष (भायविलिटी ग्याप फन्डिङ-भिजिएफ) को व्यवस्था पनि गरिएको छ । यसमा फन्डिङ ग्याप (वित्तीय सम्भाव्यताको अभाव) को अवस्थामा निजी क्षेत्रको लागि केही सहुलियतका प्रावधान समेत राखिएको छ । कुनै परियोजना मुलुकका लागि आवश्यक छ तर लगानीका हिसाबले प्रतिफल उपयुक्त छैन भने राज्यले यसमा भायविलिटी ग्याप फन्डिङ मार्फत लगानी कर्तालाई सहुलियत दिएर आकर्षित गर्ने व्यवस्था पनि गरिरहेका छौं ।

यसका साथै, सार्वजनिक-निजी साझेदारीका सम्बन्धमा ऐन आइसकेपछि सार्वजनिक-निजी साझेदारीलाई हेर्ने छुट्टै निकाय पनि आवश्यक पर्दछ । यसमा लगानी बोर्डका साथै सम्बन्धित अन्य निकायको पनि संलग्नता आवश्यक हुने भएकोले पीपीपी सेन्टरको रूपमा नयाँ निकायले काम गर्नुपर्ने हुन्छ । अन्तर्राष्ट्रिय जगतमा पनि पीपीपी सेन्टरको रूपमा छुट्टै निकायले काम गर्ने गरेको पाइन्छ । यस सेन्टरले सानादेखि ठूला परियोजनालाई सहजीकरण गर्ने काम गर्दछ । पीपीपी सेन्टरले परियोजना कसरी अगाडि बढाउने, कुन परियोजनाका लागि कस्ता प्रस्तावलाई स्वीकार गर्ने भन्ने विषयमा आवश्यक अध्ययन गर्ने र परियोजना अघि बढाउने काम गर्छ । लगानीकर्ता र सरकारका बीचमा दुईपक्षीय वार्ता गर्नेदेखि परियोजना कार्यान्वयनका समग्र विषयमा यो सेन्टरले काम गर्दछ । निर्माणका चरणमा रहेका परियोजनामा राज्यले पनि ध्यान दिनुपर्ने हुन्छ । कति परियोजना बीचमै रोकिन सक्छन् । यस अवस्थामा मिश्रित वित्तीय व्यवस्थाको प्रबन्ध लगायत राज्यको सहयोग मार्फत समाधान खोज्नु उपयुक्त हुन्छ ।

पीपीपीमा जान सकिने क्षेत्र

पूर्वाधार विकासका लागि पीपीपी मोडलको क्षेत्र एकदमै फराकिलो छ । भोलिको दिनमा वैदेशिक लगानी भित्र्याउनेदेखि अन्य पूर्वाधार विकासका काम अगाडि बढाउन पनि पीपीपी मोडल उपयुक्त हुने देखिन्छ । नेपालको सन्दर्भमा पूर्वाधार निर्माण मात्र होइन, उपलब्ध पूर्वाधारको गुणस्तरको विषय पनि चर्चामा आउने गर्छ । गुणस्तरको विषयलाई सम्बोधन गर्न पनि सार्वजनिक-निजी साझेदारीको अवधारणाबाट नै काम अगाडि बढाउन सकिन्छ ।

नेपालको सन्दर्भमा ट्रान्समिसन लाइन अहिलेसम्म निजी क्षेत्रले निर्माण तथा सञ्चालन गरेको छैन । यसमा पनि सार्वजनिक-निजी साझेदारी मार्फत निजी क्षेत्रलाई निर्माण तथा सञ्चालनको जिम्मा दिन सकिन्छ । नयाँ नीतिगत व्यवस्थामा यस्ता विषयहरू पनि राखिएको छ । त्यसैगरी, सडक सञ्जाल, हवाई उड्डयन, रेलवे, विमानस्थल निर्माण, पर्यटन र कृषिसँग सम्बन्धित परियोजना पनि सार्वजनिक-निजी साझेदारीमा अगाडि बढाउन सकिने व्यवस्था गरिएको छ । यस्ता परियोजना अगाडि बढाएर देश विकासमा गति दिन सकिन्छ । त्यसैले विकासलाई अगाडि बढाउने विभिन्न माध्यममध्ये पीपीपी मोडल धेरै महत्त्वपूर्ण उपकरण हो ।

पीपीपीका उपयुक्त परियोजना

लगानी बोर्डले अध्ययन र काम गरिरहेका डेढ दर्जन परियोजना पीपीपी मोडलमा आगाडि बढाउन खोजिरहेका छौं । यसमध्ये केही उपयुक्त परियोजनामा काम पनि गरिरहेका छौं । जलविद्युत् परियोजनामा तमोर, पश्चिम सेती, अरूण लगायत परियोजाको काम अगाडि बढिरहेको छन् । केही परियोजना प्रस्ताव आह्वान (रिक्वेस्ट फर प्रपोजल-आरएफपी) जारी गर्ने अवस्थामा समेत रहेका छन् । जलविद्युत्सँगै निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, कृषिसँग सम्बन्धित कोल्ड स्टोरेज लगायत दर्जनौं अन्य परियोजनामा हामीले काम गरिरहेका छौं । केही केबलकार परियोजना समेत आएका छन् ।

सार्वजनिक-निजी साझेदारीको अवधारणाले निजी क्षेत्रलाई देश विकासमा सहभागी गराउँछ ।

लगानी बोर्डले अध्ययन र काम गरिरहेका डेढ दर्जन परियोजना पीपीपी मोडलमा आगाडि बढाउन खोजिरहेका छौं । यसमध्ये केही उपयुक्त परियोजनामा काम पनि गरिरहेका छौं । जलविद्युत् परियोजनामा तमोर, पश्चिम सेती, अरुण लगायत परियोजाको काम अगाडि बढिरहेको छन् । केही परियोजना प्रस्ताव आह्वान (रिक्वेस्ट फर प्रपोजल-आरएफपी) जारी गर्ने अवस्थामा समेत रहेका छन् ।

अनसुलिसेटेड परियोजनामा पनि विभिन्न प्रस्ताव आइरहेका छन् । अहिले आएका सबै प्रस्ताव पूर्ण रूपमा परिष्कृत छैनन् । अब पीपीपी मोडलमा काम अगाडि बढिरहेकोले भोलिका दिनमा नयाँ र परिष्कृत ढंगले प्रस्ताव आउने क्रम बढ्नेछ । जति धेरै प्रस्ताव आउँछन्, काम गर्न त्यति धेरै सहज हुँदै जानेछ । केही टनेल निर्माणका विषय पनि छलफलमा आइरहेका छन् । रेलवेका विषयमा पनि छलफल भइरहेका छन् तर यसले स्पष्ट आकार भने लिइसकेको छैन । नेपालमा अब पीपीपी अवधारणामा प्रर्याप्त छलफल हुन थालेको छ । एकदमै महत्त्वाकांक्षी परियोजनाका लागि समेत प्रस्ताव आएका छन् । यसले सार्वजनिक-निजी साझेदारी मार्फत ठूलाठूला परियोजना निर्माणमा सहज हुनेछ ।

कतिपय मुलुकले सार्वजनिक-निजी साझेदारीमा पर्यटन परियोजनाका लागि टापु नै पीपीपी मोडलमा लिजमा दिएको पाइन्छ । नेपालको सन्दर्भमा पनि पर्यटकीय क्षेत्र विकास गर्नेगरी प्रस्ताव आउन थालेका छन् । भोलिका दिनमा अवश्य पनि पीपीपीको अवधारणा अनुसार पर्यटन विकासका लागि आवश्यक पूर्वाधार तयार हुनेछ ।

संसारभर पीपीपी उपयुक्त उपकरण प्रमाणित भइरहेका बेला नेपालमा पनि विदेशी लगानीकर्ताको चासो पीपीपीमा हुनु स्वाभाविक नै हो । पीपीपी मोडलमा राज्यको स्रोत र साधनको सदुपयोग तथा बचत भइरहेको हुन्छ । यसमा निजीक्षेत्रसँग मिलेर निश्चित मोडलमा काम गरिन्छ । परियोजना विकास र सञ्चालनका लागि तोकिएको समयसम्म निजी कम्पनीहरू रहन्छन् । त्यस परियोजनाबाट निजी क्षेत्रले फाइदा लिन्छ र त्यसबाट राज्यले पनि लाभ पाउँछ । निर्धारित समयपछि निजी क्षेत्रले सो परियोजना चालू हालतमा पुनः राज्यलाई बुझाउनु पर्छ । यसबाट राज्यलाई फाइदा नै पुग्छ । यसैले पनि पीपीपी मोडलमा हामीले अझै जोड दिन जरूरी छ । हामीले हदैसम्मको सहयोग र सुविधा दिएर परियोजना निर्माण गर्नु नै राज्यका लागि हितकारी हुनेछ । परियोजनाहरू तिनका प्रकृति अनुसार २० देखि ३५ वर्षसम्म निजी क्षेत्रमा रहने किसिमका छन् । यसैगरी, सडक, रेल जस्ता ठूला परियोजनाका लागि समय थप गर्नुपर्ने हुन सक्छ ।

हाम्रो जस्तो मुलुकमा अध्ययन भएका परियोजना एकदमै कम रहेका हुन्छन् । पीपीपी मोडलको माध्यमबाट परियोजनाको अध्ययन पनि गराउन सकिन्छ । यसबाट परियोजनाको अध्ययन हुन्छ । दोस्रो कुरा, राज्यले लगानी गरेर बनाउनुपर्ने परियोजना निजी क्षेत्रले बनाउँछ । यसमा राज्य शक्तिको पनि प्रयोग हुन्छ र निजी क्षेत्रले पनि तदारूकताका साथ काम गर्छन् । फलस्वरूप परियोजनाहरू समयमा सम्पन्न हुन्छन् । सरकारले सबै काम गर्न खोज्दा वर्षौंसम्म सम्पन्न हुन नसकेका परियोजना हामीसँग प्रशस्त छन् । समयमा काम सम्पन्न नहुँदा परियोजनाको महत्त्व पनि सकिने र लगानी पनि खेर जाने सम्भावना हुन्छ । परियोजना छिटो सम्पन्न गर्न र विकासलाई अगाडि बढाउन पीपीपी मोडल उपयुक्त माध्यम हुने कुरामा दुई मत शायद नहोला ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

22 YEARS of SERVICE

SUPER चमत्कारिक खाताहरु

खातावालाको लागि बीमा सुविधा त अरुमा पनि पाईन्छ तर एकजनाले खाता खोल्दा पुरै परिवारको लागि **रु. १ करोड ३० लाख भन्दा बढिको बीमा सुविधा** पाउन चाहि सुपर चमत्कार नै हुनुपर्छ । त्यसैले **सोच बदलौं**, एन आई सी एशिया बैंकलाई नै रोजेर यो अद्वितीय सुपर चमत्कारको फाईदा उठाऔं ।

३ पुरै परिवारको लागि गरेर कुल

- **रु. १ करोड** सम्मको दुर्घटना बीमा
- **रु. ३० लाख** सम्मको बीमा सुविधा (२५ घातक रोगहरु लागेमा)
- **रु. १५०,०००/-** सम्मको औषधी उपचार खर्च

२ कर्जा सम्बन्धी चमत्कारिक फाईदाहरु

- कर्जाको ब्याजदरमा बिशेष सहुलियत ।
- कर्जासँग सम्बन्धित प्रशासनिक शुल्कमा ०.२५% सम्म छुट ।

२५ अन्य चमत्कारिक फाईदाहरु

* शर्तहरु लागुहुनेछ

Scan for more details

consultone

www.nicasiabank.com
Toll Free Number : 1660-01-77771

बैंक पनि, साथी पनि
रामो पनि, हामो पनि

औद्योगिक विकासका प्रयास

गरिबी निवारण, रोजगारी सिर्जना सबै समावेशी औद्योगिक वातावरण तयार गर्न मुलुकभर रहेका लघु, घरेलु तथा साना उद्योगको नियमन र व्यवस्थापन प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएका छन् । यस्ता साना उद्योगको व्यवस्थापन, परिचालन तथा नीतिगत निर्देशन एवं समन्वय गर्न केन्द्रीय स्तरमा एक सबल निकायको स्थापना गर्न जरूरी छ ।

यामकुमारी खतिवडा

सन् २०२२ सम्ममा अतिकम विकसित राष्ट्रको सूचीबाट स्तरोन्नति हुने र सन् २०३० सम्ममा मध्यम आय हुने राष्ट्रमा स्तरोन्नति भई दिगो विकास लक्ष्य पूरा गर्ने अठोटका साथ सरकार कार्यरत छ ।

राजनीतिक संक्रमणको सफल अवतरणपछि सबैको साझा एजेन्डा आर्थिक विकास रहेको छ । समृद्ध नेपाल र सुखी नेपालीको सोचलाई साकार पार्न आर्थिक र सामाजिक रूपान्तरणका प्रयास सुरू गरिएका छन् । यस्ता बहुपक्षीय र बहुआयामिक आर्थिक लक्ष्य हासिल गर्न ठूलो मात्रामा सरकारी, निजी क्षेत्र, स्वदेशी र विदेशी पुँजीको परिचालन जरूरी छ । स्वेदशी पुँजी परिचालन, ओडिए प्राप्तिका अतिरिक्त मुलुकले पहिचान गरेका तुलनात्मक लाभ, प्राथमिकता र सम्भावनाका क्षेत्रमा प्रत्यक्ष विदेशी लगानी भित्र्याउनुपर्ने देखिन्छ । यसका लागि लगानीमैत्री वातावरण सिर्जना गर्न अपरिहार्य छ । लगानीमैत्री वातावरण सिर्जना गर्न नेपाल सरकारबाट नीतिगत, संरचनागत तथा प्रक्रियागत सुधारका प्रयासलाई तीव्रता दिइएको छ ।

नीतिगत सुधार

आर्थिक विकास हासिल गर्न र स्वदेशी एवं विदेशी लगानी वृद्धि गर्न आर्थिक र लगानीसँग सम्बन्धित कानुन परिमार्जन र संशोधन गरिएका छन् । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ ले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९ लाई विस्थापित गरेको छ । सार्वजनिक-निजी साझेदारी लगानीसम्बन्धी ऐन २०७५ ले सार्वजनिक र निजी क्षेत्रको सहकार्यमा लगानी गर्ने वातावरण स्थापित गर्ने गरी पहिलोपटक यो ऐन कार्यन्वयनमा आएको छ । विशेष आर्थिक क्षेत्र ऐनको परिमार्जन, श्रम तथा सामाजिक सुरक्षासम्बन्धी ऐन, औद्योगिक व्यवसाय नियमावली, हेज फन्ड नियमावली आदि स्वीकृत भइसकेका छन् । त्यसैगरी, कम्पनी ऐन, बौद्धिक सम्पत्तिसम्बन्धी ऐन, नेपाल एक्रिडिटेसन ऐन र मोहरबन्द नियमावली स्वीकृतिका क्रममा रहेका छन् । संघीयताको भावना अनुकूल तर्जुमा गरिएको औद्योगिक व्यवसाय ऐन दुवै सदनबाट पारित भइसकेको र प्रमाणीकरण गर्ने अवस्थामा रहेको छ । यी ऐनसँग सम्बन्धित नियमावली निर्माणको चरणमा छन् । लगानीको आगमन, सञ्चालन र बहिर्गमन समेतलाई सहज हुने गरी तर्जुमा गरिएका यस्ता कानुनी व्यवस्थाले नेपालको औद्योगिक क्षेत्रको विकास एवं लगानी अभिवृद्धिका लागि महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गर्न सकिन्छ ।

संरचनागत सुधार र पूर्वाधार निर्माण

औद्योगिक क्षेत्रको विकास र प्रवर्द्धनका लागि औद्योगिक पूर्वाधार निर्माणलाई तीव्रता दिइएको छ । सिमेन्ट उद्योगसम्मको पहुँचमार्ग र विद्युत् प्रसारण लाइन उपलब्ध गराउने कार्यक्रमले सिमेन्ट उद्योगहरू उत्साहजनक रूपमा अगाडि आएका छन् । जसबाट यो क्षेत्र आत्मनिर्भर हुनेतर्फ उन्मुख भएसकेको छ । यसका अतिरिक्त औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, क्रस बोर्डर आर्थिक क्षेत्र, औद्योगिक ग्राम, प्रडक्ट स्पेसिफिक जोन जस्ता संरचना निर्माण तथा सञ्चालन गर्ने योजना रहेको छ । प्रत्येक प्रदेशमा कम्तीमा एउटा औद्योगिक

क्षेत्र र हरेक स्थानीय तहमा एक उद्योग ग्रामको स्थापना गर्ने गरी यस्ता औद्योगिक क्षेत्र र ग्राम घोषणाको क्रम जारी छ ।

हाल १० वटा सञ्चालनमा रहेका औद्योगिक क्षेत्रका अतिरिक्त पाँचवटा नयाँ औद्योगिक क्षेत्र घोषणा भइसकेका र थप पाँचवटा औद्योगिक क्षेत्र घोषणाका लागि मन्त्रिपरिषद्समक्ष प्रस्ताव पेस भएको छ । त्यसैगरी, स्थानीय तहले सञ्चालन गर्ने गरी प्रदेश सरकार र संघीय सरकारको समेत सहयोगमा स्थानीय तहमा उद्योग ग्राम स्थापना र सञ्चालन गर्न ३२ वटा उद्योग ग्राम घोषणा भइसकेका छन् भने अन्य घोषणा हुने क्रममा छन् । यस्ता औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्रमा स्वदेशी तथा विदेशी लगानीकर्तालाई लगानीकर्ताको रूपमा मात्र नभई विकासकर्ताको रूपमा समेत ल्याउन सक्ने व्यवस्था गरिएको छ ।

प्रक्रियागत सरलीकरणसँग सम्बन्धित सुधार

लगानीकर्तालाई एकै स्थानबाट सहज र सरल तरिकाले छिटो-छरितो रूपमा सेवा तथा सुविधा उपलब्ध गराउन उद्योग विभाग परिसरमा एकल बिन्दु सेवा केन्द्र स्थापना गरिएको छ । जहाँबाट लगानी स्वीकृति उद्योग दर्ता, भिसा जारी, स्थायी लेखा नम्बर तथा आयात-निर्यात कोड जारी, विदेशी मुद्रामा नाफा लैजाने सुविधा, जग्गा सहजीकरण, वन तथा वातावरणसँग सम्बन्धित काम, श्रम स्वीकृति जस्ता हुन थालेका छन् । यसबाट लगानीकर्तालाई सहज र विश्वासिलो वातावरण सिर्जना गरेको छ । यसरी नै लगानीकर्तालाई लगानीको सुरुआतदेखि लगानी फिर्तासम्मका प्रक्रियालाई सहज रूपमा बुझाउन एवं सहयोग पुऱ्याउन विभागमै लगानीकर्ता सहजीकरण केन्द्र स्थापना समेत गरिएको छ ।

अनलाइन रजिस्ट्रेसन तथा पूर्ण अटोमेसन (सूचना प्रविधिको उपयोग)

सूचना प्रविधिको उपयोगले कुनै पनि कार्यको समय, लागत र गुणस्तरलाई प्रभावकारी बनाउँछ भने सुशासनको प्रत्याभूत समेत गर्दछ । कम्पनी रजिस्ट्रारको कार्यालय र उद्योग विभागमा कम्पनी/उद्योग दर्ता गर्दा अनलाइन गर्न पाउने साथै कम्पनी रजिस्ट्रेसन गर्दा वा कम्पनीकै अन्य प्रयोजनका लागि तिर्नुपर्ने १० लाखसम्म रकमको भुक्तानी अनलाइनबाटै हुन थालेको छ । उद्योग विभागकै परिसरमा सेवाग्राहीलाई बैंकिङ सुविधासमेत उपलब्ध गराइएको छ । हालसालै सुरू गरिएको एकल बिन्दु सेवा केन्द्रबाट सेवा-सुविधा उपलब्ध गराउन थालिएको छ । साथै यसलाई डिजिटाइजेसन र अनलाईन दर्ता तथा भुक्तानीका विषयहरूमा पूर्ण रूपमा अटोमेसनमा लैजाने प्रक्रिया सुरू गरिएको छ ।

खानी तथा खनिज पदार्थतर्फ

देशमा उपलब्ध खानीजन्य पदार्थ, किमती तथा अर्धकिमती पत्थर तथा धातु उत्खनन पेट्रोलियम पदार्थ उत्खनन एवं प्रशोधन गर्ने कार्य सरकारको उच्च प्राथमिकतामा रहेको छ । यसको लागि आवश्यक स्तरको प्राविधिक जनशक्ति व्यवस्थापन र प्रविधि उपलब्ध हुन स्वदेशी तथा विदेशी विश्वविद्यालयसँग सहकार्य गर्ने गरी प्रक्रिया अगाडि बढाइएको छ । नवलपरासीको धौवादीमा देखिएको खानीका सम्बन्धमा यसको उपलब्धतताको परिमाण र गुणस्तरको सफल परीक्षणपछि औद्योगिक/व्यापारिक परीक्षणको कार्य भइसकेको छ । हाल फलामखानी उत्खननका काम अगाडि बढाउन धौवादी फलाम कम्पनी स्थापना गरिएको छ । त्यसैगरी, दैलेखमा देखिएको पेट्रोलियम डिपोजिटको मात्रा र गुणस्तरको व्यापारिक सम्भावनाबारे खानी तथा भू-गर्भ विभाग र चीन सरकारको तर्फबाट स्थलगत अन्वेषण भइहेको छ ।

रूग्ण उद्योग व्यवस्थापन र सञ्चालन सम्बन्धमा

विभिन्न कारणले रूग्ण र बन्द अवस्थामा रहेका सार्वजनिक संस्थानलाई उपयुक्त विधि र प्रक्रियाबाट व्यवस्थापन र सञ्चालन गर्ने सन्दर्भमा अध्ययन भइरहेको छ । पूर्ण क्षमताभन्दा कममा सञ्चालन भइरहेको हेटौंडा सिमेन्ट कारखाना, उदयपुर सिमेन्ट कारखाना र नेपाल औषधी लिमिटेडको क्षमता बढाउने कार्यक्रम राखिएको छ । यसरी गरिएका सुधार प्रयासले उद्योग र उत्पादन क्षेत्रमा सकारात्मक संकेत देखिन थालेका छन् । गत वर्षको यही अवधिमा भन्दा स्वदेशी एवं विदेशी लगानी उल्लेखनीय रूपमा बढेको छ । गत वर्ष १०९ अर्ब लगानी स्वीकृत भएकोमा यस आर्थिक वर्षको सोही अवधिमा १३९ अर्बभन्दा बढी भइसकेको छ । त्यसैगरी, डुइङ बिजनेस सूचकांकमा ११० बाट ९४ मा उक्लिन सफल भएबाट पनि देशमा लगानीमैत्री वातावरण सिर्जना भएको प्रस्ट हुछ ।

विभिन्न कारणले रूग्ण र बन्द अवस्थामा रहेका सार्वजनिक संस्थानलाई उपयुक्त विधि र प्रक्रियाबाट व्यवस्थापन र सञ्चालन गर्ने सन्दर्भमा अध्ययन भइरहेको छ ।

अबको बाटो

- हालसालै स्वीकृत भएका नीतिगत तथा कानुनी सुधारको कार्यान्वयन प्रभावकारी ढंगले गर्नुपर्ने देखिन्छ । त्यसका लागि आवश्यक जनशक्ति तथा बजेट व्यवस्थापन गर्नुका साथै आविष्कार र प्रविधिमा जोड दिनु आवश्यक छ ।
- विभागमा सुरु भएको एकल बिन्दु सेवा केन्द्रलाई प्रभावकारी बनाई सेवा प्रवाह गर्न यसलाई थप संस्थागत र अटोमेसन गर्नुपर्छ । यसबाट लगानीकर्ताको मनोबल र आकर्षण उच्च हुने तथा मुलुकको डुइङ बिजनेस स्थितिमा सुधार हुनेछ ।
- मन्त्रालय र अन्तर्गतका निकायमा सूचना प्रविधिको प्रयोगद्वारा कामलाई अटोमेसन र कागजातहरूलाई डिजिटाइजेसन गर्न आवश्यक छ । यसबाट मन्त्रालय र अन्तर्गतका निकायको काममा पारदर्शिता, जवाफदेहिता, प्रभावकारिता र समन्वयमा गुणस्तर कायम हुन्छ ।
- कर्मचारीको ज्ञान, सीप र प्रवृत्तिमा समयानुकूल अभिवृद्धि र परिवर्तनको जरूरी छ । सुशासनको तत्वलाई कार्यप्रणालीमा आवद्ध नगरी अपेक्षित परिणाम हासिल हुँदैन ।
- रुग्ण उद्योगको व्यवस्थापन गर्दै नयाँ रोजगारी सिर्जना गर्ने, गरिबी निवारण गर्न, आर्थिक वृद्धिमा सहयोग पुऱ्याउने उद्योग स्थापना एवं उत्पादन र व्यापारबीच सकारात्मक अग्र, समानान्तर र पृष्ठ सम्बन्ध स्थापित गर्दै औद्योगिक वातावरण तयार गर्न आवश्यक छ ।
- गरिबी निवारण, रोजगारी सिर्जना सबै समावेशी औद्योगिक वातावरण तयार गर्न मुलुकभर रहेका लघु, घरेलु तथा साना उद्योगको नियमन र व्यवस्थापन प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएका छन् । यस्ता साना उद्योगको व्यवस्थापन, परिचालन तथा नीतिगत निर्देशन एवं समन्वय गर्न केन्द्रीय स्तरमा एक सबल निकायको स्थापना गर्न जरूरी छ । कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदानमध्ये यी उद्योगको योगदान ९० प्रतिशतभन्दा बढिरहेको सन्दर्भमा यस्ता उद्योगको संरक्षण, विकास, विस्तार एवं विविधीकरणमा सरकार क्रियाशील रूपमा लाग्नुपर्ने हुँदा उल्लिखित निकायको स्थापना तत्काल गर्नुपर्ने देखिन्छ ।

उपर्युक्त सुधारबाट मुलुकमा औद्योगिकीकरण बढ्ने, लगानीको वातावरणमा सुधार हुने, प्रत्यक्ष वैदेशिक लगानी बढ्ने उत्पादन र उत्पादकत्वमा वृद्धि हुने कुल गार्हस्थ उत्पादनमा उद्योगको योगदान बढ्ने, आर्थिक वृद्धिको दर बढ्ने, विदेशी विनिमय सञ्चिती र भुक्तानी सन्तुलनमा सकारात्मक असर पर्ने र समग्रमा रोजगारी सिर्जना गरी गरिबी निवारण गर्न अर्थपूर्ण योगदान रहने निर्विवाद छ । यसबाट मुलुकले परिकल्पना गरेको 'समृद्ध नेपाल र सुखी नेपालीको' लक्ष्य हासिल हुन सक्ने देखिन्छ ।

भविष्य आफ्नै हातमा

जिम्मेवार भई बचत गर्न ORANGE SAVINGS, वार्षिक ६.५% ब्याजदरमा

बचत राम्रो हो ।

रु. २,०००,००० सम्मको व्यक्तिगत दुर्घटना बीमा

- खातावाला व्यक्तिको लागि रु. १,०००,००० सम्मको
- खातावालाको श्रीमान् वा श्रीमतीको लागि रु. १,०००,००० सम्मको
- वार्षिक रु. १००,००० सम्मको स्वास्थ्य बीमा (अस्पताल भर्नामा मात्र)
- निःशुल्क इन्टरनेट बैंकिङ्ग*
- निःशुल्क भिजा डेबिट कार्ड*
- निःशुल्क मोबाइल बैंकिङ्ग*

The Himalayan unstoppable

वार्षिक ग्राहक शुल्कमा ३५% Flat छुट* (सिमित अवधीको लागि)

खाता खोल्नको लागि QR Code लाई स्क्यान गर्नुहोस् ।

*शर्तहरु लागू हुनेछन्

लक्ष्य छ, लक्ष्मी बैंक छ

01-4441867

www.laxmibank.com

Connect with us

लक्ष्मी बैंक

नेपालमा अवसर

डा युवराज खतिवडा

विषय प्रवेश

नेपालमा लगानीको अवसरको कुरा गर्दा निरपेक्ष रूपमा गर्नु हुँदैन । विश्व अर्थतन्त्रमा आइरहने उतारचढाव र विश्व अर्थतन्त्रमा देखिएका पछिल्ला परिदृश्यलाई पनि सँगसँगै लैजानुपर्छ । नेपालसँगै लगानीका लागि प्रतिस्पर्धा गरिरहेका मुलुकहरूको आर्थिक स्थिति र मुलुकभित्र सिर्जना गरिएका लगानीका वातावरणलाई मिहिन ढंगले हेर्नुपर्छ ।

सन् १९८० वा सन् १९९० तथा त्यसपछिको दशकमा विश्वमा जति प्रत्यक्ष विदेशी लगानी हुन्थ्यो, अहिले त्यो लगानी क्रमशः घट्दै गएको छ । लगानीको क्षमता ठूलो भएका मुलुकले अर्को ठूलो मुलुकमा गर्ने लगानी घट्दै गएको हो । तर, लगानीका सम्भावना प्रचूर भएका साना मुलुकमा लगानीका अवसर घटेका छैनन् । कतिपय मुलुकमा लगानी बढ्दै गइरहेका छन् । समग्रमा प्रत्यक्ष विदेशी लगानीको अब ठूलो सम्भावना रहेन भनिरहँदा जहाँ लगानी र प्रतिफलको ठूलो सम्भावना छ, त्यस्ता मुलुकको हकमा यो लागू हुँदैन ।

आन्तरिक र बाह्य लगानीको सम्भावना

अहिले विश्वमा प्रत्यक्ष विदेशी लगानीको औसत प्रतिफल दर ८-९ प्रतिशत भन्दा धेरै छैन । तर त्योभन्दा बढी प्रतिफल दर दिने मुलुकहरू लगानीका लागि स्वतः आकर्षक गन्तव्य हुन्छन् । यसमा नेपाल पनि पर्छ । विश्वमा आर्थिक गतिविधिमा शिथिलता देखिनु भनेको अन्यत्र लगानीका अवसर खुम्चँदैछन् भन्ने हो । नेपालले भने यसको लाभ पनि प्राप्त गर्न सक्छ । यसले नेपालमा आउन सक्ने लगानी वृद्धि गर्न पनि सहयोग गर्छ । त्यसकारण अन्य मुलुकमा लगानी र प्रतिफलको सम्भावना उच्च भएको बेलामा नेपालले प्रतिस्पर्धा गर्न नसकेकै कारण यहाँ बाह्य लगानी कम भएको थियो भन्न सकिन्छ । तर अहिले त्यसको ठीक उल्टो अर्थात बाह्य लगानी आकर्षित गर्ने अनुकूल वातावरण नेपालमा छ ।

आन्तरिक लगानी विस्तारका सन्दर्भमा केही विषयहरू सम्बोधन गर्नुपर्ने हुन्छ । आन्तरिक लगानी आकर्षित गर्न सबैभन्दा पहिले लगानीका सम्भाव्य क्षेत्रको पहिचान आवश्यक हुन्छ । कुन क्षेत्रमा लगानी गर्न सकिन्छ भन्ने पत्ता लगाएर

अघि बढ्नुपर्छ । ती क्षेत्रमा लगानीको प्रतिफल दर र लगानीका लागि आवश्यक स्रोत कहाँबाट उपलब्ध हुन्छ त्यो पनि हेर्नुपर्छ । लगानीको सुनिश्चितता र प्रक्रियागत जटिलता एवं समस्या कसरी हल हुन सक्छन् भन्ने सवाल महत्त्वपूर्ण भएर आउँछन् ।

आन्तरिक बजार, क्षेत्रीय बजार र अन्तर्राष्ट्रिय बजारको हिसाबले नेपालमा लगानीका सम्भाव्य क्षेत्रहरू हेर्नुपर्ने हुन्छ । आन्तरिक बजार विस्तार हुँदैछ । नागरिकको खर्चयोग्य आय १५-१६ प्रतिशतले बढेको छ । यसको अर्थ १५-१६ प्रतिशतले आन्तरिक माग नै बढ्ने भयो । आन्तरिक मागलाई संकुचित गर्ने गरी करका दर परिवर्तन भएका छैनन् । त्यो हिसाबले औद्योगिक र सेवा क्षेत्रको अवसरले त्यो मागको अवसरको फाइदा लिन सक्छ । नेपालीको अहिलेको प्रतिव्यक्ति खर्चयोग्य आय (डिस्पोजेबल इन्कम) को हिसाबले औद्योगिक र सेवा क्षेत्रका उत्पादनको माग गर्न सक्नेछ ।

सम्भावनाको पहिलो क्षेत्र कृषि

नेपालीको उपभोग शैलीमा संरचनात्मक परिवर्तन भइरहेको छ । यो परिवर्तनलाई सम्बोधन गर्ने गरी लगानी खोजिएको छ । कृषिमा गरिने विगतको लगानी र अहिलेको लगानीमा नै फरक देखिन थालेको छ । अन्नमा लगानी गर्ने भन्नेबित्तिकै एउटा व्यक्ति वा परिवारले गर्ने लगानी भनेर हेरिन्थ्यो । नेपालीको खाने बानी र वस्तु त्यही किसिमका थिए । नेपालीले उपभोग गर्ने वस्तुमा ७० प्रतिशत अन्नबाली हुन्थ्यो भने बाँकी हिस्सा फलफूल, तरकारी र दुग्धपदार्थ थिए । अहिले परिस्थिति परिवर्तन भएको छ । नेपालीको खानामा दूधजन्य उत्पादन, फलफूल, हरिया तरकारी र अन्य परिकार हुन थालेका छन् । खानामा सचेतना र स्वस्थताको खोजीले विगतको अवस्थालाई परिवर्तन गरेको छ ।

नेपालमा व्यावसायिक कृषिको ठूलो सम्भावना छ, जुन दक्षिण एसियामा प्रतिस्पर्धा गर्न सक्ने किसिमको छ । भौगोलिक विविधताका कारण नेपालले दक्षिण एसियाका सबै मुलुकसँग प्रतिस्पर्धा गर्न सक्ने क्षमता राख्छ । उनीहरूको देशका लागि बेमौसमी हुने किसिमका ताजा फलफूल तथा तरकारी उत्पादन गरेर बेच्न सकिन्छ । नेपालले जैविक (अर्गानिक) वा अजैविक (ननअर्गानिक) तरकारी तथा फलफूल उत्पादन गरेर बेच्ने सामर्थ्य राख्छ । यसले व्यावसायिक कृषिमा लगानीको प्रशस्त सम्भावना रहेको देखाउँछ । कृषि उत्पादनबाटै क्षेत्रीय र अन्तर्राष्ट्रिय बजार विस्तार गर्न सकिन्छ । मध्यपूर्वमा हरियो तरकारीको बजार विस्तारको सम्भावना छ । त्यसैगरी, पछिल्ला चरणमा भएका सम्झौताअनुसार फलफूलको बजार पनि विस्तार गर्न सकिन्छ ।

कृषि भनिरहँदा तरकारी, फलफूल, पशुजन्य र वन तथा जडीबुटीजन्य वस्तुलाई पनि हेर्नुपर्छ । यसमा अथाह सम्भावना छ । भूगोल र जलवायुले नेपाललाई यो सम्भावना दिएको हो । यसमा नेपालले अन्य मुलुकसँग धेरै प्रतिस्पर्धा गर्नै पर्दैन । यो क्षेत्रमा धेरै ठूलो लगानीको आवश्यकता पनि पर्दैन । लगानीका केही जोखिम छन् । ती जोखिमको व्यवस्थापन गर्ने गरी अघि बढ्नुपर्छ ।

औद्योगिक उत्पादन र लगानी

सरकारले औद्योगिक वस्तुमा आत्मनिर्भर हुने लक्ष्य राखेको छ । नेपालले प्रतिस्पर्धात्मकता कायम राख्दै थोरै मात्रै संरक्षण दिएर ती औद्योगिक उत्पादन विकासको लक्ष्य राखेको छ । नेपालमा औषधीजन्य उत्पादनका लागि आवश्यक पर्ने प्राथमिक कच्चा पदार्थ उपलब्ध छन् । आयुर्वेदिक औषधि होस् वा एलोपेथिक, यिनका लागि आवश्यक कच्चा पदार्थ नेपालमा उपलब्ध छ । औषधीजन्य वस्तुमा नेपालबाट निर्यातको सम्भावना भएकाले यस्ता उद्योग विस्तारको सम्भावना प्रशस्त छ ।

नेपालले सम्भावना हेर्ने अर्को क्षेत्र भनेको धागोजन्य उद्योग हो । रेशम, कपास, ऊनसँग सम्बन्धित उत्पादनमा लगानीको सम्भावना छ । चाहे त्यो हातले बनाइएका हुन् वा मेसिन प्रयोग गरिएको होस्, त्यस्ता उद्योग विस्तारको अवसर नेपालमा छ । यो उत्पादनका लागि कच्चा पदार्थको अधारदेखि प्रशोधन र निर्यातसम्ममा नेपालका लागि तुलनात्मक लाभ प्राप्त गर्न सकिन्छ । यो उद्योग निर्यातको तहसम्म जान सक्ने सम्भावना नेपालमा छ । मुलुकभित्रै कतिपय वस्तु उत्पादन गरेर आत्मनिर्भर बन्न सकिन्छ भन्नेमा नेपाल विश्वस्त छ । अहिले नै ठूला-ठूला उद्योग नेपालमा आइहाल्छन् भन्ने होइन । आयात भइरहेका औद्योगिक वस्तु हुन् वा प्रशोधित कृषि वस्तु हुन् ती सबैमा लगानी र उत्पादन वृद्धि गर्ने सम्भावना छ ।

कच्चा पदार्थ आयात गरेर वस्तु उत्पादन गरी निर्यात गर्ने तहमा नेपाल नहुन पनि सक्छ । भौगोलिक सीमाका कारण नेपालले त्यो सुविधा प्राप्त नगर्न सक्छ । केही हलुका वस्तुमा प्रतिस्पर्धी बन्न सकिए पनि भारी वस्तुमा त्यो अवसर छैन । त्यसकारण औषधी उद्योग र कपडाजन्य उद्योगलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको हो । हस्तकलाका अन्य क्षेत्रमा पनि प्रशस्त अवसर छन् । गलैंचा, पस्मिना र बहुमूल्य पत्थरका गहनामा यहाँ धेरै काम गर्न सक्ने अवसर छ ।

बहुमूल्य पत्थरमा लगानीको क्षेत्रमा नेपालमा लगानीका लागि आह्वान गर्न सकिन्छ । सरकारले फलामखानी स्थापनाको प्रक्रिया अघि बढाइसकेको छ । त्यसमा निजी क्षेत्रलाई नै सहभागी गराउने हो । खानीजन्य उद्योग, त्यसमा पनि फलामखानीमा सम्भावना देखिन्छ । पेट्रोलियम सर्वेक्षणकै अवस्थामा भएकाले यसको सम्भावना पनि निकट भविष्यमा

नेपालमा व्यावसायिक कृषिको ठूलो सम्भावना छ, जुन दक्षिण एसियामा प्रतिस्पर्धा गर्न सक्ने किसिमको छ । भौगोलिक विविधताका कारण नेपालले दक्षिण एसियाका सबै मुलुकसँग प्रतिस्पर्धा गर्न सक्ने क्षमता राख्छ ।

पत्ता लाग्नेछ । तर खानीका अन्य क्षेत्र र बहुमूल्य पत्थरमा अथाह सम्भावना छ ।

सेवा क्षेत्रमा अवसर

सेवा क्षेत्रमा नेपालमा लगानीको सम्भावना धेरै भएका २-३ वटा क्षेत्र छन् । पहिले त वित्तीय क्षेत्र लगानीका लागि सजिलो थियो । बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी स्थापना भए । उनीहरूले राम्रो प्रतिफल पनि प्राप्त गरेका छन् । इक्विटी (स्वपुँजी)को शतप्रतिशतसम्म प्रतिफल प्राप्त गर्ने वित्तीय संस्था पनि यहीँका भए । केही समयअघिसम्म पनि ७०-८० प्रतिशतसम्म प्रतिफल लगेको देखिएको थियो । नेपाल राष्ट्र बैंकले निक्षेप र कर्जाको ब्याजदरको अन्तर (स्प्रेड दर) तोकिदिएपछि त्यो दर अलि कम भयो । त्यसैले वित्तीय प्रणालीका नयाँ क्षेत्रमा लगानीको सम्भावना अझै छ । भेन्चर क्यापिटल, प्राइभेट इक्विटी फन्ड, हेजिङ सुविधा र पुनर्बीमामा लगानीको अझै पनि सम्भावना छ । ठूला पूर्वाधारमा लगानी गर्ने गरी नेपाल प्रवेश गर्न सक्ने सम्भावना अझै पनि छ । सहरी पूर्वाधारमा लगानीका लागि वित्तीय सेवा दिन सक्ने ठाउँहरू पर्याप्त छन् ।

वित्तीय क्षेत्रभन्दा बाहिर गएपछि नेपालमा अर्को सम्भावना भनेको पर्यटन हो । अहिले विमानस्थल र वायुसेवाको सीमिततले मात्रै केही समस्या पारेको हो । यो अवस्था सहज हुने हो भने नेपाललाई २०-३० लाख पर्यटक भित्र्याउन ठूलो दुःख गरिरहनु पर्दैन । छिमेकका दुईवटा मुलुकबाट अन्तरआवद्धता (कनेक्टिभिटी) बढाउने र चीन सरकारसँग भएको सहमति कार्यान्वयन गर्ने तथा भारतमा नेपालले पाएको सिट क्षमता उपयोग गर्ने हो भने पर्यटन क्षेत्रको विस्तारमा समस्या छैन । वैकल्पिक विमानस्थल निर्माण हुनेबित्तिकै त्यस क्षेत्रमा जाने पर्यटकका लागि होटलमा लगानी गर्न सकिन्छ । पोखरा, लुम्बिनी तथा भैरहवालगायत क्षेत्रमा लगानीका लागि अवसर छन् । जहाँबाट अन्तर्राष्ट्रिय उडान हुँदैछन्, त्यहाँ ठूला होटल आवश्यक छन् । रामेछापमा सडकमै पर्यटक बस्नुपरेको अवस्थाले पनि त्यस्ता 'हब' र 'कनेक्टिङ पोइन्ट'मा होटल क्षेत्रमा लगानीको अवसर रहेको देखिन्छ । अहिले काठमाडौंमा रहेका होटल खुल्नेबित्तिकै ६०-७० प्रतिशत अकुपेन्सी छ । होटलको अकुपेन्सी दर भनेको त्यत्ति नै हो । यसले उनीहरूले राम्रो काम गरिरहेको देखिन्छ ।

होटल मात्रै नभई पर्यटनका अन्य क्षेत्रमा पनि लगानी विस्तारको सम्भावना प्रशस्त छ । साहसिक पर्यटन, उच्च स्थानमा हुने खेलकुद, त्यस्ता ठाउँमा फिल्म सुटिङ गर्नेदेखि अन्य क्षेत्रमा पनि लगानी गर्न सकिन्छ । पर्यटनका बहुपक्षीय क्षेत्रमा लगानीको प्रशस्त सम्भावना देखिएको छ । पर्यटन भनेको होटल मात्र होइन । पर्यटन उद्योगसँग सम्बन्धित सम्पूर्ण पक्षमा कैयौं गुणा लगानी बढाउन सक्ने सम्भावना छ । पर्यटन क्षेत्रमा गरिएको लगानीबाट लाभ लिन जलविद्युत्को जस्तो ५-७ वर्षसम्म पर्खिनु नै पर्दैन । कुनै क्षेत्रको परियोजनामा निर्माणको अवधि (जेस्टेसन पिरियड) २-३ वर्षको हुन्छ । बढी भएमा पाँच वर्षदेखि त आम्दानी उठ्न थालिहाल्छ । त्यसो भएको हुनाले मध्यकालमै आम्दानी लिनका लागि यो क्षेत्र उपयोगी हुन सक्छ । पर्यटनसँग सम्बन्धित शिक्षा क्षेत्रमा लगानीको अवसर नेपालमा छ ।

पर्यटन उद्योगसँग सम्बन्धित तालिम दिने संस्था, शिखर आरोहण अध्यापन गर्ने कलेज र पर्यटन शिक्षासँग सम्बन्धित क्षेत्रमा काम गर्न सकिन्छ । यसबाहेक समग्र प्राविधिक शिक्षामा पनि नेपालमा लगानी गर्न सकिन्छ । विश्वस्तरीय प्राविधिक शिक्षा दिन सक्ने गरी नेपालमा व्यवसाय गर्न सकिन्छ । स्वास्थ्य क्षेत्रमा नेपाललाई मेडिकल पर्यटनको हब बनाउन सकिन्छ । लगानीकर्ताले बैंककमा पाउने सुविधा काठमाडौंमा दिन सक्ने हो भने बैंकक जाने पर्यटक नेपाल आउन सक्छन् । मौसम र अन्य केही सांस्कृतिक पक्षका कारण बैंकक जाने पर्यटक नेपाल आउन सक्छन् । स्वास्थयमा केही बाह्य लगानी भइरहेका छन् तर तिनीहरूमा व्यवस्थापनका मुद्दा छन्, अन्य केही विषय पनि छन् । नेपालीले पनि बाह्य लगानीकर्तासँग संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर)मा काम गर्ने हो भने स्वास्थ्य क्षेत्रमा विदेशीलाई आकर्षित गर्न सकिन्छ । नेपालको तुलनात्मक लाभको क्षेत्र यो हुन सक्छ । नेपालको स्वास्थ्य क्षेत्रसँग सम्बन्धित जनशक्ति पनि राम्रो हुँदै गएको र छिमेकी देशको तुलनामा भाषिक समस्या पनि कम पर्ने भएकाले यो क्षेत्रमा काम गर्न सकिन्छ ।

यातायातका क्षेत्रमा पनि नेपालमा लगानीको सम्भावना छ । आन्तरिक जलमार्गका प्रवर्द्धनका बहस अघि बढिरहेका छन् । यातायात क्षेत्रमा कुरा गर्दा मेट्रो रेल, मोनो रेल जस्ता क्षेत्र लगानीका लागि खुला छन् । काठमाडौं केन्द्रित भएर लगानीको चासो राख्ने धेरै देखिन्छन् । यसलाई विस्तारै अन्य प्रदेश राजधानी र अन्य ठूला सहरसम्म पुऱ्याउन सकिन्छ । ठोस फोहोरमैला व्यवस्थापनमा पनि नेपालमा लगानी गरेर काम अघि बढाउन सक्ने सम्भावना पर्याप्त छ ।

अहिले नेपालको राष्ट्रिय ध्वजाबाहक एउटा वायुसेवा सञ्चालक छ । नेपाल सरकार नेपाल वायुसेवा निगमलाई कम्पनीका रूपमा सञ्चालन गर्न चाहन्छ । यसलाई संयुक्त रूपमा सञ्चालन गर्न सकिन्छ । दूरसञ्चार क्षेत्रमा पनि व्यवसाय विविधीकरण भएको छ । अहिले हेर्दा बजार खुम्चिन लागेको जस्तो देखिए पनि भविष्यमा 'डेटा'मा काम गर्न सकिने धेरै ठाउँ छन् । अहिलेसम्म 'बिग डेटा'को अवधारणमा त प्रवेश नै गरेका छैनौं ।

वित्तीय क्षेत्रभन्दा बाहिर गएपछि नेपालमा अर्को सम्भावना भनेको पर्यटन हो । अहिले विमानस्थल र वायुसेवाको सीमिततले मात्रै केही समस्या पारेको हो ।

यसको बजार निकै ठूलो छ । यस्ता सेवा दिन सक्ने गरी लगानी गर्न सकिन्छ ।

गर्नुपर्ने काम

लगानीका अवसर पर्याप्त भएको मुलुकमा वास्तविक लगानी भित्र्याउन केही काम निश्चय पनि गर्नुपर्छ । नेपालमा पछिल्लो एक-डेढ वर्षमा धेरै ऐन बनेका छन् । तीमध्ये कतिका नियमावली बनेका छन्, कतिका बन्ने क्रममा छन् । तिनै कानुनका आधारमा सुविधा दिन थालिएको छ । कतिपय सुधार गर्नुपर्ने छ । विश्व बैंकले हालै प्रकाशित गरेको व्यावसायिक सहजता सूचक (डुइङ बिजनेस इन्डेक्स)बाट हामी खुसी भएका छौं । तर पनि धेरै काम गर्न बाँकी छ । करका झन्झट घटाउनुपर्नेछ ।

प्रविधिको प्रयोगबाट सेवा दिने विषयलाई अझै व्यवस्थित र सरल बनाउनुपर्नेछ । कम्पनी दर्ता हुनेदेखि बन्द गर्ने बिन्दुसम्ममा प्रशासनिक झन्झट कम हुने गरी सरलीकृत सेवा दिनुपर्नेछ । निर्यात गर्नेहरूले ४० वटा जति हस्ताक्षर जम्मा गर्नुपर्ने व्यवस्थालाई सहज बनाएर अघि बढ्नुपर्छ । निर्यातकर्तालाई दिइने कर फिर्ता सुविधा सरल बनाउनुपर्छ । नेपाली उद्योगबाट उत्पादित वस्तु निर्यात गर्दा भन्सार बिन्दुमै सुविधा दिइनुपर्छ ।

बैंक ब्याजदर र बैंक ऋणलाई अनुमानयोग्य बनाउने गरी काम गर्नुपर्नेछ । ब्याजदरलाई व्यवस्थित बाउने र बैंकिङ प्रणालीमा पर्याप्त तरलता रहिरहन्छ भन्ने सुनिश्चितता दिनुपर्नेछ । विदेशी विनिमयमा नेपालमा धेरै जोखिम छैन । किनभने नेपाली मुद्राको स्थिर विनिमय दर भारतीय मुद्रासँग तोकिएको छ । यसमा एक किसिमको स्थायित्व छ । नेपालको सार्वभौम साख मूल्यांकन (सोभरेन क्रेडिट रेटिङ) छिटो सक्नुपर्नेछ । नेपालमा लगानी गर्दा अनावश्यक रूपमा जोखिमको 'प्रिमियम' राखिएको छ । त्यसलाई घटाउनुपर्छ । हेजिङ सुविधा दिने संस्था विस्तारै आउनेछन् ।

अन्त्यमा

नेपालमा लगानी आकर्षित गर्न सुधार गर्नुपर्ने भनेको व्यवहार हो । सुशासन कायम गरेर सहज रूपमा काम गर्न सक्ने वातावरण तयार गर्नुपर्छ । हामीले निजी लगानीकर्तालाई उत्साहित गरेनौं भने आर्थिक वृद्धिको लक्ष्यमा पुग्न सकिँदैन भन्ने ज्ञान, बोध र जवाफदेहिता हुनुपर्छ । विधिको शासन, कानुनी राज्यको पालना, दण्डहीनताको अन्त्य र व्यवसाय गर्नेलाई अनुमानयोग्य कर, भन्सार तथा वित्तीय नीति तयार गर्नुपर्छ । समष्टिगत आर्थिक परिसूचकको हिसाबले नेपाल राम्रो अवस्थामा छ ।

विदेशी मुद्रा सञ्चिति पर्याप्त छ, मूल्यवृद्धि ठीकै (मोडरेट) अवस्थामा छ र आर्थिक वृद्धि यस क्षेत्रको तुलनामा उच्च छ । त्यो परिस्थितिमा नियामकीय व्यवस्थित गर्दै जाने र निजी लगानीकर्ताको कुरा सुनेर सहयोगी वातावरण तयार गर्ने हो भने नेपालमा विदेशी लगानीले अर्को उचाइ प्राप्त गर्छ ।

गत चैतमा सम्पन्न लगानी सम्मेलनमा प्राप्त प्रतिबद्धतालाई छिट्टै एउटा टुंगोमा पुऱ्याउनुपर्नेछ । केही आयोजनाहरू छिट्टै नै निर्णयको बिन्दुमा पुग्दैछन् । त्यसबाहेकका अन्य आयोजना पनि निश्चित टुंगोमा पुऱ्याउनुपर्नेछ । लगानी बोर्डको क्षमता अझै विस्तार गर्नुपर्नेछ । त्यसैगरी, कम्पनी रजिस्ट्रारको कार्यालयलाई अझै प्रविधिमैत्री बनाउनुपर्छ । वन दिने, जमिन दिने, विद्युत् दिने, पानी दिने, नीति निर्माण गरिदिने र कर लिने र दिनेबीचमा समन्वय भयो भने लगानीलाई आर्थिक वृद्धिको बाटोमा लैजान सक्छौं ।

जीवनभर दुःख गरी कमाएको सम्पत्तिमा आईपर्ने जोखिमको लागि बीमा गरौं । आफुलाई पायक पर्ने निर्जीवन बीमा कम्पनीमा सम्पर्क राखि आफ्नो सम्पत्तिको बीमा गरी दुक्क बनौं ।

GIAN नेपाल निर्जीवन बीमा व्यवसायी संघ
General Insurance Association of Nepal

विदेशी लगानी
यसो गरे आउला

विभिन्न देशले लगानी भित्र्याउन द्विपक्षीय लगानी सम्झौता, कर छुट, सजिलै नाफा फिर्ता लैजान सक्ने व्यवस्था, बहिर्गमन हुने सुविधा, स्वचालित प्रशासनिक प्रक्रियाजस्ता सुविधा दिएका छन् ।

रविभक्त श्रेष्ठ

नेपालमा स्थापित विदेशी लगानीका बहुराष्ट्रिय कम्पनीहरूको आर्थिक अवस्था सुदृढ छ र तिनले नेपालमा ल्याएको पुँजी, प्रविधि र रोजगारीका अवसरले देशले पनि फाइदा पाएको छ । यति हुँदाहुँदै पनि वैदेशिक लगानी प्राप्त गर्ने देशको सूचीमा नेपाल सधैं निकै तल्लो स्थानमा छ । प्रधानमन्त्री केपी शर्मा ओली र उनको सरकारले अघि सारेको समृद्ध नेपाल र सुखी नेपालीको लक्ष्य प्राप्त गर्न विदेशी लगानी ल्याउन नेपालले ठोस पहल गर्न अत्यन्त जरूरी छ ।

नेपालमा सेयर बजारले धेरै उचाइ लिन नसकेको अवस्थामा पनि बहुराष्ट्रिय कम्पनीहरूको सेयर मूल्य अत्यन्त लोभलाग्दो छ । जस्तो, युनिलिभर कम्पनीको सेयर मूल्य प्रतिकित्ता २० हजार दुई सय रूपैयाँ हाराहारी छ भने बोटलर्स नेपाल (तराई)को प्रतिकित्ता ६ हजार दुई सय ५० र बोटलर्स नेपाल (बालाजु)को सेयर प्रतिकित्ताा एक हजार आठ सय ३० वरिपरि छ । सूर्य नेपाल र एनसेल सबैभन्दा बढी कर तिर्ने कम्पनीका रूपमा सम्मानित भएका छन् । अन्य विदेशी लगानीका कम्पनीमा गोर्खा ब्रुअरी, स्ट्यान्डर्ड चार्टर्ड बैंक, हिमालयन बैंक, डाबर नेपाल, एसबीआई बैंक, नबिल बैंकले आर्जन गरेको प्रतिफल हेर्दा राम्रो व्यवसाय गरिरहेका छन् भन्ने देखिन्छ ।

यति हुँदाहुँदै पनि विदेशी लगानी नेपालमा प्रवाह हुन नसक्नुका कारणहरूको विश्लेषण हुनु जरूरी देखिन्छ । यस्तो विश्लेषण गरिँदा कस्ता बहुराष्ट्रिय कम्पनीहरु नेपालमा आए, कस्तो प्रकारको आर्थिक नीति र राजनीतिक अवस्था हुँदा आए र अब के कस्तो अवस्था सिर्जना गरेको खण्डमा विदेशी पुँजी ल्याएर नेपालको अर्थतन्त्र धान्न सकिन्छ भन्ने सुझाव लिई अध्ययन गर्नु ठिक हुन्छ ।

अधिकांश बहुराष्ट्रिय कम्पनीहरू २०४६ सालपछिको राजनीतिक परिवर्तन र त्यसबेलाको सरकारले लिएको उदार नीतिका कारण आकर्षित भएका थिए । तर अस्थिर राजनीति र राजनीतिक दलका फरकफरक आर्थिक नीतिले विदेशी पुँजीलाई तर्सायो । २०५२ सालमा सुरू भएको माओवादी विद्रोहपछि नयाँ लगानी आउने अवस्था देशमा रहेन । कतिपय राम्रा कम्पनी पलायन भए । भएका कम्पनीहरु पनि निकै समस्यासँग जुध्दै अडिए । तर २०६३ सालमा लोकतन्त्रको स्थापनापश्चात औद्योगिक र राजनीतिक वातावरण निकै सुधारिएको छ । तर ठूला बहुराष्ट्रिय कम्पनीहरु यहाँको अवस्थामा आश्वस्त हुन कानुनी सुधार, प्रक्रियागत झन्झटमा कमी तथा सरकारको व्यवहारमा परिवर्तन हुनुपर्छ । साथै कुनै एक सरकारले लिएको नीति तथा व्यवहार अन्य सरकारले कायमै राख्छन् भन्ने प्रत्याभूति पनि उत्तिकै जरूरी छ । एकपटक लगानी ल्याएपछि फिर्ता लैजान नसकिने र उद्योग रूग्ण हुने अवस्था आयो भने सो समस्याग्रस्त कम्पनी मात्र होइन सम्पूर्ण विदेशी लगानीकर्ता झस्किने अवस्था आउँछ ।

देशमा औद्योगिकीकरणबिना आर्थिक समृद्धि हासिल गर्न सकिँदैन । उद्योग र व्यवसायका लागि हामीसँग पुँजी मात्र होइन ज्ञान, सीप र बजारीकरण गर्ने क्षमताको पनि कमी छ । त्यसैले बहुराष्ट्रिय कम्पनीलाई तिनको पुँजीसहित सीप र बजारमा रहेको सशक्त उपस्थितिका कारण पनि नेपाल ल्याउन सक्नुपर्छ । यस विषयमा सरकारले ध्यान दिएको देखिन्छ । संसद्मा लगानी सम्बद्ध धेरैजसो विधेयक पास भइसकेका छन्, केही विधेयक स्वीकृत हुने चरणमा छन् । सरकारले विदेशी पुँजी, सीप र बजारलाई आकर्षित गर्न

नेपालमा पनि नेतृत्वसँग इच्छाशक्ति देखिएको छ, तर कानुनी प्रक्रिया धेरै छन् । कर्मचारीतन्त्रको ढिलासुस्ती र निर्णयमा ढिलाइलाई वैदेशिक लगानीको मुख्य बाधा मानिन्छ । नीति र कानुन समय सापेक्ष छैन । लागत कम गर्न आवश्यक पर्ने पूर्वाधार निर्माणमा सरकारले विशेष महत्व दिनु पर्दछ ।

मुलुकमा लगानी सम्मेलन तथा पूर्वाधार सम्मेलन गरिरहेको छ । यस्ता सम्मेलनले धेरै सकारात्मक वातावरण बनाएको देखिन्छ । तर सम्मेलनपछि आउने लगानीकर्ताको विश्वास जित्ने काम व्यवहारमै स्पष्ट देखिनु पर्छ ।

अहिले नेपालमा रहेका बहुराष्ट्रिय कम्पनी तथा विदेशी लगानीकर्ताका समस्याको विश्लेषण गरेर र तिनले दिएको सुझावलाई सही तरिकाले सम्बोधन गर्न सकेको खण्डमा नयाँ आउने लगानीकर्ताको विश्वास बढ्छ । प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा गठन भएको उद्योग-वाणिज्य प्रवर्द्धन सम्बाद परिषद्मा मलाई पनि ज्वाइन्ट भेन्चर (बहुराष्ट्रिय कम्पनी)को प्रतिनिधिको रूपमा समावेश गराइएको छ । नेपालमा रहेका बहुराष्ट्रिय कम्पनीहरूसँग विभिन्न चरणमा छलफल गरी आवश्यक राय-सुझाव लिई सो परिषद्को बैठकमा पेस पनि गरेको छु ।

नेपालमा रहेका विदेशी लगानीकर्ताको मुख्य गुनासो सीपयुक्त कर्मचारी ल्याउँदा तिनको रोजगार अनुमति तथा भिसा प्रक्रियामा रहेको झन्झट, लगानीकर्ताको नाफा लैजाने प्रक्रियामा अपारदर्शिता, ढिलासुस्ती तथा कर प्रणालीको अप्ठेरोपनप्रति छ । अर्थशास्त्री गोविन्द नेपाल र उहाँको टोलीले एक वर्षअघि गरेको एक अनुसन्धान अनुसार एक विदेशी कामदारको लागि रोजगारी अनुमति लिन ३२-३८ वटा हस्ताक्षर चाहिन्छ । समय पनि औसत १२ हप्ता लाग्छ ।

नेपालमा काम गर्न कुल कामदारको पाँच प्रतिशतभन्दा बढी विदेशी कामदार ल्याउन नदिने नियमले पनि झन्झट दिएको देखिन्छ । कुनै प्राविधिक उद्योगमा चाहिने मानव स्रोत नेपालमा उपलब्ध हुन सक्दैन । कतिपयमा उद्योग सुरू गर्ने अवस्थामा केवल पाँच प्रतिशत विदेशी कर्मचारीबाट काम हुन सक्दैन । कतिपय अवस्थामा विदेशी कर्मचारीलाई तीन वर्षको वर्क पर्मिट (विशेषज्ञलाई दुई वर्ष थप्ने प्रावधान) कम हुन्छ । पाँच प्रतिशत विदेशी कामदारको नियम सूचना प्रविधिसँग सम्बन्धित कतिपय उद्योगमा तर्कसंगत हुँदैन । केही वर्षमा नेपाली कामदारको प्रतिशत बढाउँदै जानुपर्ने नियम व्यवहारिक हुन्छ ।

सरकारले एकल बिन्दु सेवा केन्द्र कार्यान्वयनमा ल्याएको छ । यसको प्रभावकारिता बढाउन अत्यन्त जरूरी छ । विकासोन्मुख अन्य-- म्यान्मार, कम्बोडिया, बंगलादेश, श्रीलंका, भियतनाम जस्ता-- मुलुकसँग तुलना गरेर हेर्दा यी पक्षमा नेपाल सबैभन्दा अनुदार देखिन्छ ।

नेपालमा रहेका विदेशी लगानीका कम्पनीलाई नाफा लैजाने सवालमा पनि बारम्बार झन्झट बढाउने काम हुँदै आएको छ । नेपाल राष्ट्र बैंकले कतिपय अवस्थामा विदेशी लगानीकर्ताको नाफा लैजाने प्रक्रियामा ढिलाइ गरिदिने र अड्चन देखाउने गरेको पाइएको छ । नेपालमा विदेशी मुद्राको अत्यन्त संकट भएको र यस्ता कम्पनीले ठूलो मात्रामा विदेशी मुद्रा माग गरेको अवस्था हुँदो हो त नाफा लैजाने प्रक्रियामा कडाइ गर्नुको औचित्य देखिन्थ्यो । तर राष्ट्र बैंकको एक प्रतिवेदन अनुसार २०१५-१६ को अन्त्यसम्ममा नेपालमा कुल १३७.७ अर्ब रूपैयाँ बराबरको विदेशी लगानी छ । त्यही वर्ष विदेश गएको कुल लाभांश भने ६.२५ अर्ब थियो । सन २०१४-१५ मा उक्त रकम ७.२१ अर्ब र २०१६-१७ मा १७.२४ अर्ब रूपैयाँ छ । गत वर्ष हामीले आयातमा मात्र १४१८ अर्ब रूपैयाँ खर्च गरेको हेर्ने हो भने हाम्रो आर्थिक गतिविधिमा यी लगानी र यिनले लैजाने लाभांशको कुनै प्रभाव देखिँदैन । त्यसैले नाफा फिर्ता लैजाने प्रक्रिया पारदर्शी र सहज बनाउँदा देशलाई खासै समस्या पर्ने देखिँदैन । नाफा फिर्ता लैजान लाग्ने समय अरू एसियाली मुलुकको भन्दा कम गर्न सके पनि लगानीकर्तामाझ नेपालप्रति विश्वास बढ्छ ।

लगानीकर्ताले गुनासो गर्ने अर्को विषय हाम्रो सरकारको वचनको विश्वसनीयताको हो । नेपालमा लोडसेडिङको समस्या हुँदा जलविद्युत्मा लगानी गर्नेलाई प्रतिमेगावाट ५० लाख रूपैयाँ फिर्ता दिने प्रत्याभूति थियो । तर लगानीकर्ताले सो रकम सरकारबाट पाएका छैनन् । धेरै लगानीकर्ताले भ्याट फिर्ताबापतको रकम पाएनन् र बिजुलीको मूल्यमा २० प्रतिशत प्रिमियम दिने भनिएको रकम पनि पाएनन् । कतिपय उद्योगमा विद्युत् प्रसारण लाइन पनि तानिएको छैन, जसले गर्दा उत्पादन खेर जाने अवस्था आएको छ ।

लगानीकर्ताको अर्को गुनासो स्थानीय द्वन्द्व निरूपण गर्ने स्थानीय प्रक्रियाप्रति छ । जस्तो-केहीअघि इटालियन कम्पनीमा कार्यरत कर्मचारीको राहदानी खोस्ने काम कुन कानुन अन्तर्गत गरियो भन्ने प्रश्न विदेशीले उठाएका छन् । कतिपय लगानीकर्ताको नेपाली साझेदारप्रति गुनासो छ । अन्य मुलुकमा पनि केही स्थानीय पहुँचवाला व्यक्तिले विदेशी लगानीकर्तालाई दुःख दिएर तिनीहरूबाट फाइदा लिन कोसिस गर्ने गरेका छन् । त्यस्तालाई निरूत्साहित गर्न कानुनी राज (रूल अफ ल) कायम गर्नुपर्छ ।

विदेशी लगानीकर्ता वा बहुराष्ट्रिय कम्पनी आउँदा स्थानीय उद्योग र व्यापार धराशयी हुन्छ भन्ने भ्रमले पनि विदेशी कम्पनीलाई अप्ठेरो पार्ने प्रवृत्ति विकास भएको देखिन्छ । तर विदेशी लगानीले कुनै पनि उद्योगको प्रतिस्पर्धी क्षमता बढाउँछ र स्थानीय उद्योगलाई पनि सहयोग पुऱ्याउँछ । नेपालको बैंकिङ क्षेत्रमा आएको विदेशी लगानी यसको सशक्त उदाहरण हो । त्यस्तै जलविद्युत्मा पनि विदेशी कम्पनी आएर प्रविधि ल्याएको कारणले नै अहिले देशमा यति धेरै आयोजना आउन सकेका हुन् । त्यसैले राज्यले स्थानीयको विरोधलाई सम्बोधन गर्न छुट्टै तरिका

अपनाउनु पर्छ । स्थानीयलाई आर्थिक रूपमा नकारात्मक असर पार्नु हुँदैन, तर विदेशी लगानीको आगमनले पार्ने सकारात्मक असरको ज्ञान दिने र त्यसबाट लाभान्वित हुन तयार पार्ने काम हुनु पर्छ ।

करको दर विदेशी लगानी आकर्षित या निरूत्साहित हुने अर्को महत्त्वपूर्ण पक्ष हो । हाम्रोमा करको दर त्यत्ति प्रतिस्पर्धी छैन । दायराभन्दा पनि दर बढाउँदै लगिएको छ । आयरल्यान्डमा अहिले १२.५ प्रतिशत, थाइल्यान्डमा २० प्रतिशत र अमेरिकाले भर्खर ३५ प्रतिशतबाट घटाएर २१ प्रतिशतमा झारेको परिप्रेक्ष्यमा हामीले पनि ढिलो-चाँडो सरल र कम कर्पोरेट कर बनाउनेतर्फ सोच्नुपर्छ ।

नेपालले प्रत्यक्ष वैदेशिक लगानी खुला गरेको अढाइ दशक बितिसक्यो । अनुभव पुरानो भए पनि वैदेशिक लगानी प्राप्तिमा नेपालको अवस्था अन्य अल्पविकसित देशको तुलनामा कमजोर छ । अल्पविकसित देशमा प्रत्यक्ष वैदेशिक लगानी औसतमा अर्थतन्त्रको आकारको २.३ प्रतिशत छ । नेपालको भने ०.५ मात्र । नेपालको अर्थतन्त्रको आकार ३४ खर्ब सात अर्ब रूपैयाँ रहेको केन्द्रीय तथ्यांक विभागको अनुमान छ । गत आर्थिक वर्षमा नेपालले कुल १४ अर्ब रूपैयाँ प्रत्यक्ष वैदेशिक लगानी भित्याएको नेपाल राष्ट्र बैंकको तथ्यांकले देखाउँछ ।

लगानी खुला गरेपछिका केही वर्ष नेपालले विदेशी लगानीकर्ताबाट राम्रो प्रतिक्रिया पाएको थियो । धेरै बहुराष्ट्रिय कम्पनीले लगानी गरे । तर पछिल्लो समय लगानीको वातावरण सुधार, लगानीको सुरक्षा, प्रतिफलको सुनिश्चितताका सवालमा सरकारले यथोचित व्यवहार गर्न सकेको छैन ।

वैदेशिक लगानी भित्र्याउन विश्वभर प्रतिस्पर्धा छ । विदेशी लगानीकर्तालाई रातो कार्पेट बिछ्याएर स्वागत गरिन्छ । समान खालका अर्थतन्त्रमध्ये लगानीको सुरक्षा, प्रतिफल र काम गर्न कहाँ सजिलो छ भनेर लगानीकर्ताले विश्लेषण गरिरहेको हुन्छ । त्यही सुविधा दिन नेपालमा एकल बिन्दु सेवा दिने भनिएको हो । प्रक्रियागत काम सम्बन्धित मन्त्रालय र विभागबाटै गराउनुपर्छ । यी सरकारी निकायले गर्ने ढिलाइ र अवरोधले विदेशी लगानीकर्ता नेपाल आउन उत्साहित छैनन् । औसतभन्दा निकै कम वैदेशिक लगानी प्राप्त हुनुको कारण पनि यही हो । नेपालले पनि व्यवसाय सञ्चालन गर्ने वातावरण सहज र सरल बनाउन अरू देशसँग प्रतिस्पर्धा गर्न तयार हुनुपर्छ । नेपाललाई पृथक राखेर लगानीसम्बन्धी व्यवस्थामा यति सुधार भयो भनेर मात्र हुँदैन । अरूको दाँजोमा नेपालले के गरेको छ भनेर लगानीकर्ताले हेर्छन् ।

विभिन्न देशले लगानी भित्र्याउन अरूसँग द्विपक्षीय लगानी सम्झौता, कर छुट, सजिलै नाफा फिर्ता लैजान सक्ने व्यवस्था, बहिर्गमन हुने सुविधा, स्वचालित प्रशासनिक प्रक्रियाजस्ता सुविधा दिएका छन् ।

भारतमा नरेन्द्र मोदी प्रधानमन्त्री बनेसँगै लगानीको वातावरण सुधारलाई प्राथमिक एजेन्डा बनाए । नेपालमा पनि नेतृत्वसँग इच्छाशक्ति देखिएको छ, तर कानुनी प्रक्रिया धेरै छन् । कर्मचारीतन्त्रको ढिलासुस्ती र निर्णयमा ढिलाइलाई वैदेशिक लगानीको मुख्य बाधा मानिन्छ । नीति र कानुन समय सापेक्ष छैन । लागत कम गर्न आवश्यक पर्ने पूर्वाधार निर्माणमा सरकारले विशेष महत्त्व दिनु पर्दछ ।

चीनमा उल्लेख्य निकासी गर्ने उद्योगमा बेलाबेला त्यहाँ राष्ट्रपति नै पुग्छन् । तिनको गुनासा सुन्छन् र समाधान गर्छन् । त्यसले उनीहरूलाई थप प्रोत्साहन मिल्छ । हाम्रो देशमा पनि राष्ट्रप्रमुख जाने र लगानीकर्ताका समस्या सुनिदिने हो भने हाम्रा लगानीकर्तालाई पनि धेरै हौसला मिल्छ । उसै पनि चीनको तुलनामा नेपालमा व्यवसाय गर्न कठिन छ । हामीकहाँ ढुवानी खर्च उच्च छ । ट्रेड युनियनको विरोधी गतिविधि अलि कम भए तापनि तिनको राजनीतिले असर पार्छ । बैंकको चर्को ब्याजदर घटाउन सरकारले चासो दिँदैन । अनुसन्धान र प्रविधिमा लगानी शून्य छ ।

यति हुँदाहुँदै पनि नेपाल विश्वकै लागि एक लगानीयोग्य मुलुक हो । नेपालमा हरेक स्रोत उपलब्ध छ । छिमेकी भारत र चीन ठूलो बजार हो । नेपालमा विद्युत् र श्रमको मूल्य तुलनात्मक रूपमा कम छ । यसकारण पनि नेपाल संसारकै लागि लगानीयोग्य मुलुक बन्न सक्छ ।

prabhu Life

विश्वास | सुरक्षा | सम्वृद्धि

जीवन किरण
बीमा योजना

प्रभु लाइफ इन्स्योरेन्सको "जीवन किरण बीमा योजना" बालबालिकाको सुखद भविष्यको लागि सर्वोत्तम जीवन बीमा योजना हो । भविष्यमा बालबालिकाको उच्च शिक्षा, बिवाह वा अन्य महत्वपूर्ण कामको खर्चको जोहोका लागि आजै "जीवन किरण बीमा योजना" मा आवद्ध गराई भविष्य प्रति निश्चिन्त रहनुहोस ।

"जीवन किरण बीमा योजना" अन्तर्गत बालबालिकाको जीवन बीमा संगै अभिभावकको समेत जोखिम बहन गरिन्छ । बचत पनि, सुरक्षा पनि !

शर्तहरु लागु हुनेछ *

मेरो बच्चाको सुखद भविष्य... मेरो सपना

प्रभु लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालय: कमलादी गणेशस्थान, काठमाण्डौं, नेपाल

फोन नं.: ०१-४२६२२२३, ४२२६०६५, ४२२६८५६, ४२२६५६८

टोल फ्रि नं.: १६६०० १०११०१

ई-मेल: info@prabhulife.com

वेबसाइट: www.prabhulife.com

विदेशी लगानी
निजी क्षेत्रको चासो

वैदेशिक लगानी भित्र्याउने सन्दर्भमा निजी क्षेत्रको भूमिका उदाहरण बनेर देखाउनु नै हो । निजी क्षेत्रले उदाहरण प्रस्तुत गर्ने वातावरण बनाइदिने जिम्मेवारी सरकारकै हो । अनि मात्र लगानी भित्रन्छ र विकास सम्भव हुन्छ ।

राजेशकाजी श्रेष्ठ

२०७५ सालको चैत १५ र १६ गते काठमाडौंमा सरकार र निजी क्षेत्रबाट उत्साहसाथ लगानी सम्मेलन आयोजना गऱ्यो । यसको उद्देश्य विदेशी लगानीकर्तालाई नेपालमा विद्यमान अवसर नजिकबाट चिनाउने र स्वदेशी एवं विदेशी लगानीकर्ताबीच 'सञ्जालीकरण' गर्ने थियो । विदेशी लगानीकर्तासँग सिधै सम्पर्क गर्न पाउने मञ्च भएकाले निजी क्षेत्रले पनि सम्मेलन सफल बनाउन सार्वजनिक-निजी साझेदारीको भावनाअनुरूप काम गरेको थियो ।

निजी क्षेत्रको उत्साहजनक सहभागिताबिना उच्च आर्थिक वृद्धिदर सम्भव छैन । समृद्धि यात्रामा पाइला अघि बढाउन विदेशी लगानी आवश्यक छ भन्ने निजी क्षेत्रको दृढ विश्वास छ । त्यस्तो लगानी पूर्णतः विदेशी इक्विटीको रूपमा आउनुपर्ने, रोजगारीको अवसर बढाउनुपर्ने, औद्योगिक एवं पूर्वाधारको विकास, निर्यात प्रवर्द्धन आदिमा समेत जोड दिनुपर्ने देखिन्छ ।

स्वदेशी र विदेशी दुवै लगानी निजी क्षेत्रको भएकाले यसका लागि आर्थिक कूटनीति बलियो पार्न सरकार लाग्नुको विकल्प देखिँदैन । वैदेशिक लगानी पनि सामान्यतया निजी क्षेत्रबाट आउने, नाफामूलक व्यवसायमा लगानी हुने भएकाले विदेशी लगानीको प्रतिफल उच्च बन्ने वातावरण बनाउन हामी प्रयत्नशील रही सरकारले सहजकर्ताको रूपमा अघि बढेर सबै लगानीकर्तालाई ढुक्क पार्नुपर्ने देखिन्छ । अनिमात्र विदेशी लगानी हामीले आफ्नो हितमा प्रयोग गर्न सक्छौं, अनि घरेलु समस्या यथावत राखेर लगानीका लागि अनुरोधमात्र गर्ने प्रवृत्ति स्वतः हट्दै जान्छ । जलविद्युत्, कृषि, पर्यटन, पूर्वाधार निर्माण लगायत ६३ परियोजना विदेशी लगानीकर्तासामु प्रस्तुत गर्दै लगानी सम्मेलन आयोजना गरेको सरकारले ती परियोजनामा लगानी भित्र्याउने प्रयास गर्नु जरूरी छ ।

लगानी बोर्ड नेपाल सरकारी र निजी क्षेत्र दुवैको प्रतिनिधत्व रहेको संस्था हो । निजी क्षेत्रको प्रतिनिधिसमेत बोर्डमा छन् । लगानी सम्मेलनको आयोजक समितिमा पनि नेपाल चेम्बर अफ कमर्स लगायत निजी क्षेत्रको नेतृत्व तह सहभागी थियो । लगानी सम्मेलनमा ४० देशका तीन सय भन्दा बढी विदेशी कम्पनीबाट आठ सय नौ विदेशी लगानीकर्ता तथा प्रतिनिधि र सात सयभन्दा बढी स्वदेशी सरकारी प्रतिनिधि, व्यवसायीको सहभागिता थियो । सम्मेलनमा नेपाल सरकारका तर्फबाट ५० र निजी क्षेत्रबाट २७ परियोजना प्रस्तुत गरिएका थिए ।

तथ्यांक हेर्दा पछिल्लो १० वर्षमा वैदेशिक लगानी तलमाथि भइरहेको देखापर्छ ।

अझ सिधै भन्ने हो भने लामो समयसम्म गृहयुद्धको चंगुलबाट निस्केका विभिन्न मुलुक लगायतबाट सानातिना प्रतिबद्धता थपिएका कारण लगानी गर्न चाहनेको संख्या मात्रै बढेको छ । नेपालमा पनि अघिल्लो आर्थिक वर्षमा ऊर्जा क्षेत्रमा २२ अर्ब रूपैयाँभन्दा बढी वैदेशिक लगानी आएको देखिन्छ । नेपालमा ऊर्जा क्षेत्रमा अधिकांश विदेशी लगानी आउने गरेको छ, यसलाई उत्पादनमूलक क्षेत्रमा समेत सरकारले प्रोत्साहन गर्नुपर्छ । कृषि र वन क्षेत्रमा लगानी आउन अनुकूल वातावरण बनाउनुपर्ने स्थिति छ । सूचना प्रविधि र खनिज क्षेत्रमा पनि विदेशी निजी क्षेत्रलाई आकर्षित गर्न प्रवर्द्धनात्मक र कानुनी व्यवस्था गरी वातावरण तयार गर्नुपर्ने देखिन्छ ।

विगत १० वर्षमा कुल विदेशी लगानी प्रतिबद्धता			
आर्थिक वर्ष	संख्या	रोजगारीको संख्या	कुल विदेशी लगानी (रू. करोडमा)
२०६६/०६७	१७१	७,८४८	९१०.०
२०६७/०६८	२१०	१०,९०२	१,००५.३
२०६८/०६९	२२६	९,०३५	७१३.८
२०६९/०७०	३१७	१६,५६९	१,९८१.९
२०७०/०७१	३०७	११,७९०	२,०१३.२
२०७१/०७२	३७०	१३,१६७	६,७४५.५
२०७२/०७३	३४८	११,६६३	१,५२५.४
२०७३/०७४	४००	११,८४२	१,५२०.६
२०७४/०७५	३९९	१३,९४०	५,५७६.०
२०७५/०७६	२१८	७,९५३	१,११८.१
जम्मा	२,९६६	१,१४,७०९	२३,११०.०
स्रोत : आर्थिक सर्वेक्षण २०७५/०७६			

लगानीका लागि एकल बिन्दु सेवा

सरकारले हालै वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरणसम्बन्धी ऐनमार्फत एकल बिन्दु सेवा केन्द्रको अवधारणा कार्यान्वयनमा ल्याएको छ । उद्योग मन्त्रालय र लगानी बोर्ड दुवैले उद्योग विभागको निर्देशिकामार्फत यस्तो केन्द्र सञ्चालनमा ल्याएका छन् । विदेशी लगानीकर्तालाई सहजीकरण तथा समन्वय गर्न त्रिपुरेश्वरस्थित उद्योग विभागमा एकल बिन्दु सेवा केन्द्र खुलेको हो । पुँजी भित्र्याउने, परिचालन गर्ने, श्रम सम्बन्ध सुधार, पुँजी फिर्ता लैजाने लगायत सम्पूर्ण काम यही केन्द्रबाट हुने प्रावधानमा अझ प्रभावकारिता र तीव्रता ल्याउन जरूरी छ । विदेशी लगानीले प्रक्रिया पूरा गरेको बढीमा सात दिनभित्रै लगानी प्रस्तावबारे निर्णय गर्नका लागि एकद्वार प्रणाली अवधारणा अघि सारिएकोमा दुईमत छैन । यसमा चेम्बरले सकारात्मक भूमिका खेलिरहेको छ ।

पछिल्लो समय लगानी बोर्डले सेवाग्राहीलाई एकल बिन्दु सेवा केन्द्रको सुविधा दिइरहेकै छ । लगानीकर्ता र सरकारका निकायबीच समन्वयको काम गरिरहेकै छ । भोलिको परिकल्पना, लगानी बोर्डमा आएपछि अरू निकायमा जान नपरोस् भन्ने हो । यसका लागि सम्बन्धित सबै निकायका पदाधिकारीलाई बोर्डमै बोलाएर छलफल गर्ने र यहीँ निर्णय गर्ने सोच राखेर अघि बढ्न आवश्यक छ । दीर्घकालमा चाहिँ व्यवस्थित प्रणाली विकास गरेर सबै निकायबाट अनलाइनमार्फत निर्णय गराए लगानीकर्ता सरकारी निकायका ढोकाढोका दौडनुभन्दा आफ्नो परियोजना विकास गर्नतर्फ लाग्ने थिए ।

योसँगै सन् २०१७ को लगानी सम्मेलन र अहिलेको सम्मेलनको ढाँचा फरक छ । अघिल्लो सम्मेलनमा प्रतिबद्धता जनाइएको लगानी पनि केही भित्रिएको छ, केही आउने क्रममै छ । प्रतिबद्धता रकमको करिब एक चौथाइ अर्थात झण्डै पौने चार खर्ब रूपैयाँका परियोजनामा काम, अध्ययन अघि बढेको हो ।

यो सम्मेलनलाई लगानी बोर्डले नीतिगत सुधारको अवसरका रूपमा अघि सारे पनि र विदेशी लगानीकर्तासामु अध्ययन गरिएका आकर्षक परियोजना प्रस्तुत गरे पनि प्रतिबद्धता र कार्यान्वयनबीच ठूलो खाडल देखिन्छ । लगानी बोर्ड नेपाल, उद्योग विभाग र व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले गर्ने काममा समन्वय र सहकार्य हुनुपर्ने देखिन्छ । संस्थागत रूपमा निकासी बढाउने र आयात व्यवस्थापन गर्न समेत यी निकायबीचको काममा सहकार्य हुनु आवश्यक छ । यसतर्फ सरकार निजी क्षेत्रले समेत थप छलफल गर्नुपर्ने देखिन्छ ।

कानुनी प्रावधानमा सुदृढीकरण

पर्याप्त कानुनी वातावरण र आवश्यक नियमावली नबन्नु तथा भौतिक पूर्वाधार एवं जनशक्ति व्यवस्थापन बलियो नहुनुले पनि वैदेशिक लगानीमा अपेक्षित प्रगति नभएको निजी क्षेत्रको धारणा छ ।

आवश्यक कानुन नबन्दा लगानीकर्तालाई 'कन्भिन्स' गर्न कठिन हुने चेम्बरको धारणा छ । जग्गा अधिग्रहण, वन, वातावरण प्रभाव मूल्यांकन जस्ता विषय लगानीसँग सिधै जोडिएको नदेखिए पनि यसले लगानीकर्तालाई प्रभाव पर्छ । सामान्य लागेका यी विषयकै आधारमा विदेशी लगानीकर्ता अघि बढ्न नसकेको प्रस्ट छ ।

लगानीकर्ताले आयोजना सुरू भएदेखि सम्पन्न भएर उत्पादन बजारमा पुऱ्याउँदासम्म कुनकुन कानुन आकर्षित हुन्छ भन्ने विषयमा गम्भीर अध्ययन आफैं गर्छन् । अघि बढ्नका लागि उनीहरूले प्रशासनिक झन्झट र विवाद समाधान संयन्त्र खोज्छन् । विदेशी लगानीकर्ताका लागि नेपाल मात्रै नभएर विकल्पमा अन्य मुलुक पनि छन् भन्नेमा पनि हामीले हेक्का राख्नुपर्छ ।

त्यसो त केही समयअघि लगानी सम्मेलनलक्षित आधा दर्जन कानुन पारित भएका छन् । सार्वजनिक-निजी साझेदारी तथा लगानी बोर्ड ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, विशेष आर्थिक क्षेत्र ऐन, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन र श्रम ऐन संसद्बाट पारित भई लागू भइसकेका छन् । यी कानुन लगानीका लागि पर्याप्त रहेको दाबीसँगै सार्वजनिक-निजी साझेदारी तथा लगानी बोर्ड ऐन सबभन्दा महत्त्वपूर्ण रहेको उद्योग मन्त्रालयको भनाइले ऐनमा भएको सहजीकरण, वित्त व्यवस्थापन र मानव संसाधन व्यवस्थापनसम्बन्धी प्रावधानमा अल्झनुभन्दा यसको प्रभावकारी कार्यन्वयनमा गए मात्र स्वदेशीसँगै विदेशी लगानीकर्तामा शक्ति आउनेमा ढुक्क हुने स्थिति छ ।

लगानीको आवश्यकता

सबै क्षेत्रमा लगानी बढाउन निजी क्षेत्र लगायत विदेशी लगानीकर्तालाई प्रोत्साहित गर्नुपर्छ । कर लगायत क्षेत्रको प्रक्रियात जटिलता र लगानी सुरक्षाको प्रत्याभूतिका लागि पुँजीसँगै विभिन्न क्षेत्रमा होल्ड गर्न सक्ने गरी लगानी गर्ने उत्प्रेरणा दिन आवश्यक छ ।

कर्जा प्रवाह गर्दा उत्पादनमूलक क्षेत्रमा बढी ध्यान दिनुपर्ने राष्ट्र बैंकको अनुरोध छ । केन्द्रीय बैंकले निक्षेप अर्थात स्रोतको संकलनभन्दा त्यसको दोब्बर हुने किसिमले कर्जा प्रवाह गर्न भएन; यसरी प्रवाहित कर्जा पनि अहिले देशको मागअनुसार उत्पादनशील कृषि, ऊर्जा, उद्योग क्षेत्रमा बढी प्रवाह गर्नुपऱ्यो; घर-जग्गा, गाडी जस्ता क्षेत्रमा लगानी गर्न हुँदैन भन्न खोजेको हो । सरकारले विकास बजेट खर्च गर्न नसक्दा बजारमा तरलता अभाव देखिएकोले उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने विषयमा निजी बैंकमा रहेको फरक मतलाई सहज हेर्नुपर्छ अनि मात्र लगानीको सुनिश्चितता हुन्छ ।

हाम्रो अर्थतन्त्र आयातमा आधारित छ । त्यसैले बैंकहरूले आयातमा गर्ने सबै लगानीलाई अनुत्पादक भन्न नमिल्ने कुरा राष्ट्र बैंकले

बुझ्नुपर्छ । योसँगै वित्तीय क्षेत्रले कर्जा प्रवाह गर्न नसकेकाले तरलतामा चाप परेको सहजै स्वीकार्नु पर्छ । बेलैमा यसको दिगो समाधान नगरे यसले कर्जामा समस्या निम्त्याउन सक्ने भएकाले लगानीमा अवरोध नआउला भन्न सकिँदैन ।

विदेशी लगानी त्यसै आउँदैन, आकर्षक प्रस्ताव गर्न सक्नुपर्छ । भारत, भियतनाम, चीन वा अन्य देशमा लगानीकर्ता आउँदा जुन सुविधा र सहजता पाउँछन्, हामीले पनि त्यस्तै दिन सक्नुपर्छ । समुद्रसँग जोडिएका मुलुकको जस्तो सहजता भूपरिवेष्ठित देशमा हुँदैन । त्यसैले हामीले अरूभन्दा धेरै प्रोत्साहन दिन सक्ने गरी लगानीसँग सम्बन्धित नीति बनाउनुपर्छ । हामी थप उदार हुनै पर्छ । निर्माणका लागि हामीसँग जुन आधारभूत कच्चा पदार्थ छन्, तिनको उपयोग गरी तुलनात्मक लाभ लिने वातावरण बनाउन सके त्यसले पनि विदेशी लगानीकर्तालाई आकर्षित गर्छ । प्रतिस्पर्धात्मक क्षमता भएन भने विदेशी लगानी ल्याउन गाह्रो हुन्छ । नेपालमा लगानीको अवसरबारे प्रचारप्रसार गरी लगानी भित्र्याउने पहल बढाउनु आजको आवश्यकता हो । देशमा लगानीको आवश्यकता पूरा गर्न, प्रविधि अभाव पूरा गर्न, स्रोत खोज्न आवश्यक छ ।

वास्तवमा भन्ने हो भने नेपालमा लगानीको वातावरण तयार गर्न भएका पहलहरू बाह्य लगानीकर्तासमक्ष प्रस्ट रूपमा राखेका प्रस्तुति कार्यान्वयनका लागि सुधारका काम अघि बढाउन सम्भव भएको छ । यसै क्रममा नेपाल चेम्बरले अंकटाडको सहयोगमा इन्भेस्टिङ इन नेपाल र इन्भेस्टमेन्ट रिभ्यूसम्बन्धी अध्ययन गरी त्यसको निष्कर्षसमेत विश्व समुदायमा सम्प्रेषण गरेको छ । पछिल्लो समय लगानी बोर्डले विभिन्न समयमा 'सोकेस' (प्रदर्शनी) गर्न गरेका अध्ययनले परियोजनाको 'परिणाम' ल्याएको छ । यी परिणाममा लगानीकर्ताको रूचि देखाउन थप अध्ययन आवश्यक छ । नेपालमा लगानीमैत्री वातावरण रहेको ग्यारेन्टी गर्दै लगानी समन्वय र सुरक्षाका लागि रहेको प्रतिबद्धता कार्यान्वयनको लागि समेत बाटो बनाउनुपर्छ ।

समग्रमा, लगानीकर्ताले कानुन होइन कानुनको कार्यान्वयन खोज्छन् । विदेशी लगानीसम्बन्धी हाम्रा कानुन पहिले पनि नराम्रा पक्कै थिएनन् । तर कानुन कार्यान्वयनको पक्ष कमजोर छ । यो कुरामा ध्यान दिएर लगानीकर्ताको समस्या हाम्रो पनि समस्या हो भनेर बुझ्नुपर्छ । उनीहरूसँग हामीले हातेमालो गर्न लगानीकर्ताको योजना नडुबाउन कम्मर कसेर लाग्नुपर्छ ।

त्यसैले यो प्रोजेक्टमा इच्छुक छु भनेकै भरमा त्यसलाई प्रतिबद्धता मान्नु हुँदैन । प्रतिबद्धता भनेको त ग्यारेन्टी हुनुपर्छ । यति रकम म यति महिनामा ल्याउँछु भन्ने गराउन नेपाल सरकार द्रुत रूपमा लाग्नुपर्छ । विदेशी वा स्वदेशी लगानीका लागि प्रतिबद्धता भन्नु 'डिटेल कन्ट्र्याक्ट'मा हस्ताक्षर गरेर हात मिलाएपछिको अवस्थालाई सम्झनुपर्छ अनिमात्र लगानी आउने पक्का हो । जब सरकारसँग सम्झौता हुन्छ, विस्तृतमा हस्ताक्षर हुन्छ, त्यसलाई प्रतिबद्धता भन्नुपर्छ ।

हामीलाई लगानी चाहियो भनेर ठूलो स्वरमा कराउनुको अर्थ छैन । किनभने यो यो क्षेत्रमा यो कामका लागि लगानी चाहियो भन्न सक्नुपर्छ । प्राथमिकता निर्धारण गरेर प्रस्ताव लान सकेमात्र लगानीमा जोखिम कम हुनेमा व्यवसायी ढुक्क हुन्छन् । गफ गरेर लगानी आउँदैन । त्यसैले लगानी ल्याउन हामीलाई त्यति सजिलो छैन । लगानी ल्याउनमा लगानीकर्ताभन्दा बढी सरकारको उत्तरदायित्व छ । सरकारले लगानी गर्ने वातावरण तयार गरिदिनुपर्छ । लगानीकर्ताको प्रोजेक्ट आफ्नै हो, यसले मुलुकलाई फाइदा पुग्छ र रोजगारी सिर्जना हुन्छ भन्ने सरकारले बुझ्नुपर्छ । नाफा उसले कमाउने हो भन्ने सोच्नुभएन । लगानीकर्तासँग सरकारले हातेमालो गर्नुपर्छ ।

एउटा सरकारले गरेको सम्झौता नयाँ सरकार आए पनि परिवर्तन गर्नुहुँदैन । यस्तो हुँदा लगानीकर्तामा नराम्रो सन्देश जान्छ । कस्तो परियोजनामा निजी क्षेत्रले वा कस्तो क्षेत्रमा सरकारले लगानी गर्ने भनेर ठोस नीति लिनुपर्छ । लगानी आउन थालेपछि ह्वारह्वार्ती आउँछ ।

सरकार आफैंले अथवा निजी क्षेत्रलाई तोकिएको मापदण्ड पूरा गराउन छिट्टै सँगसँगै अघि बढ्नुपर्छ । होइन भने मापदण्ड पूरा नगर्ने बहानामा दुःख दिनेभन्दा प्रस्ट रूपमा अघि बढे समयमा काम पूरा हुन्थ्यो । जुन व्यवहारमा देखिएको छैन ।

ठूला कम्पनी र विभिन्न आयोजनामा समेत लगानी चाहिएको छ । नेपालमा धेरै पूर्वाधारको अभाव छ । एक ठाउँबाट अर्को ठाउँमा जान समस्या छ, सम्भावना हाम्रो मुलुकमा धेरै भएकाले कमजोर रहेको व्यवस्थापकीय पक्षलाई यतिबेला सैद्धान्तिक ज्ञानभन्दा पनि कार्यान्वयन गर्ने व्यवस्थापक चाहिएको निजी क्षेत्रको बुझाइ छ । वैदेशिक लगानी भित्र्याउने सन्दर्भमा निजी क्षेत्रको भूमिका उदाहरण बनेर देखाउनु नै हो । निजी क्षेत्रले उदाहरण प्रस्तुत गर्न सक्ने वातावरण बनाइदिने जिम्मेवारी सरकारकै हो । अनि मात्र लगानी भित्रन्छ र विकास सम्भव हुन्छ ।

सबै क्षेत्रमा लगानी बढाउन निजी क्षेत्र लगायत विदेशी लगानीकर्तालाई प्रोत्साहित गर्नुपर्छ । कर लगायत क्षेत्रको प्रक्रियात जटिलता र लगानी सुरक्षाको प्रत्याभूतिका लागि पुँजीसँगै विभिन्न क्षेत्रमा होल्ड गर्न सक्ने गरी लगानी गर्ने उत्प्रेरणा दिन आवश्यक छ ।

Accessories and features shown in the pictures may not be part of standard equipment, and will differ according to the variant.

SUZUKI SHOWROOM :
Thapathali, Kathmandu- Tel: 4229099, 4245361;
Naxal, Kathmandu - Tel: 4430192, 4442369, 4436782, 4426198;
Dhobighat, Lalitpur - Tel: 5188490, 5188491, 5188492, 5188494;
SUZUKI SERVICE CENTER : Baila, Kathmandu - Tel: 4266141, 4266142
Dhobighat, Lalitpur - Tel: 55440462, 9801200921

SALES PERSONS : Thapathali: Sangita Napit, 9801200760 • Sushmita Bhattarai, 9801200748 • Amrendra Kumar Singh, 9801200742 • Sashi Panthi, 9801234750 • Phabina Manandhar, 9801200839 • Anuja Jagrit Shrestha, 9801200732 • Shreesha Pal, 9801200744 • Shraddha Bajracharya, 9801200795 • Govinda Bhusal, 9801200825 • Rojan Shrestha, 9801200766 | **Naxal:** Ramesh Uprefi, 9801200733 • Manita Maharjan, 9801200909 • Rajendra Pandey, 9801200746 | **Dhobighat:** Rachana Thapa, 9801234731 • Priyanka Shrestha, 9801200741 • Prabhat Rayamajhi, 9801200876 • Nista Pradhan, 9801200913

CG motocorp

BAGMATI DEALERS : Airport: 9851170933, 4490873; **Baikunari:** 5532419, 9801256775; **Banepa:** 9851057268, 011-662609; **Basundhara:** 9809001936, 4356877; **Bhaktapur:** 9851207010, 6618519; **Bouddha:** 9851095309, 4912670; **Kalanki:** 5234062, 9801190090; **Naxal:** 4444201, 4434660; **Nayabazar:** 9803238876, 4389699
AUTHORISED SERVICE CENTERS : Bouddha: 9808650065, **Jaditbatti:** 5149977, **Mitrapark:** 4114661, **Nayabazar:** 4389723

OUTSIDE BAGMATI DEALERS : Baglung: 9856030836, **Bhairahawa:** 523314, 9857030121, **Birgunj:** 051-522164, 9806801175, 9745013475, **Birtamode:** 9802678144, 541037, **Butwal:** 9847068678, 438233, **Dodeldhura:** 410400, 9851090432, **Damak:** 580255, 9852676327, **Damauli:** 9856036906, 056-562609, **Dang:** 9857830614, 563433, **Dhangadi:** 9858420415, 091-410078, **Hetauda:** 9841771664, **Itahari:** 586475, 9802679189, **Janakpur:** 9844055072, 041-521338, **Jitpur (Kapilvastu):** 550412, 9857061606, **Kawashoti:** 9808188966, **Lahan:** 033-561732, 9801500750, **Mahendranagar:** 9849103158, 099-523158, **Narayanghat:** 9855053356, 056-528969, **Nepalgunj:** 081-403036, 9802549880, **Pokhara:** 9856020169, 061-530028, 530107, **Surkhet:** 083-524786, 9858059300, **Waling:** 9856024795, 9856044128

cgmotocorp cg_motocorp

30 CITIES | 35 SALES OUTLET | 39 SERVICE CENTER

TOLL FREE NO. 9801571571

RECOMMENDED ENGINE OIL Gulf

www.suzuki.com.np

पीपीपीका आयोजना
पूर्वतयारी र लगानीकर्ताको खोजी

हाम्रो देशमा यतिका धेरै हिमाल छन् भन्छौं । विश्वका १० अग्ला हिमालमध्ये आठ नेपालमै छन् भन्छौं । बुद्ध जन्मेको देश हो भन्छौं । जलस्रोतको धनी देश भन्छौं । यी सब कुराले लगानीकर्तालाई आकर्षित गर्दैन । उनीहरू त कति पैसा लगानी गरेपछि कति प्रतिफल पाइन्छ भन्ने मात्रै हेर्छन् ।

राधेश पन्त

नयाँ संविधान जारी भएपछि नेपालमा अहिले दुई तिहाइ बहुमतको सरकार छ । तीन तहका सरकार छन् । त्यसको निम्ति पूर्वाधारको धेरै नै खाँचो छ । नेपालमा अहिले बाटोघाटो, सडक, पुल पुलेसा मात्र नभई कृषि, पर्यटन, होटल, एड्भेन्चरदेखि लिएर जलस्रोत जस्तैः जलविद्युत् र जल पर्यटनको विकास आदिमा सम्भाव्यता धेरै नै छ ।

कृषि, खानेपानी जुनसुकै क्षेत्रमा पनि सम्भावना छ । यस्ता विकास निर्माणका काम नेपाल सरकारले मात्रै गर्न सक्ने सम्भावना विविध कारणले गर्दा छैन । त्यत्ति ठूलो मात्रामा चाहिने पुँजी र प्राविधिक क्षमतामा पनि हामी कमजोर छौं । जस्तैः सुरूङ निर्माण गर्ने काम । यसको लागि यस्ता काम गरिसकेका बाह्य लगानीकर्तालाई हामीले नेपाल एउटा आकर्षक गन्तव्य हो भनेर देखाउन, चिनाउन सक्नुपर्छ ।

नेपाललाई चाहिएको लगानी र प्रविधि ल्याउने भनेको स्वदेश वा विदेशस्थित निजी क्षेत्रबाटै हो । सरकारको पनि सहभागिता रहने र निजी क्षेत्रको पनि प्रतिफल सुनिश्चित हुने सार्वजनिक-निजी क्षेत्रको सहकार्य (पब्लिक प्राइभेट पार्टनरसिप) को अवधारणावाट लगानी ल्याउनुपर्छ । बहुमत प्राप्त स्थिर सरकार भएको यो बेला यसको लागि राम्रो वातावरण सिजर्ना गर्ने अवसर हो ।

यस सिद्धान्तमा आधारित रहने कुनै पनि परियोजना साँच्चिकै सफल बनाउने हो भने प्रारम्भिक रूपमै राम्रो काम गर्नुपर्छ । कुनै पनि परियोजनाको लागि हामीले जोखिम लगायत कुराहरू स्पष्ट गर्ने काम पहिले नै टुंग्याउनुपर्छ । जस्तोः कुनै परियोजनामा नेपाल सरकारले के कसरी, के कति सहयोग गर्ने ? लगानीकर्ता निजी क्षेत्रले के के जोखिम लिने ? डिजाइन कस्तो बनाउँदा सरकार र निजी क्षेत्र दुवैले बढी लाभ पाउँछन् ? प्रभावित क्षेत्रका बासिन्दालाई के कस्ता सहयोग पुऱ्याउन जरूरी हुन्छ ? लगायत कुरामा दुवै पक्षले उत्तिकै ध्यान दिनुपर्छ । किनभने यस्ता आयोजना भनेको अन्त्यमा नेपाल सरकारकै हुने हो । निजी क्षेत्रले त २५-३० वर्षमात्र चलाउने हो । त्यसपछि चालू अवस्थामै सरकारलाई बुझाउनुपर्छ । जसलाई सरकारले बिनालगानी वा थोरै लगानी गरी पछि स्वामित्व लिएर थप ५०-६० वर्षसम्म चलाउन सक्छ ।

त्यसैले हामीले त के मात्रै आह्वान गर्ने हो भने, 'आऊ हामीसँग सहकार्य गर । यो आयोजना दुवै मिली बनाऊँ । तिमीहरू नाफा गर, केही प्रतिशत बाँडफाँड गरेर लैजाऊ र छाड्दा राम्रो अवस्थामा आयोजना हस्तान्तरण गरेर जाऊ ।'

त्यसको निम्ति हामीले अगाडिदेखिनै राम्रोसँग पूर्वाधार तयार गर्ने काम गर्नुपर्छ । राम्रो काम गर्न र राम्रो परिणाम निकाल्न आयोजनासँग सम्बन्धित सबै कुरा राम्रोसँग अध्ययन हुनुपर्छ । सम्झौताको भरमा मात्रै आयोजना अघि बढाइहाल्नु हुँदैन । राम्रो डिजाइन बनाउने, कम वातावरणीय प्रभाव कायम राख्ने, स्थानीय जनतालाई चित्तबुझ्दो प्रतिफल प्रदान हुने गरी अर्थात पुनर्स्थापनादेखि रोजगार ीसम्मको सुनिश्चितता गरेर आयोजना अघि बढाउने हो भने सार्वजनिक-निजी साझेदारीमा बन्ने कुनै पनि आयोजना असफल हुँदैनन् ।

आयोजनाबाट सरकारले के कस्तो

लाभ खोजेको हो भन्ने कुरा पनि स्पष्ट हुनुपर्छ । सरकारले कति रोजगारी सिर्जना गर्न खोजेको हो ? कति पुँजी परिचालन गर्न खोजेको हो ? त्यसबाट कस्तो सामाजिक आर्थिक परिवर्तन खोजेको हो ? यी सबै कुरा स्पष्ट हुनुपर्छ । किनभने लगानीको प्रतिफल मात्र हेर्ने होइन आर्थिक एवं सामाजिक रूपान्तरणका पक्ष पनि हेरिनु पर्दछ । एउटा आयोजनाले अन्य आयोजनालाई पनि प्रभाव पार्न सक्ने हुन्छ । जस्तैः कुनै जलविद्युत् आयोजनाको लागि राम्रो बाटो बनायो भने त्यसले कृषि, पर्यटन, उद्योग लगायत व्यवसायमा राम्रो प्रभाव पार्न सक्ने र स्थानीय वासिन्दालाई प्रत्यक्ष लाभ पुग्न सक्छ । जुम्लामा जडीबुटीदेखि लिएर चामल, सिमी, फापर, स्याउसम्म फल्छ । काठमाडौंमा यी कुनै पनि सामान सहजै पाउन मुस्किल छ । मुस्ताङमा फालाफाल स्याउ उत्पादन हुन्छ, काठमाडौंमा नेपालको उक्त स्याउनै पाइँदैन । मुस्ताङको स्याउ काठमाडौंसम्म ल्याउने बाटो छैन । भण्डारण गरेर राख्ने प्रविधि पनि छैन । सरकारले पूर्वाधार बनाउन नसकेकै कारण आफ्नै देशमा त मुस्ताङको स्याउ बेच्न सकेनौं भने निर्यात गर्ने कुरा त कल्पना पनि गर्न सक्दैनौं ।

यी सबै कुरामा सरकारले दीर्घकालीन दृष्टिकोणवाट विचार गर्नुपर्छ । कुनै पनि आयोजना सञ्चालन गर्दा निजी क्षेत्रसँग हातेमालो गर्नैपर्छ । यो निजी क्षेत्रको काम हो भन्ने होइन कि सरकारले उनीहरूसँग काँध मिलाएर अघि बढ्नुपर्छ । आयोजना सफल बनाउन निजी क्षेत्र र सरकारको बराबर भूमिका रहनुपर्ने कुरा आवश्यक सर्त हुन सक्छ । सरकारले निजी क्षेत्रको लागि वातावरण बनाइदिनुपर्छ । समयमै स्वीकृति दिनुपछ । वन, जग्गा प्राप्ति लगायत कुरामा सहजीकरण गरिदिनुपर्छ । कुनै पनि आयोजना एक दिनमात्रै ढिलो हुँदा लगानीकर्ताले ठूलो नोक्सान व्यहोर्नुपर्ने हुन्छ भने सरकारलाई पनि करोडौं रूपैयाँ नोक्सान हुन्छ । जस्तोः अरूण तेस्रो आयोजना बनेको खण्डमा नेपाल सरकारले एक दिनमा १०-१२ करोड रूपैयाँ राजस्व पाउँछ । यो आयोजना एक दिन ढिलो हुनु भनेको १०-१२ करोड रूपैयाँ गुम्नु हो । केही दिनमात्रै यस्ता आयोजना ढिलो हुँदा पनि धेरै अवसर गुम्छन् । सरकारले त्यो हिसाबले सहजीकरण गरिदिनुपर्छ ।

साझेदारी भनेको एउटा पद्धति पनि हो । हामीलाई संसारकै सबैभन्दा राम्रो कम्पनी ल्याउनु छ भने उसलाई प्रशस्त बजार छ भनेर देखाउन सक्नुपर्छ । राम्रो प्रतिफल दिने आयोजना (जलविद्युत्, सडक, होटल लगायत) हामीसँग छ, यो आयोजना बनाउँदा नेपाल सरकारले यी यी कुरामा सहयोग गर्छ, यस्तो सहुलियत दिन्छ, यति लगानी गरेपछि २५-३० वर्षसम्म वार्षिक १५-२० प्रतिशत नाफा सुरक्षित हुन्छ भन्ने कुरा लगानीकर्तालाई बुझाउन सक्नुपर्छ । विश्वस्त तुल्याउन सक्नुपर्छ ।

त्यसको लागि सरकारले विश्वका प्रसिद्ध सबै कम्पनीलाई लगानीको लागि आह्वान गर्नुपर्छ । राम्रा कम्पनीलाई सरकारले आफ्नै पहलमा बोलाएर पनि कुरा गर्न सक्नुपर्छ । सरकारले पहल गर्न नसकेमा यस्ता कम्पनीका प्रतिनिधिको माध्यमबाट विदेशी कम्पनी आउँछन् । स्थानीय प्रतिनिधि वा निर्णय तहमा रहेका नेतालाई चिनेको व्यक्तिको भरमा पनि आउँछन् । सरकारले पहल नगर्नाले विदेशी कम्पनी ल्याउँछु भनेर प्रतिनिधिको रूपमा इजाजत राखेर बस्ने काम पनि धेरै भएका छन् । उनीहरूले नेपाल सरकारलाई पनि आयोजना बनाउन दिँदैनन् र विदेशी कम्पनीलाई पनि ल्याउन सक्दैनन् । यसमा भने सतर्कता अपनाउनुपर्छ ।

सरकारले निजी क्षेत्रलाई आकर्षित गर्न जग राम्रो बसाइदिनुपर्छ । दरिलो जग बसाल्न सके आयोजना त्यसै राम्रो हुन्छ । एउटा आयोजना राम्रो भयो भने जनताले नै साझेदारीमा साथ दिन्छन् । अहिलेको अवस्था के छ भने कुनै पनि आयोजना राम्रो प्रतिक्रियामा गएकै छैनन् । आफ्नै स्वार्थको निम्ति सम्झौतामा हस्ताक्षर हुन्छ, सम्झौता कार्यान्वयन हुँदैन । राम्रो काम गर्ने कम्पनीले पनि सबै पक्षको साथ नपाउने हुँदा कामै गर्न सक्दैन । नेपाल सरकारले पनि अधुरो र अपुरो अध्ययनको आधारमा सम्झौता गरिदिएको हुन्छ । तसर्थ कुनकुन कम्पनीले के कस्ता काम गर्न सक्छन् भनेर पहिले नै निर्क्यौल गर्ने परिपाटी बसाल्नुपर्छ ।

नेपालमा लगानी आकर्षित गर्न भनेर एकद्वारको व्यवस्था गरिएको देखिन्छ । तैपनि काम गर्दै जाँदा धेरै द्वार भेटिन्छन् । सरकारले एकद्वार प्रणालीको मर्मअनुसार काम गरिदिनुपर्छ । संसारमा जहाँ पनि एकद्वार प्रणालीमा काम हुन्छ भने नेपालमा किन हुँदैन ? वित्तीय व्यवस्थापनमा पनि नेपाल सरकारले चासो राख्नुपर्छ । एक खर्बको लागत लाग्ने कुनै आयोजनामा लगानी जुटाउन सजिलो छैन । अन्तिममा लगानी जुटाउने भनेको बैंकमार्फत नै हो । ठूलाठूला आयोजनामा नेपाली बैंकले सबै जोखिम लिँदैनन् । एक करोड रूपैयाँ लगानी गर्न १० करोड रूपैयाँको धितो माग्छन् । आयोजना नै हेर्दैनन् । आयोजना असफल भई ऋण तिर्न नसकेको खण्डमा धितो बेच्यो भने २-३ करोड रूपैयाँ आइहाल्छ भन्ने धारणा छ । ठूलाठूला आयोजनामा त जग्गा धितो राखेर पुग्दैन । एक खर्ब रूपैयाँको जग्गा कस्ले राख्ने ? एक खर्बको जग्गा कोसँग हुन्छ र ? तसर्थ बह्य लगानी जुटाउनुपर्ने हुन्छ ।

स्रोत जुटाउने वा आर्थिक प्रबन्ध गर्ने प्रक्रिया दुई किसिमका हुन्छन् । नन-रिकोर्स फाइनान्सिङ र लिमिटेड रिकोर्स फाइनान्सिङ । ननरिकोर्स फाइनान्सिङमा आयोजना डुब्यो भने भोलि लगानीकर्तासँग कानुनी उपचारमा गएर पनि ऋण उठाउन सकिँदैन । ननरिकोर्स फाइनान्स गरिएको आयोजनाले यति पैसा कमाउँछ, यसरी कमाउँछ, यसरी ऋण तिर्छ र पछि गएर यसरी लाभांश वितरण गर्छ भन्ने हुन्छ । त्यो गराउन बैंकले ग्यारेन्टी माग्छन् । अन्तर र्राष्ट्रिय बैंक यहाँ आउँदा केही गरी यो आयोजना भएन, भोलि गएर यो आयोजना नेपाल सरकारले लिन्छ कि लिँदैन र पैसा तिर्छ, तिर्दैन भन्ने ग्यारेन्टी माग्छन् ।

भोलिका दिनमा गएर जुन लगानीकर्ता हो, उसले आयोजनाबाट हात झिक्यो भने वा काम गर्न छोड्यो भने त्यसपछि बैंकहरूले अर्कोलाई पनि मौका दिनुपर्छ भन्छन् । त्यस्तो बेलामा आयोजना बैंककै नियन्त्रणमा हुन्छ । यस्ता धेरै प्रावधान हुन्छन् । यो सजिलो छैन । तर अठोटका साथ गर्ने नै हो भने गाह्रो पनि छैन । त्यसैले अहिलेको अवस्थामा हामी दीर्घकालीन सोच राखी जग मजबुत बनाउनुपर्छ । त्यसपछि पक्कै पनि लगानीकर्ता आउँछन् ।

नेपालमा लगानीकर्ता संसारको कुनै कुनाबाट पनि आउन सक्छन् । जुनसुकै देशबाट आए पनि लगानी गरिसकेपछि राम्रो प्रतिफल प्राप्त होस् भन्ने चाहना हुन्छ । बिनाप्रतिफलको लगानी हुँदैन । लगानीकर्ताहरू कुनै पनि मुलुकमा गएर पहिला नाफा हेर्छन् । हाम्रो देशमा यतिका धेरै हिमाल छन् भन्छौं । विश्वका १० अग्ला हिमालमध्ये आठ नेपालमै छन् भन्छौं । बुद्ध जन्मेको देश हो भन्छौं । जलस्रोतको धनी देश भन्छौं । यी सब कुराले लगानीकर्तालाई आकर्षित गर्दैन । उनीहरू त कति पैसा लगानी गरेपछि कति प्रतिफल पाइन्छ भन्ने कुरा मात्रै हेर्छन् । त्यसको लागि हामीले वातावरण राम्रो बनाइदिनुपर्छ । राम्रो मात्रै हैन, अरू देशको तुलनामा धेरै राम्रो प्रतिफल

प्राप्त गर्ने वातावरण बनाइदिनुपर्छ । विश्वमा अहिले लगानी कर्ता भित्र्याउने प्रतिस्पर्धा नै छ । लगानीकर्ताले नेपाल मात्रै हेरेको हुँदैन । नेपालसँगै भारत, भुटान, बंगलादेश, म्यानमार, चीन सबैतिर हेरेको हुन्छ । जुन देशले लगानीकर्तालाई बढी विश्वास दिलाउन सक्छ, लगानीकर्ता उतै जान्छन् ।

जुन देशको विदेशी लगानी नीतिले लगानीकर्तालाई सहज महसुस गराउँछ, जहाँ बिना झै-झमेला काम गर्ने वातावरण भई कमाउन सकिन्छ भन्ने विश्वास हुन्छ लगानीकर्ता त्यहीँ जान्छ । ५० वर्षदेखि हामीले नेपाल सगरमाथाको देश भनेर प्रचार गऱ्यौं, बुद्ध जन्मेको देश भनेर प्रचार गऱ्यौं, अपार जलस्रोत रहेको देश भनेर प्रचार गरिरह्यौं तर लगानीकर्ता आएनन् । हामीसँग साझेदारिमा काम गरेका जापान, सिंगापुर, दक्षिण कोरिया लगायत देश कहाँबाट कहाँ पुगिसके, हामी किन पछाडि पऱ्यौं भन्ने कुरामा गम्भीरतापूर्वक सोच्नु जरूरी छ ।

अहिलेको अवस्थामा नेपाली जनता पनि धेरै नै उत्साहित छन् । यो अवस्थामा सरकारले रातारात विकास गर्छु भन्ने होइन । अनावश्यक रूपमा ठूलाठूला सपना बाँड्ने पनि होइन । सक्दै नसकिने कुरा गर्ने समय पनि होइन । लगानीका लागि एउटा राम्रो पद्धतिको जग बसालेर, सुरूआत गरिदिए पुग्छ । जनताहरू पनि केही समय कुर्न तयार छन् । त्यसो भयो भने मात्र नेपालमा लगानीकर्ता आउँछन् । अनि मात्र दिगो विकास गर्न सकिन्छ ।

विद्यमान अवस्थामा काम गरिरहेका लगानीकर्तालाई पनि सहज वातावरण बनाइदिनुपर्छ । सबबैलाई समान व्यवहार गर्नुपर्छ । अनावश्यक झै-झमेला राखिनु हुन्न । यस किसिमका गतिविधि बन्द गर्नुपर्छ ।

सरकारी निकायबीच नै सहकार्य र समन्वय पूर्ण रूपमा स्थापित गराउन सकिएको पाइन्न । वन, जग्गा लगायत स्वीकृति सरकारबाटै लिनुपर्छ । उद्योग विभाग, लगानी बोर्ड, सम्बन्धित मन्त्रालय लगायत निकायबीच समन्वय र सहकार्यको अभाव खट्किएको छ । नगरपालिका र प्रदेशले पनि लगानी बोर्ड राख्न खोजिरहेका छन् । तर सहजीकरण कसैले गरिदिँदैन । एउटा कामको स्वीकृति लिन यति धेरै मन्त्रालय धाउनुपर्छ कि लगानीकर्ता धाउँदा धाउँदै थाकिसक्छ, अनि निराश भएर फर्कन्छ ।

लगानी ल्याउनु छ भने हाल देखिएका कमजोरी सुधार्नु आवश्यक हुन्छ । कलम नचलाएर अथवा के काम गर्दा आफू कारवाहीबाछ बचिन्छ भनेर होइन कि, जे जे गर्दा लगानी आउँछ त्यो परिवर्तन गर्ने भन्ने आँट निर्णय तहले गर्न सक्नुपर्छ । बाहिरको लगानीकर्तालाई 'तपाईंले भनेको एकदम ठीक हो तर हाम्रो कानुनले दिँदैन म के गरूँ ?' भनेर जवाफ दिनु राम्रो हुँदैन । अहिलेको अवस्थामा त्यसो भनेर हामीलाई जनताले माफ गर्दैनन् । हाम्रो कानुनले दिँदैन वा ठीक छैन भने कानुन सच्याउनुपर्छ । उनीहरूको समय बर्बाद गर्नु हुन्न । बरू हाम्रो कानुन यस्तो यस्तो हो तपाईंलाई आकर्षक बनाउन के के कुरामा परिवर्तन आवश्यक छ भनेर लगानीकर्ता वा निजी क्षेत्रसँग सोध्न सकियो भने झनै राम्रो हुन्छ ।

देशमा भएको ठूलो परिवर्तनपछि पनि हाम्रो काम गर्ने तौर-तरिका पुरानै छ । समाजमा पुरानै दृष्टिकोण छ । निजी क्षेत्रलाई होच्याउने बानी छ । पुरानो सोच भएको मालिकको जस्तो व्यवहार गर्छौं । लगानीकर्तालाई अनावश्यक दुःख दिने बानी छ । विकास गर्ने हो भने यी सबै कुरा त्याग्नुपर्छ ।

निजी क्षेत्रलाई आकर्षित गर्न टिप्पणी उठाएर काम गर्ने प्रवृत्तिको पनि अन्त्य गर्नुपर्छ । यो परिवर्तन गराउने जिम्मा मन्त्री, प्रधानमन्त्रीकै हो । उहाँहरूले कर्मचारीले कामै गरेन माफ गरिदेऊ भनेर जनतासँग भन्न पाउनुहुन्न । देशलाई कता लैजाने भन्ने कुरा उहाँहरूकै सोच र हातमा हुन्छ । कुन गतिमा हिँड्ने, कति बेला रोक्ने सबै कुरा उहाँहरूकै हातमा हुन्छ । आम नागरिकले उहाँहरूको अनुशरण गर्ने हो ।

सार्वजनिक-निजी साझेदारीमा बन्ने आयोजनाको तयारी गर्न एउटा महत्त्वपूर्ण कुरा के पनि हो भने यसरी बन्ने आयोजनाको सामाजिक फाइदाबारे समुदायका विभिन्न मानिससँग निरन्तर संवाद र छलफल गर्नुपर्छ । जहाँ आयोजना बन्ने क्रम सुरू हुन्छ, त्यँहाका बासिन्दा सबैलाई स्पष्ट रूपमा बुझाउनुपर्छ । संसारमै ठूला ठूला आयोजना बनाउँदा सथानीयको जीवनस्तरमा उन्नति हुनुपर्छ भन्ने अवधारणा छ । आयोजना बनेपछि स्थानीयलाई यो कुरामा फाइदा हुन्छ भनेर विश्वासमा लिनुपर्छ । सेयर दिने, घर भत्कियो भने त्यो भन्दा राम्रो बनाइदिने, बाली-बिरूवा सबैको एकएक हिसाब गरेर क्षतिपूर्ति दिएर उनीहरूको विश्वास जित्नुपर्छ ।

आयोजनाको मुख्य धनी नै त्यहाँका स्थानीय बासिन्दा हुन्छन् । स्थानीयको सहयोगबिना सानो-ठूलो कुनै पनि आयोजना सफल हुन सक्दैन भन्नेमा सरकारले ध्यान दिनुपर्छ । तर आजका दिनसम्म त्यो संयन्त्र भरपर्दो बन्न सकेको छैन । उदाहरणका लागि, लगानी बोर्डका आयोजनामा अहिले बोर्डले नै सहजीकरण गरिरहेको छ । बोर्डका प्रत्येक व्यक्ति आफैं स्थानीयसँग छलफलमा गइरहेका हुन्छन्, कुरा बुझाइरहेका हुन्छन् । यस्ता कार्यमा सरकारका अन्य निकायले पनि सहजीकरण टोली खटाउनुपर्छ ।

सिधासाधा स्थानीयलाई राजनीतिक रूपमा पनि घुमाइएको हुन्छ । अरूण तेस्रोकै कुरा गर्दा पनि त्यहाँको बिजुली नेपालले पाउँदैन रे, आयोजनाको काम थालेपछि गाई वस्तुको चरन मासिन्छ, धान खेतमा पानी हुँदैन जस्ता कुरा गरेर जनतालाई भ्रममा राखिएको थियो । यस्ता गलत प्रचारमा सरकारी संयन्त्र नै अघि सरेर यही सूचना प्रवाह गर्नुपर्ने हुन्छ र गरेको पनि छ ।

साझेदारीको अवधारणा संसारमै अनुशरण गर्ने एक पद्धति हो । यो पद्धति अनुशरण गरे देश नै सफल हुन्छ । तसर्थ निजी क्षेत्रलाई बोलाउने कारण पैसा मात्रै होइन । उनीहरूले क्षमता पनि विकास गर्छन् । हामीसँग ठूलाठूला आयोजना बनाउन प्राविधिक क्षमताको पनि अभाव छ । यस्ता सहकार्यबाट देशले सिक्ने मौका पाउँछ ।

नेपालको संघ, प्रदेश, स्थानीय सबै तहका सरकारलाई विकास गर्नुपरेको छ । जनताको जीवनस्तरमा सुधार गर्नु छ । तर कसैसँग पनि आवश्यक पर्ने आर्थिक, प्राविधिक क्षमता छैन । साना-ठूला आयोजना सञ्चालन गर्न सके बाहिरबाट प्रविधि र पैसा आउँछ, त्यसले नेपालमा रोजगारी सिर्जना गर्छ, लगानी स्वदेशमा परिचालन हुन्छ र देशको समग्र अर्थतन्त्र उकासिन्छ ।

मलेसिया, कोरिया, सिंगापुर, जापान, ताइवान यी सबै देश १९६० र ७० को दशकसम्म विकसित थिएनन् । यी देशले पनि बाहिरबाट लगानी ल्याएरै विकास विकास गरी धनी भएका हुन् । अहिले त उनीहरूले शतप्रतिशत नागरिकलाई रोजगारी दिएर पनि बाहिरबाट कामदार लिइरहेका छन् । यिनीहरूको आर्थिक विकासको अवस्था हेर्ने हो भने उदीयमान अर्थव्यवस्था भएको हाम्रो जस्तो मुलुकमा पनि आर्थिक विकास अवश्य हुन्छ भन्ने शिक्षा लिन सकिन्छ ।

विकास निर्माणको हिसाबले अहिले हाम्रो क्षमता निकै कमजोर छ । एउटा पुल बनाउनै २-४ वर्ष लाग्छ । तर विश्वमा

यस्ता प्रविधि आइसकेका छन् कि पानीमुनि पनि १० किलोमिटरसम्म सुरूङ निर्माण गरिसकेका छन् । हाम्रो अहिलेको आवश्यकता भनेको प्रविधि भित्र्याउने र पूर्वाधार बनाउने हो । १५-२० वर्षपछि त हामी पनि सम्पन्न हुन्छौं । त्यसपछि बाहिरबाट अनावश्यक लगानी ल्याउनै पर्दैन ।

एक निश्चित अवधिपछि ३०-४० हजार मेगावाट विद्युत् उत्पादन होला । १० लाख हैन, १० करोड पर्यटक आउलान् । प्रकृतिले बरदान दिएको हाम्रो नेपालमा बुद्ध जन्मस्थल, पशुपतिनाथदेखि लिएर मुक्तिनाथसम्मका धार्मिक स्थल पनि छन् । विश्वका १० मध्ये आठ अग्ला हिमाल नेपालमै छन् ।

हामीले आर्थिक वृद्धि धेरै भएका विशाल छिमेकीलाई बजार बनाउन सक्नुपर्छ । पर्यटक भित्र्याउन पनि टाढा जानु पर्दैन । भारत र चीनबाट कुल जनसंख्याको १-१ प्रतिशत मात्रै पर्यटक ल्याउन सके ३-४ करोड हुन्छ ।

एउटा जलविद्युत् आयोजना बनायो भने बनाउने कम्पनीले २५ देखि ३० वर्षमात्रै चलाउँछ । सय वर्षसम्म आयु हुने त्यस्ता आयोजना त्यसपछि त सरकारले एक रूपैयाँ खर्च नगरी चलाउन पाउँछ । त्यसबाहेक २५ वर्षकै अवधिमा पनि राज्यलाई निःशुल्क बेयर, निःशुल्क बिजुली, राजस्व लागयतका कुरामा ठूलो लाभ मिलिरहेको हुन्छ । त्योभन्दा बढी कति माग्ने ? मागिरह्यो भने त निजी क्षेत्र आउँदै आउँदैन ।

नेपाल गरिब देश हो, सहयोग मागिरहेको छ, हामीले सहयोग गर्नुपर्छ, भन्ने भावना लगानीकर्तामा हुँदैन । उनीहरू त पैसा ल्याएर नाफा लैजान आउने हुन् । त्यसैले अहिले ठूलो अवसर छ । स्थिर र बलियो सरकार छ । अहिले बलियो जग बसाल्ने बेला हो । बरू एक वा दुई वर्ष समय लाग्ला । त्यो महत्त्वपूर्ण होइन । राम्रो सुरूआत हुँदैछ भन्यो भने जनताले जति समय पनि धैर्य गर्छन् । जनतालाई पनि थाहा छ- विकास त्यत्ति सजिलो छैन । हामी ५० वर्षदेखि ८५ हजार मेगावाट भनिरहेका छौं । अहिलेसम्म १५ सय मेगावाट पनि उत्पादन गर्न सकेका छैनौं । आखिर किन त ? भन्ने कुरा सबैमा छर्लंग छ ।

एक-दुइटा आयोजना राम्रोसँग बनाऊँ, जसबाट लगानीकर्ताले पनि बढीभन्दा बढी फाइदा लिन सकून् र नेपाल सरकारले पनि बढीभन्दा बढी फाइदा लिन सकोस् । त्यसपछि अरू आयोजना धमाधम आउँछन् । एउटा राम्रो आयोजनाले १० वटा अरू आयोजना सफल बनाउन सहयोग गर्छ । तर पहिलो २-३ वटा आयोजना सफल बनाउन सकेनौं भने चाहिँ हामी फेरि २-३ दशक पछाडि पर्छौं ।

अपर त्रिशूलीमा अहिले विश्व बैंक समूहको नेतृत्वमा धेरै अन्तर्राष्ट्रिय वित्तीय संस्थाले लगानी गर्ने सम्झौता गरेका छन् । यो आयोजना सफल भए लगानीकर्ताको विश्वास बढ्ने पक्का छ । तर यो आयोजना अहिले सञ्चालनमा आइसक्नुपर्थ्यो । तर भोलिका दिनमा यस्ता आयोजनालाई सरकारले नै सुरक्षा दिनुपर्छ । लगानीकर्तालाई सहजीकरण गर्नुको सट्टा भड्काउने वातावरण सिर्जना गरिनु हुन्न । यसलाई नमूना आयोजनाको रूपमा अघि बढाउन सबै खाले सहयोग गर्ने तत्परता देखाउनु सरकारको जिम्मेवारी हुन्छ । यसलाई नमूना बनाउन सके विश्व बैंक समूहबाट अरू १० वटा आयोजनामा लगानी आउँछ । अन्य दर्जनौं राम्रा कम्पनी पनि आउँछन् । धेरैले नेपाललाई हेरिरहेका हुन्छन् । नेपालमा अवसर छ भन्ने संसारलाई थाहा छ । अवसर सदुपयोग गर्न सरकारले चालेका कदमको महत्त्वपूर्ण भूमिका हुन्छ ।

साझेदारीका आयोजनामा सरकारले समयमै स्वीकृति दिने, एकद्वार प्रणालीबाट सेवा दिने लगायत काम गर्नुपर्छ । आयोजनाको सुरक्षाको जिम्मा सरकारले लिनुपर्छ । आयोजना सुरू भइसकेपछि त्यसलाई असर गर्ने गरी नयाँ कानुन ल्याइनु हुन्न । निजी क्षेत्रले वित्तीय जोखिम, भौगोलिक जोखिम बाटोघाटो, बाढी-पहिरोको जोखिम लिनुपर्छ र कानुनी जोखिमहरू पनि निजी क्षेत्रले लिनुपर्छ ।

सरकारले दिन सक्ने सेवा सुविधा एवं सहुलियतका विषय तथा जग्गा प्राप्ति, वन क्षेत्रको प्रयोग लगायत कुरामा सरकार र निजी क्षेत्र दुवैले मिलेर काम गर्नुपर्छ । सम्झौता गर्दा नै कसले, के कस्ता र कति जोखिम लिने भन्ने कुरा टुंग्याइनुपर्छ । अहिलेको अवस्थामा भएका सम्झौतामा यी कुरा उल्लेख नगर्नाले वा लेख्न छुट्नाले सबै जोखिम सरकारकै टाउकोमा गएको जस्तो देखिन्छ ।

स्थानीयलाई आयोजनामा प्रत्यक्ष रूपमै सहभागी गराउनुपर्छ । नबुझेर मात्र हो बुझेपछि कसैले पनि आयोजना बन्न हुँदैन भनेर भन्दैन । यो बुझाउने जिम्मा नागरिक समाज, सरकारी संयन्त्र र निजी क्षेत्र सबैको हो ।

सारमा भन्नु पर्दा सार्वजनिक निजी साझेदारी हाम्रो जस्तो देशका लागि अपरिहार्य छ । विश्वका गतिविधि र विकासले पनि पुष्टि गरेको छ । स्थिर सरकार, तीन तहबाट हुने सरकारी काम कारवाही र संविधानले निर्दिष्ट गरेका जनताका मौलिक हक, अधिकार समेतको दृष्टिकोणले हेर्दा विकास निर्माणको गतिलाई तीव्र बनाउन जरूरी छ । हामीसँग भएको स्रोत, साधन, सीप र प्रविधिले मात्र जनताका सबै आकांक्षा परिपूर्ति गर्न सम्भव नहुने हुँदा स्वदेशी तथा विदेशी लगानीकर्ताको मन जिती विश्वासमा लिन सके देशले जनताको जीवनस्तर उठाउन सक्छ । सरकारी स्तरबाट पनि तुलनात्मक रूपमा नेपालको लगानी अन्य देशभन्दा बढी सुरक्षित र प्रतिफलमुखी छ, स्थिर छ भन्ने कुरा विश्वका सबै देशमा पुऱ्याउनुपर्छ । सार्वजनिक निजी साझेदारीको माध्यमबाट समृद्ध नेपाल बनाउन सकिन्छ ।

नेपाल गरिब देश हो, सहयोग मागिरहेको छ, हामीले सहयोग गर्नुपर्छ, भन्ने भावना लगानीकर्तामा हुँदैन । उनीहरु त पैसा ल्याएर नाफा लैजान आउने हुन् । त्यसैले अहिले ठूलो अवसर छ । स्थिर र बलियो सरकार छ ।

हामीले त आफ्नो भविष्य सुनिश्चित पाऱ्यौं
तपाईले नि?

मेगा माया बचत खाता
(Family First)

नियमित बचतसँगै परिवारको स्वास्थ्य र सुरक्षाको अनुभूति पनि यसैमा छ

विशेषताहरु:

खातावाल तथा श्रीमान्/श्रीमती लगायत २ जना सन्तानका लागि

एक परिवारको लागि अधिकतम
रु. १ करोड ५० लाखसम्मको बीमा सुरक्षण योजना

वाणिज्य बैंकहरुले प्रदान गर्दै आएको
बीमा सुरक्षण रकम मध्ये हालसम्मकै सर्वाधिक रकम

१८ घातक रोगको बीमा, दुर्घटना बीमा, स्वास्थ बीमा (अस्पताल भर्नाको लागि) साथै औषधी उपचार खर्चको व्यवस्था पनि गरिएको छ

३ फरक योजनाहरु मध्ये आफूलाई उपयुक्त योजना छनौट गर्न सकिने

*शर्तहरु लागू हुनेछन् ।

विश्वास जित्दै... अघि बढ्दै...

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

मेगा बैंक नेपाल लिमिटेड, राइजिङ मल, कमलादी, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. २६५५९, फोन: ९७७-१-४१६९२५०, फ्याक्स: ९७७-१-४१६९२६०

Kedia
ORGANISATION
PASSION BRINGS PROGRESS

गुणस्तर र मजबुतीमा उत्कृष्ट एक्सपर्टहरुको विश्वसनीय रोजाइ

वृज सिमेन्ट अब नयाँ रूपमा

वृज
सिमेन्ट

EXPERT'S CHOICE

PPC | OPC | PSC

Like us on Brij Cement Industries (P) Ltd.
www.brijcement.com

वृज सिमेन्ट इण्डष्ट्रिज प्रा. लि.

ISO 9001:2015

लगानी प्रोत्साहन
कहाँ चुक्यौं हामी ?

नेपालमा निजी क्षेत्रलाई प्रोत्साहित गर्न सामाजिक, शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युतीकरण, सिँचाइ, गरिबी निवारण लगायत क्षेत्रमा सरकारको लगानी बढाउनु आवश्यक हुन्छ । उत्पादनशील क्षेत्रमा निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्छ ।

डा रामशरण महत

देशको विकास, उन्नति र समृद्धिको लागि आर्थिक वृद्धि हुन जरूरी छ । आर्थिक वृद्धि नभई देश न समृद्धिको बाटोमा जान सक्छ, न सामाजिक न्याय दिने वा तल्लो वर्गको जीवनस्तर उकास्ने काम गर्न सकिन्छ । त्यसकारण आर्थिक वृद्धि आवश्यक छ । आर्थिक वृद्धिको लागि लगानी वृद्धि आवश्यक पर्छ । लगानी वृद्धिमा सरकारी लगानी पनि हुन्छ । निजी क्षेत्रको लगानी पनि हुन्छ ।

सरकारको लगानी सामाजिक क्षेत्रमा, पूर्वाधार विकासको क्षेत्रमा हुन्छ । उत्पादनशील क्षेत्रमा निजी क्षेत्रलाई नै प्रोत्साहित गरिनु पर्छ । विगतमा त्यही नै गरिएको हो । सरकार आफैंले प्रत्यक्ष रूपमा व्यापार गर्ने, उद्योग चलाउने गर्दा कहीँ पनि सफल हुन सकेको छैन । त्यस्ता उद्योग घाटामा जान्छन् ।

खासगरी उत्पादनशील क्षेत्रमा बढीभन्दा बढी लगानी प्रोत्साहित गर्नुपर्छ । नेपालमा निजी क्षेत्रलाई प्रोत्साहित गर्न सामाजिक क्षेत्र, शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युतीकरण, सिँचाइ, गरिबी निवारण लगायत क्षेत्रमा सरकारको लगानी बढाउनु आवश्यक हुन्छ । उत्पादनशील क्षेत्रमा निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्छ भनेरै २०४८ सालमा धेरै उदार नीति ल्याइएको हो ।

यी क्षेत्रमा निजी लगानी आकर्षित गर्न नयाँ नीति, नयाँ कानुन ल्याउनुपर्छ, जसले गर्दा निजी मात्रै नभई सहकारी क्षेत्र, गैरसरकारी क्षेत्रले पनि विस्तार हुने मौका पाउँछ । विदेशी पुँजीलाई पनि प्रोत्साहन गर्ने नीति ल्याइएपछि १९९० को दशकमा धेरै लगानी निजी क्षेत्रको तर्फबाट वृद्धि भयो ।

१९५१ सालमा हुनुपर्छ, एक वर्षमा ८९ हजार रोजगारीका अवसर सिर्जना भएको थियो । पछि राजनीतिक अस्थिरता भयो । बारम्बार सरकार बदलिन थाले, माओवादी द्वन्द्व भयो । यसले गर्दा लगानीको वातवारण बिग्रँदै गयो । तर सरकारको राजस्व भने बढ्न थाल्यो । निजी क्षेत्र धेरै विकसित भएकोले उनीहरूले कर तिर्न थाले । करबाट आउने राजस्व वृद्धि हुन थाल्यो । राजस्वसम्बन्धी नयाँ नीति अवलम्बन गरिए । कर प्रणालीमा सुधार गर्दा सरकारको ढुकुटी धेरै वृद्धि भयो । ढुकुटी वृद्धि हुँदा पूर्वाधारहरु विकास हुन थाले, खासगरी सामाजिक क्षेत्र र ग्रामीण विकासमा सरकारी लगानी बढिरहेको छ । निजी क्षेत्रको लगानी त्यसपछि ठूलो मात्रामा वृद्धि हुन सकेन । यसमा पनि उत्पादनशील क्षेत्रमा बढ्न नसकेको देखिन्छ ।

शिक्षाको क्षेत्रमा, स्वास्थ्यको क्षेत्रमा लगानी बढेको बढ्यै छ । दूरसञ्चार क्षेत्रमा नयाँ लगानी बढ्यो, हवाई क्षेत्रमा बढ्यो, जलविद्युत् क्षेत्रमा बढ्यो । तर उत्पादनशील क्षेत्रमा अपेक्षित बढ्न सकेन ।

शान्ति प्रक्रिया सुरू भएपछि अलिकति बढ्न थाल्यो । तर १९९० को दशकमा जसरी औद्योगिक क्षेत्रमा लगानी वृद्धि भएको थियो, त्यही रूपमा कहिले पनि वृद्धि हुन सकेन । कुल गार्हस्थ उत्पादनमा १० प्रतिशतसम्म औद्योगिक क्षेत्रको योगदान पुगेको थियो । अहिले घटेर ६ प्रतिशतभन्दा बढी हुन सकेको छैन । खासगरी फ्याक्ट्रीहरूको योगदान हेर्दा यस्तो देखिन्छ । हुन त अहिले उद्योगको योगदान गणना गर्दा जलस्रोतलाई पनि उद्योगमा ल्याइन्छ, निर्माणलाई पनि उद्योगमा ल्याइन्छ । मैले औद्योगिक क्षेत्र भनेको उत्पादनमूलक उत्पादन र प्रशोधन

प्रतिबद्धतालाई यथार्थमा परिणत गर्ने सिलसिलामा देशको व्यवहार कस्तो छ ? आचरण कस्तो छ ? पूर्वाधार कस्तो छ ? सबै हेर्न थालिएको छ । पूर्वधार कमजोर, भ्रष्टाचार र चुहावट बढी तीन तहको सरकारको अधिकारको विषयको विवाद जस्ता पक्षले गर्दा अप्ठेरो परेको देख्न सकिन्छ ।

गर्ने क्षेत्रमात्रै हो । कुल गार्हस्थ उत्पादनमा उनीहरूको योगदा ५-६ प्रतिशतभन्दा बढी छैन । जति लगानी वृद्धि हुनुपर्थ्यो अहिले त्यति भइरहेको छैन ।

नियन्त्रित अर्थप्रणालीबाट १९९० को दशकमा खुला अर्थनीति अबलम्बन गरियो । यसमा सरकारको पूर्ण प्रतिबद्धता देखियो । त्यस बखत सरकारी संयन्त्रमा उचित व्यक्तिहरु नियुक्त भएका थिए । जसले गर्दा व्यवहारमा पनि लगानीमैत्री वातावरण सिर्जना भयो । सेयर बजार बढ्यो, बैंकहरु नयाँनयाँ खुले । लगानीमैत्री वातावरण प्रशासनमा थियो, व्यवहारमा पनि थियो । अहिले लगानीमैत्री वातावरण व्यवहारमा देखिएको छैन । यद्यपि सरकार भने स्थिर छ । अहिले पाँच वर्षको लगि म्यान्डेट पाएको सरकार छ । सरकारले पनि कुरा भने लगानीमैत्री नै गरिरहेको हुन्छ । विदेशी लगानीलाई प्रोत्साहन गर्ने भनेर अन्तर र्राष्ट्रिय सम्मेलन पनि गरेको छ । भाषण पनि त्यस्तै सुनिएको छ ।

नेपालमा लगानी बढ्नु राष्ट्रिय स्वार्थको कुरा हो । राष्ट्र हितको लागि देशमा लगानी वृद्धि गर्न हामी सबैले बोल्नुपर्छ, भन्नु पर्छ । अर्को दलको सरकार हुँदा पनि मैले गएर लगानी आकर्षित गर्ने हिसाबले बोलें । लगानी गर्नको लागि नेपालका यस्ता-यस्ता क्षेत्रमा तुलनात्मक लाभ छ भन्ने जानकारी गराएँ । सम्मेलनमा सहभागी विदेशी उद्यमी, व्यवसायीलाई लगानी गर्न आउनुस् भनें ।

यसभन्दा अगाडिको लगानी सम्मेलनमा पनि प्रमुख वक्ता (कि-नोट स्पिकर)को रूपमा मैले विदेशी लगानीकर्तालाई आकर्षित गर्न नेपालमा विद्यमान तुलनात्मक लाभ देखाएको थिएँ । धेरै प्रतिबद्धता आए पनि त्यो व्यवहारमा परिणत हुन सकेन । अहिले पनि प्रतिबद्धता त धेरै आयो तर, व्यवहारमा आइसकेको अवस्था छैन ।

यथार्थमा परिणत गर्ने सिलसिलामा देशको व्यवहार कस्तो छ ? आचरण कस्तो छ ? पूर्वाधार कस्तो छ ? सबै हेर्न थालिएको छ । पूर्वधार कमजोर, भ्रष्टाचार र चुहावट बढी तीन तहको सरकारको अधिकारको विषयको विवाद जस्ता पक्षले गर्दा अप्ठेरो परेको देख्न सकिन्छ । मूल कुरा आचरण, व्यवहार कस्तो छ भन्ने हो । लगानीमैत्री वातावरण, लगानी प्रोत्साहन गर्ने आचरण-व्यवहार छ कि छैन ? प्रशासनिक संयन्त्र लगानीमैत्री छ कि छैन ? त्यो हेर्नुपर्ने हो । अहिले यसको अभाव देखिन्छ ।

अहिले जति पनि उद्योगी, व्यवसायीलाई सोधियो भने उनीहरू आतंकित भएको महसुस हुन्छ । कानुन अनुसारको कारवाही सबैले भोग्नै परेको छ । तर यहाँ मन्त्रीहरूबाटै आउने 'तँलाई थुन्दिन्छु' जस्ता धम्कीले निरूत्साहित गरेको देखिन्छ । अहिले नेपालको औद्योगिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका र समाजमा छुट्टै पहिचान बनाएका रूप ज्योति पत्राउ प्रकरणले समाज नै आश्चर्यमा परेको स्थिति छ । अर्कोतर्फ भ्रष्टाचार घट्न सकेको छैन । हरेक काम गर्दा पैसा माग्ने, तर्साउने काम भएको सुनिन्छ । अनावश्यक किसिमका अप्ठेरो सिर्जना गरेको पनि देखिन्छ ।

यसका केही उदाहरण पनि छन् । विद्युत् प्राधिकरणको डेडिकेटेड ट्रंक लाइनको विषय यस्तै हो । जुन समयमा लोडसेडिङ बढी थियो, त्यो बेला डेडिकेटेड फिडर लाइनबाट सम्झौता गरेर बिजुली लिँदा त्यसको भाउ ४०-५० प्रतिशत बढ्थ्यो । लोडसेडिङ समाप्त भइसकेपछि स्वाभाविक ढंगबाट पाइहाल्छौं, त्यसकारण डेडिकेटेड फिडर लाइनलाई थप तिर्न पर्दैन भनेर व्यवसायीले सम्झौता गर्न छोडे । विद्युत् प्राधिकरणले पनि बढी पैसा मागेको थिएन ।

अहिले आएर एकैचोटि प्राधिकरणले अर्बौं रकम माग्यो भनेर हार-गुहार गरेको अवस्था छ । यसप्रकारका कतिपय गतिविधिले निजी क्षेत्रलाई निरूत्साहित गरेको छ ।

हामीले जलस्रोतमा निजी क्षेत्रको लगानी खुला गरेपछि धेरैजसो यही क्षेत्रमा गयो । अहिले अधिकांश जलस्रोतमा लगानी गर्ने साना व्यवसायी छन् । ती सबै आतंकित भएका छन् । उनीहरूको सेयरको भ्यालु अहिले सय रूपैयाँभन्दा पनि तल गएको छ । सबै घाटामा गएको छ । उनीहरूले बैंकको ऋण तिर्न सक्ने अवस्था छैन ।

गिर्दो सेयर बजारले पनि लगानीको वातावरण बिगार्छ । खास गरेर जलस्रोत क्षेत्रका साना लगानीकर्ता एकदमै दुःखी छन् । उनीहरूको कुरा सुनिनुपर्ने हो । र अर्को कुरा विधिको शासन लागू गर्नुपर्छ ।

मेरै अर्थमन्त्री कालमा सरकारले नीति बनाएको थियो- प्रत्येक मेगावाट उत्पादनलाई ५० लाख रूपैयाँ बराबर भ्याट फिर्ता दिने । उनीहरूले भ्याट तिरिरहेका हुन्छन्, बिजुलीमा त भ्याट लाग्दैन । त्यसलाई सरकारले फिर्ता दिनुपर्छ भनेर प्रतिमेगावाट ५० लाख फिर्ता दिने भनेर निर्णय गरिएको थियो ।

सुरूमा अलिअलि गए पनि अहिले

कसैले पाएका छैनन् । त्यसैगरी, विद्युत् उत्पादन भएको छ, सरकारले बनाउनुपर्ने प्रसारण लाइन समयमा निर्माण भएको छैन । सम्झौता अनुसार उसले बिजुली दिन सकेन, उत्पादनअनुसार ग्रिडमा जोड्न सकेन भने कनेक्सन नभएबापत क्षतिपूर्ति बुझाउनुपर्ने हुन्छ । कतिपय ठाउँमा नदीमा पानीको मात्रा कम भयो र पानी कम भएकै कारण भनेको जति विद्युत् उत्पादन भएन भने बिजुली उत्पादन सम्झौताअनुसार क्षतिपूर्ति दिनुपर्छ, यी कुराले लगानीकर्तालाई निरूत्साहित गरेको देखिन्छ ।

वैदेशिक लगानीमा पनि केही अवरोध देखिन्छन् । पूर्वाधारमा जति जोड दिनुपर्ने हो, त्यो भइरहेको छैन । सरकारी खर्च र राजस्व बढिरहेको छ । राजस्व बढेर मात्रै सरकारी खर्च बढेको होइन, अहिले तीन तहका सरकार छन् । अनुत्पादक क्षेत्रमा सरकारी खर्च बढेको छ । फजुल खर्च पनि बढेको स्थिति देखिन्छ । लगानीतर्फ सरकारी खर्च त्यत्ति बढेको देखिँदैन । विनियोजन बढे पनि व्यवहारमा लागू भएको छैन । व्यवहारमा खर्च भए पनि प्रतिफल कम देखिएको छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सार्वजनिक गरेको रिपोर्टअनुसार १६-१७ सय निर्माण उद्योग लथालिंग छन्, जसले गर्दा सरकारको ११८ अर्ब खतरामा परेको छ । समय कुनै पनि योजना सम्पन्न भएका छैनन् । न गुणस्तरीय ढंगले काम सम्पन्न हुन्छ । लागत पनि वृद्धि भएको छ, समयमा सम्पन्न पनि भएको छैन । राजधानी जस्तो ठाउँको सडक स्थिति बेहाल देखिन्छ । वैदेशकि लगानी कम आउनुको एउटा कारण गुणस्तरीय पूर्वाधारका योजना समयमा सम्पन्न नहुनु पनि हो । कतिपय आएका लगानी आतंकित भई फर्केका छन् ।

मुख्य कुरा सरकारको आचरण, व्यवहार, दक्ष प्रशासन संयन्त्र हुनु पर्थ्यो, त्यसमा दक्षता देखिँदैन । त्यहाँ पनि अस्थिरता देखिन्छ । पाँच वर्षको लागि सरकार त बनेको छ तर मन्त्रालयका सचिव, विभागीय प्रमुख, आयोजना प्रमुख, ३-३ वा ६-६ महिनामा बदलिइरहेका छन् । सही ठाउँमा सही मान्छे पनि छैन । यसले पनि निरूत्साहित गरिरहेको छ । अर्को कुरा उत्पादकत्व कम छ । दक्षिण एसियामा सबैभन्दा कम फ्याक्टर प्रोडक्टिभिटी नेपालको छ । यहाँ राजनीतिक अस्थिरता अत्यधिक बढी छ । यसले गर्दा नेपालको प्रोडक्टीभिटी कम देखिएको छ ।

लगानी विस्तारको लागि सुशासन अनिवार्य हुन्छ । सरकारको क्षमता अभिवृद्धि गर्नुपर्छ । प्रशासनिक क्षमता अभिवृद्धि गर्नुपर्छ । आचरणमा सुधार ल्याउनुपर्छ । लगानी गर्न भनेर कोही आयो भने मलाई व्यक्तिगत फाइदा के हुन्छ भन्नेतिर लाग्नु भएन, भ्रष्टाचार हुनु भएन । लगानी र व्यवसायमैत्री नीति र प्रशासनिक वातावरण हुनुपर्‍यो ।

डुइङ बिजनेस प्रतिवेदनमा १६ स्थान सुधार भएको प्रतिवेदन आएको छ । सुधार हुनु राम्रो पक्ष हो । तर, दबाब दिएर सुधार्न लगाइएको भन्ने आशंका पनि गरिएको छ । गत वर्ष प्रतिवेदन आउँदा असन्तुष्टि जनाइएको थियो । विश्व बैंकलाई पत्र लेखिएको थियो । अर्को कुरा- कुन क्षेत्रमा सुधार भयो भनेर हेर्ने हो भने अहिले गरिएको सुधारको काम केही देखिएको छैन । एकीकृत भन्सारको कुरा छ, यो अहिलेको काम होइन । सुधार गर्नुपर्ने ठाउँमा भएको छैन । डुइङ बिजनेस माथि उक्लिनु सकारात्मक पाटो भए पनि समान उद्देश्यको अर्को विश्वव्यापी रिपोर्टले ठीक उल्टो बोलेको देखिएको छ । आर्थिक स्वतन्त्रता सूचकांकमा दुई वर्षअघि १२५ स्थानमा रहेकोमा यस वर्ष नेपालको अवस्था १३६ मा पुगेको छ । यसले लगानीको वातावरण अझै बन्न नसकेको देखाउँछ ।

वातावरण सुधार्न तर्साउने र अनेक-अनेक गर्ने काम गर्नु भएन । कडाइका साथ विधिको शासन लागू गर्नुपर्छ, त्यसबाट लाभ मिल्छ । पूर्वधारमा सुधार गर्नुपर्छ । सडक, बिजुली लगायत विषयमा सुधार गर्नुपर्छ । यी क्षेत्रमा सुधार हुन नसक्दा यातातातको असुविधा हुन्छ, ढुवानी लागत बढी हुन्छ र असुरक्षा बढ्छ । जहाँसुकै राजनीति बढी हुने गरेको छ । कर्मचारी युनियनले पनि बढी राजनीति गरे भन्ने कुरा आउँछ ।

तलब-भत्ता, सुविधा उत्पादकत्व वृद्धिको आधारमा बढ्नुपर्छ । उत्पादकत्व वृद्धि जस्ताको तस्तै तर तलब-भत्ता बढाउन थालेपछि लगानीलाई प्रोत्साहन मिल्दैन ।

त्यसकारण लगानी बढाउन पूर्वाधारको सुधारमा जोड दिनुपर्छ । उद्योग, वाणिज्य क्षेत्रका समूहसँग बसेर आपसी छलफल गर्ने र व्यवहारिक रूपमा उनीहरूले भोगेका समस्या क्रमशः हल गर्दै जानेतर्फ सरकारको ध्यान जान जरूरी छ ।

वैदेशिक लगानीमा पनि केही अवरोध देखिन्छन् । पूर्वाधारमा जति जोड दिनुपर्ने हो, त्यो भइरहेको छैन । सरकारी खर्च र राजस्व बढिरहेको छ । राजस्व बढेर मात्रै सरकारी खर्च बढेको होइन, अहिले तीन तहका सरकार छन् ।

SIDDHARTHA SME LOAN

सम्बन्ध सधैंभरिलाई

अब पूरा हुनेछन् तपाईंका सपनाहरू

कर्मशील उद्यमीहरूको सफलताको लागि विभिन्न वित्तीय सेवा सहित
दिगो सम्बन्ध कायम राख्न सिद्धार्थ बैंक सधैं प्रतिबद्ध छ ।

हाम्रो कुनै पनि शाखामा एसएमई लोनको लागि आजै आवेदन दिन सक्नुहुनेछ।



SiddharthaBank
Bank for Your Prosperity

www.siddharthabank.com

वैदेशिक सहायता व्यवस्थापन

विकास सहायता परिचालन क्षमताको साथै हासिल गर्ने विकास नतिजाको प्रभावकारिता प्रत्यक्ष वैदेशिक लगानीको लागि समेत उत्प्रेरक हुन्छ । विकास सहायता मात्र नभई मुलुकमा निजी लगानीको लागि समेत नीतिगत स्पष्टता र स्थायित्व भएको तथा प्रतिफलको प्रचूर सम्भावना रहेकोले विदेशी लगानीकर्ताको लागि समेत नेपाल आकर्षक गन्तव्य बनेको छ ।

श्रीकृष्ण नेपाल

परिचय तथा इतिहास

सामान्यतः एक देशबाट अर्को देशमा स्रोतहरू स्वेच्छिक रूपमा स्थानान्तरण गर्नुलाई वैदेशिक सहायताको रूपमा बुझिन्छ । सार्वजनिक खर्चको लागि आवश्यक पर्ने स्रोत र विदेशी मुद्राको अभाव पूरा गर्न वैदेशिक सहायता परिचालन गर्ने परम्परागत मान्यता हो । रकम मात्र नभएर विज्ञता, प्रविधि, मालसामान पनि वैदेशिक सहायताको रूपमा परचिालन गर्ने गरिन्छ । अर्थतन्त्रमा थप लगानीले प्रतिफल दिने अवसर भएसम्म र देशको आन्तरिक क्षमता सुदृढ नभएसम्म वैदेशिक सहायता परिचालन गर्नुपर्छ भन्ने मान्यता छ ।

इतिहास हेर्दा उपनिवेशको सुरूवातसँगै वैदेशिक सहायता दिने क्रम सुरू भएको देखिन्छ । उपनिवेशका क्रममा शासक देशले शासित देशलाई सहयोग गर्ने गरेका थिए । उपनिवेशको अन्त्यपछि पनि आफूले शासन गरेका देशसँग सुमधुर सम्बन्ध बनाउन वैदेशिक सहायता जारी राखियो । नेपालमा प्रजातन्त्रको स्थापनापछि वैदेशिक सहायता आउन सुरू भएको थियो । समयक्रमसँगै सहायता विकासका मुद्दामा केन्द्रित हुन थालेको देखिन्छ । नेपालले सन् १९५२ मा कोलम्बो प्लानमा सहभागी भएपछि वैदेशिक सहायता परिचालन गर्न सुरू भएको देखिन्छ । सन् ६० को दशकदेखि नेपालले ऋण लिन सुरू गरेको हो । सुरूका दिनमा द्विपक्षीय (एक देशले अर्को देशलाई सहयोग गर्ने) वैदेशिक सहायता परिचालन हुने गरेकोमा पछिल्लो समय भने बहुपक्षीय (एकभन्दा बढी देशले स्थापना गरेका संस्था) वैदेशिक सहायताको परिमाण बढ्दो क्रममा छ ।

विश्व बैंक, एसियाली विकास बैंकलगायत बहुपक्षीय संस्थाले प्रदान गर्ने सहायता सर्तरहित, तटस्थ, सुशासन तथा नीति सुधारमा केन्द्रित हुने भएकाले दुवै पक्षको लागि यो सहज हुन्छ । सन् १९६९ मा विश्व बैंकको इन्टरनेसनल डेभलपमेन्ट एसोसिएसन (आइडीए) स्रोतबाट टेलिकम क्षेत्रमा सहुलियतपूर्ण वैदेशिक ऋण सहायता लिइएको थियो । तर नेपालमा वैदेशिक सहायताको सुरूआती चरणमा भने दुईपक्षीय सहयोग नै बढी थियो । मलेरिया नियन्त्रण गर्न अमेरिका, त्रिभुवन विमानस्थलमा भारत, पूर्व-पश्चिम राजमार्ग बनाउन भारत, बेलायत, तत्कालीन सोभियत संघले गरेको सहयता लगायत कोदारी राजमार्ग बनाउन चीनको सहायता, डेरीमा स्विस सरकारको सहायता, कृषिमा जापानको सहायता सुरूआती चणका दुईपक्षीय सहयोगका केही उदाहरण हुन् ।

नेपालले असंलग्न परराष्ट्र नीति अवलम्बन

गरेकोले सबैसँग मित्रवत सम्बन्ध रहेको, मानव विकास सूचकांक न्यून भएको, अल्पविकसित राष्ट्रको रूपमा रहेको, भू-परिवेष्ठित राष्ट्रको रूपमा थप सुविधा आवश्यक भएको, कतिपय क्षेत्रमा आधारभूत पूर्वाधारको कमी रहेको र आर्थिक समाजिक अवस्था औसतभन्दा कमजोर भएको आधारमा नेपालको आधारभूत आर्थिक समाजिक विकासमा दातृ निकायले सहयोग गर्दै आएका छन् ।

सहायता परिचालनको अवसर

नेपाल सरकारले लिएको समृद्ध नेपाल निर्माण गर्ने लक्ष्य हासिल गर्न वैदेशिक सहायता परिचालन बढाउनु आवश्यक छ । सहयता परिचालनको सुरूआती चरणमा वैदेशिक अनुदान प्राप्तिमा जोड दिइएकोमा अनुदानबाट मात्र विकास वित्तको आवश्यकता पूरा हुने अवस्था नरहेकोले अबको हाम्रो प्राथमिकता राम्रो आर्थिक लाभ दिने गुणस्तरीय आयोजना कार्यान्वयनमा लैजाने तथा थप रोजगारीका अवसर सिर्जना गर्ने आयोजनामा लगानी बढाउनेतर्फ हुनु पर्छ । समयको यसै आवश्यकतालाई मध्यनजर गरी विकास वित्तको अधिकतम परिचालन गर्नेतर्फ नयाँ विकास सहायता नीति र प्राथमिकताहरू केन्द्रित भएका छन् ।

देशको प्राथमिकता निश्चित भएपछि दातालाई कहाँ र कसरी लगानी गर्ने भन्ने निर्णय लिन सहज हुन्छ । नेपाल सरकारले आफ्नो प्राथमिकता स्पष्ट गरेको छ । हाम्रो विकास सहायता नीतिमा पूर्वाधार निर्माण, प्रतिफल राम्रो हुने आयोजनामा, जलविद्युत् उत्पादन र प्रसारणमा, विमानस्थल, रेलमार्ग, सडक, सुक्खा बन्दरगाह, सहरी पूर्वाधार निर्माण एवं राष्ट्रिय आवश्यकता र प्राथमिकतामा परेका क्षेत्रमा वैदेशिक सहायता परिचालन गर्ने उल्लेख छ ।

वैदेशिक सहायता खासगरी सार्वजनिक ऋण कति लिने भन्ने विषय देशको उपलब्ध वित्तीय 'स्पेस' र आयोजनाको गुणस्तरमा भर पर्छ । त्यसमा ऋण र जीडिपीबीचको अनुपात मात्र नभई, विदेशी मुद्राको सञ्चिति, साँवा-ब्याज तिर्न सक्ने क्षमता, प्रतिव्यक्ति आय, निर्यात, लगानीको अवसर तथा देशको समग्र आर्थिक अवस्थालाई हेर्ने गरिन्छ । सार्वजनिक ऋणको दिगोपनको विश्लेषण गरिन्छ । अहिलेको अवस्थामा नेपालले थप वैदेशिक ऋण परिचालन गर्ने ठाउँ उपलब्ध छ । तर ऋण लिने ठाउँ छ भन्दैमा जस्तोसुकै आयोजनाको लागि ऋण लिने भन्ने हुँदैन ।

“

वैदेशिक सहायता खासगरी सार्वजनिक ऋण कति लिने भन्ने विषय देशको उपलब्ध वित्तीय “स्पेस” र आयोजनाको गुणस्तरमा भर पर्छ । त्यसमा ऋण र जीडिपीबीचको अनुपात मात्र नभई, विदेशी मुद्राको सञ्चिति, साँवा-ब्याज तिर्न सक्ने क्षमता, प्रतिव्यक्ति आय, निर्यात, लगानीको अवसर तथा देशको समग्र आर्थिक अवस्थालाई हेर्ने गरिन्छ ।

लगानी र प्रतिफलको विश्लेषण हुनुपर्छ । दाताले पनि प्रतिफल नदिने र सम्भाव्य नभएका आयोजनामा सहयोग गर्दैनन् ।

नेपालले थप वैदेशिक सहायता परिचालन गर्न प्राथमिकता दिनुको मुख्य कारण देशमा विद्यमान राजनीतिक स्थायित्वबाट अर्थतन्त्रमा सिर्जित अवसर र उत्साहको सदुपयोग गर्न आवश्यक साधन जुटाउनु हो । पछिल्लो तीन वर्षमा औसत सात प्रतिशत हाराहारी आर्थिक वृद्धि हुनु ऐतिहासिक सम्भावनाको स्पष्ट संकेत हो । सहायता र लगानीको सम्भाव्यता बढ्नुमा नीतिगत र प्राथमिकतागत स्पष्टताको पनि ठूलो भूमिका हुन्छ । विगतमा केही आयोजनामा पर्याप्त पूर्वतयारी नगरी वैदेशिक सहायता परिचालनको सम्झौता भएकोले कार्यान्वयनको चरणमा धेरै समस्या आएको उदाहरण पनि छ । दाताले सहयोग गर्ने प्रतिब्द्धता रहँदारहँदै पनि छिटोछिटो सरकार परिवर्तन हुँदा क्षेत्रगत र आयोजनाको प्राथमिकता तथा नीतिगत स्थिरतामा विश्वास नहुनुको साथै दातामा पनि द्विविधा रहने अवस्था आउँछ, खासगरी निरन्तरताको सुनिश्चिततामा ।

अब हाम्रो विकास नीति प्रस्ट छ । आर्थिक समृद्धि मुलुककै एजेन्डा बनेको छ । सबैको ध्यान तीव्र आर्थिक विकासमा केन्द्रित छ । क्षेत्रगत विकासका लक्ष्य स्पष्ट छन्, जस्तैः कति क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याउने, सडक कति बनाउने, रेलमार्ग कति बनाउने, सहरी पूर्वाधार कस्तो बनाउने, खानेपानी सुविधा कहाँकहाँ पुऱ्याउने, शिक्षा स्वास्थ्यमा कसरी गुणस्तर र पहुँच सुधार गर्ने भन्नेमा सरकारको नीति र गन्तव्य प्रस्ट छ ।

नीतिगत स्पष्टताले हामीलाई कति लगानी चाहिन्छ भन्ने यकिन गर्न सहज भएको छ । विकास आयोजना कसरी, कस्तो, कति समयमा, कति लाभ प्राप्त हुने गरी सञ्चालन गर्ने भन्ने विषयमा पूर्वसम्भाव्यता अध्ययन, सम्भाव्यता अध्ययन र बृहत् आयोजना प्रतिवेदन (डीपीआर) तयारी गर्ने कार्य भइरहेका छन् । जसले गर्दा आगामी दिनमा दातालाई आयोजनागत सहायता परिचालनन गर्ने निर्णय लिन सहज हुनेछ ।

अहिले हामीले विश्व बैंक, एसियाली विकास बैंक, एसियाली पूर्वाधार लगानी बैंक (एआइआइबी)बाट आयोजना तयारी सहायतामा विभिन्न आयोजनाको सम्भाव्यता अध्ययनको काम गरिरहेका छौं । विभिन्न २४ नगरपालिकामा सहरी पूर्वाधारको विस्तृत सम्भाव्यता अध्ययन भइरहेको छ ।

यस्तै विद्युत् प्रसारण तथा वितरण लाइन निर्माण, पूर्व-पश्चिम राजमार्गलाई विस्तार गर्ने, काठमाडौं-मुग्लिन सडक विस्तार लगायत आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन भइरहेको छ । कतिपय यस्ता अध्ययन सम्पन्न भएका छन् । काठमाडौं उपत्यकाका विभिन्न आयोजनाहरू (सूर्यविनायक-धुलिखेल खण्ड विस्तार, कोटेश्वर-जडीबुटी खण्ड टनेल, वानेश्वर अन्डरपास, त्रिपुरेश्वर-माइतिघर खण्ड फ्लाइओभर लगायत)को पूर्वसम्भाव्यता तथा डीपीआर निर्माण हुने क्रममा छन् । यस्तै दुईपक्षीय अनुदानमा पनि विभिन्न रेल आयोजना र सुरूङमार्गको पूर्वसम्भाव्यता अध्ययन एवं डीपीआर निर्माणको काम भइरहेका छन् । अबको हाम्रो प्राथमिकता सम्भाव्य देखिएका आयोजना निर्माणका लागि आवश्यक साधन जुटाउनुमा हुनेछ ।

अनुदान कि ऋण ?

वैदेशिक सहायतामा अनुदान वा ऋण केमा जोड दिनुपर्छ भन्नेमा हाम्रो जस्तो देशको प्राथमिकता अनुदानमै हुन्छ । तर यो हाम्रो मात्र छनोटले हुने होइन । बजेटरी सपोर्टको रूपमा वा पूर्वाधार क्षेत्रमा ठूलो रकम वैदेशिक अनुदान पाउने भरपर्दो सम्भावना देखिँदैन । हाम्रो प्रतिव्यक्तिक्त कुल गार्हस्थ उत्पादन एक हजार अमेरिकी डलरभन्दा माथि पुगेको र कम विकसित देशबाट स्तरोन्नति हुने क्रममा रहेकोले अबका दिनमा हामीले एसियाली विकास बैंक, विश्व बैंक जस्ता संस्थाबाट अनुदान पाउने सम्भावना कम हुन्छ । त्यसैले हाम्रो जस्तो विस्तारको सम्भावना भएको अर्थतन्त्रमा जति सक्यो बढी वैदेशिक सहायताको रूपमा लगानी भित्र्याउनुपर्ने चुनौती छ । पुँजीगत लगानीबिना अर्थतन्त्रको विस्तार सम्भव हुँदैन । त्यसैले देशको वित्तीय सन्तुलन जोखिममा नपर्ने गरी पर्याप्त प्रतिफल दिने आयोजनामा वैदेशिक ऋण परिचालन गर्दै लगानी बढाउनु पर्छ । देशभित्र उपलब्ध लगानीयोग्य पुँजी र तरलता आर्थिक विकासका लागि पर्याप्त छैन, जसले गर्दा सार्वजनिक क्षेत्रमा वैदेशिक लगानी बढाउनुको विकल्प छैन । हामीलाई लगानीका लागि स्रोत जुटाउनुपर्ने एक किसिमको दबाब पनि छ । आयोजनाको गुणस्तर र ऋणको पारदर्शिता कायम राख्दै दिगो तथा धान्न सक्ने परिमाणमा थप सार्वजनिक ऋण परिचालन आर्थिक अवसर वृद्धिको लागि आवश्यक छ । हामीले सम्भव भएसम्मका अनुदान र सहुलियत ऋण पाइने क्षेत्रबाटै लगानी बढाउने प्रयत्न गर्दै आएका छौं ।

दाताको चासो सम्बोधन हुँदै

दाताले कुनै पनि आयोजनामा लगानी गर्नुपूर्व आयोजना कति गुणस्तरीय छ, त्यसले प्रतिफल कति दिन्छ, कति जनताले लाभ पाउँछन्, समयमा आयोजना सम्पन्न गर्न सम्भव छ/छैन लगायत विषयमा चासो राख्ने गर्छन् । यस्तै सञ्चालनमा रहेको आयोजना व्यवस्थापनमा कमजोरीको कारणले समयमा काम सम्पन्न हुने अवस्था भएन र अवरोध आयो भने दाताले हात झिक्ने जोखिम हुन्छ । बजेट प्रणालीको पारदर्शिता, सुशासनको अवस्था, संस्थाहरूको क्षमता, आयोजना कार्यान्वयनको जोखिम, आयोजना सञ्चालनको विज्ञता, विद्यमान नीतिगत व्यवस्थामा दाताको चासो हुन्छ । हामीले दाताका यस्ता चासो सम्बोधन गर्न र विश्वास सिर्जना गर्न धेरै काम गरेका छौं । पछिल्लो समय आयोजना कार्यान्वयनका लागि व्यवस्थापनलाई थप जिम्मेवार बनाउनुको साथै नियमित अनुगमनको संचरनात्मक व्यवस्था गरिएको छ । वित्तीय, बजेटरी, ऊर्जा, कृषि र संघीयता कार्यान्वयनका क्षेत्रमा हामीले गरेको सुधारलाई दाताले सकारात्मक रूपमा लिएका छन् । कुनै पनि आयोजनामा दाताको सहयोग जुटाउन पूर्वनिर्धारित समयमा आयोजना सुरू गरी तोकिएको गुणस्तरको आयोजना निर्धारित समयभित्रै सम्पन्न गर्ने सुनिश्चितता गर्न सक्नुपर्छ । यस्तै आयोजनाको सञ्चालन, मर्मतसम्भार र दिगोपनमा पनि दाताले चासो राख्ने गर्छन् । आयोजनाको पूर्वतयारी कमजोर हुँदा आयोजनाको समय र लागत बढ्ने, बीचमै डिजाइन परिवर्तन हुने अवस्था आउन सक्छ । त्यसमा दाताले चासो राख्ने गरेका छन् । यी पक्ष आयोजना सफलताको लागि जायज चासो हुन् ।

दुईपक्षीय र बहुपक्षीय सहयोगमा सञ्चालित आयोजनामा निर्धारित समयमै काम सुरू हुन नसके दाताको गुनासो रहने नै भयो । यस्तै कतिपय आयोजनामा जग्गा प्राप्ति, वन क्षेत्रको उपयोग, वातावरणीय प्रभाव मूल्यांकन र ठेक्का प्रक्रियामा ढिलाइ, सुस्त निर्णय प्रक्रिया, कमजोर करार व्यवस्थापन जस्ता विषय दाताले पहिलेदेखि नै उठाउँदै आएका हुन् । ठेकेदारको कमजोर क्षमता, निर्माण सामग्रीको अभाव, अन्तरनिकाय समन्वय अभाव लगायत कारणले केही आयोजनाको काममा अपेक्षित प्रगति हुन नसकेको हामीलाई पनि लागेको छ, जसले गर्दा आयोजनाबाट अपेक्षित लाभ समयमै पाउन सकिएको छैन ।

नेपाल सरकारले उल्लेखित समस्या समाधानका लागि कानुनी तथा प्रक्रियागत व्यवस्थामा सुधार गरेकाले आगामी दिनमा ठूला आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान हुँदै जाने देखिन्छ ।

आपसी विश्वासको वातावरण

वैदेशिक सहायतामा आयोजना छनोट गर्दा आयोजना छनोटका असल अभ्यास आत्मसात गरिएको हुन्छ । तर आयोजना छनोटभन्दा पहिला गर्नुपर्ने पूर्वतयारी पूरा हुन सकेन भने कार्यान्वयन चरणमा समस्या आउने गर्छ । हाल विभिन्न क्षेत्रका आयोजना तयारीको काम योजनाबद्ध रूपमा भइरहेकाले आगामी दिनमा निर्माण चरणमा हुने ढिलाइ अन्त्य हुने विश्वास गर्न सकिन्छ ।

“

दाताले कुनै पनि आयोजनामा लगानी गर्नुपूर्व आयोजना कति गुणस्तरीय छ, त्यसले प्रतिफल कति दिन्छ, कति जनताले लाभ पाउँछन्, समयमा आयोजना सम्पन्न गर्न सम्भव छ/छैन लगायत विषयमा चासो राख्ने गर्छन् । यस्तै सञ्चालनमा रहेको आयोजना व्यवस्थापनमा कमजोरीको कारणले समयमा काम सम्पन्न हुने अवस्था भएन र अवरोध आयो भने दाताले हात झिक्ने जोखिम हुन्छ ।

दाताले बजेटरी सहयोगको रूपमा पनि नेपाललाई सहयोग गर्दै आएका छन् । हामीले हाम्रो प्रणालीलाई व्यवस्थित, भरपर्दो र अन्तर र्ष्ट्रिय असल अभ्यास अनुरूपको बनाएका छौं । हाल बजेटरी सहायताको रूपमा प्राप्त हुने सहुलियत ऋणको रकम बढ्दै गएको छ । कुनै पनि देशको वित्तीय प्रणालीमा विश्वास भएपछि मात्र बजेटरी सहयोगको रूपमा ऋण सहायता आउने गर्छ । यसको सुन्दर पक्ष यस्तो सहायता विनियोजनमा प्रापक सरकारको स्वायतता हुन्छ । यस्तो सहयोग बढ्दै जानु भनेको हामीले जारी राखेको क्षेत्रगत नीति सुधारको नतिजामा दाताले समर्थन गरेको भन्ने बुझ्नु पर्दछ ।

संघीयता कार्यान्वयनसँगै संघ, प्रदेश र ठूलो संख्यामा रहेका स्थानीय तहको एकीकृत वित्तीय प्रतिवेदन कसरी हुन्छ, वित्तीय पारदर्शिता कसरी कायम हुन्छ, जोखिम व्यवस्थापनको भरपर्दो प्रणाली छ, छैन भन्ने प्रश्न दाताले गर्ने गरेका छन् । हामीले सबै तहका सरकारको खर्च व्यवस्थापन र रिपोर्टिङ व्यवस्थित गर्न प्रणाली विकास गरेका छौं । उक्त प्रणालीलाई पूर्ण बनाउँदै कार्यान्वयनमा जोड दिने योजना हाम्रो छ ।

सहायता वार्ता गर्दा नै आयोजनाको कार्यान्वयन कुन तहबाट र कुन विधिमा गर्ने भन्ने विषयमा हामी प्रस्ट हुन्छौं । जसले गर्दा आगामी दिनमा दाताले आयोजना समय सम्पन्न हुँदैन कि भनेर चिन्तित हुनुपर्ने अवस्था छैन । हालै जारी भएको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐनले जिम्मेवार पदाधिकारीको जवाफदेहिता स्पष्ट गरेको छ । विकास नतिजा हासिल गर्न यो निकै दरिलो कानुनी व्यवस्था हो ।

> वैदेशिक ऋण परिचालनमा हाम्रो विश्वसनीयता कायम छ । विगतदेखि हामीले विभिन्न दाताबाट लिएको ऋणको साँवा र ब्याज समयमै तिर्नेमा हामी अब्बल छौं ।

पछिल्लो समयमा आयोजनाको पूर्वतयारीमा पर्याप्त काम भएको छ । सम्भाव्य आयोजना पहिचान भएका छन्, के गर्ने भन्नेमा स्पष्टता छ । केही महत्त्वपूर्ण आयोजनाबारे सहायता परिचालन गर्न विकास साझेदारसँग प्रारम्भिक छलफल समेत भएको छ । कतिपय आयोजना पाइपलाइनमा छन् । अब सम्भावित दातृ निकायको सहयोगमा विकासका आयोजना नतिजा आउने गरी अघि बढ्ने वातावरण बनेको छ ।

चुनौती तथा सम्भावना

अबको हाम्रो चुनौती दातासँग सम्झौता गरेअनुसार आयोजनाको काम समयमै सुरू र सम्पन्न गर्ने हो । दिगो विकासका लक्ष्य पूरा गर्न अभाव रहेको रकम व्यवस्थापन गर्न १५औं आवधिक योजनाले तय गरेको लक्ष्य हासिल गर्न पनि बढीभन्दा बढी साधन परिचालन गर्नु पर्नेछ ।

आयोजना निर्माणमा क्षेत्रगत सन्तुलन मिलाउनुपर्ने हुन्छ । धेरै संख्यामा नगरपालिका घोषणा भएका छन् । त्यसैले सहरी पूर्वाधार विकासमा काम गर्नु जरूरी छ । यातायात, ऊर्जा, औद्योगिक पूर्वाधार, कृषि, पर्यटन, रोजगारी जस्ता क्षेत्र पनि प्रथमिकतामा छन् । शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइ जस्ता सामाजिक क्षेत्र झन् महत्त्वपूर्ण छन् । पुनः निर्माणको काम सम्पन्न गर्न अझै ठूलो स्रोत अभाव छ । संघीयता कार्यान्वयन तथा संस्थागत विकासमा ठूलो रकम आवश्यक हुन्छ । त्यसैले हाम्रो बजेट व्यवस्थापन गर्ने क्रममा स्रोतमा ठूलो चाप छ ।

वैदेशिक ऋण परिचालनमा हाम्रो विश्वसनीयता कायम छ । विगतदेखि हामीले विभिन्न दाताबाट लिएको ऋणको साँवा र ब्याज समयमै तिर्नेमा हामी अब्बल छौं । परिचालनको चरणमा पनि समयमै रीतपूर्वक प्रतिवेदन गर्ने, सोधभर्ना प्राप्त गर्ने लगायत अनुपालनाका पक्ष पूरा गरेकाले पनि दाताहरू हामीसँग सन्तुष्ट छन् । विकास सहायता परिचालन क्षमताको साथै हासिल गर्ने विकास नतिजाको प्रभावकारिता प्रत्यक्ष वैदेशिक लगानीको लागि समेत उत्प्रेरक हुन्छ । विकास सहायता मात्र नभई मुलुकमा निजी लगानीको लागि समेत नीतिगत स्पष्टता र स्थायित्व भएको तथा प्रतिफलको प्रचूर सम्भावना रहेकोले विदेशी लगानीकर्ताको लागि समेत नेपाल आकर्षक गन्तव्य बनेको छ । यसबाट राम्रो नतिजा हासिल हुनेमा विश्वस्त हुन सकिन्छ ।

www.acplnepal.com

अर्घाखाँची
सिमेन्ट प्रा.लि.

सफल ५ वर्षको उपलक्ष्यमा
अर्घाखाँची सिमेन्ट
धन वर्षा

नव निर्माणमा धनको बहार
अर्घाखाँचीमा करोडौँ उपहार

अर्घाखाँची सिमेन्टको हरेक १५ बोराको खरिदमा COUPON
SCRATCH गरि SURE SHOT जित्नुहोस्

रु.१००/रु.५००/रु.१,०००/रु.१०,०००/रु.२५,०००

रु.५० हजार/रु.१ लाख

सम्मको नगद उपहार

यो योजना मंसिर ८ गतेदेखि माघ ८ गतेसम्म लागु हुनेछ ।

उपहारमा लाग्ने सम्पूर्ण कर विजेता स्वयंले नै तिर्नुपर्नेछ ।

PRISMA-CI-24/19

सही मूल्य, सही तौल, सही गुणस्तर

सबैभन्दा स्तरीय सिमेन्ट

अर्घाखाँची सिमेन्ट प्रा.लि., प्रसूति गृह मार्ग, थापाथली-११, काठमाण्डौ फोन नं.: ९७७-१-४१०२१८८/४१०२१४३, इमेल: customercare@acplnepal.com
फ्याक्ट्री: सियारी-२, रुपन्देही । फोन नं.: ९७७-०७१-४२५००७/४२५००८

सांग्रिलाको

बचत पनि, बीमा पनि

सांग्रिला डेभलपमेन्ट बैंक लि.

Shangri-la Development Bank Ltd.

स्थानीय विकासको आधार

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

जीवन सुरक्षा बचत खाता

१६ लाख सम्मको जीवन सुरक्षा बीमा | **७%** (मासिक व्याज भुक्तानी)

रू. ३५,000 को बचत खाता

जीवन सुरक्षा (स्वर्णिम)

- बीमा सुविधा: दुर्घटना मृत्युमा (१० लाख)*
- ७ ठूला घातक रोगमा (५ लाख)*
- औषधि-उपचारमा (१ लाख)*

रू. १५,000 को बचत खाता

जीवन सुरक्षा (रजत)

- बीमा सुविधा: दुर्घटना मृत्युमा (१० लाख)*
- ७ ठूला घातक रोगमा (५ लाख)*

रू. ५,000 को बचत खाता

जीवन सुरक्षा (सरल)

- बीमा सुविधा: दुर्घटना मृत्युमा (१० लाख)*

* बीमा सुविधा : १ वर्ष सम्म

अन्य विशेषताहरू:
- निःशुल्क ABBS
- Locker Key deposit मा १००% छुट
- एक वर्ष सम्म निःशुल्क ATM भिसा कार्ड, मोबाईल बैंकिङ्ग र Internet बैंकिङ्ग

केन्द्रिय कार्यालय: बालुवाटार - ४, काठमाण्डौं, नेपाल,
फोन नं.: ०१-४४२१८६१/६२/६३, ४४२२८६४, इमेल: info@shangrilabank.com

प्रत्यक्ष वैदेशिक लगानी
सुधार गर्नुपर्ने ठाउँ

डा. शंकर शर्मा

केशव आचार्य

नेपालमा प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) भित्रिन थालेको साढे ६ दशक भए पनि परिमाणात्मक हिसाबले विदेशी लगानी आउन थालेको सन् १९९२ पछि मात्र हो । विशेषतः खुला अर्थनीति अबलम्बन गरिएपछि सन् १९९२ देखि प्रत्यक्ष वैदेशिक लगानी भित्रिने क्रम सुरू भएको देखिन्छ । तर १९९६ देखि सुरू भएको द्वन्द्वले विदेशी लगानी त परको कुरा, स्वदेशी लगानीको अवस्था समेत थप दयनीय बनाइदियो । पछिल्ला केही वर्षमा भने प्रत्यक्ष वैदेशिक लगानीको आकार बढ्दै आएको छ । यद्यपि यसको आकार घटबढ भइरहन्छ । यसो हुनुमा कुनै एक विषय वा पक्ष मात्रै जिम्मेवार छैन । राजनीतिक स्थिरता भए पनि नीतिगत अस्थिरता र झन्झटिलो प्रक्रियाले अपेक्षाअनुसार वैदेशिक लगानी आउन सकिरहेको छैन ।

व्यापार र विकासका लागि संयुक्त राष्ट्रसंघीय सम्मेलन (अंकटाड) ले हरेक वर्ष 'वर्ल्ड इन्भेस्टमेन्ट रिपोर्ट' सार्वजनिक गर्छ । यसपटक पनि उसले सन् १९९० देखि २०१८ सम्म (२९ वर्ष)को विश्वव्यापी तथ्यांक सार्वजनिक गरेको छ । २९ वर्षमध्ये नेपालको २५ वर्षको तथ्यांक समावेश गरिएको छ । यसले नेपालको प्रत्यक्ष वैदेशिक लगानी माल्दिभ्स, बंगलादेशभन्दा पनि कम रहेको देखाएको छ । जबकि माल्दिभ्सको अर्थतन्त्र हाम्रोभन्दा सानो छ । हाम्रो अर्थतन्त्रको आकार ३४ खर्ब ६४ अर्ब रूपैयाँको हो ।

केही वर्षयता प्रत्यक्ष वैदेशिक लगानी केही बढिरहेको देखिएता पनि सन् २०१६ मा वैदेशिक लगानी स्थिर पुँजी निर्माणको तुलनामा १.७ प्रतिशत रहेकोमा सन् २०१७ र २०१८ दुवै वर्ष १.६ प्रतिशतमा खुम्चिएको देखिन्छ । रकमगत रूपमा भने सन् २०१६ मा ११ करोड डलर, २०१७ मा १३ करोड डलर र २०१८ मा १६ करोड डलर बराबर प्रत्यक्ष वैदेशिक लगानी नेपाल भित्रिएको देखिन्छ ।

मुलुकमा द्वन्द्व जारी रहेका बेला वैदेशिक लगानीको अवस्था खराब थियो । सन् १९९२

पछि विदेशी लगानी तथा प्रविधि हस्तान्तरण (फिटा) ऐन, औद्योगिक व्यवसाय ऐन जस्ता ऐनहरू आएपछि वैदेशिक लगानीमा सुधार हुँदै थियो, सशस्त्र द्वन्द्वले त्यसमा धक्का पुग्यो ।

अपेक्षाअनुसार किन आएको छैन एफडीआई ?

वैदेशिक लगानीका लागि नीतिगत स्थायित्व अपरिहार्य छ । नेपालमा यही नहुँदा लगानी आउन नसकेको हो । नेपालमा माल्दिभ्स, बंगलादेशको जस्तो राजनीतिक अस्थिरता छैन । तर, राजनीतिक अस्थिरता भएका माल्दिभ्स, बंगलादेशमा नेपालमा भन्दा बढी वैदेशिक लगानी भित्रिरहेको छ । नीतिगत अस्थिरतासँगै एफडीआईको अर्को समस्या हो- वैदेशिक लगानीसँग सम्बन्धित सरकारी निकायबीच समन्वय नहुनु । उदाहरणका लागि, पछिल्लो समय डाबरलगायत बहुराष्ट्रिय कम्पनीलाई सफ्टवेयर आयातमा झन्झट सिर्जना गर्न लागिएको समाचार आइरहेका छन् । सफ्टवेयर किन्न नियामक निकायबाट सिफारिस ल्याउनुपर्ने भन्दै राष्ट्र बैंकले उद्योग विभाग पठाएछ, उद्योग विभागले आफ्नो क्षेत्रभित्र नपर्ने भन्दै फर्काएछ । विदेशी लगानीकर्ताका लागि एकद्वार सेवा भने पनि व्यवहारमा त्यस्तो भइरहेको देखिँदैन । बाह्य लगानीकर्ताका लागि सरकार भनेको एउटा निकाय हो । तर व्यवहारमा उसले धेरै निकायसँग छुट्टाछुट्टै काम गर्नुपर्छ । प्रक्रियागत अवरोध त्यत्तिकै छ । राष्ट्र बैंक र उद्योग विभागबीच समन्वय छैन; उद्योग विभाग र कर कार्यालयबीच पनि समन्वयको अभाव छ । यस्ता कतिपय कारणले गर्दा हामीले जुन हिसाबको वैदेशिक लगानी अपेक्षा गरेका छौं, त्यसरी आएको छैन ।

वैदेशिक लगानी आउन नसक्नुमा स्वीकृति (अप्रुभल) र अनुपालना (कम्प्लाएन्स) सम्बन्धी समस्या पनि छ । बाहिरबाट पुँजी ल्याउन पनि अनुमति चाहियो, दर्ताका लागि अनुमति चाहियो, नाफा फिर्ता लैजान अनुमति चाहियो । यहाँ कमाएको नाफा पुनः लगानी गर्नुपर्‍यो वा सानातिना परिवर्तन गर्नुपर्‍यो भने पनि दरखास्त दिएर अनुमति लिनुपर्छ । अनुमति प्रक्रियाले लामो समय लिन्छ, त्यो पनि विभिन्न निकायमा । सबै कुरा स्वीकृत गर्नुपर्ने तर ऐन, कानुनमा स्वविवेक प्रयोग गर्न पाउने अधिकार राख्ने अर्को समस्या छ । यी यावत् कारणले गर्दा लगानीकर्ता निराश हुने अवस्था छ । स्वीकृति र अनुपालनासम्बन्धी व्यवस्थाले लागत बढाएको छ । यसको अर्को

वैदेशिक लगानी आउन नसक्नुमा स्वीकृति (अप्रुभल) र अनुपालना (कम्प्लाएन्स) सम्बन्धी समस्या पनि छ । बाहिरबाट पुँजी ल्याउन पनि अनुमति चाहियो, दर्ताका लागि अनुमति चाहियो, नाफा फिर्ता लैजान अनुमति चाहियो । यहाँ कमाएको नाफा पुनः लगानी गर्नुपर्‍यो वा सानातिना परिवर्तन गर्नुपर्‍यो भने पनि दरखास्त दिएर अनुमति लिनुपर्छ ।

कारण हो, कर्मचारीतन्त्रमा हुने परिवर्तन । बारम्बार कर्मचारी परिवर्तन भइरहँदा संस्थागत स्मरण कमजोर हुन्छ र उनीहरू आफ्नो जिम्मेवारी र कामप्रति ढुक्क हुँदैनन्, त्यसले पनि धेरै समय लिन्छ । उद्यमी/व्यवसायीका लागि समय भनेको पनि लागत नै हो । ऐन नै परिवर्तन नभए पनि समय समयमा नीति-नियम परिवर्तन भइरहन्छ । त्यसले पनि लगानीकर्तालाई लगानी गर्नुअघि सोच्न बाध्य पारिरहेको देखिन्छ । राजस्वसम्बद्ध ऐनहरूका प्रावधानलाई वर्षैपिच्छे आउने आर्थिक ऐनले काटिराखेको हुन्छ ।

सन् २०१९ मा डुइङ बिजेनस इन्डेक्समा राम्रा व्यावसायिक वातावरण भएका मुलुकमा हाम्रो छिमेकी देश भारत ७०औं स्थानमा बढुवा भयो । भारतको दिल्ली, मुम्बईलगायत ठाउँमा निर्माण पर्मिटलगायत अन्य प्रक्रृयागत सुधारले भारतको डुइङ बिजनेस इन्डेक्समा व्यापक सुधार आयो । उसले प्रक्रियामा धेरै सुधार गऱ्यो, रक्षा लगायत सम्वेदनशील क्षेत्रमा समेत अटोमेटिक रूट प्रदान गऱ्यो । लामो प्रक्रियाबाट जान नपर्ने, एकैपटक भारतको केन्द्रीय बैंक (रिजर्व बैंक अफ इन्डियाा)मा निवेदन दिएर त्यहाँबाट स्वीकृति लिएपछि सबै काम सकिने व्यवस्था गऱ्यो । यसले प्रक्रियालाई सरल बनायो, एकद्वार बनायो । हाम्रोमा पनि स्वचालित बाटो (अटोमेटिक रूट) दिनुपर्छ भनेर कुरा उठेको त छ, तर अहिलेसम्म ती कुरा अगाडि बढ्न सकेको छैन ।

वैदेशिक लगानीलाई मुलुकको वित्तीय प्रणालीले प्रत्यक्ष प्रभाव पार्छ । वैदेशिक लगानी भनेको विदेशी लगानीकर्ताले बाहिरबाट पुँजी ल्याउने भन्ने हो, तर अहिले उनीहरूले नेपालकै बैंक, वित्तीय संस्थबाट ऋण लिने गरेका छन् । विगत केही वर्षयता हाम्रो वित्तीय प्रणाली तरलता समस्याले ग्रस्त हुँदै आएको छ । तरलतामा मात्रै होइन 'कस्ट अफ क्यापिटल' (पुँजीको लागत) पनि उच्च छ । यसले आन्तरिक लगानीकर्तालाई पनि मार पारेको छ ।

विदेशी लगानी आए पनि उत्पादनमूलक उद्योग धेरै कम आएको छ । पछिल्लो समयमा बढेको भनिएको छ, तर त्यो पर्यटन र जलविद्युत्मा बढी देखिन्छ । उत्पादनमूलक उद्योगतर्फ सिमेन्टमा एफडीआई आप्रवाह राम्रै छ । उत्पादनमूलक कम प्रतिस्पर्धी हुनुमा कच्चा पदार्थ देशभित्र नहुनु, ढुवानी खर्च उच्च हुनु, श्रमिकको अभाव र ज्याला बढ्दै गइरहनु हो । हाम्रो श्रमिक उत्पादकत्व अरू देशको तुलनामा धेरै नै कम छ । दक्ष जनशक्ति पाउने गाह्रो छ । तराई क्षेत्रमा हेर्ने हो भने उत्पादनमूलक उद्योगमा ६० देखि ७० प्रतिशत भारतीय कामदार रहेको बताइन्छ । दक्ष जनशक्ति नेपालमा छैन भन्ने छ । उत्पादनमूलक उद्योग ल्याउन भारतको उत्तराखण्डतिरको जस्तो सहुलियत हामीले पनि दिन सक्नुपर्छ । तसर्थ सहुलियत प्रणाली परिमार्जन गर्नुपर्छ । उत्पादनमूलक क्षेत्र किन आएन भन्नेतर्फ ध्यान दिनुपर्छ । उत्पादनमूलक उद्योग नआएसम्म रोजगारी बढ्दैन ।

करार कार्यान्वयन र विवाद निरूपणको अवस्था पनि कमजोर छ । पहिले श्रमिक समस्या धेरै हुन्थ्यो अहिले श्रमिक विवाद त्यस्तो छैन । तथापी सरकारसँग विवाद भइरहेको देखिन्छ । जस्तै एनसेललाई नै हेरौं । एनसेलको विवादमा सरकारले नै ढिलो पनि गर्ने र ड्यु डिलिजेन्स (विस्तृत मूल्यांकन) पनि राम्रोसँग गर्न सकेन । तर,

कतितिर्नु पर्ने, बेच्दा कुन प्रक्रृया अपनाउनु पर्ने भन्ने थाहा नहुने कुराहरूले पनि वैदेशिक लगानी आउन समस्या देखिएको छ ।

हाम्रा ऐन-कानुनमा राखिएका व्यवस्थालाई सरकारले कसरी हेर्छ ? जस्तो कालोबजारी ऐन छ । यसमा २० प्रतिशतभन्दा बढी नाफा लिन नपाइने प्रावधान छ । २० प्रतिशतमात्र नाफा लियो कि बढी भन्ने कुरा सरकारले कसरी परीक्षण गर्न सक्छ ? अनुगमन गरेका सबै ठाउँमा सरकारले असफलता प्राप्त गर्नुको कारण पनि यही हो । यस्ता विषयलाई ऐनमै परिमार्जन गर्नुपर्ने देखिन्छ ।

अर्को ठूलो समस्या बनेको छ, भ्रष्टाचार । भ्रष्टाचारकै कारण जुनसुकै अनुमति लिन ढिला हुने गरेको छ । स्वविवेकी अधिकार (डिस्क्रिस्नरी पावर) बढी छ । कर निर्धारणमा पनि स्वविवेकी अधिकार बढी छ, किनभने कर अधिकृतले भनेको नै अन्तिम हुन्छ । यी सबै विषयमा हाम्रा व्यावसायिक समाज, उद्योगपतिको गुनासो छ । भ्रष्टाचारसम्बन्धी सूचकमा पनि नेपाल १८० मुलुकमध्ये १२४औं स्थानमा छ ।

अर्को समस्या हो, श्रमशक्ति । करिब ४५ लाख श्रमशक्ति देशबाहिर छ । विदेश गएका पनि दक्ष छैनन् । त्यसैले सीप र उत्पादकत्वको समस्या पनि छ । पछिल्ला केही वर्ष विद्युत् आपूर्ति सहज केही भएको छ । तर गुणस्तरीय आपूर्ति छैन् । लगानी आकर्षित गर्न विद्युत् आपूर्तिलाई विश्वसनीय बनाउनु पनि उत्तिकै आवश्यक छ । प्रसारण लाइन बढाउनुपर्ने छ । मुआब्जाको समस्याले पनि उद्योग, व्यवसाय र परियोजनाहरूमा अवरोधको काम गरिरहेको छ । व्यक्तिको जग्गा लिन खोज्दा चलनचल्तीको मूल्यभन्दा ५ देखि १० गुणा बढी माग गर्छन् । सरकारी जग्गा लिनुपर्‍यो भने मन्त्रिपरिषद्सम्म आउनुपर्छ । वनको कुरा गर्नुपर्‍यो भने २-३ तहसम्मको अनुमति चाहिन्छ । राष्ट्रिय निकुञ्जको कुरा पनि त्यस्तै हो, धेरै ठाउँबाट अनुमति लिनुपर्ने लामो प्रक्रिया छ ।

आइसकेका विदेशी लगानीकर्तासामू सरकारले गरेको प्रतिबद्धता समयमै पूरा हुन नसक्नु अर्को विडम्बना छ । सरकारी प्रतिबद्धता कार्यान्वयन हुने गरेका छैनन्, भइहाले पनि ढिलो हुन्छ । जस्तै, उद्योग स्थापना गर्न सरकारले बाटो बनाइदिन्छु, बिजुली लाइन दिन्छु भनेर प्रतिबद्धता गर्छ, कार्यान्वयन एकदमै ढिलो हुन्छ । कतिपय अवस्थामा उद्योग तयार भएर उत्पादन सुरू भइसक्दा पनि सरकारी प्रतिबद्धता पूरा भएको हुँदैन ।

आइसकेका विदेशी लगानीकर्तासामू सरकारले गरेको प्रतिबद्धता समयमै पूरा हुन नसक्नु अर्को विडम्बना छ । सरकारी प्रतिबद्धता कार्यान्वयन हुने गरेका छैनन्, भइहाले पनि ढिलो हुन्छ । जस्तै, उद्योग स्थापना गर्न सरकारले बाटो बनाइदिन्छु, बिजुली लाइन दिन्छु भनेर प्रतिबद्धता गर्छ, कार्यान्वयन एकदमै ढिलो हुन्छ ।

अर्को महत्त्वपूर्ण कारण हो, सम्पत्ति शुद्धीकरण निवारण । सम्पत्ति शुद्धीकरण निवारण भनेको निकै जटिल र प्राविधिक विषय हो । त्यो क्षमता सम्पत्ति शुद्धीकरण विभागमा छ कि छैन ? उनीहरूलाई पनि प्राविधिक ज्ञानको खाँचो छ । लगानी आकर्षित गर्न पूर्वाधार अत्यावश्यक हुन्छ । हामीकहाँ पूर्वाधारको खाडल ठूलो छ । पूर्वाधार निर्माणका लागि सरकारले लगानी गर्ने, सार्वजनिक-निजी साझेदारी र निर्माण, सञ्चालन र हस्तान्तरण (बुट) मोडल प्रभावकारी मानिन्छ । पूर्वाधार विकासको खाडल पूरा गर्न सरकारले बजेटको विश्वसनीयता अभिवृद्धि गर्ने, विकास बजेट गुणस्तरीय ढंगले खर्च गर्नुपर्छ ।

अहिलेसम्मका उपलब्धि

बाह्य लगानी आकर्षित गर्ने सवालमा हामीकहाँ केही राम्रा काम पनि भएका छन् । लगानीकर्तालाई सेवा दिन एकद्वार प्रणाली स्थापना भयो । डुइङ विजनेश ऱ्याङकिङमा सन् २०१९ मा नेपाल १६औं स्थानमाथि उक्लिन सफल भयो ।

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, विशेष आर्थिक क्षेत्र ऐन, औद्योगिक व्यवसाय ऐन संसद्बाट संशोधन भएर आइसकेका छन् । नियमावली आउने क्रममा छ । श्रमिकको समस्या सामाजिक सुरक्षा ऐन र श्रम ऐनमा सुधार भएपछि औद्योगिक प्रतिष्ठानमा बन्द, हडताल भएका छैनन् । श्रम ऐन र सामाजिक सुरक्षा ऐनले राम्रै गऱ्यो । लोडसेडिङ पनि हटेको छ ।

आपसमा बाझिएका ऐनहरूमा सुधार पनि त्यत्तिकै अपरिहार्य छ । लगानी बोर्ड ऐन र विशेष आर्थिक क्षेत्र (सेज) ऐनमै सेज सम्बन्धि काममा कम्फ्यूजन देखिन्छ ।

त्यस्तै, विशेष आर्थिक क्षेत्र ऐन र नियमावलीमा स्पष्ट रूपमा सेजमा स्थापित हुने उद्योगका लागि कच्चा पदार्थ, मेसिनरी, औजार ल्याउँदा भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धिकर लाग्दैन भनिएको छ । भैरहवा सेजमा स्थापित शक्ति मिनरल्स भन्ने उद्योगले भदौदेखि निर्यात गर्न थालिसक्यो । तर उक्त उद्योगले विशेष आर्थिक क्षेत्र ऐनमा भनिएजस्तो सहुलियत पाउन धेरै संघर्ष गर्नु परिरहेको छ । अर्थ मन्त्रालयका अधिकारीहरू बर्सेनि आउने आर्थिक ऐनमा विशेष आर्थिक क्षेत्र ऐनले दिएका सुविधा समावेश भएमात्र सुविधा पाउने व्याख्या गर्छन् । आयकर ऐन, भन्सार ऐन, मूल्य अभिवृद्धिकर ऐनका प्रावधानलाई समेत आर्थिक ऐनले फेरिदिन सक्छ । लगानीकर्ताले धेरै ऐन, कानुन र धेरै निकायसँग डिल गर्न सक्दैनन् । उनीहरू पारदर्शिता खोज्छन् । उनीहरूले जुन ऐन अन्तर्गत उद्योग, व्यवसाय स्थापना गरेका हुन्, त्यही ऐनले दिने सुविधा अन्तिम हुने भयो भन्ने सोच्छन् ।

सिमेन्ट उद्योग विस्तारसँगै नेपाल यसमा आत्मनिर्भर हुने बाटोमा छ । सिमेन्टमा विदेशी लगानी पनि भित्रिएको छ । सिमेन्ट उत्पादन गर्न अब हामीले क्लिंकर पनि आयात गर्नु नपर्ने भएको छ । सिमेन्ट उद्योगमा उच्च तहको मूल्य अभिवृद्धि (भ्यालु एडिसन) भएको छ । त्यस्तै, जुत्ता-चप्पल (फुटवेयर)को उत्पादनमा नेपालले राम्रो प्रगति गरिरहेको छ । औषधी उद्योगले पनि करिब आधा आयात प्रतिस्थापन गरिसक्यो । औषधी उत्पादनमा

आयात प्रतिस्थापन अभियानकै रूपमा सरकारबाट प्रोत्साहन भएर आउनुपर्ने हो, त्यो देखिँदैन ।

४-५ वर्षयता केही सुधार भएको छ । तथ्यांकले पनि देखाएको छ । तर भारत, बंगलादेश, माल्दिभ्सको तुलनामा हामी अझै पनि धेरै पछि छौं । हामीले सुधार गर्दा त्यसको तुलनात्मक मूल्यांकन गर्नुपर्छ; एकांकी ढंगले हामीले यति सुधार गऱ्यौं भनेर मात्र हुन्न । किनकि विश्वभर लगानी आकर्षित गर्न लगानी वातावरण सुधारको प्रतिस्पर्धा छ । लगानीको वातावरण सुधारमा राज्यको जिम्मेवारी हुन्छ, यहाँ मन्त्रालय, मन्त्रालयबाट झरेर विभाग, विभागबाट शाखा, मन्त्रालयभित्रै पनि विभाग र शाखाको कुरा मिल्दैन । विभाग र महाशाखाको कुरा मिल्दैन । महाशाखा र मन्त्रालयको कुरा मिल्दैन । त्यसैले एकीकृत खालको व्यवस्था हुनुपर्छ । संसद् र अदालतको भूमिका पनि लगानीलाई सहजीकरण गर्नेतर्फ हुनुपर्छ ।

सबै ऐनमा एकतारूपता हुनुपर्छ, त्यो हुन सकिरहेको छैन । अर्थ मन्त्रालयले हरेक वर्ष थाहै नभई भन्सारको मूल्यांकन फेरिदिन्छ, कहिले दर नै फेरिदिन्छ । भन्सार मूल्यांकन प्रणाली फेरिदिन्छ । यस्ता विषयमा समन्वय र तालमेल छैन ।

उत्पादनमूलक उद्योग भित्र्याउन भारतले प्रवर्द्धनात्मक कार्यक्रम कार्यान्वयन गरिरहेको छ । त्यसैले कम से कम भारतको सिक्किम र उत्तराखण्ड राज्यले दिएका जस्ता सुविधा हामीले पनि दिनुपर्छ । ऐनमा पनि 'अटोमेटिक रूट' जस्ता कुरामा हामी अगाडि बढ्नुपर्छ ।

जसले गर्दा न्युयोर्क या लन्डनमै बसेर कम्पनी दर्ता गर्न सकून्, अन्तिम स्वीकृति पनि लिन सकून् । हामी आफैंले उत्पादन गरेर भारत वा अन्य मुलुकमा बेच्न गाह्रो छ त्यसैले त्यहाँका उत्पादनमूलक उद्योगसँग मूल्य शृंखलामा आवद्ध हुने, करार सम्झैता गर्ने जस्ता बाटो समात्नुपर्छ । विश्वभरि नै उत्पादनको खण्डित विधि (फ्रयाग्मेन्टेड मोड अफ प्रडक्सन) प्रचलनमा छ । एउटा सग्लो वस्तुका लागि आवश्यक पार्टपुर्जा विभिन्न देशबाट आयात हुन्छ । अन्तिम उत्पादन हुने ठाउँमा त करिब-करिब एसेम्बिलङ जस्तो मात्र हुन्छ ।

यसरी ठूला उत्पादनमूलक उद्योगको मूल्य शृंखलामा आवद्ध हुन हामीकहाँ धेरै अध्ययन पनि भएको छैन, कम से कम ४-५ वटा उद्योगबाट हामीले सुरू गर्नुपर्छ । उत्पादनमूलक उद्योगलाई ध्यान दिँदा उत्पादकत्व बढ्छ, त्यसले रोजगारी सिर्जना गर्छ । हाम्रो व्यापारघाटा न्यूनीकरणमा मद्दत पुग्छ । अहिले केही ऐन-कानुनमा सुधार भएका छन्, तर त्यतिले पुग्दैन । प्रक्रियागत झन्झट न्यूनीकरण र पूर्वाधार सुविधा विस्तार गर्नुपर्छ ।

त्यस्तै, औषधी लगायत सम्भावना भएका क्षेत्रलाई प्रोत्साहन दिएरै भए पनि आयात प्रतिस्थापनमै ध्यान दिन जरूरी छ । भारतबाट आयात भइरहेका कृषि वस्तु आफ्नै उत्पादन बढाएर सहजै प्रतिस्थापन गर्न सकिनछ । त्यसकारण कृषि प्रशोधन लगायतमा सरकारले प्रोत्साहन (इन्सेन्टिभ) दिनुपर्छ । हामीकहाँ त उल्टो नीति छ, धेरै जग्गा लिनलाई नै अनुमति लिनुपर्छ । त्यी सबै प्रक्रियाले वर्षौं बित्छ । यसको सट्टा कोही कृषिको व्यवसायीकरण गर्छु भनेर आउँछ भने अझ उत्पादनसँग जोड्छ भने उसलाई जग्गा उपलब्ध गराउनुको साथै अन्य सुविधा दिएर प्रोत्साहन गर्ने नीति लिनुपर्छ ।

त्यस्तै, पर्यटन क्षेत्रमा हामीकहाँ अथाह सम्भावना छ । पर्यटनका प्रडक्ट धेरै छन् । २४ प्रतिशत भूभाग त राष्ट्रिय निकुञ्जभित्र छ । १-२ वटा होटल खोल्नेबाहेक त्यसको संरक्षणसहितको उपयोग हामी गर्न सकेका छैनौं । पर्यटनबाट लाभ लिन विमानस्थल र द्रुतमार्ग तथा सडक र पदमार्गको स्तरोन्नतिमा सरकारले कदम चाल्नुपर्छ ।

सुधारका लागि के गर्ने ?

प्रत्यक्ष वैदेशिक लगानी दर्ता गर्नुपर्ने ठाउँ एउटै हुनुपर्छ । लगानीकर्तालाई लगानी एवं कम्पनी दर्तासम्बन्धी एउटै सूचना दिएर त्यही सूचना वा पोर्टल सबै निकायले प्रयोग गर्नुपर्छ । जस्तो, अहिले उद्योग मन्त्रालय, लगानी बोर्ड, नेपाल राष्ट्र बैंक, कम्पनी रजिस्ट्रार कार्यालय, उद्योग विभागमा दर्ताका लागि छुट्टाछुट्टै निवेदन दिनुपर्छ । अनलाइनबाट दर्ता र डिजिटल हस्ताक्षरको विषय ऐनमा आइसके पनि 'हार्ड कपी' दिनुपर्ने व्यवस्था यथावत छ । त्यसैले कम्पनी दर्ता गर्ने एउटै ठाउँ र त्यो पनि अनलाइनबाटै सम्पूर्ण प्रक्रिया गर्न सकिने खालको हुनुपर्छ । र, डिजिटल सिग्नेचरलाई पूर्ण मान्यता दिनुपर्छ । पछिल्लो समय एकद्वार प्रणालीले आकार लिन थालेको देखिन्छ । यसलाई छिटो-छरितो बनाउने र त्यहाँबाटै सबै निर्णय गराउनुपर्छ । त्यसलाई प्रभावकारी बनाउनु पर्छ ।

अहिले वैदेशिक लगानीमा प्रतिबन्धित सूची (नेगेटिभ लिस्ट) बढेको छ । जस्तो एग्रो प्रोसेसिङ, डेरीका विषय र थ्रेसहोल्डका कुरा । न्यूनतम लगानीको (थ्रेसहोल्ड) सीमा बढेको छ । सूचना प्रविधि क्षेत्र, भेन्चर क्यापिटलका क्षेत्रमा पाँच लाख अमेरिकी डलर भनेको निकै नै ठूलो रकम हो ।

त्यस्तै, विशेष आर्थिक क्षेत्र (सेज) र औद्योगिक क्षेत्रमा पनि लगानीकर्ता आएका छैनन् । सेजमा आउन चाहने उद्योगलाई दिनुपर्ने सेवा, सुविधा छिटो-छरितो हुनुपर्छ । सेज निजी क्षेत्रलाई नै सञ्चालन गर्न दिए हुन्छ या अन्य उपाय अपनाउन सकिन्छ भन्नेमा सरकारले सोच्न ढिला भइसकेको छ । चिनियाँ, भारतीय, बेलायती जोसुकै होस्, उनीहरूलाई नै सञ्चालन गर्न दिने हो भने सेजमा केही सुविधा होला कि भन्ने अपेक्षा गर्न सकिन्छ । किनभने त्यहाँभित्रको पूर्वाधार उनीहरूले बनाइदिन्छन् वा बनाउन सहयोग गर्छन् । सीप विकासमा कम से कम वैदेशिक लगानी भएका वा नेपाली नै लगानीकर्ता पनि हुन्छन् । सेज जस्तो औद्योगिक क्षेत्र भएकोमा त्यहीँ नै एउटा सीप विकाससम्बन्धी स्कुल स्थापना गर्नुपर्छ । जसले गर्दा धेरैले सीप निखार्न पाउँछन् । नेपालीले पनि त्यहीँ आएर सीप सिक्छन्, त्यहीँ काम पाउँछन् । र त्यहाँ लगानी गर्ने लगानीकर्तासँग पनि अन्तर्क्रिया भइरहन्छ । समग्रमा यसले मुलुकमा सीपयुक्त जनशक्तिको संख्या बढाउँछ । कर र नाफा फिर्तासम्बन्धी विषय सरल बनाउनु जरूरी छ । किनभने डुइङ बिजनेस इन्डेक्स हेर्दा पनि कर प्रणालीमा धेरै सुधारको खाँचो देखिन्छ ।

अन्त्यमा, जबसम्म वैदेशिक लगानी ल्याउने मामिलामा निजी क्षेत्र संलग्न हुँदैन, तबसम्म लगानी आउन सक्दैन । वैदेशिक लगानीका लागि निजी क्षेत्र पनि लाग्नुपर्छ । जतिबेलासम्म निजी क्षेत्रलाई सरकारले अगाडि बढाउँदैन, त्यसबेलासम्म उत्पादनमूलक उद्योगमा वैदेशिक लगानी आउँदैन । अर्को, सरकारले दक्षतापूर्ण पुँजीगत खर्च गर्न नसकेसम्म निजी क्षेत्रको लगानी त्यसै रोकिन्छ । साँच्चिकै नेपाललाई विदेशी लगानीको आकर्षक गन्तव्य बनाउने हो भने सरकारको पुँजीगत खर्च गर्ने शैली, परम्परा र संस्कृतिमा आमूल सुधार आवश्यक छ ।

बचत खातामा ३१% सम्मको फाइदा

३१%
सम्मको फाइदा*

६%
व्याज

+

२५%
सम्मको
स्वास्थ्य बीमा

१ लाख
सम्मको
दुर्घटना बीमा

२०% सम्म छुट
१०० भन्दा बढी अस्पतालहरुमा
स्वास्थ्य परीक्षण गराउँदा
अस्पतालहरुको सूची बैंकको
वेबसाइटमा उपलब्ध छ

सन्राइज
बचत खातामा
८ अद्भुत
सुविधा

*शर्त लाग्नु हुनेछ ।

राष्ट्र बैंकको निर्देशन अनुसार बचत खातामा रहेको रकम समेत सुरक्षण गरिएको ।

अब भारत स्थित तोकिएका अस्पतालहरुमा स्वास्थ्य उपचारको लागि पनि योग्य । चैत्र १, २०७५ देखि वर्षको ३ पटकसम्म औसत मौज्दातको २५% सम्म, रु. १ लाख नबढ्ने गरी स्वास्थ्य बीमा दाबि गर्न सकिने ।

सन्राइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED
RISING TO SERVE

For more info
Toll Free Customer Care
16600122444

तपाईंको बचत, तपाईंकै सुरक्षामा
हामी संग-संगै

NIBL
एक रूपैयाँमा आफ्नै बचत खाता
नेपालको उत्कृष्ट बैंक NIBL मा
एक रूपैयाँमा खाता खोल्नुहोस्
आफ्नो भविष्यको लागि अलिअलि गर्दै मेहनतको कमाइ जम्मा गर्न NIBL मा गएर
एक रूपैयाँमा आफ्नै बचत खाता खोलौं ।
नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
1234 XXXX XXXX XXXX
mastercard
or
VALID ONLY IN NEPAL AND INDIA
ELECTRONIC USE ONLY
VISA
नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
HO Durbar Marg, P. O. Box: 3412, Kathmandu, Nepal
info@nibl.com.np
www.nibl.com.np
Please visit our nearest branch for further details (थप जानकारीका लागि नजिकको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस्)
ICRA NEPAL

लघु, घरेलु र साना
उद्योगमा लगानी

हाम्रो देशको औद्योगिकीकरण गर्न सक्ने खासखास क्षेत्रहरू छन्, जसलाई व्यवस्थित ढंगले सञ्चालन गर्न सके ठूलो रोजगारीका अवसर सिर्जना भई देशको आर्थिक विकासमा सकारात्मक प्रभाव पर्छ । कृषि, गैरकाष्ठजन्य वन, जडीबुटी तथा प्राकृतिक रेशा, खनिज, पर्यटन उद्योग-व्यवसाय, वैकल्पिक तथा नवीकरणीय ऊर्जा, सूचना तथा सञ्चार प्रविधि हाम्रा तुलनात्मक लाभका प्रतिस्पर्धी क्षमता भएका क्षेत्र हुन् ।

श्यामप्रसाद गिरी

विषय प्रवेश

लघु, घरेलु तथा साना उद्योगको कुरो गर्दा हरेक राष्ट्रले आफ्नो मौलिक पहिचान र तुलनात्मक लाभ भएका उत्पादन तथा वस्तुलाई संरक्षण गर्ने नीति लिएको हुन्छ र यसलाई विदेशी लगानीबाट टाढै राखिन्छ । त्यसैले मौलिक पहिचानयुक्त वस्तु उत्पादन गर्ने लघुउद्यम तथा घरेलु तथा साना उद्योगमा आन्तरिक लगानीको हिस्सा बढी हुने गर्दछ । नेपालमा पनि यस्ता मौलिक वस्तु उत्पादन गर्ने उद्योगमा वैदेशिक लगानी छैन । तथापि कहिलेकहीँ यस विषयमा नीति-निर्माण तहमा प्रस्ट धारणा बन्न नसक्दा केही समस्या पैदा हुने गर्दछ । गत वर्ष सरकारले संसद्मा पेस गरेको विदेशी लगानी तथा प्रविधि हस्तान्तरणसम्बन्धी ऐन संशोधन र एकीकरण गर्न बनेको विधेयकमा लघुउद्यम तथा घरेलु उद्योग लगायत कृषि तथा कृषिसँग सम्बन्धित उद्योग, मत्स्यपालन, मौरीपालन तथा डेरी उद्योगमा समेत विदेशी लगानी खुला गर्ने प्रस्ताव थियो । यसले हाम्रा थुप्रै स्वदेशी उद्योगलाई प्रभावित पार्ने अवस्था भएकोले नेपाल घरेलु तथा साना उद्योग महासंघ लगायत अन्य सरोकारवालाले त्यसमा आपत्ति जनाए । फलस्वरूप लघुउद्यम तथा घरेलु उद्योग लगायत कृषि तथा कृषिसँग सम्बन्धित उद्योग, मत्स्यपालन, मौरीपालन तथा डेरी उद्योगमा विदेशी लगानी खुला गर्ने प्रस्तावित प्रावधान हटाइएको छ ।

नेपाल जस्तो विकासोन्मुख राष्ट्रको आर्थिक विकास र समृद्धि प्राप्त गर्ने माध्यम भनेको उद्यमशीलता विकास नै हो र उद्योग, व्यवसाय क्षेत्रको समुचित विकासबिना दिगो आर्थिक विकास सम्भव पनि छैन । विगतमा हाम्रा उद्योगहरू पर्याप्त अध्ययन, अनुसन्धान र व्यावसायिक योजनाबिना हचुवाका भरमा जहाँ मन लाग्यो त्यहीँ स्थापना र सञ्चालन गर्ने परम्परा रह्यो र उद्योगको कार्यस्थल वातावरणमैत्री र स्वास्थ्यका दृष्टिले उपयुक्त पनि हुन सकेनन् । फलस्वरूप धेरै उद्योग-धन्दा बन्द वा रूग्ण भए । सञ्चालित उद्योग, व्यवसाय पनि पूर्ण क्षमतामा सञ्चालन भएनन् । त्यसैले अब भएका उद्योगलाई समयसापेक्ष ढंगले परिवर्तन गर्दै तिनीहरूको उत्पादकत्व, उत्पादनको गुणस्तर र परिमाण अभिवृद्धि गर्न आवश्यक देखिन्छ । यसका लागि नेपालको संघीय संरचना अन्तर्गत प्रदेश र स्थानीय सरकारले आफ्नो क्षेत्राधिकारभित्र रही आफ्नो प्रदेशभित्र कस्ता उद्योग सञ्चालन गर्दा तुलनात्मक लाभ प्राप्त गर्न सकिन्छ र अर्थतन्त्र आत्मनिर्भर, समृद्ध र सुदृढ बनाउन सकिन्छ भनी अध्ययन र विश्लेषण आवश्यक छ ।

संविधानतः मुलुकमा केन्द्र (संघीय) सरकार, प्रदेश र स्थानीय गरी तीन किसिमका सरकार अस्तित्वमा छन् । बदलिँदो सन्दर्भमा विगतको नीति-नियम, ऐन, कानुन समयसापेक्ष नहुने हुँदा संघका नीति नियमलाई समयसापेक्ष ढंगले परिवर्तन गर्न जरूरी छ भने प्रदेश र स्थानीय सरकारले आफ्नो क्षेत्रभित्र नीति-नियम, ऐन, कानुन, नियमावली र कार्यविधि बनाउन आवश्यक छ ।

वर्तमान अवस्था

आर्थक वर्ष २०७४/०७५ को तथ्यांक अनुसार नेपालमा चार लाख १८ हजार ५२ घरेलु र साना उद्योग दर्ता भएकोमा सो वर्षसम्म नवीकरण भई दर्ता कायम रहेका घरेलु तथा साना उद्योगको

संख्या दुई लाख ९९ हजार ३ सय ११ छ । यस क्षेत्रमा ४११९५ करोड रूपैयाँ रहेको र २६ लाख ६ हजार ८६ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेको देखिन्छ । यसबाहेक मुलुकभर झण्डै पाँच लाख लघुउद्यम, व्यवसायबिना दर्ता सञ्चालनमा रहेको विभिन्न अध्ययनले देखाएका छन् । यसरी गणना गर्दा मुलुकको कुल गार्हस्थ उत्पादनमा यस क्षेत्रको योगदान १५ प्रतिशत रहेको अनुमान गर्न सकिन्छ । आर्थिक यथार्थ यो हुँदाहुँदै पनि राष्ट्रिय अर्थतन्त्रको मूलप्रवाहमा लघु, घरेलु तथा साना उद्योग क्षेत्रले यथेष्ठ स्थान पाउन सकेको छैन । यी उद्योगबाट आजको पुस्ताले आकर्षक प्रतिफल प्राप्त गर्न नसकेको हुँदा युवा पुस्ताको लगाव यस क्षेत्रप्रति न्यून छ । प्रविधि प्रयोगको हिसाबले अत्यन्तै पुराना र कम उत्पादकत्व भएका प्रविधि, पुँजी पहुँचको हिसाबले बैंक तथा वित्तीय संस्थासम्म पहुँच पुग्न नसकी पारिवारिक पुँजीमै सीमित रहेको र बजारीकरणका लागि परम्परागत प्रक्रियामै आधारित रहेको कारण यिनीहरूको स्तरोन्नति हुन सकेको छैन । परिणामतः यस क्षेत्रमा अपेक्षाकृत पर्याप्त स्वदेशी लगानी समेत आउन सकेको देखिँदैन ।

लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नवीकरण गर्दा गरिएको वर्गीकरणका आधारमा सुरूदेखि आर्थिक वर्ष २०७४/०७५ सम्म दर्ता कायम रहेका घरेलु तथा साना उद्योगको संख्या यस्तो छः

उत्पादनमूलक उद्योग	८३,८०३
ऊर्जामूलक उद्योग	५५७
कृषि तथा वनजन्य उद्योग	५०,५४०
पर्यटन उद्योग	३५,२८१
खनिज उद्योग	४७६
सेवा उद्योग	१२,४६६६
निर्माण उद्योग	७,२६२
सूचना तथा प्रविधि	१८९
स्रोत : लघु, घरेलु तथा साना उद्योग तथ्यांक २०७४/०७५	

यसैगरी, प्रादेशिक आधारमा दर्ता कायम रहेका घरेलु तथा साना उद्योगको स्थिति यस प्रकार छः

प्रदेश १	४९,७३५
प्रदेश २	४७,४४६
प्रदेश ३	१,२४,३९३
गण्डकी प्रदेश	३२,५७२
प्रदेश ५	५९,४४८
कर्णाली प्रदेश	१३,८४१
सुदूरपश्चिम प्रदेश	२,११७२
सोत : लघु, घरेलु तथा साना उद्योग तथ्यांक २०७४/०७५	

समानुपातिक रुपमा सबै भौगोलिक क्षेत्रमा सम्भाव्यता अनुसारको उद्योग स्थापना गर्न पूर्वाधार युक्त उद्योग ग्राम हाम्रो आवश्यकता हो । तर भौगोलिक जटिलताको साथसाथै नीतिगत र कार्यक्रमिक व्यवस्थापन अभावका कारण यो समस्या सम्बोधन हुन सकेको छैन ।

चुनौती

भौगोलिक बनावट

मुलुकको भू-बनोट अनुसार भौतिक पूर्वाधारको विकास हुन नसक्दा लघु, घरेलु तथा साना उद्योगको क्षेत्रमा अपेक्षाकृत स्वदेशी लगानी समेत आउन सकेको देखिँदैन । त्यसैगरी, पर्याप्त सडक सञ्जाल र यातायातको समुचित विकास हुन नसक्दा अपेक्षाकृत रूपमा सम्भावित भौगोलिक क्षेत्रभित्र उद्योग स्थापना हुन र उद्योगको उत्पादन पनि सम्भावित बजारसम्म पुग्न सकेको छैन । यो समस्या खासगरी पहाडी भेगमा एउटा राष्ट्रिय समस्याको रूपमा छ । समानुपातिक रूपमा सबै भौगोलिक क्षेत्रमा सम्भाव्यता अनुसारको उद्योग स्थापना गर्न पूर्वाधारयुक्त उद्योग ग्राम हाम्रो आवश्यकता हो । तर भौगोलिक जटिलताको साथसाथै नीतिगत र कार्यक्रमिक व्यवस्थापन अभावका कारण यो समस्या सम्बोधन हुन सकेको छैन । परिणामतः सुगमतिरको बसाइँसराइले पहाडी भू-भाग खाली हुनु राज्यकै लागि एउटा चुनौती हो ।

उद्योग ग्राम स्थापना र उद्योग स्तरोन्नति

हाल सञ्चालित लघु, घरेलु तथा साना उद्योगहरू पूर्ण क्षमतामा सञ्चालन हुन नसकेकाले स्तरोन्नति गरी पूर्ण क्षमतामा सञ्चालन गर्नु आवश्यक छ । त्यसैले यस्ता उद्योगको स्तरोन्नति गर्न र संस्थागत प्रतिष्ठानको स्वरूप ग्रहण गराउन महासंघले विगतदेखि नै लघु, घरेलु तथा साना उद्योगको विकासका लागि पालिका तहमै घरेलु उद्योग ग्राम र जिल्लास्तरमा साना उद्योग ग्राम स्थापनाको लागि प्रयास गर्दै आएको छ । तर यसो हुन नसक्दा उद्योगको स्तरोन्नति र पूर्ण क्षमता अनुसार सञ्चालन हुन सकिरहेको छैन । हुन त वर्तमान सरकारले यसलाई सम्बोधन गर्न प्रत्येक पालिकामा एउटा उद्योग ग्रामको अवधारणा अघि सारेको छ, तर संघीय मन्त्रालय र प्रदेश मन्त्रालयबीचको प्रशासनिक खिचातानीले यसलाई पनि जिरो गियरमा हिँडाइरहेको अवस्था छ ।

वित्तीय पहुँच

लघु घरेलु तथा साना उद्योगमा अहिले वित्तीय पहुँच समस्याको रूपमा छ । बैंकहरू नेपाल राष्ट्र बैंकलाई पेनाल्टी तिर्न तयार हुन्छन्, तर यस क्षेत्रमा लगानी गर्न सहज रूपमा प्रस्तुत नहुने परिपाटी छ । लगानी गरिहाले पनि ठूला उद्योगको तुलनामा ब्याज बढी लिने, सहर-बजारको धितो खोज्ने र झन्झटिलो कागजी प्रक्रियाले सहज वित्तीय पहुँच स्थापित गर्न सकिएको छैन । त्यसैगरी, ग्रामीण तहका सहकारी पनि उद्यममुखी हुन नसक्नु अर्को प्रमुख समस्या हो ।

प्रविधि पहुँच

प्रविधि सूचना र प्रविधिमाथिको पहुँच पनि लुघ, घरेलु तथा साना उद्योगको ठूलो समस्या हो । उपयुक्त प्रविधिको जानकारीको अभावमा अहिले पनि धेरैजसो लघु, घरेलु तथा साना उद्योग पुरातन प्रविधिमा सञ्चालित छन्, जसले गर्दा श्रमिक र सिंगो उद्योगको उत्पादकत्व अत्यन्तै न्यून छ । परिणामतः यस क्षेत्रमा युवापुस्ता आकर्षित हुन सकेको छैन र उद्योगमा पुस्ता हस्तान्तरण हुन सकेको छैन । यस क्षेत्रमा अहिले उद्योग मन्त्रालय, विज्ञान तथा प्रविधि मन्त्रालय, कृषि तथा पशुपक्षी विकास मन्त्रालय, स्थानीय विकास मन्त्रालय, राष्ट्रिय विज्ञान तथा प्रविधि प्रतिष्ठान, नेपाल कृषि अनुसन्धान परिषद् र केही विश्वविद्यालयहरू (रिकास्ट) समेत कार्यरत रहे पनि यी निकायबीच समन्वय हुन नसक्दा अपेक्षित उपलब्धि प्राप्त हुन सकेको छैन ।

बजारीकरण

सानो पुँजी, थोरै उत्पादन क्षमता र प्रतिस्पर्धी उत्पादनको अभावमा लघु, घरेलु तथा साना उद्योगले बजारको समस्या भेल्दै आएका छन् । विगतमा राज्यले यस्ता उद्योगको उत्पादन किनेर बेच्ने व्यापारीको काम गरेको पनि इतिहास छ । तर यो विधि उपयुक्त नभएको हुँदा समयक्रममा असफल हुन पुग्यो । त्यसैले विगतको इतिहासबाट पाठ सिक्दै लघु, घरेलु तथा साना उद्योगको उत्पादनको बजारीकरणका लागि स्वदेशी वस्तुको प्रयोगको राष्ट्रिय अभियान नै सञ्चालन गर्न जरूरी छ । यसले एकातिर आयात प्रतिस्थापन गरी व्यापार घाटा कम गराउँछ भने अर्कोतिर हामीलाई आवश्यक हुने दैनिक उपभोग्य वस्तुदेखि सबै क्षेत्रका वस्तु उत्पादनमा स्वदेशी तथा विदेशी लगानी भित्र्याउन सहयोग पुऱ्याउँछ । त्यो बाहेक बजारीकरणका लागि पालिका र जिल्ला तहमा सौगात गृह, कोसेली घर र प्रदेश र राष्ट्रिय स्तरमा निर्यात गृह स्थापना र इन्टरनेट मार्केटिङका लागि इ-कमर्स ल्याबहरूको स्थापना गरी नेपाली उत्पादनहरूको बजारीकरण गर्न सकिने अवस्था पनि विद्यमान छ ।

नितिगत अस्पष्टताको व्यवस्थापन

हाम्रो सन्दर्भमा लघु, घरेलु उद्योग ज्यादा जसो असंगठित र अव्यवस्थित छन् । यी अहिले पनि राज्यका व्यावसायिक संयन्त्रको मूल प्रवाहमा आउनु त के समेटिन पनि सकेका छैनन् । यस्तो परिस्थितिमा यिनलाई अर्थतन्त्रको औपचारिक र संस्थागत अवयव बनाउन केही विशेष छुट र सुविधा दिनु जरूरी छ । तर कहिलेकहीँ ठूला र संगठित उद्योग व्यावसायलाई गरिएको अनिवार्य व्यवस्था यस्ता उद्योगमा पनि लागू हुने प्रावधानले यस्ता उद्योग, व्यवसाय बन्द हुने जोखिममा पुग्छन् ।

सरकारद्वारा हालै व्यवस्था गरिएको सामाजिक सुरक्षा कोष, न्यूनतम पारिश्रमिक, श्रमिकको तलब भुक्तानी बैंकमार्फत गर्नुपर्ने व्यवस्था, अनिवार्य प्यान नम्बर र मालवस्तु तथा ढुवानीका साधनको अनुगमन प्रणाली (भीसीटीएस) लगायत व्यवस्था यिनीहरूको पहुँच र जानकारीमा ल्याउन केही समय लाग्ने हुँदा हामीले यसका लागि सरकारसँग केही समय माग गरेका हौं । तर यसलाई तत्कालै लागू गर्नुपर्ने बाध्यता सम्बन्धित निकायले सिर्जना गरे भने धेरैजसो लघु, घरेलु र साना उद्याग बन्द हुने अवस्था आउन सक्छ ।

स्थानीय निकायको अज्ञानता र हठ

अहिले उद्यम र व्यवसायमा तहगत रूपमा लाग्न थालेको दोहोरो, तेहरो कर तथा मनलाग्दी सिफारिस र सेवा दस्तुरले व्यावसायिक वातावरणमा शंका र संशय पैदा गरेको छ । हुन त विश्व बैंकको डुइङ बिजनेस सूचकांकमा हाम्रो स्तर राम्रो भएको देखिए पनि नयाँनयाँ उद्योगमा लगानी गर्न व्यावसायिक घराना डराइरहेको हुँदा यस्तो परिस्थितिमा साना उद्योगी पनि डराउने वातावरण नजानिँदो रूपले विकसित भइरहेकोतर्फ सरकार समयमै सचेत हुन जरूरी छ ।

अहिले स्थानीय तहहरूले वातावरण लगायत विषयमा जनताको माग सम्बोधनको नाममा सञ्चालित उद्योग बन्द गराउने र डोजर चलाउने क्रम सुरु भएको छ । यसको ज्वलन्त उदाहरण प्रदेश नं. ३ को नमोबुद्ध नगरपालिकाले ईंट्टा उद्योगमा डोजर चलाएको घटना हो । यो समस्यालाई सम्बादका माध्यमबाट हल गर्नुको साटो काइते कागजी प्रक्रिया तयार गरी उपयुक्त स्थानमा स्थानान्तरण गरी समाधान गर्ने अवसर हुँदाहुँदै डोजर चलाउनु दुखद् संयोग बन्न पुगेको छ र या क्रम अन्यत्र पनि प्रयोग हुने सम्भावना देखिएको छ । यसो गर्दा एउटा मेयरले बहादुरी गरे भनेर त देखाउला तर यसले उद्योगमा लगानीको वातावरण बिगारी सिंगो मुलुकको लगानी वातावरण खल्बल्याउने छ ।

अहिले स्थानीय तहहरुले वातावरण लगायत विषयमा जनताको माग सम्बोधनको नाममा सञ्चालित उद्योग बन्द गराउने र डोजर चलाउने क्रम सुरु भएको छ । यसको ज्वलन्त उदाहरण प्रदेश नं. ३ को नमोबुद्ध नगरपालिकाले ईंट्टा उद्योगमा डोजर चलाएको घटना हो ।

सम्भावना

नेपालको सन्दर्भमा लघु, घरेलु तथा साना उद्योगको विकासको सम्भावना ज्यादै प्रबल छ । यहाँ रहेका प्राकृतिक स्रोत र साधनलाई कच्चा पदार्थको रूपमा प्रयोग गर्दै उपभोग्य वस्तुको रूपमा उत्पादन गरी निर्यात गर्न सक्ने हो भने अहिलेको निर्यातको आकार निकै बढाउन सकिन्छ, जसले रोजगारीमा उल्लेखनीय योगदान पुऱ्याई आय र आयको वितरणमा अहम् भूमिका खेल्न सक्छ।

नेपाल सरकारले बढ्दो बेरोजगारी र मुलुकबाट युवा पलायन हुने समस्यालाई सम्बोधन गर्न तथा युवालाई कृषि व्यवसायमा आकर्षित गर्न ग्रामीण क्षेत्रमा गरिने कृषिसम्बन्धी विभिन्न व्यवसायमा वित्तीय स्रोतको परिचालन गर्दै निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिकीकरण, विविधीकरण र व्यवसायीकरण गरी राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक योगदान पुऱ्याउन व्यावसायिक कृषि तथा पशुपक्ष कर्जामा प्रदान गरिने ब्याज अनुदानसम्बन्धी कार्यविधि बनाई लागू गरेकोले युवाहरू कृषि व्यवसायमा आकर्षित हुने स्थिति देखिएको छ जसबाट स्थानीयस्तरमा कृषिमा आधारित लघु, घरेलु तथा साना उद्योगको स्थापना र लगानीको सम्भावना बढेको छ ।

यसैगरी, विभिन्न स्थानीय निकायले स्थानीय तहमा कृषिको व्यवसायीकरण गर्न, कृषि व्यवसायको प्रवर्द्धन एवं व्यवस्थापन गर्न, कृषक एवं कृषि व्यवसायीबीच आपसी सम्बन्ध सुदृढ गर्न तथा कृषि करारको माध्यमबाट उत्पादन बढाउन र बजारीकरणद्वारा व्यावसायिक रूपमा समग्र कृषि विकासका लागि आवश्यक कानुनी व्यवस्था गर्न निर्देशिका तथा कार्यविधि बनाइ कृषि उद्यम विकासका लागि चालेको कदमबाट पनि लघु, घरेलु तथा साना उद्योगको विकासमा सघाउ पुग्ने देखिन्छ ।

हाम्रो देशको औद्योगिकीकरण गर्न सक्ने खासखास क्षेत्रहरू छन्, जसलाई व्यवस्थित ढंगले सञ्चालन गर्न सके देशभित्रै ठूलो रोजगारीका अवसर सिर्जना भई देशको आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पर्छ । हाम्रो देशको औद्योगिकीकरण गर्न सक्ने खासखास क्षेत्रहरू छन्, जसलाई व्यवस्थित ढंगले सञ्चालन गर्न सके ठूलो रोजगारीका अवसर सिर्जना भई देशको आर्थिक विकासमा सकारात्मक प्रभाव पर्छ । कृषि, गैरकाष्ठजन्य वन, जडीबुटी तथा प्राकृतिक रेशा, खनिज, पर्यटन उद्योग-व्यवसाय, वैकल्पिक तथा नवीकरणीय ऊर्जा, सूचना तथा सञ्चार प्रविधि हाम्रा तुलनात्मक लाभका प्रतिस्पर्धी क्षमता भएका क्षेत्र हुन् ।

दूरसञ्चार सेवाको प्रयोग सम्वन्धमा बुझिराख्नु पर्ने केही कुराहरू

- आफ्नो नाममा दर्ता भएको कुनै पनि टेलिफोन/मोवाइल अर्कैले प्रयोग गरी दुरुपयोग हुन सक्ने सम्भावना भएको र कतिपय अपराधिक घटनाहरुमा यस्ता दूरसञ्चार सेवाको प्रयोग भएको पाईएकोले आफ्नो नाममा दर्ता भएको टेलिफोन/मोवाइल दुरुपयोग हुनबाट सचेत होऔं, साथै नियमानुसार नामसारी गरेर मात्र अरुलाई प्रयोग गर्न दिने बानी बसालौं ।
- अनाधिकृत दूरसञ्चार सेवाको प्रयोग/विस्तार कानूनत दण्डनीय छ । तसर्थ नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुले प्रदान गरेको सेवा मात्र प्रयोग गर्ने तर्फ सजग होऔं ।
- कुनै अपरिचित व्यक्तिलाई आफ्नो मोवाइल फोन प्रयोग गर्न नदिउँ । यदि आवश्यकता नै परेमा उसको बारेमा बुझेर मात्र प्रयोग गर्न दिउँ ।
- तपाईले खरिद गर्न लाग्नु भएको प्रि-पेड मोवाइलको सिम कार्ड क्भर्बा इउभल भएको, द्यबबिलअभ कम भएको वा पहिले नै रजिष्टर भैसकेको हुन सक्ने भएकोले त्यसमा सचेत हुनुहोस् र पछि आईपर्ने झन्झटबाट मुक्त हुनुहोस् ।
- दूरसञ्चार सेवाका उपभोक्ताहरुले आफ्नो टेलिफोन/मोवाइल हराएमा वा चोरी भएमा सम्बन्धित सेवा प्रदायकको सोधपुछमा सम्पर्क राखी बन्द गराउनु होला, जसको कारणले तपाईको हराएको वा चोरी भएको मोवाइल फोन दुरुपयोग हुनबाट बच्न सक्नुहुनेछ ।

नेपाल दूरसंचार प्राधिकरण

कमलादी, काठमाडौं, नेपाल

फोन नं.९७७-१-४२५५४७४ फ्याक्सः ९७७-१-४२५५२५० पो.ब.नं.: ९७५४,

ई-मेलः ntra@nta.gov.np वेभसाइटः www.nta.gov.np

वैदेशिक लगानी
अवसर र चुनौती

नेपालले बिकेन्द्रित शासन व्यवस्था अपनाई प्रादेशिक र स्थानीय सरकारको अभ्यास सुरु गरेकाले लगानीका लागि नयाँ अवसर र चुनौती दुवै थपिएका छन् । सन्तुलित प्रादेशिक विकास हुने गरी प्राथमिकताका क्षेत्रमा वैदेशिक लगानी परिचालन गर्ने सरकारको रणनीतिले लगानीका नयाँनयाँ क्षेत्र पहिचान भएका छन् । तर नीतिगत समन्वय हुन सकेन भने बाह्य लगानीकर्ताका लागि फरक-फरक प्रदेशका नीतिहरूले बोझ खडा गर्न सक्छन् भन्ने आशंका कायमै छ ।

सतिशकुमार मोर

देशको अर्थव्यवस्थामा वैदेशिक लगानीको बहुआयामिक असर अर्थात 'मल्टिप्लायर इफेक्ट'ले उच्च आर्थिक वृद्धि मात्र होइन समग्र मानवीय विकासमा सकारात्मक भूमिका निर्वाह गर्छ । यसैले आजको समयमा वैदेशिक लगानी आकर्षित गर्न हरेक मुलुकहरूले प्रतिस्पर्धा गरिरहेका छन् । मूलतः देशको अर्थराजनीतिक अवस्था, स्रोतको उपलब्धता, जनसंख्या, बजार र नीतिगत सुधारलाई लगानीकर्ताले नियालिरहेका हुन्छन् । यी अवस्थामा अनुकूलता देखिनासाथ लगानीकर्ता त्यसतर्फ आकर्षित भइहाल्छन् । नेपालको सन्दर्भमा हेर्दा, हिजोका दिनमा देशको प्राथमिकता राजनीतिक स्थिरता प्राप्त गर्नेमा थियो । त्यो पूरा भइसक्यो । लोकतान्त्रिक प्रणालीबाटै स्थायी सरकार पनि गठन भइसकेको छ । अबका दिनमा सरकारसहित सबै साझेदारको ध्यान आर्थिक र औद्योगिक विकासमा केन्द्रित हुनुपर्छ । त्यो भाषणमा मात्र सीमित गरेर हुँदैन व्यवहारमा देखिनुपर्छ । यसले वैदेशिक लगानीका लागि आधार तयार गर्न मद्दत पुऱ्याउँछ ।

वैदेशिक लगानीकर्ताको दृष्टिकोणबाट हेर्दा, प्राकृतिक सम्पदाको प्रचूरता, तुलनात्मक रूपमा न्यून ज्यालादर, आन्तरिक बजारको माग निकै उपयोगी हुने देखिएको छ । यसबाहेक वैदेशिक लगानी, व्यापार तथा विकास सहकार्यसम्बन्धी बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय सम्झौताहरूमा नेपालले हस्ताक्षर गरिरहेकाले लगानीकर्ताले अन्तर र्राष्ट्रिय बजार प्रवेशमा पाउने सहजता र छिमेकी मुलुकहरूको ठूलो बजार र त्यहाँ भएको उच्च आर्थिक वृद्धि एवं बढ्दो मध्यमवर्गीय जनसंख्याबाट लगानीकर्ताले प्रचूर फाइदा लिन सक्छन् ।

अर्कोतर्फ सरकारले आयात प्रतिस्थापन गरी राष्ट्रिय अर्थतन्त्र निर्माणमा नीतिगत सुधार गर्दै जान थालेको परिप्रेक्ष्यमा आयात भइरहेका वस्तु तथा सेवा उत्पादन गरी आन्तरिक माग पूर्ति गर्ने तथा निर्यात विस्तार गर्न सकिने भएकाले वैदेशिक लगानीकर्ताका लागि नयाँ अवसर सिर्जना हुन सक्छ । अर्कोतर्फ सरकारले मुलुकलाई नवप्रवर्तनशील, प्रतिस्पर्धी र अर्थतन्त्रलाई गतिशील' बनाउने गरी ठूला परियोजनामा विदेशी लगानी आकर्षित गर्न योजना अघि सार्न थालेको देखिन्छ । समग्रमा हेर्दा, राष्ट्रिय उत्पादन तथा उत्पादकत्व बढाउने, प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने तथा व्यापार सन्तुलन कायम गर्ने दिशामा सरकारले वैदेशिक लगानी आकर्षण र वृद्धि खोजेको पाइन्छ । सरकारको वार्षिक बजेट तथा योजनाहरूले तीव्र आर्थिक वृद्धिदर र त्यसका लागि उल्लेख्य वैदेशिक लगानीको आवश्यकताबोध गरेको देखिन्छ । योजना आयोगले तयार गरेको १५औं योजनामा अर्थतन्त्रका अधिकांश सूचकहरु दोब्बर वृद्धि गर्ने लक्ष्य छ । औसत ६ प्रतिशत हाराहारीमा रहेको आर्थिक वृद्धिदरलाई १० प्रतिशत हाराहारी पुऱ्याउने भनिएको छ । सन् २०२२ सम्ममा अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति गर्ने, सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकमा उक्लने र दिगो विकासका लक्ष्यहरु (एसडिजी) हासिल गर्ने भनिएको छ । त्यसको नौ वर्षपछि अर्थात २०८७ मा उच्च मध्यम आय भएको मुलुकमा नेपाललाई पुऱ्याउने सरकारी लक्ष्य तय भएका छन् । यसका लागि २८.६ प्रतिशत रहेको बहुआयामिक गरिबीको दरलाई पाँच वर्षमा १४ प्रतिशतमा सीमित गर्ने भनिएको छ । ११.४ प्रतिशत रहेको बेरोजगारीको दरलाई चार प्रतिशतमा झार्ने लक्ष्य छ । योजनामा यी लक्ष्य हासिल गर्न करिब ६० प्रतिशत लगानी निजी क्षेत्रबाट हुने अपेक्षा गरिएको पाइन्छ । निजी क्षेत्रको छाता संगठन नेपाल उद्योग परिसंघको

अध्यक्षको हैसियतले म यहाँ स्पष्ट गर्न चाहन्छु, उच्च आर्थिक वृद्धिको लक्ष्य हासिल गर्ने गरी आन्तरिक वा बाह्य लगानी बढाउन निजी क्षेत्र पूर्णतः तयार छ । तर त्यसका लागि लगानीकर्ताको उत्साहलाई परिणाममा बदल्न सरकार सहजकर्ताको भूमिकामा अझै सक्रिय हुनुपर्छ ।

उदाहरणको रूपमा, हाम्रो आफ्नै समूहको लगानी हेरौं । लक्की ग्रुपले नेपालमा निजी क्षेत्रमा सबैभन्दा धेरै विदेशी लगानी भित्र्याउन सफल छ । करिब ३६ अर्ब रूपैयाँ लगानी रहने गरी चीनको होङ्शी सिमेन्टसँगको सहकार्यमा नवलपरासीमा प्लान्ट खोलेर होङ्शी शिवम् सिमेन्टले उत्पादन सुरू गरिसकेको छ । लगानी विस्तारको तीव्र इच्छाशक्ति र लगानी बोर्ड तथा सरोकारवाला मन्त्रालयको सहयोगले यसमा वैदेशिक लगानी जुटेर उद्योग सञ्चालनमा आउन सक्यो । यसले नेपालको सिमेन्ट बजारलाई निकै प्रतिस्पर्धी बनाएको छ । यसबाट उपभोक्ताले समेत प्रत्यक्ष फाइदा लिन सकेका छन् । तर उद्योग सञ्चालनमा आएको लामो समय बितिसक्दा पनि सरकारका तर्फबाट हुनुपर्ने कतिपय प्रतिबद्धता अझै पूरा भएका छैनन् । आशा गरौं, सरकारले छिट्टै आफ्नो कर्तव्य पूरा गर्नेछ । र यो उदाहरण देखाएर उत्पादनशील क्षेत्रमा थप वैदेशिक लगानी भित्र्याउन सहयोग पुग्नेछ ।

अर्को महत्त्वपूर्ण उदाहरण पनि हेरौं । विगतमा गरिएका कतिपय नीतिगत सुधारले वैदेशिक लगानी भित्र्याउन महत्त्वपूर्ण योगदान गरेको थियो । सूचना प्रविधि तथा टेलिकम र जलविद्युत् क्षेत्रमा आएको वैदेशिक लगानीले त्यस क्षेत्रको विस्तार र गुणस्तरलाई निकै सुधार गरिदिएको छ । अर्कोतर्फ यस्ता क्षेत्रमा आएका विदेशी लगानीकर्ताले नेपालबाट आकर्षक लाभांश फिर्ता लगिरहेका छन् । यस्ता प्रतिनिधि उदारहण हेर्दा वैदेशिक लगानी नेपालको हकमा 'विन विन' अवस्था सिर्जना भएको छ ।

त्यसैले पछिल्लो समयमा विदेशी लगानी जुटाउन उद्योग मन्त्रालय र लगानी बोर्डले धेरै काम पनि गरेका छन् । जस्तैः विदेशी लगानी तथा प्रविधि हस्तान्तरणसम्बन्धी नयाँ ऐन तर्जुमा, सडक पहुँच, विद्युत् प्रसारण र वितरण लाइन लगायत औद्योगिक पूर्वाधार निर्माण तथा विस्तार, मौद्रिक तथा गैर-मौद्रिक सुविधा तथा प्रोत्साहनको व्यवस्था भएको छ । यसैगरी, औद्योगिक सुरक्षा तथा ऊर्जा उपलब्धताको सुनिश्चितता, वैदेशिक लगानीसम्बन्धी उद्योग दर्ता, जग्गा प्राप्ति लगायत लगानी सेवामा सुधार, द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता र दोहोरो कर उन्मुक्तिसम्बन्धी सम्झौता गर्ने क्रम बढेको छ । यी सुधारले लगानी प्रतिबद्धता बढेर परिणाम देखिन थालेको छ । कार्यान्वयनमा भने अझै व्यवहारिक समस्या यथावत छन् । उदाहरणको रूपमा अहिले एकद्वार प्रणालीलाई केही सुधार गर्ने प्रयास भए पनि त्यो अपर्याप्त छ । अझै पनि लगानीकर्तालाई स्वीकृति मागका फाइल बोकेर विभिन्न मन्त्रालय र विभाग धाउनु परिरहेको छ । एउटा उद्योगमा वैदेशिक लगानी ल्याउन, वन, उद्योग, अर्थलगायत विभिन्न मन्त्रालयलसहित विभाग पनि धाउनुपर्ने बाध्यता छ । अबका दिनमा एकद्वार प्रणाली र लगानी बोर्डलाई सशक्त बनाएर एकै ठाउँबाट बिजुली, पानी, बत्ती, सडक, वन, वातावरण लगायत अन्य स्वीकृतिका सुविधा दिन सक्यौं भने नेपालमा वैदेशिक लगानी ल्याउन सहज हुनेछ ।

यसैगरी, नेपालमा व्यवसाय सञ्चालन तथा पारबहन लागतमा कटौती, नयाँ र आधुनिक औद्योगिक पूर्वाधारमा लगानी, श्रमशक्ति पलायनलाई निरूत्साहित गर्दै अर्धदक्ष तथा दक्ष जनशक्तिको उत्पादन तथा उपलब्धता सुनिश्चित र श्रम नीति तथा कानुनलाई अझ बढी लचिलो एवं लगानीमैत्री बनाउने भने वैदेशिक लगानी गुणात्मक रूपमा बढाउन सकिने छ ।

अर्को सकारात्मक पक्ष भनेको हालै विश्व बैंकले सार्वजनिक गरेको 'डुइङ बिजनेस' रिपोर्टले नेपालमा लगानीको वातावरण सुधार भएको देखाएको छ । 'डुइङ बिजनेस-२०२०' प्रतिवेदन अनुसार नेपाल ११० बाट ९४औं स्थानमा उक्लेको छ । डुइङ बिजनेसका १० सूचकांकमध्ये नेपालले पाँचवटामा सुधार, दुईमा स्थिर र तीनवटामा गिरावट आएको विश्व बैंकको प्रतिवेदनमा छ ।

खासगरी प्रक्रियागत खर्चमा कमी र कर्जा सूचना उपलब्धतामा सहजताले डुइङ बिजनेस सुधारमा योगदान दिएको छ । यसैगरी, नेपाल-भारत नाकामा एकीकृत जाँच चौकी स्थापना भई सञ्चालनमा आएपछि त्यसले वैदेशिक व्यापारमा लाग्ने समय घटाएको छ । आयातमा लाग्ने समय ५८ घन्टाबाट ११ घन्टामा आइसकेको र निर्यातमा लाग्ने ३० घन्टाको समय पनि ११ घन्टामा आएको प्रतिवेदनमा छ । विदेशी लगानीसँग जोडिएका केही ऐनमा भएको सुधारले नेपालको डुइङ बिजनेस सुधार भएको देखिएकोले यो प्रतिवेदनले नेपाल आउन चाहने लगानीकर्तालाई आश्वस्त पार्न सक्छ । यो प्रतिवेदनले औंल्याए जस्तै नेपालले पूर्वाधारमा भने धेरै सुधार गर्नुपर्ने अवस्था छ ।

अर्कोतर्फ नेपालले बिकेन्द्रित शासन व्यवस्था अपनाई प्रादेशिक र स्थानीय सरकारको अभ्यास सुरू गरेकाले लगानीका लागि नयाँ अवसर र चुनौती दुवै थपिएका छन् । सन्तुलित प्रादेशिक विकास हुने गरी प्राथमिकताका क्षेत्रमा वैदेशिक लगानी परिचालन गर्ने सरकारको रणनीतिले लगानीका नयाँनयाँ क्षेत्र पहिचान भएका छन् । तर नीतिगत समन्वय हुन सकेन भने बाह्य लगानीकर्ताका लागि फरक-फरक प्रदेशका नीतिहरूले बोझ खडा गर्न सक्छन् भन्ने आशंका कायमै छ ।

प्रदेश सरकारहरूले वैदेशिक लगानीलाई आकर्षित तथा प्रोत्साहित गर्न आर्थिक तथा

नेपालमा व्यवसाय सञ्चालन तथा पारबहन लागतमा कटौती, नयाँ र आधुनिक औद्योगिक पूर्वाधारमा लगानी, श्रमशक्ति पलायनलाई निरुत्साहित गर्दै अर्धदक्ष तथा दक्ष जनशक्तिको उत्पादन तथा उपलब्धता सुनिश्चित र श्रम नीति तथा कानुनलाई अझ बढी लचिलो एवं लगानीमैत्री बनाउने भने वैदेशिक लगानी गुणात्मक रुपमा बढाउन सकिने छ ।

गैरआर्थिक सहुलियत र सुविधा तथा पूर्वाधारको व्यवस्था गर्ने, जलस्रोत, उद्योग, भौतिक पूर्वाधार, पर्यटन लगायत वैदेशिक लगानीको प्राथमिकताका क्षेत्रमा प्रादेशिक आयोजना बैंक स्थापना गरी लगानी प्रवर्द्धन गर्नेमा ध्यान पुऱ्याउन आवश्यक छ ।

वैदेशिक लगानी परिचालन सम्बन्धमा कानुनी, संस्थागत र प्रक्रियागत सुधार गर्ने भनिए पनि पुँजी परिचालनसँग सिधै जोडिएका कतिपय विषयमा काम सुरू भए पनि त्यसको गति सुस्त नै छ । प्रतिबद्धता गरिए अनुसारका वैदेशिक लगानी नआउनुमा हेजिङको व्यवस्था सुदृढ नहुनु अर्को मुख्य कारण हो । नेपालमा वैदेशिक लगानी भित्र्याउने हो भने हेजिङको व्यवस्था अनिवार्य हुनुपर्छ । भारतसँग नेपाली मुद्राको स्थिर विनिमय प्रणाली छ । अन्य देशको मुद्रासँग बजारमा आधारित छ । त्यही कारणले गर्दा पनि नेपालमा उत्पादनमूलक उद्योगहरू फस्टाउन सकेका छैनन् । विदेशी लगानीकर्ताले डलरको विनिमय दरमा भएको उतारचढावले आउने जोखिम बहन गर्नका लागि पनि हेजिङको व्यवस्था तत्काल कार्यान्वयनमा ल्याउनुपर्छ । अर्को महत्त्वपूर्ण नेपालले दुई छिमेकी मुलुक भारत र चीनबीच राजनीतिक तहमा बनाएको सौहार्द्रपूर्ण वातावरणले आपसी सहकार्यका मेगा प्रोजेक्टमा वैदेशिक लगानी भित्रिन सक्छ, त्यो दुई देशका सरकारी परियोजना वा निजी संयुक्त लगानीका जुनसुकै हुन सक्छन् । त्यसैले ठूला वैदेशिक लगानीका परियोजना अगाडि बढाउन अहिले उपयुक्त समय आएको छ । दुई ठूला छिमेकीसँगको सम्बन्धलाई अर्को उचाइमा पुऱ्याउन ठूला पूर्वाधार र निजी साझदारीका परियोजनालाई गति दिनु अहिलेको प्राथमिक काम हुनुपर्छ । यसमा नेपालले छिमेकी राष्ट्रबाट आउने लगानीबाट कसरी फाइदा लिने भन्ने विषयमा पनि गम्भीर गृहकार्य गर्नुपर्ने समय आएको छ । किनकि चिनियाँ पुँजी तथा प्रविधि र भारतको विशाल बजारलाई हेरेर नेपालका प्राकृतिक स्रोतको उपयोग गर्न वैदेशिक लगानी भित्र्याउँदा देशको आर्थिक विकासलाई नयाँ उचाइमा पुऱ्याउन सम्भव हुनेछ ।

www.prabhubank.com

PRABHU
SALARY SAVING

मेरो आर्जन नै
मेरो आत्मसम्मान

आर्जनको सुरक्षण
प्रभु Salary Saving

६.५%
ब्याजदर

रू 0
न्यूनतम
मौजदात

नि:शुल्क
औषधी उपचार र
दुर्घटना बीमा

नि:शुल्क
डेबिट कार्ड

PRABHU BANK

Prabhu Building, Babarmahal | Phone:+977-1-4788500
Fax:+977-1-4780588 Email: info@prabhubank.com | Toll Free No.: 16600107777

पर्यटनमा लगानी
विविधीकरणको खाँचो

देशको सबैभन्दा सुन्दर तर बाटोघाटो नभएको ठाउँ कर्णाली हो । त्यहाँ पर्यटक लैजान निजी क्षेत्रलाई 'लगानी गर' भनेर भन्दैमा लगानी आउँदैन । यसका लागि सबैभन्दा पहिले त्यहाँपुग्ने पूर्वाधारको विकास सरकारले गर्नुपर्छ ।

सुरज वैद्य

नेपालको पर्यटन प्रतिस्पर्धी क्षेत्र भएकाले यसमा लगानी बढ्नु उत्साहजनक छ । अहिले भित्रिन थालेको वैदेशिक लगानीको ५० प्रतिशत पर्यटन क्षेत्रमै केन्द्रित छ । पर्यटन क्षेत्र स्वस्थ्य हुँदै गएको हो कि होइन भनेर बुझ्न यसलाई अन्य कोणबाट पनि हेर्नुपर्ने हुन्छ । बैंकिङ क्षेत्रबाट हेर्ने हो भने पनि जलविद्युत्पछि पर्यटन क्षेत्रमा लगानी उल्लेख्य मात्रामा बढेको देखिन्छ । हामीले तयारी गरिरहेको भ्रमण वर्षको पनि मुख्य उद्देश्य पर्यटन क्षेत्रलाई चलायमान बनाउने हो ।

अहिलेको देशको आवश्यकता रोजगारी वृद्धि हो । नेपाली युवाले स्वदेशमै काम पाउनुपर्छ । हामी रेमिट्यान्सलाई प्राथमिकता दिएर बसिरहेका छौं । रेमिट्यान्स एउटा पाटो भयो, यसको अर्को पाटो नेपालीले गरेको संघर्ष र विदेशबाट बाकसमा फर्किएकातर्फ ध्यान दिइएको छैन । यसलाई विचार नगर्दा र रेमिट्यान्सलाई मात्रै हेर्दा वैदेशिक रोजगारीकै कारण विपन्न परिवारमा एउटा एउटा दियो निभ्दै गइरहेको छ ।

अहिले नेपालले मनाइरहेको भ्रमण वर्षको खासै ठूलो लक्ष्य र महत्त्व छैन । यसको उद्देश्य पर्यटन क्षेत्रमा नयाँ लगानी ल्याउने र यसकै माध्यमबाट रोजगारी बढाउने भन्ने हो । जसले गर्दा नेपालमा विदेशी लगानी आओस् र बाहिरिने युवाले यहीँ रोजगारी पाऊन् भन्ने हो ।

कुन कुन क्षेत्रमा लगानी ल्याउने भन्ने विषयमा भने सर्वप्रथम सरकारले स्पष्ट अवधारणा ल्याउनुपर्छ । कस्तो लगानी कहाँ ल्याउने भनेर सरकारले नीतिगत व्यवस्था गरेर सोही अनुसार सहजीकरण गर्नुपर्छ । सरकारले दिन्छौं भनेर आश्वासन दिएर मात्रै हुँदो रहेनछ । सहजीकरण पनि गर्नुपर्ने रहेछ । सरकारले नै यसका लागि उपयुक्त नीतिगत व्यवस्था वा कानुन बनाएर आउनुपर्छ । निजी क्षेत्रले धेरै समय पर्खिसकेको छ । हामीले धेरैवटा सरकार हेरिसकेका छौं । पटक-पटकका सरकारले लगानी भित्त्याउँछौं, हाम्रो नीति राम्रो छ भनिरहेको छ । केही हदसम्म यसलाई स्वीकार गर्न सकिन्छ पनि, तर पर्यटन पूर्वाधारमा आउने दीर्घकालीन लगानीलाई भने विशेष प्रोत्साहन दिन जरूरी छ । अहिले नेपाल सरकारले हेर्नुपर्ने विषय पर्यटकलाई कसरी सुविधा दिने र नेपालमा आकर्षित गर्ने भन्ने नै हो ।

पहिलो प्राथमिकता वायुसेवा निगमको सुधार

सरकारले सबैभन्दा पहिले राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम सुधार्नुपर्छ । निगमको निजीकरण गर्ने हो कि अझै सरकारी लगानी गरेर सुधार गर्ने हो, सरकारले निर्णय लिनुपर्छ । नेपाल भूपरिवेष्ठित मुलुक भएकोले यहाँ पर्यटक आउने हवाईजहाजबाटै हो । जबसम्म नेपालमा हवाई क्षेत्रको विकास हुँदैन तबसम्म अपेक्षा अनुसार पर्यटक ल्याउन सकिन्न । नेपालको राष्ट्रिय ध्वजाबाहकको निजीकरण गर्ने वा सरकारी लगानीमा थप व्यवस्थित बनाउने वा विदेशी व्यवस्थापनलाई दिने भन्ने निर्णय तत्कालै गर्नुपर्छ । यसलाई जबसम्म सुधार गर्न सकिन्न, तबसम्म हामीले पर्यटक बढाउन सक्ने आधार देखिँदैन । निगमको सुधारबाटै नेपालमा पर्यटक बढ्ने सम्भावना देखिन्छ । हरेक मुलुकमा पर्यटक भित्र्याउन राष्ट्रिय ध्वजाबाहको निकै ठूलो भूमिका हुन्छ । जस्तोः थाइल्यान्डमा थाई एयरवेजको भूमिका निकै धेरै छ । भियतनाम, लाओस, कम्बोडियामा पनि सरकारी वायुसेवाको भूमिका उल्लेख्य छ । त्यसैले नेपालले पनि वायुसेवा निगमलाई मजबुत नबनाएसम्म पर्यटक बढाउन सक्ने देखिँदैन ।

विमानस्थल पूर्वाधारमा सुधार

हाम्रो विमानस्थलको अवस्था पनि सुधार्नुपर्छ । अहिले पर्यटक भित्र्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विमानस्थलको अवस्था दुःखलाग्दो छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विस्तार भइरहे पनि योजना अनुसारको काम भएको छैन । अहिलेसम्म धावनमार्ग विस्तार भइसकेको, नयाँ अन्तर्राष्ट्रिय यात्रु प्रस्थान कक्ष तयारी भइसकेको, पार्किङसहितका आवश्यक पूर्वाधार तयार भइसकेको र विमानस्थलको सौन्दर्यीकरण भइसकेको हुनुपर्ने थियो । तर भएको छैन । सरकारले भएका विमानस्थलको सुधार गर्ने र नयाँ बनाउने काम समयमै सम्पन्न गर्नुपर्छ ।

चिनियाँ लगानीमा निर्माण भइरहेको पोखरा विमानस्थल सन् २०२१ मा बनिसक्छ भन्ने छ । भैरहवाको गौतमबुद्ध विमानस्थल पनि आगामी मार्चसम्ममा तयार हुन्छ भन्ने छ । यसले पर्यटक भित्र्याउन सहयोग पुऱ्याउँछ । यो विमानस्थल सञ्चालन गर्न सोही अनुसारको प्रबन्ध सरकारले मिलाउनु पर्छ । सरकारले सेवा र सुविधा दिएर पर्यटक ल्याउने आधार बनाउन विमानस्थललाई अझै सुधार गर्नुपर्ने अवस्था छ । नेपाली संस्कार अनुसार नमस्ते गरेर सम्मानका साथ भित्र्याउनुपर्ने पर्यटकलाई विमानस्थलमा जुत्ता-मोजा खोलेर, पेटी, पर्स निकालेर र दुःख दिएर भित्त्याइन्छ । यो साह्रो दुःखलाग्दो कुरो हो । संसारमै नभएको र नेपालमा मात्रै भएको यस्तो व्यवस्थाले पर्यटकलाई निरूत्साहित गर्छ । यसलाई तत्कालै सुधार गर्नुपर्छ ।

पर्यटनमा विविधता

पर्यटनमा निजी क्षेत्रबाट लगानीको सम्भावना प्रशस्त छ । लगानी भित्रिइरहेको पनि छ । तर हामीलाई जति चाहिएको हो, त्यो छैन । त्यसैले हामीले भ्रमण वर्ष २०२० लाई दृष्टिगत गरी पर्यटन लगानी सम्मेलन आयोजना गर्दैछौं । यसमा विश्व बैंकसँग सहमति भएको छ । लगानी बोर्डसँगको सहकार्यमा सातै प्रदेशलाई सहभागी गराएर सम्मेलन आयोजना गरिँदैछ । सातै प्रदेशलाई समेटेर ती प्रदेशबाट लगानी प्रस्ताव गरिएकै पूर्वाधारका आयोजना अगाडि बढाउने गरी तयारी भइरहेको छ । रोड सो पनि गरिरहेका छौं । यसपालि पर्यटन लगानी सम्मेलनमा सातै प्रदेशलाई समेटेर, सम्भावित क्षेत्रमा लगानी भित्र्याउने प्रयास हुँदैछ ।

प्रदेश १ मा कञ्चनजंघा, अरूणभ्याली, धनकुटाका गुराँस, इलाको चिया, विराट धार्मिक महत्त्वसहितका सम्भावना छन् । त्यहाँ पुग्नचाहिँ निकै गाह्रो छ । यी क्षेत्रलाई समेटेर पर्यटकीय प्रडक्ट बनाउन सकिन्छ । यसलाई प्रवर्द्धन गर्न क्षेत्रीय विमानस्थल पनि आवश्यक छ । अहिले भइरहेको काठमाडौं तथा निर्धाणाधीन भैरहवा, पोखरा विमानस्थलले १ नम्बर प्रदेशको पर्यटन विकासमा योगदान गर्ने अवस्था छैन । हामीलाई सो क्षेत्रमा एउटा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल चाहिएको छ ।

प्रदेशमार्फत यो विषयमा आवश्यक प्रस्ताव अगाडि बढाइँदै छ । विमानस्थल भएपछि पर्यटक आउने आधार बन्छ भने निजी क्षेत्र लगानीका लागि तयार हुन्छन् । होटल, रेस्टुरेन्ट, रोप-वे सहित पर्यटकलाई चाहिने आतिथ्यताको विकास आफैं हुन्छ । हामीले यसलाई क्यास कसरी गर्ने भन्ने हो । जस्तोः अहिले पाथिभरामा किन रोप-वे भएन, केबलकारको आवश्यकता किन महसुस भइरहेको छैन भन्दा कसलाई लाने भन्नेमा निर्भर हुन्छ । जाने मान्छे हुँदा र आवश्यकता महसुस भएपछि पाथिभरामा यी साधनको विकास हुन्छ । मनकामना केबलकार स्थापना भएको यति लामो समयम्म पनि किन अन्त यस्तै प्रकारको संरचना विकास भएन भन्दा त्यो आवश्यकताले निर्धारण गर्ने कुरा हो ।

पर्यटकीय पूर्वाधारमा लगानी जुटाउन सम्मेलन

अहिले हामीले गर्न लागेको लगानी सम्मेलनले पनि आवश्यकता औंल्याउने र सम्भावनाका क्षेत्रलाई पहिचान गरेर जाने हो । लगानीको सम्भावना देखाउने र पहिचान गर्ने काम सम्मेलनले गर्छ । नेपालको पर्यटनमा सम्भावना के छ, सरकारीले नीतिगत सुधारमा के गर्नुपर्छ भन्नेसहितको विषयमा हामीले अध्ययन गराइरहेका छौं । अध्ययनको पहिलो खाका पनि तय भइसकेको छ । नेपालकै कम्पनीबाट तयार पारिएको यो प्रतिवेदनपछि अब हामी सातै प्रदेश, सम्बन्धित सरोकारवाला निकायसहितका अन्तरमन्त्रालय छलफलबाट अन्तिम खाका बनाउने र सरकारसमक्ष के गर्नुपर्छ भन्ने प्रतिवेदन पेश गर्छौं । यो सम्मेलनमा हामीले सम्भाव्य आयोजनाको मात्रै अपेक्षा गरेका छौं । सातै प्रदेशबाट कम्तीमा चारवटा योजना हामीले मागेका छौं । निजी क्षेत्रका योजनालाई पनि खुला गरेका छौं । हामीले सार्वजनिक-निजी साझेदारीका योजनालाई प्राथमिकता दिएर अगाडि जानेछौं । अहिले लगानीका लागि समस्या भनेकै जग्गा हो । यसको एउटा उदाहरणको रूपमा भैरहवा छ । निर्माण भइरहेको विमानस्थल, बाटो र अन्य कारणले सो क्षेत्रको जग्गाको मूल्य अत्यधिक बढेको छ । पर्यटन उद्योग खोल्न त्यसरी जग्गा किनेर सकिँदैन ।

सातै प्रदेशमा पर्यटन पार्क

हामीले सरकारकासँग सातै प्रदेशका लागि पर्यटकीय प्रडक्ट विकास गर्नुपऱ्यो भनेका छौं । अहिलेका लागि सातै प्रदेशमा 'टुरिजम पार्क' हुन

नेपालको पर्यटनमा सम्भावना के छ, सरकारीले नीतिगत सुधारमा के गर्नुपर्छ भन्नेसहितको विषयमा हामीले अध्ययन गराइरहेका छौं । अध्ययनको पहिलो खाका पनि तय भइसकेको छ ।

सक्छ । यो अवधारणा लिएर हामी अगाडि बढेका छौं । पार्कमा नेपाल सरकारले २-३ सय बिघा जग्गा उपलब्ध गराइदिनुपर्छ । त्यसका लागि पर्यटन विकास गर्न अवाश्यक पूर्वाधार पनि सो ठाउँसम्म पुग्नुपर्छ । पार्कभित्र पर्यटकलाई चाहिने सबै आवश्यक पूर्वाधार राख्न सकिन्छ । त्यहाँभित्र, होटल रेस्टुरेन्ट, सपिङ सेन्टर, स्थानीय उत्पादनका सामग्री बिक्री गर्नेदेखि एकै स्थानमा सबै पर्यटकीय गतिविधि हुन सक्छ । यसले गर्दा लागत घट्ने र लगानी आउने सम्भावना बढ्छ । यसले पर्यटनमा सकारात्मक सन्देश जान सक्छ । यसमा नेपाल सरकारले सहयोग पनि गर्नुपर्छ ।

योगा पर्यटनमा लगानी

अर्को विषय प्रदेश ३ मा केही ठूलो कार्यक्रम गर्नुपर्‍यो भने ठाउँ छैन । काठमाडौं केन्द्रित कुनै कार्यक्रम गर्नुपर्‍यो भने टुडिँखेलमा गर्नुपर्ने अवस्था छ । कुनै कार्यक्रम वा योगा गर्नुपर्दा ठाउँ छैन । ठूला कार्यक्रमको लागि टुँडिखेलको विकल्पमा हामीले पशुपति क्षेत्रको पाँच सय बिघा जग्गा छुट्ट्याउन सरकारलाई आग्रह गरिरहेका छौं । यो जग्गा पशुपति क्षेत्र विकास कोषकै हुन्छ तर निजी क्षेत्रको लगानीमा पूर्वाधार बनाउन सकिन्छ । यहाँ मेडिटेसन तथा योगा सेन्टर विकास गर्न सकिन्छ । शव लैजाने र जलाउने मात्रै पशुपतिको महत्त्व हुँदै होइन । यसको महत्त्व त हामीले दर्शाउन नसकेको हो । पशुपतिको विकासमा हामीले ज्ञान, अध्यात्म वा सिकाइ केन्द्र खोलेर योगदान गर्न सक्छौं । यसले पर्यटनको लागि ठूलो सहयोग पुर्‍याउन सक्छ । यस्ता योजना पनि हामी अगाडि बढाउने तयारीमा छौं ।

शिख पर्यटकमा सम्भावना

हामीले इतिहास पल्टाएर हेर्ने हो भने शिख धर्मावलम्बीका गुरू नानक नेपाल आएको पाइन्छ । नेपालमा पनि शिख पर्यटक प्रवर्द्धन गर्न गुरू नानकसँग जोडेर अगाडि सार्न सकिन्छ । यसको शिख पर्यटकमा ठूलो महत्त्व छ । धेरै धार्मिक पर्यटक ल्याउन यसले सहयोग गर्छ । हामीले प्रडक्ट बनाएपछि केही न केही त धार्मिक हिसाबले पर्यटक बढाउन सकिन्छ । गुरू नानक बसेको ठाउँमा प्रवेशद्वार बनाउने र यसको महत्त्व दर्शाउने विषयसहित जोडेर यसलाई एउटा पर्यटकीय प्रडक्ट बनाउन र लगानी गर्न सकिन्छ । हामी आग्रामा ताजमहल नभएको भए त्यहाँ जादैनथ्यौं । ताजमहलले आग्रामा पर्यटक तानेको हो । त्यसैले हामीले पनि पर्यटक आकर्षित गर्न प्रडक्ट अहिले नै विकास गरेर लगानीका निम्ति आह्वान गर्ने हो ।

यसैगरी, प्रदेश २ मा जैन धर्मावलम्बी धेरै छन् । यो धर्म मान्नेमा सामान्यदेखि निकै धनी व्यक्तिसम्म छन् । २४ वटा भगवानमध्ये एउटा चाहिँ नेपालमै जन्मिएको र त्यो प्रदेश २ मै पर्छ भन्ने धार्मिक विश्वास छ । यो स्थानमा यसलाई स्थापित गराउन मुख्यमन्त्रीसँग कुरा भइरहेको छ । जग्गा उपलब्ध भयो भने जैनको राम्रो मन्दिर बनाएर प्रवर्द्धन गर्न सकिन्छ । तीर्थयात्री आउँदा बस्ने, खाने, पूजा गर्ने ठाउँ चाहिन्छ । यसको विकास आफै हुन्छ । यसले गर्दा पर्यटनमा थप लगानी भित्र्याउने आधार बन्छ ।

धार्मिक पर्यटनलाई ब्रान्डिङ गर्नुपर्छ

भ्रमण वर्ष २०२० को सफलताको एक पाटो धार्मिक पर्यटन नै हो । नेपालको ब्रान्डिङ गर्न र पर्यटक भित्र्याउन महत्त्वपूर्ण क्षेत्रलाई हामीले प्रवर्द्धन गर्नुपर्छ । होटल, रेस्टुरेन्ट भन्ने विषय पर्यटनको विकाससँगै आफै हुने कुरा हो । हामी अहिले रारामा पर्यटक लैजाने विषयमा बहस गरिरहका छौं । कर्णाली प्रदेशको यो गन्तव्यमा पर्यटक जाने आधार के छ त ? कर्णाली प्रदेशमा छुट्टै विमानस्थल हुनुपर्छ । देशको सबैभन्दा सुन्दर तर बाटोघाटो नभएको ठाउँ कर्णाली हो । त्यहाँ पर्यटक लैजान निजी क्षेत्रलाई 'लगानी गर' भनेर भन्दैमा लगानी आउँदैन । यसका लागि सबैभन्दा पहिले त्यहाँ पुग्ने पूर्वाधारको विकास सरकारले गर्नुपर्छ । कर्णाली प्रदेश र निजी क्षेत्र मिलेर एयरलाइन्स खोल्न सकिने प्रस्ताव पनि अगाडि सारिएको छ ।

निजी क्षेत्र आकर्षित गर्ने योजना

नेपालमा उद्योग, व्यवसाय गर्दा लाग्ने लागत बढी छ । सरकारी नीतिमा विशेष सहुलियत भन्ने छैन । विदेशमा निजी क्षेत्रलाई प्रोत्साहित गर्न विशेष नीतिगत व्यवस्था हुन्छ । सुरूको चरणमा सहयोग पनि चाहिन्छ । नेपालमा त बारम्बार सरकार परिवर्तन भइरहन्छ । कर्मचारीतन्त्रमा अस्थिरता छ, जसले लगानीकर्तालाई आकर्षित गर्दैन । लगानी किन आएन भन्नेमा सरकारले गम्भीर भएरै सोच्नै सकेको छैन । लगानी ल्याउन कम से कम सुरूआती चरणमा केही त दिनुपर्‍यो नि ! जस्तो सुदूर पश्चिममा लगानी गर्छु भन्नेलाई यो कारणले लगानी गर्नुस् भनेर भन्न सक्नुपर्छ । काठमाडौंमा होटलै होटल छन्, त्यसलाई बाहिर जानुस् किन भन्न सकिएको छैन ? रारा, खप्तडसहितका क्षेत्र निकै राम्रो पर्यटकीय गन्तव्य हुन् तर त्यहाँ पूर्वाधार नै छैन कसरी जाने ? सरकारले कि पूर्वाधार पुर्‍याइदिनुपर्‍यो कि भने सहजीकरण गर्ने बाटो बनाइदिनुपर्‍यो ।

भ्रमण वर्षमा सरकारले अरू केही हेरिदिनु पर्दैन पूर्वाधार मात्रै सुधार गरे पुग्छ । अहिले धुलिखेल, नगरकोट, पोखरा जहाँ गए पनि सडक निकै कमजोर छ । पर्यटकलाई त्यो स्थानमा पुर्‍याउनै सास्ती । यसलाई सहजीकरण गर्नुपर्छ र पर्यटनमा लगानी प्रवर्द्धन गर्नुपर्छ भन्ने हो ।

सरकारको मार्केटिङ रणनीति के हो भन्ने नै छैन । अहिले मलेसियाबाट दैनिक पाँचवटा जहाज आउँछन् । तर त्यो मुलुकबाट हामीले पर्यटक ल्याउने गरी रणनीति नै बनाउन सकेको छैनौं । सिधा हवाई सम्पर्क भए पनि पर्यटक तान्न हामीले बजारीकरण गर्न सकेका छैनौं । पर्यटनको प्रवर्द्धन र बजारीकरणका लागि हामीले विभिन्न देशमा रहेका नेपाली दूतावाससँग सहकार्य गर्न सक्छौं ।

नेपाललाई आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नुपर्छ । अहिले पर्यटक बढी आउने देशका भाषा सिकाउने, पर्यटनमा बढीभन्दा बढीलाई सहभागी गराउने, रोजगारी बढाउने रणनीति चाहिन्छ । नेपालमा पदयात्रा व्यवसायीले बेच्ने प्रडक्ट पनि निजी क्षत्रेले निकै कममा बेचिरहेको छ । सस्तोमा प्याकेज बेच्ने काम भइरहेको छ । खुला प्रतिस्पर्धा भनेर सस्तोमै पर्यटकलाई प्रडक्ट बेच्नुपर्छ भन्ने छैन । हरेकले कम्पनी खोल्दै जाने तर पर्यटकीय सेवाको स्तर नहुने हो भने त्यसले पर्यटन क्षेत्रको विकासलाई स्थायित्व दिन सक्दैन ।

नेपालमा लगानी विविधता गर्ने गरी प्रडक्ट पनि आवश्यक छ । हामीले पहिलो फोकस धार्मिक पर्यटकमा गर्नुपर्छ । साहसिक पर्यटन, वाइल्डलाइफ (वन्यजन्तु पर्यटन), सांस्कृतिक र नेपाली कला संस्कृतिको प्रवर्द्धन गर्नुपर्छ । हामीकहाँ भएकै सम्भावनालाई थप प्रवर्द्धन गर्ने, प्रडक्ट बनाएर प्रवर्द्धन सके अब पदयात्रा, पर्वतारोहण र सिटी टुर (सहर यात्रा) मा मात्रै केन्द्रित हुनु पर्दैन ।

CENTURY BANK

सेञ्चुरी बैंक

कर्मचारीहरूको साथमा सेञ्चुरी बैंक

सेञ्चुरी प्रीमियम पेरोल ब्यानेजमेन्ट खाता

न्युनतम मौज्दात रु. १,०००/-

६.५% व्याजदर

आकर्षक बीमा सुविधाहरू

रु. ७,००,०००/- बराबरको आकस्मिक दुर्घटना बीमा (Flat)

रु. १,००,०००/- सम्मको औषधि उपचार सुविधा (Hospitalization)

विशेष छुटहरू

Locker Facility, Good for Payment, Balance Certificate र Credit Card को वार्षिक शुल्कमा ५०% छुट*

निःशुल्क सुविधाहरू

SMS Alert, Mobile & Internet Banking, ABBS सेवा, DEBIT CARD, CREDIT CARD को आबद्ध शुल्क*

कर्जा सुविधा

सरल कर्जा प्रवाह बैंकका सबै शाखाहरुबाट प्राप्त गर्न सकिने

*शर्तहरु लागू हुनेछन् ।

सरल बैकिङ्ग...सबैका लागि

सेञ्चुरी कमर्सियल बैंक लिमिटेड

प्रधान कार्यालय: पुतलीसडक, काठमाडौं, फोन : ४४४५०६२/४४४०४२१, फ्याक्स: ४४४१४२२, ईमेल: welcome@centurybank.com.np, वेब: www.centurybank.com.np



पूर्वाधारमा
सार्वजनिक निजी साझेदारी

डा सूर्यराज आचार्य

पृष्ठभूमि

भौतिक पूर्वाधारसम्बन्धी अन्तर्राष्ट्रिय सन्दर्भमा शास्त्रीय बुझाइ के रह्यो भने भौतिक पूर्वाधार भनेको राज्यको दायित्व हो । भौतिक निर्माणको लागि ठूलो पुँजी आवश्यक पर्छ । यसकारण पूर्वाधार भनेको आर्थिक उपार्जन गर्ने व्यापारिक संरचनाभन्दा पनि सार्वजनिक प्रयोगको संरचना भएकाले बजारी नाफा-नोक्सानको दृष्टिकोणबाट हेर्नुहुँदैन । बरू सरकारको सामाजिक दायित्वबाट बुझिनुपर्छ भन्ने मान्यताबाट अघि बढ्यो । विशेषगरी दोस्रो विश्वयुद्धपछि सन् १९८० को दशकसम्म यस्तै धारणा विकसित हुँदै गयो । खासगरी यातायात, सिँचाइ, जलविद्युत्, दूरसञ्चार, खानेपानी लगायतमा सरकारी लगानी नै हुनुपर्छ भन्ने आम मान्यता रह्यो । रेलमार्ग, हवाई यातायातका पूर्वाधार निर्माण मात्र होइन, त्यस्ता पूर्वाधारमा सञ्चालन हुने सेवा समेत राज्यले चलाउनुपर्छ भनेर सार्वजनिक संस्थानमार्फत चलाइयो ।

तर, भौतिक पूर्वाधार निर्माणसम्बन्धी अन्तर र्ाष्ट्रिय परिदृश्य उही रहेन । १९७० को दशकको अन्तिमतिर तथा ८० को दशकको थालनीतिर अमेरिकामा रोनाल्ड रेगन राष्ट्रपति भए । त्यही बेला बेलायतमा मार्गरेट थ्याचर प्रधानमन्त्री भइन् । उनीहरूको शासनकालको थालनीतिरै सार्वजनिक संस्था र खासगरी सम्पूर्ण सरकारी निकायहरू अर्थतन्त्रमा धेरै हावी भएको चर्चा हुन थाल्यो । त्यति मात्र होइन, सरकार र यससँग जोडिएका सार्वजनिक संस्थान लगायतका निकाय हावी हुँदा अदक्षता (इनइफिसियन्सी) बढ्दै गएको मान्न थालियो । यसले सेवाको गुणस्तर तथा व्यवस्थापकीय पक्षमा विकृति र अभावकारिता वृद्धि भइरहेको भनेर प्राज्ञिक, सार्वजनिक नीति-निर्माता र व्यवस्थापनको तहमा एकमत बन्यो । तत्पश्चात एउटा फरक सुरूआत गर्नुपर्ने आवश्यकता आइलाग्यो । त्यसैले बजार प्रणालीप्रति विश्वास राख्ने राजनीतिक पाटीको नेतृत्व गरिरहेका रेगन र थ्याचरको शासनकालमा निजीकरणको लहर सुरू भयो ।

सार्वजनिक लगानी कम भएपछि त्यसलाई विकास गर्न पीपीपी मोडेल भनेपछि रामबाण हो भनिएको जस्तो देखिन्छ, जुन सही होइन । अहिले मेट्रो रेल, मोनो रेल, सडक, पुल र विमानस्थल सबै पूर्वाधार पीपीपीमा विकास गर्ने भनिएको छ, जुन गलत हो । हामीले कुन योजना पीपीपी अन्तर्गत विकास हुन सक्छ, कुन सक्दैन भनेर सम्भाव्यता हेर्न आवश्यक छ । निजी क्षेत्रलाई पनि कुन मोडालिटी (प्रारुप) मा सहभागी गराउने भन्नेमा गृहकार्य गरिनु आवश्यक छ ।

पूर्वाधारमा निर्माणमा बुट मोडेल

निजीकरणको सिलसिलामा सार्वजनिक संस्थानले गरिरहेको सेवालाई पनि निजी कम्पनीलाई दिने र सरकारसँग भएका पूर्वाधार पनि निजी क्षेत्रलाई दिन थालियो । यो लहर नेपालमा सन् १९९० को दशकमा आयो । यसले पूर्वाधार निर्माणको परम्परागत सोच र भाष्यमा उल्लेख्य फेरबदल ल्यायो । यसरी परिवर्तन आउनुको प्रमुख दुई कारण थिए ।

पहिलो, अर्थतन्त्र व्यवस्थापनको आधारभूत दर्शनमा नै परिवर्तन गर्यो । सबै विषय राज्यमा नै निर्भर रहनुपर्ने र राज्यको केन्द्रीकृत भूमिका रहने अवस्थाबाट राज्य एउटा सहजकर्ता र नियमकको भूमिकामा मात्र रहने प्रणाली अपनाउन थालियो । पूर्वाधार लगायत लगानी र उत्पादनका क्षेत्रमा सकेसम्म र सम्भव भएसम्म निजी क्षेत्रलाई प्रवर्द्धन गर्ने भन्ने नयाँ भाष्य सिर्जना भयो । अर्थतन्त्र व्यवस्थापनको आधारभूत मान्यतामा नै परिवर्तन भयो ।

दोस्रो कारण, विकासशील देशहरूमा पूर्वाधार लगानीमा निजी क्षेत्रको संलग्नता खोजिनुपर्ने बाध्यता पनि सिर्जना भयो । जनसंख्या वृद्धि र विकशित देशहरूको दाँजोमा जतिसक्दो छिटो पुग्ने आकांक्षाले गर्दा दोस्रो विश्वयुद्धपछि विकासशील देशहरूले उच्च ७-८ प्रतिशतको उच्च आर्थिक वृद्धि हासिल गर्नुपर्ने बाध्यता बन्यो । द्रुत गतिको विकासका लागि भौतिक पूर्वाधारको निर्माणमा गर्नुपर्ने लगानी पनि त्यही अनुपातमा वृद्धि गर्नुपर्ने भयो । यसर्थ ठूलो मात्रामा लगानी पुँजी आवश्यक भयो ।

अर्कोतिर शिक्षा, स्वास्थ्यजस्ता सामाजिक क्षेत्रमा पनि लगानी वृद्धि हुँदै गयो । यसले गर्दा पूर्वाधार निर्माणका योजना कार्यान्वयनको लागि सरकारको लगानी मात्र पर्याप्त भएन । निजी क्षेत्रलाई पनि लगानी गर्न दिने त्यसपछि पूर्वाधारसम्बद्ध सेवा सञ्चालन महसुलको आम्दानीबाट लगानी असुल उपर गर्ने पद्धतिको थालनी भयो । यसलाई निर्माण, स्वामित्व ग्रहण, सञ्चालन र हस्तान्तरण (बुट) मोडेल पनि भनिन्छ ।

बुटको थालनीसँगै अर्को महत्त्वपूर्ण परिवर्तन पनि आयो, जुन विषय केही पहिलासम्म निजी क्षेत्रलाई महसुलमार्फत लगानी असुल गर्न सम्भव थिएन, नयाँ प्रविधि तथा व्यवस्थापकीय प्रणालीले गर्दा त्यो सम्भव भयो । उदाहरणको लागि विद्युत् उत्पादन, प्रसारण र वितरण एउटै निकाय (विद्युत् प्राधिकरण) ले गर्ने गरेकोमा उत्पादनलाई छुट्ट्याइयो, जसले गर्दा उत्पादनमा निजी क्षेत्रको लगानी सम्भव भयो ।

नेचुरल मोनोपोली अर्थात प्राकृतिक एकाधिकार

पूर्वाधारको क्षेत्रमा प्रयोग हुने नेचुरल मोनोपोली अर्थात प्राकृतिक एकाधिकार भन्ने एउटा शब्द छ । यसको अर्थ केही पूर्वाधारको स्वरूप नै यस्तो हुन्छ कि तपाईले त्यो क्षेत्रमा एउटा मात्र कम्पनी सञ्चालन गर्न सक्नुहुन्छ । उदाहरणको लागि ऊर्जा र दूरसञ्चारलाई लिन सकिन्छ । विद्युतलाई ट्रान्सफर्मर राखेर घरघरमा वितरण गर्नको लागि प्रयोग गरिने तार दुईवटा कम्पनीको छुट्टाछुट्टै गर्न सकिँदैन । त्यस्तै, टेलिफोनको ल्यान्डलाइन पनि दुईवटा कम्पनीलाई दिने भन्ने हुँदैन । यस्तै, खानेपानीको वितरण पनि पर्छ । यसकारण केही क्षेत्रमा प्राकृतिक एकाधिकार त्यसको सेवाको प्रकृतिले गर्दा नै आवश्यक पर्थ्यो । तर पछिल्लो समयमा मोबाइल फोन आएपछि दूरसञ्चारमा प्राकृतिक एकाधिकारको क्षेत्र रहेन । तपाईंले एकभन्दा धेरै कम्पनीलाई सञ्चालन अनुमतिपत्र दिएर प्रतिस्पर्धा गराउन मिल्ने भयो । त्यस्तै, खानेपानीको प्रशोधन गर्ने विषय ठेक्कामा निजी क्षेत्रलाई दिन सकिन्छ । प्रशोधन गरेको परिमाणको आधारमा प्रशोधन गर्ने कम्पनीलाई लागत दिन सकिन्छ । त्यही काम सरकारी निकायले गर्दा धेरै खर्चिलो हुन सक्ने तर निजीलाई दिँदा न्यूनतम लागतमा हुने भएमा दिँदा राम्रो हुन्छ । यस्ता व्यवस्थापकीय नीति र तरिकाले गर्दा निजी क्षेत्र पनि लगानीको लागि सान्दर्भिक हुँदै गएको हो ।

एसियाली देशको अग्रता र राजनीतिक दृष्टिकोण

सन् ९० को दशकदेखि एसियाकै फिलिपिन्स, थाइल्यान्ड, इन्डोनेसिया, कोरिया र अलिपछि भारतले पनि पूर्वाधार निर्माणमा निजी क्षेत्रलाई आक्रामक रूपमा अघि बढाउन थाले । निजी क्षेत्रको संलग्नतालाई उदारताका साथ अवलम्बन गर्ने र प्रवर्द्धन गर्नतर्फ लागे । तर ठूलो पूर्वाधार निर्माणसँग राजनीतिक स्वार्थ पनि जोडिएर आउँछ । यसकारण पूर्वाधार निर्माण गर्ने भनेको प्राविधिक पाटो मात्र होइन । यसमा वित्तीय र आर्थिक पक्षको साथै राजनीतिक पक्ष पनि जोडिन्छ । राजनीति किन जोडिन्छ भने ठूलाठूला 'गेम चेन्जर' आयोजना निर्माण गर्ने भनेपछि अर्बौं, खर्बौं लगानी हुन्छ । नाफा-घाटा जोडिन्छ । यससँगै राजनीतिक स्वार्थ पनि गासिएर आउँछ ।

निजी क्षेत्रलाई पूर्वाधारमा संलग्न गराउने क्रममा पहिलो चरणअन्तर्गत एसियाका अधिकांश देशमा निर्णयकर्ता र राजनीतिज्ञको बुझाइमा अष्पष्टता भयो । बुट मोडेल अन्तर्गत पूर्वाधार

क्षेत्रमा निजी क्षेत्रको संलग्नतालाई लगानीको बोझ नै निजी क्षेत्रले लिइदिने र सरकारको बोझ हलुका हुने बुझाइ रह्यो । यस्तो बुझाइबाट निर्णयकर्ता अति उत्साहित भए, जबकि निजी क्षेत्रले लगानीको बोझ लिने भन्ने कुरा सत्य होइन ।

हामीले बुझ्नुपर्ने विषय के छ भने निजी क्षेत्र दान-दातव्यको भावनाबाट अभिप्रेरित भएर आउने त होइन । निजी क्षेत्रले त आफूले लगानी गरेको लागत असुलउपर गर्छ । यसको भार उपभोक्ता या सरकारले लिनुपर्छ । जलविद्युत् आयोजना निजी लगानीमा निर्माण भयो भने त्यसको लागत उपभोक्ताबाट उठाउँछ । त्यस्तै, कुनै निजी क्षेत्रले विमानस्थल निर्माण गरिदियो भने त्यसमा गरेको लगानीको साँवा,-ब्याज र नाफासहित असुल गर्छ । त्यो असुल विमानस्थल प्रयोग गर्ने यात्रु र सम्बन्धित अन्य पक्षले व्यहोर्नुपर्छ । तर सबै पूर्वाधारमा उपभोक्ताबाट उठाइने महसुल निजी क्षेत्रको लगानी उठाउन पर्याप्त हुँदैन । त्यसमा सरकारी अनुदानको आवश्यकता पर्छ ।

निजी क्षेत्रलाई पूर्वाधारमा लगानी गर्न प्रवर्द्धन गर्ने पहिलो पुस्ता वा चरणका कानुन बने । विशेषगरी फिलिपिन्स, थाइल्यान्ड, इन्डोनेसिया, कोरिया लगायत देशमा कानुनको मस्यौदा भयो । तर अहिले समीक्षा गर्दा के थाहा भयो भने पहिलो चरणमा निजी क्षेत्रलाई पूर्वाधारमा संलग्न गराउन चाहने देश र त्यसका शासक बढी नै उत्साहित भएको देखियो । वास्तवमा उनीहरूको बुझाइ पूर्ण थिएन । निजी क्षेत्र भनेको लगानी बोझ लिने होइन, बरू गरेको लगानी निजी क्षेत्रले उठाएरै छाड्छ । त्यो बोझ कहीँ न कहीँ हस्तान्तरण हुन्छ । कि त सरकारले अनुदान दिनुपर्‍यो कि उपभोक्ताले बढी रकम तिर्नुपर्‍यो ।

यसकारण पछिल्लो चरणमा पूर्वाधारमा निजी क्षेत्रका संलग्नता भनेको लगानीको बोझ व्यहोर्नेभन्दा पनि निजी क्षेत्रसँग भएको व्यवस्थापकीय सीप प्रयोग गर्नेतर्फ अग्रसर भइरहेको पाइन्छ । हाम्रा ठूलो पूर्वाधार आयोजनामा निर्णय प्रक्रियामा ढिलाइ र झन्झट, ठेक्कामा किचलो र कामको गुणस्तर नहुने समस्या छ । तर निजी क्षेत्रले एउटा आयोजना ३० वर्षसम्म सञ्चालन गर्नुपर्ने भनेपछि ठेकेदारले कमजोर गुणस्तरको भयो भने ३० वर्षसम्म नटिक्ने हुन सक्छ भनेर बलियो र गुणस्तरीय बनाउने भयो । त्यस खालको व्यवस्थापकीय प्रभावकारिताले नाफा पनि कमाउने भयो । गुणस्तरीय पूर्वाधार पनि बन्ने भयो । त्योभन्दा पनि सार्वजनिक निकाय निर्माण गर्दा नाफा कमाउने सम्भावना नहुन सक्छ, तर चुस्त व्यवस्थापनको कारण निजी क्षेत्रले आयोजनालाई नाफामा लैजान सक्ने भयो ।

पछिल्लो समय लगानीको स्रोत परिचालन गर्नेमा निजीभन्दा सरकारी नै प्रभावकारी हुने देखिएको छ । किनकि सरकारले कुनै आयोजना निर्माणको लागि आन्तरिक बजारबाट ऋण लिन सक्छ । सरकारको ट्रेजरी बिलमा चारदेखि ६ प्रतिशतभन्दा बढी ब्याजदर छैन । जबकि निजी क्षेत्रले जलविद्युत्मा लगानी गऱ्यो भने लगानीको ब्याजदर १० देखि १२ प्रतिशत छ । सरकारी र निजी क्षेत्रमा यत्रो अन्तर भनेको धेरै नै ठूलो हो ।

यसकारण बुट अवधारणा अन्तर्गत विकास भएका ऐनमै पनि धेरै चरणको संशोधन गरी नयाँ र अझ प्रभावकारी बनाउने प्रयास जारी छ । अहिले पहिलो, दोस्रो हुँदै तेस्रो चरणको विकासक्रममा बुट कानुन रहेको छ । तर नेपालमा यो विषयबारेको बुझाइ त्यत्ति परिपक्व र प्रस्ट अझै पनि भइसकेको देखिँदैन । उदाहरणको रूपमा नेपालमा धेरै नै चर्चामा आएको र राष्ट्रिय गौरवको द्रुत मार्ग (फास्ट ट्र्याक) लाई लिन सकिन्छ । यो आयोजना धेरै पहिले नै अघि बढ्नुपर्ने थियो । तर बुझाइको अस्पष्टताले गर्दा अघि बढाउन सकिएन । त्यसमा व्यक्तिगत रूपमा मैले मोडेल नै गलत छ भनेर पैरवी पनि गरें । भारतीय निर्माण कम्पनी आइएल एन्ड एफएसले वर्षको झण्डै १५ अर्ब रूपैयाँ न्यूनतम राजस्व ग्यारेन्टी (एमआरजी) माग्यो । हामीसँग प्रस्टता भएको भए त्यो विषय हामी पहिले नै सक्दैनौ भनेर भन्न सक्ने थियौं । तर हामी आफैं अल्मलियौं । नेपालमा मात्र होइन, धेरै पहिला कोरियामा पनि पहिलो बुट कानुन अन्तर्गत पूर्वाधार निर्माण गर्दा एमआरजीको व्यवस्था गरेका थिए । तर पछि उनीहरू प्रस्ट हुँदै गएपछि त्यस्तो व्यवस्था परिवर्तन गरे ।

यसकारण बुट कानुन अनुसार पहिलो चरणमा पूर्वाधार निर्माण गर्दा निजी क्षेत्रले जोखिम नलिने, राजनीतिक नेक्सस बनाएर समर्थन स्थापित गर्ने र अत्याधिक नाफा कमाउने काम भयो । यसकारण पहिलो पुस्ताका सरकारी निजी साझेदारी (पीपीपी) का आयोजनाहरू निर्माण पूरा त भए, तर सम्बन्धित देशका सरकारले लगानीको बोझ सारौं भन्दा कैयौं गुणा बढीको बोझ बोक्नुपर्ने दायित्व सिर्जना भयो । पीपीपी अन्तर्गत आयोजना निर्माण गरेका कम्पनीलाई विभिन्न हर्जना तिर्नुपर्ने, एमआरजी गर्नुपर्ने साथै अन्य ग्यारेन्टी गर्नुपर्ने दायित्व सिर्जना भयो ।

यसकारण पहिलो चरणका पीपीपी कानुन अनुसार बनेका आयोजनाको जोखिम जति सरकारले लिने र अत्याधिक नाफा भने निजी कम्पनीले कमाउने भए । यसकारण धेरै आयोजनाहरू आलोचित पनि भए । विशेषगरी फिलिपिन्स, कोरिया लगायत देशमा यस्ता आयोजना विवादमा पनि परे । आयोजना प्राविधिक रूपमा सफल भए, विकास पनि भयो तर वित्तीय र व्यवस्थापनको तर्फबाट हेर्ने हो भने सरकार र निजी क्षेत्रबीच विवाद हुने अवस्था समेत आयो । यो कुरो हाम्रो छिमेकी मुलुक

पछिल्लो चरणमा पूर्वाधारमा निजी क्षेत्रका संलग्नता भनेको लगानीको बोझ व्यहोर्नेभन्दा पनि निजी क्षेत्रसँग भएको व्यवस्थापकीय सीप प्रयोग गर्नेतर्फ अग्रसर भइरहेको पाइन्छ । हाम्रा ठूलो पूर्वाधार आयोजनामा निर्णय प्रक्रियामा ढिलाइ र झन्झट, ठेक्कामा किचलो र कामको गुणस्तर नहुने समस्या छ ।

भारतमा बनेका आयोजना हेरेर पनि थाहा पाउन सक्छौं । पछिल्लो समय पीपीपी मोडेलमा विकासशील देशमध्ये भारत सबैभन्दा आक्रामक र सफल मानिएको थियो । तर सन् २०१५ केलकर प्रतिवेदन (भारतका पूर्वअर्थसचिव विजय केलकरको नेतृत्वमा भारतीय सरकारले सार्वजनिक-निजी साझेदारीको विकासबारे अध्ययन गरी प्रतिवेदन दिन गठित समिति) ले पीपीपीको सोचमा भने फेरबदल ल्याइदिएको छ । पीपीपी मोडेलमा बनेका आयोजनाबारे गरिएको यो समीक्षा अध्ययनले पीपीपी कानुन सुधार गर्नुपर्नेमा जोड दिएको छ । उदाहरणको लागि दिल्लीको इन्दिरा गान्धी विमानस्थल जीएमआर कम्पनीले बनाएको हो । त्यो विमानस्थल निर्माण र सञ्चालन गर्न त सफल भयो, तर त्यहाँको महालेखापरीक्षकको टिप्पणी हेर्ने हो भने एकदमै आलोचित छ ।

पीपीपी कानुन निर्माण र कार्यान्वयनमा हामी

नेपालमा सबैभन्दा पहिला बुट ऐन जारी गरिएको थियो । त्यस ऐन अन्तर्गत केही आयोजना अघि बढाउन खोजियो । सरकारी तहबाट अहिलेसम्म पनि कुनै ठूला आयोजना यस ऐनमार्फत अघि बढेको देखिँदैन । त्यो ऐन आउनुअघि नै हामीले सम्झनुपर्ने विषय के हो भने नेपालमा पीपीपीको सबैभन्दा सफल र अभ्यास गरिएको मोडेल जलविद्युत् आयोजना निर्माण हो । तर स्वतन्त्र विद्युत् उत्पादकहरूले गरेका जलविद्युत् उत्पादन भने पीपीपी कानुनअन्तर्गत नभई विद्युत् र लगानीसम्बन्धी ऐन अन्तर्गतका हुन् । पछि बुट ऐन आयो । बुट ऐनमार्फत अघि बढाउन खोजिएका ठूला योजनामा द्रुतमार्ग र काठमाडौं-हेटौंडा सुरुङमार्ग थिए । तर द्रुतमार्ग लामो विवादपछि नेपाली सेनामार्फत सरकार आफैंले निर्माण गर्ने प्रक्रिया अघि बढेको छ । सुरुङमार्ग त्यत्तिकै रोकिएर बसेको छ ।

बुट ऐनको ठाउँमा पीपीपी ऐन

पछिल्लो समय नेपालमा लगानी सम्मेलन आयोजना हुनुअघि बुट ऐनलाई प्रतिस्थापन गर्दै पीपीपी ऐन जारी भएको छ । त्यो ऐन आएको एक वर्ष पनि भएको छैन । बुट र पीपीपी ऐनमा सामान्यतया आधारभूत फरक केही छैन । दुवैका अवधारणना एकै हुन् । बुट भनेको निजी क्षेत्रले निर्माण गर्ने, २५-३० वर्षसम्म त्यसको स्वामित्व लिएर आयोजना सञ्चालन गर्ने र अन्तिममा सरकारलाई हस्तान्तरण गर्ने मोडेल हो । पीपीपी भनेको बुटको तुलनामा अलि बृहत् मोडेल हो । बुट भनेको पीपीपीकै प्रारम्भिक रूप हो । पीपीपी भनेको बुटको विस्तारित रूप हो । सुरुमा बुट प्रणाली कार्यान्वयनमा ल्याउँदा पूर्वाधारमा लगानी पूर्ण रूपले निजी क्षेत्रको हुने अवधारणा थियो । सरकारले सहजीकरणको लागि सहयोग गर्ने गर्थ्यो । तर पीपीपीमा भने निजी क्षेत्रको मात्र होइन, सरकारी क्षेत्रको पनि लगानी गर्ने भन्ने अवधारणा हो । लगानी साझेदारी गर्ने र दुवैले जोखिम बाँड्ने साथै भएको नाफा पनि बाँड्ने अवधारणा हो ।

नेपालको सन्दर्भमा जलविद्युत् आयोजना पीपीपीको अवधारणमा सफल भएको देखिन्छ । तर जलविद्युत् आयोजना पनि निजी क्षेत्रलाई दिने गर्यो । जबकि निजी क्षेत्रले उत्पादन गर्ने विद्युत् महँगो छ । त्यसमा नीतिगत तहमै निजी क्षेत्रलाई पनि साझेदारी बनाउने, आयोजनाको लागत न्यून बनाउने र प्रतिस्पर्धी बनाउँदा राम्रो हुने देखिन्छ । यति हुँदा पनि ऊर्जा विकासमा निजी क्षेत्रको संलग्नता उत्साहवर्द्धक छ ।

जलविद्युत् बाहेक केबलकार र बसपार्कहरू पनि पीपीपी अवधारणमा बनेका वा बन्ने क्रममा छन । हामीले बुझ्नुपर्ने विषय भनेको जुन पूर्वाधार सेवा दिने प्रकृतिको वा नाफामूलक र व्यावसायिक छ । त्यसमा पीपीपी मोडेल प्रभावकारी हुने देखिन्छ । उदाहरणको लागि केबलकार पर्यटन सेवाको लागि प्रभावकारी हुने देखिन्छ । यो आधारभूत सामाजिक सेवाभन्दा पनि लक्जरीको रूपमा रहेको हुन्छ । त्यस्तै बसपार्कहरू जहाँ व्यावसायिक हुन्छ, त्यहाँ पीपीपी मोडेल सफल हुन्छ । यसको सान्दर्भिकता पनि देखिएको छ ।

कानुन निर्माणमा अपरिपक्व

अहिले सरकार अझै विशेषगरी लगानी बोर्ड पीपीपी मोडेलबाट सबै पूर्वाधार आयोजनाको विकास गर्ने भनेर लागिरहेको देखिन्छ । त्यसमा परिपक्वता देखिँदैन । पहिलो पुस्ताका एसियाली देशहरू जसरी उत्साहित भएका थिए, अहिले सबैभन्दा बढी आयोजना पीपीपी मोडेलमा विकास गर्ने भन्ने विषय त्यसैगरी आइरहेको छ । सार्वजनिक लगानी कम भएपछि त्यसलाई विकास गर्न पीपीपी मोडेल भनेपछि रामबाण हो भनिएको जस्तो देखिन्छ, जुन सही होइन । अहिले मेट्रो रेल, मोनो रेल, सडक, पुल र विमानस्थल सबै पूर्वाधार पीपीपीमा विकास गर्ने भनिएको छ, जुन गलत हो । हामीले कुन योजना पीपीपी अन्तर्गत विकास हुन सक्छ, कुन सक्दैन भनेर सम्भाव्यता हेर्न आवश्यक छ । निजी क्षेत्रलाई पनि कुन मोडालिटी (प्रारूप) मा सहभागी गराउने भन्नेमा गृहकार्य गरिनु आवश्यक छ ।

अर्को पीपीपीबारे गलत धारणा पनि स्थापित भएको छ । त्यो के भने कुनै पूर्वाधार निर्माण गरेर त्यो व्यावसायिक रूपमा चलाउने हो भने त्यहाँ निजी क्षेत्र नै आउनुपर्छ भन्ने छैन । युरोपका केही देश, जापान, सिंगापुर लगायतमा द्रुतमार्गहरू सरकारी संस्थानले निर्माण गर्छ । त्यति मात्र होइन, सरकारी संस्थानले व्यावसायिक रूपमा सञ्चालन पनि गरिरहेको देखिन्छ । नेपालमै पनि माथिल्लो तामाकोसी जलविद्युत आयोजना सरकारी लगानीमा सरकारी कम्पनीले निर्माण गरिरहेको छ । किनकि त्यहाँबाट उत्पादन हुने विद्युत् उपभोक्तालाई बिक्री गर्ने र नाफा कमाउने प्राधिकरणको सोच छ । यसकारण नेपालमा पीपीपीका केही मोडेलहरू कार्यान्वनयमा रहेका पनि छन् । अझै धेरै ठाउँमा यसको आवश्यकता पर्न पनि सक्छ । तर

पूर्वाधार विकासका लागि आवश्यक जनशक्ति, निजी तथा सरकारी संस्थागत विकास लगायत आन्तरिक प्रविधिक क्षमता र लगानी पुँजीको अन्तरसम्बन्धबारे नीतिगत तहमा पुनर्विचार जरुरी देखिन्छ । यस पक्षमा हाम्रा आर्थिकयोजनाकार हरूको आवश्यक ध्यान पुग्न सकेको छैन ।

धेरै उत्साहित भएर व्यावसायिक नहुने ठाउँमा पनि पीपीपी मोडेल लैजान खोज्नु सही होइन ।

अहिलेको पीपीपी ऐन पनि परिपक्व छैन । धेरैवटा विरोधाभाष रहेका छन् । ऐन मस्यौदा गर्ने क्रममा पीपीपी भनेर हामीले के बुझ्न खोजेको हो, अन्तर्राष्ट्रिय अनुभव र जटिलताबाट हामीले के सिक्यौं र हाम्रो विशिष्टता के हो जस्ता सन्दर्भ र अनुभवलाई अद्यावधिक गरेर मात्र कानुन परिपक्व, समय सान्दर्भिक र परिस्कृत हुन सक्ने देखिन्छ । कतिपय अनावश्यक विषयलाई विस्तृतमा दिइएको छ । अर्कोतिर कतिपय अत्यावाश्यक विषय छुटेको छ । हचुवाको भरमा पीपीपी मात्र भनेर निजी क्षेत्र लगानी गर्न आउँदैन । आएछ भने पनि त्यसले परिणाम सुखद दिँदैन ।

पूर्वाधारमा 'फन्डिङ ग्याप'

अहिले धेरैतिर फन्डिङ ग्याप (अपुग लगानी) को विषय उठ्ने गरेको छ । किनकि हामीलाई ठूलो पूर्वाधार निर्माण गर्नुपर्नेछ । तर हामीसँग त्यस्ता योजना निर्माणको लागि गर्नुपर्ने लगानी रकम न्यून छ । यो बहसमा नसमातिएको मुद्दा के छ भने हाम्रो लगानी आवश्यकता र उपलब्ध लगानीपछि अपुग लगानी नै फन्डिङ ग्याप हो । हामीले कति हजार किलोमिटर रेलमार्ग निर्माण गर्ने, कति किलोमिटर सडक निर्माण गर्ने, कतिवटा विमानस्थल निर्माण गर्ने, कतिवटा सुरूङमार्ग निर्माण गर्ने भनेर हिसाब गरेर आएको रकमको परिमाणले मात्र हाम्रो अपुग लगानीलाई जनाउँदैन । तथापि यो एउटा महत्त्वपूर्ण तत्त्व भने हो । यसको सँगसँगै महत्त्वपूर्ण पक्ष के हो भने तपाईंको योजनामा भएका पूर्वाधार कसरी निर्माण गर्नुहुन्छ । हामी आफ्नै स्रोत साधन, प्राविधिक जनशक्ति, निर्माण कम्पनी परिचालन गरेर निर्माण गर्ने हो भने लगानीको एउटा आंकडा आउँछ । उदाहरणको लागि नागढुंगा सुरूङमार्ग निर्माण गर्न सक्ने नेपालसँगै जनशक्ति र निर्माण कम्पनी हुन्थ्यो भने अहिलेको लागतको आधा रकमै त्यो आयोजना बन्ने थियो । उनीहरूले अन्तर्राष्ट्रिय कम्पनीमार्फत बनाउँदैछन । त्यसको ठाँउमा नेपाली कम्पनीसँग निर्माण गर्न सक्ने क्षमता हुन्थ्यो भने अहिले भनिएको रकमको आधामा आयोजना बन्ने थियो । त्यसैले पूर्वाधार निर्माणको हाम्रो आन्तरिक प्रविधिक क्षमता विकास गर्न सक्दा अहिले भनिएको 'फन्डिङ-ग्याप'को दायरा उल्लेख्य रूपमा घट्न सक्छ ।

अर्कोतिर हाम्रो क्षमता ह्रास हुँदै गइरहेको छ । कुनै पनि आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) बनाउनको लागि पनि हामीसँग क्षमता छैन । त्यसबेला दाताका कान ठाडाठाडा हुने गरेका छन् । डीपीआर तयार गर्नलाई अन्तर्राष्ट्रिय करार गर्नुपर्ने अवस्था छ । त्यसको अर्थ हामीलाई आयोजना निर्माणमा मात्र होइन, तयारीमा पनि डलर खर्च गर्नुपर्ने भइसकेको छ । यसकारण दाताबाट ऋण वा अनुदान नलिने र देशभित्रकै रकम वा डलर खर्च गरी विदेशी कम्पनीबाट त्यो काम गर्ने हो भने त हाम्रो भुक्तानी सन्तुलनमै असर पर्छ । आन्तरिक क्षमता वृद्धि गर्दा अन्ततः त्यसले हाम्रो आन्तरिक पुँजी परिचालन गरी हामी आफैंले पूर्वाधार निर्माण गर्न सक्ने अवस्था ल्याउँछ । पूर्वाधार विकासका लागि आवश्यक जनशक्ति, निजी तथा सरकारी संस्थागत विकास लगायत आन्तरिक प्रविधिक क्षमता र लगानी पुँजीको अन्तरसम्बन्धबारे नीतिगत तहमा पुनर्विचार जरूरी देखिन्छ । यस पक्षमा हाम्रा आर्थिक योजनाकारहरूको आवश्यक ध्यान पुग्न सकेको छैन ।

शुभारम्भ...शिवम्सँग

शिवम् सिमेन्ट

सिमेन्ट जगतमै पहिलो पटक

NS QUALITY AWARD-2019

प्रथमद्वारा सम्मानित

QUALITY को लागिएमा NO COMPROMISE

CERTIFIED CEMENT COMPANY

आफ्नै चुनढुङ्गा खानी

अटुट COMPRESSIVE STRENGTH

शिथिल अर्थतन्त्रको ओदान
उत्पादकत्व, प्रतिस्पर्धा र लगानी

अहिले विश्वमा दुई ट्रिलियन डलर हो, एफडिआइको वार्षिक आकार । त्यसमा धेरैजस्तो विकसित मुलुकबाट विकसितमै जान्छ । विकसितबाट विकासशील वा विकासशीलबाट विकासशीलमै आउने कम र सीमित छ । त्यसलाई नेपाल ल्याउन प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ । क्षेत्र हेरेर हाम्रा प्रतिस्पर्धी मुलुक धेरै छन् ।

डा स्वर्णिम वाग्ले

एउटा सबैलाई समान रूपमा लागू हुने होराइजन्टल र अर्को रोजेरै आकर्षित गर्ने टार्गेटेड पहल । होराइजन्टल नीति आवश्यक हो तर पर्याप्त होइन । नेपालका लागि कम्पनी विशेषलाई टार्गेट गर्ने रणनीति बढी उपयुक्त हुन्छ भन्ने मलाई लाग्छ । नेपाललाई खासै विदेशी लगानीकर्ताले नपत्याइरहेको अवस्थामा प्रधानमन्त्री, अर्थमन्त्री, लगानी बोर्डका अध्यक्ष र राजदूतहरूको तहमा विश्वभर पहिचान भएका केही कम्पनीहरूसँग सोझै सम्पर्क र नेगोसियसन गर्ने । सांकेतिक अर्थमा भन्दा उनीहरूलाई रातो कार्पेट बिछ्याउने ।

एसियामै सुस्त

दक्षिण एसियाका अधिकांश अर्थतन्त्रले हालैका केही वर्षमा राम्रो प्रगति गरेका छन् । सन् २०१३ देखि २०१८ मा बंगलादेश, भारत र पाकिस्तान अनि भुटान र माल्दिभ्सको औसत वार्षिक आर्थिक वृद्धि नेपालको भन्दा उच्च रह्यो । अझ सन् २००३ देखिनै हेर्ने हो भने नेपाली वृद्धि चार प्रतिशतको हाराहारीमात्र छ, जुन हाम्रो विकासको चरणका लागि चरम रूपमै अपर्याप्त हो । पछिल्लो दुई वर्ष साढे ६ प्रतिशतभन्दा माथि जान खोजेका छौं । तर त्यो प्रवृत्तिमा दिगो स्रोतको टेकोको भर छैन । कृषि मनसुनमै निर्भर छ । ऊर्जाको सहजीकरणले उद्योग तंग्रिन खोजेको छ, तर त्यहाँ नवप्रवर्तन र गतिशीलता छैन । रेमिट्यान्सले सेवा क्षेत्र र उपभोगलाई बढावा दिएको छ । रियल एक्सचेन्ज रेटको एप्रिसिएसन हुँदा हाम्रो प्रतिस्पर्धात्मक क्षमतामा सापेक्षित ह्रास आएको छ । सन् २००१ देखि २०१४ को तथ्यांकको गहिरो विश्लेषण गरेपछि विश्व बैंकको निष्कर्ष छ- नेपालमा औसत उत्पादकत्व वृद्धि (टोटल फ्याक्टर प्रडक्टिभिटी) शून्य प्रतिशतको हाराहारीमा छ । शून्य प्रतिशत !

सरल भाषामा उत्पादकत्व वृद्धि भनेको ' कम समय र लागतमा पहिलेभन्दा बढी र उच्च स्तरको उत्पादन' गर्नु हो । सन् २०११ देखि २०१६ सम्म अर्थतन्त्रको आकारको अनुपातमा कुल लगानी २०-२१ प्रतिशत मात्र छ भने प्रचूर प्रगति गरेको बंगलादेशको २५ प्रतिशतभन्दा माथि । हामीकहाँ पुँजी संग्रहको गति सुस्त नै छ । आन्तरिक उत्पादकत्वको कमजोर हालत खस्कँदो बाह्य प्रतिस्पर्धात्मक क्षमतामा झल्कन्छ । निर्यातको अनुपातमा आयात १२ गुणा ठुलो छ । अर्थतन्त्र बलियो भएको भए आयात बढी हुनु आफैंमा चिन्ताजनक होइन । तर निर्यात नहुनु चाहिँ अर्थतन्त्रको समस्या हो । आयात बढ्दा उपभोगमा विविधता आउँछ, विकासका क्रियाकलाप बढ्छन् । विकासको प्रारम्भिक चरणमा पुँजी संग्रह बढाउने खालको आयात बढ्नु राम्रो पनि हो । तर, अन्तर्राष्ट्रिय बजार अनुकूल हुँदा पनि निर्यात बढाउन नसक्नुमा उत्पादकत्व वृद्धिको अजेन्डाप्रति सरकारी नीति र उद्यमीको निरूत्साह जिम्मेवार छ ।

मुलुकमा उत्पादन, कारोबार र व्यापारको लागत उच्च छ । भूपरिवेष्ठित भूमि र उदासीन संस्थागत क्षमताले समस्या चर्काएका छन् । इन्धन, श्रम, ढुवानी, प्रक्रियागत झन्झटले खर्च बढाएको छ । भारूसँग नेपाली रूपैयाँको विनिमय दरको पेग छ । यस्तो वातावरणमा उत्पादन र निर्यात बढाउन गहिरा संरचनात्मक सुधारका चरणबद्ध शृंखलाकै आवश्यकता पर्छ । हामीले लागत घटाउन चाहिने सुधार गरेका छैनौं । सरकारले राजस्व संकलनमा केही सुधार ल्याउन खोजेको

छ तर त्यसको अधिक हिस्सा संघीयता धान्ने अनुत्पादक चालू खर्चमै सीमित हुने हुँदा लगानीयोग्य पुँजीको बाह्य आकर्षण प्रधान मुद्दा बन्नु पर्नेछ अब ।

हालै डुइङ बिजनेस सूचकांक २०२० मा नेपाल ११०औं बाट ९४औं स्थानमा उक्लियो । विश्व बैंकको यो चर्चित तर विवादास्पद अभ्यासले समग्र अर्थतन्त्रको गतिशीलता भने समेट्दैन । दक्षिण एसियामा राम्रो आर्थिक उन्नति गरिरहेको बंगलादेश आज पनि पुछारतिर भेटिन्छ (१६८औं) भने समृद्ध श्रीलंका नेपालभन्दा पछि छ । हाम्रै आँकडा खोतल्दा दुई साना कुराको ठूलो हात देखियो : पहिलो, गोदाम बनाउँदा लाग्ने प्रक्रियागत खर्चमा कमी र दाम्रो, कर्जा सूचना उपलब्धतामा सहजता । ठूला भ्रष्टाचार, बाह्य लगानी र व्यावसायिक लागत जस्ता महत्त्वपूर्ण कुरा यसले नसमेट्ने हुँदा हामीले गरेको भनिएको सुधार सार्थक भन्दा पनि देखावटी (कस्मेटिक) मात्र भए ।

लागत, प्रतिस्पर्धा र संयोजन

निर्यात बढाउने गहन उपाय भनेको फर्मको उत्पादकत्व र प्रतिस्पर्धी क्षमता बढाउनु नै हो । तर यो सरल छैन । उनीहरू अन्तर र्ष्ट्रिय स्तरमा जोडिन र टिक्न हाम्रो लागत घट्नुपर्छ । अर्को शैलीमा भन्दा निर्यातमा झड्का दिन लागत घटाउने, क्षमता बढाउने र सहजीकरण गर्ने तीनबुँदे कार्यनीति चाहिन्छ ।

पहिलो, लागत घटाउन अनावश्यक भन्सार र गैरभन्सार व्यवधान हट्नुपर्छ । हाम्रा फर्मले उत्पादकत्व र प्रतिस्पर्धा बढाउनका लागि विश्वको कुनै पनि ठाउँबाट ' इन्टरमिडिएट' वस्तु सबभन्दा सस्तोमा र भरपर्दो तवरले आयात गर्न सक्नुपर्छ । सफल निर्यातको पछाडि चुस्त आयात नीति हुन्छ । चीन, भारत र ब्राजिल जहाँबाट ल्याए पनि ' इन्टरमिडिएट' वस्तु सस्तो हुनुपर्छ । यहाँ बंगलादेश वा कम्बोडियामा जस्तो ड्युटी ड्र ब्याक स्किम, ड्युटी सस्पेन्सन सिस्टममार्फत सही निर्यातकर्तालाई सहुलियत दिनपर्‍यो । व्यापार सहजीकरण र कनेक्टिभिटीमा राज्यले थप लगानी गर्नुपर्छ । नयाँनयाँ आइटी सोलुसन आउन्, बिचौलिया हराऊन् । रोडदेखि हवाई कनेक्टिभिटीसम्मका माध्यम प्रतिस्पर्धी होउन् ।

निर्यात बढाउन सबैभन्दा महत्त्वपूर्ण कुरा भने प्रत्यक्ष वैदेशिक लगानी नै हो । वैदेशिक लगानीसँग हाम्रा फर्महरू जोडिए भने पैसामात्र आउँदैन, आधुनिक प्रविधि, बजार र व्यवस्थापकीय क्षमता पनि आउँछ । एक

निर्यात बढाउने गहन उपाय भनेको फर्मको उत्पादकत्व र प्रतिस्पर्धी क्षमता बढाउनु नै हो । तर यो सरल छैन । उनीहरु अन्तर्राष्ट्रिय स्तरमा जोडिन र टिक्न हाम्रो लागत घट्नुपर्छ ।

जमाना थियो सन् ९० को दशक पहिले, जतिबेला भन्सार दर उच्च हुँदा प्रत्यक्ष विदेशी लगानी र निर्यात एक-अर्काका प्रतिस्पर्धी थिए । त्यस्तो बेला कुनै ठूला बजारमा निर्यात गर्न नसक्दा प्रत्यक्ष विदेशी लगानी भित्रेर आन्तरिक उत्पादनको रूप लिन्थ्यो । तर विश्व बदलिएको छ । अहिले निर्यात र लगानी परिपूरक भएका छन् । अर्थात् जहाँ प्रत्यक्ष विदेशी लगानी ल्याउन खुकुलो र प्रतिस्पर्धी नीतिगत संरचना छ, त्यही देशको निर्यात बढ्छ । नेपालकै छोटो अनुभवले पनि यही भन्छ । सन् ९० पछि नेपाल आएर लगानी गरेका डाबर, युनिलिभरजस्ता कम्पनीले यहाँबाट गरेको निर्यात उल्लेख्य रहेको छ ।

निर्यात क्षमता बढाउन प्रत्यक्ष विदेशी लगानी ल्याउन सहज नीति र उदार व्यवहारको आभास हुनपर्छ । तर पछिल्लो विदेशी लगानीसम्बन्धी कानुनले जुन लगानीको थ्रेसहोल्ड तोकेको छ । यसले झन् शंका उत्पन्न भएको छ । जस्तो पाँच करोडभन्दा मुनिको लगानी ल्याउन नदिने कुराले आइटी तथा सफ्टवेयर कम्पनीमा आउन सक्ने लगानी निरूत्साहित हुन्छ ।

दोस्रो पिल्लर हो- फर्मको क्षमता बढाउने कुरा । उनीहरूको उत्पादकत्व बढाउनलाई सरकारले विश्वबजार वा क्षेत्रीय बजारसँग जोडिनलाई सहयोग गर्नुपर्छ । यसका लागि नीतिगत पहल जसरी हुनुपर्थ्यो, त्यो भएको छैन । निर्यातका लागि प्रभावकारी स्किमहरू चाहिन्छ । अध्ययनहरूले के देखाइरहेका छन् भने अहिलेको प्रोत्साहन पर्याप्त छैन । सरकारले अहिले दिइरहेको नगद प्रोत्साहन नभए पनि यो खालको निर्यात हुन्थ्यो भन्ने निष्कर्ष छ । लामो समयदेखि प्रोत्साहन दिइरहेका छौं । तर त्यसले कहाँनेर निर्यात बढायो भनेर हेर्दा देख्दैनौं ।

योसँगै जोडिएर आउने अर्को कुरा हो- उद्यम र सीपमूलक तालिम । उद्यमशीलतासँग सीप जोडिएको जनशक्ति उपलब्ध गराउने वातावरण हुनुपर्छ । त्यस्तै खोज तथा अनुसन्धान जस्ता टुल्स-- जसले फर्मको उत्पादनदेखि व्यवस्थापकीय क्षमता विकासमा पनि सहयोग गर्छन्-- त्यसको व्यवस्था नेपालमा गरिएको छैन ।

विश्व बैंकको इन्टरप्राइज सर्भे भन्ने एउटा गहकिलो रिपोर्ट-शृंखला छ । त्यसमा कर्जा, अनौपचारिकता, प्रविधि, कर र नियमन, पूर्वाधार र लजिस्टिक सेवा, अपराध, फर्मका चरित्र जस्ता कुराको राम्रो झलक आउँछ । सुधारको रोडम्याप यही हो । पांग्राको पुनराविष्कार जरूरी भएन, अब ।

दैशैभरी लचिला एकद्वारे प्रक्रिया, कम बोझिला कर, राम्रा सडक, बिजुली, पानी तथा यातायातको व्यवस्था भए विशेष आर्थिक क्षेत्रको बहस नै हुन्थेन । यसो नभएको अवस्थामा विशेष क्षेत्रमा सीमित भई सुविधा दिन सकिने भएकाले विशेष आर्थिक क्षेत्र, औद्योगिक पार्कको अवधारणा आएको हो । यसमा हामीले प्रस्ट ध्यान दिन सकेका छैनौं । छरपष्ट छन् हाम्रा चाहना । पाँचखालदेखि जुम्लासम्मको गफ हाँकेका छौं, तर भैरहवामा बनिसकेको आर्थिक क्षेत्रको सफल सञ्चालन छैन । अर्थशास्त्रको 'थ्यौरी अफ सेकेन्ड बेस्ट'ले यस्तै प्राथमिकताहरूलाई बोक्न प्रेरित गर्छ ।

ग्लोबल कम्पिटेटिभनेस जस्ता रिपोर्टले उठाउने इस्युमा टेकेर पनि सुधार मार्गचित्र बनाउनुपर्छ । बजारमा नयाँ प्रतिस्पर्धी छिराउनुपर्‍यो । जोस भएका फर्मलाई बजारमा छिराउनुपर्छ । तर यसो हुँदा स्थापित खेलाडीले रोक्ने जुन प्रवृत्ति नेपालमा छ, त्यो पनि हाम्रो प्रतिस्पर्धात्मक क्षमता बढाउने कुरामा बाधक छ । प्रवेशमा अवरोध खडा गर्न अहिलेका उद्योगी व्यापारीका संघ-संगठनको भूमिका रहेको म देख्छु । राज्यले 'प्रो-कम्पिटिसन' ऐन ल्याएर निर्मम रूपमा कार्यन्वयन गर्नपर्छ । म योजना आयोगमा हुँदा नेपालमा फ्रेस बियरको 'मिसिङ मार्केट' पूर्ति गर्न बजार खुला गर्नेबारे लामो छलफल र निर्णय भएको थियो । त्यसमा अहिलेका बोतल बियरवालाले ठूलो

अवरोध गरे । अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई नै प्रभावमा पारेर राष्ट्रको हितमा गरिएको निर्णय तुहाइयो ।

२०औं शताब्दीमा अमेरिकी अर्थतन्त्रको गतिशीलताका पछाडि प्रो-कम्पिटिसन सोचको मुख्य भूमिका थियो । तर यस्ता सोच र अभ्यासमाथि स्थापित कम्पनीहरूले निरन्तर प्रहार गरिरहन्छन् । गत महिनामात्र एउटा गज्जबको किताब निस्केको छ 'द ग्रेट रिभर्सल' फ्रेन्च मूलका अमेरिकी प्राध्यापक थमस फिलिपौंले लेखेका । विगत दुई दशकमा अमेरिकी अर्थतन्त्र कम प्रतिस्पर्धी हुँदै जानुमा अहिलेका ठूला फर्म झन् ठूलो हुँदै जानु, एकाधिकारविरूद्ध ऐन फितलो हुनु, चरम लबिङ गर्नु, राजनीतिमा चन्दामार्फत प्रभाव जमाउनु र नवप्रवेशी उद्यमीलाई टिक्नै गाह्रो पार्नु जस्ता कारण छन् । नेपालले सिक्नुपर्छ यस्तै शोधबाट ।

तेस्रो, संस्थागत सहजता, सहकार्य र सहयोगको कुरा छ । ब्रान्डिङ, व्यापार प्रवर्द्धन, विदेशी लगानीका लागि एकल एकीकृत सेवा । लगानी बोर्ड यही मर्मका साथ स्थापना भएको हो । तर उसले अझै लक्ष्यअनुसार काम गर्न सकेको छैन । बाहिरका केही मुलुकमा 'नेसनल सिस्टम अफ कम्पिटेटिभनेस'को अनुकरणीय अभ्यास छ । प्रतिपस्पर्धात्मक क्षमता बढाउन राष्ट्रिय काउन्सिल नै बन्न सक्छन् । उत्पादकत्वलाई असर गर्ने विभिन्न विषयलाई एकत्रित गरेर एउटा शक्तिशाली संरचना बनाउनु पर्छ । नेपालमा आयोगहरूलाई साह्रै हल्का बनाइयो । तैपनि यो बनाउन सकियो भने ब्रान्डिङदेखि लगानीको वातावरणसम्म, वानस्टप सपदेखि लिएर अन्तरमन्त्रालय सहकार्य, तहगत समन्वय लगायत काम गर्छ ।

अहिले औद्योगिक वातावरण बनाउने र व्यापार सहजीकरणका लागि उद्योग, वाणिज्य मन्त्रालय त छ, तर यो अर्थ मन्त्रालयको शाखा हो कि जस्तो देखिन्छ । यसले आफ्नो शक्तिको अभ्यास गरेको देखिन्न ।

सन् २०११ मा मैले 'इन्भेस्टिङ अक्रस बोर्डर्स' भन्ने रिपोर्टको सह-लेखन गरेको थिएँ । प्रत्यक्ष विदेशी लगानीबारे ८७ वटा मुलुकका कानुनी प्रावधान र अभ्यासको विश्लेषण गर्न क्षेत्रगत खुलापन, प्रक्रियागत सहजता, विवाद निरूपण विधि, जमिनको उपलब्धताबारे हजारौं डाटा र २३ वटा सूचकांक केलाइयो । लगानी भित्र्याउन नीतिगत व्यवस्था उदार हुनु आवश्यक छ तर पर्याप्त छैन । लगानीसँग प्रत्यक्ष सरोकार राख्ने संस्थाहरूको व्यवहार निर्णायक देखिन्छ । लगानी बोर्ड जस्तो निकायको अब्बल सशक्तीकरणले प्रारम्भमा केही नतिजा दिनेछ । दीर्घकालमा भने समग्र

> नेपालको सरकारमा बस्नेहरुलाई विदेशी देख्नासाथ "हामी उदार छौं, सुधार गरिरहेका छौं" भन्ने बानी परिसकेको छ । तर नेपालमा लगानी गर्न आउनेले हाम्रा मन्त्री र प्रधानमन्त्रीले बोलेको र कानुनमात्र हेरेर बस्दैनन् ।

संस्थागत गुणकै अभिवृद्धिमा जोड दिनुपर्नेछ अर्थात् क्वालिटी अफ इन्सटिट्युसन ।

लगानी ल्याउने ढोका

लगानीबारे मेरो आफ्नै अध्ययनको थप चर्चा गर्छु । ३३ प्रकारका उद्योग छनोट गरेर त्यसमा कति प्रतिशतसम्म विदेशी लगानी गर्न पाउने भन्ने एउटा पाटो हेरियो । त्यो खुलापनको मापन हो । जति थोरै सेक्टर खुला हुन्छन्, त्यति धेरै लगानीको ढोका बन्द हुँदै जान्छ ।

दोस्रो, प्रक्रियाहरू । लगानी गर्न कोही आयो भने वा विदेशी कम्पनीको शाखा नेपालमा खोल्न कति दिन लाग्छ ? यसमा जति लामो भयो त्यत्ति घुसखोरी र अनियमितता हुन्छ भन्ने मान्यता छ । कतिवटा हस्ताक्षर थाप्दै जानुपर्छ । सेवा दस्तुर कति लाग्छ ? व्यापारिक विवादको समाधान कसरी हुन्छ ? त्यसको विधि के हो ? घरेलु अदालत नै अन्तिम निकाय हो कि अन्तर्राष्ट्रिय आर्बिटेसनमा जान पाउने सुविधा हुन्छ ? आर्बिटेसन प्यालनले गरेको निर्णयको कार्यान्वयन कसरी हुन्छ ?

लगानी गर्न आउनेले आफूले पाउने कानुनी उपचारको ग्यारन्टी खोज्छ । कि त ठूलो बजार भएको भारत, चीन जस्ता मुलुक हुनुपर्‍यो । बजारको साइजकै कारण अन्य पाटाहरू सामान्य हुँदै जान्छन् । तर नेपालजस्ता सानो बजार भएका मुलुकमा आउँदा लगानीकर्ताले यस्ता कुरामा पहिलै सुनिश्चतता खोज्छन् ।

अर्को पाटो हो, जग्गामा पहुँच । लगानीकर्तालाई जग्गा किन्न, भाडामा लिने मूल्य, त्यसको प्रक्रियाको सहजता कस्तो छ भनेर मापन गरिएको थियो ।

त्यसपछिका वर्षहरूमा लगानीकर्ताका अन्य चासो पनि केलाइएको थियो । जस्तो कमाएको पैसा विदेश फिर्ता लान कत्तिको सहज छ ? अर्को हो, नेपाल आउने कम्पनीले विशिष्ट सीप र क्षमता भएको जनशक्ति ल्याउने कानूनी व्यवस्था कस्तो छ ? सहज छ कि बन्देज छ ? भिसा, अध्यागमन, श्रम स्वीकृति जस्ता कुरामा कति धेरै व्यवधान छन् ?

यी त भए कानुनमा लेखिएका कुरा (डी ज्युरे) । तर व्यवहारमा (डी फ्याक्टो) के छ ? खास महत्त्वपूर्ण कुरा यही हो र सुधारको रेखांकन यहाँबाट सुरू हुन्छ ।

नेपालको सरकारमा बस्नेहरूलाई विदेशी देख्नासाथ 'हामी उदार छौं, सुधार गरिरहेका छौं' भन्ने बानी परिसकेको छ । तर नेपालमा लगानी गर्न आउनेले हाम्रा मन्त्री र प्रधानमन्त्रीले बोलेको र कानुनमात्र हेरेर बस्दैनन् । पत्याउँदैनन् पनि । किनकि विश्वसनीयता स्खलित छ । उनीहरूले यहाँको खास अभ्यास र व्यवहारबारे विभिन्न सूत्रहरूबाट जानकारी लिइसकेका हुन्छन् ।

नेपालमा भएका विदेशी दूतावासहरूको धारणाको ठूलो महत्व छ । जस्तो अमेरिकी वा चिनियाँ नागरिकले नेपालको लगानी वातावरणबारे जानकारी लिन चाह्यो भने उसको पहिलो खोज अर्थ मन्त्रालय होइन आफ्नै दूतावासबाट हुन्छ । त्यसपछि लगानी गरिसकेका कम्पनीको अनुभव र उनीहरूले खाएका हन्डर वा नाफाको लेखाजोखा हुन्छ ।

सरकार र संसद्ले कानुन पास गर्ने, सरकार प्रमुखले भाषण गर्ने तर व्यवहार भने पुरानै हुने परम्परा तोड्नै पर्छ । साँच्चिकै नयाँ शिराबाट लगानी आकर्षित गर्न खोजिएको हो र निर्यात विस्तार गर्न खोजिएको हो भनेर आश्वस्त पार्नका लागि अहिले नै नेपालमा लगानी गरिरहेका विदेशीहरू, कमर्सियल काउन्सिलरहरूलाई निश्चिन्त पार्नुपर्छ । डाभोसमा गएर वा विश्व बैंकको मञ्चबाट 'हामी उदार छौं, आउ लगानी गर !' भनेर आह्वान गर्दैमा नेपालमा लगानी आउँदैन । हामीले व्यवहारबाटै देखाउनुपर्छ । फेरि भनौं- लचिलो कानुन आवश्यक छ भने उदार

अभ्यास अत्यावश्यक हो । नेपालमा यसै पनि प्रारम्भिक संरचना नै प्रतिकूल छ । भूपरिवेष्ठित मुलुक । ढुवानी, श्रमशक्ति, इन्धनजस्ता ठूला खर्चमा अप्रतिस्पर्धी छौं । विश्वमा लगानीयोग्य पुँजी निश्चित र सीमित छ । अहिले विश्वमा दुई ट्रिलियन डलर हो, एफडिआइको वार्षिक आकार । त्यसमा धेरैजस्तो विकसित मुलुकबाट विकसितमै जान्छ । विकसितबाट विकासशील वा विकासशीलबाट विकासशीलमै आउने कम छ र यो सीमित छ । त्यसलाई नेपाल ल्याउन प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ । क्षेत्र हेरेर हाम्रा प्रतिस्पर्धी मुलुक धेरै छन् । तर कम्बोडिया, भियतनाम, म्यानमार, रूआन्डा, बंगलादेश र धेरै भारतीय राज्यसरहको उदारता त देखिनुपर्छ । अरूभन्दा फरक हुनैपर्छ, आफ्नै तुलनात्मक लाभका क्षेत्रमा ।

यसमा दुई तरिकाले सोचौं । एउटा- होराइजन्टल नीति । सबैलाई समान रूपमा लागू हुने । अर्को- टार्गेटेड, रोजेरै आकर्षित गर्न विशेष पहल । होराइजन्टल नीति आवश्यक हो तर पर्याप्त होइन । नेपालका लागि कम्पनी विशेषलाई टार्गेट गर्ने रणनीति बढी उपयुक्त हुन्छ भन्ने मलाई लाग्छ । नेपाललाई खासै विदेशी लगानीकर्ताले नपत्याइरहेको अवस्थामा प्रधानमन्त्री, अर्थमन्त्री, लगानी बोर्डका अध्यक्ष र राजदूतहरूको तहमा विश्वभर पहिचान भएका केही कम्पनीहरूसँग सोझै सम्पर्क र नेगोसियसन गर्ने । सांकेतिक अर्थमा भन्दा उनीहरूलाई रातो कार्पेट बिछ्याउने ।

यसमा इन्टेलको उदाहरण दिन्छु । विगतका दुई दशक चीनप्रति सबैको आकर्षण थियो । तर इन्टेलले भियतनाम रोज्यो । त्यहाँको सरकारले ठूलो सहुलियत दियो र इन्टेलले पनि एक अर्ब डलर लगानी गऱ्यो । यसले अरू कम्पनीमा पनि सकारात्मक सन्देश गयो । इन्टेलजस्तो महान बहुराष्ट्रिय कम्पनीले योग्य ठहर गरेपछि म असुरक्षित हुन्न भन्दै अरू पनि पछि लागे । इन्टेलकै उदाहरण कोस्टारिकामा पनि छ, मलेसियामा पनि ।

भरोसालाग्दो र ठूलो बहुराष्ट्रिय कम्पनीलाई व्यक्तिगत पहुँचको आधारमा ल्याउन सकियो भने त्यसको प्रभाव कुनै कानुनी दफाभन्दा बढी शक्तिशाली हुन्छ । विश्वलाई विश्वसनीय सन्देश दिन यस्ता पहल चाहिन्छन् । गफ त सस्तो छ । 'सिग्नलिङ' गर्ने तरिका सिक्नु पर्छ ।

प्रधानमन्त्रीज्यू डाभोस जाँदा मैले यही सुझाव दिएको थिएँ । त्यहाँ भेटिने टप कम्पनीका तीनजनामात्र सिइओसँग सोझै वार्ता गर्नुस् । यो खालको प्रो-याक्टिभ कूटनीति नेपाललाई चाहिएको छ आज । लगानी गरिसकेकाको अनुभव सकारात्मक बनाउने र नवआगन्तुकलाई स्वागत गर्ने उदार, सरल र सहज व्यवहार देखाउँ ।

बढ्दो उत्पादकत्व र प्रतिस्पर्धाको जगमा निर्यात र लगानी वृद्धि गर्ने र नेपालभित्रै लाखौंको संख्यामा मर्यादित रोजगारी सिर्जना गर्ने अभियान आजको एकमात्र विकास प्राथमिकता हो । हाम्रो देश यस्तै ' बिग स्ट्रकचरल ब्रेक'को प्रतीक्षामा छ ।

वित्तीय स्रोत

बाह्य ऋणको अपरिहार्यता

इन्भेस्टमेन्ट फन्ड, म्युचुअल फन्ड जस्ता अन्तर्राष्ट्रिय लगानीकर्ताको आफ्नो बजारमा प्रतिफल दर ३-४ प्रतिशतभन्दा बढी हुँदैन । नेपालमा न्यूनतम १०-१२ प्रतिशत प्रतिफल भयो भने यस्ता संस्थालाई धेरै आम्दानी गर्ने अवसर हुन्छ । प्रतिफल र साँवा फिर्ता आउने प्रत्याभूति दिन सके धेरै अन्तर्राष्ट्रिय लगानीकर्ता नेपालमा लगानी गर्न तयार हुन्छन् ।

ज्ञानेन्द्रप्रसाद ढुंगाना

विगत तीन वर्षदेखि नेपालको आर्थिक वृद्धिदर उत्साहप्रद छ । ६ प्रतिशतभन्दा माथिको कुल गार्हस्थ उत्पादन (जीडीपी) वृद्धि प्राप्त गर्दै आएको अवस्था छ । सरकारले चालू आवको बजेट भाषणमै साढे आठ प्रतिशत वृद्धि गर्ने प्रक्षेपण छ । त्योभन्दा अघि नेपालमा आर्थिक वृद्धिदर राम्रो हुन सकेको थिएन । कुनै वर्ष आर्थिक वृद्धिदर नकारात्मक रह्यो भने कुनै वर्ष एक प्रतिशत हाराहारीमा आयो । त्यति बेला राजनीतिक स्थायित्व थिएन । आमनिर्वाचनबाट स्थायी सरकार बनेपछि नेपालमा लगानीको वातावरण सुध्रिएको अनुभव गर्न सक्छौं । यसपछि लगानी गर्न इच्छुक धेरै लगानीकर्ता आए । जसले गर्दा बैंकिङ क्षेत्रको आन्तरिक स्रोतले मात्र लगानीकर्ताको माग पूरा गर्न नभ्याउने स्थिति खडा भयो । बैंकको निक्षेप वृद्धिदरले कर्जाको माग धान्न नसकेपछि बैंकमा लगानीयोग्य पुँजी अभावको समस्या देखियो । यसले गर्दा आन्तरिक रूपमा नेपाल सरकार र नेपाल राष्ट्र बैंकसँग छलफल गरेर थप उपाय पनि अपनायौं । यसै क्रममा पुनर्कर्जाको सीमा बढाइयो । केन्द्रीय बैंकबाट उत्पादन तथा निर्यात विस्तारका क्षेत्रमा सहयोग पुऱ्याउने उद्देश्यले सहुलियत दरमा प्रदान गरिने पुनर्कर्जाको सीमा ३० अर्ब ७५ करोड पुऱ्याएको छ । पुनर्कर्जाको सीमा ५० अर्ब रुपैयाँसम्म पुऱ्याउन माग गरेका थियौं ।

यसैगरी, नेपाल सरकारको स्थानीय तहमा गएको आधा बजेटलाई बैंकिङ प्रणालीमा ल्याउने, सरकारी खर्च समयमै गर्ने जस्ता कुरा सुरू गऱ्यो । यसले पनि बैंकको लगानी मागलाई अझै धान्न सकेन । बाह्य लगानी नआइसकेको अवस्था र विप्रेषण (रेमिट्यान्स)को वृद्धिदर पनि राम्रो नभएकोले गर्दा अझै पनि माग र आपूर्तिमा असन्तुलन देखियो । त्यसपछि हामीले राष्ट्र बैंक र अर्थ मन्त्रालयसँग छलफल गर्दा आन्तरिक स्रोतले धान्न नसक्ने भएपछि बाह्य स्रोत खोज्नु बाहेकको उपाय छैन भन्ने निचोड निक्लियो ।

संसारका जुनसुकै देशमा पनि जब आर्थिक वृद्धिले जब गति लिन्छ अनि यस्तै समस्या आउँछ । आन्तरिक स्रोतले नपुग्ने भएपछि विदेशी स्रोत भित्र्याउन प्रयास गरिन्छ । नेपाल राष्ट्र बैंकले पनि वाणिज्य बैंकहरूलाई विदेशी स्रोत ल्याउन स्वीकृति दियो । पहिलो कदममा वाणिज्य बैंकको प्राथमिक पुँजीको करिब २५ प्रतिशतसम्म कर्जा ल्याउन पाउने निर्देशन दियो । नेपाल बैंकर्स संघमार्फत ऋण ल्याउन पाउने व्यवस्था भयो । तर उक्त सीमा कम थियो । हाम्रो मागपछि प्राथमिक पुँजीको ५० प्रतिशतसम्म विदेशी वित्तीय संस्थाबाट परिवर्त्य विदेशी मुद्रामा ऋण ल्याउन सक्ने बाटो खुला भयो ।

सो व्यवस्थापछि बैंकहरूले यस्तो ऋण ल्याउन पहल गरे । केही वाणिज्य बैंकले अनुमति पनि पाइसकेका छन् । एनएमबी बैंकले तीनवटा फरक विदेशी वित्तीय संस्थाबाट करिब तीन अर्ब ३५ करोड रुपैयाँ ऋण ल्याउन नेपाल राष्ट्र बैंकबाट अनुमति पाएको छ । उसले विश्व बैंक समूहको अन्तर र्राष्ट्रिय वित्त निगम (आईएफसी), स्विजरल्यान्डको सिम्बायोटिक्स इन्भेस्टमेन्ट कम्पनी र बेलायतको कमन वेल्थ डेभलपमेन्ट कोअपरेसन (सीडीसी)बाट ऋण ल्याउन लागेको हो । अन्य केही वाणिज्य बैंक पनि अनुमति पाउने प्रक्रियामा छन् । यस्तो ऋण लिने प्रक्रियामा एनआईसी एसिया, सानिमा र हिमालयन बैंक छन् ।

राष्ट्र बैंकले लघुवित्तलाई पनि यस्तो ऋण ल्याउन पाउने अधिकार दियो । लघुवित्त संस्थाले

कुल वित्तीय स्रोत परिचालन गरेको आफ्नो प्राथमिक पुँजीको ३० गुणाभन्दा बढी नहुने गरी विदेशी मुद्रामा ऋण लिन पाउने व्यवस्था गऱ्यो । यसपछि निर्धन उत्थान लघुवित्त र ग्रामीण लघुवित्त विकास केन्द्र (आरएमडीसी) ले पनि आईएफसीबाट बाह्य ऋण ल्याउन अनुमति पाइसकेका छन् ।

ऋण ल्याउन समस्या

एक्स्टर्नल कमर्सियल बरोइङका लागि केही समस्या छन् । पहिलो समस्या ब्याजदरमा छ । प्रचूर मात्रामा ऋण प्रवाह भए मात्र बयाजदर स्थायी हुन्छ । ठूलाठूला लगानी भित्रिन्छन् । आज र २-३ वर्षपछि फेरि ब्याजदर बढ्यो भने लगानीका सम्भावना कम भएर जान्छ । यसबाट परियोजनाहरु नाफामूलक हुँदैनन् । बाह्य तथा आन्तरिक लगानीकर्ताले ब्याजदरमा स्थायित्व चाहेका हुन्छन् । त्यसकारण बैंकर संघले ब्याजदरमा स्थायित्व राख्ने कोसिस गरेको छ । त्यही भएर मुद्दती निक्षेपमा अधिकतम सीमा राख्ने बैंकरबीच समझदारी भएको छ ।

नेपालमा वैदेशिक लगानी तथा ऋणको लागि हेजिङको व्यवस्था नहुनु अर्को समस्या हो । व्यावसायिक कर्जा प्रवाह गर्ने संस्थाले विदेशी मुद्राको जोखिम न्यूनीकरणका लागि हेजिङको पहल गरेपछि 'हेजिङ सम्बन्धी नियमावली, २०७५' आयो । तर हेजिङ नियमावली खासै व्यवहारिक छैन । हेजिङको कस्ट महँगो हुन्छ । हेजिङमा अन्य व्यवधान पनि छन् । लन्डन इन्टरबैंक अफर्ड रेट (लाइबर)को निश्चित प्रतिशतभन्दा बढी रकम लिन नपाउने व्यवस्थाले गर्दा कयौं लगानीकर्तालाई नाफा नहुने देखियो । यस्तै, बाह्य ऋण ल्याउने संस्था बैंक तथा वित्तीय संस्था नै हुनुपर्ने व्यवस्थाले पनि समस्यामा पारेको छ । गत मौद्रिक नीतिमा यो व्यवस्थामा परिवर्तन गरिएको छ । अब बाह्य ऋण बैंक तथा वित्तीय संस्थाबाहेक अन्य इन्भेस्टमेन्ट कम्पनीबाट लिन सकिने भन्नेबारे हेजिङ विनियमावलीमा संशोधन र लागू गरिँदै छ ।

कुनै एक लगानीमा निहित विभिन्न खाले जोखिम न्यूनीकरण गर्ने उद्देश्यले गरिने अन्य वा सहायक लगानी (उपाय) हेजिङ हो । विदेशी विनिमय दरमा आउने उच्च परिवर्तनका कारण हुन सक्ने जोखिमको सावधानीपूर्वक अध्ययन, अवलोकन गरेर जोखिम न्यूनीकरणका लागि अवलम्बन गर्नुपर्ने रणनीति कार्यान्वयन गर्न हेजिङसम्बन्धी नियमावलीले सहयोग गर्छ । यसमा राष्ट्र बैंकले विदेशी लगानी भित्र्याउने क्रममा जति मूल्यमा डलर सटही गरेको छ, लगानीकर्ताले लगानी वा मुनाफा फिर्ता गर्दा पनि त्यत्ति मूल्यमै डलर सटही सुविधा प्रदान गर्छ ।

देशको 'सोभरेन क्रेटिड रेटिङ' (सार्वभौम साख मूल्यांकन) नभएकाले पनि विदेशी लगानी भित्र्याउन नसकिएको हो । अहिले सरकारले देशको साख निर्धारण अर्थात 'सोभरेन क्रेडिट रेटिङ'को प्रक्रिया अघि बढाएको छ । अर्थ मन्त्रालयले राजस्व सचिव लालशंकर घिमिरेको संयोजकत्वमा 'रेटिङ ओभरसाइट कमिटी' गठन गरेर प्रक्रिया अघि बढेको अवस्था छ । देशको साख निर्धारण गर्ने काम अघि बढिसकेकोले यसले विदेशी ऋण भित्र्याउन सहज बनाउने छ । साथै भविष्यमा बैंकिङ क्षेत्रमा तरलताको अभाव नहोस् भन्नका लागि सस्तोमा आवश्यकता अनुसार कर्जा उपलब्ध गर्न सकिने भन्नेबारे नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय र नेपाल बैंकर्स संघको संयुक्त पहलमा छलफल भइरहेका छन् । तर नीतिगत परिवर्तनमा केही समय लाग्छ । किनभने लगानीकर्ताले लगानीको प्रतिफल प्रत्याभूति खोज्छन् । हामीले प्रतिफल दिन सकेको अवस्थामा नेपालमा बाह्य व्यावसायिक ऋण आउने सम्भावना छ । यसबाहेक प्रत्यक्ष वैदेशिक लगानी भित्रिने सम्भावना पनि छ ।

यसैबीच। लगानी सम्मेलन पनि भयो । सम्मेलनमा धेरै प्रतिबद्धता पनि आएका छन् । गैरआवासीय नेपाली (एनआरएन) लाई मुद्दती निक्षेप खोल्ने, बोन्ड (ऋणपत्र)मा लगानी गर्ने अथवा परियोजनामा लगानी गर्न सहज वातावरण बनाइदिने काम गर्नु आवशयक छ । गत वर्षको मौद्रिक नीतिले यसमा केही सम्बोधन गरेको छ ।

साथै बैंकर्सहरूले यसबीचमा भारतीय मुद्रा (भारू)मा वैदेशिक ऋण ल्याउनुपर्छ भनेर माग राखे । यसका लागि केन्द्रीय बैंकले पनि बाटो खुलाएको छ तर भारतीय रिजर्व बैंक (आरबीआई)बाट स्वीकृति लिनुपर्ने व्यवस्थाले यो लागू हुन सकिरहेको छैन ।

बाह्य ऋण भित्र्याउने पहल

बैंकिङ क्षेत्रमा नीतिगत सुधार धेरै भएका छन् । व्यवहारिक हिसाबले बाह्य व्यावसायिक ऋण ल्याउन सबैले कोसिस गरिरहेका छौं । यस्तो ऋण ल्याउँदा नेपालको आन्तरिक पुँजीभन्दा महँगो पनि हुनु भएन । धेरै महँगो पुँजी ल्याएर यहाँको उत्पादन लागत बढ्न जान्छ र यस्ले प्रतिस्पर्धात्मक क्षमतामा कमी आउँछ । नेपालभित्रै वार्षिक साढे नौ प्रतिशत ब्याजमा निक्षेप लिएका छौं । यस अवस्थामा बाह्य ऋण ल्याउँदा योभन्दा सस्तो हुनुपर्‍यो । नियामक निकायबाट नीतिगत सुधार भइरहेको छ । त्यो सुधारका आधारमा भविष्यमा वैदेशिक ऋण भित्रिन सक्ने सम्भावना प्रचूर देखिन्छ ।

बाह्य ऋणमा बैंकहरु त्यत्ति प्रोत्साहित नभए पनि आगामी दिनमा हेजिङको सुविधा र देशको क्रेडिट रेटिङ भएपछि यसको आधारमा विदेशी संस्थाले ऋण दिन सक्ने अपेक्षा गर्न सकिन्छ । अहिले पनि विभिन्न इन्भेस्टमेन्ट कम्पनी, एजेन्सीबाट प्रस्ताव आएको छ । विदेशी लगानीकर्ताले ५-७ वटा बैंकलाई नै चुक्तापुँजी (कोर क्यापिटल) बराबरको ऋण एकैपटक दिन सक्छौं भनेर प्रस्ताव आएका छन् । यसकारण हामीले हाम्रा आवश्यकता पहिचान गरिसक्यौं । जबसम्म

नेपालमा वैदेशिक लगानी तथा ऋणको लागि हेजिङको व्यवस्था नहुनु अर्को समस्या हो । व्यावसायिक कर्जा प्रवाह गर्ने संस्थाले विदेशी मुद्राको जोखिम न्यूनीकरणका लागि हेजिङको पहल गरेपछि "हेजिङ सम्बन्धी नियमावली, २०७५" आयो । तर हेजिङ नियमावली खासै व्यवहारिक छैन ।

बाह्य लगानी भित्रिँदैन तबसम्म यो गतिले आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्न सकिँदैन । किनभने आन्तरिक स्रोत आर्थिक वृद्धिका लागि पर्याप्त छैन ।

सरकारले विकास खर्च ढिलो गर्ने गरेको, डिजिटल कारोबारमा हामी त्यत्ति अगाडि नबढेको लगायतले नेपाल अझै नगदमा आधारित अर्थतन्त्र भएका कारणले पुँजी निर्माणमा केही सुस्तता आएको हो । यसमा सबै बैंकले पुँजी निर्माणमा कसरी सहयोग हुन्छ, डिजिटल बैंकिङतर्फ कसरी जाने भन्नेमा आ-आफ्नो तहबाट पहल पनि गरिराखेका छौं । यी सबै प्रयासका बाबजुद आगामी १-२ वर्षमा विगतमा देखिएको लगानीयोग्य पुँजी अभाव (तरलता)को समस्या र ब्याज दरमा परेको चाप क्रमिक रूपमा सुधार हुने अपेक्षा गर्न सकिन्छ ।

परियोजनालाई बाह्य ऋणको अनुमति

एक्स्टर्नल कमर्सियल बरोइङ (व्यवसायका लागि बाह्य मुलुकबाट ल्याइने ऋण) बैंक तथा वित्तीय संस्थाले मात्र होइन उत्पादनमूलक परियोजनाले समेत प्रत्यक्ष रूपमा ल्याउन पाउने व्यवस्था सरकारले गर्नुपर्छ । यस्तो ऋण हेजिङ सहित जलविद्युत्, उद्योगलाई पनि ल्याउन प्रोत्साहन गरिनु पर्छ । यस्ता परियोजनाले सस्तो ब्याजदरमा ऋण ल्याउँदा लागत कम पर्छ भने त्यो अवसरको वातावरण बनाइदिनु पर्छ । यसले आखिर देशभित्रै तरलता भित्रिने हो । यही देशवासीले रोजगारी पाउने हुन् । यसले उद्यमशीलता बढाउँछ । यसकारण यतातर्फ पनि सरकारले सोच्न जरूरी छ ।

अन्तर्राष्ट्रिय अभ्यास

अन्तर्राष्ट्रिय अभ्यासमा आ-आफ्नो देशको केन्द्रीय बैंकको स्वीकृति लिएर बाह्य कर्जा लिने प्रचलन छ । विदेशी मुद्रामा आम्दानी हुने पर्यटन, होटल, वायुसेवा जस्ता संस्थालाई वैदेशिक ऋण लिन त्यति गाह्रो हुँदैन । किनकि उनीहरूको आम्दानी विदेशी मुद्रामा हुन्छ र भुक्तानी पनि सोही मुद्रामा गर्दा सजिलो पर्न जान्छ । तर जुन संस्थाको आम्दानी स्थानीय मुद्रामा हुन्छ उनीहरूलाई त्यस्तो अवस्थामा विनिमय जोखिम हुन्छ । अन्य देशमा बाह्य ऋण भित्याउँदा जोखिम न्यूनीकरण गर्ने सहज व्यवस्था छ । तर तुलनात्मक रूपमा नेपालमा भने यस्तो ऋण ल्याउन स्वीकृतिको प्रक्रिया थप सहज बनाउन जरूरी छ । अन्तर्राष्ट्रिय मान्यताअनुसार स्रोतको पनि पहिचान हुनुपर्छ । सम्पत्ति शुद्धीकरण तथा ग्राहक पहिचान (केवाईसी) जस्ता प्रावधान हेर्न जरूरी छ । ऋण ल्याउँदा जस्तो पायो त्यस्तै संस्थाबाट ल्याउनु पनि भएन । लगानी गर्ने निहुँमा जस्तो पायो त्यस्तोमा आँखा चिम्लिएर प्रक्रिया अगाडि बढाउनु हुँदैन । वित्तीय पारदर्शिता हुन जरूरी छ ।

इन्भेस्टमेन्ट फन्ड, म्युचुअल फन्ड जस्ता अन्तर्राष्ट्रिय लगानीकर्ताको आफ्नो बजारमा प्रतिफल दर ३-४ प्रतिशतभन्दा बढी हुँदैन । नेपालमा न्यूनतम १०-१२ प्रतिशत लगानी प्रतिफल भयो भने यस्ता संस्थालाई धेरै आम्दानी गर्ने अवसर मिल्छ । अन्तर्राष्ट्रिय संस्थालाई प्रतिफल र साँवा फिर्ता आउने प्रत्याभूति दिन सके नेपालमा लगानी गर्न धेरै तयार हुन्छन् ।

डुइङ बिजनेस इन्डेक्सको सहयोग

अझ देशको साख निर्धारण भएपछि लगानीकर्ताले सुरूमा हेर्ने राजनीतिक स्थिरता हो । यसपछि नेपालमा लगानीको प्रत्याभूति कस्तो छ भनेर हेर्छन् । भर्खरै सार्वजनिक भएको प्रतिवेदनले नेपालले डुइङ बिजनेस इन्डेक्समा सुधार गरेको देखाएको छ । यो सकारात्मक संकेत हो । यसले अब नेपालमा व्यवसाय तथा लगानी गर्न सहज छ भनेर देखाउँछ । बाह्य लगानीकर्ताको स्वीकृति प्रक्रिया र लगानी फिर्ता लैजान सजिलो छ भन्ने सन्देश डुइङ बिजनेस इन्डेक्समा आएको सुधारले दिएको छ । त्यसले पनि लगानीका अरू सम्भावना खोलेको छ । भोलिका दिनमा अझ सुधार हुँदै जाने अपेक्षा गर्न सकिन्छ । यसकारण भविष्यमा बाह्य ऋणले हाम्रो आर्थिक प्रगतिमा धेरै सहयोग पुऱ्याउँछ ।

STARRY NIGHT BBQ
LIVE PERFORMANCE BY:
TATTWO BAND
EVERY FRIDAY
7 PM ONWARDS
SHANGRI~LA
KATHMANDU
Shangri~La Hotel Kathmandu
Lazimpat Road
Kathmandu Metropolitan City
Kathmandu, Nepal
P: 977-01-4412999
www.hotelshangrila.com
NRS.2500 NETT
PER PERSON

Nepal's
BEST VODKAS

Nepal's Most Loved
#1 Vodka

Nepal's Ultra
Premium Vodka

Nepal's First Gold
Infused Premium Vodka

CELEBRATE RESPONSIBLY

प्राइम बिलेटबाट बनेको | Fe 500 TMT छड

- भूकम्प प्रतिरोधी
- उच्च लचकता
- उन्नत जोडाइ
- उत्कृष्ट बचत
- उच्च शक्ति
- अग्नि प्रतिरोधक
- एकनासको तौल-लम्बाइ अनुपात
- जापानी प्रविधि

नेपाल राष्ट्रिय मानक प्रमाण चिह्न
ने. गुण-१९१

श्री स्टील्स प्रा. लि.

काठमाण्डौ अफिस श्री स्टील्स प्रा. लि. | **हाउस नं.** ३०१, वडा नं. १, लालुपाते मार्ग
हात्तिसार, काठमाण्डौ, नेपाल, पि.ओ. बक्स १३३६८ | **फोनः** +९७७-१-४४४२४३०/४४४३२२९
सम्पर्कः ९८०१०६८६९४ (काठमाडौं), ९८०२५३१९७६ (पोखरा), ९८०२५३१९८९ (भैरहवा), ९८५५०२५१६७ (पूर्वाञ्चल), ९८०२५३१९७५ (पश्चिमाञ्चल)

नेपाल राष्ट्र बैंकको अनुरोध

जुन कामका लागि बैंक कर्जा लिइएको हो सोही काममा लगानी गरौँ। निर्धारित समयमा नै साँवा ब्याज भुक्तान गरौँ। कर्जा रकमलाई तोकिएको क्षेत्रबाहेक अन्यत्र लगानी गर्दा कर्जा दुरुपयोग गरेको ठहरिन्छ। यसरी कर्जा दुरुपयोग गर्दा कर्जा तत्काल चुक्ता गर्नुपर्ने हुनसक्छ। कर्जा दुरुपयोग गर्दा आय हुन नसकी साँवा व्याज भुक्तानी गर्न नसकिने अवस्था पनि आउँछ। त्यसैले बैंक कर्जा कर्जा माग गरिएको क्षेत्रमा लगानी गरौँ।

कर्जा सदुपयोग गर्नेबारे घरघरमा चर्चा गरौँ।

For more details: Tel: 01-4235888 Email: consumer.sales@subisu.net.np

SUBISU INTERNET
www.subisu.net.np

clear tv
www.cleartv.com.np

नेपाल आर्थिक पत्रकार समाज (सेजन) सदस्यहरूको नामावली बर्णानुक्रमअनुसार, संस्था, फोन नम्बर र इमेल

नाम	संस्था	फोन नम्वर	इमेल
अखिल सिटौला	आईसीटी नेपाल	९८५११३५५१९	akhilsitoula@gmail.com
अच्यूत पौडल	एपीवान टिभी	९८५१०७४९७४	achyootp@gmail.com
अच्यूत पुरी	अनलाइन खबर डटकम	९८४९२१६३२३	achyutp@gmail.com
अजयबाबु सिवाकोटी	हाम्राकुरा डटकम	९८५१०९३६९३	ajayashiwakoti@gmail.com
अजित अधिकारी	नयाँ पत्रिका दैनिक	९८४९७१९९३७	news.ajitkumar@gmail.com
अनिताबिन्दु पोखरेल	नेपाल टेलिभिजन	९८५१०५५६१७	Anupa_bin@yahoo.com
अनिता शिवाकोटी	बिजनेस प्लस	९८४१६३६७९४	shiwakoti66@gmail.com
अनिल परियार	कान्तिपुर एफएम	९८४१५६४३५१	anilpariyar5@gmail.com
अनुजराज ढुंगेल	चाणक्य मासिक	९८४१६८८७३६	anujraj.mail@gmail.com
अनुरागसिंह बर्मा	द हिमालयन टाइम्स	९८४१२६३७१०	anuragverma20@gmail.com
अमर बडवाल	बिजमाण्डु डटकम	९८५१२०६१९८	amarbaduwal@gmail.com
अमित ढकाल	सेतोपाटी डटकम		ameetdhakal@gmail.com
अरूण सापकोटा	विजमाण्डु डटकम	९८४९३४७४४६	arunodayabela@gmail.com
अर्जुन तामाङ	नागरिक खबर डटकम	९८५१०६४१४६	Pakhrin.arjun@gmail.com
अर्जुन पोखरेल	उज्यालो एफएम	९८५१२७२५९९	gyaniarjun@gmail.com
अर्जुन विष्ट	मिडिया होम	९८५१०३६११६	bistaarjun2008@yahoo.com
अर्पणा आले मगर	द हिमालयन टाइम्स	९८६०१२४६४७	Arpanamagar59@gmail.com
आनन्द अधिकारी	हिमालय टिभी	९८४१५१७०६८	anandadh@gmail.com
आनन्द श्रेष्ठ	नयाँ पत्रिका दैनिक	९८५१०७०६६८	charikotkoananda@gmail.com
आशिष ज्ञवाली	क्लिकमाण्डु डटकम	९८४१९४६७०२	gyawali.nba@gmail.com
अशोक थापा		९८५७०१७२०१	dynamicthapa@yahoo.com
इशारा कोइराला	नेपालीपैसा डटकम	९८४१०९२७७८	isharakoirala@gmail.com
उत्तम काप्री	नेपाल लाइभ डट कम	९८४११९०५५९	kapriuttam559@gmail.com
उत्तम सिलवाल	राष्ट्रिय समाचार समिति	९८४१२१२५८४	uttamsilwal@gmail.com
उद्धव थापा	बिजमाण्डु डटकम	९८५१०६२५१७	utmediapoint@gmail.com
उद्धव सिलवाल	राजधानी दैनिक	९८४१२७८३००	uddabsilwal@gmail.com
उमेश पौडेल	द हिमालयन टाइम्स	९८४१६७४७७२	p.umesh8@gmail.com
एकराज पाठक	राष्ट्रिय समाचार समिति	९८५१०३८७०७	pathakyekraj@gmail.com
एलिजा उप्रेती	रातोपाटी डटकम	९८४९६५४९७६	eliupnews@gmail.com
ओजस्वी गौतम	द भास्कर	९८५१०८२२६५	ojaswijournalist@gmail.com
ओम थापा	बिजमाण्डु डटकम	९८५१०८२८५३	ombthapa@gmail.com
ओमप्रकाश घिमिरे	वाचडग मिडिया	९८५१०९८५११	prakashdocument@gmail.com
कञ्चन अधिकारी	इकान्तिपुर डटकम	९८५१०९५१७७	kanchanenator@gmal.com
कमल अर्याल	नागरिक दैनिक	९८४१२६३५६२	aryalkamal244@gmail.com
कमला अर्याल	क्यापिटलनेपाल डटकम	९८४९९०३६०४	aryal.kamala989@gmail.com
कल्पना खनाल	ग्लोबल मिडिया	९८४९४९५९४३	kalpanakhanal15@gmail.com
काजी श्रेष्ठ	अन्नपूर्ण पोस्ट दैनिक	९८५११८२३१३	newskaji@gmail.com
किरण अधिकारी		९८५११२१५७२	voicekfm@gmail.com
किरण आचार्य	कारोबार दैनिक	९८५१०८२१०२	kiran.rolpa@gmail.com
किरण नेपाल	हिमाल खबरपत्रिका/पूर्वअध्यक्ष	९८५१०३४३४९	kirannepal@gmail.com
किरण भट्टराई	राष्ट्रिय समाचार समिति	९८४१८७९५८३	kiranbtrai@gmail.com
कुवेर चालिसे	कारोबार दैनिक	९८५१०७६३०४	kuber25@gmail.com

कृष्ण अधिकारी	राष्ट्रिय समाचार समिति	९८५११९७४००	
कृष्ण आचार्य	कान्तिपुर दैनिक	९८५११४१७१७	kpahara@gmail.com
कृष्ण रिजाल	नयाँ पत्रिका दैनिक	९८५१००८८६९	mekrijal@gmail.com
कृष्ण विष्ट	नेपालीहलचल डटकम	९८४१२९७००६	economicpost@gmail.com
केदार दाहाल	काठमाण्डु प्रेस डटकम	९८४१६४५८४६	kedar.apuro@gmail.com
केदार भट्टराई	गोरखापत्र दैनिक	९८४१२९५५२९	kaushaltar@gmail.com
केशवशरण लामिछाने	अन्नपूर्ण पोस्ट दैनिक	९८४१९४०११०	sharan26150@gmail.com
गजेन्द्र बुढाथोकी	कारोबार दैनिक	९८५१०५७९६६	gbudhathoki@gmail.com
गजेन्द्र विष्ट	पूर्वअध्यक्ष	९८५१०७०४९१	gajendrabista@gmail.com
गोकर्ण अवस्थी	पूर्वअध्यक्ष	९८४१३५०८००	gokarna.awasthi@gmail.com
गोकुल अर्याल	नेपाल साप्ताहिक	९८४१३२९९५१	aryalgokul@gmail.com
गोपाल तिवारी	पूर्वअध्यक्ष	९८५१११३६९८	kajutiwari@gmail.com
गोपालचन्द्र सुवेदी	गोरखापत्र दैनिक	९८५११८७९६८	gopalsubedi@gmail.com
गोपाल संग्रौला	कारोबार दैनिक	९८४१६१३१२१	gopal.sangroula2035@gmail.com
गोपाल साउद	टेकपाना डटकम	९८५१२१३३१४	saud.gopal@gmail.com
गोविन्द आचार्य		९८५१०९३९९६	mail@govind.com.np
गोविन्द लुइँटेल	अन्नपूर्ण पोस्ट दैनिक	९८४९८७३६२५	govindag121@gmail.com
गोविन्दप्रसाद चिमोरिया	रेडियो नेपाल	९८४१३२२७५१	chimouriag@yahoo.com
चेत ब. (सीबी) अधिकारी	राष्ट्रिय समाचार समिति	९८५१०८४५८३	adhikarirss@gmail.com
चिरञ्जिवी पौडेल	अनलाइन खबर डटकम		chiranjivi010@gmail.com
जनार्दन बराल	नयाँ पत्रिका दैनिक	९८५१०३८९९८	janardanbaral@gmail.com
जीवनकुमार बस्नेत	नयाँ पत्रिका दैनिक	९८४१२९०४३९	jbasnetji@gmail.com
जुनारबाबु बस्नेत	गोरखापत्र दैनिक	९८४१२९५५९७	junarb92@gmail.com
टिपी भुसाल	आर्थिक अभियान दैनिक	९८५१०९०८०८	tpbhusalpress@gmail.com
डण्डपानी उपाध्याय	क्यापिटलनेपाल डटकम	९८४१३१६२९०	dpjee@yahoo.com
डम्बरजंग डाँगी	गोरखापत्र दैनिक	९८४१२९५५२६	djdangi@hotmail.com
डिल्लिप्रसाद सापकोटा	अर्थबजार डटकम	९८४९१५९५४१	newsdilli@gmail.com
डुन्डुराज आचार्य	न्युजकारोबार डटकम	९८५११५०८३२	dracharya22@gmail.com
तपशवरसिंह थापा	रिपब्लिका दैनिक		
तुलसीराम सुवेदी	अन्नपूर्ण पोस्ट दैनिक	९८४९७५४३४७	tulsi953@gmail.com
तुला तिमिल्सिना	कान्तिपुर दैनिक	९८४१३०७६३४	tulatimilsina@gmail.com
दिनेश आचार्य	सेयर बजार साप्ताहिक	९८५१०९१०३८	dineshac@gmail.com
दिनेश रेग्मी	कान्तिपुर दैनिक	९८५११४८०८२	regmidinesh@gmail.com
दिपेन्द्र थापा	कारोबार दैनिक	९८५१०७२०३९	thapad97@gmail.com
दिपेन्द्र वान्तवा	एपीवान टिभी	९८५१००६६०३	bantawadipendra@gmail.com
दिलीप पौडेल	नागरिक दैनिक	९८५७६२२०८२	dilippaudel45@gmail.com
दिवाकर पन्त	नयाँ पत्रिका दैनिक	९८४१५२७५१०	diwakarpanta@gmail.com
दीक्षा रेग्मी	अर्थको अर्थ	९८४११८४६२२	dikshayaregmi@yahoo.com
धनवहादुर राउत	बजार पत्रिका	९८४१६३१८०४	roshan_bazar@yahoo.com
नन्दलाल अम्गाई	साप्ताहिक	९८४१३९२६८८	nandaamgai@yahoo.com
नवराज अधिकारी	नागरिक दैनिक	९८४१३१९९२५	journalist.n@gmail.com
नवराज चालिसे	न्युज २४ टेलिभिजन	९८५१०८८०६६	navastar@gmail.com
नवराज ढकाल	नेपालीपैसा डटकम	९८४१३४२२८७	nabarajd@gmail.com
नवराज पोखरेल	मेगा टेलिभिजन	९८४१३४३३१२	

नविन अर्याल	नयाँ पत्रिका दैनिक	९८५१०५२७५२	nabinarjyal@gmail.com
नविना निरौला	इमेज च्यानल	९८४१८००५५७	niraula.nabina@gmail.com
नारायण सापकोटा	पूर्वअध्यक्ष	९८४१२५६६७०	
नितु पण्डित	सञ्चारिका समुह	९८४१२८१८६५	panditnitum@gmail.com
निरू अर्याल	कारोबार दैनिक	९८५१०३१४८७	anjanniru@gmail.com
पदम न्यौपाने	नेपाली रेडियो नेटवर्क	९८५१०६०७७०	pdmneupane@gmail.com
परमेश्वर अधिकारी	नोटबजार डटकम	९८४१४२४२७१	pmhrad@gmail.com
पुष्प दुलाल	क्लिकमाण्डु डटकम	९८४९३६५१३५	dulalpuspa@gmail.com
पुष्पराज आचार्य	पूर्वअध्यक्ष/अन्नपूर्ण पोस्ट दैनिक	९८५१०३८४७२	pracharyap@gmail.com
पुष्पराज कोइराला	नयाँ पत्रिका दैनिक	९८५११९६६४५	pushpkoirala@gmail.com
पूर्णभक्त दुवाल	राजधानी दैनिक	९८४१३५८५५६	purnaduwal@gmail.com
पृथराज थेगम		९८४४६२४८३८	pirtha16@gmail.com
पृथ्वीमान श्रेष्ठ	द काठमाडौं पोस्ट	९८४१३६२९१३	shrestha.prithvi6@gmail.com
पेशल आचार्य		९८५१०२५३२०	peshal.acharya@gmail.com
प्रकटकुमार शिशिर	क्यापिटल म्यागजिन	९८४७६२०१०६	prakat.kumar@gmail.com
प्रकाश अधिकारी		९८५१११२५३	prakashdocument@gmail.com
प्रतीक प्रधान	संस्थापक अध्यक्ष/बाह्रखरी डटकम	९८५१०३२४७५	prateekp@gmail.com
प्रतीक्षा खनाल	कान्तिपुर एफएम	९८४१३५५६९९	khanalpratiksha@gmail.com
प्रदीप चापागाईं	नेपाल टेलिभिजन/पूर्वअध्यक्ष	९८५१०४०१०१	chapagainpradeep@gmail.com
प्रभात भट्टराई		९८५१११८७७८	pr.ilam@gmail.com
प्रमोद गिरी	अन्नपूर्ण पोस्ट दैनिक	९८४१३८२१०८	giripramod90@gmail.com
प्रवीण अधिकारी	बाह्रखरी डटकम	९८५१०७५६३०	Meprabin.pokharel@gmail.com
प्रशान्त अर्याल	नेपाल साप्ताहिक	९८५१०३५८९७	prashanta@kmg.com.np,
प्रसन्ना चित्रकार	द हिमालय टाइम्स	९८५१०००६७२	prashannaa@tht.com.np
प्राञ्जली बस्नेत	सत्यखबर डटकम	९८५१२०००४१	pranassbk@gmail.com
प्रेम खनाल		९८५१०२३३६०	premkhanal@gmail.com
प्रवीण पोखरेल	रेडियो नेपाल	९८५१०५६१८१	Meprabin.pokharel@gmail.com
बद्रिकुमार गौतम	नेपाल टेलिभिजन	९८४१२२४५२५	ntvnewsbadri@gmail.com
बलराम पाण्डे	बाह्रखरी डटकम	९८४१७३१०२२	pandey.balaram@gmail.com
बलराम बानियाँ	कान्तिपुर दैनिक	९८५१०८२६१३	baniyabalram@gmail.com
बाबुकृष्ण महर्जन		९८४१३६६८७९	bk.maharjan@gmail.com
बाबुराम खड्का	क्यापिटल नेपाल डटकम	९८५१०९३९११	khadka.baburam@gmail.com
बाबुराम ढकाल	हिपात मासिक	९८५१०८१२८१	hipatmashik@gmail.com
बालकृष्ण ज्ञवाली	नागरिक दैनिक	९८५११९२९२८	bgyawali9@gmail.com
बिनोदराज खनाल	वाचडग मिडिया	९८५१०४५७८२	watchdogmedia2000@gmail.com
भगवान खनाल	कारोबार दैनिक	९८४६१२४७१९	bhagawankhanal@gmail.com
भागवत भट्टराई	थाहाखबर डटकम	९८४९३८९६०४	bhagwat2068@gmail.com
भीमप्रसाद गौतम	अध्यक्ष/कारोबार दैनिक	९८५१०३७७६२	journalistbhim@gmail.com
भुपेन्द्र खड्का	बिजनेस प्लस	९८५१०५४७६३	bhupendrakhadka@hotmail.com
भुवन पौडेल	कारोबार दैनिक	९८४१९५८२३६	uniquepoudel@gmail.com
भुवनप्रसाद आचार्य	रेडियो नेपाल	९८४१९३६९४८	bhuban_acharya@yahoo.com
भूमिश्वर पौडेल	कान्तिपुर दैनिक	९८४९१०४२४३	sirishbhumi@gmail.com
भेषराज पोखरेल			

भेषराज बेल्वासे	गोरखापत्र दैनिक	९८४१४२१९००	belbase_bheshraj@yahoo.com
मणि लोहनी	कान्तिपुर टिभी	९८४१९५३६८४	manilohani@hotmail.com
मदन लम्साल	आर्थिक अभियान दैनिक	९८५१०४१६५२	madanlamsal@gmail.com
मदन लामिछाने	मनग्य मिडिया प्रालि	९८४१८९७२८१	lamichhanemadan45@gmail.com
मधुकर दाहाल	प्रोपर्टी मासिक	९८५११४०९७६	madhukar.nba@gmail.com
मधुजंग पाण्डे	राजधानी दैनिक	९८४१७२६२७२	madhujung.pandey@gmail.com
मनबहादुर बस्नेत	नेपाल साप्ताहिक	९८५११०११०६	mb.basnet@gmail.com
मनिषा घिमिरे	नेपाल टेलिभिजन	९८५११५४५६७	manishaghimire@hotmail.com
ममता थापा	आर्थिक अभियान दैनिक	९८४१५५३६१८	thapamamata22@gmail.com
मातृका दाहाल	कान्तिपुर दैनिक	९८४१६६९७००/९८६०१८१८००	matrikadahal@gmail.com
माधव ढुंगेल	काठमाडौ प्रेस डटकम	९८४१३४२१५७	mpdhungel@gmail.com
माधव दुलाल	थाहा संञ्चार नेटवर्क	९८५१०७८७९६	madhav009@gmail.com
मिलन खड्का	बजार पत्रिका	९८५२०७२८३६	mln.khadka@2910@gmail.com
मुकुल हुमागाईं	आर्थिक अभियान दैनिक	९८०१०३१३१४	mukul.humagain@gmail.com
मुना कुँवर	नयाँ पत्रिका दैनिक	९८५१२३५६४१	memunakunwar@gmail.com
मुराहरि पराजुली	कान्तिपुर दैनिक	९८४१२८६५१६	muraharip@gmail.com
मेनुका कार्की	विकासन्युज डटकम	९८४१४४७९८५	ta33menukarki@yahoo.com
मोदनाथ ढकाल	द राइजिङ नेपाल	९८५११५५७००	dhakalutsav@gmail.com
मोहन बास्तोला	रेडियो नेपाल	९८४१८८५६७५	mbastola9@gmail.com
यज्ञ बन्जाडे	कान्तिपुर दैनिक	९८५११६९६४९	banjade.yagya@gmail.com
यादव घिमिरे (तुफान)		९८४१९४६७३९	tufanghimire4@gmail.com
यादव हुमागाईं	कारोबार दैनिक	९८५११६०४९८	j.yadav2006@gmail.com
योगेश पोखरेल	द राइजिङ नेपाल	९८५१०४८३३९	yogesh.pokharel@gmail.com
रक्षा रेग्मी	क्लाउड डटकम	९८५११५६६७०	ojesbi@gmail.com
रञ्जित तामाङ	स्थानीयखबर डटकम	९७४१०३२०५६	ranjittamang1@gmail.com
रञ्जु काफ्ले	द राइजङ नेपाल	९८४१७८०४६५	kafleranju@gmail.com
रमेश केसी	अर्थको अर्थ	९८४१२०२११८	
रमेश ढकाल	इमेज च्यानल	९८४१३७३५५२	rameshdhakal29@yahoo.com
रमेश लम्साल	द राइजिङ नेपाल	९८५१०१०४६२	lamsalrames@gmail.com
रमेश लम्साल	राष्ट्रिय समाचार समिति	९८४१५०४०९८	rameshlamsal@gmail.com
रमेशकुमार न्यौपाने	हिमाल खबरपत्रिका	९८४१८३१६५२	aswikrit46@gmail.com
रविचन्द्र पराजुली	नेपाल टेलिभिजन	९८४१४६४९७१	rcparajuli@yahoo.com
रविन्द्रकुमार शाही	सेतोपाटी डटकम	९८६०५६८१०४	shahisamir9@gmail.com
राजु चौधरी	कान्तिपुर दैनिक	९८४१७३३२१२	rajp20097@gmail.com
राजु बास्कोटा	अन्नपूर्ण पोस्ट दैनिक	९८४१५०१००७	news4raju@gmail.com
राजेश खनाल	काठमाडौं पोस्ट दैनिक	९८४१३२९५२९	khanalrajesh1@gmail.com
राधा चालिसे	गोरखापत्र दैनिक	९८४१२२१६२४	radha.chalise79@gmail.com
रामप्रसाद दाहाल	द राइजिङ नेपाल	९८४१२७३२४१	rpd9841@gmail.com
रामकृष्ण गजुरेल	चाणक्य मासिक	९८५१०३६५४२	sagar.gajurel@gmail.com
रामकृष्ण पौडेल	देश विकास साप्ताहिक	९८५१०३०४५४	rkpbikas@gmail.com
रामप्रसाद पुडासैनी	आर्थिक दैनिक	९८५१०२३६१५	pudasainirp@gmail.com
रामराजा श्रेष्ठ	बिजखबर डटकम	९८५१००८७९१	rrshrestha365@gmail.com
रामेश्वर बोहोरा	हिमालखबर पत्रिका	९८५१०३६५५५	rambohora@gmail.com

रूद्र खड्का	नागरिक दैनिक	९८५८०२०७२२	rudrakhadka1@gmail.com
रूद्र पंगेनी	खोज पत्रकारिता केन्द्र	९८५११९१३६३	rudra.pangeni@gmail.com
रूपक डी शर्मा	द हिमालयन टाइम्स	९८१३७५५०२	rupak.dee@gmail.com
रोशन कार्की (कुल)	तीव्रखबर डटकम	९८४१४७५९८२	karkirimn@gmail.com
रोशन रेग्मी		९८५१०१७१२५	rcregmi2006@gmail.com
रोशन शर्मा नेपाल	द हिमालयन टाइम्स	९८५११३८४४०	roshansnepal@gmail.com
लक्ष्मण काफ्ले	द राइजिङ नेपाल	९८४१५५७७६७	laxman.kafle@yahoo.com
लक्ष्मण वियोगी	ऊर्जाखबर डटकम	९८५१०१०६१४	biyogi2@gmail.com
लक्ष्मण हुमागाई	जनता टेलिभिजन	९८५१०४०२०८	laxmanhumagain@gmail.com
लक्ष्मी सापकोटा	कारोबार दैनिक	९८४१८५०११४	sapkotalaxmi10@gmail.com
लक्ष्मीप्रसाद उपाध्याय	गोरखापत्र दैनिक	९८४१५००९५९	upa.laxmi07@gmail.com
लक्ष्मीप्रसाद खतिवडा	कारोबार दैनिक	९८४१३०६८०७	khatiwadalp@gmail.com
लवेश प्याकुरेल	अरनिको टेलीभिजन	९८४१९३५६३४	lavesh11@gmail.com
लिलानाथ घिमिरे	युवापोस्ट डटकम	९८४१२८२१००	lnghimire@gmail.com
लेखनाथ पोखरेल	हिमालय टाइम्स	९८४१२१६७९२	lekhnathpokhrel87@gmail.com
लोकबहादुर चापागाईं	क्यापिटल म्यागजिन	९८४१३८३३८६	chapagailb@gmail.com
विजयकुमार तिमल्सिना	कान्तिपुर दैनिक	९८५१०९८२५५	teamkantipur@gmail.com
विजय घिमिरे	पूर्वअध्यक्ष		
विजय देवकोटा	कारोबार दैनिक	९८४९५६४३२५	devkotavijaya@gmail.com
विजयराज खनाल	नयाँ पत्रिका दैनिक	९८४१८९९९१९	vjkhanal05@gmail.com
विज्ञान अधिकारी	पूर्वअध्यक्ष/बिजमाण्डु डटकम	९८४१४९०७०६	badhikari2010@gmail.com
विदुर खतिवडा	केन्द्रबिन्दु डटकम		bidur.khatiwada@gmail.com
विद्या बज्राचार्य	संस्थापक	९८४१२०९१०२	
विनय बञ्जरा	अन्नपूर्ण पोस्ट दैनिक	९८५११४९४९६	binay.sabisagar@gmail.com
विपेन्द्र कार्की	कारोबार दैनिक	९८५१०९०९१४	karkibipendra@gmail.com
विवेक सुवेदी		९८४१४९३६८९	bibeksubedi007@gmail.com
विश्वास रेग्मी	गोरखापत्र दैनिक	९८५१२७७७००	bishwasregmi51@gmail.com
विष्णु तामाङ		९८५१०१०४९२	tmgbishnu@gmail.com
विष्णु पोखरेल	बीबीसी नेपाली सेवा	९८४११५८३७८	bppbiratnagar@gmail.com
विष्णु पोखरेल	न्युजसेवा डटकम	९८४९४८५३८०	pokhrel24@gmail.com
विष्णुप्रसाद जमकट्टेल	शेयर बजार साप्ताहिक	९८५१०९९८००	taruke.journalist@gmail.com
विष्णुप्रसाद पोखरेल	न्युज सेवा डटकम	९८४१९६४७७५	
विष्णु भट्टराई	रिपब्लिका दैनिक	९८५१२३०७९२	jollybishnu@gmail.com
विष्णु वेल्बासे	नेपालन्युज डटकम	९८५१००९७३१	bb.belbase@gmail.com
विष्णुप्रसाद सापकोटा	कारोबार दैनिक	९८५१०१६३६९	
वीरेन्द्र ओली	नयाँ पत्रिका दैनिक	९८४३५७०३५७	olibirendra19@gmail.com
शंकरप्रसाद पण्डित	अर्थको अर्थ	९८४१२२७४०१	panditshankar110@gmail.com
शमुयल राना मगर		९८५१२१९६०३	evolove_49@yahoo.com
शरद ओझा		९८४९६२३१२५	snepalmail@gmail.com
शरद भण्डारी	राष्ट्रिय समाचार समिति	९८४९३२५७१४	sarachchandra@gmail.com
शर्मिला ठकुरी	नेपालसमय डटकम	९८४१६०१८२०	payareesharmi@gmail.com
शिरोमणि ढुगांना		९८४१४३५३७४	meshiromani@gmail.com
शालिकराम गजुरेल	चाणक्य मासिक	९८४१०७२६४३	sharagajurel@gmail.com
शालिकराम सुवेदी	नेपाल टेलिभिजन	९८५१०६६७११	subedi.salik@yahoo.com

शिक्षा रिसाल		९८४११९३०७८	risal.shiksha@gmail.com
शिव दुवाडी	सुनाखरीन्युज डटकम	९८५१०२२८११	shiva397@gmail.com
शिव बोहोरा	नेपाललाइभ डटकम	९८४९३५३३७५	brother.bohara@gmail.com
शिवप्रसाद सत्याल	शिलापत्र डटकम	९८५११३६८५४	satyalshiva@gmail.com
श्रीकृष्ण न्यौपाने	बिएफबिएस रेडियो	९८५१०५०२८४	shanketz76@gmail.com
संगम प्रसाई	द काठमाडौं पोस्ट	९८४१४६६९००	prasaisangam@hotmail.com
सञ्जय पन्थी		९८४१४३४९४३	kanchu42@gmail.com
सञ्जिव गिरी	बीबीसी नेपाली सेवा	९८४१७७०१६२	sanjeev1974ad@gmail.com
सञ्जीवकुमार पौडेल	न्यू बिजनेस एज मासिक	९८४१२३३५५५	sanjeev_doom@hotmail.com
सन्त गाहा मगर	अनलाइनखबर डटकम	९८५१०३५५३०	santagaha@gmail.com
सन्तोष न्यौपाने	नेपालन्युज डटकम	९८५११२७३५४	santyneupane@gmail.com
सन्तोष पोखरेल	टुरिजम टाइम्स	९८५१०४१८९८	gulmelisantosh@gmail.com
सरस्वती ढकाल	कारोबार दैनिक	९८५१०६७५०९	sarudhakal.2009@gmail.com
सरोज अधिकारी	गोरखापत्र दैनिक	९८४१२२४२००	adhikr26@gmail.com
सरोज काफ्ले		९८५१०७७१५३	saroj76560@gmail.com
सरोज खनाल	न्युजअर्थ डटकम	९८४१३१११६६	khanal.saroj@gmail.com
सविन मिश्र	नेपाललाइभ डटकम	९८५१००६९०३	mishrasabin45@gmail.com
सागर घिमिरे	रिपब्लिका दैनिक	९८५१००६६१३	sagar.use@gmail.com
सिताराम विलासी	कर्पोरेट नेपाल	९८४१३२०८८०	sitarambilashi@gmail.com
सुजन ओली	क्यापिटल म्यागजिन	९८५११९८६४७	journalist.sujan@gmail.com
सुजन ढुंगाना	द हिमालयन टाइम्स	९८४९१६२९०६	mesujan888@gmail.com
सुजित महत	नयाँ पत्रिका दैनिक	९८५१०९२२७६	sujit.mahat@gmail.com
सुदर्शन सापकोटा	बिजमाण्डु डटकम	९८४१८३६९२३	darshanme08@gmail.com
सुदिप श्रेष्ठ	सेतोपाटी डटकम	९८५१००९७१९	shrestha.sudeep@gmail.com
सुदिल पोखरेल	कान्तिपुर टेलिभिजन	९८५१२४९५८३	sudil.pokharel@gmail.com
सुदीपकुमार ढुंगाना	नयाँपत्रिका दैनिक	९७४१००७७७७	aabrity@gmail.com
सुधा सापकोटा	अर्थको अर्थ	९८४१४०९५४६	knowme14@gmail.com
सुनिता कार्की	अर्थको अर्थ	९८४३७०८०४९	peacesunita@gmail.com
सुमन पन्थ	कान्तिपुर टेलिभिजन	९८४९०९७९००	sumanpantha6@gmail.com
सुरज कुँवर	कान्तिपुर दैनिक	९८५११६४०००	sanukarnali@gmail.com
सुरेन्द्रबहादुर थापा	नोटबजार डटकम	९८०३६५७३७८	surean_thapa@yahoo.com
सुवास योञ्जन	क्यापिटल म्यागजिन	९८५११९३५८७	
सुशील भट्टराई	नेपालन्युज डटकम	९८४१३४३४४५	bhattarais007@hotmail.com
सुस्मिता लाल	नागरिक दैनिक	९८०३३७३३०४	sushmita2047@gmail.com
सेन्छेलुङ पलङ्वा (लिम्बू)	बिएफबिएस रेडियो	९८४१६८१२३४	senchhelung@gmail.com
सोभित थपलिया	क्लिकमाण्डु डटकम	९८४९८६५९२९	sovit.news@gmail.com
हरि लामिछाने	राष्ट्रिय समाचार समिति	९८४१८४०४११	hlamichhane@gmail.com
हरिशरण न्यौपाने	जनता टेलिभिजन	९८४१८६९८६६	harisharan99@yahoo.com
हिमा बिक	आर्थिक अभियान दैनिक	९८४१३४१७०४	himashruti117@gmail.com
हिमाल न्यौपाने		९८४१३२९८९१	himaltv@gmail.com
हिमाल पौडेल	इमेज च्यानल	९८४१८६२७२२	himalpoudel24@gmail.com
हृदय गौतम	अर्थको अर्थ	९८५१०४३४३२	hridaygautam@gmail.com
होमबहादुर कार्की	कान्तिपुर दैनिक	९८४११७९४२६	hom@kantipur.com.np

Enchanced comfort with auto-fold ORVM

Smart Cooled Glovebox

17.78cm (7 Inch) Touchscreen with Infotainment by Harman™

419 L Boot space with innovative 4 Bar Mechanism

Sipradi Trading Pvt. Ltd., An ISO 2009:2015 Certified Company,
Thapathali, KTM, 01-4250610, 4250612

SIPRADI
SIPRADI TRADING P. LTD.
A Distributor of TATA Vehicles

पूर्वअध्यक्ष

प्रतिक प्रधान
(२०५४-२०५७)

गजेन्द्र विष्ट
(२०५७-२०५९)

गोपाल तिवारी
(२०५९-२०६०)

विजय घिमिरे
(२०६०-२०६४)

किरण नेपाल
(२०६४-२०६६)

नारायण सापकोटा
(२०६६-२०६८)

प्रदीप चापागाइँ
(२०६८-२०७०)

विज्ञानविभु अधिकारी
(२०७०-२०७२)

गोकर्ण अवस्थी
(२०७२-२०७४)

पुष्पराज आचार्य
(२०७४-२०७६)

कार्यसमिति

भीमप्रसाद गौतम
अध्यक्ष

सरस्वती ढकाल
उपाध्यक्ष

सुजन ओली
महासचिव

कृष्ण रिजाल
सचिव

हिमाल पौडेल
कोषाध्यक्ष

सदस्यहरू

विनय बञ्जरा

मुना कुँवर

सुजन ढुंगाना

हिमा विक

कमला अर्याल

राजेश खनाल

रमेश लम्साल

Best wishes from

QUEST
PHARMACEUTICALS PVT. LTD.

Paving a way for a healthier nation with

CARDIAC **ANTI-DIABETIC** **DERMA** **GENERAL MEDICINES**

Our Vision

Self sufficiency, Innovating for a healthier future, Committed to cater to the growing healthcare needs of the nation with excellence in quality & economy.

Corporate Office:
P.O. Box No. 89, Adarshnagar, Birgunj, Nepal
Tel. : +977-51- 418235, 418177
E-mail: quest.brj@quest.com.np

Marketing Office:
Daan Sadan, Teku, Kathmandu, Nepal
Tel. : +977-1-4240304, 4239293
E-mail: quest.ktm@quest.com.np

Factory:
Chhatapipara, Bara, Nepal
Tel. : +977-51-580172, 580186
E-mail: quest.factory@quest.com.np

Visit us at : www.quest.com.np

यदित पाई धितोपत्र (शेयर, ऋणपत्र, सामूहिकलगानी योजनाको ईकाई आदि) मालगानीगर्दै हुनुहुन्छ भने लगानीगर्नु अघि निम्न कुराहरुमाविशेष ध्यानदिनुहोस् ।

- धितोपत्र बजारमा समय समयमा उतारचढाव आउन सक्ने भएकोले धितोपत्रमा लगानी गर्दा उपयुक्त सूचना लिई संयमित तथा विवेकशील भएर मात्र लगानीको निर्णय लिने ।
- धितोपत्रमा गरिने लगानीमा प्रतिफल तथा जोखिम दुवै हुने हुँदा हल्ला, अनावश्यक प्रचार प्रसार वा कसैको बहकाउमा नलागी बजार तथा कम्पनीको बास्तविक बस्तुस्थिति बुझेर आफ्नो स्वविवेकमा नै लगानी सम्बन्धी निर्णय गर्ने । साथै आफ्नो जोखिम बहन गर्न सक्ने क्षमताको मूल्याकंन समेत गर्ने ।
- प्राथमिक बजारमा सार्वजनिक रुपमा निष्काशन गरिने धितोपत्रमा लगानी गर्दा धितोपत्र निष्काशनकर्ता कम्पनीको आव्हानपत्र, विवरणपत्र अध्ययन गरी कम्पनीको संस्थापक तथा व्यवस्थापन पक्ष, वित्तीय स्थिति (नेटवर्थ, नाफा नोक्सान स्थिति आदि), लगानी योजना, जोखिम पक्ष, क्रेडिट रेटिङ्गको स्तर जस्ता महत्वपूर्ण कुराहरुको विश्लेषण गर्ने ।
- धितोपत्रको प्राथमिक बजारमा लगानी गर्नुअघि आफुले लगानी गर्न लागेको धितोपत्र (शेयर) नेपाल धितोपत्र बोर्डमा दर्ता भए नभएको तथा ओटिसी बजारमार्फत् बाहेक दोस्रो बजारमा लगानी गर्दा नेप्सेमा सूचीकृत भए नभएको बारेमा जानकारी राख्ने ।
- नेप्सेमा सूचीकृत धितोपत्रमा लगानी गर्दा सम्बन्धित कम्पनीको कार्य सम्पादन स्थिति, धितोपत्रको मूल्यमा प्रभाव पार्नसक्ने संवेदनशील सूचना जस्तै लाभांश घोषणा, हकप्रद शेयरको घोषणा, व्यबस्थापनमा परिवर्तन, भावी योजनाहरु, कम्पनीको आवधिक र वार्षिक प्रतिवेदनमा उल्लेखित वित्तीय सूचकांकहरु (Earning Per Share, Dividend Per Share, Price/Earning Ratio, Net Worth Per Share), पूँजीकोष अनुपात, निस्क्रिय कर्जा अनुपात आदि) धितोपत्रको मूल्य प्रबृत्ति, कम्पनीको साधारण सभाको निर्णय (माइन्यूट) जस्ता महत्वपूर्ण कुराहरुको अध्ययन गर्ने । यस्ता सूचना तथा गतिविधिहरु निरन्तररुपमा नेप्सेको वेबसाईट (www.nepalstock.com), सम्बन्धित कम्पनीको वेबसाइट तथा विभिन्न आर्थिक पत्रपत्रिकाहरुमा प्रकाशित हुने गरेको छ । साथै कम्पनीसंग सम्बन्धित उद्योग/क्षेत्रको समेत अवस्थाको अध्ययन गर्ने ।
- धितोपत्र बजारलाई आधुनिकीकरण गर्ने क्रममा मिति २०७२ माघदेखि धितोपत्रहरुको दोस्रो बजारको कारोवार, नामसारी तथा राफसाफ पूर्ण अभौतिकरुपमा (Full Demat) मात्र हुने गरिएको र प्राथमिक बजारमा सार्वजनिकरुपमा निष्काशन गरिने धितोपत्रमा लगानी गर्दा काठमाडौं उपत्यका भित्र २०७३ श्रावणदेखि र २०७३ माघदेखि नेपालभरि हितग्राही खाता (Demat Account) अनिवार्य गरिएको हुंदा, सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी लिमिटेड (सिडिएससी) तथा निक्षेप सदस्यसँग सम्पर्क राखी बैंक खाता सहितको ग्राहक परिचय विवरण (KYC Form) अनिवार्यरुपमा भरी हितग्राही खाता (Demat Account) खोलेर धितोपत्र खरिद बिक्री कारोवार गर्ने । आफूले खरिद गरेको धितोपत्र समयमै आफ्नो खातामा जम्मा भए/नभएको ध्यान दिने ।
- धितोपत्र बजारमा देशको समग्र आर्थिक तथा राजनैतिक स्थितिको प्रत्यक्ष प्रभाव पर्ने भएकाले धितोपत्रमा लगानी गर्दा यसप्रति समेत सजग रहने ।
- धितोपत्रको सार्वजनिक निष्काशनमा २०७३ माघदेखि आस्वा प्रणाली लागू गरिएकोमा २०७४ श्रावणदेखि उक्त प्रणालीलाई अनिवार्य गरिएकोले आगामी दिनमा शेयर आवेदन दिंदा यो प्रणालीमार्फत मात्र निवेदन दिने ।
- प्राथमिक बजारलाई प्रविधिमैत्री, व्यवस्थित र पारदर्शी बनाउनको लागि धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा सम्बन्धी कार्य संचालन निर्देशिका, २०७४लागू गरिएकोमा सि-आस्वा रजिष्ट्रशन नं. लिने सम्बन्धमा जानकारी राख्ने ।
- धेरै लगानीकर्ता सहभागी गराउने उद्देश्यले धितोपत्र बाँडफाँड गर्दा आस्वा प्रणाली लागू भए पश्चात सबै आवेदकलाई कम्तिमा १० कित्ता वा दशको गुणनमा धितोपत्र बाँडफाँड गर्ने व्यवस्थाका सम्बन्धमा जानकारी राख्ने ।
- धितोपत्र कारोवार गर्दा रकमको लेनदेन गर्दा बैंकमार्फत मात्र गर्ने । धितोपत्र कारोवार वापत धितोपत्र दलालले लिने शुल्क सम्बन्धमा धितोपत्र व्यवसायी नियमावली हेरी जानकारी राख्ने ।
- लगानी विविधिकरणले (Investment Diversification) लगानीमा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न सघाँउ पुऱ्याउने हुँदा लगानी विविधिकरणमा ध्यान दिने ।
- दीर्घकालीन रुपमा गरिने लगानीले जोखिमको संभावनालाई न्युन गराउने कुरालाई ध्यान दिने ।
- लगानीकर्ताको अधिकार तथा जिम्मेवारी सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन नियम, कम्पनी ऐन तथा अन्य सम्बन्धित ऐन नियमहरुको साथै बोर्डबाट भएका व्यवस्थाहरुबारे जानकारी राख्ने । धितोपत्र सम्बन्धी ऐन नियमहरु र अन्य व्यवस्थाको जानकारी बोर्डको वेबसाइट (www.sebon.gov.np) तथा बोर्डको सम्बन्धित प्रकाशनमार्फत समेत हेर्न सकिने ।
- नेप्सेबाट सूचीकरण खारेजी भएका तथा सूचीकृत नभएका पब्लिक लिमिटेड कम्पनीहरुको धितोपत्रहरु ओटिसी (OTC)बजारबाट कारोवार गर्न सकिने व्यबस्था भएको हुंदा सोबारे जानकारी राख्ने ।
- धितोपत्रको दोस्रो बजारमा कारेवार गर्दा वोर्डबाट इजाजत प्राप्त र नेप्सेको सदस्यता लिएको धितोपत्र दलाल व्यवसायीमार्फतमात्र गर्ने ।
- पूँजी बजार सम्बन्धी नीति, नियम तथा निर्देशनहरुले धितोपत्रको मूल्यमा असर पार्ने भएकाले सुसूचित निर्णयका लागि बोर्ड, नेप्से, नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय तथा बीमा समितिको वेबसाइट हेर्ने गर्ने ।
- धितोपत्रमा लगानी सम्बन्धी कुनै जिज्ञासा वा गुनासाहरु भए सम्बन्धित धितोपत्र व्यवसायी, निष्काशनकर्ता तथा सूचीकृत कम्पनी, सिडिएससी, नेप्से वा बोर्डमा सम्पर्क राख्ने ।

नेपाल धितोपत्र बोर्ड
पो.व. नं. ९०३१, जावलाखेल, ललितपुर
फोनः ०१-५५४१०५७, ५५५११६२, ५५४४०७७, ५५५०५११
फ्याक्सः ०१-५५४१०५८ टोल फ्रि.नं. १६६०-०१-४४४३३
वेबसाइटः www.sebon.gov.np ईमेल ठेगानाः support@sebon.gov.np

HONDA CELEBRATING 50 YEARS IN NEPAL

सम्बन्ध सहजताको

HONDA

HONDA SCOOTERS

यो सबैको लागि हो ।

Dio GRAZIA AVIATOR Activa 125

JYOTI

Syakar Trading Company Pvt. Ltd.

Jyoti Bhawan,
Kantipath, Kathmandu
t. 4225490, 4253522
f. 4216769
www.honda.com.np

I enjoy THE QUALITY

Central Region: Putalisadak: 4428883 | Kantipath: 4258047,4255557,4267368 | Battisputali: 4497161 | Kupondole: 5526943 | Kumaripati: 5530323 | Teku: 4104509, 4104508, 4104517 | Gyaneshwor : 4433904 | Balazu: 4363680 | Kalanki: 4279429, 4277201 | Maharajgunj: 4721364, 4720326 Bhaktpur: 6611548 | New Baneshwar: 4785886 | Jorpati: 4916833 | Gwarko: 5550050 | Banepa: 663881 | Trisuli: 560245 | Dhading: 520677 | Charikot: 421429 | Gettheghar: 6638682 | Satungal:5108091 East Region: Illam: 521355 | Birtamod: 540432 | Damak:585063 | Urlabari: 541542 | Biratchowk: 546455 | Itahari: 580548 | Khadbari :9852058534 Inaruwa: 560621 | Biratnagar: 535188,531853 | Dharan: 520318 | Rajbiraj: 523544 | Gaighat: 421365 | Lahan: 562121 | Mirchaiya: 550337 | Janakpur: 520659, 521459 | Jaleshwor: 044-520517, 520528 | Bardibash: 550669 | Sindhuli:520777 | Lalbandi: 501621 | Chandranighapur: 540117 | Birgunj: 525350,534065 Jitpur: 412205 Kalaiya: 550254 | Hetauda: 520030,520481 | Parsa: 583359 | Bharatpur: 521353 | Chanauli: 592245 | Narayanghat: 526562 | Madi:620799 West Region: Bhairahwa: 522979, 522967 | Butwal: 542507/9857032233,437158 | Kapilbastu: 550229 | Chandrauta:540177 | Kawasoti:540521 | Parasi: 520969 | Bardaghat:580727 | Gulmi: 520809 | Palpa: 075-400440 | Gorkha: 420916 | Damauli: 562551 | Dulegauda: 570767 | Pokhara: 537222, 537299, 521922 | Waling: 440579 | Baglung: 521991 Dang: 561007 | Tulsipur: 520272 | Kohalpur: 541948 | Nepalgunj: 521829, 528075 | Surkhet: 521760 | Tikapur: 560248 Iamki: 540062 | Dhangadi: 416641, 417442 | Dadeldhura: 410363 | Mahendranagar: 525451

जिम्मेवार चालक

ayani

WITH BEST COMPLIMENTS

SURYA NEPAL

PRIVATE LIMITED

ENDURING VALUE FOR ALL STAKEHOLDERS